अख्तियार दुरुपयोग अनुसन्धान आयोग
एक्काइसौं वार्षिक प्रतिवेदन

आ.व . २०६७/ २०६८



अख्तियार दुरुपयोग अनुसन्धान आयोग
काठमाडौं, नेपाल
२०६८

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं

फोन नं. : ४-४३९४६२
४-४४०१५१
फ्याक्स : ४-४४०१२८
४-४४०१०४

इ-मेल :- akhtiyar@ntc.net.np

वेबसाइट :- www.ciaa.gov.np

पत्र संख्याः-

मिति :- २०६८/५/२९

विषय :- एक्काइसौं वार्षिक प्रतिवेदन ।

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय
शीतल निवास, महाराजगञ्ज
काठमाडौं ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२१ अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आर्थिक वर्ष २०६७/०६८ (२०६७ श्रावण १ गतेदेखि २०६८ आषाढ मसान्तसम्म) मा सम्पादन गरेका कामहरूको वार्षिक प्रतिवेदन प्रस्तुत गरेको छु ।

भवदीय,

भगवति कुमार काफ्ले
सचिव

अनुक्रमाणिका

परिच्छेद	शीर्षक	पृष्ठ
परिच्छेद १: अख्तियार दुरुपयोग अनुसन्धान आयोग		१-५
	१. विषय प्रवेश	१
	२. गठन	१
	३. आयोगको काम, कर्तव्य र अधिकार	१
	४. वार्षिक प्रतिवेदन	२
	५. छानवीन तथा अनुसन्धान प्रक्रिया	२
	६. प्रशासनिक संगठन	४
	७. आयोगको आन्तरिक कार्य विभाजन, बैठक र निर्णय	४
	८. आयोगको निर्णयहरूको वर्गीकरण	५
	९. अधिकार प्रत्यायोजन	५
	१०.बजेट व्यवस्थापन	५
परिच्छेद २: आ.व. २०६७/६८ मा आयोगबाट सम्पादित कार्यहरू		६-१७
	१. आ.व. २०६७/६८ मा परेका उजुरी र कारबाहीको विवरण	६
	२. अभियोजन र कारबाहीको विवरण	६
	३. विशेष अदालतमा दायर भएका मुद्दा र प्रतिवादी संख्या	६
	४. विभागीय कारबाही, सचेत र ध्यानाकर्षणका लागि लेखिएका विषय र व्यक्ति/निकाय संख्या	७
	५. महाशाखागत उजुरी फछ्यौंटको विवरण	७
	६. अनुसन्धान अधिकृत तोकिएको तथा मन्त्रालय वा अन्तर्गत कारबाहीको लागि लेखी पठाएको विवरण	७
	७. नक्कली शैक्षिक प्रमाणपत्र सम्बन्धी दायर भएका मुद्दाहरू	८
	८. घुस रिसवत सम्बन्धी भ्रष्टाचार गरेको मुद्दा	१२
	९. सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको मुद्दा	१३
	१०.सार्वजनिक जग्गा हिनामिना	१६
	११. अन्य (रातो पासपोर्ट दुरुपयोग मुद्दा)	१६
	१२. आ.व.०६७/६८ को असुलउपर सम्बन्धी विवरण	१७
	१३. आ.व.०६६/६७ को सार्वजनिक जग्गा सरकारी कायम सम्बन्धी विवरण	१७
	(क) नेपाल सरकारको नाममा कायम गर्न लेखी पठाइएको विवरण	१७
	(ख) नेपाल सरकारको नाममा कायम भएका	१७
	(ग) गुठी कायम गर्न लेखी पठाइएको जग्गाको विवरण	१७
	१४.प्रत्यायोजित अधिकार अन्तर्गत भएका काम कारबाही	१७
परिच्छेद ३: अभियोजन		१८-५४

परिच्छेद ४: पुनरावेदन/पुनरावलोकन गरिएका मुद्दाहरू ५५-१८०

परिच्छेद ५: पुनरावेदन नगरिएका मुद्दाहरूको संक्षिप्त विवरण १८१-१८३

परिच्छेद ६: विभागीय कारबाही १८४-१८८

(क) अर्थ मन्त्रालय अन्तर्गत १८४
(ख) गृह मन्त्रालय अन्तर्गत १८४
(ग) भौतिक योजना तथा मन्त्रालय अन्तर्गत १८५
(घ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत १८५
(ङ) स्थानीय विकास मन्त्रालय अन्तर्गत १८५
(च) शिक्षा मन्त्रालय अन्तर्गत १८७

परिच्छेद ७ : सचेत १८९-१९१

(क) उद्योग मन्त्रालय अन्तर्गत १८९
(ख) गृह मन्त्रालय अन्तर्गत १८९
(ग) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत १९०
(घ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत १९०
(ङ) स्थानीय विकास मन्त्रालय अन्तर्गत १९१

परिच्छेद ८ : असुल उपर १९२-१९४

(क) गृह मन्त्रालय अन्तर्गत १९२
(ख) गृह मन्त्रालय अन्तर्गत १९२
(ग) स्वास्थय तथा जनसंख्या मन्त्रालय अन्तर्गत १९३
(घ) शिक्षा मन्त्रालय अन्तर्गत १९३

परिच्छेद ९ : ध्यानाकर्षण १९५-१९७

(क) ऊर्जा मन्त्रालय अन्तर्गत १९५
(ख) गृह मन्त्रालय अन्तर्गत १९५
(ग) वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत १९६
(घ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत १९६
(ङ) स्थानीय विकास मन्त्रालय अन्तर्गत १९७
(च) शिक्षा मन्त्रालय अन्तर्गत १९७

परिच्छेद १० : सुझाव/निर्देशन १९८-२०८

(क) अर्थ मन्त्रालय अन्तर्गत १९८
(ख) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत १९८
(ग) गृह मन्त्रालय अन्तर्गत १९९
(घ) प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत २०१

(ङ) वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत २०२
(च) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत २०२
(छ) महिला वालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत २०३
(ज) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत २०४
(झ) स्थानीय विकास मन्त्रालय अन्तर्गत २०६
(ञ) सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गत २०७
(ट) शिक्षा मन्त्रालय अन्तर्गत २०७

परिच्छेद ११: आयोगबाट भएका अन्य कारबाहीहरू **२०९-२४०**
(क) अर्थ मन्त्रालय अन्तर्गत २०९
(ख) उद्योग मन्त्रालय अन्तर्गत २१०
(ग) ऊर्जा मन्त्रालय अन्तर्गत २१२
(घ) गृह मन्त्रालय अन्तर्गत २१४
(ङ) पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत २१८
(च) प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत २१८
(छ) वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत २१८
(ज) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत २१९
(झ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत २२०
(ञ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत २२९
(ट) स्थानीय विकास मन्त्रालय अन्तर्गत २३०
ठ) सामान्य प्रशासन मन्त्रालय अन्तर्गत २३४
ड) सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गत २३४
ढ) शिक्षा मन्त्रालय अन्तर्गत २३७
ण) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत २३८
त) अन्य २४०

परिच्छेद १२ : विभागीय वा अन्य कारबाही गर्न लेखिएका विषयमा कार्यान्वयन सम्पन्न भई आएको **२४१-२६४**
(क) विभागीय कारबाही २४१
(ख) असुल उपर २४६
(ग) निर्देशन/सुझाव २४८

परिच्छेद १३: कार्यान्वयन हुन बाँकी विभागीय वा अन्य कारबाहीको विवरण **२६५-३०३**
(क) अर्थ मन्त्रालय अन्तर्गत २६५
(ख) उद्योग मन्त्रालय अन्तर्गत २६७
(ग) ऊर्जा मन्त्रालय अन्तर्गत २६८
(घ) कानून तथा न्याय मन्त्रालय अन्तर्गत २७०
(ङ) गृह मन्त्रालय अन्तर्गत २७०
(च) पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत २७१

(छ) परराष्ट्र मन्त्रालय अन्तर्गत २७४
(ज) प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत..... २७४
(झ) वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत २७५
(ञ) वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत..... २७८
(ट) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत..... २७९
(ठ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत २८०
(ड) महालेखा नियन्त्रक कार्यालय अन्तर्गत..... २८७
(ढ) महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत २८७
(ण) युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत..... २८८
(त) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत २८९
(थ) स्थानीय विकास मन्त्रालय अन्तर्गत..... २९१
(द) सामान्य प्रशासन मन्त्रालय अन्तर्गत २९६
(ध) सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गत २९६
(न) शिक्षा मन्त्रालय अन्तर्गत..... २९६
(प) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत..... ३०१
(फ) सर्वोच्च अदालत अन्तर्गत..... ३०३

परिच्छेद १४ : तामेली ३०४-३५४

परिच्छेद १५ : आयोगका अन्य गतिविधि ३५५-३६१
(क) अन्तर्राष्ट्रिय सभा सम्मेलन तथा अध्ययन भ्रमण..... ३५५
(ख) आन्तरिक गतिविधिहरू ३५५
अ. अन्तरक्रिया र गोष्ठी ३५५
आ. तालिम..... ३५९
इ. कार्यपत्र प्रस्तुति र छलफल..... ३६०
ई. सदाचार रेडियो कार्यक्रम ३६०
उ. सामुदायिक शिक्षा कार्यक्रम ३६१
ऊ. खबर संकलन इकाईको व्यवस्था..... ३६१

परिच्छेद १६ : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको त्रिवर्षीय (२०६७-२०६९) २०६७ रणनीति ३६२-३६६
१. पृष्ठभूमि ३६२
२. अद्यावधिक स्थितिको समीक्षा..... ३६२
३ दीर्घकालीन सोच ३६४
४.उद्देश्य र लक्ष्य..... ३६४
(क) उद्देश्य ३६४
(ख) लक्ष्य ३६५
५.रणनीति..... ३६५

परिच्छेद १७ : भावी संविधानमा आयोगको संरचना र आवश्यकता सम्बन्धी मस्यौदा ३६७-३७०

परिच्छेद १८ : उपसंहार ३७१-३७३

अनुसूचीहरू :

१.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संगठन तालिका	क
२.	हाल आयोगमा कार्यरत पदाधिकारी र कर्मचारी संख्या	ख
३.	आ.व. २०६७।६८ को बजेट व्यवस्था	ग
४.	प्रारम्भिक अनुसन्धानबाट फछ्र्यौट भई तामेली भएको विवरण आ.व. २०६६।६७	घ
५.	आ.व. २०५७/५८ देखि २०६७/०६८ सम्म दायर भएका नक्कली प्रमाणपत्र सम्बन्धी मुद्दामा सो प्रमाणपत्रको प्रयोजन	ङ
६.	(क) आ.व. २०५७।५८ देखि २०६७।०६८ मा नक्कली प्रमाणपत्र सम्बन्धी मुद्दाको फैसला विवरण	च
	(ख) आ.व. २०५७।५८ देखि २०६७।०६८ सम्ममा शैक्षिक प्रमाणपत्र सम्बन्धी मुद्दाहरूमा सफल असफल अनुपात	च
७.	क्षेत्रीय प्रशासन कार्यालयहरुबाट प्राप्त आ.ब. २०६७।०६८ को भ्रष्टाचार तथा अनुचित कार्यसम्बन्धी वार्षिक विवरण	छ
८.	जिल्ला प्रशासन कार्यालयहरुबाट आ.ब. २०६७।०६८ को भ्रष्टाचार र अनुचित कार्य सम्बन्धि प्राप्त वार्षिक विवरण	ज
९.	आ.व. २०६७।०६८ मा परेका उजुरी र फछ्र्यौटको विवरण	झ
१०.	आ.व. २०६६।०६७ मा कुल उजुरी ६१४५ मध्ये फछ्र्यौट तथा चालू आ.व. मा सरेको जिम्मेवारी अनुपात	ञ
११.	आ.व. २०५८।०५९ देखि २०६७।०६८ सम्मको कुल उजुरी र फछ्र्यौटको विवरण	ट
१२.	आ.व. २०६७।०६८ मा मुद्दा जीत हारको स्थिति	ठ
१३.	आ.व. २०६७।०६८ को अभियोजन र अन्य कारबाहीहरूको विवरण	ड
१४.	आ.व.२०६७।०६८ मा विशेष अदालतमा दायर भएका मुद्दाहरूको किसिम	ढ
१५.	आ.व. २०५८।५९ देखि ०६७।६८ सम्मको कारबाहीको तुलनात्मक विवरण	ण
१६.	आ.व. २०५९।०६० देखि आ.व. २०६७।०६८ सम्मको बैठक र निर्णय संख्या	त
१७.	आ.व. २०४७/०४८ देखि आ.व. २०६६/०६७ सम्ममा परेका उजुरी र फछ्र्यौटको विवरण	थ

परिच्छेद - १
अख्तियार दुरुपयोग अनुसन्धान आयोग

१. विषय प्रवेश

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ११ धारा १२० मा सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले "अनुचित कार्य" वा "भ्रष्टाचार" गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान गरी मुद्दा दायर गर्न संवैधानिक निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरेको छ ।

२. गठन

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११९ बमोजिम राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा एक जना प्रमुख आयुक्त र अन्य आयुक्तहरु नियुक्त गर्ने प्रावधान छ । आयोगका प्रमुख आयुक्त र अन्य आयुक्तहरुको पदावधि ६ वर्षको हुने तथा प्रमुख आयुक्त र अन्य आयुक्तहरु ६५ बर्षको उमेरसम्म पदमा बहाल रहन सक्ने व्यवस्था छ ।

३. आयोगको काम, कर्तव्य र अधिकार :

आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार छन् :

- आयोगले कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्नेछ । तर संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानूनले छुट्टै व्यवस्था भएको पदाधिकारीहरु आयोगको कार्य क्षेत्रभित्र पर्दैनन् । खराव आचरणका आधारमा महाअभियोग प्रस्ताव पारित भई पदमुक्त हुने संवैधानिक पदाधिकारीहरु, न्याय परिषद्बाट सोही अभियोगमा पदमुक्त हुने न्यायाधीशहरु र सैनिक ऐन बमोजिम कारवाही हुने व्यक्तिका हकमा निजलाई पदमुक्त भइसकेपछि कानून बमोजिम आयोगले अनुसन्धान र तहकिकात गर्न गराउन सक्नेछ ।
- सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम अनुचित कार्य मानिने कुनै काम गरी अख्तियारको दुरुपयोग गरेको देखिएमा आयोगले निजलाई सचेत गराउन, विभागीय कारवाही वा कानूनमा व्यवस्था भए बमोजिम अन्य आवश्यक कारवाहीको लागि अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ ।
- सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै कसुर गरेको देखिएमा त्यस्तो व्यक्ति तथा सो अपराधमा संलग्न अन्य व्यक्ति उपर आयोगले विशेष अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ ।
- अनुसन्धान र तहकिकातबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकार क्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा आयोगले आवश्यक कारबाहीको लागि सम्बन्धित अधिकारी वा निकाय समक्ष लेखी पठाउन सक्नेछ ।
- अनुसन्धान र तहकिकात गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगले प्रमुख आयुक्त, आयुक्त वा नेपाल सरकारको

कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्न पाउने गरी सुम्पन सक्नेछ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगलाई कानूनी राज्यको अवधारणा अनुरुप सुशासनको स्थापना गर्न र सेवामा प्रभावकारिता ल्याउनका लागि आवश्यक हुने केही सुधारात्मक कार्यहरु गर्ने थप दायित्व समेत सुम्पेको छ, जस अन्तर्गत आयोगबाट निम्न कार्यहरु सम्पादित हुने गरेका छन् :

- ☞ विद्यमान ऐन, नियम वा प्रचलनमा त्रुटी भए सुधार गर्न सुझाव दिने वा ध्यानाकर्षण गराउने,
- ☞ दुष्परिणाम सच्याउन आदेश दिने,
- ☞ हानी नोक्सानी असूल उपर गराउने,
- ☞ अनुसन्धान तहकिकातको क्रममा न्यायिक हिरासतमा राख्ने र धरौटी वा जमानत लिई वा नलिई तारिखमा राख्ने वा छाड्ने,
- ☞ भ्रष्टाचारलाई रोकथाम गर्ने उद्देश्यले प्रबर्द्धनात्मक कार्यहरु गर्ने,
- ☞ भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाहरुसंग समन्वय, आपसी सहयोग र सम्बन्ध सुदृढ गर्ने,
- ☞ आवश्यकतानुसार सम्बन्धित बिषयको विशेषज्ञ वा विशिष्टीकृत सेवा प्राप्त गर्ने ।

४. वार्षिक प्रतिवेदन :

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२१ बमोजिम आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका संसद समक्ष पेश गर्ने व्यवस्था छ ।

५. छानवीन तथा अनुसन्धान प्रकृया :

नेपालको अन्तरिम संविधान, २०६३ ले अनुचित कार्य र भ्रष्टाचार गरी दुई प्रकारले अख्तियारको दुरुपयोग हुनसक्ने अवधारणा प्रस्तुत गरे अनुरुप ती बिषयहरुमा उजुरी दिने प्रकृयालाई पनि कानूनले निम्नानुसार अलग्गै व्यवस्था गरेको छ :

अनुचित कार्यको उजुरी : कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ ले तोकेको ढांचामा उजुरी दिनु पर्नेछ र निवेदकले सनाखत समेत गर्नु पर्नेछ । अनुचित कार्य उपरको उजुरीमा अनुसन्धान गर्दै जांदा भ्रष्टाचारको कसूर गरेको देखिन गएमा भ्रष्टाचारको कसूर अन्तर्गत नै कारवाही गरिन्छ । तर सार्वजनिक चासोको बिषय भएको उजुरीको हकमा भने सनाखतको आवश्यकता पर्दैन ।

भ्रष्टाचारको उजुरी : भ्रष्टाचारको सम्बन्धमा कसैको उजुरी वा अन्य कुनै स्रोतबाट प्राप्त जानकारीको आधारमा आयोगले छानविन, अनुसन्धान तहकिकात गर्न वा अन्य कारवाही चलाउन सक्दछ र भ्रष्टाचारको उजुरी उपर अनुसन्धान गर्दै जांदा अनुचित कार्य भएको पाइएमा, अनुचित कार्यमा समेत कारवाही गर्न सकिने छ ।

आयोगले स्वयं जानकारीमा लिई कारवाही गर्न सक्ने : आयोगले आफ्नो अधिकार क्षेत्र भित्र पर्ने कुनै पनि बिषयमा अनुसन्धानको प्रक्रिया थाल्न सक्नेछ ।

प्रारम्भिक छानविनको प्रक्रिया : आयोग समक्ष परेका कुनै पनि उजुरी निवेदन वा आयोग स्वयंले प्राप्त गरेको जानकारी उपर प्रारम्भिक छानविनको क्रममा कारवाही गर्नु पर्ने वा नपर्ने निक्यौंल मूलत: निम्न तथ्यहरुको आधारमा गर्ने गरेको छ ।

क) अनुसन्धानको बिषय वस्तु के हो ?
ख) उक्त विषय आयोगको क्षेत्राधिकार भित्र पर्छ, पर्दैन ?
ग) उल्लेखित बिषयको गम्भीरता के कति छ ?
घ) उल्लेखित आरोपको स्वरुप तथ्यपूर्ण देखिएमा त्यसमा कुन कुन निकायका कुन कुन पदाधिकारीको संलग्नता रहेको छ ?
ङ) विवादास्पद कार्य वा निर्णयबाट कसलाई के कति हानी नोक्सानी वा फाइदा हुन गएको छ ?
च) विवादित कार्यबारे कुनै कार्यालय वा अदालतमा मुद्दा मामिला चलिरहेको वा मुद्दा चली निर्णय भएको वा तत्सम्बन्धमा कुनै विवादित वा अन्य कारवाही भएको छ, छैन ?
छ) विवादित कार्य भए गरेको मितिका आधारमा हदम्याद बाँकी छ, छैन ?

प्रारम्भिक छानविनको सिलसिलामा संकलन हुनु पर्ने प्रमाण नष्ट हुन सक्ने सम्भावनालाई दृष्टिगत गरी सो कारवाही गोप्य रहने कानूनी व्यवस्था छ । आयोगमा पर्न आएको उजुरीमा प्रारम्भिक छानवीन गर्ने क्रममा देहाय बमोजिमको कुनै अवस्था विद्यमान भएमा आयोगले कुनै कारवाही नगरी त्यस्तो उजुरी तामेलीमा राख्न सक्दछ ।

क) सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र बाहेक अन्य कानूनी उपचार भएकोमा त्यसको अवलम्वन नगरी अनुचित कार्य सम्बन्धी उजुरी दिएमा,
ख) ऐनको हदम्याद नाघेको,
ग) आयोगको अधिकार र कार्यक्षेत्र भित्रको बिषय नभएको,
घ) अदालतमा मुद्दा परिरहेको बिषयको,
ङ) तथ्ययुक्त आधार नभएको,
च) दु:ख दिने मनसायको, र
छ) मामूली कुरा सम्बन्धी ।

तामेलीमा राख्नु पर्ने उपयुक्त आधार नभएका बिषयहरुमा प्रारम्भिक छानवीनको क्रममा अख्तियारको दुरुपयोग भएको देखिन आएमा बिस्तृत अनुसन्धान तहकिकात गर्नको निमित्त सम्बन्धित आयोगबाट अनुसन्धान अधिकृत नियुक्त गरी कारवाही अगाडि बढाइन्छ । कुनै बिषयवस्तुको प्रकृति र प्राप्त सूचनाहरुलाई आधार मानेर बिस्तृत अनुसन्धानमा जानु परेमा आयोगले एकैपटक बिस्तृत अनुसन्धान पनि गर्न सक्दछ ।

विस्तृत अनुसन्धान तहकिकातको प्रकृया : प्रारम्भिक छानवीनबाट बिस्तृत अनुसन्धान गर्नु पर्ने देखिई अनुसन्धान अधिकृत नियुक्त भएका उजुरीमा अनुसन्धान अधिकृतले सम्बन्धित आयुक्तको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा आरोपित बिषयहरुका बारेमा सम्बन्धित व्यक्तिहरुको बयान वा लिखित जवाफ लिने, आवश्यकता अनुसार अन्य थप प्रमाणहरु संकलन गर्ने लगायतका अनुसन्धानको क्रममा आवश्यक देखिएका अन्य कार्यहरु सम्पन्न गरी सोही आधारमा अनुसन्धान प्रतिवेदन तयार गरी सो प्रतिवेदन आयोगमा पेश गर्न आयुक्त समक्ष प्रस्तुत गर्दछ । आयुक्तबाट त्यस्तो प्रतिवेदन सहितको मिसिल अध्ययन पश्चात् अनुसन्धान पूरा नभएको पाइएमा थप अनुसन्धानको आदेश हुन सक्छ । अनुसन्धान पूरा भई पेश हुन

आएको प्रतिवेदनलाई आयोग समक्ष पेश गर्ने आदेश हुन्छ । त्यस्तो प्रतिवेदन आयोगमा छलफल गरी आरोपित कसूरको मात्रा, विवादको गाम्भिर्यता, प्रकृति एवं संकलित प्रमाणको प्रमाणिकता समेतलाई दृष्टिगत गरी मुद्दा दायर गर्ने वा विभागीय कारवाही वा अन्य कारवाहीको सिफारिस गर्ने वा सम्बन्धित निकायको ध्यानाकर्षण गराउने वा सुझाव दिने वा केही कारवाही गरिरहन नपर्ने गरी उजुरी तामेलीमा राख्ने निर्णय गरिन्छ । आयोगको निर्णयको कार्यान्वयन आयोगको सचिवबाट गरिन्छ । तर आयोगमा मिति २०६३।०७।१७ देखि प्रमुख आयुक्त र मिति २०६६।०९।२१ देखि आयुक्तहरु रिक्त भएको हुँदा नेपालको अन्तरिम संविधान २०६३ को धारा १२० को उपधारा ७ अनुरुप आयोगले प्रयोग गर्ने आयोगका अधिकार आयोगको पदाधिकारी नियुक्ति भइ नआएसम्मका लागि आयोगको सचिवलाई सुम्पेको हुँदा उल्लिखित मितिदेखि हालसम्म आयोगका सम्पूर्ण कार्यहरु आयोगका सचिवबाट सम्पादन भइरहेका छन् ।

आयोगको कामसंग सम्बन्धित मुख्य कानूनहरु :

- ⇒ नेपालको अन्तरिम संविधान, २०६३
- ⇒ अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- ⇒ भ्रष्टाचार निवारण ऐन, २०५९
- ⇒ अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९
- ⇒ अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०६३
- ⇒ अनुसन्धान सम्वन्धी निर्देशिकाहरु
- ⇒ अख्तियार दुरुपयोग अनुसन्धान आयोग, पदाधिकारी एवं कर्मचारीहरुको आचारसंहिता, २०६५
- ⇒ भ्रष्टाचार विरुद्धको समन्वय समिति सम्बन्धी कार्यविधि, २०६६

६. प्रशासनिक संगठन

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सचिवालयको प्रमुखमा नेपाल सरकारवाट नियुक्त राजपत्रांकित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था छ । आयोगको संगठन तालिका अनुसूची-१ मा र कर्मचारीहरुको पदसोपान एवं संख्या अनुसूची-२ मा उल्लेख गरिएको छ । आयोगमा अनुसन्धान महाशाखाहरु-६, मुद्दा महाशाखा-१, विशेष अनुसन्धान कार्यदल (महाशाखा स्तरको)-१, प्रहरी महाशाखा-१, प्रशासन महाशाखा-१ र योजना महाशाखा-१ गरी जम्मा ११ वटा महाशाखा रहेका छन् । स्वीकृत दरवन्दीतर्फका १८९ (प्रहरी दरवन्दी समेत), पुल दरवन्दीका ११, काज खटिएका ४१, फाजिल ६, विशेष करार २, अंगरक्षक र सुरक्षाकर्मी २७ समेत गरी जम्मा २७६ जना कर्मचारीहरु कार्यरत छन् ।

७. आयोगको आन्तरिक कार्य विभाजन, बैठक र निर्णय

आयोगमा कार्यरत आयुक्तहरुबीचको कार्य विभाजन र निर्णय प्रक्रिया निश्चित गरिएको छ । जस अनुसार प्रत्येक मन्त्रालय र सो अन्तर्गतका निकायहरुको काम कारवाहीहरु आयुक्तहरु बीच बाँडफाँड गरिएको छ । त्यसरी बाँडफाँड गरिएका कार्यहरु आफूलाई तोकिए अनुसार अन्य एकजना आयुक्त समेत संलग्न भै सम्पादन गर्नु पर्ने हुन्छ । यस्ता आन्तरिक कार्यविधिका अन्य व्यवस्थाहरु आयोगको कार्यविधि एवं निर्णयहरुद्वारा व्यवस्थित गरिएका छन् । आयोगको महाशाखा वा अनुसन्धान अधिकृतले अनुसन्धान कार्य सम्पन्न गरी सचिव मार्फत सम्बन्धित आयुक्त समक्ष पेश गरेको कुनै बिषयमा सम्बन्धित आयुक्तबाट आयोगमा पेश गर्ने आदेश भएका बिषयहरु वा अन्य नीतिगत निर्णय हुनु पर्ने बिषयहरु आयोगको

बैठक बसी निर्णय हुने व्यवस्था छ । हाल उपरोक्त सम्पूर्ण कार्यहरु आयोगका सचिवको एकल निर्णयबाट सम्पादन भइरहेको छ ।

८. आयोगको निर्णयहरुको वर्गीकरण

प्रतिवेदन अध्ययन गर्ने व्यक्तिलाई सुविधा पुगोस भन्ने उद्देश्यले यस पछिका परिच्छेदहरुमा कारवाहीको प्रकृति हेरी आयोगबाट भएका निर्णयहरुलाई विभिन्न शीर्षकमा समाविष्ट गरिएको छ । उदाहरणको लागि एउटै निर्णयमा मुद्दा चलाउने, विभागीय कारवाही गर्ने (सेवाबाट हटाउने, तल्लो तहमा घटुवा गर्ने, बढुवा रोक्का गर्ने, ग्रेड रोक्का गर्ने, नसिहत दिने आदि), सचेत गराउने, सुझाव, ध्यानाकर्षण, अभिलेख राख्ने तथा अन्य कारवाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउने निर्णय भएकोमा त्यस्तो विवरण यस पछिका परिच्छेदहरुमा यथास्थानमा राखिएको छ ।

९. अधिकार प्रत्यायोजन

आयोगको मिति २०६६।०९।२० को निर्णयानुसार नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२० को उपधारा (७) ले दिएको अधिकार प्रयोग गरी नेपालको अन्तरिम संविधान, २०६३ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको तथा सो कसूरमा संलग्न अन्य व्यक्तिका सम्बन्धमा अनुसन्धान र तहकिकात गर्न तथा मुद्दा चलाउन आयोगलाई प्राप्त अधिकार आयोगको पदाधिकारी नियुक्ति भइ नआएसम्मका लागि आयोगका सचिवलाई सुम्पिएको व्यहोराको सूचना मिति २०६६।०९।२७ को राजपत्रमा प्रकाशित भइसकेको छ ।

आयोगको प्रशासनिक संगठन स्थानीय तहसम्म बिस्तार भै नसकेकोले अर्को व्यवस्था नभएसम्मको लागि मिति २०६३।१०।१ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी क्षेत्रीय प्रशासक र प्रमुख जिल्ला अधिकारीहरुलाई तोकिएको शर्त बमोजिम आयोगको केही अधिकार प्रत्यायोजन गरिएको छ । क्षेत्रीय प्रशासक र प्रमुख जिल्ला अधिकारीहरुलाई कानूनी परामर्श प्रदान गर्न पुनरावेदन र जिल्ला सरकारी वकिलहरुलाई पनि अधिकार प्रत्यायोजन गरिएको छ ।

१० . बजेट व्यवस्था

आर्थिक वर्ष २०६७/०६८ मा आयोगको लागि छुट्याईएको कूल बजेट रु. १० करोड ८१ लाख ३४ हजार ४ सय २६ रुपैंया मध्ये रु. ९ करोड ९ लाख ५२ हजार ५ सय ९ रुपैंया ४४ पैसा निकासा भई त्यति नै खर्च भएको छ । आर्थिक वर्ष २०६६/०६७ सम्म आयोगमा म.ले.प. र आ.ले.प. बेरुजु रहेको छैन । आर्थिक वर्ष २०६७/०६८ को आयोगको विनियोजन, निकासा, खर्च, राजस्व आम्दानी तथा धरौटीको विवरण अनुसूची -३ मा प्रस्तुत गरिएको छ ।

परिच्छेद-२
आर्थिक वर्ष २०६७/६८ मा आयोगबाट सम्पादित कार्यहरू

१. आर्थिक वर्ष २०६७/६८ मा परेका उजुरी र कारबाहीको विवरण :

आर्थिक वर्ष २०६७/६८ मा आयोगमा पर्न आएका कुल उजुरी र ती उजुरीहरू उपर छानबिन, अनुसन्धान भई फछ्यौंट भएको संख्या निम्न तालिकामा दिइएको छ :

उजुरी संख्या	फछ्यौंट संख्या				बाँकी उजुरी संख्या	फछ्यौंट प्रतिशत
	प्रारम्भिक अनुसन्धानबाट तामेली	विस्तृत अनुसन्धानमा गएको	अन्य कारबाही	कुल फछ्यौंट		
६१४५	२२५५	४९९	११५०	३९०४	२२४१	६३.५३

२. अभियोजन र कारबाहीको विवरण :

आर्थिक वर्ष २०६७/६८ मा जम्मा १११ वटा बैठक बसी ३३७ निर्णय भई मुद्दा दायर, विभागीय कारबाही, ध्यानाकर्षण, सचेत लगायतका कारबाहीहरू भएका छन् । सो अवधिमा आयोगको निर्णयबाट भएका कारबाहीको स्थिति निम्न तालिकामा दिइएको छ :

मुद्दा दायर	पुनरावेदन	विभागीय कारबाही	ध्यानाकर्षण	सचेत	सुझाव/ निर्देशन	असुल उपर	अन्य कारबाही	तामेली	
								विस्तृत अनुसन्धान बाट	प्रारम्भिक अनुसन्धान बाट
६५	४३	५	५	४	२४	३	८५	१४३	२२५५

३. विशेष अदालतमा दायर भएका मुद्दा र प्रतिवादी संख्या :

आर्थिक वर्ष २०६७/६८ मा विशेष अदालतमा दायर भएका मुद्दाहरू र सो अन्तर्गत प्रतिवादी बनाइएका व्यक्तिहरूको संख्यात्मक विवरण निम्नानुसार दिइएको छ :

क्र.सं.	विषय	मुद्दा संख्या	प्रतिवादी संख्या
१.	नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र	४६	४६
२.	सरकारी रकम हिनामिना	९	५८
३.	सार्वजनिक जग्गा हिनामिना	२	५
४.	अन्य	१	८
५.	रिसवत	९	१७
जम्मा		**६७**	**१३४**

आर्थिक वर्ष ०६७/६८ को अन्त्यसम्म ६५ मुद्दा दायर गर्ने निर्णय भएको गत आर्थिक वर्षमा निर्णय भएका तर दायर हुन बाँकी मुद्दा समेत गरी जम्मा ६७ मुद्दा दायर भएको ।

४. विभागीय कारबाही, सचेत र ध्यानाकर्षणका लागि लेखिएका विषय र व्यक्ति/निकाय संख्या:

विभागीय कारबाही		सचेत		ध्यानाकर्षण		जम्मा	
विषय	व्यक्ति	विषय	व्यक्ति	विषय	निकाय	विषय	व्यक्ति/ निकाय
५	१४	४	११	५	८	१४	३३

५. महाशाखागत उजुरी फछ्र्यौटको विवरण :

अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरी आएका तथा आर्थिक वर्ष २०६७/६८ मा दर्ता हुन आएका नयाँ उजुरी र फछ्र्यौट निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

महाशाखा नं.	जम्मा उजुरी	फछ्र्यौट संख्या	जिम्मेवारी सरेको
१	१०१४	६६०	३५४
२	१०४४	५७०	४७४
३	९५०	७५९	१९१
४	९००	६७४	२२६
५	६१४	४४८	१६६
६	१२३५	७२०	५१५
शैक्षिक प्रमाणपत्र छानबिन एकाई	३८८	७३	३१५
जम्मा	**६१४५**	**३९०४**	**२२४१**

६. अनुसन्धान अधिकृत तोकिएको तथा मन्त्रालय वा अन्तर्गत कारबाहीको लागि लेखी पठाएको विवरण:

आर्थिक वर्ष २०६७/६८ मा आयोगबाट विस्तृत अनुसन्धानका लागि अनुसन्धान अधिकृत तोकिएका तथा सम्बन्धित निकायहरूबाटै कारबाही टुङ्गो लगाउन पठाइएका उजुरीहरूको मन्त्रालयगत विवरणको संख्या देहायमा उल्लेख गरिएको छ ।

महाशाखा नं./ कार्यदल	**सम्वन्धित मन्त्रालयहरू**	**अनुसन्धान अधिकृत तोकिएको संख्या**	**मन्त्रालय वा सो अन्तर्गतका क्षेत्र वा जिल्ला स्थित कार्यालयमा लेखी पठाएको संख्या**
१	भूमिसुधार तथा व्यवस्था मन्त्रालय सिंचाइ मन्त्रालय ऊर्जा मन्त्रालय	९० ९ १२	२३ २ ३

	कानून तथा न्याय मन्त्रालय	-	११
	महालेखा परीक्षकको कार्यालय	-	-
	लोक सेवा आयोग	-	८
	निर्वाचन आयोग	-	१
	राष्ट्रिय मानव अधिकार आयोग	-	१
२	स्थानीय विकास मन्त्रालय	८७	५६
	कृषि तथा सहकारी मन्त्रालय	९	४२
	वातावरण मन्त्रालय	१	-
	विज्ञान तथा प्रविधि मन्त्रालय	-	-
	शान्ति तथा पुनः निर्माण मन्त्रालय	१	१
३	वन तथा भू-संरक्षण मन्त्रालय	४४	३०
	भौतिक योजना तथा निर्माण मन्त्रालय	१५	२६
	गृह मन्त्रालय	२०	७७
	परराष्ट्र मन्त्रालय	५	-
४	वाणिज्य तथा आपूर्ति मन्त्रालय	२	४
	महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय	१४	६
	सामान्य प्रशासन मन्त्रालय	२	४
	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१	-
	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	३४	५८
	उद्योग मन्त्रालय	९	१६
	राष्ट्रपतिको कार्यालय	-	-
	उपराष्ट्रपतिको कार्यालय	-	-
५	अर्थ मन्त्रालय	१८	४७
	श्रम तथा यातायात व्यवस्था मन्त्रालय	८	१०
	सूचना तथा सञ्चार मन्त्रालय	११	९
	राष्ट्रिय योजना आयोग	-	-
	महालेखा नियन्त्रकको कार्यालय	२	-
६	शिक्षा मन्त्रालय	८६	१२२
	युवा तथा खेलकुद मन्त्रालय	२	९
	रक्षा मन्त्रालय	२	२४
	संघीय मामला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय	१	२
	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	८	१५
शैक्षिक प्रमाणपत्र छानबिन एकाई		६	६
जम्माः-		४९९	६१३

७. नक्कली शैक्षिक प्रमाणपत्रसम्बन्धी दायर भएका मुद्दाहरू :

आर्थिक वर्ष २०६७/६८ मा देहायमा उल्लेखित सरकारी कार्यालय, संस्थान र शैक्षिक निकायमा कार्यरत निम्न लिखित कर्मचारीहरूले शुरु नियुक्ति र बढुवाका लागि पेश गरेको

शैक्षिक योग्यताका प्रमाणपत्रहरू नक्कली भएको तथ्य प्रमाणित हुन आएकोले तिनीहरू विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरिएको ।

क्र.सं	मुद्दा दायर मिति	प्रतिवादीको नाम	शैक्षिक योग्यता	पद र कार्यालय
१.	२०६७।४।१३	शंकर भादुरी	मध्यमा	सहायक, वी.पी.कोइराला स्वास्थ्य विज्ञान, धरान ।
२.	२०६७।४।१३	देवीलाल राय अमात्य	टेस्ट परीक्षा	मुखिया, हनुमान नगरपालिका।
३.	२०६७।४।१३	राजेन्द्र बज्राचार्य, कृषि	मध्यमा	टाईपिष्ट, कृषि अनुसन्धान
४.	२०६७।४।२०	पदम बहादुर शाही.	प्रविणता प्रमाणपत्र तह सरह	स.प्र.ना.उ.,स.प्र.व.का. डडेलधुरा ।
५.	२०६७।५।७	भीष्म प्रसाद श्रेष्ठ,	प्रविणता प्रमाणपत्र तह सरह	शिक्षक , जिल्ला शिक्षा कार्यालय, गुल्मी अन्तर्गत ।
६.	२०६७।५।७	चेतराज जोशी	प्रविणता प्रमाणपत्र तह सरह	शिक्षक, जिल्ला शिक्षा कार्यालय, बाजुरा अन्तर्गत ।
७.	२०६७।५।७	जय बहादुर चन्द	SLC सरह	इलेक्ट्रिसियन, नेपाल विद्युत प्राधिकरण, बैतडी ।
८.	२०६७।५।२७	प्रमिला मधिकर्मी	SLC सरह	सहायक, राष्ट्रिय वाणिज्य बैंक, कैलाली ।
९.	२०६७।५।२७	यज्ञ प्रसाद शिवाकोटी	प्रविणता प्रमाणपत्र तह सरह	प्रहरीउपरिक्षक स.प्र.वल कार्यालय ।
१०.	२०६७।६।४	विनोद कुमार गौतम	SLC सरह	स.प्र.ना.उ., स.प्र.वल प्रधान कार्यालय ।
११.	२०६७।६।८	चक्र बहादुर रोकाय	पूर्व मध्यमा	शिक्षक , बाजुरा जुगाकडाडा प्रा.वि.।
१२.	२०६७।६।८	राजेन्द्र थापा	BA सरह	प्र.ना.नी. प्र.प्र. कार्यालय अन्तर्गत ।
१३.	२०६७।६।१३	जनक बहादुर शाही	पूर्व मध्यमा	शिक्षक, देवी निम्न मा.वि. दैलेख ।
१४.	२०६७।७।१०	शम्भु प्रसाद शर्मा	प्रविणता प्रमाणपत्र तह सरह	ना.सु., धनगढी नगरपालिका ।
१५.	२०६७।७।१०	सुन्दर प्रसाद बस्नेत	प्रविणता प्रमाणपत्र तह सरह	प्र.ना.नी., नेपाल प्रहरी ।
१६.	२०६७।७।१०	ढाल बहादुर	मध्यमा	स.प्र.नी, सशस्त्र प्रहरी वल

क्र.सं	मुद्दा दायर मिति	प्रतिवादीको नाम	शैक्षिक योग्यता	पद र कार्यालय
		रावत.		प्रधान कार्यालय ।
१७.	२०६७।८।१५	रामचन्द्र पोखरेल	SLC सरह	प्रहरी नायव निरीक्षक, प्रहरी प्रधान कार्यालय अर्न्तगत ठोरी पर्सा ।
१८.	२०६७।८।१६	उदय कुमार श्रेष्ठ	प्रविणता प्रमाणपत्र तह सरह	प्र.ना.नी., प्रहरी प्रधान कार्यालय अर्न्तगत ।
१९.	२०६७।८।१५	विर बहादुर रोकाया	पूर्व मध्यमा	प्राथमिक शिक्षक, बाजुरा वाल विकास मा.वि.।
२०.	२०६७।८।१९	पुष्पा गुरुङ्ग	SLC सरह	प्रहरी हवल्दार, प्रहरी गण त्रिपुरेश्वर ।
२१.	२०६७।८।२०	बम बहादुर शाही	प्रविणता प्रमाणपत्र तह सरह	शिक्षक , बाजुरा देवस्थली नि.मा. वि.।
२२.	२०६७।९।२५	माधवा पाण्डे खनाल	प्रविणता प्रमाणपत्र तह सरह	ना.सु., घोराई नगरपालिका ।
२३.	२०६७।१०।११	चन्द्रकला भण्डारी	प्रविणता प्रमाणपत्र तह सरह	प्र.ना.नी., प्रहरी प्रधान कार्यालय ।
२४.	२०६७।१०।१२	हरिहर अहिर (यादव)	SLC सरह	ग्रामीण स्थास्थ्य कार्यकर्ता, जिल्ला स्वास्थ्य कार्यालय, रुपन्देही ।
२५.	२०६७।१०।१३	विनोद कुमार यादव	BSC सरह	मालिका मा.वि, दैलेख ।
२६.	२०६७।१०।१३	मान बहादुर सूर्यवंशी	प्रविणता प्रमाणपत्र तह सरह	हेड असिस्टेन्ट, नेपाल संस्कृत विश्वविद्यालय अर्न्तगत ।
२७.	२०६७।१०।२०	कान्छु भण्डारी	प्रविणता प्रमाणपत्र तह सरह	स.प्र.ना.उ., सशस्त्र प्रहरी वल ।
२८.	२०६७।१०।२०	उजिर बहादुर बुढाथोकी	SLC सरह	प्र.ह., सशस्त्र वल ।
२९.	२०६७।१०।२०	द्वारिका महतो	SLC सरह	शिक्षक, नेपाल राष्ट्रिय प्राथमिकता विद्यालय,पर्सा ।
३०.	२०६७।११।३	केशवराज दवाडी	SLC सरह	प्राविधिक सुपरभाईजर, बालाजु औद्योगिक क्षेत्र
३१.	२०६७।११।२६	मणिकलाल बस्नेत	प्रविणता प्रमाणपत्र तह सरह	असिस्टेन्ट, नेपाल सँस्कृत विश्वविद्यालय दाङ्ग ।

क्र.सं	मुद्दा दायर मिति	प्रतिवादीको नाम	शैक्षिक योग्यता	पद र कार्यालय
३२.	२०६७।११।२७	अकल बहादुर शाही	पूर्व मध्यमा	प्र.अ. शिक्षक, दैलेख जनता प्रा.वि.।
३३.	२०६७।११।२७	धनराज जोशी	प्रविणता प्रमाणपत्र तह सरह	नि.मा.वि. शिक्षक, जाल्पादेवी मा.वि. बाजुरा ।
३४.	२०६७।१२।१६	अगेश्वर यादव	BSc सरह	शिक्षक, सरस्वती उ.मा.विद्यालय,दैलेख ।
३५.	२०६७।१२।१६	शालिकराम पुडासैनी	मध्यमा	खरिदार, मकवानपुर जिल्ला विकास समिति ।
३६.	२०६७।१२।२७	महमद मकदुद मंसुर	SLC सरह	गा.वि.स. सहायक, पर्सा जगरनाथपुर, सिराहा ।
३७.	२०६७।१२।२७	धर्मेन्द्र कुमार यादव	BA (H) सरह	शिक्षक, राम जानकी मा.वि.धनुषा ।
३८.	२०६८।२।१७	मदनराज भट्ट	BA सरह	शिक्षक, विजयासैनी उ.मा.विद्यालय, बैतडी ।
३९.	२०६८।२।१७	कमला राजभण्डारी	प्रविणता प्रमाणपत्र तह सरह	शिक्षक , शान्ति उ.मा.विद्यालय, ललितपुर ।
४०.	२०६८।२।१७	रितादेवी यादव	मध्यमा	शिक्षिका, सामुदायिक प्रा.वि.,रौतहट ।
४१.	२०६८।२।१७	जयकान्त यादव	B.Sc. सरह	शिक्षक , दैलेख पार्वती मा.वि., दैलेख ।
४२.	२०६८।३।२२	चक्रे कामी	टेस्ट पास सरह	पर्यटन सहायक , राष्ट्रिय प्रकृति संरक्षण कोष ।
४३.	२०६८।३।२२	पूर्ण बहादुर रावल	SLC सरह	ओभरसियर, धनगढी नगरपालिका कार्यालय ।
४४.	२०६८।३।२२	अशोक कुमार गुप्ता	B.Sc. सरह	शिक्षक, आदिकवी भानुभक्त मा.वि.चितवन ।
४५.	२०६८।३।२१	राम प्रसाद गुरुङ्ग	टेस्ट पास सरह	शिक्षा सहायक, राष्ट्रिय प्रकृति संरक्षण कोष ।
४६.	२०६८।३।२१	हेमचन्द्र हजरा	अध्यापन अनुमति पत्र	शिक्षक, दलित प्राथमिक विद्यालय, रौतहट ।
४७.				

माथि उल्लेखित अभियुक्तहरूले नक्कली शैक्षिक प्रमाणपत्रहरू पेश गर्नुको प्रयोजन अनुसूची ५ मा दिइएको छ । नक्कली प्रमाणपत्र सम्बन्धमा आ.व. ०५७/५८ देखि आ.व. ०६७/६८ सम्म भएको फैसला विवरण र शैक्षिक प्रमाणपत्रसम्बन्धी मुद्दाहरूमा सफलता/असफलताको अनुपात अनुसूची ६ मा दिइएको छ ।

८. घूस रिसवत सम्बन्धी भ्रष्टाचार गरेको मुद्दा :

क्र. सं.	आयोगको निर्णय मिति	मुद्दाको प्रतिवादी	दाबीको व्यहोरा	विगो रकम
१.	२०६७।६।३	सभासद् डोल बहादुर कार्की र ब्रह्मानन्द उदासिन समेत जना २,	घुस रिसवत	रु.४,०५,०००।-
२.	२०६७।६।२०	खरिदार, नेगम राज रेग्मी, रामचन्द्र चालिसे, वर्क बहादुर थापा, मनु थापा समेत जना ४, यातायात व्यवस्था कार्यालय, ललितपुर ।	घुस रिसवत	रु. ३५,०००।-
३.	२०६७।६।१४	स.नि. लक्ष्मण अर्याल, डिभिजन सहकारी कार्यालय विजुलीबजार ।	घुस रिसवत	रु.३०,०००।-
४.	२०६७।६।१८	डा. फेकन साह, पशु सेवा कार्यालय, सल्यानका तत्कालीन प्रमुख ।	घुस रिसवत	रु. ३,०००।-
५.	२०६७।९।२३	प्र.ज.शिव गिरी १, नुवाकोट जिल्ला गणेशस्थान गा.वि.स. १ मा डेरागरी बस्ने प्र.ज.राजन कुवँर १ समेत गरी २ जना ।	घुस रिसवत	रु. १,००,०००।-
६.	२०६७।१०।१३	ओ.सि.मकेश्वर शाह जिल्ला शिक्षा कार्यालय, रामेछाप १, कालिका मा.वि.रामेछापका प्रधान अध्यापक गणेश विक्रम थापा १, सोही मा.वि.का शिक्षक विष्णु बहादुर थापा १, समेत ३ जना ।	घुस रिसवत	रु.११,०००।-
७.	२०६७।१०।१४	कानून अधिकृत, पुष्कर राज नेपाल, वैदेशिक रोजगार विभाग ।	घुस रिसवत	रु.५०,०००।-
८.	२०६७।११।२६	देवी प्रसाद गौतम-१ कास्की जिल्ला लामाचौर गा.वि.स. घर भै का.म.न.पा. डेरागरी बस्ने, जि.भक्तपुर	घुस रिसवत	रु. १००००।-

		चितापोल गा.वि.स.७ बस्ने सर्भेक्षक प्रकाश दुलाद १ नापी कार्यालय डिल्लिबजार समेत २ जना ।		
९.	०६७।११।८	प्रहरी नायव निरिक्षक, सुरेश कुमार संग्रौला सिंहदरवार गण १, महानगरीय प्रहरी आयुक्तको कार्यालय, रानीपोखरीका प्र.ह. विजेन्द्र श्रेष्ठ १ समेत २ जना ।	घुस रिसवत	रु. २४,५००।-

९. सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको मुद्दा :

क्र. सं.	निर्णय मिति	प्रतिवादी	दाबीको व्यहोरा	बिगो रकम
१.	२०६७।६।३	अनिल कुमार मल्ल -१,सुविल कुमार राई-१,प्रेम बहादुर सोडारी समेत जना ३, राष्ट्रिय बाणिज्य बैंक गुलरीयाका प्रबन्ध सहायक ।	बैंक रकम हिनामिना गरि भ्रष्टाचार गरेको ।	रु.९०,५७,०००।-, रा.वा.बैक गुलरियाको रकम हिनामिना
२.	२०६७।५।१५	श्याम सुन्दर मिश्र १, बीभा व्याहुत कल्वार समेत जना २, महोत्तरीका नि. स्थानि विकास अधिकारी समेत	भ्रष्टाचार, ठेक्का रकम हिनामिना	रु.१,४४,२३,३११।५२
३.	२०६७।४।२१	शाखा प्रवन्धक, विन्देश्वर प्रसाद गुप्ता, जनकपुर चुरोट कारखाना, गुल्मी ।	भ्रष्टाचार, राजस्व रकम हिनामिना	रुं३७,८०,०११।२७
४.	२०६७।५।४	अनुगमन अधिकृत, बामदेव ज्ञवाली १, दुर्गम क्षेत्र विकास समिति, नेपालगन्ज चन्द्र प्रसाद खतिवडा १ राधा स्टकचर एण्ड ईन्जिजियरिङ वर्कस प्रा.लि. का प्रवन्ध निर्देशक समेत २ जना ।	रकम हिनामिना	रु.१२,४५,२४०।-
५.	२०६७।६।२५	प्रकाश सुवेदी १, जिल्ला शिक्षा अधिकारी, मनाङ्ग ,जगत बहादुर दाहाल १,सोहि कार्यालयका सव ईन्जिनियर,पुरुषोत्तम मण्डल १, सोही कार्यालयका सव ईन्जिनियर, छात्रावास भवन निर्माणका ठेकदार	सरकारी रकम हिनामिना	रु. ८,५३,२००।७३

		गौरी लाल डांगी समेत ४ जना ।		
६.	२०६७।९।९	कार्यकारी अध्यक्ष, सुगतरत्न कंशाकार १, नेपाल वायुसेवा निगम, सोही कार्यालयका नायव महाप्रवन्धक राजु बहादुर के.सी.१, ऐजनका का.मु. नायव महाप्रवन्धक गणेश ठाकुर १, सोही कार्यालयका का.मु. निर्देशक ज्ञानेन्द्र पुरुष ढकाल, सोही कार्यालयका निर्देशक मयुर शम्शेर राणा १, सोही कार्यालयका उप निर्देशक केशवराज शर्मा १ समेत ६ जना ।	सरकारी रकम हिनामिना	रु. ५,७३,७५,०००।
७.	२०६७।११।८	गा.वि.स. सचिव, रामपुकार यादव, जि.वि.स.को कार्यालय, सर्लाही ।	रकम हिनामिना	रु. ६२,६००।-
८.	२०६७।१२।१५	वरिष्ठ सहायक, तारणी प्रसाद सारदार, पूर्वाञ्चल ग्रामिण विकास बैंक कञ्चनपुर १, ऐजनका रामसुन्दर महतो १, जि.मोरङ्ग अमरगाक्षी ५ बस्ने जयनारायण मण्डल १, समेत ३ जना ।	बैक रकम अपचलन	रु. ४२,६५,३९६।-
९.	२०६८।२।२२	पूर्व प्रहरी महानिरीक्षक, ओम विक्रम राणा, पूर्व प्रहरीमहानिरीक्षक, हेम बहादुर गुरुङ, प्रधानमन्त्रीका सुरक्षा सल्लाहकार रमेश चन्द ठकुरी, प्रहरी अतिरिक्त महानिरीक्षक, मदन बहादुर खड्का, प्रहरी अतिरिक्त महानिरिक्षक, अर्जुन जंग शाही, पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक, दिपक सिंह थाङ्देन, पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक, श्याम सिंह थापा, पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक, दिपेन्द्र बहादुर विष्ट, प्रहरी नायव महानिरीक्षक, रमेश विक्रम शाह, प्रहरी नायव महानिरीक्षक, टपेन्द्र ध्वज हमाल, पूर्व प्रहरी नायव महानिरीक्षक, दिपक कुमार श्रेष्ठ, पूर्व प्रहरी नायव महानिरीक्षक, निरज पुन, पूर्व	सुडान घोटाला, भ्रष्टाचार	रु. २८,८१,६१,६२९।३०

		प्रहरी नायव महानिरीक्षक, सुरेन्द्र बहादुर पाल, वरिष्ठ उपरिक्षक, रवि प्रताप राणा, पूर्व प्रहरी वरिष्ठ उपरिक्षक, नरेन्द्र कुमार खालिङ्ग, वरिष्ठ उपरिक्षक श्याम बहादुर खड्का, वरिष्ठ उपरिक्षक, शिव लामिछाने, प्रहरी वरिष्ठ उपरिक्षक डा. अजित कुमार गुरुङ्ग, प्रहरी वरिष्ठ उपरिक्षक रमेश कुमार पाण्डेय, प्रहरी उपरीक्षक, मनोज नेउपाने, प्रहरी उपरिक्षक, निरज बहादुर शाही, प्रहरी उपरिक्षक गुप्त बहादुर श्रेष्ठ, प्रहरी वरिष्ठ उपरिक्षक, विजय लाल कायस्थ, का.मु.प्रहरी उपरीक्षक डा. रामकृष्ण राजभण्डारी, प्रहरी उपरिक्षक, कृष्णप्रसाद गुरागाई, प्रहरी उपरिक्षक, संजय सिंह बस्नेत, प्रहरी उपरिक्षक, पिताम्बर अधिकारी, पूर्व प्रहरी नायव उपरिक्षक हरिहर श्रेष्ठ, प्रहरी नायब उपरिक्षक, विद्याराज श्रेष्ठ, प्रहरी नायब उपरिक्षक, प्रकास अधिकारी, प्रहरी निरीक्षक अर्जुनप्रसाद तिमिल्सिना, प्रहरी नायब उपरिक्षक, दिनेश के.सी., प्रहरी निरीक्षक, लाल गोविन्द श्रेष्ठ, प्रहरी निरीक्षक गिरीधारी शर्मा, Assured Risks Limited, London का Director Michael Rider र भगवती ट्रेडर्सका प्रो. शम्भु भारती समेत ३६ जना ।		

१०. सार्वजनिक जग्गा हिनामिना :

क्र. सं.	आयोगको निर्णय मिति	मुद्दाको प्रतिवादी	दाबीको व्यहोरा	बिगो रकम
१.	२०६७।१०।११	अमिन मोहमद सलिमराईन, जिल्ला अदालत बाके ।	जग्गा हिनामिना	भ्र.नि.ऐन,२०५९ को दफा ९ अनुसार सजाय माग दावी
२.	२०६७।१२।३	नापी अधिकृत, बलम कुमार बस्नेत नापी विभाग १, का.जि.का.म.न.पा. ४ बस्ने नापी कार्यालय चावहिलका खरिदार १, सोही कार्यालयका सर्भेक्षक बज्रमान यादव १, सोही कार्यालयका खरिदार तारा लामा १ समेत ४ जना ।	सरकारी कागज सच्याई भ्रष्टाचार	भ्र.नि.ऐन,२०५९ को दफा ११ अनुसार सजाय माग दावी

११. अन्य (रातो पासपोर्ट दुरुपयोग मुद्दा) :

क्र. सं.	आयोगको निर्णय मिति	मुद्दाको प्रतिवादी	दाबीको व्यहोरा	बिगो रकम
१.	०६८।१।२७	संविधान सभाका सभासदहरु विश्वनाथ प्रसाद यादव र गायत्री शाह अध्यागमन कार्यालय त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलका प्रमुख खडानन्द ढकाल १, सोही कार्यालयका शा.अ. श्यामबाबु भण्डारी १, सोही कार्यालयका देवीदत्त खत्री १, सोही कार्यालयका ईन्द्र कुमार सुनार १, सन्तोष राज उप्रती १ र जनता दलका अध्यक्ष हरिश्चन्द्र शाह १ समेत ८ जना ।	रातो पासपोर्ट विक्री गरेको	रु.१,६२,००,०००।-

आर्थिक वर्ष २०६७/६८ मा आयोगबाट अभियोजन गर्न निर्णय गरिएका मुद्दाहरूमा जम्मा रु. ३९,६१,८१,८८८।८२ (रु. उनन्चालिस करोड एकसट्ठी लाख एकासी हजार आठ सय अठासी र पैसा वयासी मात्र) बिगो मागदाबी लिइएको छ ।

१२. आर्थिक वर्ष २०६७/०६८ को असुलउपर सम्बन्धी विवरण :

सि.नं.	विवरण	जम्मा रकम
१.	अनुसन्धान भएपछि असुल भएको	रु.६,४६,११,८३०।१६
२.	असुल उपरको लागि लेखी पठाइएको	रु.२७,२७,५५,४२६।७५

१३. आर्थिक वर्ष २०६७/०६८ को सार्वजनिक जग्गा सरकारी कायम सम्बन्धी विवरण :

(क) नेपाल सरकारको नाममा कायम गर्न लेखी पठाइएको जग्गाको विवरण

सि.नं.	जग्गाको विवरण	क्षेत्रफल
१.	उपत्यकाभित्र (रोपनी)	८४७-८-३-२
२.	उपत्यकाबाहिर(रोपनी)	१८८-७-१-३
	जम्मा	१०३६-०-१-१

(ख) नेपाल सरकारको नाममा कायम भएको जग्गाको विवरण

सि.नं.	जग्गाको विवरण	क्षेत्रफल
१.	उपत्यका भित्र (रोपनी	२२९-९-०-३
२.	उपत्यका बाहिर (रोपनी)	५७९-१२-२-२

(ग) गुठी कायम गर्न लेखी पठाइएको जग्गाको विवरण

सि.नं.	जग्गाको विवरण	क्षेत्रफल
१.	उपत्यकाभित्र (रोपनी)	०-१-०-१
२.	उपत्यकाबाहिर(रोपनी)	०-७-१८.३ विघा (५-६-०-१)
	जम्मा	५-७-०-२

१४. प्रत्यायोजित अधिकार अन्तर्गत भएका कामकारबाही :

मिति २०६३।१०।१ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम क्षेत्रीय प्रशासक, प्रमुख जिल्ला अधिकारी, पुनरावेदन सरकारी वकिल कार्यालय तथा जिल्ला सरकारी वकिल कार्यालयका सरकारी वकिलहरूलाई तोकिएको शर्त बमोजिम आयोगको अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरिएको छ । आ.व. २०६७०६८ मा पाँच विकास क्षेत्र स्थित क्षेत्रीय प्रशासन कार्यालयहरूमा भ्रष्टाचार तथा अनुचित कार्यसम्बन्धी १७२ वटा उजुरी परेकोमा जम्मा ३९ वटा फछ्यौंट भई १३३ वटा फछ्यौंट हुन बाँकी रहेको र जिल्ला प्रशासन कार्यालयहरूमा भ्रष्टाचार तथा अनुचित कार्यसम्बन्धी १४७३ वटा उजुरी परेकोमा जम्मा ३८८ वटा फछ्यौंट भई १०८५ वटा फछ्यौंट हुन बाँकी नै रहेको विवरण प्राप्त हुन आएको छ । यसरी हेर्दा जिल्ला प्रशासन कार्यालयहरूबाट भएको कार्य सम्पादन आशातीत रूपमा प्रभावकारी रहेको देखिदैन । भ्रष्टाचार सम्बन्धी परेको उजुरीको कार्य फछ्यौंटले प्राथमिकता नपाउनु र अनुसन्धान सम्बन्धी दक्षताको अभाव जस्ता कारणहरूले यसो हुन गएको मान्न सकिन्छ । यस सम्बन्धी विस्तृत तथ्यांक अनुसूची ७ र ८ मा दिइएको छ । आयोगमा परेका कुल उजुरी र फछ्यौंटको संख्यात्मक विवरण अनुसूची ९ र १० मा दिइएको छ भने मुद्दा जितहारको स्थिति अनुसूची १२ मा दिइएको छ ।

परिच्छेद - ३
अभियोजन

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ मा सार्वजनिक पद धारण गरेका व्यक्तिहरु उपर भ्रष्टाचारको आरोपको सम्बन्धमा चलेको कारवाही र त्यस सम्बन्धमा भएको अनुसन्धान र तहकिकातबाट निजले सो अपराध गरेको हो भन्ने विश्वास गर्नुपर्ने मनासिब कारण भएमा आयोगले त्यस सम्बन्धमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन सक्ने प्रावधान अनुसार आर्थिक वर्ष २०६७।०६८ मा कसुरदार देखिन आएका अभियुक्त विरुद्ध निम्नानुसारको मागदावी लिई विशेष अदालत समक्ष दायर गरिएका मुद्दाको संक्षिप्त विवरण देहायमा उल्लेख गरिएको छ :

१. नेपाल विद्युत प्राधिकरण वैतडी शाखाको ईलेक्ट्रिसियन (तह ३) पदमा नियुक्ती भई हाल फोरमेन (तह ४) पदमा कार्यरत जय वहादुर चन्दले शुरु नियुक्तीका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट विस्तृत अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषदबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको । निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

२. सशस्त्र प्रहरी वल, सिमा सुरक्षा कार्यालय धनुषामा कार्यरत स.प्र.उ. यज्ञप्रसाद शिवाकोटीको शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित विश्व विद्यालयबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

३. जिल्ला शिक्षा कार्यालय, बाजुरा अन्तरगत खप्तड प्रा.वि. रानकाँडा, बाजुरामा कार्यरत प्राथमिक शिक्षक चेतराज जोशीले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित वोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

४. राष्ट्रिय वाणिज्य बैंकमा सहायक चौथो तहमा कार्यरत. प्रमिला मधिकर्मीले तत्काल सहायक तेश्रो पदमा कार्यरत रहँदा स्थायी एवं बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

५. जनकपुर चुरोट कारखाना लिमिटेड, शाखा कार्यालय, वामी टक्सार, गुल्मीका तत्कालीन शाखा प्रवन्धक बिन्देश्वरप्रसाद गुप्ताले आफू सो पदमा बहाल रहंदा मिति २०६६।२।३१, २०६६।३।१४ र २०६६।३।२५ मा दीपजंग स्टोर्सलाई क्रमशः रु.६६,१२२।४१, रु.६७,५००।- र रु.७५,९९८।७०, मिति २०६६।२।३१ मा निशीभूजी जनता स्टोर्सलाई रु.१५,४६,७७८।१६ र मिति २०६६।३।१४ र २०६६।३।२५ मा प्रकाशहरि स्टोर्सलाई क्रमशः रु.५७,३९९।४८ र रु.३८,६२८।७० गरी जम्मा रु. १८,५२,४२७।४५ बराबरको चुरोट नगदमा बिक्री गरी प्राप्त हुन आएको रकम कारखानाको खातामा जम्मा नगरी हिनामिना गरेको । कारखानाको चुरोट बिक्री वितरण सम्बन्धि नियम विनियम र कारखानाबाट भइरहेका निर्देशन विपरित गरेको । डिलरले राखेको कुल धरौटी रकमभन्दा बढी बैंक ग्यारेन्टी समेत नलिई मिति २०६६।३।२५ मा निशीभूजी जनता स्टोर्सलाई रु. १७,२७,९३०।७९ मूल्य बराबरको चुरोट उधारोमा दिएको । यसैगरी निजको जिम्मामा रहेको चुरोटमध्ये मूल्य रू.१,९९,६५३।०३ बराबरको बिभिन्न ब्राण्डका चुरोटहरु समेत मासी हिनामिना गरी रू.३७,८०,०११।२७ बराबरको नगदी जिन्सी हिनामिना गरेको देखिन आएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूरमा सोही ऐनको दफा ३ को उप दफा (१) को खण्ड (छ) बमोजिम सजाय गरी पाउन र दफा १७ बमोजिम हानी नोक्सानी गरेको सम्पत्ति निजबाट असूल उपर गरी जनकपुर चुरोट कारखाना लिमिटेडलाई भराई पाउन मागदावी लिइएको ।

६. जिल्ला शिक्षा कार्यालय, गुल्मी अन्तर्गत सिद्धबाबा उच्च माध्यमिक विद्यालय, तम्घास, गुल्मीमा कार्यरत शिक्षक भिष्मप्रसाद श्रेष्ठले अस्थायी नियुक्ति पाउने प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित बोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा निजले पेश गरेको शैक्षिक प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको सो कार्य प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

७. माग्री लघु विद्युतिकरण योजनाको लागि आवश्यक इलेक्ट्रोमेकानिकल पार्टसको ढुवानी एवं जडान कार्यको लागि मिति २०५७।२।३० को नेपाल समाचार पत्रमा प्रकाशित सात दिने शिलवन्दी दरभाउ पत्र आव्हानको सूचना वमोजिम पेश हुन आएका शिलवन्दी दरभाउ पत्रहरु मध्ये राधा स्ट्रक्चर एण्ड इन्जिनियरिङ्ग (प्रा) लि. सिनामङ्गल काठमाडौंको रु. १७,६८,६९०।०० (सत्र लाख अठसट्ठी हजार छ सय नव्वे) को ठेक्का स्वीकृत भई सम्झौता भएको मितिले ६ महिनाभित्र इलेक्ट्रोमेकानिकल पार्टसहरु तयार गरी सक्नुपर्ने गरी

मिति २०५७।३।२१ मा ठेक्का सम्झौता भएकोमा पुनः मिति २०५७।१०।२५ मा निर्धारित समय समाप्त भएको मितिले १ महिना म्याद थप भएको समेत देखियो । सो ठेक्का अन्तर्गत मिति २०५७।३।२३ मा गो.भौ नं. ३८ बाट पेश्की रू.३,५३,७३८।०० र मिति २०५७।२।१६ मा गो.भौ नं. ४१ बाट रु.८,९१,५०२।- गरी जम्मा रु.१२,४५,२४०।०० रकम भुक्तानी भैसकेको पाइयो । प्रमुख अनुगमन अधिकृत वामदेव ज्ञवालीले समयाभावको कारण वजेट फ्रिज नहोस भन्नाका लागि कम समयावधि दिएर दरभाउ पत्रको सूचना प्रकाशित गरेको र तत्कालिन राजनीतिक असहज परिस्थितिको कारण परियोजना स्थलमा सामान पठाउन नसकिएको भनी आयोग समक्ष वयान गरेको पाइयो भने राधा स्ट्रक्चर एण्ड इन्जिनियरिङ्ग (प्रा) लि.का प्रवन्ध निर्देशक चन्द्रप्रसाद खतिवडाले समयमा काम नसकिनुमा देशको द्वन्दग्रस्त राजनैतिक अवस्था र दुर्गमको काम भएको हुनाले ढुवानी कार्यमा संलग्न कुनै पनि कम्पनीले सुरक्षाको कारण देखाई साइटसम्म सामान ढुवानी गर्न नसकिएको हो भनी वयान गरेको देखिन्छ । निज चन्द्रप्रसाद खतिवडाको वयान तथा जिल्ला प्रशासन कार्यालय, मुगुको मिति २०६६।१०।१५ को पत्रको फ्याक्सबाट पनि मांग्री विद्युतिकरण योजनाको सम्झौता अनुसारको कुनै पनि सामानहरु साइटसम्म ढुवानीसम्म भएको पनि देखिएन । निज प्रमुख अनुगमन अधिकृतले उक्त राधा स्ट्रक्चर एण्ड इन्जिनियङ्गि (प्रा.) लि.लाई गैरकानूनी लाभ पुऱ्याउने वदनियतले सम्झौता वमोजिम काम नै नहुदै माथि उल्लेख भए वमोजिम रु.१२,४५,२४०।- भुक्तानी गरेको देखिदा निज प्रमुख अनुगमन अधिकृत वामदेव ज्ञवालीले सावित भ्रष्ट्राचार निवारण ऐनको दफा ७ तथा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (१) र सोही उप-दफा (१) को खण्ड (ङ) अनुसारको कसुर गरेको र राधा स्टक्चर एण्ड इन्जिनियरिङ्ग (प्रा.) लि. का प्रवन्ध निर्देशक चन्द्रप्रसाद खतिवडाले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) अनुसारको कसूर गरेको देखिदा प्रमुख अनुगमन अधिकृत वामदेव ज्ञवालीलाई रु.१२,४५,२४०।- सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ तथा भ्रष्टाचार विवरण ऐन, २०५९ को दफा ८ को उपदफा (१) वमोजिम र राधा स्ट्रक्चर एण्ड इन्जिनियरिङ्ग (प्रा) लि.का चन्दप्रसाद खतिवडालाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ तथा भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजायको मागदावी लिने र सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २९ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) वमोजिम निजहरुबाट उल्लिखित विगो रु. १२,४५,२४०।- नेपाल सरकारलाई भराई दिने र निज ठेकेदारले संझौता उल्लंघन गरे वापत उल्लिखित रकमको ०.०५ प्रतिशत का दरले हुन आउने रकम हर्जाना समेत भराई पाउन समेत मागदावी लिइएको ।

८. नेपाल प्रहरी अन्तर्गत महानगरीय प्रहरी प्रभाग, थानकोटमा कार्यरत प्र.ना.नि. राजेन्द्र थापाले बढुवा प्रयोजनको उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा गोरखपुर विश्वविद्यालय यू.पी. भारतबाट प्राप्त पत्र एवं निम्न विवरण समेतका आधारमा ती प्रमाणपत्रहरु नक्कली एवं झुठ्ठा देखिई निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएकोले निजलाई सोही दफा बमोजिम सजाय हुन मागदावी लिइएको ।

९. सशस्त्र प्रहरीवल प्रधान कार्यालय, हल्चोक, काठमाडौंमा सशस्त्र प्रहरी नायव उपरीक्षक पदमा कार्यरत विनोदकुमार गौतमले शुरु नियुक्ति पाउने प्रयोजनका लागि पेश गरेको

शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित बोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा निजले पेश गरेको शैक्षिक योग्यताका प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिई निजको सो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

१०. जिल्ला विकास समिति, बाराले आर्थिक वर्ष २०६५।६६ का लागि जिल्लाभित्र उत्पादन भै निकासी हुने ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल, स्लेट, विछ्राउने ढुंङ्गा आदीको कर उठाउने प्रयोजनका लागि स्थानिय स्वायत शासन ऐन, २०५५ तथा नियमावली, २०५६ बमोजिम ठेक्का आह्वान गरी बढि रकम कबोल गर्ने यादव ट्रेडर्सलाई ठेक्का प्रदान गरेकोमा सो आ.व. मा विभिन्न मितिमा बन्द हडताल भएको हुँदा त्यस्तो बन्द हडताल भएको १९४ दिनको ठेक्का कबोल रकमको दामासाहीले हुने रकम मिन्हा पाउन पटक पटक निवेदन गरेको र तत्सम्बन्धमा जिल्ला स्तरीय राजश्व परामर्स समितिको २०६६।३।९ को निर्णय अनुसार १०२ दिन वन्द हडताल भएको भन्दै उक्त अवधीको रकम मिन्हा दिन जिल्ला विकास समिति बारालाई सिफारिस गरेको पाईयो । उक्त सिफारिस पश्चात मिति २०६६।३।२५ मा बसेको जिल्ला विकास समिति, बाराको बोर्ड बैठकमा पेश भई बैठकबाट यस्तो ठेक्का रकम मिन्हा दिदा जिल्ला विकास समितिको दीर्घकालीन आय श्रोतमा गम्भीर असर पर्ने र जन सरोकारको विकास निर्माण लगायतका विषयमा आघात पर्ने हुँदा ठेकेदारको माग बमोजिमको रकम मिन्हा नदिने गरी सर्वसम्मत निर्णय भएको पाईयो । जिल्ला विकास समिति, बाराका तत्कालिन स्थानिय विकास अधिकारी सरुवा भई रिक्त रहन आएको स्थानिय विकास अधिकारी पदमा इन्जिनियर श्यामसुन्दर मिश्र निमित्त भई कार्य संचालन गर्दै आएको अवस्थामा मिति २०६६।१०।१७ मा जिल्ला विकास समिति, बाराको बोर्ड वैठक संचालन गरी मिति २०६६।३।२५ बाट सर्वसम्मत रुपमा ठेकेदारलाई रकम मिन्हा नदिने गरी भएको निर्णय विपरित राजश्व परार्मश समितिको सिफारिस १०२ दिन भए पनि जिल्लाको आयलाई ध्यानमा राखी भन्दै ८९ दिनको दामासाहीले हुने रु. १,४४,२३,३११।५२ मिन्हा दिने गरी निर्णय गरेको र उक्त निर्णयको विपक्षमा भौतिक योजना तथा निर्माण सहायक मन्त्री श्रीमति कलावतीदेवी दुसाद समेतका राजनैतिक दलका स्थानिय पाँच दलका प्रतिनिधिले असहमती जनाएको पाईयो । स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १८८ र १८९ अनुसार बोर्ड बैठकले रकम मिन्हाको निर्णय गर्न पाउँदैन, मिन्हा गर्ने अधिकार जिल्ला परिषदलाई मात्र हुन्छ । तर निमित्त स्थानीय विकास अधिकारी श्यामसुन्दर मिश्रले बोर्डका नामबाट आफैं मिन्हाको निर्णय गरी जिल्ला परिषदबाट निर्णय नहुँदै मिति २०६६।१०।२१ मा अदालतमा ठेकेदारसंग मुद्दा मिलापत्र गरी ठेकेदारलाई बिड बण्डको रकम समेत फिर्ता दिई सो रकम मिन्हा दिने कार्य स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १८८ र १८९ विपरित देखियो । निमित्त भै कार्य सन्चालन गर्ने व्यक्तिको दायित्व सामान्य दैनिक प्रशासन चलाउने कार्य मात्र भएको र दूरगामी प्रभाव पार्ने निर्णय गर्ने दायित्व होइन । त्यस्तै व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिले मिति २०६६।११।४ च.नं. ३६५ को पत्रबाट सो मिनाहाको निर्णय बदर गर्न निर्देशन दिएपछि तद्नुसार कार्य गर्नु पर्नेमा उल्टै मिति २०६६।११।१३ मा जिल्ला परिषदको नामबाट सो रकम मिन्हा दिने निर्णयलाई निजले आफैंले समर्थन गरी निर्णय गरेको देखिन्छ । मिति २०६६।११।१४ च.नं. १९९२ को पत्रबाट स्थानीय विकास मन्त्रालयले मिन्हाको निर्णय बदर गर्न निर्देशन दिंदा पनि निजले

सो निर्देशन पालना गरेको देखिदैन । माथि उल्लेख भए बमोजिम निमित्त स्थानीय विकास अधिकारी श्यामसुन्दर मिश्रले बदनियत पूर्वक स्वेच्छाचारी ढंगले जिल्ला विकास समिति, बारालाई रु. १,४४,२३,३११।५२ नोक्सानी र ठेकेदार श्रीमति विभादेवी व्याहुत कलवारलाई रु. १,४४,२३,३११।५२ फाइदा पुऱ्याउने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ बमोजिम कसुर गरेको देखिदा निजलाई सोही ऐनको दफा ७ तथा दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिमको सजायको मागदाबी लिई र ठेकेदार श्रीमति विभादेवी व्याहुत कलवारले निज निमित्त स्थानिय विकास अधिकारी श्यामसुन्दर मिश्रसंग मिलेमतो गरी रु. १,४४,२३,३११।५२ जिल्ला विकास समिति, बारालाई नोक्सानी पुऱ्याई आफुले फाईदा लिएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुरमा सोही दफा बमोजिम सजायको मागदावी लिइएको ।

११. जिल्ला शिक्षा कार्यालय, बाजुरा अर्न्तगत वि.पि.प्रा.वि.मैमातोला जुगाडामा प्रा.वि द्वितिय तहको शिक्षक पदमा कार्यरत चक्रबहादुर रोकायाले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित विश्वविद्यालयबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा निजले पेश गरेको शैक्षिक प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएको र निजको त्यस्तो कार्य प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर गरेको देखिन आएकोले निजलाई सोही ऐनको सोही दफा बमोजिम सजाय हुन मागदावी लिइएको ।

१२. सशस्त्र प्रहरी बल प्रधान कार्यालयका का.मु.स.प्र.ना.नि. पदमा कार्यरत ढालबहादुर रावतले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित विश्वविद्यालयबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा निजले पेश गरेको शैक्षिक प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएको निजको त्यस्तो कार्य प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई सोही ऐनको सोही दफा बमोजिम सजाय हुन मागदावी लिइएको ।

१३. प्र.ना.नि. सुन्दर बस्नेतले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसार कसूर देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

१४. राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, गुलरियाको ढुकुटीमा रहेको रु.९०,५७,०००।- रकम हिनामिना गरेको भन्ने सम्वन्धमा पक्राउ परेका अभियुक्तहरुको बयान, रा.वा. बैंक क्षेत्रिय कार्यालय नेपालगन्जबाट आकश्मिक रुपमा गरेको भौतिक परीक्षण र तत्कालै उठाइएका मुचुल्का समेतका कागजातहरु बाट सो बैंकमा रहेको उक्त रकम हिनामिना भएको देखियो । बैंकको ढुकुटीको सुरक्षाको लागि अलग अलग प्रकारका २ गोटा साँचोको व्यवस्था गरी १/१

गोटा साँचो अलग अलग कर्मचारीले राख्नु पर्ने र ढुकुटीबाट नगद झिक्दा वा राख्दा त्यस्ता दुवै कर्मचारी अनिवार्य उपस्थित भई तोकिए बमोजिमको प्रक्रिया पूरा गरी नगद झिकेकोमा सही गरी अभिलेख ठीक दुरुस्त राख्नु पर्नेमा बैंक ढुकुटी जस्तो संवेदनशिल स्थानको निमित्त पालना गर्नुपर्ने अनिवार्य शर्त, प्रक्रिया र कार्यविधि पूरा गरेको नदेखिएको र सो कुरा निजहरुले आयोगमा दिएको आफ्नो बयानमा स्वीकार गरेको, अलग अलग प्रकारको २ गोटा साँचोको व्यवस्था गरी १/१ गोटा साँचो प्रबन्धक (तत्कालिन निमित्त प्रबन्धक) र नगद सहायकको जिम्मामा भएको अवस्थामा साँचोको जिम्मा लिने १ जना कर्मचारीको कार्य, प्रयत्न, प्रयास र तत्परताबाट मात्र ढुकुटीको नगद हिनामिना हुन सक्ने अवस्था नदेखिएको र मिति २०६७।४।१६ मा भौतिक परीक्षण गर्दा रु.९०,५७,०००।- कम भएको भन्ने देखिएको र नगद सहायक प्रेमबहादुर सोडारी भौतिक परीक्षण गर्दागर्दै भागी फरार रहेको, अनिलकुमार मल्ल र सुविलकुमार राईले आयोगमा गरेको बयानमा पनि नगद कम देखिएको भन्ने कुरा स्वीकार गरी बयान गरेको हुँदा नगद हिनामिना भएको भन्ने पुष्टि भएकोले बद्नियतपूर्ण तवरले राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय गुलरिया, बर्दियामा सार्वजनिक सम्पत्ति (ढुकुटी) रु.९०,५७,०००।- (नब्बे लाख सन्ताउन्न हजार) रहेको । उक्त रकम प्रेम बहादुर सोडारी, अनिल कुमार मल्ल र सुविल कुमार राई तीनैजनाले हिनामिना गरी मस्यौट गरेको देखिएको हुँदा यस्तो कार्य प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अनुसारको कसूर गरेको देखिएकोले निजहरुहरु तीनै जनाउपर ऐ. ऐनको दफा ३ को उपदफा (१) खण्ड (ज) बमोजिम सजाय गरी बिगो बमाजिम जरिवाना गरी पाउन र हिनामिना गरी मसौट गरेको विगो रु.९०,५७,०००।- निजहरुबाट सोही ऐनको दफा १७ बमोजिम राष्ट्रिय वाणिज्य बैंकलाई दिलाई भराई पाउन मागदावी लिइएको ।

१५. उजूरवाला राजकुमार राईले यस आयोग समक्ष दिएको निबेदन एवं निजले घटनाक्रमलाई सिलसिलाबद्ध रुपले चित्रण गरी गरेको बयान, स्वामी ब्रम्हानन्द उदासीनले आफू कसूरमा सावित भई डोलबहादुर भन्ने डि.वि. कार्कीलाई समेत पोल गरी गरेको बयान, अनुसन्धानको क्रममा संकलित बरामदी मुचुल्का समेतबाट घुस लिनुखानु भए गरेको वारदात स्थापित हुन आयो । डोलबहादुर भन्ने डि.वि. कार्की अनुसन्धानको क्रममा कसूरमा इन्कार रहे तापनि निजको साथबाट बरामद राजकुमार राईको परीक्षा प्रबेशपत्रमा रहेको खाली ठाउंमा "मा.डि.वि. कार्की, १ मात्र अनुरोध छ जसरी पनि पास गरिदिनू अनुरोध" भन्ने व्यहोरा आफूले लेखेको होइन भनी निजले बयानमा उल्लेख गरे तापनि सो व्यहोरा निजैको हस्ताक्षरबाट लेखिएको भन्ने हस्ताक्षर परीक्षण प्रतिबेदनबाट पुष्टि हुन आएबाट निजको इन्कारी बयान मिथ्या सावित हुन गई डोलबहादुर भन्ने डि.वि. काकी र स्वामी ब्रम्हानन्द उदासीनले एकापसमा मिलेमतो गरी निवेदक राजकुमार राईलाई नेपाल प्रहरीको प्रहरी निरीक्षक पदमा नोकरी लगाई दिने बहनामा निजबाट पटक पटक गरी रु.तिन लाख पाँच हजार समेत घुस/रिसवत लिई उक्त रकममध्ये रु.दुई लाख पाँच हजार स्वामी ब्रम्हानन्द उदासीनले र रु. एक लाख डोलबहादुर भन्ने डि.वि.कार्कीले लिनु खानु गरेको पुष्टि हुन आएकोले बरामद भएको रकम रु.एक लाख र वरामद मिति पूर्व नै लिनु खानु गरी सकेको घुस/रिसवत रकम रु. तीन लाख पाँच हजार समेत गरी जम्मा विगो रु.चार लाख पाँच हजार निजहरुले निवेदक राजकुमार राईबाट रिसवत लिएको कुल विगो कायम गरी डोलबहादुर भन्ने डि.वि. कार्की उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) अन्तर्गतको कसुरमा ऐ. ऐनको दफा ३(१) को खण्ड (घ) बमोजिम एवं स्वामी ब्रम्हानन्द उदासीनलाई सोही ऐनको दफा ३(२) बमोजिमको कसूरमा ऐ.ऐनको दफा ३(१) बमोजिम सजाय हुन तथा विगो बमोजिम जरिवाना समेत हुन तथा डोलबहादुर भन्ने डि.वि. कार्कीको

हकमा निज संबिधान सभाको सभासद् पदमा आसिन व्यक्ति भएकोले निजलाई सोही ऐनको दफा २४ बमोजिम थप सजाय समेत गरिपाउन मागदावी लिइएको ।

१६. धनगढी नगरपालिकामा कार्यरत ना.सु. शम्भुप्रसाद शर्माले तत्काल बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली भनी परेको उजूरीका सम्वन्धमा आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

१७. जिल्ला शिक्षा कार्यालय, दैलेख अन्तर्गत देवती प्रा.वि. वनाडा जम्बुकाँधका प्रा.वि. शिक्षक जनकवहादुर शाहीले शुरु नियुक्ति पाउनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली भनी परेको उजूरीका सम्वन्धमा आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

१८. आत्मीयता वचत तथा ऋण सहकारी संस्था धापासी, काठमाडौका कोषाध्यक्ष शिवराम दाहालले उक्त संस्था दर्ता गर्दा रु. ३०,०००।- (तीस हजार) घुस दिने शर्तमा संस्था दर्ता गरी प्रमाण पत्र लिएको । शर्त वमोजिम रकम लिनका लागि डिभिजन सहकारी कार्यालय, विजुली बजार, काठमाडौका सहकारी निरीक्षक लक्ष्मण अर्यालले वारम्वार फोन गर्ने धम्काउने गरेको, त्यस कार्यालयका प्रमुख सहितको मिलेमतोमा लक्ष्मण आर्यालवाट घुस लिने दिने काम हुने गरेवाट लेनदेनको प्रमाणको लागि आयोगवाट टोली पठाई पाउँ भन्ने समेत व्यहोराको शिवराम दाहालको यस आयोगमा परेको उजूरीका सम्बन्धमा आयोगवाट निज शिवराम दाहाल हस्ते प्रमाणित रकम समेतको टोली आयोगबाट पठाएकोमा जिल्ला काठमाडौ का.म.न.पा.वडा नं.१० स्थित वानेश्वरवाट गणेशस्थान जाने मूल सडक थापा गाऊँ चोक छेउमा रहेको वद्री वेकरी एण्ड केक शप (होटल) को सटर छेउमा वसी कोल्ड ड्रिक्स पिइरहेको अवस्थामा लक्ष्मण अर्याललाई फेलापारी तलासी लिदा शिवराम दाहालले आयोगबाट प्रमाणित गराई लगेको रु.१,०००।- दरका थान ३० जम्मा रु. ३०,०००।- सेतो खामभित्र राखेको वरामदी मुचुल्कामा उल्लिखित नम्वरका नोटहरु वरामद गरिएको बरामदी मुचुल्कावाट देखिन आएको हुँदा निज लक्ष्मण आर्यालवाट वरामद भएको रकम रु. ३०,०००,- (तीस हजार) विगो कायम गरी निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसूरमा सोही ऐनको दफा ३ (१) (ख) वमोजिम सजाय गरिपाउन मागदावी लिइएको ।

१९. प्र.ना.नि. उदयकुमार श्रेष्ठले बढुवा पाउने प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन

तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

२०. जिल्ला शिक्षा कार्यालय, बाजुरा अन्तर्गत बाल विकास मा.वि. दहकोटका प्राथमिक शिक्षक वीरबहादुर रोकायाले पदमा बहाल रही बढुवा हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारवाही हुनको लागि मिति २०६५।६।२ मा जिल्ला शिक्षा कार्यालय, बाजुराबाट यस आयोगमा पठाएको पत्र उपर अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसी भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्रहरु नक्कली एवं झूट्ठा देखिई निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसार कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएकोले निजलाई उक्त दफा बमोजिम सजाय हुन मागदावी लिइएको ।

२१. जिल्ला पशु सेवा कार्यालय, सल्यानका तत्कालीन प्रमुख डा.फेकन साहले घुस रिसवत वापत मिति २०६६।९।६ गते लिएको नगद रु. ३,०००।- (तीन हजार) सहित जिल्ला प्रहरी कार्यालय सल्यानको हिरासत कक्षमा राखी मिति २०६६।९।७ गते जिल्ला प्रशासन कार्यालय सल्यानले निजसंग रु. ५,०००।- (पाँच हजार) धरौटी माग गरेकोमा निजले धरौटी वापतको रकम बुझाएपछि निजलाई तारेखमा राखी आवश्यक अनुसन्धान तहकीकातको लागि सक्कलै फायल तथा नगद रु. ३,०००।- (तीन हजार) समेत यस आयोगमा पठाएकोमा यस आयोगबाट सो सम्बन्धमा बिस्तृत अनुसन्धान तहकीकात हुंदा निज फेकन साहले काशीराम भण्डारीबाट रु. ३,०००।- घुस रिसवत लिएको देखिन आएबाट डा.फेकन साहले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) अनुसारको कसूर गरेको हुंदा निजलाई सोही ऐनको दफा ३(१) (क) बमोजिम सजाय हुन मागदावी लिइएको ।

२२. महानगरीय प्रहरी अपराध महाशाखाद्वारा पक्राउ गरी सप्रमाण यस आयोगमा उपस्थित गराइएका मनु थापा तथा बर्कबहादुर थापालाई अनुसन्धानको क्रममा यस आयोगबाट सोधपूछ समेतको कार्य हुंदा निज बर्क बहादुर थापाले १६ गते बेलुकी मनु थापाबाट लिएको नागरिकताको फोटोकपी र २/२ प्रति फोटो तथा नगद रू.२५ हजार प्राप्त गरी १७ गते बिहान मैले नेगमराज रेग्मीलाई दिएको हुं, भोलीपल्ट १८ गते शुक्रबार ४ बजेतिर २ वटा लाइसेन्स लिएको हु, मैले मनु थापाबाट लिएको सम्पूर्ण रकम निज नेगमराज रेग्मीलाई बुझाएको हुं भनी खुलाई दिएको देखियो । अनुसन्धानको क्रममा यस आयोगबाट माग भए बमोजिम यातायात व्यवस्था कार्यालय, वागमतीबाट सवारी चालक अनुमति पत्र अभिलेख ढडङ्ग नं. ६८२ को सवारी चालक अनुमतिपत्र नं. ०६-२२८७४० पदमबहादुर क्षेत्री तथा सवारी चालक अनुमति पत्र नं. ०६-२२८७७६ किशोरकुमार श्रेष्ठको नाममा उक्त नंबरका सवारी चालक अनुमतिपत्रहरु पोष्टिङ्ग भएको, सवारी चालक अनुमति पत्रमा गलत विवरण भरी तत्कालीन शाखा अधिकृतद्वय निर्माणकुमार कार्की र लक्ष्मणप्रसाद श्रेष्ठको मिल्दो जुल्दो

हस्ताक्षर गरी प्रतिलिपी जनाइएको, उक्त सवारी चालक अनुमति पत्रहरु गलत बिबरण भरी जारी भएको देखिएकाले ढड्डाको फोटोकपी बाहेक अन्य कागजात नभएको, गलत बिबरण भरी जारी गरिएका ती सवारी चालक अनुमति पत्रका व्यक्तिहरु लिखित, मौखिक, स्वास्थ्य परीक्षण तथा ट्रायल (प्रयोगात्मक) परीक्षामा समेत सामेल नभएको, सो व्यक्तिहरुको नतिजा प्रकाशन सम्बन्धी कागजात कार्यालयको अभिलेखमा नदेखिएको, कार्यालयको अभिलेख (ढड्डा) रहेको कोठाभित्र सर्वसाधारण व्यक्तिहरु प्रवेश गर्न सक्ने अवस्था नरहेको, कार्यालयको लागि आवश्यक पर्ने होलोग्राम स्टोरमा कार्यरत कर्मचारीको जिम्मामा रहने तथा कार्ड लेखा शाखाको जिम्मामा रहने गरेकोमा गलत बिबरण भरी जारी भएको देखिएको सवारी चालक अनुमति पत्रमा प्रयोग भएको होलोग्राम ०६(ख) फाँटमा काम गर्ने खरिदार नेगम रेग्मीले २०६७।५।१० मा बुझेर लगेको पोष्टिङ्ग रजिष्ट्रबाट देखिएको, यातायात व्यवस्था कार्यालय बागमतीको स्टोर शाखाको अभिलेख अनुसार ०६-२२८७७६ र ०६-२२८७४० नंबरका सवारी चालक अनुमति पत्रहरुमा प्रयोग गरिएका कार्डहरु कम्युटर अपरेटर रामचन्द्र चालिसेले बुझी लगेको देखिएको भनी खुलाई पठाएको देखिंदा उक्त सवारी चालक अनुमति पत्रहरु बनाउने कार्यमा प्रतिवादीहरु नेगमराज रेग्मी र रामचन्द्र चालिसेको प्रत्यक्ष संलग्ता रहेको पुष्टि हुन आयो । त्यसैगरी बर्कबहादुर थापाबाट रकम दिएको व्यक्तिलाई सनाखत गराउदा खरिदार नेगमराज रेग्मीलाई पहिचान गरी सनाखत समेत गरिदिएको देखियो भने नेगमराज रेग्मीको हस्तलिपी तथा सवारी चालक अनुमतिपत्र दर्ता किताव (ढड्डा) को विवादास्पद प्रलेख परीक्षणको लागि पठाँउदा केन्द्रीय प्रहरी बिधिबिज्ञान प्रयोगशालाबाट The person who wrote the blue inclosed specimens writings marked S1 to S9 also Worte the red inclosed questioned writings similarly marked Q1 and Q2. भनी लेखी आएको हुंदा उक्त हस्तलिपीहरु र सोमा गरिएका दस्तखतहरु एक आपसमा समान रहेको देखियो । तसर्थ प्रतिवादी नेगमराज रेग्मी र प्रतिवादी रामचन्द्र चालिसे समेतले आफूले बुझी लिएको होलोग्राम तथा सवारी चालक अनुमतिपत्र कार्डको दुरुपयोग गरी प्रतिवादी बर्कबहादुर थापा तथा प्रतिवादी मनु थापा समेतसंग मिलेमतो गरी लिखित, मौखिक, स्वास्थ्य परीक्षण तथा ट्रायल समेतमा समावेश नभएका किशोरकुमार श्रेष्ठ र पदमबहादुर पौडेल क्षेत्रीलाई नक्कली सवारी चालक अनुमतिपत्र दिएको पुष्टि हुन आएको हुंदा रिसवत वापत लिएको रु.३५,०००।- लाई रिसवत वापतको कुल विगो कायम गरी आरोपित व्यक्तिहरु प्रतिवादीहरु नेगमराज रेग्मी तथा रामचन्द्र चालिसे उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को कसूरमा सोही ऐनको दफा ३ (१)(ख) बमोजिम सजाय हुन र प्रतिवादी मनु थापा तथा बर्कबहादुर थापालाई सोही ऐनको दफा ३ (२) अन्तर्गतको कसूरमा सोही ऐनको दफा ३(१) (ख) बमोजिम सजाय हुन मागदावी लिइएको ।

२३. मनाङ्ग जिल्ला मनाङ्ग गा.बि.स. स्थित अन्नपूर्ण मा.वि.को आवासिय भवन निमार्णका लागि रु. ७८,००,०००।- बजेट बिनियोजन भएकोमा अनुसन्धानको क्रममा प्राप्त फाइल कागजातहरु तथा सम्वन्धित व्यक्तिहरुको बयान समेतबाट उक्त भवन निर्माणको लागि महालक्ष्मी कन्सट्रक्सन कंपनी प्रा.लि., शर्मिला कन्सट्रक्सन प्रा.लि र शर्मिला कन्सट्रक्सन प्रा.लि/हर्क कन्सट्रक्सन प्रा.लि (जे.भि.) समेतबाट तीनवटा बोलपत्र पर्न आएका । उक्त तीन थान बोलपत्रहरु मिति २०६४/९/९ मा खोलिएकोमा शर्मिला कन्सक्ट्रक्सन प्रा.लि/हर्क कन्सट्रक्सन प्रा.लि (जे.भि.) का ठेकेदार गौरीलाल डांगीको बोलपत्र लागत अनुमानभन्दा ०.०३८७ प्रतिशत कम भएको हुँदा स्वीकृतिको लागि सिफारिस भएको । बोलपत्र स्वीकृत गर्दा एउटा कम्पनीले ज्वाईण्ट भेन्चरमा र आफ्नो बोलपत्र अलग अलग रुपमा पेश गरेको विषयमा बोलपत्र स्वीकृत गर्दा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम २८ मा

भएको व्यवस्था विपरित भएको देखिएको हुँदा सोही समयमा उक्त वोलपत्र स्थगित गर्नु पर्नेमा नगरेको । उक्त निर्माण कार्य गर्न रु.७१,७६,९०७।- मु.अ.कर सहितमा शर्मिला/हर्क कन्सट्रक्सन प्रा. लि. सँग मिति २०६५।१२।६ मा कार्य सम्पन्न गर्ने गरी मिति २०६४।१२।७ मा संझौता भएकोमा हालसम्म पनि कार्य सम्पन्न नभएको । पहिलो रनिङ्ग बिल स्वरुप माटोको जोडाईबाट डि.पि.सी. सम्म काम गरेको भनी रु. ९,५७,९११/५४ भुक्तानी भएको देखिएकोमा आयोगबाट मिति २०६७।१।९ मा स्थलगत निरीक्षण तथा नाँप जाँच मुचुल्का समेत हुंदां नापी किताबको सि.नं. (१.१) Site Clearance को रु. २४,३७५।-, सि.नं. (१.२) Earth Work in excavation को रु. ५८,९०७।१९।-, सि.नं. (१.३) Earth work filling को रु. ६,३०५।५२, सि.नं.(१.४) Stone Soiling work को रु. ८९,२०७।८०, सि.नं. (२.१) मा उल्लिखित Concrete work m20 grade को रु. १,५४,०९५।४८, सि.नं. (२.२) मा Form Work को रु. ६,११३.२५ र सि.नं. (२.३) मा Steel reinforcement को रु. ९२,९९२।- र सि.नं. ३.१ मा S/W in mud mortar upto DPC level को रु.३,८९,७९३।२० समेतको भ्याट र कन्टिन्जेन्सी समेत रु. ९,५७,९११।५४ भुक्तानी भएको देखियो । सि.नं. २ मा उल्लिखित कार्यको काम नै नगरी रु.२,५३,२००।७३ बढी भुक्तानी लिने दिने कार्य समेत भएको देखियो । पहिलो रनिङ्ग विल मिति २०६५/३/२५ मा भुक्तानी भए पश्चात् मिति २०६५/३/२६ मा उक्त भवनको निर्माणको लागि रू.६,००,०००।- पेश्की दिएको समेत देखियो । रनिङ्ग विलको भुक्तानी भए पश्चात् पेश्की दिने सम्बन्धमा सम्झौतामा कुनै उल्लेख भएको नदेखिएको र उक्त पेश्की मैले बुझेको हुँ भनी निज ठेकेदार गौरीलाल डांगीले स्वीकार गरेको तथा ज्वाईण्ट भेन्चरका हर्क कन्स्ट्रक्सनका ठे. हर्कबहादुर खत्रीको समेत सम्पूर्ण कार्य म आफैले गरेको र निजको कुनै पनि संलग्नता नभएको भनी गौरीलाल डागींले जिम्मेवारी लिएको देखिएको । आयोगको मिति २०६७/२/१७ को पत्रबाट उक्त निमार्ण कार्यका ठेकेदार गौरीलाल डाँगीले भुक्तानी पाउन बांकी रकम रू.१२,९८,९७२।४७ र जिल्ला शिक्षा कार्यालयको धरौटी खातामा रहेको रु. १,२१,५२२।४३ समेत गरी जम्मा रू.१४,२०,४९४।९० हाललाई रोक्का राखी राख्न जिल्ला शिक्षा कार्यालय मनाङ्गलाई लेखी पठाएको देखिन्छ । उल्लिखित वोलपत्र स्वीकृत गर्दा सार्वजनकि खरिद नियमावली, २०६४ को नियम २८ मा भएको व्यवस्था विपरित टेण्डर स्वीकृत गरेको, नापी किताबमा उल्लेख भए अनुसार Concrete work m20 grade को रू. १,५४,०९५।४८, सि.नं. २.२ मा Form Work को रु. ६११३।२५ र सि.नं. २.३ मा steel reinforcement को रु. ९२९९२।- समेत को जम्मा रु. २,५३,२००।७३ को काम नै नगरी भुक्तानीको सम्झौतामा उल्लेख नभएको पहिलो रनिङ्ग विल पश्चात् रु. ६,००,०००।- पेश्की दिन निर्णय गर्ने तत्कालिन जिल्ला शिक्षा अधिकारी प्रकाश सुवेदी र उक्त नापी किताव प्रमाणित गरी पेश गर्ने ओभरसियर द्वय पुरुषोत्तम मण्डल र जगतबहादुर दाहालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) अनुसार र निज ठे. गौरीलाल डागींले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) अनुसारको कसुर गरेको देखिन आएको हुंदा निजहरुलाई सोही दफाहरु बमोजिम सजायको मांगदाबी लिइएको ।

२४. जिल्ला शिक्षा कार्यालय, पर्सा अन्तरगत नेपाल राष्ट्रिय प्राथमिक विद्यालय टिहुकी पर्साका तत्कालिन प्राथमिक शिक्षक द्वारिका महतोले शुरु नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्टा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको

कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

२५. प्रहरी प्रधान कार्यालय अन्तर्गत इलाका प्रहरी कार्यालय, ठोरी, पर्साको दरबन्दीमा रहेका प्रहरी नायव निरीक्षक रामचन्द्र पोखरेलले बढुवा पाउने प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित वोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा निजले पेश गरेको शैक्षिक प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

२६. जिल्ला जनस्वास्थ्य कार्यालय, रुपन्देहीका ग्रामिण स्वास्थ्य कार्यकर्ता हरिहर अहिरले शुरु नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

२७. प्रहरी प्रधान कार्यालय अर्न्तगत काठमाडौमा कार्यरत तत्कालिन प्र.ना.नि. चन्द्रकला भण्डारीको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

२८. शिक्षक बमबहादुर शाहीले सेवा प्रवेश प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

२९. प्रहरी प्रधान कार्यालय अन्तर्गत महानगरीय प्रहरी पहरा गण गुल्म नं. २, त्रिपुरेश्वर, काठमाडौंमा तत्काल प्रहरी हवल्दार पदमा कार्यरत पुष्पा गुरुङले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित बोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा निजले पेश गरेको शैक्षिक प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएको र निजको सो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

३०. नेपाल संस्कृत विश्वविद्यालय अन्तर्गत रुरु संस्कृत विद्यापीठ, रुरु, गुल्मीको हेड असिस्टेन्ट पदमा कार्यरत मानबहादुर सूर्यवंशीले सेवा प्रवेशको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

३१. जिल्ला शिक्षा कार्यालय दैलेख अन्तर्गत मालिका मा.वि. मुकुटक लालिडाँडाका माध्यमिक शिक्षक पदमा कार्यरत विनोदकुमार यादवले सेवा प्रवेशको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित विश्वविद्यालयबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

३२. प्रहरी हवल्दार उजुरबहादुर बुढाथोकीले बढुवाको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परीक्षा नियन्त्रण कार्यालयबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएको र निजको त्यस्तो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

३३. स.प्र.ना.उ. कान्छु भण्डारीले शुरु नियुक्तिको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन

आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

३४. नेपाल वायु सेवा निगमको संचालक समितिले मिति २०६६।७।९ (अक्टोवर २६,२००९) मा RFP अनुसार Airbus company ले प्रस्ताव गरेको Narrow Body जहाजको A320-200 With V2527-E AS ईञ्जिन जडित विमान अमेरिकी डलर ४१.२८९ मिलियनमा र Wide Body जहाजको A330-200 With trend-772 इन्जिन जडित विमान अमेरिकी डलर ९२.८४५ मिलियनमा खरिद गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतिका लागि छनौट गर्ने र छनौट भएको वोलपत्र दाताको वोलपत्र स्वीकृत गर्ने आशयको सूचना व्यवस्थापनले दिने" गरी निर्णय गरेको देखियो । निगम व्यवस्थापनको तर्फवाट कार्यकारी अध्यक्ष सुगतरत्न कंसाकार, का.मु. नायव महाप्रवन्धकहरु राजुवहादुर के.सी. र गणेश ठाकुर तथा संस्थागत विभागका का.मु. निर्देशक ज्ञानेन्द्रपुरुष ढकालले हस्ताक्षर गरी मिति २०६६।७।१५ (1 Nov. 2009) मा संचालक समितिमा Narrow Body जहाजको हकमा अमेरिकी डलर ४१.२८९ मिलियनमा नवढाई र Wide Body को हकमा अमेरिकी डलर ९२.८४५ मिलियनमा नवढाई एयरवस कम्पनीसंग वार्ता गरी वार्ताको निचोडकासाथ खरिद सम्झौता गर्न तथा एयरवस कम्पनी र निगम वीच हुने MOU बमोजिम निगमको आर्थिक विनियमावलीको विनियम २३६ (१) (घ) बमोजिम Commitment Fee (Lock Up money) बापत दुवै जहाजका लागि अमेरिकी डलर ७,५०,०००।- भुक्तानी गर्न र Pre-delivery Schedule अनुसार अमेरिकी डलर १५,५०,७२९।२२ भुक्तानी गर्न समेत व्यवस्थापनलाई अधिकार प्रत्यायोजन गरी पाउन प्रस्ताव पेश गरेको पाइयो । व्यवस्थापनले पेश गरेको उपरोक्त प्रस्तावहरु उपर संचालक समितिवाट मिति २०६६।७।१७ (3 Nov. 2009) मा निर्णय हुंदा जहाज खरिद सम्वन्धी सैद्धान्तिक स्वीकृती गरी Narrow Body जहाजका लागि अमेरिक डलर ४१.२८९ मिलियन र Wide Body जहाजका लागि अमेरिकी डलर ९२.८४५ मिलियनमा नवढाई व्यवस्थापनले एयरवस कम्पनीसंग वार्तालाप गर्ने र कर्मचारी संचयकोषसंग लिने ऋणका लागि जमानत वस्न सरकारसंग ताकेता र पहल समेत गर्ने भन्ने तथ्य उल्लेख भएको देखियो । संचालक समितिमा प्राप्त प्रस्ताव वमोजिम निर्णय नभई व्यवस्थापनलाई एयरवस कम्पनीसंग वार्तालाप गर्न मात्र अधिकार प्रत्यायोजन गरेको अवस्था संकलित कागजातहरुबाट देखियो । व्यवस्थापनका तर्फवाट कार्यकारी अध्यक्ष सुगतरत्न कंसाकारले मिति २०६६।७।१८ (4 Nov. 2009) मा नायव महाप्रवन्धक गणेश ठाकुरको संयोजकत्वमा वार्ता टोली गठन गरेको, मिति २०६६।७।१९ (5 Nov. 2009) मा निगम र एयरवस कम्पनी बीच MOU गरी निगमको तर्फवाट कार्यकारी अध्यक्षले हस्ताक्षर गरी निगमकै संस्थागत विभागका का.मु. निर्देशक ज्ञानेन्द्रपुरुष ढकाललाई साक्षीको रुपमा राखिएको अवस्था समेत संकलित कागजातवाट देखिन आयो । मिति २०६६।७।२० (6 Nov. 2009) मा एयरवस कम्पनी र निगम बिच भएको अनधिकृत MOU अनुसार Commitment Fee (Lock Up money) बापत अमेरिकी डलर ७,५०,००० कार्यकारी अध्यक्ष सुगतरत्न कंसाकारको आदेशमा एयरवस कम्पनीलाई नेपाल वायु सेवा निगमको कोषवाट भुक्तानी भएको देखियो र Commitment Fee एयरवस कम्पनीसँग जहाज खरीद नभएमा Lock Up money फिर्ता नहुने शर्तमा पठाइएको समेत खुल्न आयो । व्यवस्थापिका संसदको सार्वजनिक लेखा समितिले मिति २०६६।६।२ मा नेपाल वायु सेवा निगमको जहाज खरीद प्रक्रिया, अनुमानित लागत तथा श्रोत व्यवस्थापन सम्वन्धमा सरोकारवाला मन्त्री, सचिव, निगमका कार्यकारी अध्यक्ष र महाप्रवन्धक समेतसंग छलफल गरी महत्वपूर्ण निर्णय गरेको

देखिन्छ । उक्त निर्णयको वुंदा नं.(क) मा "हवाई जहाज किन्ने नेपाल वायु सेवा निगम आफैंले नियुक्त गरेको परामर्शदाता (Center for Asia Pasific Aviation) ले Wide Body जहाज खरीद प्रक्रियाका सम्वन्धमा उठाइएका प्रश्नहरु जटिल र गम्भीर छन् । यस परिवेशमा क्षेत्रीय सेवा विस्तार गर्ने क्रममा Narrow Body Aircraft को औचित्यता देखिए तापनि Wide Body को आर्थिक औचित्य पुष्टी भएको देखिदैन । यस्ता थुप्रै प्रश्नहरु CAPA को प्रतिवेदनमा उठाइएको छ । यसवारे पर्यटन मन्त्रालय र व्यवस्थापनवाट उचित प्रतिक्रिया आउन जरुरी छ । अनिमात्र Wide Body Aircraft को वारेमा निर्णय प्रक्रियालाई अघि वढाउन उपयुक्त देखिन्छ भन्ने व्यहोरा प्रष्टसाथ खुलेको, त्यस्तै बुंदा नं. (ख) मा नेपाल वायुसेवा निगम जस्तो सानो कम्पनीको लागि दुई कम्पनीको फरक फरक हवाइजहाज खरिद गर्नु उपयुक्त देखिदैन । नयाँ हवाई जहाज किन्दा यी समस्याहरुलाई कसरी समाधान गर्ने भन्ने विषयमा मन्त्रालय र व्यवस्थापनले स्पष्ट गर्न आवश्यक छ" भन्ने व्यहोरा समेत उल्लेख हुनका साथै बुंदा नं. (ग) मा दुई कम्पनीको जहाज खरिद गर्दा निगमलाई पर्न जाने असरका वारेमा निगम व्यवस्थापनले विचार र मूल्यांकन गरेको छ, छैन हाल निगमसंग रहेको रु.१ अर्वको स्पेयर पार्टसको वारेमा निगमको सोचाई के रहेको छ । सो को जानकारी समितिलाई दिने" भन्ने प्रष्ट अहंम एवं महत्वपूर्ण आदेश गरेको देखिन आयो । सार्वजनिक लेखा समितिको मिति २०६६।६।२ को निर्णयको मर्म र भावना विपरित नेपाल वायु सेवा निगमको संचालक समितिवाट ०६६।७।१७ (3 Nov. 2009) मा एउटा Narrow Body र Wide Body को एयर वस कम्पनीको जहाज खरीद गर्ने सैद्धान्तिक स्वीकृती दिइएको देखिन आयो । व्यवस्थापिका संसदको सार्वजनिक लेखा समितिले छानबीन गरी मिति २०६६।९।१३ मा नेपाल वायु सेवा निगमले गरेको निर्णय सार्वजनिक खरिद ऐनको खिलाप देखिएकोले यस्तो निर्णय सार्वजनिक खरिद ऐनको दफा ३ बमोजिम अमान्य हुने । साथै बोर्डको निर्णय विना लक अप मनि (Lock up money) पठाउनुवाट अख्तियारको दुरुपयोग समेत भएको हुँदा कानून बमोजिम कारवाही गर्ने र समितिलाई जानकारी दिने" भन्ने समेत निर्णय गरेको । साथै अर्थ मन्त्रालयको मिति २०६७।२।१० को निर्णयमा प्रस्तुत जहाज खरिद प्रकृयामा सरकार जमानत नवस्ने टुंगोमा पुगी जहाज खरिद प्रकृया रद्द गर्ने Financial Closer नै नगरी Lock up money पठाएकोले सो फिर्ता लिने र त्यसरी Lock up money फिर्ता प्राप्त हुन नसकेमा सम्वन्धित अधिकारीलाई कारवाही गरी प्रचलित कानून बमोजिम व्याज सहित असूल गर्ने एवम् जहाज छनौटको लागि वोलपत्र स्वीकृत गर्नु अघि वित्तिय प्रवन्ध (Financial Closer) र नेपाल सरकारको जमानतको निर्णय गराई सक्नुपर्ने समेतका विषयहरु समेटिएको समेत पाइयो । सार्वजनिक खरिद अनुगमन कार्यालयले मिति ०६६।८।११ मा नेपाल वायु सेवा निगमका कार्यकारी अध्यक्षलाई "निगमको आर्थिक विनियमावली, २०६५ को परिच्छेद २६ को विनियम २३६ को खण्ड 'ख' र 'ग' को प्रावधान सार्वजनिक खरिद ऐन, २०६३ अनुकूल नदेखिएको र त्यस्तो अवस्थामा सार्वजनिक खरिद ऐनको दफा ७५(२) अनुसार वाँझिएको हदसम्म यस ऐन अनुकूल हुने गरी स्वत संशोधन हुने व्यवस्था रहेको अवगत हुन भनी पत्राचार गरेको समेत देखिन आयो । नेपाल वायु सेवा निगमको आर्थिक विनियमावली, २०६५ को अनुसूचि ५ को अधिकार प्राप्त अधिकारीको रकम खर्च गर्ने हद हेर्दा 'कार्यकारी प्रमुखलाई रु.२०,००,००,०००।- (विस करोड)" सम्म मात्र रहेको तथ्य समेत पाइयो । यस परिप्रेक्ष्यमा हेर्दा नेपाल वायु सेवा निगमका कार्यकारी अध्यक्ष सुगतरत्न कंसाकारले जहाज खरिद गर्ने वित्तिय प्रवन्ध नभै संचालक समितिको निर्णय विना नै आफूलाई प्राप्त अधिकार र पदको दुरुपयोग गरी बदनियतकासाथ नेपाल वायु सेवा निगमको कोषवाट एयरवस कम्पनीको Request Letter मा ठाडो तोक आदेश गरी जहाज खरिद नगरेमा फिर्ता नहुने शर्तमा उक्त कम्पनीलाई यु.एस. डलर ७,५०,०००।-

(सो दिनको परिर्वत्य विनिमय दर रु. ७६।५० अनुसार) हुने रु. ५,७३,७५,०००।- (पाँच करोड त्रिहत्तर लाख पचहत्तर हजार) भुक्तानी पठाई निगमलाई प्रत्यक्ष रुपमा हानि नोक्सानी पुऱ्याएको तथ्य स्थापित हुन आयो । यसरी निगमलाइ जानी जानी तथा लापरवाहीकासाथ हानी नोक्सानी पुऱ्याउने कार्यमा कार्यकारी अध्यक्ष निज सुगतरत्न कंसाकार मुख्य जिम्मेवार र उत्तरदायी रहेको देखियो । अनुसन्धानको क्रममा आयोग समक्ष निजले गरेको वयानमा सो तथ्यलाई पनि स्वीकार गरेको अवस्था देखिन्छ । अतएवः कार्यकारी अध्यक्ष सुगतरत्न कंसाकारले संचालक समितिको अनुमोदन र स्वीकृती वेगर Commitment Fee (Lock Up money) बापतको रकम भुक्तानी गर्ने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र दफा ३(१) को खण्ड (झ) अन्तरगतको कसुर गरेको पुष्टी भएकाले निजलाई सोही ऐनको दफा ३(१) को खण्ड (झ) बमोजिम सजाय हुन तथा विगो रु. ५,७३,७५,०००।-(पाँच करोड त्रिहत्तर लाख पचहत्तर हजार) र सोमा फैसला हुंदाको मितिसम्म लाग्ने व्याज समेत प्रचलित कानून बमोजिम निजवाट नेपाल वायु सेवा निगमलाई भ्र.नि. ऐन, २०५९ को दफा १७ बमोजिम दिलाई भराई पाउन एवम् विगो वमोजिम जरिवाना समेत हुन र निज कंसाकार नेपाल सरकारको पूर्ण स्वामित्व भएको सरकारी संस्थाको कार्यकारी प्रमुख रहेकाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय समेत हुन तथा नेपाल वायु सेवा निगमको कोषवाट एयरवस कम्पनीलाई भुक्तानी गरिएको Commitment Fee (Lock Up money) को भुक्तानी प्रकृयामा प्रत्यक्ष संलग्न रहेका निगमका का.मु. नायव महाप्रवन्धक राजुवहादुर के.सी., तत्काल अर्थ विभागमा काम गर्ने निर्देशक मयूरशमसेर राणा र खर्च महाशाखाका "का.मु. उप निर्देशक केशवराज शर्मा, जहाज खरीद गर्ने निर्णयको लागि Commitment Fee भुक्तानी गर्ने संचालक समितिसंग अधिकार माग गर्ने प्रस्तावमा हस्ताक्षर गर्ने र जहाज खरीदको लागि वार्ता टोलीका संयोजक रहेका निगमका का.मु.नायव महाप्रवन्धक गणेश ठाकुर र जहाज खरीद गर्ने निर्णयका लागि Commitment Fee भुक्तानी गर्न संचालक समितिसंग अधिकार माग गर्ने प्रस्तावमा हस्ताक्षर गर्ने र संचालक समितिले अधिकार नै प्रदान नगरेको एयरवस कम्पनी र निगम विच भएको अवैध MOU मा साक्षीको रुपमा हस्ताक्षर गर्ने निगमका संस्थागत विभागका का.मु. निर्देशक ज्ञानेन्द्रपुरुष ढकाल समेतको संलग्नतावाट कार्यकारी अध्यक्ष सुगतरत्न कंसाकारको बदनियतपूर्ण आदेश कार्यान्वयन भई निगमलाई प्रत्यक्ष रुपमा रु. ५,७३,७५,०००।- (पाँच करोड त्रियहत्तर लाख पचहत्तर हजार) अर्थात अमेरिकी डलर ७,५०,००० हानि नोक्सानी हुन गएकोले निजहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ अनुसारको कसूर भएकोले निगमका कर्मचारीहरु राजुवहादुर के.सी., गणेश ठाकुर, मयुरशमसेर राणा, ज्ञानेन्द्रपुरुष ढकाल र केशवराज शर्मालाई सोही दफा बमोजिम सजाय हुन मागदाबी लिइएको ।

३५. घोराही नगरपालिका कार्यालय, दाङमा ना.सु. पदमा कार्यरत माधवा पाण्डेय खनालले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित वोर्डको पत्र एवं प्रमाणिकरण विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूठ्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

३६. नेपाल प्रहरीको अञ्चल सशस्त्र प्रहरी गुल्म, नारायणीमा प्रहरी जवानमा कार्यरत रही नोकरीवाट हटाईएका शिव गिरीले नुवाकोट जिल्ला, गणेशस्थान गा.वि.स. वडा नं. १ कालिमाटी वस्ने राजन कुंवर, मंगल तामाङ्ग र तिर्थमान तामाङ्गलाई प्रहरी जवान पदमा भर्ना गराई दिन्छु भनी प्रलोभन देखाई मिति २०६७।५।२९ गते राती भरतपुर न.पा. को नारायणगढ पुल्चोकस्थित रोयल गेष्ट हाउसको कोठा नं. १०६ मा राजन कुंवरसंग रु. १,००,०००।- (एक लाख) लिई निजहरु ३ जनाकै रोहवरमा सो रकम काभ्रेपलाञ्चोक वस्ने (स्पष्ट ठेगाना खुल्न नआएको) अमर के.सी. भन्ने व्यक्तिलाई दिएको हो भनी निज शिव गिरीले मध्यक्षेत्र प्रहरी तालीम केन्द्र, भरतपुरका अनुसन्धान अधिकृत समक्ष मिति २०६७।६।६ मा वयान दिएको । आयोग समक्ष निज शिव गिरीले दिएको वयानमा मैले रु. १ लाख लिएको पनि होईन अमर के.सी. ले लिएको हो उसले फिर्ता दिएको छ, छैन मलाई थाहा छैन निज अमर के.सी. को घर काभ्रे वताउथे मलाई अरु थाहा भएन भनी निज स्वयम्ले लेखी दिएकोले निज शिव गिरीले प्रहरी जवानमा भर्ना गराइदिने प्रयोजनका लागि घुस (रिसवत) लिएको भन्ने र घुस दिने भनिएका राजन कुँवरले पनि प्रहरी जवान पदमा भर्ना गराइदिनु पर्‍यो भनी निज शिव गिरीलाई नारायणगढ स्थित रोयल गेष्ट हाउसमा रु.१,००,०००।- (एक लाख) मिति २०६७।५।२९ मा दिएको हुँ भनी बयानमा लेखी दिएको हुँदा घुस रिसवत लिनेदिनेको मुख मिलेको देखिंदा घुस लिई भ्रष्टाचारजन्य कार्य गरेको भन्ने पुष्टी हुन आयो । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ बमोजिम अरु कसैको निमित्त रिसवत लिएमा पनि भ्रष्टाचारजन्य कसूर हुने हुंदा निज सिन्धुपाल्चोक कुन्चोक वडा नं. १ घर भै प्रहरी जवानमा कार्यरत शिव गिरीले दिएको वयानमा अमर के.सी. भन्ने व्यक्तिले आफ्नो रोहवरमा रकम लिएको भन्ने र प्रहरी जवान पदमा भर्ना हुन नुवाकोट, गणेशस्थान वडा नं. १ वस्ने राजन कुंवरले सो रु. १ लाख घुस रिसवत दिएको भन्ने पुष्टी हुन आएकाले यस्तो कार्य प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र (३) अनुसारको कसूर देखिएकोले निज शिव गिरी र राजन कुंवरलाई सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय गरी पाउन मागदावी लिइएको ।

३७. श्री जनता प्रा.वि. दैलेखका शिक्षक अकलबहादुर शाहीले शुरु नियुक्ति लिने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारवाही हुन भनी जिल्ला शिक्षा कार्यालयको पत्रबाट यस आयोगमा पठाएको प्रतिवेदन उपर अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसी भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्रहरु नक्कली एवं झूट्टा देखिई निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर भएकोले निजलाई सोही ऐनको सोही दफा बमोजिम सजाय हुन मागदावी लिइएको ।

३८. राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्रमा तह ४ मा कार्यरत केशवराज दवाडीले शुरु नियुक्तिको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाण पत्र उपर आयोगबाट अनुसन्धान भै अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषदबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाण पत्र नक्कली एवं झूट्टा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको कसूर भएकोले निजलाई सोही ऐनको सोही दफा बमोजिम सजाय हुन मागदाबी लिइएको ।

३९. नेपालगञ्ज नगरपालिका वडा नं.७ क कि.नं. २२८, २३० र २३२ को घर टहराको वहाल दिलाई पाउँ भन्ने मुद्दाको सिलसिलामा नापनक्सा गर्दा अमिन मो.सलिम राईनले अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान अधिकृतले पेश गरेको प्रतिवेदन उपर छलफल हुँदा अमिन मो. सलिम राईनबाट अदालतको आदेशानुसार स्थलगत नक्सा नापजाँच गर्ने क्रममा उजूरीकर्ता वादी/पुनरावेदक अभिजितकुमार वर्णवाललाई हानी नोक्सानी र प्रतिवादीहरु कृष्णप्रसाद भट्टराई समेतलाई फाईदा पुग्ने गरी जग्गाको वास्तविक स्थिति र स्वरुपभन्दा भिन्न स्थिति र क्षेत्रफल फरक पारी सोही व्यहोरा नाप नक्सामा देखाई अदालतमा प्रतिवेदन दिएको प्रमाणित भएको । मिति २०६२।३।१३ मा तयार गरी मिति २०६२।३।१४ मा पुनरावेदन अदालत, नेपालगंजमा पेस भएको नक्सा नापजाँच प्रतिवेदनको नक्सा नं.४४ मा एउटा बाटो र यी उजुरीवाला अभिजितकुमार वर्णवाल समेतका जग्गा कि.नं. २९,५१,५२ र ५३ मा अर्को बाटो गरी बाँके वगिया जाने २ वटा बाटाहरु देखाईएकोमा बाँके जिल्ला प्रशासनबाट खटिएको जिल्ला प्रशासन कार्यालयका शाखा अधिकृत राजेन्द्रराज अधिकारीको प्रतिवेदन र प्रमुख नापी अधिकृत विष्णुकुमार न्यौपाने समेत ३ जनाको संयुक्त टोलीले गरेको नापनक्सा प्रतिवेदनमा "नेपालगंज -७ क स्थित मालपोत कार्यालयका नाममा रहेको कि.नं.३३९ र १९३ को कम्पाउण्डवाल सहितको जग्गाभन्दा उत्तर र अभिजितकुमार बर्नवालको कि.नं. २२८ को जग्गाभन्दा दक्षिणको वीचमा सर्भे नापी भएको वर्ष २०२४ सालभन्दा पहिलेदेखि बाँके बगिया जाने एक मात्र बाटो रहेको । २०२४ साल र त्यसभन्दा पछि सो स्थानमा बाँके वगिया जाने सो वाहेक अर्को कुनै बाटो नरहेको र साविकदेखि कायम रहेको सो बाटो केही फराकिलो बनाउने बाहेक नयाँ बाटो बनाउने वा बाटोको स्वरुपमा परिवर्तन गर्ने जस्ता कुनै कार्य नभएको बुझिएको" भन्ने उल्लेख भएको देखिंदा उक्त प्रतिवेदन समेतको आधारमा यी अमिनले अभिजितकुमार वर्णवाललाई हानी नोक्सानी पारी कृष्णप्रसाद भट्टराई समेतलाई फाईदा पुऱ्याउने नियतले जानी जानी हुँदै नभएको ठाउँमा बाटो छ भनी एउटै बाटो भएको ठाउँमा दुईवटा बाटो देखाई गलत नक्शा बनाई पेश गर्ने कार्य गरेको प्रमाणित भएकोले अमिन मोहम्मद सलिम राईनबाट भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ९ बमोजिमको कसूर भएको देखिएकोले निजलाई सोही ऐनको सोही दफा अनुसार सजाय हुन मागदावी लिइएको ।

४०. जिल्ला प्रशासन कार्यालय मन्थली, रामेछापको पत्रवाट जिल्ला शिक्षा कार्यालय, रामेछापको भौतिक फाँटमा रिसवत लिए दिएको भन्ने सम्वन्धमा सो कार्यमा संलग्न ओ.सि. मकेश्वर साह, प्र.अ. गणेशविक्रम थापा र स.शि. विष्णुवहादुर थापाबाट बरामद भएको रु. ५०० दरका नोट थान २२ समेत मिति २०६७।१०।९ मा आयोगमा प्राप्त भएको । सो रिसवत लिए दिए उपर भएको अनुसन्धानबाट जिल्ला शिक्षा कार्यालय, रामेछापमा कार्यरत ओभरसियर मकेश्वर साहको कार्यकक्ष भौतिक फाँटमा मिति २०६७।१०।७ का दिन अन्दाजी १२:३० वजे घुस लेनदेनको वारेमा छलफल हुंदैछ भन्ने खवर प्राप्त भएपछि प्र.ना.नि. दुर्गा गिरीको कमाण्डमा गएको टोलीले निज मकेश्वर साहको टेवुलमाथि ५०० दरका २२ वटा नोट जम्मा रु. ११,०००।- (एघार हजार) वरामद गरेको र सो रकम कालिका मा.वि. भलुवाजोर, रामेछापका प्रधानाध्यापक गणेशविक्रम थापाले मकेश्वरलाई दिएको भनी अमरदिप लामाले भनेको हो, गणेशविक्रम थापाले मेरै विद्यालयका सहायक शिक्षक विष्णुवहादुर थापा मार्फत सो नगद दिएको हुं भनी भनेको हुंदा सो रु. ११,०००।- वरामद गरिएको भनी प्र.ना.नि. दुर्गा गिरीले जिल्ला प्रहरी कार्यालय रामेछापमा मिति २०६७।१०।७ मा जाहेरी गरेको र निजैले गरेको घट्नास्थल वरामदी मुचुल्कामा पनि मकेश्वर साहको टेवुल माथि वरामद

भएका ५०० दरका नं ५९४९९७, ६६६६७४, ०४५९९२, ४२५८३५, ४३७३९५, ६२७८७५, ०७७८६६, ३९०८३१, २७४७९७, ३१८५७१, ७५२०७७, ६७१०१२, ०८६५७२, ५३५५७८, ३३५७५३, ४८८९८६, ८०९३९६, ८२११८०, ७५०५४५, ३५९५५६, ७७८९१४ र ७९९८५० का नोटहरु वरामद भएको भनी चस्मदिदमा अमरदिप लामा समेत, रोहवरमा अभियुक्तहरु तीनै जना र जि.शि.का. का अधिकृत हेमन्तकुमार बुढाथोकी समेतले सही गरी दिएको देखिदा मिति २०६७।१०।७ को वरामदी मुचुल्कावाट उल्लिखित नोटहरु ओभरसियर मकेश्वर साहको कार्यकक्षको टेवुल माथि वरामद भएको भन्ने कुरा प्रमाणित भएको छ। चस्मदिद अमरदिप लामा, कविराज श्रेष्ठ, ठाकुरदास श्रेष्ठ र हेमन्त कुमार बुढाथोकीले आयोगमा दिएको वयानमा पनि भौतिक फाँटमा हो हल्ला भएको सुनी जाँदा गणेश विक्रम थापाले झोलाको चेन लगाई रहेको र ५०० दरका नोट टेबुलमा छरपट्ट देखियो। यो पैसा लेनदेन गर्ने ठाउँ होईन भन्दै घुस लेनदेन भएको आशंका गरी प्रहरीलाई खवर गरेपछि प्रहरी आई सो नोट वरामद गरेको हो भनी वयान दिएको। जिल्ला शिक्षा कार्यालयको प्राविधिक कर्मचारीको कार्यकक्षमा अन्य लेखा फाँट जस्तो राजस्व तिर्ने बुझाउने कार्य नहुने र नगद नोट ओभर सियर मकेश्वर साहको टेवुल माथि बरामद गरेको हो भनी जाहेरवाला एवं बरामद गर्ने प्र.ना.नि. दुर्गा गिरीले आयोगमा दिएको वयान वमोजिम गणेश विक्रम थापाले विष्णु वहादुर थापालाई सापटी दिनका लागि राखिएको रकम हो भन्न सकिने अवस्था देखिएन। यदी सापटी लिनु दिनु पर्ने थियो भने विष्णु वहादुरको घर मन्थली सदरमुकाम मानै रहेको देखिदा निजको घरमा वा कार्यालय वाहिर नै लेनदेन गर्नुपर्ने हो। तसर्थ निज अभियुक्तहरुको भनाई अन्य परिस्थितिजन्य प्रंमाणवाट पुष्टि हुन सकेन। जाहेरी दरखास्तमा उल्लेख गरे बमोजिम गणेश विक्रम थापाले विष्णु वहादुर थापा मार्फत मकेश्वर साहलाई घुस दिएको भन्ने तर्फ हेर्दा निजहरु तिन जना एक अर्कामा परिचित र चिनजान रहेको देखिन्छ भने सो अवस्थामा तिनै जना एउटै कोठामा रहेको अवस्थामा विष्णु वहादुर मार्फत रिसवत दिईरहनु पर्ने कारण देखिदैन। गणेश विक्रम थापाले दिएको वयानको जवाफ ७ मा कालिका मा.वि. मा रु. ५,५०,०००।- को लागतमा २०६७ पौषमा २ कोठे व्लक निर्माण सम्पन्न भएको भनेको र मकेश्वर साहले पनि आफ्नो वयानमा व्लक निर्माण सम्पन्न भएको कुरा माघ ७ गते थाहा पाएं भनेकोले विद्यालयमा व्लक निर्माण भएको रहेछ भन्ने देखिन आएको छ। तसर्थ सोही प्रयोजनका लागि ओ.सि. मकेश्वर साह रिसवत लिने र गणेश विक्रम थापाले रिसवत दिने कार्य गरेका रहेछन् भन्ने देखिन आयो। यसरी घटनास्थलमा मकेश्वर साह र गणेश विक्रम थापा स्वयम् उपस्थित रहेकोले निजहरु आफैले रिसवत लिने दिने कार्य गरेको देखिंदा निजहरु मुख्य अभियुक्त र सो कसूर गर्न विष्णुवहादुर थापाले सहयोगसम्म गरेको देखिदा निज मतियारको रुपमा रहेको देखिन्छ। अतः ओभरसियर मकेश्वर साह र कालिका मा.वि. रामेछापका प्रधानाध्यापक गणेश विक्रम थापाले रु. ११,०००।- (एघार हजार) रिसवत लिए दिएको भन्ने कुरा प्रमाणित हुन आएकोले यस्तो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा १ र ३ अनुसारको कसूर भएको र मतियार विष्णुवहादुर थापाको कार्य सोही ऐनको दफा ३ को उपदफा (४) बमोजिमको कसूर देखिएकोले प्रतिबादीहरु मकेश्वर साह र गणेशविक्रम थापालाई ऐ ऐनको दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम र प्रतिबादी विष्णुवहादुर थापालाई सोही ऐनको दफा ३(४) बमोजिम सजाय र विगो बमोजिम जरिवाना गरी पाउन मागदावी लिइएको।

४१. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीद्वारा पक्राउ गरी सप्रमाण यस आयोगमा उपस्थित गराइएका जिल्ला भोजपुर, गोगने गा.वि.स. वडा नं. ५ स्थायी घर भै हाल

वैदेशिक रोजगार विभागमा कानून अधिकृत पदमा कार्यरत पुष्कर्राज नेपाल उपर अनुसन्धान हुंदा निवेदक सन्तोष श्याङ्गतानबाट निजले रकम लिएको खुल्न आएको, वयान कार्य सम्पन्न नहुंदै निर्णय पर्चा तयार गरिएको, बैदेशिक रोजगार विभागबाट महानगरीय प्रहरी परिसर हनुमानढोकालाई पत्राचार गरिएका कागजातबाट वयान समेतका कार्यहरु सम्पन्न नभई हिरासत मुक्तको लागि बदनियतपूर्वक पत्राचार गरेको, शुक्रबार कार्यालय समयपछि करिव ३:३० वजेको समयमा महानगरीय प्रहरी परिसर हनुमानढोकाबाट पुनः बैदेशिक रोजगार विभागमा ल्याईएका निज सुर्यमान श्रेष्ठको धरौटी माग्ने कुरा करीव १ देखि २ वजेको वीचमा भएको थियो भनी प्रतिबादीले भ्रमपूर्ण वयान दिएको, निज पुष्कर्राज नेपालले तयार पारेको भनिएको शंकास्पद निर्णय पर्चा अध्ययन गर्दा निर्णय पर्चा तयार गर्न प्रयोग गरिएको कागज, त्यसको आकार, त्यसमा प्रयोग गरिएको छाप तथा त्यसमा उद्धृत भनाई "अर्का प्रतिबादीले यसमा आफ्नो खास संलग्नता नरहेको" व्यहोरा निज सुर्यमान श्रेष्ठले कहीं कतै उल्लेख गरेको नपाईएको, निज पुष्कर्राज नेपालले धरौटी नै माग गर्नुपर्ने भए आवश्यक प्रकृया पूरा गरी प्रतिबादीसँग धरौटी माग गर्नु पर्नेमा त्यसो नगरी प्रतिबादीका साझेदारलाई अर्को कोठामा लगी मोलमोलाई गरी रकम मागेको, प्रतिवादीका साझेदार उक्त रकम दिन जाँदा कोठाका अन्य व्यक्तिलाई बाहिर निकाली रकम प्रतिवादीका साझेदारसँग मोलमोलाई गरी लिएको, धरौटी बापतको रकम बैंक वा लेखा प्रशासन मार्फत लिई भरपाई दिई प्रकृया पूरा गर्नु पर्नेमा सो नगरी सोझै आफुले लिई भरपाई नगरी रकम आफूले लगाई राखेको पाईन्टको बाँया खल्तीमा रकम राखेको, निज प्रतिबादीले वयानमा उल्लेख गरेझैं कोही व्यक्तिले जबरजस्ती रकम खल्तीमा राखेको भए निजले प्रतिबाद गरी सो रकम खल्तीबाट निकाली कार्यालय प्रमुखलाई खवर गरी आवश्यक प्रकृया पूरा गर्नुपर्नेमा सो नगरी अभियुक्तको वयान लिन लागेको, निज प्रतिबादीले बयानमा सन्तोष श्याङ्गतानले भनी र ततिम्बा बयानमा सुर्यमान श्रेष्ठले खल्तीमा हात हाल्यो भनी अलग अलग र भ्रमपूर्ण वयान दिएको । निज पुष्कर्राज नेपालले कोठामा रहेका अन्य व्यक्तिलाई बाहिर निकाली सन्तोष श्याङ्गतानबाट घुस रिसवत बापतको रकम लिएपछि अन्य व्यक्तिहरुलाई भित्र बोलाएको र अन्य व्यक्तिहरु भित्र बसिसकेपछि मात्र आयोगको टोली कोठामा प्रवेश गरेको देखिंदा निजले जवाफ नं १० मा १ मिनेटभित्रै सबै कुरा भएको भनी दिएको वयान आफैंमा गलत रहेको देखिंदा उक्त वरामद भई आएको रकम निज पुष्कर राज नेपालले घुस रिसवत बापत नै लिएको पुष्टि हुन आयो ।

त्यसैगरी निवेदक सन्तोष श्याङ्गतान र सुर्यमान श्रेष्ठबाट रकम दिएको व्यक्तिलाई सनाखत गराउदा कानून अधिकृत पुष्कर राज नेपाललाई पहिचान गरी सनाखत समेत गरिदिएको देखियो भने निज प्रतिबादीले अनुसन्धान अधिकृत हुँदा अनुसन्धान गरेको उजूरीमा कूल विगो बापतको रकम १५ देखी २० लाख रुपैयाँ हुन आउँछ, त्यति विगो भएको उजूरीमा ५० हजार धरौटी आफैंमा अपूर्ण देखियो । मुलुकी ऐन अदालती बन्दोबस्तको ११८ नं. बमोजिम धरौटी रकम माग गर्दा अपराधको प्रकृति र व्यहोर्नु पर्ने क्षतिपूर्तीलाई विचार गरी तोक्नु पर्ने कुरा स्पष्ट निर्देश गरी धरौटी माग गर्नु पर्ने व्यवस्था गरेकोमा सो नगरी घुस रिसवत नै लिएको देखिन आएको । साथै पुष्कर राज नेपालले तयार पारेको भनिएको निर्णय पर्चा विवादास्पद प्रलेख परीक्षणको लागि पठाँउदा राष्ट्रिय विधी विज्ञान प्रयोगशालाबाट "वि ३ को स्टाम्प छापको वनावटलाई नं ३ र नं ४ को स्टाम्प छापसँग तुलना गर्दा केही भिन्नताको अवस्था पाईन्छ" भनी लेखी आएको हुंदा उक्त छाप नै कार्यालयको हो होईन भन्ने यकिन गर्न सकिने अवस्था देखिएन । तसर्थ प्रतिवादी पुष्कर राज नेपालले आफूले पदको दुरुपयोग गरी हिरासतमा रहेको व्यक्तिलाई थुना मुक्त गरीदिने प्रलोभन देखाई घुस

रिसवत लिई खाई गरेको पुष्टि हुन आएको हुंदा रिसवत वापत लिएको रकमलाई कूल विगो कायम गरी आरोपित व्यक्ति प्रतिवादी पुष्कर राज नेपाल उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) अन्तर्गतको कसूरजन्य अपराधमा सोही ऐनको दफा ३ (१) (ख) बमोजिम सजया हुन माग दावी लिइएको ।

४२. नेपाल संस्कृत विश्वविद्यालय बेलझुण्डी दाङमा आसिस्टेण्ट पदमा कार्यरत माणिकलाल वस्नेतले माध्यमिक शिक्षा परिषद् उत्तर प्रदेश, के.बि. इन्टर कलेज इलाहावाद, भारतबाट इन्टरमिडियट तह उतिर्ण गरेको शैक्षिक प्रमाणपत्र पेश गरी स्थायी सेवा गर्दै आएकोमा निजको उक्त शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित समितिबाट प्राप्त पत्र एवं बिबरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएको हुंदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

४३. श्री जाल्पादेवी मा.वि. जुगाडाका शिक्षक धनराज जोशीले बढुवा लिने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारवाही हुन भनी जिल्ला शिक्षा कार्यालय, बाजुराको च.नं. ४१४ मिति २०६६।४।१४ को पत्रबाट यस आयोगमा पठाएको प्रतिवेदन उपर अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा माध्यमिक शिक्षा परिषद् उत्तर प्रदेश इलाहावादबाट प्राप्त पत्र एवं निम्न विवरण समेतका आधारमा ती प्रमाणपत्रहरु नक्कली एवं झूट्ठा देखिई निजले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको कसूर अपराध गरेको देखिदा निजलाई सोही दफा बमोजिम सजाय हुन मागदावी लिइएको ।

४४. नख्खु कारागारमा सुरक्षाको लागि खटिएका प्रहरी नायव निरीक्षक सुरेश संग्रौला र प्रहरी सहायक निरीक्षक विजेन्द्र श्रेष्ठले २०६७ सालको वडा दशैं मनाउने भनी सो कारगारमा कैद भुक्तान गरिरहेका कैदीहरुबाट मिति २०६७६।२२ गते रू.२४,५००।- सङ्कलन गरी लिएको भनी कारागारमा कैद भुक्तान गरिरहेका विभिन्न थुनुवाहरुले वयानमा लेखिदिएको तथा महानगरीय प्रहरी आयुक्तको कार्यालयबाट गठित छानवीन टोली समक्ष गरेको वयानमा समेत रकम उठाएको कुरा स्वीकार गरेको देखियो । सोही आधारमा प्रहरी प्रधान कार्यालयबाट निजहरुले आर्थिक प्रलोभनमा परी आफ्नो कर्तव्य र जिम्मेवारीबाट विमुख भई प्रहरी आचरण विपरित कार्य गरेको भनी प्रहरी नियमावली, २०४९ को नियम ८७ (ख) र (ग) वमोजिम प्र.ना.नि.संग्रौला लाई एक तह घटुवा र प्र.स.नि. श्रेष्ठलाई खाईपाई आएको सम्पूर्ण ग्रेड घटुवा गरेको । पत्रिकामा उक्त समाचार प्रकाशन भएपछि जेलर, कारागार सुरक्षा वेस क्याम्पका सशस्त्र प्रहरी नायव उपरीक्षक र कारागारका चौकिदारको रोहवरमा संवन्धित कैदीहरुलाई २०६७।७।४ मा भर्पाई गरी फिर्ता बुझाइएको देखिदा निजहरुले प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५(१) अनुसारको कसुर गरेको पुष्टी हुन आएको हुँदा निजहरुलाई प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५(१) अनुसार सजाय हुन मागदावी लिइएको ।

४५. जिल्ला शिक्षा कार्यालय, डडेलधुरा अन्तरगत श्री विजयासैनी उ.मा.वि.चामाचौडमा माध्यमिक विद्यालयको शिक्षक पदमा कार्यरत मदनराज भट्टले शुरु नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

४६. सर्लाही जिल्ला गम्हरिया गा.वि.स. का सचिव रामपुकार रायले सर्लाही जिल्लाको गम्हरिया गा.वि.स.मा २०६३ फागुन महिनादेखि २०६५ बैशाखसम्म १५ महिना गा.वि.स. सचिव पदमा कार्यरत रहँदा निजले उक्त गा.वि.स.का मृत्यू भइसकेका जेष्ठ नागरिक र बिधवाहरु क्रमशः गम्हरिया-१ का अनतिया देवी यादवको रु. १५०।- को दरले १५ महिनाको रु. २२५०।-, जलसदेवी तेलीको १५ महिनाको रु. २२५०।-, गम्हरिया-२ का जेष्ठ नागरिक उमापतिलाल कायस्थको रु. २००।- को दरले १५ महिनाको रु. ३०००।-, गम्हरिया- ५ का विधवा नेमिया देवीको रु. १५०।- को दरले १५ महिनाको रु. २२५०।-, गम्हरिया- ६ का जेष्ठ नागरिक वासुदेव राय यादवको रु. २००।- को दरले ११ महिनाको २२००।-, विधवा भिखियादेवीको रु. १५०।- को दरले ११ महिनाको १६५०।- र गम्हरिया- ८ का जेष्ठ नागरिक जलेश्वर ठाकुर वरहीको रु. २००।- को दरले १५ महिनाको ३०००।- गरी जम्मा रु. १६,६००।- मृतकहरुको नक्कली सहीछाप गरी आफूले लिनुखानु गरेको देखियो । यसैगरी निज गा.वि.स. सचिवले आफूले नियमानुसार लिन पाउने वैठक भत्ताभन्दा बढी रु. ४६,०००।- भुक्तानी लिएको समेत गरी निजले कूल रु. ६२,६००।- सरकारी रकम हिनामिना एवं लिनुखानु गरी भ्रष्टाचार गरेको र उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अनुसारको कसुर देखिंदा निज रामपुकार राय यादव विरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) (ग) अनुसार सजाय हुनका साथै दफा १७ वमोजिम विगो रु. ६२,६००।- निजबाट असुल उपर गर्ने मागदावी लिइएको ।

४७. मकवानपुर जिल्ला विकास समितिका खरिदार शालिकराम पुडासैनीले शुरु नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित निकायबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएको र निजले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

४८. जिल्ला शिक्षा कार्यालय, दैलेख अन्तर्गत सरस्वती उ.मा.वि. खड्काबाडाका नि.मा.वि. शिक्षक अगेश्वर यादवले शुरु नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित निकायबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएको र निजले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं

प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको कसूर गरेको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

४९. जिल्ला विकास समितिको कार्यालय, पर्सा अन्तरगत जगरनाथपुर सिरा गाँउ विकास समितिको कार्यालयमा कार्यालय सहायक पदमा कार्यरत महमद मकसुद मन्सुरको परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरबाट बि.सं. २०५६ मा सिम्बोल नं. 0362949 'O' बाट एस.एल.सी. परीक्षा उत्तीर्ण गरी प्राप्त गरेका प्रमाणपत्रहरु परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपुरमा प्रमाणिकरणका लागि पठाएकोमा उक्त कार्यालयबाट "२०५६ सालको पूरक एस.एल.सी. परीक्षामा सि.नं. 0362949 'O' बाट सम्मिलित परीक्षार्थीको पत्रसाथ संलग्न लब्धाङ्कपत्र अनुसारको विवरण यस कार्यालयको अभिलेखसंग नभिडेको" भन्ने व्यहोरा लेखिआएको । निज महमद मकसुद मंसुरले पुनः प्रमाणिकरण गरिपाँउ भनी आयोगमा बयानको क्रममा माग गरेको र जिल्ला शिक्षा कार्यालय, बाराको च.नं. ९७३, मिति २०६७।६।२० को परीक्षा नियन्त्रण कार्यालय, सानोठिमीलाई लेखिएको "लेजर सच्याउने सम्वन्धी" बिषयको पत्रको फोटोकपी समेत पेश गरेको हुँदा, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमीमा निजको प्रमाणपत्रहरु सक्कलै पठाई सो प्रमाणपत्रहरु उक्त कार्यालयबाट जारी भएको हो की होईन ? र जिल्ला शिक्षा कार्यालय बाराको पत्रका सम्वन्धमा के निर्णय गरियो भनी बुझ्दा उक्त कार्यालयबाट, जिल्ला शिक्षा कार्यालयको पत्रको आधारमा प्राप्ताङ्क संशोधन नहुने साथै संलग्न प्रमाणपत्रहरु दुबै यस कार्यालयबाट जारी नभएको भनी मिति २०६७।१०।१८को पत्रद्वारा् लेखी आएको हुँदा निज महमद मकसुद मंसुरले परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपुरबाट एस.एल.सी. उत्तीर्ण गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्र झूट्ठा देखिन आयो । राष्ट्रसेवकको ओहदा पाउने उद्देश्यले वदनियतपूर्वक आफ्नो शैक्षिक योग्यता ढाँटी झूट्ठा प्रमाणपत्र पेश गरी नियुक्ति समेत पाएका निज महमद मकसुद मन्सुरले प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर गरेको देखिन आएको हुँदा निजलाई सोही दफा बमोजिम सजाय हुन मागदावी लिइएको ।

५०. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीद्वारा पक्राउ गरी सप्रमाण उपस्थित गराइएका नापी कार्यालय डिल्लीबजारमा अमिन पदमा कार्यरत बर्ष ५० को देवीप्रसाद गौतम उपर अनुसन्धान हुंदा निवेदक कृष्णप्रसाद घिमिरेबाट काठमाडौं जिल्ला का.म.न.पा.२ वस्ने भमादेवी अर्यालको नाउँमा रहेको कि.नं. १०४ को जग्गा हालसाविक गराई क्षेत्रफल साविक बमोजिम नै मिलाई दिन्छु भनी घुस रिसवत वापत रु. १,००,०००।- (एक लाख) लिएको अवस्था, निवेदकको निवेदन व्यहोरा, निज निवेदक कृष्णप्रसाद घिमिरेले मैले पटक पटक निज अमिन देवीप्रसाद गौतम तथा सर्भेक्षक प्रकाश दुलाललाई भेटी मेरो काम गरिदिन आग्रह गरेकोमा हुंदैन, मिल्दैन, मिलाएर आउनुस भनी गरेको वयानको व्यहोरा, नापी कार्यालय डिल्लीबजारबाट प्राप्त फाइल अध्ययन गर्दा मिति २०६७।१०।१० मा नै उक्त फायल सम्बन्धमा कार्य प्रारम्भ भएको देखियो । नेपाल टेलिकम भद्रकालीबाट आयोगमा प्राप्त हुन आएको कल डिटेल्समा निज निवेदक तथा अमिन देवीप्रसाद गौतम बीच पटक पटक सम्पर्क भएको । निज प्रतिबादी देवीप्रसाद गौतमले बयानको जवाफ नं. १० मा कृष्णप्रसाद घिमिरेले बलजफ्ती पैसा राखिदिएको, पैसाको कारोवार गोप्य रुपमा गर्नुपर्ने हुंदा पैसा लिन फिल्डबुक शाखामा गएको तथा कार्यालय प्रमुख समक्ष प्रतिक्रिया व्यक्त गर्न रकम लिएको भनी अलग अलग र भ्रमपूर्ण वयान दिएको । नापी कार्यालय डिल्लीबजारका

सर्भेक्षक प्रकाश दुलालले वयानका क्रममा हाल साविक गर्ने काम घटीमा १० मिनेट र बढीमा १/२ दिनमा सकिने भनी उल्लेख गरेकोमा मालपोत कार्यालय डिल्लीबजारबाट मिति २०६७।९।१३ मा आएको पत्रको कारवाही नगरी करीब ५० दिनसम्म थन्क्याई राखेको । निज अमिन देवीप्रसाद गौतमलाई कुनै पनि किसिमको राजश्व बुझ्ने अधिकार नभएको, राजश्व बुझाउन छुट्टै लेखा शाखा रहेको तथा हाल साविक कार्यको लागि कुनै पनि रकम नलाग्ने भनी सम्बन्धितको वयानमा उल्लेख भए अनुसार निज अमिन देवीप्रसाद गौतमले घुस रिसवत नै लिएको समेत तथ्य प्रमाणित हुन आयो । अनुसन्धानको क्रममा संकलित निवेदक कृष्णप्रसाद घिमिरेको कथन, अमिन देवीप्रसाद गौतमको बयान समेतबाट सर्भेक्षक प्रकाश दुलाललाई यस फायल सम्बन्धमा पुर्ण ज्ञान रहेको । मिति २०६७।९।१३ गतेको पत्रमा स्पष्टरुपमा सर्भेक्षक प्रकाश दुलाल तथा अमिन देवीप्रसाद गौतमलाई काम गर्न तोक लगाएको देखिएको तथा निज प्रकाश दुलालले नै फिल्डमा गई अध्ययन गरी आउनु भनी अमिन देवीप्रसाद गौतमलाई काम गर्न आदेश गरेको सन्दर्भमा निजले आयोग समक्ष बयान दिने क्रममा आफू समक्ष उक्त फायल मिति २०६७।११।०३ गते मात्र आएको भनी आयोगलाई गुमराहमा राखी झूट्ठा वयान दिएको । अन्य संकलित कागज प्रमाणहरु समेतबाट अमिन देवीप्रसाद गौतम तथा सर्भेक्षक प्रकाश दुलालले आपसमा मिलेमतो गरी मिति २०६७/११/०३ गते निवेदक कृष्णप्रसाद घिमिरेबाट जि.काठमाडौं का.म.न.पा. २ वस्ने भमादेवी अर्यालको नाउँमा रहेको कि.नं. १०४ को जग्गा हालसाविक गराई क्षेत्रफल साविक अनुसार नै मिलाई दिई रु. १,००,०००।- (एक लाख) समेत घूस/रिसवत लिनु खानु गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) अनुसारको कसूर गरेकोले आरोपित व्यक्तिद्वय प्रकाश दुलाल तथा देवीप्रसाद गौतमले कृष्णप्रसाद घिमिरेबाट लिनु खानु गरिसकेको रु.१,००,०००।- विगो कायम गरी देवीप्रसाद गौतम तथा प्रकाश दुलाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) (ग) बमोजिम सजाय समेत हुन मागदावी लिइएको ।

५१. नापी कार्यालय चावहिलका कर्मचारीको मिलेमतोमा काठमाडौं जिल्ला चपली भद्रकाली गा.वि.स. वडा नं. ५ साविक चावहिल गा.वि.स. वडा नं. ३ र साविक वौद्ध गा.वि.स. वडा नं. ९ का जग्गाको नापीका समयमा कायम भएको फिल्डवुक सच्याई व्यहोरा थप गरी सरकारी सार्वजनिक जग्गामा व्यक्तिको नाम थप गरियो भन्ने विषयको उजुरी उपर आयोगबाट अनुसन्धान भै अनुसन्धान अधिकृतले प्रस्तुत गरेको अनुसन्धान प्रतिवेदन सम्बन्धित कार्यालयहरुबाट प्राप्त कागजात तथा मिसिल संलग्न कागज प्रमाणबाट नापी विभागबाट तयार पारिएको नापीशाखा एवं नापी गोश्वारा कार्यविधि २०६० को १-२-११-६ मा उतार गरिएको फिल्डवुक/प्लट रजिष्टरमा उतार गर्ने अमिन, चेक जाँच गर्ने नापी निरीक्षक/सर्भेक्षक र शाखा प्रमुखले नाम सहित सहिछाप गरी मिति जनाई सम्वन्धित व्यक्तिलाई वुझाउने भन्ने भएकोमा नापी कार्यालयमा सच्चिएका/व्यहोरा थपिएका फिल्डवुक मध्ये नेपाल सरकारको नाममा दर्ता भएको चपली भद्रकाली ५ (क) कि.नं. १६० क्षे.फ. ४७-१२-२-० रोपनी भएको सरकारी प्रति जग्गाको साविक फिल्डवुकको किसानको महलमा पर्ति जग्गा धनी महल खाली किसानको व्यहोरा खाली भएकोमा नापी कार्यालय चावहिलबाट किसानको व्यहोरामा का.ई. वानेश्वर वस्ने विमलराज भट्टराईको दर्ता हो भन्ने व्यहोरा थपी/थप्न लगाई खरिदार तारा लामाले मिति ०६५।३।२७ मा उतार गरी सर्भेक्षक व्रजभान यादवले मिति ०६५।३।२७ मा प्रमाणित गरिदिएको । सोही कि.नं. १६० को जग्गाको फिल्डवुकको उतार खरिदार विन्दु शाहले मिति ०६६।९।२१ मा उतार गरी नापी अधिकृत वलमकुमार वस्नेतले मिति ०६६।९।२१ मा प्रमाणित गरिदिएको । साविक चावेल वडा नं. ३

कि.नं. १२८, १७०, १९९, १७३, २०६, १६८, १६९, १३७, २०१ र २०४ का जग्गाको फिल्डवुकमा व्यहोरा सच्याई/थप्न लगाई नापी निरीक्षक ललितनारायण चौधरीले मिति ०६४।१२।२४ मा र सर्भेक्षक व्रजभान यादवले मिति ०६५।५।६ मा प्रमाणित गरिदिएको । सर्भेक्षक व्रजभान यादव, नापी अधिकृत वलमकुमार वस्नेत र नापी निरीक्षक ललितनारायण चौधरीले प्रमाणित गरिदिएका उपरोक्त फिल्डवुकहरु मध्ये कि.नं. १६० को फिल्डवुकको नक्कल संलग्न गरी विमलराज भट्टराईले मिति ०६५।८।११ र ०६६।७।११ दर्ता प्रमाणित गरी ज.ध. प्रमाण पुर्जा पाउँ भनी मालपोत कार्यालय चावहिलमा निवेदन गरेको । साविक चावेल वडा नं. ३ कि.नं. १२८, १७० समेतका फिल्डवुकको नक्कल संलग्न गरी रामनाथ मिश्रले मिति ०६५।८।११ र ०६६।५।२ मा दर्ता प्रमाणित गरी ज.ध. प्रमाणपुर्जा पाउँ भनी निवेदन गरेको । दुवै मिसिलहरु आ.व. ०६७६८ सम्म मालपोत कार्यालय चावहिलमा चालु अवस्थामा रहेको देखिंदा फिल्डवुक उतार गर्ने कार्यमा संलग्न विन्दु शाह र तारा लामा तथा प्रमाणित गर्ने कार्यमा संलग्न नापी अधिकृत वलमकुमार वस्नेत सर्भेक्षक व्रजभान यादव, नापी निरीक्षक ललितनारायण चौधरी, बिमलराज भट्टराई र रामनाथ मिश्र समेतको संलग्नतामा गैरकानूनी तरिकाले सरकारी कागज सच्याई निजहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ अनुसारको कसूर गरेको देखिन आएकोमा निजहरु मध्ये बिमलराज भट्टराईको मिति २०६७।३।४ मा मृत्यु भैसकेको हुँदा वलमकुमार बस्नेत, व्रजभान यादव, ललित नारायण चौधरी, तारा लामा, विन्दु शाह र रामनाथ मिश्रलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिम सजाय हुन मागदावी लिइएको ।

५२. जिल्ला शिक्षा कार्यालय, सिरहा अन्तर्गत राम जानकी माध्यमिक विद्यालयमा माध्यमिक तहको अंग्रेजी राहत शिक्षक धर्मेन्दकुमार यादवले शुरु नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र तथा जिल्ला शिक्षा कार्यालय उदयपुरबाट मिति २०६२।१०।१० मा प्राप्त गरेको माध्यमिक तहको स्थायी अध्यापन अनुमतिपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित निकायबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्रहरु नक्कली एवं झूट्टा देखिन आएको र निजको त्यस्तो कार्य प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई सोही ऐनको दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

५३. पूर्वाञ्चल ग्रामीण विकास वैंक, कञ्चनपुर शाखाका वरिष्ठ सहायक तारणीप्रसाद सरदारले वैंकको रकम समूहमा लगानी गर्दा र समूहमा लगानी भएको रकम समूहवाट असूली गर्दा रु. ४२,६५,३९६।- अपचलन, हिनामीना तथा मस्यौट गरी भ्रष्टाचारजन्य कसूर गरेको पुष्टी हुन आएकोले निज तारणीप्रसाद सरदार उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र दफा ३(१) को खण्ड ६ बमोजिम सजाय गरी विगो रु.४२,६५,३९६।- जरीवाना समेत हुन र दफा १७ बमोजिम उक्त रकम पूर्वाञ्चल ग्रामिण विकास वैंक विराटनगरलाई दिलाई भराई पाउन तथा पूर्वाञ्चल ग्रामीण विकास वैंक कंचनपुर (सप्तरी) शाखाका शाखा प्रवन्धक रामसुन्दर मेहेता र लेखामा काम गर्ने वरिष्ठ सहायक जयनारायण मण्डलले आफूहरुलाई सुम्पिएको काम, कर्तव्य र जिम्मेवारी पूरा नगरी वरिष्ठ सहायक तारणीप्रसाद सरदारलाई वैंकको रु. ४२,६५,३९६।- अपचलन, हिनामिना तथा मस्यौट गरी भ्रष्टाचारजन्य कार्य गर्ने अवसर प्रदान गरी सहयोग गरेको देखिन आएकोले निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को कसूरमा सोही दफा २२ बमोजिम सजाय हुन मागवादी लिइएको ।

५४. पार्वती माध्यमिक विद्यालय, गोगनपानी, दैलेखका तत्कालिन माध्यामिक राहत शिक्षक (तृतीय) जयकान्त यादवले नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्टा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

५५. जिल्ला शिक्षा कार्यालय ललितपुर अन्तर्गत कार्यरत प्राथमिक शिक्षक (तृतीय) कमला राजभण्डारीले शुरु नियुक्ती तथा बढुवा प्रयोजन समेतका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित वोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा निजले पेश गरेको शैक्षिक प्रमाणपत्र नक्कली एवं झूट्टा देखिन आएकोले निजले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर गरेको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

५६. सामुदायिक प्राथमिक विद्यालय, चिरचिरीया-मर्यादपुर, रौतहतका तत्कालिन प्राथमिक बिद्यालयको राहत दरवन्दीमा कार्यरत शिक्षक रीतादेवी यादवले नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्टा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

५७. सभासद द्वय विश्वनाथ प्रसाद यादव र गायत्री साह लगायतका सभासदहरुले आफ्नो कुटनैतिक राहदानी सामूहिक रुपमा संतोषराज उप्रेतिलाइ दिएको देखिन आएको । निज सभासद द्वय लगायत त्रि.अ.वि.अध्यागमन कार्यालयका कार्यालय प्रमुख खडानन्द ढकाल, सोही कार्यालयका शाखा अधिकृतहरु भूमिनन्द भण्डारी, श्यामबाबु भण्डारी, कम्प्यूटर अधिकृत ईन्द्रकुमार सुनुवार, वरिष्ठ अध्यागमन सहायक देवीदत्त खत्री, संतोषराज उप्रेती र हरिचरण साह समेतले आपसमा मिलेमतो गरी सभासद द्वयको कुटनैतिक राहदानीमा टाँसिएको फोटो प्रस्थान Sticker एक पानाबाट अर्को पानामा टाँसी Visa sticker समेत उक्काई पुनः त्यही पानामा टाँस गरी कुटनैतिक राहदानीमा पुनः सभासदद्वयकै फोटो र फोटो भएको भिसा टाँसी सच्याई हेरफेर गर्ने कार्य गरी जम्मा विगो रु.१,६२,०००,००।- (एक करोड बैसट्ठी लाख) आपसमा वाँडफाँड गरी लिनुखानु गरी भ्रष्टाचारजन्य कार्य गरेको देखिन आएको हुँदा सभासदद्वय विश्वनाथ प्रसाद यादव र गायत्री साह, अध्यागमनका कर्मचारी खडानन्द ढकाल, भूमिनन्द भण्डारी, श्यामबाबु भण्डारी, इन्द्रकुमार सुनुवार,

देवीदत्त खत्री, संतोषराज उप्रेती र हरिचरण साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)र दफा ११ को कसूरमा सोही ऐनको दफा ३(१) (झ) र सोही ऐनको दफा ११ वमोजिम सजाय गरी पाउनका साथै विश्वनाथप्रसाद यादव र गायत्री साह संवैधानिक निकायका पदाधिकारी समेत भएकोले निजहरुलाई सोही ऐनको दफा २४ वमोजिम थप सजाय गरिपाउन मागदावी लिइएको ।

५८. जिल्ला शिक्षा कार्यालय रौतहट अन्तरगत तत्कालिन शिक्षक हेमचन्द्र हजाराले सेवा प्रवेशको लागि पेश गरेको अध्यापन अनुमतिपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा शिक्षक सेवा आयोगको पत्र समेतका आधारमा ती अनुमतिपत्र नक्कली एवं झूट्ठा देखिन आएको र निजको त्यस्तो कार्य प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई सोही ऐनको दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

५९. श्री आदिकवि भानुभक्त मा.वि. क्षेत्रपुर, चितवनमा अस्थायी मा.वि. शिक्षकको रुपमा कार्यरत अशोककुमार गुप्ता (तेली) को शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित वोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा निजले पेश गरेको शैक्षिक प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर गरेको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

६०. संयुक्त राष्ट्रसंघको अनुरोधमा अफ्रिकी मुलुक सुडानमा भई रहेको द्वन्दमा शान्ति स्थापनार्थ UNHQ Newyork स्थित नेपालको स्थायी नियोगवाट UNHQ को Department Of Peace Keeping Operation (DPKO) ले 23 Jan 2007 (माघ ९, २०६३) मा नेपालवाट Formed Police Unit का लागि अनुरोध गरेको र उक्त FPU का लागि आवश्यक पर्ने सामानको Draft List समेत पठाएकोमा संयुक्त राष्ट्र संघको FPU का लागि आएको अनुरोधमा नेपाल प्रहरीलाई पठाउने गरी मिति ०६४।३।७ गते नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय अनुसार प्रहरीको टोली खटिई उक्त स्थानमा हालसम्म कार्यरत छ । 22 February 2008 (फागून १०,२०६४) देखि लागू हुने गरी खटिने प्रहरीका लागि आवश्यक पर्ने वन्दोवस्तीका सामानहरु जसमध्ये हातहतियार, सञ्चार, वाहन, वस्ने स्थान, खाने लगाउने वस्तुहरु सवै FPU खटाउने राज्यले नै खरिद गर्ने र खरिद भएका सामान तथा पठाइने प्रहरी कर्मचारी ठिक दुरुस्त छ छैन संयुक्त राष्ट्र संघवाट खटिने टोलीले हेरी जांची ठिक ठहराए संयुक्त राष्ट्र संघले नै भने मुताविक ढुवानी गरी गराई सम्वन्धित कार्यस्थलमा पुऱ्याउनु पर्ने गरी खटाउन संयुक्त राष्ट्र संघसंग MOU गरेको देखियो । प्रहरी कल्याण कोष संचालक समितिको मिति ०६४।३।१ को वैठकवाट उक्त FPU का लागि ने.रु ३४,४४,२२,७१३।८० प्रहरी कल्याण कोषको विधान वमोजिम खर्च गर्ने गरी निर्णय भई मिति ०६४।५।५ गते सामान खरिद गर्न संयोजक - प्रहरी अतिरिक्त महानिरीक्षक दिपक सिंह थाङदेन सहित १० सदस्यीय योजना तर्जुमा समितिको गठन गरिएको र सो समितिले सूचिकृत आपूर्तिकर्ताबाट रु.२९,४६८९०४८।८०, बोलपत्रवाट रु.२,२९,८०,०००।- र कोटेशनवाट रु.३,६६,५०,०००।- वरावरको विभिन्न सामानहरु खरिद गर्ने गरी प्रतिवेदन पेश गर्नुका साथै प्रहरी प्रधान कार्यालय भण्डार शाखावाट प्राप्त हुने रु. १,११,६५,५३५।- र प्रहरी प्रधान कार्यालय सञ्चार

महाशाखावाट प्राप्त हुने रु. २४,९५,०००।- का सामान समेत उक्त मिशनमा पठाउने गरी सामानको वर्गिकरण गरेको देखियो । दिपकसिंह थाङ्देन र कमलसिंह वमको टोलीले मिशन रहने ठाउंको वस्तुस्थिति वुझ्न रेकी भिजिट गरी तत्पश्चात् दिएको प्रतिवेदन अनुरुप यु.एन.को आवश्यकता वमोजिम थप एवं परिवर्तित काम देखाई सोही कामको लागि ए.पि.सि. लगायतका सामान खरिद गर्ने संझौता मिति ०६४।६।१० मा भैसकेको अवस्थामा मिति ०६४।६।१८ को संचालक समितिको निर्णयवाट रु.५,३६,०८,०००।- संशोधित लागत अनुमान प्रस्तुत गरी प्रहरी महानिरीक्षकबाट सदर भएको देखियो । FPU का लागि वन्दोवस्ती र अन्य सामाग्री खरिद गर्नु पूर्व त्यसको आर्थिक पक्ष, त्यसबाट प्राप्त हुने सोधभर्ना र लगानीको बारेमा पर्याप्त अध्ययन हुन नसकेको, खरिद गरिने सामाग्रीहरु खाली व्ययभार मात्र नभएर लगानीको पक्षबाट समेत ग्रहण गरी सम्बन्धित निकायबाट तोकिएको मापदण्ड अनुरुपको दीर्घकालीन टिकाउ प्रकृतिका र सोधभर्ना मार्फत छिट्टै लगानी फिर्ता हुने खालका हुने गरी खरिद गर्नेतर्फ ध्यान नपुगेको, सामाग्रीको गुणस्तर निर्धारण र त्यसको प्रत्याभूतिको सन्दर्भमा समुचित ध्यान नपुगेको, मूल्य के को आधारमा तोकिएको हो आधार खुल्न नसकेको, सामानको स्पेसिफिकेशन निर्धारण नभै वास्तविक मूल्य एकिन हुन नसक्ने अवस्थामा विना स्पेसिफिकेशन मूल्य तय गरिएको । FPU लाई चाहिने ८ वटा APC खरिद गर्दा त्यसको गुणस्तरीयता र कार्यदक्षता मापनको कुनै पनि प्रक्रिया अवलम्बन नगरेको, मर्मत र सम्भारका लागि के कस्ता सामानहरु आवश्यकता पर्ने हो सो समेतको एकिन र निक्यौंल नभएको, आवश्यक सामाग्रीहरुको लागत योजना पेश गर्न गठित समिति मिति २०६४।५।५ गते गठन गरिएकोमा प्रहरी कल्याण कोषको मिति २०६४।३।१ को निर्णयमा गठित समितिको प्रतिवेदनलाई आधार लिई प्रहरी कल्याण कोषवाट लगानी गर्ने भन्ने निर्णय भएको र समितिले मिति २०६४।५।९ गते प्रतिवेदन पेश गरे तापनि २०६४।५।६ गते कै कल्याण कोषको निर्णयमा उक्त समितिको प्रतिवेदन कै आधारमा वजेट छुट्याइएको जस्ता विषय खरिद पूर्वका अनियमितताका रुपमा देखिन्छन् । खरिद गर्ने सामानको स्पेशिफिकेशन वनाइएको भए हाल संयुक्त राष्ट्रसंघले जांच गर्दा देखाएको Weapon System, सञ्चार साधनको व्यवस्था तथा संयुक्त राष्ट्रसंघले निर्धारण गरेको २५ वर्ष भन्दा पुराना सामान प्रयोग नगर्ने मापदण्ड विपरित हुने अवस्था आउने थिएन । संयुक्त राष्ट्र संघले अझै उक्त APC को वास्तविक उत्पादन भएको अवधि कति व्यतित भएको छ भनी भन्न नसकी आधिकारिक कागजातको माग गरेको छ भने त्यस्मा प्रयोग भएका पार्टपूर्जाहरु अझै पुराना हुन सक्ने अनुमान पनि गरेको । यसवाट खरिद योजना तर्जुमा समितिले जिम्मेवारी पालन गर्न नसकेवाट मालसामान खरिद गर्दा गुणस्तरहीन, म्याद नाघेको र अस्वाभाविक रूपमा बढी मूल्य तिरी खरिद गर्ने, गराउने कार्य भएको छ । खरिद गर्ने प्रयोजनका लागि अपनाइनु पर्ने सामानको स्पेशिफिकेशनको तयारी, लागत इष्टिमेट, लागत इष्टिमेटको स्वीकृति जस्ता प्रकृयागत विषयमा पनि त्रुटी रहेको देखिन्छ । त्यसैगरी खरिद गर्दा के का आधारमा सूचिकृत, वोलपत्र र दरभाउ पत्रमा खरिद गरिने सामान छुट्याइएको हो सोको औचित्यता पुष्टि हुन सकेको देखिएन । केही सामानको लागि वोलपत्र माग गरिएकोमा त्यो वोलपत्रमा दरभाउ पत्र अनुसार खरिद गरिएका सामानहरुलाई समावेश गर्न नसकिने युक्तिसंगत कारणको अभाव रहेको छ भने सूचिकृत तर्फका सामानहरुमा ३ वटा कम्पनीवाट मात्र दरभाउ पत्र माग गर्नुको कारण पनि खुल्न सकेको छैन । दरभाउ पत्रमा सामानको स्पष्ट प्रकृति पनि निर्धारण भएको छैन । APC का लागि छुट्याइएको वजेटवाट पुरानो मोडलको हाल उत्पादन वन्द भई सकेको कम्पनीको सामानलाई नहेरी नवुझी घटाघट गर्ने वहानामा लागत इष्टिमेट भित्र पारी खरिद भएको अवस्थालाई कानून सम्मत भन्न सकिदैन । दरभाउ पत्रलाई हेर्दा पनि स्वीकृत गरिएको दरभाउ पत्रमा पेश भएका कागजहरु विभिन्न मितिमा

बनाइएका, दरभाउ पत्रमा भएको सही पनि एकै रुपका नभएका, खरिद गर्न लागेको सामान कस्तो हुने भन्ने वारे दरभाउ पत्रमा नखोली दरभाउ पत्रको अन्त्यमा Note लेखेर APC Model will be OT64 and it is refurbished हुने भन्ने खरिदको मूलभूत विषयमा नै अन्तर हुने गरी उल्लेख भएको विषयलाई कुनै वास्ता नगरिनुका साथै दरभाउ पत्र खोल्दा हातले उक्त व्यहोरा लेखिएको विषयलाई औंल्याउन नसक्नुले खरिद समितिले कानूनले निर्दिष्ट गरेका मूलभूत विषयमा ध्यान दिएको देखिएन । जसको परिणाम स्वरुप खराव APC को आपूर्ति हुन गएको छ । हाल नेपाल प्रहरीवाट खरिद हुन लागेको APC का लागि तयार पारिएको स्पेशिफिकेशन समेतका आधारमा हेर्दा त्यसवेलाको खरिद समितिले खरिदका लागि अपनाउनु पर्ने प्रकृया नअपनाएवाट हाल उत्पादन हुन छाडेको पुरानो मोडलको संयुक्त राष्ट्रसंघको मापदण्ड विपरितको रिफर्विस (पुराना) सामानका लागि नयां सरह अस्वाभाविक रुपमा वढी मूल्य तिरी खरिद गर्ने कार्य गरेको देखिन आयो । माथि उल्लेख भए वमोजिम खरिद भएको सामानको भुक्तानीका लागि सर्भौतामा Payment will be made through a Letter Of Credit opened in a first class International Bank in SELLER's favour, 40% of the total value will be released in advanced or after receipt the invoice & certificate of origin. After the receipt of goods 60% will be released within 2(Two) years from the date of contract sign and if the said amount could not be relesed within 15 (Fifteen) months there will be 7% interest on the remaining balance ammount. भन्ने उल्लेख भए तापनि भुक्तानी प्रकृयामा प्रतित पत्रलाई वारम्वार संशोधन गरी छिटो भुक्तानी दिइएको छ । आपूर्तिकर्ता र नेपाल प्रहरी वीच भएको सर्भौतामा उल्लेख भएको कागजात पेश गर्नु पर्ने भन्ने वुंदा विपरित ISO Standard को सामान आवश्यक पर्ने जस्ता वुंदाहरुलाई हटाई आपूर्तिकर्तालाई सहज हुने किसिमले भुक्तानी दिइएको छ । Spare Parts का लागि भएको संर्भौता अनुरुप प्रतित पत्रमा परिवर्तन नभएवाट गाडी आपूर्ति गरिएको भनी Spare Parts को भुक्तानी दिइएको व्यहोरा प्रतित पत्रका सम्वन्धमा छानवीन गरेको टोलीको प्रतिवेदन तथा राज्य व्यवस्था समितिको प्रतिवेदनमा उल्लेख छ । उक्त APC OT64 SKOT का Spare parts हरु के प्रयोजनका लागि खरिद गरिएको र हाल उक्त सामानहरु कंहा र कुन अवस्थामा छन् तथ्य फेला नपरेको भन्ने प्रतिवेदनवाट पनि उक्त व्यहोराको पुष्टि हुन आउंछ । साथै अन्तिम किस्ता मिति २८ जुलाई २००९ मा चुक्ता गरिएको र स्पेयर पार्टसको भन्सार क्लिरेन्स सम्वन्धी कारवाही अक्टोवर २००९ मा मात्र सुरु भएवाट पनि सामान अनुसारको भुक्तानी नभई Spare Parts को खरीद र भुक्तानी नै अनियमित भएको देखिन आयो । आयोगमा आई वयान गर्ने प्रहरी अधिकृतहरुले नेपाल प्रहरीले विगतमा हिमालयन वैंकसंग Booked Force Loan सिर्जना गरेको कारणले भुक्तानी गर्न हामी बाध्य भएको भनी वयान गरे तापनि संशोधित तालिका अनुसारको भुक्तानीका लागि नेपाल प्रहरीको खातामा आवश्यक रकम मौज्दात नभएमा Booked Force Loan कायम गरी तोकेको मितिमा भुक्तानी दिने भनी आदेश गरिएको र हिमालयन वैंकले १३+२ प्रतिशत व्याज लाग्ने भनी सहमति पत्र पठाए तापनि भुक्तानी तालिका अनुरुपको मितिमा प्रहरीवाटै रकम ट्रान्सफर समेत गरी वैंकमा मौज्दात रकमवाट रिलिज आदेश दिई भुक्तानी भएको देखिंदा हिमालयन वैंकवाट Booked Force Loan कायम भएको देखिदैन । हिमालयन वैंकको विवरणवाट पनि Booked Force Loan कायम नभई भुक्तानी नै भएको देखिन्छ । त्यसैगरी मिति अगष्ट १, २००८ मा दिइएको भुक्तानी आदेशमा जुन १२, २००८ मा कायम भएको Booked Force Loan को व्यहोरा उल्लेख नै नगरी भुक्तानी तालिका संशोधन गरेवाट पनि Booked Force Loan कायम नभएको प्रष्ट छ । भुक्तानी दिंदा, प्रतितपत्र संशोधन गर्दा, भुक्तानी तालिका परिवर्तन गर्दा कुनै टिप्पणी आदेश वा निर्णय भएको देखिंदैन भने आयोगमा वयान गर्दा भुक्तानी दिने अधिकारीहरुले लिखित आदेश दिएको

प्रमाण पेश गर्न नसकी प्रहरी संगठनको प्रकृतिले संगठन प्रमुख कै आदेशमा यी सवै कार्य भएको हो भनी लेखाई दिएको देखिन्छ । यसरी प्रहरी कल्याण कोषको मिति २०६४।५।६ को निर्णयले फर्म पुलिस युनिट सुडानका लागि सूचिकृत फर्मले सामान सप्लाई गर्दा पालना गर्नु पर्ने शर्तहरु भनी वुंदागत रुपमा खुलाएको विषयहरु विपरित संझौता भएको र संझौता विपरित आपूर्तिकर्ताको हितमा हुने गरी प्रतितपत्रमा संशोधन गरी भुक्तानी दिइएवाट भुक्तानीकर्ताहरु दोषी रहेको प्रष्ट देखिन आउंछ । प्रहरी कल्याण कोषको साधारण सभाले पनि सो खर्चवारे अख्तियारमा छानविन भएकोले खर्चको समर्थन गरेको छैन । साथै सुडानको मिसनमा अनियमितता गर्ने दोषीहरु माथि कारवाही हुनुपर्छ भनेको छ । APC को पहुँच पछि संयुक्त राष्ट्र संघवाट भएको COE निरिक्षण, संयुक्त राष्ट्र संघको अर्थ आवधिक निरिक्षण, अन्तिम आवधिक निरिक्षणको प्रतिवेदन, राज्य व्यवस्था समितिको प्रतिवेदन लगायत नेपाल सरकारवाट भएको छानवीन पछिको प्रतिवेदन, आयोगका प्राविधिकहरुवाट भएको छानवीनको प्रतिवेदन, मिसिल संलग्न विभिन्न पत्र पत्रिकाहरुमा प्रकाशित समाचार र आयोग समक्ष वयानका लागि उपस्थित नेपाल प्रहरीका विभिन्न तहका कर्मचारीहरुको वयान, नेपाल प्रहरीको सुडान मिशनमा विभिन्न क्षेत्रमा नेपाल प्रहरीवाट खटिई गएका Centigent Commander हरु राजेन्द्र सिंह भण्डारी, कमल सिं बम, रामप्रसाद श्रेष्ठ र मोहनराज जोशी लगायतका कर्मचारीहरुको बयान समेतवाट खरिद भएको APC प्रयोगमा आउन नसक्ने भई संयुक्त राष्ट्र संघवाट सो वापत आउनु पर्ने सोधभर्ना प्राप्त हुन सकिरहेको छैन भन्ने प्रष्ट देखिई रहेको छ । यस्का वावजूद भूक्तानी भई सके पछि पनि संयुक्त राष्ट्र संघवाट सुडानको नायलामा निरिक्षण हुंदा १ महिनाको वारेन्टी अवधी वांकी रहंदा रहदै पनि आपूर्तिकर्तालाई संझौता वमोजिम मर्मत वा वदलीका लागि कुनै ठोस जानकारी नगराएको, संझौतामा उल्लेख भए अनुसार कानूनी उपचारका लागि International Chamber of Commerce (ICC) मा जाने सम्वन्धी कुनै पहल नभएको । सार्वजनिक खरिद अनुगमन कार्यालयका प्रमुख (सचिव) अवनिन्द्रकुमार श्रेष्ठ समेतको प्रतिवेदनमा उल्लेख भए वमोजिम खराव सामानको आपूर्ति पछि अपनाउनु पर्ने कुनै पनि प्रयासहरु सम्वन्धित क्षेत्रवाट भए गरिएको देखिदैन । अन्तिम भुक्तानी दिनेले भुक्तानी दिंदा आपूर्तिकर्ताले राखेको वैंक जमानतको अवधि वांकी छ छैन ? अवधि थप गर्नु पर्नेमा गरेको छ छैन सो तर्फ हेर्दै नहेरी भुक्तानी दिइएको छ भने खराव सामानको आपूर्ति भएको सञ्चार माध्यमबाट समाचार सप्रेषण हुंदा पनि जमानत रकम फुकुवा गरिएको छ । विभिन्न सञ्चार माध्यमवाट नेपाल प्रहरीको सुडान मिशनका लागि खरिद भएका नाइट भिजन समेतका सामानहरु गुणस्तरहिन भई अनियमितता भएको भनी समाचार प्रकाशित एवं प्रसारित हुंदा हुंदै पनि L/C को अन्तिम भुक्तानीहरु दिइनुलाई पूर्व शर्तका आधारमा दिइएको भनी भन्न सकिने अवस्था रहेन । भुक्तानीका लागि अपनाइनु पर्ने सामान्य प्रकृया एवं पालन गर्नु पर्ने नियमहरुमा ध्यान नदिई भएका विभिन्न भुक्तानीवाट माल सामान खरिद गर्दा गुणस्तरहीन, म्याद नाघेको खरिद गरेको भन्ने देखिन्छ भने सामानको पहुंच नै नभई भुक्तानी दिइएको अवस्था समेत छ । APC मर्मतका लागि अनुरोध भई गएको कम्पनीले २४ घण्टा नै चल्न सक्ने यस प्रकृतिको APC केवल ४० हजार पाउण्डमा नै दिन सकिने भनी लेखेको पत्र र खरिद गर्दा नया सामानको मूल्यमा Refurbished (पुरानो) सामान किनेको अवस्थाले अस्वाभाविक रूपमा बढी मूल्य तिरी खरिद गरेको भन्ने देखिन्छ । यसरी गलत खरिद भएको कार्यलाई भुक्तानी दिने र खरिदकर्ता र आपूर्तिकर्ता वीच भएको संझौताका शर्त वमोजिम कानूनी उपचारको वाटो समेत नअपनाएवाट आफ्नो ओहदाको वा सो सम्बन्धी कर्तव्य पालन गर्दा सार्वजनिक संस्थाको सम्पत्तिको लापरवाही वा बदनियत गरी हिनामिना, हानी नोक्सानी वा दुरुपयोग गरे गराएको प्रष्ट देखिएको छ ।

प्रहरी कल्याण कोषका विभिन्न मितिमा संचालक समिति, खरिद वोर्ड र योजना प्रतिवेदन समितिमा नेपाल प्रहरीका प्रमुख प्रहरी महानिरीक्षक देखि विभिन्न दर्जाका अधिकृतहरुको सहभागिता सहित प्रतिनिधित्व भएको स्पष्ट देखिन आयो । प्रहरी कल्याण कोषको विधान, २०५२ को दफा ९ हेर्दा संचालक समितिलाई कोषवाट भएको खर्च अनुमोदन वा समर्थन गर्न सक्ने अधिकार रहेको पाइदैन । नेपाल सरकार, प्रहरी प्रधान कार्यालय र Assured Risks Ltd London, का तर्फवाट स्थानीय प्रतिनिधि भगवती ट्रेडर्सका प्रोप्राइटर शम्भु भारतीका वीच APC सहित सुडानको वन्दरगाहसम्म पुऱ्याउने सामानहरुको खरिद सम्झौता मिति सेप्टेम्बर २७, २००७ मा भएको स्पष्ट देखिदा प्रहरी कल्याण कोषको रकम प्रहरी प्रधान कार्यालयकै सार्वजनिक कोषको रकम हो भन्ने पुष्टी हुन्छ । सार्वजनिक कोषको रकम खर्च गर्नु पर्दा प्रचलित सार्वजनिक खरिद ऐन, ०६३ र सार्वजनिक खरिद नियमावली, ०६४ बमोजिम खरिदको गुरुयोजना वार्षिक खरिद योजना, लागत अनुमान स्वीकृति गर्ने सामानहरुको स्पेशिफिकेशन निर्माण पूर्व प्रतिस्पर्धा र जवाफदेहिता खरीदकर्ता र आपूर्तिकर्ताको वीचमा सम्झौता गर्दा राखिनु पर्ने अनिवार्य प्रावधानहरु आपूर्तिकर्तालाई भुक्तानी गर्ने तौर तरिका, प्रतित पत्रका शर्तहरु जस्ता सारभूत विषयहरुलाई अनिवार्य रुपमा पालना गर्ने गराउने प्रमुख दायित्व प्रहरी प्रधान कार्यालयका संगठन प्रमुख प्रहरी महानिरीक्षक र अन्य जिम्मेवार प्रहरी अधिकृतहरुकै हुने तथ्यमा विवाद गर्नु पर्ने अवस्था छैन । सुडान मिसनमा प्रहरी प्रधान कार्यालयवाट नेपाल सरकारकै वजेटवाट खरीद गरी प्राप्त गरेको हात हतियार र अन्य गाडी लगायतका भौतिक सामाग्रीहरु समेत पठाइएको देखिएवाट प्रहरी कल्याण कोष र प्रहरी प्रधान कार्यालयको अन्तर सम्वन्ध रहेको प्रष्ट हुन्छ । संयुक्त राष्ट्र संघको अनुरोधमा विभिन्न द्वन्दग्रस्त मुलुकहरुमा शान्ति स्थापनार्थ नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयवाट त्यस्ता क्षेत्रमा नेपाल प्रहरीलाई पनि संलग्न गराउने नीति अन्तर्गत नै विभिन्न स्थानमा नेपाल प्रहरीका अधिकृत तथा जवानहरु खटिई गई नेपालको इज्जत प्रतिष्ठा र गौरवलाई कायम राख्दै आफ्नो ज्यू ज्यानको जोखिम मोल्दै सेवारत रहेको तथ्य सवैका सामु छर्लङ्ग छ । त्यसरी राष्ट्रको स्वाभिमान र संगठनको व्यवसायिक उद्देश्य परिपूर्ति गरी स्वदेश फर्केका प्रहरी अधिकृत तथा जवानहरुले आफ्नो रगत पसिनावाट आर्जेको रकमवाट केही प्रतिशत कट्टा गरी प्रहरी कल्याण कोषको नाममा जम्मा गरेको प्रशंसनीय कार्यलाई जीवन्त राख्न कल्याण कोषमा जम्मा भएको रकम दुरुपयोग, हिनामिना, मस्यौट हुनु हुंदैन भन्ने विषयमा आम सरोकार र चासो विषय रहेको परिप्रेक्ष्यमा व्यवस्थापिका संसदको राज्य व्यवस्था समितिले उपसमिति गठन गरी विस्तृत छानविन गरी सुडानमा पठाइएको APC लगायतका विषयमा प्रतिवेदन दिई सो प्रतिवेदन आवश्यक कार्यान्वयनका लागि यसै आयोगमा प्राप्त भएको र प्रतिवेदनमा औंल्याइएका विषयहरु माथि तथ्य खण्डमा प्रस्तुत गरिसकेको देखिदा पुनः दोहोऱ्याउनु पर्ने देखिएन । यसरी प्रहरी कल्याण कोषवाट खर्च गरि सुडान मिसनमा पठाउने भनी किनिएको APC लगायतका Spare parts हरु को शुरु खरिद विधि देखि नै चरम लापरवाही र वदनियत रहनुका साथै हालसम्म काम नलाग्ने अवस्थामा सुडान पोर्टमा ८ थान APC हरु रहेका ति APC हरुको UN वाट कुनै सोधभर्ना प्राप्त नभएको र हुनसक्ने अवस्था पनि नभएकोले र सो लगानी पुरै डुविसकेको देखिदा उक्त खरीद प्रकृयामा विभिन्न चरणहरुमा संलग्न हुने संचालक समितिमा सहभागी भई निर्णय अनुमोदन र सदर गर्ने जिम्मेवार अधिकृतहरु को लापरवाही र वदनियतपूर्ण कार्यवाट नेपाल राष्ट्रको र समग्र प्रहरी संगठनको इज्जत प्रतिष्ठामा आँच पुगेको अवस्था सृजना भई सुडान मिसनमा पुनः थप APC हरु खरिद गरी थप लगानी गर्नु परेको तीतो यथार्थ पनि हामी सामु छ । यसरी बदनियतपूर्वक र लापरवाही साथ गरेको कार्यवाट प्रहरी

कल्याण कोष जस्तो पुनित कार्यको लागि सृजित कोषको रकम दुरुपयोग भई भ्रष्टाचारजन्य कार्य भएकोले सो कार्यमा संलग्न नेपाल प्रहरीका पूर्व महानिरीक्षकहरु ओंम विक्रम राणा, हेम वहादुर गुरुङ, प्रधानमन्त्रीका सुरक्षा सल्लाहकार निवर्तमान प्रहरी महानिरीक्षक रमेश चन्द ठकुरी, प्रहरी अतिरिक्त महानिरीक्षक मदन वहादुर खड्का, अर्जुनजंग शाही, पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक दिपक सिंह थाङदेन, दिपेन्द्र वहादुर विष्ट र श्याम सिंह थापा, प्रहरी नायव महानिरीक्षकहरु रमेश विक्रम शाह, टपेन्द्रध्वज हमाल, पूर्व प्रहरी नायव महानिरीक्षकहरु दिपक कुमार श्रेष्ठ, निरज पुन, सुरेन्द्र वहादुर पाल, प्रहरी वरिष्ठ उपरीक्षकहरु रवि प्रताप राणा, श्याम वहादुर खडका, शिव लामिछाने, डा. अजित गुरुङ, विजयलाल कायस्थ, रमेश कुमार पाण्डेय पूर्व प्रहरी वरिष्ठ उपरीक्षक नरेन्द्र कुमार खालिङ, प्रहरी उपरीक्षकहरु मनोज न्यौपाने, निरज वहादुर साही, गुप्त वहादुर श्रेष्ठ, ई.कृष्ण प्रसाद गुरागाईं, संजय सिंह वस्नेत, पिताम्वर अधिकारी, का.मु. प्रहरी उपरीक्षक डा. रामकृष्ण राजभण्डारी, प्रहरी नायव उपरिक्षकहरु विद्याराज श्रेष्ठ, प्रकाश अधिकारी, ई.दिनेश के.सी., पूर्व प्रहरी नायव उपरिक्षक हरिहर श्रेष्ठ, तथा प्रहरी निरीक्षकहरु अर्जुन प्रसाद तिम्सिना, लालगोविन्द श्रेष्ठ र गिरीधारी शर्मालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ तथा ३(१) को खण्ड 'झ' तथा ८(१) खण्ड 'घ' र 'ञ' को कसूरमा सोही ऐनको दफा ३(१) 'झ' तथा दफा ८(१) मा उल्लेखित सजाय हुन एवम् प्रस्तुत विवादमा संलग्न भएका विशिष्ट श्रेणीका पूर्व तथा वहालवाला प्रहरी कर्मचारीहरु, ओंम विक्रम राणा, हेम वहादुर गुरुङ, रमेशचन्द्र ठकुरी, प्रहरी अतिरिक्त महानिरीक्षक मदन वहादुर खडका, अर्जुनजंग शाही, दिपक सिंह थाङदेन, दिपेन्द्र वहादुर विष्ट र श्याम सिंह थापालाई भ्रष्टाचार ऐन, २०५९ को दफा २४ बमोजिम थप सजायको समेत मागदावी लिइ मुद्दा चलाइएको ।

आपूर्तिकर्ता Assured Risks Ltd. लाई अनुसन्धानको क्रममा आयोगमा उपस्थित हुन परराष्ट्र मन्त्रालय एवं स्थानीय प्रतिनिधी भगवती ट्रेडर्स मार्फत सूचना पठाउदा पनि आफु उपस्थित नभई जवाफ पठाएको पाइयो । जवाफमा नेपाल प्रहरीलाई गुणस्तरयुक्त सामान पठाएको, समयमा नै सामान बन्दरगाहबाट नहटाई नुनिलो पानीमा लामो अवधिसम्म राखी नियमित सरसफाई एवं मर्मत नगरेका कारणले विग्रेकोमा आपूर्तिकर्ताको कुनै दोष नभएको, विना कुनै शर्त अन्तिम किस्ता समेतको भुक्तानी दिई धन्यबाद समेत दिएको, नेपाल प्रहरीले अन्य कुनै उपचारको बाटो पनि नअपनाएको, स्थानीय प्रतिनिधि कमिसन एजेन्ट मात्र भएको र निजलाई सामानको आपूर्तिका सम्वन्धमा कुनै दायित्व नभएको भन्ने उल्लेख गरे तापनि उक्त कम्पनिलाई संयुक्त राष्ट्र संघले सामानको स्तर जाच्ने र स्तरयुक्त नभएमा मर्मत वा बदली गर्नु पर्ने बारेमा जानकारी हुनुका साथै गुणस्तरयुक्त सामानको आपूर्ति नभएको अवस्थामा मर्मत वा वदली गर्नु पर्ने, १ वर्षको वारेन्टी अवधि रहेको लगायतका बुँदाहरु नेपाल प्रहरीसंग मिति २७ सेप्टेम्बर २००७ मा गरेको संझौतामा उल्लेख भएको । उक्त सम्झौता बमोजिमको गुणस्तरयुक्त सामानको आपूर्ति नगरेको, वारेन्टी आवधि भित्रै संयुक्त राष्ट्र संघले सामानको कैफियत देखाउदा पनि मर्मत वा बदली नगरेको हुँदा सम्झौताका शर्त मुताविक काम गरेको पाइएन । यसले गर्दा नेपाल प्रहरीको रकम हानी नोक्सानी हुन पुगेको छ भने उक्त कम्पनिले काम नलाग्ने पुरानो ए.पि.सि. लगायतका सामन नेपाल प्रहरीलाई आपूर्ति गरी सोबाट आफूलाई अनुचित तथा अत्याधिक आर्थिक फाइदा प्राप्त गरेको स्पष्ट देखियो । उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) को कसुर हुँदा सोहि ऐनको दफा २३ ले व्यवस्था गरे मुताविक Assured Risks Limited, London को मुख्य कारोबार गरेको उक्त कम्पनिका डाइरेक्टर Michael Rider उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम सजाय हुन माग दावी लिने

तथा गुणस्तर हिन APC आपूर्ति गरी नेपाल प्रहरीलाई हानी नोक्सानी पुऱ्याएकोले हानी नोक्सानीको विगो तालिकामा उल्लेख गरिएको रकम रु. २८,८१,६१,६२९।३० र सोमा फैसला हुँदाको मितिसम्म प्रचलित नेपाल कानून बमोजिम लाग्ने व्याज समेत गणना गरी Assured Risks Limited London का डाइरेक्टर Michael Rider बाट प्रहरी प्रधान कार्यालयको कल्याण कोषलाई दिलाई भराई पाउन समेत मागदावी गरी मुद्दा चलाउने ।

APC,Truck Utility Cargo, Truck Water Tankers, Ambulance, Jeep 4x4 with military radio, command post container, Ammunition store container, other containers, night vision, GPS लगायतका सामानहरुको मूल्य भगवती ट्रेडर्सका प्रोप्राइटर एवम् Assured Risks Ltd, London का स्थानीय प्रतिनिधि शम्भु भारतीसंग प्रहरी कल्याण कोष संचालक समितिका अध्यक्ष श्याम सिंह थापाको निर्देशनमा सो समितिका सदस्य सचिव एवम् शाखा अधिकारी तत्कालिन प्र.उ. रविप्रताप राणाले दररेट लिई निजले उपलब्ध गराएको दररेटका आधारमा योजना प्रतिवेदन (लागत अनुमान) तयार गरेको । प्रहरी महानिरीक्षक ओमविक्रम राणाले शम्भु भारतीकै फर्मलाई ठेक्का दिनु भनी निर्देशन दिएको कुरा समेतको पुष्टि निम्नानुसारका प्रमाणबाट स्पष्ट हुने देखिन्छ ।

FPU मा पठाउनु पर्ने सुरक्षा प्रयोजनसंग सम्बन्धित सामानहरु सूचिकृत फर्महरु मध्येबाट खरीद कार्य सम्पादन गर्ने समेतको कार्य गर्न संचालक समितिका अध्यक्ष श्याम सिंह थापा, दिपक कुमार श्रेष्ठको अध्यक्षतामा मिति ०६४।५।१६ मा १३ सदस्यीय खरीद बोर्ड गठन गरी दिएको । तर जुन खरीद कार्य समेतको लागि बोर्ड गठन गरिएको हो सो गठन गरेको मिति भन्दा ६ दिन अगावै २७ अगष्ट २००७ अर्थात ०६४।५।१० मा नै निज श्याम सिंह थापा स्वयमले प्र.म.नि. ओम विक्रम राणाको निर्देशन बमोजिम Assured Risks Ltd, London का स्थानीय प्रतिनिधि एवं भगवती ट्रेडर्सका प्रो. शम्भु भारती मार्फत स्थानीय प्रतिनिधि श्रीज्वल ट्रेडर्सका प्रो. प्रणिमा बैद्य (जोशी) (शम्भु भारतीको साली एवं भगवती ट्रेडर्सका प्रबन्धक) Relica Internationa Ltd. London,का स्थानीय प्रतिनिधि लालिगुराँस इन्टरप्राइजेज भएको Chendgu Yidan Import & Export Co. Ltd. China, का नाममा सुरक्षा प्रयोजनसंग सम्बन्धित APC लगायत विभिन्न सामानहरुको दरभाउ पत्र पेश गर्न लगाएको । तीनवटै दर भाउ सम्बन्धी पत्रहरु भगवती ट्रेडर्सका प्रतिनिधिलाई प्रहरी कल्याण शाखाले बुझाई दिएको (भगवती ट्रेडर्सका शम्भु भारतीलाई नै ठेक्का दिने निर्देशन भएकोले) भन्ने व्यहोरा सो शाखाका कार्यरत एवम् कोष संचालक समितिका सदस्य सचिव रवि प्रताप राणाको बयानबाट खुल्न आएको छ । पछि घटाघट सम्बन्धी ३ वटै फर्मको पत्र शम्भु भारती स्वयमले दर्ता गर्न ल्याएको पनि बयानबाट देखिन्छ ।

Mobile House को टेण्डर फाराम र Fork Lift को टेण्डर फाराम भगवती ट्रेडर्सका प्रतिनिधिले नै सबै ३।३ वटा टेण्डर फाराम बुझी लिएको र दुई वटै ठेक्का निज शम्भु भारतीलाई नै परेको प्रमाणबाट पनि रविप्रताप राणाले दिएको बयानको पुष्टि हुन आएको छ ।

भगवती ट्रेडर्सले पेश गरेको बोलपत्र सम्बन्धी कागजातमा Note:- APC Model will be OT64 and it is refurbished भनी हातैले पछिबाट लेखी शम्भु भारतीले दस्तखत गरेको हो भन्ने कुरा रविप्रताप राणाको बयान र सो शिलबन्दी दरभाउ पत्र खोल्दाको मुचुल्का कागजातमा सो व्यहोरा उल्लेख नभएबाट स्पष्ट हुन्छ । शम्भु भारतीले Assured Risks Ltd. London, का तर्फबाट पेश गरेको दरभाउ पत्र बमोजिम शुरुमा अमेरिकी डलर

४९,०९,८९४।५४ कबोल गरेको र अन्य २ वटा फर्मले घट्न नमानेको तर भगवती ट्रेडर्सले अमेरिकी डलर ४४,५८,९७२।०५ कायम गरेको, जुन लागत अनुमान भन्दा अमेरिकी डलर ४१२।५९ मात्र कम भई लागत अनुमान भन्दा ०.००९ प्रतिसत मात्र कम भएको देखिन्छ । भगवती ट्रेडर्सले घटाघट गर्दा APC को एकाई मूल्य शुरुको यु.एस. डलर ४,१८,३५५ बाट घटाई ३,७९,२३८।८० कायम गरेको देखिन्छ । जबकी सेप्टेम्बर ११, २००७ मा घटाघट गर्न Assured Risks Ltd, London लाई लेखेको पत्रमा APC को मूल्य मा घटाघट गर्न भनिएकै छैन ।

त्यस्तै गरी Relica International Limited ले श्रीज्वल ट्रेडर्सलाई २२ जुन २०० (साल स्पष्ट नभएको) मा र Assured Risks Ltd ले भगवती ट्रेडर्सलाई दिएको भनिएको १७ जुन, २००७ को Authority Letter मा उल्लेख भएको व्यहोरा हुबहु एउटै छ र ती पत्रहरु दरभाउ पत्र पेश गर्न लेखिएको शर्त बमोजिम Orginal हुनु पर्नेमा फोटोकपी मात्र भई प्रमाणित समेत गरिएका छैनन् ।

सूचीकृत भएका फर्महरुको विवरण हेर्दा A–all अन्तर्गत जम्मा ३४ वटा फर्म सूचीकृत भएकोमा भगवती ट्रेडर्स (प्रो. शम्भु भारती), भारती ट्रेडर्स (प्रो. पुर्णिमा भारती (बैद्य), शम्भु भारतीकी श्रीमति र श्रीज्वल ट्रेडर्स (प्रो. प्रणिमा बैद्य-शम्भु भारतीकी साली) का नाममा १४ वटा विदेशी फर्महरुको स्थानीय प्रतिनिधीका रुपमा सूचीकृत भएको समेत देखिन्छ । माथि उल्लेखित तथ्य र प्रमाणहरुबाट शम्भु भारतीलाई जसरी पनि ठेक्का दिने गरी काम कारवाही भएको स्पष्ट देखिन्छ । यसरी मिलेमतो समेत गरी ठेक्का लिने दिने कार्य भएको व्यहोरा पुष्टि भएको हुँदा निज शम्भु भारतीको कसूर स्थापित हुने नै देखिन्छ ।

शम्भु भारतीले London मा १४ जुन २००७ मा भगवती ट्रेडर्स र Assured Risks Ltd बीच स्थानीय प्रतिनिधि भई काम गर्ने सम्बन्धमा सम्झौता गरेको भनी सम्झौता पत्र आयोगमा पेश गरेको सो मितिमा निज भारती लण्डनमा नभएको व्यहोरा निजको राहदानीबाट देखिन्छ । यसरी जुन सम्झौताका आधारमा सम्पूर्ण सुडान प्रकरण सम्बन्धित कारोवार भएको छ सो सम्झौतालाई Assured Risks Ltd, London ले निरन्तरता दिए तापनि सो सम्झौता कानून सम्मत भएको पनि देखिदैन ।

खरीद बोर्डका अध्यक्ष दिपक कुमार श्रेष्ठको बयानबाट पानी टैंकर र एम्बुलेन्स ३।३ थान चीनबाट खरीद भएको । नेपालमा खरीद भएका सामानहरुको Pre Deployment Visit Team ले निरीक्षण गरे पश्चात् संयुक्त राष्ट्र संघले काठमाडौंमा भएको सामान र चीनबाट खरीद भएको सामान पनि कलकत्ता पोर्टमा प्राप्त भएपछि सबै सामान संकलन गरी संयुक्त राष्ट्र संघले कलकत्ताबाट सुडान पोर्टमा ढुवानी गरी दिने भएको हुँदा चीनबाट खरीद भएको उक्त पानी टैंकर ३ थान र एम्बुलेन्स ३ थान पनि कलकत्ता पोर्टसम्म ठेकेदारले नै पुऱ्याउनु पर्ने भएको हुँदा ठेकेदारका स्थानीय प्रतिनिधि शम्भु भारतीले कलकत्ताको सट्टा सुडान पोर्टसम्मै निःशुल्क ढुवानी गरिदिने समझदारी भएको भन्ने व्यहोरा निज दिपक कुमार श्रेष्ठ र रविप्रताप राणाको बयानबाट स्पष्ट देखिन्छ । सो व्यहोरा उक्त सामानको मिति २२ र २५ डिसेम्बर २००७ को Commercial Invoice नं. AR/0010-2007 / AR/0011-2007 मा Total CIF Sudan Price In US Dollar भनी उल्लेख भएबाट पनि पुष्टि हुन आएको ।

यसरी Assured Risks Ltd. ले कबोल गरेकै मूल्यमै सुडान पोर्टमा उक्त सामान उपलब्ध गराई दिनुपर्नेमा पछिबाट छुट्टै ढुवानी सम्झौता तयार गरी उक्त Commcerial Invoice बमोजमकै रकम यू.एस. डलर ५१,४६७।- शम्भु भारतीले बुझि लिएको देखिन्छ । पछिबाट गर्नै नहुने छुट्टै सम्झौता गरी उक्त रकम लिए दिएको व्यहोरा ती सामानहरुको बीमा वापतको रकम दावी नगरेबाट पनि स्पष्ट हुन्छ ।

APC Spare Parts को बीमा र ढुवानी वापत भनी ठे. को स्थानीय प्रतिनिधि शम्भु भारतीले मिति ०६५।७।२९ मा यू.एस. डलर ६२,५८०।- भुक्तानी लिंदा मूल्य अभिवृद्धि कर वापत यू.एस. डलर २,०८०।- समेत बुझि लिएको देखिन्छ ।

त्यस्तै गरी ८ थान APC को यू.एस. डलर ३३,२७,२९५।- बराबरको बिमा गर्न भनी ठे. का स्थानीय प्रतिनिधि शम्भु भारतीले यू.एस. डलर ७३,५३४।- मिति ०६५।५।३ मा बुझी लिएकोमा सो रकम बराबरको बीमा नगरी यू.एस. डलर ३०,३३,९११।- बराबरको मात्र बीमा गरेको र बीमा गर्दा मूल्य अभिवृद्धि कर वापत भनी यू.एस.डलर ८,४६१।- समेत बुझी लिएको देखिन्छ । भुक्तानी माग गर्दा Tax Invoice जारी नगरेको अवस्थामा मूल्य अभिवृद्धि कर वापतको रकम दावी गरी बुझी लिएको कुरा कानून सम्मत देखिदैन ।

विभिन्न मितिमा Assured Risks Ltd, London का तर्फबाट भगवती ट्रेडर्सका प्रो. शम्भु भारतीले प्रहरी प्रधान कार्यालयबाट रु. ३,१०,३७,३३०।७२ बुझि लिएको भनी बयान दिएको र सो कुरा श्रेस्ताबाट पनि पुष्टि भएको देखिन्छ ।

सो रकम मध्ये ने.रु. १,९१,००,०००।- ३० अगष्ट २००९ मा Assured Risks Ltd, London का Director Michael Rider लाई र २३ फरवरी २००८ मा ने.रु. ५४,८९,३५७।७२ सोही कम्पनीका प्रोजेक्ट मेनेजर Gregory Wade लाई बुझाएको भनी निज शम्भु भारतीले भरपाई पेश गरेको । त्यस्तै गरी कुन मितिमा रकम बुझिलिएको भन्ने मिति उल्लेख नगरी ने.रु. ४९,५९,४६५।- Mihael Rider ले र ने.रु. १४,८९,५०८।- Gregory ले शम्भु भारतीसंग बुझी लिएको भनी निज भारतीलाई Michael Rider ले Email पठाएको र ती तीनवटै भरपाई बमोजिम हुने जम्मा ने.रु. ३,१०,३७,३३०।७२ प्रहरी प्रधान कार्यालयबाट Assured Risks Ltd. को तर्फबाट बुझिलिएको रकम सो कम्पनीलाई फिर्ता बुझाएको भन्ने देखाउन उक्त भरपाईहरु तयार गरेको देखिन्छ ।

उक्त रकम ठे. का स्थानीय प्रतिनिधि भारतीले घरमै सुरक्षित राखेको र माग गरे अनुसारको रकम घरबाट ल्याई बुझाएको भन्ने बयान दिएको र बैंक खातामा उक्त रकमको कारोवार भएको समेत नदेखिएको र सो रकमका सम्बन्धमा Assured Risks Ltd. लाई म्याद पठाउँदा सोको जवाफमा समेत उक्त रकम सो कम्पनीले बुझि लिएको भन्ने व्यहोरा उल्लेख भए तापनि विदेशी कम्पनीले त्यति ठूलो रकम नेपाली मुद्रामा बुझि लिएको भन्ने कुरा बैंकमा कारोवार समेत नभएकोले विश्वास योग्य मान्न सकिएन ।

माथि उल्लेखित विवरणहरुबाट Assured Risks Ltd, London का Principal कम्पनिका स्थानीय प्रतिनिधि भगवती ट्रेडर्सका प्रोप्राइटर शम्भु भारतीले प्रहरी प्रधान कार्यालयका तत्कालिन प्रमुख ओम विक्रम राणासंग मिलेमतो र साँठगाँठ गरी कमसल र पुराना APC हरु र त्यसका काम नलाग्ने Spare Parts हरु सप्लाई गरी प्रहरी प्रधान कार्यालय र

Assured Risks Ltd. London का तर्फबाट स्थानीय प्रतिनिधि निज शम्भु भारतीसंगको 27 September 2007 को सम्झौताको दफा २ को खण्ड "d" मा उल्लेखित "Goods will be supplied as per the quotation and specification mentioned in para 2(a). The consignment will be dispatched only after the inspection and approval of UN inspection Team. In case of any discrepancies in the quality of the goods supplied as stated above the seller will be fully responsible to replace the goods within the given time bearing all costs associated with the replacements of all items with discrepancies." भन्ने शर्तहरु पनि पालना नगरी APC वापतको रकम प्रहरी प्रधान कार्यालयको कल्याण कोषलाई हालसम्म Refund समेत नभई निज मार्फत् पठाइएका APC थान ८ काम नलाग्ने (Non serviceable) भएकाले निज स्थानीय प्रतिनिधि भगवती ट्रेडर्सका मुख्य व्यक्ति शम्भु भारतीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसूर गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २३ को प्रावधान अनुसार निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम सजाय हुनुका साथै प्रहरी प्रधान कार्यालय, कल्याण कोषको कुल विगो रकम रु. २८,८१,६१,६२९।३० र सोमा फैसला हुँदाको मितिसम्म प्रचलित नेपाल कानून अनुसार लाग्ने व्याज समेत गणना गरी मूल कम्पनी Assured Risks Ltd London र स्थानीय एजेण्ट निज शम्भु भारतीबाट दिलाई भराई पाउन मागदावी लिइएको ।

६१. धनगढी नगरपालिका कार्यालय, कैलालीका तत्कालीन ओ.सी. पूर्णबहादुर रावलले शुरु नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएको र निजको कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

६२. राष्ट्रिय प्रकृति संरक्षण कोषका सहायक रामप्रसाद गुरुङ्गले बढुवा लिने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारवाही हुन भनी यस आयोगमा मिति २०६७।३।२७ मा पर्न आएको उजुरी उपर अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा जिल्ला शिक्षा कार्यालय, कास्कीको प्रमाणिकरण विवरण समेतका आधारमा ती प्रमाणपत्रहरु नक्कली एवं झूट्ठा देखिन आएको र त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसार सजाय हुने कसूर गरेको देखिन आएकोले निजलाई सोही ऐनको सोही दफा बमोजिम सजाय हुन मागदावी लिइएको ।

६३. राष्ट्रिय प्रकृति संरक्षण कोषका पर्यटन सहायक चक्रे कामीले बढुवा लिने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारवाही हुन भनी यस आयोगमा मिति २०६७।३।२७ मा पर्न आएको उजूरी उपर अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा जिल्ला शिक्षा कार्यालय, कास्कीको प्रमाणिकरण विवरण समेतका आधारमा ती प्रमाणपत्रहरु नक्कली एवं झूट्ठा देखिई निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार

निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन मागदावी लिइएको ।

६४. त्रिभुवन उच्च मा.वि. गौशाला महोत्तरीका तत्कालीन शिक्षक सुरेशकुमार यादवले शुरु नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित विश्वविद्यालयबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

६५. आफूलाई तोकिएको जिम्मेवारी अन्तरगत आफू केन्द्राध्यक्ष भएको परीक्षा केन्द्रको लागि प्राप्त प्रश्नपत्रहरु उच्च माध्यमिक शिक्षा परिषद्को निर्देशन एवं सो परिषद्बाट जारी गरिएको परीक्षा सम्बन्धी निर्देशिका, २०६८ तथा नियुक्ति पत्र साथ दिईएका निर्देशन विपरित बिना अधिकारका व्यक्तिलाई प्रहरी कार्यालयमा राखिएका प्रश्नपत्रहरु बुझ्न लगाई सो प्रश्नपत्र बाहिर्‍याउने कार्यमा प्रत्यक्ष संलग्न रहेको देखिंदा जिलेट आवासीय उच्च मा.वि. परीक्षा केन्द्रका केन्द्राध्यक्ष एवं सो उ.मा.वि.का प्रिन्सिपल नेत्रबहादुर लिम्बु तथा बिना अधिकार आफूलाई नभएको जिम्मेवारी लिई महानगरीय प्रहरी वृत्त कालिमाटीबाट निर्धारित समय अगावै प्रश्नपत्र लिई आउने कार्य गरी उक्त प्रश्नपत्र मध्ये भौतिकशास्त्र विषयको प्रश्नपत्र बाहिर्‍याउने कार्यमा सो उ.मा.वि.का सहायक केन्द्राध्यक्ष रुद्र अधिकारी तथा सोही उ.मा.वि.का कर्मचारी नरेन्द्र सुवेदी संलग्न रहेको देखिन आउनुका साथै सो परीक्षा संचालन कार्यमा पर्यवेक्षकको रुपमा नियुक्त भई उच्च माध्यमिक शिक्षा परिषद्बाट जारी परीक्षा सम्बन्धी निर्देशिका, २०६८ अनुसार आफूलाई तोकिएको जिम्मेवारी विपरितको कार्य निज पर्यवेक्षक तिर्थराज बरालले गरेको देखिन आयो । नरेन्द्र सुवेदी उक्त जिलेट आवासीय उच्च माध्यमिक विद्यालयको कर्मचारी भएका र सहायक केन्द्राध्यक्ष रुद्र अधिकारीसंग प्रश्नपत्र बाहिर्‍याउने र सो विक्री गरी केही रकम उठाउने सम्बन्धमा सरसल्लाह भई बारम्बार सम्पर्क भएको देखिन्छ । नरेन्द्र सुवेदी र निजको सानी आमाको छोरा सन्तोष कुइकेल बीच पनि यसै विषयमा बराबर सम्पर्क भएको तथा निज सन्तोष कुइकेलसंग चिनजान भएका बिनोद बस्नेत समेत बीच यस सम्बन्धमा कुराकानी, सरसल्लाह भई परीक्षा हुनु अगावै बाहिरिएको उक्त भौतिकशास्त्र विषयको प्रश्नपत्र विक्री वितरणमा निज विनोद बस्नेत समेतको प्रत्यक्ष संलग्नता देखिन आयो । महानगरीय प्रहरी वृत्त कालिमाटीका प्रवन्ध शाखामा कार्यरत प्रहरी हवल्दार गुप्तबहादुर क्षेत्रीले आफूले पाएको जिम्मेवारी अनुसार सम्बन्धित केन्द्रका केन्द्राध्यक्षलाई निजको नियुक्तिपत्र र परिचयपत्र समेत हेरी प्रत्येक दिन संचालन हुने परीक्षाको प्रश्नपत्र तथा सम्बन्धित अन्य कागजातहरु यकिन गरी रुजु गरिसकेपछि मात्र भरपाई गराई उपलब्ध गराई दिनु पर्नेमा सो नगरी बिना अधिकारका सहायक केन्द्राध्यक्ष रुद्र अधिकारी एवं कर्मचारी नरेन्द्र सुवेदीलाई बुझाएको देखियो । यसरी बुझाईएका प्रश्नपत्रहरु मध्ये २०६८ वैशाख २१ गतेको भौतिकशास्त्र विषयको प्रश्नपत्र बाहिरिएको कारण उक्त परीक्षा रद्द हुन गई उच्च माध्यमिक शिक्षा परिषद्को रु.६९,००,०००। (उनान्सत्तरी लाख) हानी-नोक्सानी हुन गएको तथ्य स्थापित हुन आई निज अभियुक्तहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३, १७ र ३ बमोजिमको कसुर गरेको देखिन आयो । अतः उपरोक्त प्रश्नपत्र निर्धारित समय अगावै बाहिर्‍याउने कार्यमा

संलग्न अभियुक्तहरु मध्ये नेत्रबहादुर लिम्बु, रुद्र अधिकारी, तिर्थराज बराल तथा गुप्तबहादुर क्षेत्री उपर "प्रश्नपत्रको गोपनियता भङ्ग गरी भ्रष्टाचार गरेको मुद्दामा" भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३, १७ र ३(१) को खण्ड (ज) को कसूरमा सोही ऐनको दफा १३, १७ र ३(१) को खण्ड (ज) बमोजिम र सोही कार्यमा प्रत्यक्ष संलग्न रहेका अन्य अभियुक्तहरु नरेन्द्र सुवेदी, सन्तोष कुइकेल तथा बिनोद बस्नेतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३, १७ र ३(२) को कसुरमा सोही दफा १३, १७ र ३(१) को खण्ड (ज) बमोजिम सजाय गरी सो प्रश्नपत्र बाहिरिएको कारण उच्च माध्यमिक शिक्षा परिषद्को हानीनोक्सानी हुन गएको बिगो रु.६९,००,०००।- (उनान्सत्तरी लाख) निज सबै अभियुक्तहरुबाट दफा १७ बमोजिम सो परिषद्लाई दिलाई भराई दिन समेतको मागदावी लिइएको ।

परिच्छेद - ४
पुनरावेदन/पुनरावलोकन गरिएका मुद्दाहरू

भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट आर्थिक वर्ष २०६७।०६८ मा भएका फैसलाहरु र यस आयोगबाट भएका निर्णयहरु विरुद्ध परेका पुनराबेदनमा सो अदालतबाट भएका फैसलाहरुमा चित्त नबुझी आयोगद्वारा सर्वोच्च अदालतमा दायर गरिएका पुनरावेदन तथा पुनराबेदन अदालतबाट भएको फैसला दोहोऱ्याई हेरी पाउन दिएको निवेदनको विवरण:

क. आयोगबाट दायर भएका भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएका फैसला उपर दायर भएका पुनरावेदनहरुः-

१. सर्लाही जिल्ला हरिपुर गा.बि.स. वार्ड नं. ८ घर भई काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. ९ पिंगनस्थान बस्ने वीरगंज भंसार कार्यालय अन्तर्गत छोटी भन्सार अलौ (पर्सा) का तत्कालीन ना.सु.केदारप्रसाद चालिसे.....
ऐ ऐ बस्ने केदारप्रसाद चालिसेकी श्रीमती पदमा पोखरेल चालिसे.....
ऐ ऐ बस्ने त्रि.बि. शिक्षण अस्पतालमा तत्काल कार्यरत डा.प्रल्हादकुमार चालिसे.....
ताप्लेजुङ जिल्ला नाङखोल्याङ गा.बि.स.घर भई महोत्तरी जिल्ला स्थित बेलगाछी उपस्वास्थ्य चौकीका तत्कालीन अ.हे.व. नानीमैयां दाहाल (खतिवडा) .....
मोरङ जिल्ला सुन्दरपुर गा.बि.स. वडा नं. १ गोठगाउं बस्ने पेशल पोखरेल.....

मुद्दाः गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको ।
फैसला मितिः २०६६।१०।१५
आयोगको दावी र विशेष अदालतको फैसलाः

प्रतिवादी केदारप्रसाद चालिसेले बिगो रू.८१,६८,९९१।८९ बराबरको चल अचल सम्पत्ति गैरकानूनी रुपमा आर्जन गरी सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसूर गरेकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम सजाय हुन र श्रीमती पद्मा चालिसे, प्रल्हादकुमार चालिसे, नानीमैया दाहाल, पेशल पोखरेल एवं प्रतिवादी नबनाइएका नाबालक रेयुशा चालिसेको नाममा उपरोक्तानुसार रहेको अवैध आर्जनको संपत्ति समेत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम जफत भई ऐ दफा ३० बमोजिम जफत गरिपाउन समेत मागदाबी लिई विशेष अदालतमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादी केदारप्रसाद चालिसे उपरको कसूर ठहर भए तापनि बिगो कायम गर्दा मागदाबी बमोजिम नगरी रू. ४१,७१,१७५।९० मात्र कायम गरी फैसला भएको ।

फैसलाका आधारहरुः

(क) जग्गाको मूल्य मालपोत कार्यालयबाट पारित लिखतमा अंकित मूल्य नै वास्तविक मूल्य मान्नु पर्ने,
(ख) घर निर्माण तर्फ शहरी विकास तथा भवन निर्माण विभागले निर्धारण गरेको दररेटमा ठेक्का कर र ओभरहेड खर्चगरी २० प्रतिशत रकम व्यक्तिगत रुपमा घर निर्माण गर्दा नलाग्ने हुँदा आधारभूत लागतमा घटन जाने,
(ग) फर्निचरको मूल्य कायम गर्दा मूल्यको ५० प्रतिशत रकम फर्निचरमा लगानी हुने र विद्युतीय सामानमा उल्लेख भए अनुसारको रकम नै मोल कायम गरी न्यायोचित हिसाबबाट मूल्यांकन गरी अघिल्लो मुद्दाहरुमा पनि लागत मूल्य कायम गर्ने गरेको,
(घ) प्रतिवादीको घरबाट बरामद भएको सिक्री, टप, चुरा, टिकादानी करुवा जस्ता सामान घरायसी प्रयोगमा आउने प्रकृतिको भएकोले बिगोमा समावेश गर्न नमिल्ने ।
(ङ) प्रतिवादी केदारप्रसाद चालिसेको भान्जी नाताकी प्रतिवादी नानीमैयां दाहालको नाममा रा.बा.बैंक, गौशालामा रहेको रू.२,६८,२२०।३० निज र निजको पति राष्ट्रसेवक भएकोले निजहरु स्वयंले आर्जन गर्न सक्ने देखिएको ।
(च) प्रतिवदीले जांच अवधिमा तलब बापत जम्मा रू. ४,८७,९५५।१७ प्राप्त गरेको भनी अभियोगपत्रमा उल्लेख भएता पनि सो अवधिमा तलव भत्ता र अन्य सुविधाको रकम समेत गरी जम्मा रू.६,६०,५०४।४३ प्राप्त गरेको भनी बयानमा उल्लेख गरेको ।
(छ) हाम्रो सामाजिक परम्परा र संरचना अनुसार आफन्तले क्षमता अनुसार केही रकम लिनुदिनु गर्ने गरेको कुरा सामान्य नै भएकोले दक्षिणा टीकाटालो बापतको आय न्यायिक अनुमानको आधारमा रू.१७,०००।- निजको आयमा समाबेश हुने ।
(ज) पक्षको पारीवारिक र सामाजिक हैसियतलाई विचार गर्दा प्रतिवादी पद्मा पोखरेल चालिसेले २०४९ सालमा बाबुबाट रू.२,००,०००।- दाइजो वापत पाएकोलाई न्यायोचित मान्न सकिने ।
(झ) प्रतिवादीको श्रीमती पद्मा चालिसेले आफ्नो पिताबाट पाएको एक बिगाह जग्गाको कृषि आय बार्षिक रू.२०,०००।- हुने भनी आयोगले नै मान्यता दिएकोले निजको नामको अन्य जग्गाको समेत सोही हिसावबाट कृषि आय गणना हुने ।
(ञ) प्रतिवदी केदारप्रसाद चालिसेको नाममा कृषि विकास बैंक बत्तीसपुतली, राष्ट्रिय बाणिज्य बैंक, सिंहदरवार र नेपाल बैंक लिमिटेड, वीरगंजमा रहेको खाताबाट रू.९८,८९८।७८ व्याज प्राप्त भएको कुरा बहसनोट साथ प्रस्तुत कागजातबाट देखिन आएकोले सो रकम प्रतिवादीको वैध आयभित्र समाबेश हुने ।

पुनरावेदनका आधारहरुः

यस आयोगबाट प्रत्यर्थी केदारप्रसाद चालिसे समेत विरुद्ध विशेष अदालत, काठमाडौंमा दायर गरिएको गैरकानूनी सम्पत्ति आर्जन सम्बन्धी भ्रष्टाचार मुद्दाको आरोपपत्रमा प्रत्यर्थीले सार्वजनिक पदमा प्रवेश गरेपछिका अवधिमा निजले आफ्नो, पत्नी छोरी, भाइ, भान्जा तथा सालो समेतका नाममा जोडेको चल अचल सम्पत्ति उल्लेख गरी सो अवधिमा निजलाई प्राप्त भएका वैध आर्जनबाट बचत हुन सक्ने रकम तथा निजको पैत्रिक सम्पत्तिबाट प्राप्त हुन सक्ने

आय हिसाव गरी तथा सो आयबाट निजले उल्लेख गरे अनुसारका खर्च कट्टा गरी बाँकी रहने बचत रकमबाट आरोपपत्रमा उल्लेख भएका चल अचल सम्पत्ति खरिद गर्न, सृजना गर्न श्रोत पुग्न सक्ने नसक्ने सम्बन्धमा विश्लेषण गरी श्रोत पुष्टी हुन नसकेको सम्पत्तिलाई गैरकानूनी आर्जनको सम्पत्ति मानी कानून बमोजिम सजाय हुन र सम्पत्ति जफत हुन मागदावी लिई आरोपपत्र प्रस्तुत गरिएको हो । जसअनुसार अनुसन्धानको समयको मूल्यको आधारमा निजको रू. ८८,६६,०९१।६७ बराबरको चल अचल सम्पत्ति मध्ये रू. ८१,६८,९९१।८९ बराबरको सम्पत्ति श्रोत नखुलेको ठहर गरी आरोपपत्र पेश भएको हो ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रयोजनका लागि सम्पत्तिको गणना तथा श्रोत परीक्षण गर्नुपर्दा सार्वजनिक पदमा प्रवेश गर्दा निजसँग रहे भएको सम्पत्ति यकिन गरी सो सम्पत्ति र तत्पश्चात् निजलाई वैध श्रोतबाट प्राप्त भएका आयबाट निजको पारिवारिक तथा अन्य खर्च कटाई बचत हुन सक्ने आयबाट निजका साथमा अनुसन्धान हुँदा देखिएको सम्पत्तिको श्रोत पुष्टी हुन सक्छ वा सक्दैन भनी सम्पत्ति सृजना गर्दाको समय क्रमका हिसावले विश्लेषण एवं परीक्षण गर्नु पर्नेमा विशेष अदालत, काठमाडौंले प्रतिवादीको सम्पत्तिको श्रोत गणना र परीक्षण गर्दा तल प्रकरणमा उल्लिखित त्रुटी गरी बिगो कम ठहर गरी फैसला गरेकोले सो हदसम्म फैसलामा चित्त नबुझेका कुरा निम्न प्रकरणहरुमा उल्लेख गरी पुनरावेदन जिकिर लिइएको छ ।

विशेष अदालतले प्रत्यर्थीको सम्पत्तिको बैधता परीक्षण गर्दा निजलाई प्राप्त भएका देखिने र प्राप्त हुन सक्ने आयलाई कुन कुन समयमा के कति आय प्राप्त भयो र सम्पत्ति आर्जन गरेको समयमा निजको कति वैध आय बचत भएको हो सो यकिन गरी परीक्षण गर्नुपर्ने थियो । त्यस्तै, आर्जनको मिति यकिन हुन नसक्ने आय सम्बन्धमा पनि साल क्रमका आधारले आय रकम निर्धारण गरी आर्जित सम्पत्तिको श्रोत परीक्षण गर्नुपर्ने अवस्था थियो । तर विशेष अदालतले सवै आयलाई एकमुष्ठ गणना गरी सवै आर्जित सम्पत्तिलाई तत्कालको मूल्यसँग परीक्षण गरेको छ । यसबाट पहिले सम्पत्ति आर्जन गर्दा श्रोत नै नभएको सम्पत्ति पनि सोभन्दा धेरैपछि प्राप्त भएका भनिएका आयबाट पुष्टी गर्ने कार्य भएको छ । यो विशेष अदालतको गम्भीर त्रुटी हो ।

प्रत्यर्थीका साथमा रहेका चल अचल सम्पत्ति र तत्तत् अवधिमा निजले गरेको विशेष खर्च समेत गरी परीक्षण योग्य सम्पत्तिको परिमाण आरोपपत्रमा रू. ८८,६६,०९१।६७ भएको मध्ये प्राप्त आयबाट बिभिन्न शीर्षकमा खर्च गरी रू. ८१,६८,९९१।८९ बराबरको सम्पत्ति गैरकानूनी रुपमा आर्जन गरेको भन्ने दावी भएकोमा विशेष अदालतले परीक्षण योग्य सम्पत्ति तत्कालको मूल्यमा हिसाव गरी रू. ५७,४८,६९९।११ कायम गरी सो मध्ये रू. ४१,७१,१७५।९० लाई मात्र अमिल्दो र अस्वभाविक श्रोत नखुलेको सम्पत्ति ठहर गरेको छ । विशेष अदालतले गरेको यो ठहर त्रुटीपूर्ण छ ।

माथि उल्लिखित जिकिरका अतिरिक्त विशेष अदालतले गरेको फैसला निम्न आधार एवं कानूनी दृष्टिमा समेत त्रुटिपूर्ण रहेकोले उक्त फैसला सो हदसम्म बदरगरी आरोपपत्रको मागदावी बमोजिम हुन निम्न जिकिर प्रस्तुत गरिएको छ -

(क) प्रत्यर्थी श्रीमती पदमा चालिसेका नाममा काठमाडौं लगायत बिभिन्न स्थानमा रहेको जग्गाको मूल्यको सम्बन्धमा प्रत्यर्थी केदारप्रसाद चालिसेले आफ्नी श्रीमती पदमा चालिसेका नाममा विभिन्न ठाउँमा पटक पटक गरी जम्मा मूल्य रू. २५,८०,००२।- मा जग्गा खरिद भएको तथ्यलाई विशेष अदालतले स्विकार गरेकै छ । ती जग्गाहरु खरिद गर्न निजको तत्तत् अवधीसम्मको आयबाट पुग्ने नदेखिएको अवस्थामा ती जग्गाहरु वैध श्रोतबाट खरिद गरेको भनी मान्न सकिने हुदैन । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम अवैधानिक श्रोतबाट आर्जन गरेको सम्पत्ति जफत गर्ने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा हालको मूल्यांकन गर्ने व्यवस्थालाई अन्यथा भनी साविकको मूल्यलाई नै आधार मानी गरेको फैसला त्रुटिपूर्ण छ ।

(ख) प्रतिवादीको काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ९ कि.नं.४९,१३३,३१९,र ३९१ को ०-७-३-३ जग्गामा रहेको घर निर्माणको रू.२३,७४,५५३।७७ र विद्युतीय उपकरण वापत रू.७७,२००।- तथा फर्निचर वापत रू.३,३३,१३८।- गरी जम्मा रू.२७,८४,८९१।७७ दाबी लिइएकोमा विशेष अदालतले आत्मनिष्ठ रुपमा रू. २१,२३,४५२।- मात्र कायम गरेको छ । प्रतिवादीले उक्त घर २०५५ सालदेखि निर्माण कार्य शुरु गरी २०५९ सालमा समाप्त भएको भनी बयानमा उल्लेख गरेको देखिन्छ । उक्त घर निर्माणका बखत लागेको रकमको सो समयमा प्रतिवादीसँग बैधानिक आय थियो थिएन भनी हेर्नुपर्ने हुन्छ । सो अवधिमा निजले प्राप्त गरेको नगद वैध सम्पत्ति मध्ये तलव बापत २,०१,४९६।-, काठमाडौंको कपन स्थित जग्गा २०५९ सालमा बिक्रि गरी प्राप्त रू.१,५०,०००।-, कृषि आय रू.२०,०००।-, र भन्सार कार्यालयमा कार्यरत रहंदा प्राप्त कमिशन बापतको रकम लगानी गरी बृद्धि हुन आएको रू.३९,१४४।६१ समेत गरी रू.४,१०,१४०।६१ मात्र भएको र घर निर्माणमा २७,८४,८९१।७७ खर्च गरेको स्पष्ट रुपमा देखिन आएको अबस्थामा यसरी गैरकानूनी आर्जनको लगानी भएको तथ्यलाई वेवास्ता गरी बिगो कम ठहर गरेको फैसला त्रुटिपूर्ण छ । यसैगरी फर्निचर बापत दावी लिएको रकम हचुवाका रुपमा आधा मात्र कायम गरिएको समेत त्रुटिपूर्ण छ ।

(ग) प्रतिवादीको घरबाट बरामद भएका गहनाहरु बिगोमा समाबेश गर्न नमिल्ने भनी फैसलामा उल्लेख भएको सम्बन्धमा अदालतले ती सामानहरु घरायसी प्रयोगमा आउने भनी हचुवा तर्क खडा गरेको छ । प्रतिवादीले ती सामानहरु आफ्नो पैत्रीक हो भनी पुष्टि गर्न सकेको अबस्था छैन । यसरी गैरकानूनी आर्जनको संपत्ति भन्ने स्पष्ट हुंदा हुंदै घरायसी प्रयोगमा आउने भनी बिगोमा समाबेश नगरेको फैसला त्रुटिपूर्ण छ ।

(घ) प्रतिवादी केदारप्रसाद चालिसेको भान्जी नाताकी प्रतिवादी नानीमैयां दाहालको नाममा रा.बा.बैंक गौशालामा रहेको रू.२,६८,२२०।३० का सम्बन्धमा निज र निजको पति राष्ट्रसेवक भएको, निजहरु स्वयंले आर्जन गर्न सक्ने देखिएको भनी सो रकम आयमा समावेश गरेको सम्बन्धमा निजको नाममा भएको उक्त खातामा मिति २०५७।६।१६ मा पदमा पोखरेलले रू.४,००,०००।- जम्मा गरेको देखिएको अबस्थालाई आरोपपत्रमा समेत उल्लेख गरिएको छ । उक्त चार लाख प्रतिवादी नानीमैयांले के कसरी प्राप्त गरेको हो भन्ने प्रमाण निजले पुऱ्याउन नसकेको र निजको नाममा खाता खोली प्रतिवादी केदारप्रसाद

चालिसेले नै रकम राख्ने झिक्ने गरेको पुष्टि हुन आएको छ । यस्तो अवस्थामा प्रतिवादी नानीमैयाँको अर्को बैंकमा पनि खाता भएको जिकीर बादी पक्षले पुऱ्याउन नसकेको भन्ने झिनो आधार बनाई सो रकम प्रतिवादी केदारप्रसाद चालिसेको बिगोमा गणना नगरेको त्रुटिपूर्ण छ ।

(ङ) तलव भत्ताको सम्बन्धमा आयोगबाट प्रत्यर्थीको सार्वजनिक सेवामा प्रवेश भएपछि अनुसन्धानको अवधिसम्मको तलव बापत जम्मा रू.४,८७,९५५।१७ आय भएको भन्ने उल्लेख गरे तापनि अदालतले रू.६,६०,५०४।४३ कायम गरेको छ । यसरी रू. १,७२,५४९।२६ थप गर्दा फैसलामा प्रतिवादीले यो यो बापत यो मितिमा यो यति रकम प्राप्त गरेको भनी उल्लेख गर्न सकेको देखिदैन । यसरी कारण र आधार नखुलाई प्रतिवादीको थप आय कायम गरेको फैसला त्रुटिपूर्ण छ ।

(च) टीकाटालोबाट दक्षिणा प्राप्त गर्नु स्वभाविकै भएको भन्दै सो बापत रू.१७,०००।- आयमा गणना गरेको तर्फ बिचार गर्दा पनि उक्त रकम दक्षिणा स्वरुप नै प्राप्त गरेको हो भन्ने पुष्टि गर्ने यथेष्ट प्रमाणको अभावमा आत्मगत रुपमा उक्त श्रोत खुल्न नसकेको सम्पत्तिलाई टीकाटालो भन्ने शीर्षक खडा गरी आयमा गणना गरेको त्रुटिपूर्ण छ ।

(छ) दाइजो बापत रू.२,००,०००।- प्राप्त गरेको भनी आयमा समाबेश गरेको सम्बन्धमा उक्त रकम निजले प्राप्त गरेको भन्ने कुनै आधार छैन । सो रकम प्राप्त गरेको भनी निजले बयानमासम्म उल्लेख गरेको देखिन्छ । उक्त बयानमा पद्मा चालिसेले रू.३,७५,०००।- काकाबाट पनि प्राप्त गरेको भनी उल्लेख गरेकोमा समान अबस्थाको उक्त रू.३,७५,०००।- लाई प्रमाणको अभावमा काका भुवनेश्वरबाट दाईजो पाएको जिकीरलाई पत्यारिलो मान्न नसकिने भनी आयमा समाबेश नगरेको अबस्थामा रू.२,००,०००।- लाई चाहिं आयमा समाबेश गरेको फैसला बिरोधाभाषपूर्ण छ ।

(ज) विशेष अदालतले कृषि आय बापत रू. ४,५१,१२०।- प्राप्त हुने भन्दै प्रतिवादी पद्मा चालिसेले आफ्नो पिताजीबाट बकसपत्र पाएको बिराटनगर उ.म.न.पा.वडा नं. ६ कि.नं. ४९० को १-०-० बिगाह जग्गाको कृषि आय रू.२०,०००।- कायम गरेको अबस्थालाई आधार बनाएको छ । आयोगले सो जग्गा यी प्रतिवादीको वैध सम्पत्ति मानी सोको कृषि आय कायम गरी प्रतिवादीको आयमा गणना गरिएको हो । अदालतले कृषी आय कायम गरेका प्रतिवादी पद्मा चालिसेको नाममा रहेका अन्य जग्गाहरु श्रोत नखुलेका भनी आरोपपत्रमा दाबी लिइएका अवैध संपत्ति भएको अबस्थामा त्यसबाट आर्जन भएको आयलाई वैध भनी कृषि आयमा गणना गरेको फैसला त्रुटिपूर्ण रहेको छ ।

(झ) प्रतिवादी केदारप्रसाद चालिसेको नाममा कृषि बिकास बैंक, बत्तीसपुतली, राष्ट्रिय बाणिज्य बैंक, सिंहदरवार र नेपाल बैंक लिमिटेड, वीरगंजमा रहेको खाताबाट रू.९८,८९८।७८ व्याज प्राप्त भएको देखिन आएको भनी सो रकम प्रतिवादीको आयमा समाबेश गरेको सम्बन्धमा अवैध भनी दाबी लिइएको खाताबाट प्राप्त व्याजलाई वैध आयभित्र समाबेश गर्न नहुने भनी अदालत स्वयं सहमत भएको अबस्थामा निजको राष्ट्रिय बाणिज्य बैंक,

सिंहदरवार शाखा र नेपाल बैंक लिमिटेड, वीरगंजमा रहेका खातामा जम्मा भएको रकमका सम्बन्धमा समेत अवैध भनी दाबी रहेको अबस्था हुंदा हुंदै त्यस्तो अवैध रकम बाट प्राप्त हुन आएको व्याज रकमलाई समेत आयमा समाबेश गरेको त्रुटिपूर्ण छ ।

२. महोत्तरी जिल्ला रतौली गोही गा.बि.स. वडा नं. ४ घर भई काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. ७ गौरीघाट बस्ने भौतिक योजना तथा निर्माण मन्त्रालयका तत्कालीन सहसचिव (प्रा.) तनुकलाल यादव.....
काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. ७ गौरीघाट बस्ने तनुकलाल यादवकी श्रीमती लीलावती यादव.....
ऐ. ऐ. बस्ने तनुकालाल यादवको छोरा अभिषेक यादव.....
ऐ. ऐ. बस्ने तनुकालाल यादवको छोरा अभिजित यादव.....

मुद्दाः गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको ।
फैसला मितिः २०६६।१०।१९
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रतिवादी तनुकलाल यादवले गैरकानूनी रुपमा रू.१,२४,८२,४४८।८२ आर्जन गरेको पुष्टि हुन आएकोले निजलाई सावित्र भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), *१० र १५* तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसूर गरेकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम सजाय गरी निज स्वयं, लीलावती यादव, अभिषेक यादव र अभिजीत यादव समेतको नाममा रहेको रू.५५,८३,१८६।८७ बराबरको सम्पत्ति निजहरुका नाममा राखेको सोही चल अचल सम्पत्तिबाट र बैंकबाट झिकी लुकाए छिपाएको श्रोत नखुलेको रू.६८,९९,२६१।९५ निज तनुकलाल यादव र निजका परिवारका सदस्य अन्य प्रतिवादीका नाममा रहेको स्रोत खुलेको सम्पत्तिबाट भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग.र २९ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम असूल उपर गरिपाउन मागदाबी लिई विशेष अदालतमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादी तनुकलाल यादव उपरको कसूर ठहर भए तापनि बिगो कायम गर्दा मागदाबी बमोजिम नगरी रू.२८,२४,८९५।- मात्र बिगो कायम गरी फैसला भएको ।

फैसलाका आधारहरुः

(क) जग्गाको मोलको आधिकारीकताको विषयमा निर्धारण गर्दा मालपोत कार्यालयबाट लिखत पारित हुँदाको लिखतमा अंकित मूल्य नै वास्तविक मूल्य मान्नु पर्ने,

(ख) आवास तथा भौतिक योजना मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभागले निर्धारण गरेको दर रेटमा ठेक्का कर र ओभरहेड खर्च गरी २० प्रतिशत रकम व्यक्तिगत रुपमा घर निर्माण गर्दा नलाग्ने हुँदा आधारभूत लागतमा घटन जाने,

(ग) फर्निचरको मूल्य कायम गर्दा मूल्यको ५० प्रतिशत रकम फर्निचरमा लगानी हुने र विद्युतीय सामानमा उल्लेख भए अनुसारको रकम नै मोल कायम गरी न्यायोचित हिसाबबाट मूल्यांकन गरी अघिल्लो मुद्दाहरुमा पनि लागत मूल्य कायम गरिएको,

(घ) प्रतिवादी तनुकलाल यादव र निजका परिवारका अन्य सदस्यहरुको नाममा बिभिन्न बैंकहरुमा जम्मा भएको रकम झिकी बेपत्ता पारेको मध्ये रू.१६,४१,७५०।- लाई दोहोरो पारी गणना गरिएको हुंदा आयमा गणना हुने ।

(ङ) तलब लगायत दसैं खर्च, संचित घर बिदा तथा बिरामी बिदा, बैठक भत्ता, तथा स्थानीय भत्ता तथा महंगी भत्ता बापतका रकम तथा कर्मचारी भएको वखत स्वदेश भ्रमणबाट प्राप्त गरेको रकम समेत आयमा समावेश हुने,

(च) कर्मचारी संचय कोषको loan detail statement अनुसारको रकम प्रतिवादीको आय कायम हुने ।

(छ) भारतीय वीमा कम्पनीबाट दुई पटक भा.रू. २५,०००।- प्राप्त गरी ने.बै.लि. मा जम्मा गरेको देखिदा सो रकम आयमा समाबेश हुने ।

(ज) हाम्रो समाजको सामाजिक र सांस्कृतिक मान्यताका आधारमा ससुराली/माइती/मावलीबाट सहयोग प्राप्त गरेको हुन सक्ने ।

(झ) टिकाटालो बापत ड्राफ्ट मार्फत् जम्मा भएको भन्ने बैंकको पत्रबाट समर्थित हुन आएकोले सो रकम आयमा समाबेश हुने ।

(ञ) प्रतिवादीले बयानसाथ पेश गरेको हक हस्तान्तरणको कागजातबाट निजले जग्गा बिक्री गरी रू.११,३३,१५०।- आर्जन गरेको देखिन आएको ।

(ट) प्रतिवादीको बैंक मौज्दातमा रहेको मूल धन श्रोत खुलेको सम्पत्तिबाट मात्र जम्मा भएको मान्न सकिने नदेखिएकोले न्यायोचित अनुमानको आधारमा सम्पूर्ण व्याज रकमको ३० प्रतिशत वैध मानी रू.६,१६,५९९।७६ आयमा समाबेश हुने ।

(ठ) आयोगले यस्तै प्रकृतिका केही मुद्दाहरुमा प्रति बिगाह रू.२०,०००।- कृषि आय कायम गरेकोले सोही आधारमा हिसाव गरी कृषि आय कायम हुने ।

(ड) घर भाडा यति नै लगाउने भन्ने कुनै मापदण्ड नभएकाले प्रतिवादीले कर तिरेको आधारमा घर भाडाको रकम हिसाव कितात गर्नु न्यायोचित हुने ।

पुनरावेदनका आधारहरुः

यस आयोगबाट प्रत्यर्थी तनुकलाल यादव समेत विरुद्ध विशेष अदालत, काठमाडौंमा दायर गरिएको गैरकानूनी सम्पत्ति आर्जन सम्बन्धी भ्रष्टाचार मुद्दाको आरोपपत्रमा प्रत्यर्थीले सार्वजनिक पदमा प्रवेश गरेपछिका अवधिमा आफ्नो, पत्नी तथा छोराहरु समेतका नाममा जोडेको चल अचल सम्पत्ति उल्लेख गरी सो अवधिमा निजलाई प्राप्त भएका वैध आर्जनबाट बचत हुन सक्ने रकम तथा निजको पैत्रिक सम्पत्तिबाट प्राप्त हुन सक्ने आय हिसाव गरी तथा सो आयबाट निजले उल्लेख गरे अनुसारका खर्च कट्टा गरी बाँकी रहने बचत रकमबाट आरोपपत्रमा उल्लेख भएका चल अचल सम्पत्ति खरिद गर्न, सृजना गर्न श्रोत पुग्न सक्ने नसक्ने सम्बन्धमा विश्लेषण गरी श्रोत पुष्टी हुन नसकेको सम्पत्तिलाई गैरकानूनी आर्जनको सम्पत्ति मानी कानून बमोजिम सजाय हुन र सम्पत्ति जफत हुन मागदावी गरी आरोपपत्र प्रस्तुत गरिएको हो । जसअनुसार अनुसन्धानको समयको मूल्यको आधारमा निजको रू. २,०९,०२,१३०।४४ बराबरको चल अचल सम्पत्ति मध्ये रू. १,२४,८२,४४८।८२ बराबरको सम्पत्ति श्रोत नखुलेको ठहर गरी आरोपपत्र पेश भएको हो ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रयोजनका लागि सम्पत्तिको गणना तथा श्रोत परीक्षण गर्नुपर्दा सार्वजनिक पदमा प्रवेश गर्दा निजसँग रहे भएको सम्पत्तिको यकिन गरी सो सम्पत्ति र तत्पश्चात् निजलाई वैध श्रोतबाट प्राप्त भएका आयबाट निजको पारीवारिक तथा अन्य खर्च कटाई बचत हुन सक्ने आयबाट निजका साथमा अनुसन्धान हुँदा देखिएको सम्पत्तिको श्रोत पुष्टी हुन सक्छ वा सक्दैन भनी सम्पत्ति सृजना गर्दाको समयक्रमका हिसावले विश्लेषण एवं परीक्षण गर्नु पर्नेमा विशेष अदालत, काठमाडौंले प्रतिवादीको सम्पत्तिको श्रोत गणना र परीक्षण गर्दा तल प्रकरणमा उल्लिखित त्रुटी गरी बिगो कम ठहर गरी फैसला गरेकोले सो हदसम्म फैसलामा चित्त नबुझेका कुरा निम्न प्रकरणहरुमा उल्लेख गरी पुनरावेदन जिकिर लिइएको छ ।

विशेष अदालतले प्रत्यर्थीको सम्पत्तिको बैधता परीक्षण गर्दा निजलाई प्राप्त भएका देखिने र प्राप्त हुन सक्ने आयलाई कुन कुन समयमा के कति आय प्राप्त भयो र सम्पत्ति आर्जन गरेको समयमा निजको कति वैध आय बचत भएको हो सो यकिन गरी परीक्षण गर्नुपर्ने थियो । त्यस्तै, आय आर्जनको मिति यकिन हुन नसक्ने आय सम्बन्धमा पनि साल क्रमका आधारले आय रकम निर्धारण गरी आर्जित सम्पत्तिको श्रोत परीक्षण गर्नुपर्ने अवस्था थियो । तर विशेष अदालतले सवै आयलाई एकमुष्ट गणना गरी सवै आर्जित सम्पत्तिलाई तत्कालको मूल्यसँग परीक्षण गरेको छ । यसबाट पहिले सम्पत्ति आर्जन गर्दा श्रोत नै नभएको सम्पत्ति पनि सोभन्दा धेरैपछि प्राप्त भएका भनिएका आयबाट पुष्टी गर्ने कार्य भएको छ । यो विशेष अदालतको गम्भीर त्रुटी हो ।

प्रत्यर्थीका साथमा रहेका चल अचल सम्पत्ति र तत् तत् अवधिमा निजले गरेको विशेष खर्च समेत गरी परीक्षण योग्य सम्पत्तिको परिमाण आरोपपत्रमा रू. २,०९,०२,१३०।४४ भएको मध्ये प्राप्त आयबाट बिभिन्न शीर्षकमा खर्च गरी रू. १,२४,८२,४४८।८२ बराबरको सम्पत्ति गैरकानूनी रुपमा आर्जन गरेको भन्ने दावी भएकोमा विशेष अदालतले परीक्षण योग्य सम्पत्ति तत्कालको मूल्यमा हिसाव गरी रू. १,०७,७५,९५१।७७ कायम गरी सो मध्ये रू. ७९,५१,०५६।६८ लाई वैध मानी रू.२८,२४,८९५।०९ लाई मात्र अमिल्दो र अस्वभाविक श्रोत नखुलेको सम्पत्ति ठहर गरेको छ । विशेष अदालतले गरेको यो ठहर त्रुटीपूर्ण छ ।

विशेष अदालत, काठमाडौंबाट बिगो कम ठहर गरी फैसला गर्दा लिइएका आधारहरु प्रचलित कानूनी एवं सैद्धान्तिक रुपमा त्रुटिपूर्ण रहेको भन्ने सम्बन्धमा निम्न जिकिर प्रस्तुत गरिएको छः-

(क) तलव भत्ताको सम्बन्धमा आयोगबाट प्रत्यर्थीको सार्वजनिक सेवामा प्रवेश भएपछि अनुसन्धानको अवधीसम्मको तलव बापत जम्मा रू. १२,९१,८३९।- आय भएको भन्ने उल्लेख गरे तापनि अदालतले रू.१३,११,३७२।- अर्थात् रू. १९,५३३।- लाई थप आय कायम गरेको छ । अनुसन्धानको क्रममा संकलन भएका प्रमाणबाट प्रत्यर्थीले तलव भत्ता बापत प्राप्त गरेको आधारमा आयोगले आय कायम गरेको हो । यसैगरी अदालतले प्रतिवादीले प्रत्येक बर्ष पाउने एक महिना बराबरको दसैं खर्च भनी रू.९९,३००।- समेत निजको आयमा समाबेश गरेको छ । वर्षमा एकपटक आउने दसैं जस्तो चाडमा पाएको एक महिनाको तलव बराबरको रकम अनिवार्य रुपमा खर्च हुने भई वचत हुन नसक्ने स्पष्ट छ । एवं प्रकारले बिरामी बिदाको रकम समेत आयमा समाबेश गरेको सम्बन्धमा निजले

बिरामी र घर बिदा बापतको रकम प्राप्त गरेको छुट्टै व्यहोरा खुलेको प्रमाण पेश गर्न नसकेको तथ्यलाई फैसलाले नै स्वीकार गरेको छ । यसरी निजले बिरामी बिदा र घर बिदा बापत के कति रकम प्राप्त गरेको हो भन्ने कहिं कतैबाट देखिन नआएको अबस्थामा समेत निजको जिकीर बमोजिम भनी रू.१४,८९२।५० आयमा समावेश गर्न मिल्ने होइन ।

(ख) स्थानीय भत्ता बापतको भनी ३९,३७९।- निजको आयमा समावेश गरेको सम्बन्धमा दुर्गम स्थानमा सुगमस्थानको तुलनामा अत्याधिक महंगी हुने भएकोले स्थानीय भत्ता बापतको रकम प्रदान गरिने हुंदा सो रकम बचत हुन सक्ने अबस्था रहंदैन । तसर्थ स्थानीय भत्ता बापतको भनी रू.३९,३७९।- आयमा गणना गरेको मिलेको छैन । प्रतिवादीले स्वदेश भ्रमणबाट प्राप्त गरेको दैनिक भमण भत्ता बापतको रकम भनी रू.१,२१,६९५।५० निजको आयमा समावेश गरेको सम्बन्धमा उक्त रकम प्रत्यक्ष खर्च भै जाने शीर्षकमा प्राप्त गरेको आम्दानी वा सुबिधा भएकोले त्यसरी प्राप्त हुने रकमलाई वचत रहेको मान्न सकिने आधार छैन ।

(ग) प्रतिवादीले अर्थ मन्त्रालयमा कार्यरत रहंदा महंगी भत्ता बापत रू.२८,१६२।८० प्राप्त गरेको भनी निजको आयमा समाबेश गरेको सम्बन्धमा निजको तलव भत्ता बापतको सम्पूर्ण आयलाई निजको आय कायम गरिएको हुंदा निजले प्राप्त गरेको सो रकमलाई समेत दोहोरो पारी आयमा समाबेश गरेको फैसला न्यायोचित देखिदैन ।

(घ) कर्मचारी संचय कोषको मिति २०६२।५।२४ को पत्र बमोजिम प्रतिवादीले मिति २०४३।३।३१ मा रू.१२,८०९।६०, मिति २०५०।११।१६ मा रू.१५,८६२।- र मिति २०५३।६।२४ मा रू.२८,९८९।१० गरी जम्मा रू.५७,६६०।७० सापटी लिएको भन्ने देखिन आएको आधारमा सो रकमसम्म आयमा समाबेश गरिएको हुंदा सोभन्दा बढी रकम आयमा समाबेश गरेको मिलेको छैन । त्यसैगरी प्रतिवादीले रू.७९,८२०।- बराबरको रकम भारतीय जीवन वीमा निगमबाट प्राप्त गरेको भनी आयमा समाबेश गरेको सम्बन्धमा निज सो वीमा कम्पनीको वीमित भएको भए निजले बार्षिक रुपमा बुझाउने किस्ता रकम के कति हो सो निजको खर्चमा समाबेश गर्नुपर्ने अबस्थालाई लुकाई वीमा कम्पनीबाट प्राप्त रकम भनी गरेको दाबीलाई स्वीकार गरी आयमा समाबेश गरेको न्यायोचित छैन ।

(ङ) प्रतिवादीले बिभिन्न अबसरमा प्राप्त गरेको हुन सक्ने भनी रू.२,००,०००।- प्रतिवादीको आयमा समाबेश गरेतर्फ हेर्दा पनि दाबी गरेजती रकम सहयोग बापत आफूले प्राप्त गरेको भन्ने कुराको ठोस सवूद प्रमाण प्रतिवादीले पेश गर्न नसकेको भनी फैसलाले नै स्वीकार गरेको छ । यस्तो अबस्थामा आयोगले स्वीकार गरेको रू.५६,२५६।- लाई बढाई रू.२,००,०००।- कायम गर्ने कुनै पनि ठोस आधार नभएको अबस्थामा न्यायिक विवेक भनी निजको आयमा समाबेश गरेको मिलेको छैन । यसैगरी निजले टीकाटालो बापत रू.४,०८,०००।- प्राप्त गरेको भनी निजको आयमा समाबेश गरेको सम्बन्धमा समेत निलले २०३५ सालमा बिबाह गरेको र लगत्तै २०३६ साल माघदेखी निज राजपत्रांकित तृतीय श्रेणीको इन्जिनियर पदमा सेवा प्रबेश गरे पश्चात् निजको पदस्थापनको अबस्था र बिदेश भ्रमणको संख्या एवं निजको रहन सहनको स्थितिलाई विचार गर्दा निजलाई

ससुरालीबाट यसरी आर्थिक सहयोग भएको भन्ने कुनै पनि प्रमाणित एवं बिश्वसनीय आधार देखिन आउँदैन । निजले ससुराली/माइती/मावलीबाट प्राप्त गरेको भनी विश्वास गर्ने आधार भावनात्मक हुनु हुँदैन । वस्तुगत रुपमा स्वतन्त्र प्रमाणले परीक्षण गरी सकेपछि प्रमाणले देखिएको आधार न्याय निरोपणको रुपमा ग्रहण गर्नुपर्छ । प्रस्तुत फैसलामा प्रमाणको यथोचित मूल्यांकन नै नगरी आत्मगत रुपमा गरिएको मूल्यांकनलाई कानून सम्मत मान्न सकिदैन । त्यसमाथि पनि टीकाटालो बापतको रकम सम्बन्धमा मिति २०५२।२।४ मा निज स्वयं, निजको श्रीमती र अभिषेक यादवको नामको खातामा रू.६४,०००।- को दरले जम्मा रू.१,९२,०००।- जम्मा भएको देखिएकोमा उक्त रकम निजले आर्जन गरेको प्रोजेक्ट भत्ता समेतको रू. १,२१,१४३।२९ मध्येबाटै नपुग रकम समेत थप गरी निज तथा निजका पत्नी छोराका नाउँमा जम्मा भएको निजको आय व्ययको तुलनात्मक विवरणबाट देखिन आई त्यसतर्फ दाबी नलिइएको अबस्थामा एकै रकमलाई बिभिन्न शीर्षक बनाई आयमा दोहोरो गणना गरेको त्रुटिपूर्ण छ ।

(च) प्रतिवादीले कृषि आय बापत रू.३८,८२०।- प्राप्त गरेको भनी फैसलामा उल्लेख भएको देखिन्छ । निजको तलव भत्ताको पूरै रकम आयमा समाबेश गरेको हुंदा कृषिबाट उत्पादित पदार्थ निजको दैनिक खानपानको लागि समेत आवश्यक पर्ने सामान्य तथ्य पनि न्यायकर्ताबाट हेक्का राख्न सकेको पाइदैन ।

(छ) प्रतिवादीले जनकपुर न.पा.वडा नं. १ को कि.नं. ५५ मा आ.व. २०४६।४७ मा निर्माण गरेको घरको भुईंतलाकोसम्म आय श्रोत पुष्टि भए तापनि पहिलो तल्ला निर्माणको र आ.व.२०५२।५३ मा दोस्रो तल्ला थप गर्दा, ट्वाइलेट एवं वाचम्यान क्बाटर निर्माण गर्दा लागेको सम्पूर्ण लागतको वैध श्रोत खुल्न नसकेको भनी मागदाबी लिइएकोमा त्यसरी अवैध श्रोतबाट आर्जित सम्पत्तीबाट प्राप्त भाडा रकम पनि अवैध नै हुने अबस्था एकातिर छ भने २०५२।५३ मा निजले घरभाडा कर रू.१,४५०।- तिरेको आधारमा निजको वार्षिक आय रू.८,२५०।- हुने आउने भै सो अवधिमा रू.४९,५००।-, आ.व. २०५३।५४ देखि २०५६।५७ सम्म निजले रू.१,५००।- को दरले घर भाडा कर बुझाएकोले सो अनुसार हुने बार्षिक रू.८,५००।- को दरले सो अबधिमा रू.३४,०००।-, २०५७।५८ मा निजले रू.४५,००।- कर तिरेकोले सो बर्ष रू.२५,५००।- र आ.ब.२०५८।५९ देखि २०६०।६१ सम्म निजले रू.३०,६००।- कर तिरेको हुंदा सो अनुसार वार्षिक रू.१७३,४००।- को दरले रू.५,२०,२००।- समेत गरी जम्मा रू.६,२९,२००।- निजको आयमा गणना गरिएको हो । बिशेष अदालतले प्रतिवादीको वैध र अवैध आयको विश्लेषण र मूल्यांकन नगरी हुचुवा तवरले घरभाडा निर्धारण गरेको न्यायसंगत छैन ।

(ज) प्रतिवादीको आफ्नो र परिवारको नामको खातामा रहेको मौज्दातबाट व्याज प्राप्त भएको तथ्यमा बिबाद छैन । निजले बैंकबाट रू. २०,५५,३३२।५५ व्याज प्राप्त गरेको भन्दै विशेष अदालत, काठमाडौंले सोको ३० प्रतिशत रकम अर्थात् रू.६,१६,५९९।७६ लाई निजको आय कायम गरेको छ । सम्बन्धित बैंकको विवरणमा व्याज बापत उल्लेख भएको रकमलाई आयमा कायम गर्दा हचुवा आधार खडा गरेको छ । बैंकमा जम्मा भएको रकमलाई अदालतले वैध अवैध परीक्षण गरी वैध आयमा आर्जन भएको ब्याजलाई मात्र आयको

रुपमा गणना गर्नु पर्नेमा सोतर्फ बेवास्ता गरी बैंक विवरणमा उल्लेख भएको रकमको ३० प्रतिशत व्याजलाई आय कायम गर्ने गरी हचुवा आधार खडा गरेको छ ।

(झ) जग्गाको मूल्यको सम्बन्धमा, प्रत्यर्थी तनुकलाल यादव तथा परिवारको नाममा विभिन्न ठाउँमा पटक पटक गरी जम्मा मूल्य रू.४३,३९,७५०।- मा जग्गा खरिद भएको तथ्यलाई विशेष अदालतले स्विकार गरेकै छ । ती जग्गाहरु खरिद गर्न निजको तत् तत् अवधीसम्मको आयबाट पुग्ने नदेखिएको अवस्थामा ती जग्गाहरु वैध श्रोतबाट खरिद गरेको भनी मान्न सकिने हुँदैन । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम अवैधानिक श्रोतबाट आर्जित सम्पत्ति जफत गर्ने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा हालको मूल्यांकन गर्ने व्यवस्थालाई अन्यथा भनी साविकको मूल्यलाई नै आधार मानी गरेको फैसला त्रुटिपूर्ण छ ।

(ञ) प्रतिवादीले बिभिन्न बैंकबाट बिभिन्न मितिमा रू.६८,९९,२६१।९५ झिकी बेपत्ता पारेको भनी जफतको मागदाबी लिइएको रकमका सम्बन्धमा अदालत सहमत भएकै छ । सो मध्ये रू.५७,८७,१८८।६२ मात्र सावां भई बांकी रू.८,८२,५१२।२९ व्याज भएको भन्दै रू. १६,४१,७५०।- दोहोरो गणना गरी दाबी लिएकोले सो रकम मूल धन रू.५७,८७,१८८।६२ बाट घटाउने गरी भएको निर्णयतर्फ हेर्दा पनि प्रथमतः व्याज बापत आर्जन भएको भनिएको रू. ८,८२,५१२।२९ अवैध श्रोतबाट आर्जन भएको व्याज भएकोले सो समेत अवैध नै हुने हुंदा सो रकमलाई बिगोबाट अलग गर्न मिल्दैन । त्यसैगरी उक्त रू.५७,८७,१८८।६२ बाट पनि रू.१६,४१,७५०।- दोहोरो पारी गणना गरीएको भन्दै रू.४१,४५,४३८।६२ मात्र बिगोमा गणना गरेको देखिन्छ । उक्त रू.१६,४१,७५०।- प्रतिवादीले बिभिन्न पुंजिगत कार्यमा खर्च गरेको भनी फैसलाले देखाउन खोजे तापनि बैंकबाट रकम झिकेको मिति र सम्पत्ती सृजना वा सोको उपयोग गरेको भनिएको मिति मिल्न नआउनुका साथै बैंकबाट झिकेको रकमको अंक र खर्च गरेको भनिएको अंक पनि मिल्न आएको देखिदैन । सो रकम झिकी खर्च गरेको भनिएको तथ्यलाई आरोपपत्रमा भएको नगद प्रवाह विवरणले समेत पुष्टी गर्दैन । झिकिएको रकम कुन मितिमा खर्च भएको भन्ने समेत फैसलामा खुलाउन सकेको छैन । अदालत स्वयंले प्रत्यर्थीले समय समयमा झिकेको रकमको उपयोग तत्कालै यो यस कार्यमा प्रयोग भएको भनी पुष्टी गर्न सकेको छैन ।

बैंकमा जम्मा गरेको रकम र सम्पत्ती सृजना गर्दाको रकम बारेमा प्रत्यर्थीले श्रोतको पुष्टी गर्नुपर्ने कानूनी कर्तव्य रहेको छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० ले प्रमाणको भार निजमा नै निहित रहेकोले तथ्यमा इन्कार भएर मात्र पुग्दैन सो तथ्यलाई प्रमाणीत गर्ने ठोस प्रमाण प्रस्तुत गर्ने जिम्मेवारी निजको नै हुने हुँदा प्रत्यर्थीबाट आय श्रोतका पर्याप्त प्रमाण प्रस्तुत गर्न सकेको पाइदैन । बैंकबाट झिकिएको रकमबाट नै उल्लिखित सम्पत्तिको सृजना भएको भन्ने प्रमाणीत गर्ने आधारको अभाव रहेको छ । एकै सम्पत्तिको दोहोरो श्रोतको पुष्टी आयोगबाट खोजिएको होइन । संचित धन एकाएक बैंक खाताबाट झिक्नु र त्यसको पुष्टि नभएको अवस्थामा दोहोरा गणना गरेको भन्न मिल्दैन । अदालतको यो मनोगत तर्क त्रुटिपूर्ण छ ।

३ काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. ३४ पुरानो बानेश्वर बस्ने चिरञ्जीवीलाल राजभण्डारी....
नवलपरासी जिल्ला गैंडाकोट गा.वि.स.वडा नं. १ बस्ने कीर्तिनाथ चालिसे .....
ऐ.ऐ.बस्ने लक्ष्मीप्रसाद पौडेल .....
ऐ.ऐ. बस्ने लोकनाथ सापकोटा .....

मुद्दाः सरकारी पर्ति जग्गा दर्ता गरी गराई भ्रष्टाचार गरेको ।
फैसला मितिः २०६६।१०।२७
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रतिवादीहरु मध्ये चिरञ्जीवीलाल राजभण्डारी उपर सावि‍क भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ को उपदफा (१) एवं दफा २९, प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को (ज) बमोजिम तथा कीर्तिनाथ चालिसे, लोकनाथ सापकोटा र लक्ष्मीप्रसाद पौडेल उपर सावि‍क भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजायको मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट निजहरुले सफाई पाउने ठहरी फैसला भएको ।

फैसलाका आधारहरुः

(क) प्रतिवादी चिरञ्जीवीलाल राजभण्डारीले वन क्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगको मिति २०४५।९।३० को पत्रमा उल्लेख भएको निर्णय कार्यान्वयन गर्ने क्रममा बदनियतसाथ जग्गा दर्ता गरेको ठोस रुपमा प्रमाणबाट समर्थित नभएकोले शंका र अनुमानको भरमा कसूरदार ठहर गर्न न्यायोचित नभएको ।

(ख) कि.नं. ९९ को जग्गा दर्ता गर्दा बदनियतसाथ बनावटी प्रमाणहरु बनाई जग्गा दर्ता गराएको भन्ने दावीको पुष्ट्याईं अनुसन्धानबाट ठोस रुपमा भएको नपाइएको ।

(ग) सरकारी पर्ति जग्गा दर्ता गरे गराएमा जहिलेसुकै पनि बदर हुन सक्ने व्यबस्था मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (२) मा भएकोले प्रमाणबाट सरकारी पर्ति जग्गा दर्ता गरेको देखिन आए बदर गर्न कुनै बाधा नपर्ने ।

पुनरावेदनका आधारहरुः

यस आयोगबाट प्रतिवादीहरु चिरञ्जीवीलाल राजभण्डारी, कीर्तिनाथ चालिसे, लोकनाथ सापकोटा र लक्ष्मीप्रसाद पौडेल बिरुद्ध विशेष अदालत, काठमाडौंमा दायर गरिएको सरकारी पर्ति जग्गा दर्ता गरी गराई भ्रष्टाचार गरेको मुद्दाको आरोपपत्रमा प्रतिवादी मालपोत अधिकृत चिरञ्जीवीलाल राजभण्डारीले नवलपरासी जिल्लाको गैंडाकोट गा.वि.स.अन्तर्गत पर्ने सावि‍क कि.नं. ९९ को क्षेत्रफल ९३-२-३-० रोपनी सरकारी पर्ति जग्गा प्रतिवादीहरु कीर्तिनाथ चालिसे,

लोकनाथ सापकोटा र लक्ष्मीप्रसाद पौडेलको नाममा छूट जग्गा दर्ता कार्यनीति, २०५४ को खण्ड (ज), (ग) र मालपोत ऐन, २०३४ को दफा २४ विपरीत प्रतिवादीहरुसँगको मिलेमतोमा दर्ता गर्ने निर्णय गरी आफू र अन्य प्रतिवादीहरुलाई गैरकानूनी लाभ पुऱ्याएकोले निजलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ को उपदफा (१), दफा २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को (ज) र उल्लिखित जग्गा मध्ये कीर्तिनाथ चालिसेले ४०-०-०-०, लोकनाथ सापेकाटाले २७-३-२-० र लक्ष्मीप्रसाद पौडेलले २६-०-०-० रोपनी जग्गा बनावटी प्रमाणहरु खडा गरी आ-आफ्नो नाममा दर्ता गराई सरकारलाई गैरकानूनी हानी र आफूलाई गैरकानूनी लाभ पुऱ्याएको पुष्टि भएकोले प्रतिवादीहरुलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन मागदावी लिई आरोपपत्र प्रस्तुत गरिएको हो ।

नवलपरासीको गैंडाकोट गा.वि.स.वडा नं. १, २, ३ मा पर्ने नारायणी नदी किनारा समेतका सार्वजनिक जग्गा मध्ये कि.नं. ९९ को क्षेत्रफल ९३-२-३-० जग्गा मिति २०४१।४।१० मा कीर्तिनाथ चालिसे समेतले छूट जग्गा दर्ता गरी पाउँ भनी मालपोत कार्यालय नवलपरासीमा निवेदन दिएका, प्रतिवादी कीर्तिनाथ चालिसेले २०२३ सालमा घरसारको राजिनामा, लक्ष्मीप्रसाद पौडेलले २०२४ सालमा घरसारको राजिनामा र लोकनाथ सापकोटाले २०२३ सालमा घरसारको राजिनामा लिखत बमोजिम खरिद गरेको भनी मालपोत कार्यालयमा प्रमाण पेश गरेकोमा मिति २०४१।९।५ मा अमिन केदारप्रसाद ढुंगाना र मुखिया खगेन्द्रप्रसाद रेग्मीबाट स्थलगत निरीक्षण गर्दा वन सीमानाभित्र नपर्ने तर नारायणी नदीको तिरमा रहेको, बर्षामा नारायणी नदी सोही कित्ताबाटै हिड्ने र हिउँदमा उक्त कित्ता छोड्ने गरेकोले नदीको तिर मसानघाटभित्र पर्दैन भन्न नसकिने र राजिनामा भित्रको हो भन्न नसकिने भनी प्रतिवेदनमा उल्लेख भएकोमा मालपोत कार्यालयबाट हक दावीको सूचना मिति २०४१।११।११ मा प्रकाशित भई छूट जग्गा दर्ता समितिको मिति २०४१।१२।९ को बैठकबाट जिल्ला वन क्षेत्र उच्चस्तरीय आयोगबाट अनुमोदन भएमा स्वीकृतिको लागि विभागमा पठाउने निर्णय भएकोमा पुनः सोही विषयमा मिति २०५२।११।११ मा हक दावीको सूचना प्रकाशित भएको देखिन्छ । प्रमुख मालपोत अधिकृत लक्ष्मीप्रसाद ज्ञवालीले मिति २०५३।७।११ मा स्थलगत निरीक्षण गर्दा जग्गा दर्ता गर्न उपयुक्त रहेको, त्यसै जग्गामा अन्य व्यक्तिहरु समेतको दावी, विरोध, भोग समेत रहेको स्वीकार गरी भोग गर्नेहरुको बीचमा सहमति भएकोले विभागीय सहमती लिएर दर्ता गर्नुपर्ने प्रतिवेदनमा उल्लेख भएकोले उक्त समितिले गरेको सिफारिशको आधारमा मिति २०४५।९।३० मा उक्त आयोगले दर्ता गर्न स्वीकृति प्रदान गरेको देखिए तापनि विभागबाट मिति २०४५।२।१३ मा ऐलानी, पर्ति, पोखरी आदि फिल्डबुकमा जनिएका कित्ताहरु दर्ता नगर्ने भनी निर्णय भएको, उक्त जग्गामा जलाशय, इनार, कुवा, घाँस, बांस लगायत चिज वस्तुमा प्रतिवादीहरुको मात्र भोग चलन नभई हामीहरुको नाममा दर्ता होस् भनी लक्ष्मीनारायण सापकोटा समेतले मिति २०५४।१२।६ मा जिल्ला प्रशासन कार्यालयमा उजूरी दिएको देखिन्छ । प्रतिवादीहरुले मिति २०५५।३।११ मा उल्लिखित जग्गा हामीहरुको नाममा दर्ता भएपछि विरोध गर्ने व्यक्तिहरुलाई विभिन्न कित्ताहरुका जग्गा पारित गर्ने गरी तीनै प्रतिवादीले मिति २०५५।१२।२५ मा मालपोत अधिकृतको रोहवरमा लिखित सनाखत गरेकोमा मालपोत अधिकृत चिरञ्जीवीलाल राजभण्डारीले सोही मिति मै प्रतिवादीहरु कीर्तिनाथ चालिसेको नाममा ४०-०-

०-०, लक्ष्मीप्रसाद पौडेलको नाममा २६-०-०-० र लोकनाथ सापकोटाको नाममा २७-३-२-० जग्गा कित्ताकाट गर्न पाना २१ को निर्णय पर्चा खडा गरी दर्ता गर्ने निर्णय गर्दै सोही मितिमा जिल्ला प्रशासन कार्यालयमा निवेदन दिने उजूरीकर्ताहरुको नाममा पूर्व सहमति अनुसार मालपोत कार्यालयबाट राजिनामा पास गरी हक हस्तान्तरण भएको देखिन्छ ।

नविन ताम्राकारले मिति २०५६।६।३ मा सार्वजनिक पर्ति जग्गा व्यक्ति विशेषका नाममा दर्ता गरेको निर्णय बदर गर्न भूमिसुधार मंत्रीलाई संबोधन गरी दिएको निवदेनमा विभागबाट मालपोत कार्यालय, पर्साका प्रमुख मालपोत अधिकृत विनोदकुमार अधिकारीलाई स्थलगत निरीक्षणमा खटाउँदा जग्गा दर्ता गर्न मालपोत कार्यालयले तोकिएको प्रक्रिया अपनाउनु पर्ने, मालपोत ऐनमा भएको व्यवस्था, मालपोत कार्यालयबाट भएको आदेश, छूट जग्गा दर्ता समितिको सिफारिश समेतलाई बेवास्ता गरेको र छूट जग्गा दर्ता सम्बन्धी कार्यनीति, २०५४ अनुसार पर्ति जनिएको जग्गामा पेश भएका प्रमाणको मूल्यांकन गरी निवेदककै हो भनी ठहर भएमा विभागको स्वीकृति लिई निर्णय गर्नु पर्नेमा सो प्रकृया पूरा नगरेको र नदी किनारासँग जोडिएको एक कि.मि.लाई पर्ति जनिएको सोतो जग्गा कानून अनुरुप दर्ता गर्न उपयुक्त नहुने भनी प्रतिवेदनमा उल्लेख भएकोमा मन्त्रालयले प्रस्तुत विषयमा तहाँ कार्यालयबाटै कारवाही गर्ने भनी मिति २०६०।३।२४ मा निर्णय गरेकोले सो सम्बन्धमा मालपोत कार्यालयबाट अरु थप कारवाही भएको देखिएन ।

उल्लिखित आधारहरुको अतिरिक्त उक्त विवादित जग्गा प्रतिवादीहरुको नभएको पुष्टि हुन आएकोले देहायका आधार प्रमाणहरुबाट फैसला त्रुटिपूर्ण रही बदरभागी छ :-

(क) पहिलेदेखि भोगाधिकार रहेको आफ्नो भनी उक्त जग्गामा अन्य १७ जनाले हकदावीको निवेदन गरकोमा निज प्रतिवादीहरुले आफूले जग्गा दर्ता गरेपछि मात्र १७ जनालाई जग्गा पारित गरिदिने शर्तनामा मालपोत कार्यालयको रोहवरमा स्वीकारेकोले प्रस्तुत कि.नं. ९९ को जग्गामा प्रतिवादीहरुको भोगाधिकार नभएको स्पष्ट देखिएकोले सार्वजनिक पर्ति जग्गा हाम्रो भोगमा रहेको भनी दावी गर्नेलाई जग्गा पारित गरिदिने शर्तमा दर्ता गरेपछि सोही अनुसार पारित गरिदिएबाट आफ्नो भोगै नभएको जग्गामा प्रतिवादीहरुले दावी गरेको पुष्टि भएको देखिन्छ ।

(ख) मालपोत कार्यालयबाट भएको निर्णयले जग्गा दर्ता गर्दा बन क्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगको निर्णय, दर्ताको कारवाही फायल र सक्कल पत्र उल्लेख भएको देखिएन, तत्कालिन कार्यालय प्रमुखबाट ऐलानी, पर्ति लगायतका जग्गा दर्ता नगर्ने र विभागीय स्वीकृति प्राप्त भएपछि मात्र दर्ता गर्ने परिपत्र भइसकेको अवस्थामा सोको पालना भएको नदेखिएकोले विभागीय स्वीकृतिको प्रमाण बिना नै कीर्तिनाथ चालिसे समेतका निवेदकसँग मिलेमतो गरी विभागीय नीति, निर्देशन, सरकारको कार्यनीति समेतको बेवास्ता गरी मालपोत अधिकृतले दर्ता गर्ने निर्णय गरेको देखिएकोले विभागीय सहमति बेगर दर्ता गर्न मिल्दैन भन्ने पूर्व कार्यालय प्रमुखको आदेश र मिति २०५३।७।११ को पूर्व प्रमुख मालपोत अधिकृत लक्ष्मीप्रसाद ज्ञवालीको स्थलगत निरीक्षणबाट विभागीय स्वीकृति लिनुपर्ने र मिति

२०४१।१२।९ को जग्गा दर्ता समितिको सिफारिशमा उल्लिखित विषयलाई ध्यान नदिएको प्रतिवेदनमा देखिन्छ ।

(ग) नापी हुँदाका बखत घरमा नभई दर्ता गराउन छूट भएको भनी निर्णय पर्चाको ६ नं. मा उल्लेख गरेको देखिंदा नापीकै समयमा स्वयं दर्तावालाहरु आफैं उपस्थित भई सोही गा.वि.स.मा रहेका विभिन्न कित्ता जग्गा दर्ता गराएका, पर्ति जनिएको उक्त जग्गाको सम्बन्धमा २०२९ देखि २०४१ सालसम्म पर्ति जनिएको बिरुद्धमा कारवाही नगरी चित्त बुझाई बसेको तथ्यबाट उक्त जग्गा निज प्रतिवादीहरुको दर्ता हक भोगको नभएको स्पष्ट देखिएकोले उक्त आयोगबाट भएका निर्णय कार्यान्वयन गर्दा निर्णयकर्ताले सो आयोग कहिले गठन भई कहिलेसम्म कानूनी मान्यता पाएको भनी उल्लेख नगरी आयोगले गरेका यस्ता प्रकृतिका निर्णय कार्यान्वयन गर्ने जिम्मेवारी र कर्तव्य मालपोत ऐन, नियम, निर्देशिका, छूट जग्गा दर्ता कार्यनीति, २०५४ लगायतका परिपत्रको पूर्ण पालना नभएको, आयोगबाट पठाइएको भनिएको अप्रमाणित छायाँप्रतिमा नाम मिलेकै भरमा निर्णय फायल र सक्कल पत्र बिना नै कि.नं. ९९ को क्षे.फ. ९३-२-३-० जग्गा कीर्तिनाथ चालिसे समेतका तीन जनाको नाममा दर्ता गर्ने निर्णय कानून सम्मत छ भन्न मिल्ने देखिदैन ।

(घ) नापीकै समयमा प्रमाण लगाएको रसिद भिडाई घरसारको राजिनामा लिखतबाट हक कायम हुन आएको भन्दै कि.नं. ९९ को जग्गा दर्ता माग गरेको देखिएकोले एउटै रसिदबाट पटक-पटक अलग कित्ता जग्गा दर्ता गर्न मिल्ने अवस्था नभए तापनि सोही रसिदबाट उक्त कित्ता पुनः मागदावी गरेको देखिन्छ । नापी अधिकृत नरहरि अधिकारी र प्रमुख मालपोत अधिकृत हरिश्चन्द्र पोखरेल सहितको टोलीले मिति २०६१।१२।१० मा स्थलगत निरीक्षण गर्दा समेत उक्त जग्गा व्यक्ति विशेषको नाममा दर्ता हुने होइन भनी दिएको प्रतिवेदनबाट पुष्टि भएको, छूट जग्गा दर्ता सम्बन्धी कार्यनीति, २०५४ ले तोकेका प्रक्रियाहरु नपु-याएको, साविक देखिको नम्बरी जग्गा हो भने सम्पूर्ण प्रमाणको मूल्यांकन गरी दर्ता गर्न छूट ठहरिएका जग्गा विभागको सहमतिमा निर्णय गर्नुपर्नेमा ठाडै कानूनको बर्खिलाप हुने काम गरेको, प्रतिवादीहरुले तिरो तिरेको रसिद पनि शुरु नापीकै बखत निजहरुको नाममा दर्ता गर्ने प्रयोजनको लागि पेश गरी सोबाट जग्गा दर्ता गरिसकेका अवस्थामा नापीकै बखत पर्ति जनिई सार्वजनिक बाटो समेत गाभिएर नाप नक्सा भएको उक्त सरकारी सार्वजनिक जग्गामा लोभ लालच गरी बनावटी प्रमाणहरु खडा गरी छूट जग्गा दर्ता गरी लिएको र दावी विरोध गर्ने भोगकर्ताहरुलाई पूर्व शर्तनामा अनुसार मालपोत कार्यालय कावासोतीबाट राजिनामा पारित गरी दिएको देखिन्छ ।

(ङ) कि.नं. ९९ को क्षे.फ. ९३-२-३-० जग्गा प्रतिवादीहरु कीर्तिनाथ चालिसेको नाममा क्षे.फ. ४०-०-०-०, लक्ष्मीप्रसाद पौडेल क्षे.फ. २६-०-०-० र लोकनाथ सापकोटाको नाममा क्षे.फ. २७-३-२-० मालपोत कार्यालयले मिति २०५५।१२।२५ मा निज प्रतिवादीहरुका नाममा दर्ता गराउने काम गरी प्रमाण पूर्जा समेत दिएकोले उक्त जग्गाको तत्कालिन प्रचलित बजार मूल्य प्रति रोपनी रू. १,१५,०००।०० का दरले क्षे.फ. ९३-२-३-० को जम्मा मूल्य रू. १,०७,२०,१५६।२५ पर्ने देखिएको छ । हाल यसको दशौ गुणा मूल्य बृद्धि भैसकेको अवस्था छ । यति ठूलो सरकारी स्वामित्व भएको जमिन बिना आधार व्यक्तिको

नाममा दर्ता हुन र यस्ता भू-माफियाहरुले सफाई पाउनुले मुलुकभर सनसनी र आश्चर्य उत्पन्न भएको छ ।

(च) जंगलको उपल्लो भागमा बसोवास गरी चिउरीको बोटबाट गुजारा गर्ने कुलवहादुर प्रजा (चेपाङ्ग) सँग असीमित जग्गा जमिन भएको र निजबाट साविक कि.नं. ९९ को क्षेत्रफल ९३-२-३-० यी प्रतिवादीहरु (भू-माफिया) ले खरिद गरेको भन्ने मनगढन्ते र अविश्वासिलो मालपोतबाट पास नभएको नक्कली लिखतलाई ठूलो प्रमाण ठानी जग्गा दर्ता गरिएको अवस्था छ । जवकि निज प्रजाबाट प्राप्त भएको भनिएको कागजात नापी कै वखतमा भिडाई अन्य विभिन्न कित्ताहरु दर्ता भोग गरी आएको र नदीको बाँकी रहेको नारायणी सीम सोतो पर्ति भाग (पछि ठूलो धनहर खेत तथा बजार वस्न सक्ने) जमिनमा भू-माफियाहरुले हडपेर मिलेमतोमा भोग चलन गर्न नक्कली कागजातहरु भिडाएको देखिन्छ । जुन कुरा यी प्रतिवादी तीनै जनाले जग्गाको भोगाधिकार अरुमा पनि रहेकोले कागज गरी दिएको भनी भोगाधिकारको आधारमा राजिनामा गरेबाट पनि स्पष्ट हुन्छ ।

(छ) प्रस्तुत विवादमा २०५८।६।२३ मा पेश भएको प्रमुख मालपोत अधिकृत विनोदकुमार अधिकारीको प्रतिवेदनबाट सम्पूर्ण जमिन सरकारी पर्ति भएको स्पष्ट रुपमा उल्लेख भएको छ भने २०६१।१२।१० मा मालपोत अधिकृत सहितको नापी टोलीको स्थलगत अध्ययन प्रतिवेदनबाट समेत उक्त विवादित पर्ति जग्गामा वरपिपल सहितको चौतारो, विद्यालय, सार्वजनिक बृक्षारोपण, स्थानीय क्लव र मन्दिर समेत रहे भएको देखिएबाट जनस्तरबाट सरकारी सार्वजनिक पर्ति जमिनमा बनाइएका यी संरचनाहरु समेतलाई पूर्ण बेवास्ता गर्दै तत्कालीन मालपोत अधिकृत समेतले यी अन्य प्रतिवादीहरुसँग मिली जग्गा दर्ता गरे गराएको देखिन्छ । विवादित जग्गाको नक्सा ट्रेस उतार समेतबाट उक्त जमिन सदिंयौंदेखि सरकारी पर्ति रहे भएको खुल्न आएको स्थिति छ ।

(ज) जग्गा दर्ताको निर्णय हुँदाका वखत विद्यमान रहेका नीति, नियम कार्यनीतिहरुको निर्णयकर्ताबाट पूर्ण रुपमा पालना नभएको, छूट जग्गा दर्ता कार्यनीति, २०५४ ले पर्ति जग्गा दर्ताको लागि विभागको सहमति लिने व्यवस्थालाई पालना नगरी जग्गा दर्ता गरेको एवं निर्णयकर्ताले निर्णय पर्चाको क्र.सं. १९ मा कि.नं. ९९ पर्ति सरकारी भए सरकारका नाममा दर्ता गरी सक्नु पर्ने उल्लेख गरेकोमा सरकारी सार्वजनिक जग्गा तत्कालीन श्री ५ को सरकार मिन्हा महलमा जग्गाधनी दर्ता श्रेस्ता कायम भए पनि नभए पनि मालपोत ऐन, २०३४ को दफा २ को (ख) को (२) मा पर्ति जग्गा सरकारी जग्गा मानिने, दफा २४ को उपदफा (२) मा कथमकदाचित व्यक्ति विशेषको नाममा सरकारी सार्वजनिक जग्गा दर्ता गरेकोमा त्यस्तो दर्ता स्वतः बदर हुने स्पष्ट कानूनी व्यवस्थालाई उल्लंघन गरी मालपोत कार्यालयले सिधै वा आवश्यकतानुसार नेपाल सरकारबाट निर्णय गराएर अविलम्ब सरकारी कायम गर्नु गराउनु पर्ने दायित्व भएको मालपोत अधिकृत नै आफै संलग्न भै जग्गा दर्ता गरे गराएको अवस्थामा प्रस्तुत फैसला मालपोत ऐन, २०३४ को दफा २ ख(२) एवं दफा २४(२) विपरित भै बदर भागी छ ।

४. मोरङ्ग जिल्ला बिराटनगर उपमहानगरपालिका वडा नं. ८ घर भई हाल ललितपुर जिल्ला हरिसिद्धि गाउँ विकास समिति वडा नं. १(क) स्थित अन्सल-चौधरी डिभलपर्सद्धारा निर्मित माउण्ट भ्यू रेसिडेन्सीमा बस्ने भौतिक योजना तथा निर्माण मन्त्रालयमा लेखा अधिकृत पदमा कार्यरत बद्रीनाथ श्रेष्ठ .....

मुद्दाः गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको ।
फैसला मिति : २०६६।११।२१
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रतिवादी बद्रीनाथ श्रेष्ठले रू. ७२,९२,०३९।६९ बराबरको सम्पत्ति गैरकानूनी रुपले आर्जन गरेको देखिन आई निजले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, १५ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसूर गरेकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,१५,१६ग. र दफा २९ बमोजिम तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम सजाय गरी गैरकानूनी रुपबाट आर्जन गरी निज स्वयम तथा निजका छोरा रोविन श्रेष्ठ समेतका नाममा राखेको कूल विगो रू. ७२,९२,०३९।६९ को सम्पत्ति सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग. तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) दफा ४७ बमोजिम जफत गरी पाउन मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीले सफाई पाउने ठहरी फैसला भएको ।

फैसलाका आधारहरुः

(क) जग्गाको मोलको आधिकारीकताको विषयमा निर्धारण गर्दा मालपोत कार्यालयबाट लिखत पारित हुँदाको लिखतमा अंकित मूल्य नै वास्तविक मूल्य मान्नु पर्ने,
(ख) शहरी विकास तथा भवन निर्माण विभागले निर्धारण गरेको दररेटमा ठेक्का कर र ओभरहेड खर्चगरी २० प्रतिशत रकम व्यक्तिगत रुपमा घर निर्माण गर्दा नलाग्ने हुँदा आधारभूत लागतमा घटन जाने,
(ग) घर निर्माणको लागत कायम गर्दा घर निर्माण भएको वर्षको आधारमा जम्मा रू.५९,०६,९६८।४३ कायम भएको पाइएको ।
(घ) प्रतिवादीले रू. २०,७५,४००।- बराबरको घरभाडा बापत बहाल कर तिरेको देखिदा सो सम्मको रकम निजको वैध आय हुने ।
(ङ) निजका दाजुले अमेरिकाबाट नेपाल आई फर्कने वखत रू.२ लाखसम्म दिए होलान् भनी अनुमान गर्नु विवेकसम्मत नै हुने ।

पुनरावेदनका आधारहरुः

यस आयोगबाट प्रतिवादी बद्रीनाथ श्रेष्ठ विरुद्ध विशेष अदालत, काठमाडौंमा दायर गरिएको गैरकानूनी सम्पत्ति आर्जन सम्बन्धी भ्रष्टाचार मुद्दाको आरोपपत्रमा प्रतिवादीले सार्वजनिक पदमा प्रवेश गरेपछिका अवधिमा निजले आफू र छोराको नाममा जोडेको चल अचल सम्पत्ति उल्लेख

गरी सो अवधिमा निजलाई प्राप्त भएका वैध आर्जनबाट बचत हुन सक्ने रकम तथा निजको पैत्रिक सम्पत्तिबाट प्राप्त हुन सक्ने आय हिसाव गरी तथा सो आयबाट निजले उल्लेख गरे अनुसारका खर्च कट्टा गरी बाँकी रहने बचत रकमबाट आरोपपत्रमा उल्लेख भएका चल अचल सम्पत्ति खरिद गर्न, सृजना गर्न श्रोत पुग्न सक्ने नसक्ने सम्बन्धमा विश्लेषण गरी श्रोत पुष्टी हुन नसकेको सम्पत्तिलाई गैरकानूनी आर्जनको सम्पत्ति मानी कानून बमोजिम सजाय हुन र सम्पत्ति जफत हुन मागदावी गरी आरोपपत्र प्रस्तुत गरिएको हो । जस अनुसार अनुसन्धानको समयको मूल्यको आधारमा निजको रू. १,१३,०३,३०५।१५ सम्पत्ति मध्ये रू.७२,९२,०३९।६९ सम्पत्तिको श्रोत नखुलेको ठहर गरी आरोपपत्र पेश भएको हो ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रयोजनका लागि सम्पत्तिको गणना तथा श्रोत परीक्षण गर्नु पर्दा सार्वजनिक पदमा प्रवेश गर्दा निजसँग रहे भएको सम्पत्तिको यकिन गरी सो सम्पत्ति र तत्पश्चात निजलाई वैध आय श्रोतबाट प्राप्त भएका आयबाट निजको पारिवारिक तथा अन्य खर्च कटाइ वचत हुन सक्ने आयबाट निजका साथमा अनुसन्धान हुँदा देखिएको सम्पत्तिको श्रोत पुष्टी हुन सक्छ वा सक्दैन भनी सम्पत्ति सृजना गर्दाको समय क्रमका हिसावले विश्लेषण एबं परीक्षण गर्नु पर्नेमा विशेष अदालत, काठमाडौंले प्रतिवादीको सम्पत्तिको श्रोत गणना र परीक्षण गर्दा तल प्रकरणमा उल्लिखित त्रुटी गरी प्रतिवादीलाई सफाई दिनेगरी फैसला गरेकोले फैसलामा चित्त नबुझेका कुराहरु निम्न प्रकरणहरुमा उल्लेख गरी पुनरावेदन जिकिर लिइएको छ ।

अ. विशेष अदालतले प्रतिवादीको सम्पत्तिको बैधता परीक्षण गर्दा निजलाई प्राप्त भएको देखिने र प्राप्त हुन सक्ने आयलाई कुन कुन समयमा के कति आय प्राप्त भयो र सम्पत्ति आर्जन गरेको समयमा निजको कति वैध आय बचत भएको हो सो यकिन गरी परीक्षण गर्नुपर्ने थियो । त्यस्तै, आय आर्जनको मिति यकिन हुन नसक्ने आय सम्बन्धमा पनि साल क्रमका आधारले आय रकम निर्धारण गरी आर्जित सम्पत्तिको श्रोत परीक्षण गर्नुपर्ने अवस्था थियो । तर विशेष अदालतले सवै आयलाई एकमुष्ट गणना गरी सवै आर्जित सम्पत्तिलाई तत्कालको मूल्यसँग परीक्षण गरेको छ । यसबाट पहिले सम्पत्ति आर्जन गर्दा श्रोत नै नभएको सम्पत्ति पनि सोभन्दा धेरै पछि प्राप्त भएका भनिएका आयबाट पुष्टी गर्ने कार्य भएको छ । यो विशेष अदालतको गम्भीर त्रुटी हो ।

आ. प्रतिवादीका साथमा रहेका चल अचल सम्पत्ति र तत् तत् अवधिमा निजले गरेको खर्च समेत गरी परीक्षण योग्य सम्पत्तिको परिमाण आरोपपत्रमा रू. १,१३,०३,३०५।१५ भएको मध्ये प्राप्त आयबाट बिभिन्न शीर्षकमा खर्च गरी रू. ७२,९२,०३९।६९ को सम्पत्ति गैरकानूनी आर्जनको भन्ने दावी भएकोमा विशेष अदालतले परीक्षण योग्य सम्पत्ति तत्कालको मूल्यमा हिसाव गरी रू. ७७,९५,७२५।६७ कायम गरेको र सो मध्ये श्रोत खुलेको रू. ७५,४३,११०।४४ आय ठहर गरी वैध आयश्रोत भन्दा खर्च रू. २,५२,६१५।२३ बढी अवैध श्रोतबाट जम्मा भएको भन्ने तथ्य अदालतको फैसलाबाट नै पुष्टी भएको छ ।

विशेष अदालतले प्रतिवादीका गणना गर्न नमिल्ने कतिपय आयहरुलाई पनि गणना गरी सम्पूर्ण आयश्रोतबाट प्राप्त रकम गणना गरी सकेपछि र आय भएको थियो कि भनी आशंकासम्म गर्न

सकिने कुनै श्रोत नै बाँकी नभएको अवस्थामा पनि निजको मौजुदा सम्पत्तिभन्दा रू. २,५२,६१५।२३ बढी अवैध रुपमा आय भएको ठहर गरी अवैध आयलाई छूट समेत प्रदान गरी फैसला भएबाट सम्मानित अदालतको यस फैसलाले गैरकानूनी सम्पत्ति आर्जनको कसूर गर्ने प्रबृतिलाई प्रश्रय मिलेको छ। जे जति सम्पत्तिको वैध आयश्रोत पुष्टी हुँदैन त्यति सम्पत्ति गैरकानूनी रुपमा आर्जन गरेको ठहर गर्नु पर्ने हुन्छ।

माथि उल्लिखित जिकिरहरुमा कुनै प्रतिकूल प्रभाव नपारी त्यसका अतिरिक्त विशेष अदालतले गरेको फैसला निम्न आधार एवं कानूनी दृष्टिमा त्रुटिपूर्ण रहेकोले फैसला बदर गरी आरोपपत्रको मागदावी बमोजिम हुन निम्न जिकिर प्रस्तुत गरिएको छ -

(क) २०४४,२०४८ र २०५२ सालमा जिल्ला मोरङ्ग, बिराटनगर उ.म.न.पा.वडा नं.८(ख) कि.नं. १०५ क्षेत्रफल ०-३-५^{3}/४ जग्गामा साथै सोही कि.नं. को ०-३-६-३ जग्गामा पटक पटक गरी घर र सपिङ्ग कम्प्लेक्स निर्माण गरेको देखिएको छ। घर निर्माण गर्दा निर्माणको अधिकांश श्रोत खुल्न सकेको छैन भने सपिङ्ग कम्प्लेक्स निर्माणको पूरै श्रोत खुल्न नसकेको अवस्था छ। उक्त घर र कम्प्लेक्स निर्माणको जम्मा लागत रू.६८,९२,०८१।२७ भनी आरोपपत्रमा उल्लेख गरिएकोमा अदालतबाट लागत जम्मा रू.४७,२५,५७४।७४ भनी फैसलामा उल्लेख गरिएको छ। उक्त घर र कम्प्लेक्स निर्माणको लागतलाई विशेष अदालतले मान्यता दिएको भए तापनि सो लागतलाई धान्न सक्ने सो अवधिसम्मको निजको आयलाई समेत हिसाव गरिनु पर्नेमा एकमुष्ट रुपमा आय र व्ययको गणना गरी निर्माण लागतलाई मान्यता दिई भएको फैसला त्रुटिपूर्ण देखिन्छ।

(ख) अदालतले जग्गाको मूल्य कायम गर्दा सम्पत्ति आर्जन गर्दाको समयको लिखतमा अंकित मूल्यलाई आधार मानी मूल्य कायम गरेको देखिन्छ। प्रतिवादीले गैरकानूनी आर्जनबाट जग्गा समेत खरिद गरेको भनी आरोपपत्रमा दावी लिइएको अवस्था छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० अन्तर्गतको कसूरमा गैरकानूनी आर्जनको सम्पत्तिको विगो बरावरको जरिवाना र कैद समेत हुने व्यवस्था छ। आयोगबाट प्रतिवादीको जुन र जति सम्पत्ति गैरकानूनी आर्जनको भनी दावी गरिएको छ, ती सम्पत्तिहरुको हालको मूल्यलाई आधारमानी विगो कायम गरिएको हो। गैरकानूनी आर्जनको सम्पत्ति र सोबाट बढेबढाएको सम्पत्ति जफत हुने ऐनको प्रावधानको पृष्ठभूमिमा हाल प्रचलित मूल्यका आधारमा विगो कायम गरिनु नै कानून सम्मत हुने हुन्छ। तर अदालतले जग्गा आर्जन (खरिद) गर्दाको अवस्थाको मूल्यलाई आधारमानी विगो कायम गरेको छ। गैरकानूनी सम्पत्ति आर्जनलाई सोही परिमाणबाट दण्डित गरिनु पर्दछ भन्ने कानूनको मनशाय हो। विगतमा जे जति सम्पत्ति गैरकानूनी रुपमा प्राप्त गरिएको हो सो रकमबाट जोडिएको सम्पत्तिको हाल प्रचलित मूल्य धेरै बढी हुने हुनाले हालको मूल्यका अधारमा सजाय नगरेमा गैरकानूनी रुपमा बढेबढाएको सम्पत्ति वा त्यस्तो सम्पत्तिको हालको केही अंशले मात्र नै जरिवानाको रकम पुग्न सक्ने भई कसूरदारले सहुलियत प्राप्त गर्न सक्ने हुँदा गैरकानूनी आर्जनको विगोको परिमाण वरावर दण्ड गर्ने कानूनको उद्देश्य पराजित हुन गई कसूरदारलाई फाईदा पुग्न जाने स्थिति रहने हुँदा सम्पत्तिको हाल प्रचलित मूल्यलाई मान्यता नदिई प्रतिवादीलाई सफाई दिई भएको फैसला न्यायसंगत छैन।

(ग) घरभाडाबाट प्रतिवादीलाई रू. २०,७५,४००।- प्राप्त भएको भनी सो रकमलाई अदालतले वैध भनी मान्यता दिएको छ। विराटनगर उ.म.न.पा.मा निर्मित घरको अधिकांश श्रोत खुल्न सकेको अवस्था छैन भने सपिङ्ग कम्प्लेक्सको पूरै श्रोत खुल्न सकेको छैन। यसरी श्रोत खुल्न नसकेको घर र कम्प्लेक्सबाट प्राप्त भाडालाई प्रतिवादीले भाडा कर तिरेकै भए पनि वैध मान्न नमिल्नेमा वैध भनी मान्यता दिई भएको फैसला त्रुटिपूर्ण छ।

(घ) विशेष अदालतले प्रतिवादीलाई रू. ५,४४,०००।- कृषि आयबाट प्राप्त भएको भनी निजको आयमा समावेश गरेको छ। मोही लागेको जग्गाको आयस्तालाई आधा मात्रै प्रतिवादीको आय कायम गरिए पनि मोही नलागेको जग्गाको पूरै आयस्ता प्रतिवादीले प्राप्त गरेको भनी हिसाव गरिएको छ। प्रतिवादी र निजको श्रीमती जागिरमा रहेको, छोरा विद्यार्थी रहेको देखिएबाट मोही नलागेको जग्गामा निजहरु स्वयंमले खेती गरी आय प्राप्त गर्न सक्ने अवस्था नरहेकोमा मोही नलागेको जग्गाको समेत पूरै आयस्ता प्रतिवादीले प्राप्त गरेको भनी वैध आय कायम गरी भएको फैसला त्रुटिपूर्ण छ।

(ङ) प्रतिवादी सरकारी सेवामा कार्यरत कर्मचारी भएको, निजको विराटनगर उ.म.न.पा.मा घर, सपिङ्ग कम्प्लेक्स साथै खेती योग्य जग्गा जमीन समेत भै आर्थिक रुपमा सम्पन्न व्यक्ति हुन भन्ने तथ्य स्पष्ट छ। यस्तो आर्थिक हैसियत भएका व्यक्तिलाई निजका दाजुले अमेरिकाबाट नेपाल आई फर्कने वखत रू.२ लाख दिएको भनी सो रकमलाई प्रतिवादीको आयमा समावेश गरी निजलाई सफाई दिई भएको फैसला न्यायिक विवेकका आधारमा भएको मान्न सकिने अवस्था छैन।

(च) प्रतिवादीको सम्पत्तिको जाँच अवधि २०३९।१।१७ देखि २०५९।९।१५ सम्म छ। यो अवधि भनेको लगभग २० वर्ष हो। प्रतिवादीको तलव भत्ता, घर भाडा इत्यादी बापतको रकम मासिक र बार्षिक रुपमा आम्दानी हुने र त्यसबाट प्राप्त आय खर्च समेत हुँदै जाने हुँदा तलव भत्ता, घरभाडा र अन्य आय उल्लेख्य रुपमा बचत हुन सक्ने स्थिति नै रहँदैन। घरभाडा, तलव भत्ता जस्ता आयलाई न्यायसंगत भनी अदालतले स्वीकार गर्दा प्रतिवादीले तत् अवधिमा गर्ने पारिवारिक खर्चलाई पनि न्यायसंगत रुपमा अनुमान गरी कटाउनु पर्नेमा आयको मात्र अनुमान गरी आयमा थप गर्न मिल्ने होइन। तसर्थ प्रतिवादीको आयहरुलाई जस्ताको तस्तो बचत हुने तर खर्च नहुने भन्ने मनसाय प्रदर्शित हुने गरी भएको फैसला त्रुटिपूर्ण छ।

(छ) भ्रष्टाचार सम्बन्धी ऐन, नियम निर्देशिका एवं कुनै नजीरमा कुनै पनि व्यक्तिको वैध आय आर्जनको १० प्रतिशत सम्म बढी अवैध आर्जन भएको देखिए तापनि त्यस्तो १० प्रतिशत बढी रकम भ्रष्टाचार नहुने भन्ने व्यवस्था वा मान्यता रहे भएको देखिदैन। विशेष अदालत स्वयंले गरेको फैसलाबाट पनि व्यक्तिले आर्जन गरेको कूल सम्पत्ति मध्ये १० प्रतिशत अवैध देखिएकोले भ्रष्टाचारको कसूर नहुने भन्ने कानूनी आधार फैसलामा खुलाएको पाइदैन। भ्रष्टाचारको कसूर हुन कानून बमोजिम नभै अवैध रुपमा आर्जित १ रुपैया वा एक प्रतिशत वा १० प्रतिशत पनि भ्रष्टाचार गरेर आर्जन गरेको सम्पत्ति भ्रष्टाचार गरेको

नै हो भन्ने कानूनी मनशाय देखिन्छ । भारतीय उच्च अदालतको फैसला नेपालको कानूनको सन्दर्भमा लागू हुने र पालना गर्नुपर्ने कानून वा नजीर होइन । यस्तोमा नेपालकै परिप्रेक्ष्यमा अध्ययन र विश्लेषण गरिनु पर्दछ अत: १० प्रतिशत भन्दा बढीको अवैध आय आर्जन भ्रष्टाचार हुने र १० प्रतिशत भन्दा घटी अवैध आय आर्जन भ्रष्टाचार नहुने भन्ने विशेष अदालतको फैसला आफैमा पूर्वाग्रही, अति उदार एवं भ्रष्टाचारको कसूर गर्न प्रश्रय मिल्ने किसिमको देखिएकोले सो १० प्रतिशत सम्मको अवैध आर्जनलाई छूट दिई सफाई दिएको हदसम्म उक्त फैसला पूर्णत गैरकानूनी एवं अनुमानमा आधारित छ ।

५. काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० बस्ने साझा प्रकाशनका तत्कालीन सहायक तृतीय रानु शर्मा (अधिकारी).....

मुद्दा: शुरु नियुक्तिका लागि नक्कली प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको ।
फैसला मिति : २०६७।३।२८
आयोगको दाबी र विशेष अदालतको फैसला:

प्रत्यर्थी रानु शर्मा अधिकारी उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजायको मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा उक्त अदालतबाट अभियोग दाबी खारेज हुने ठहरी फैसला भएको ।

फैसलाका आधारहरु:

(क) अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनले सार्वजनिक पद धारण गरेको व्यक्तिका सम्बन्धमा गरेको परिभाषाले साझा प्रकाशन जस्ता सहकारी संस्थामा काम गर्ने कर्मचारीलाई समावेश गर्न खोजेको नदेखिएको ।
(ख) साझा प्रकाशनमा काम गर्ने प्रतिबादी राष्ट्रसेवक नभएको ।

पुनरावेदनका आधारहरु:

(क) साझा प्रकाशन (सहकारी संस्था लि.) मा कार्यरत कर्मचारीहरुको भारतीय शैक्षिक योग्यताको प्रमाणपत्र छानवीन गर्न गठीत समितिले छानवीन गरी मिति २०६४।८।११ को पत्रसाथ पठाएको संलग्न सूचीमा प्रतिवादी रानु शर्मा (अधिकारी) को नाम समेत समावेश भई आएकोमा निजले विहार संस्कृत शिक्षा वोर्ड, पटना भारतबाट सन् १९९७ मा क्रमांक १२३।९२८ बाट द्वितीय श्रेणीमा उत्तीर्ण गरेको भनिएको शैक्षिक योग्यताका प्रमाणपत्रहरु उच्च माध्यामिक शिक्षा परिषद् सानोठिमी, भक्तपुर मार्फत विहार संस्कृत शिक्षा बोर्ड पटना, भारतमा प्रमाणिकरणका लागि पठाएकोमा उक्त वोर्डको पत्रांक २२६३ दिनांक २०-०५-२००८ को पत्रसाथ प्राप्त विवरणको सि.नं. २२ मा परीक्षार्थीका नाम रानु शर्मा, पिताका नाम प्रदिपराम शर्मा, परीक्षा मध्यमा, केन्द्रका नाम धनमाया विश्वनाथ संस्कृत प्रा.स.मा. विद्यालय अवरिया सहरसा उल्लेख गरी कैफियत महलमा "इस वर्षमे इतना नं.

का कोड नहीं था इसलिए जांचके क्रममें प्रथमदृष्या गलत पायागया" भनी लेखी आएको पत्र उच्च माध्यामिक शिक्षा परिषद् भक्तपुरको मिति २०६५।३।४ को पत्रसाथ यस आयोगमा प्राप्त हुन आएको देखिएबाट निजको मध्यमा स्तरको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली एवं झूठ्ठा देखिन आई निजले राष्ट्रसेवकको ओहदा पाउने उद्देश्यले वदनियत पूर्वक आफ्नो शैक्षिक योग्यता ढांटी झूठ्ठा प्रमाणपत्र पेश गरी नियुक्ति पाएको स्पष्ट हुन आएकोले निज उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजायको मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको हो ।

(ख) साझा प्रकाशन तत्कालीन साझा केन्द्र (हाल राष्ट्रिय सहकारी बिकास बोर्ड) द्वारा प्रवर्द्धित संस्था भएको र हालसम्म सोही विनियम कायम रहेको, उक्त संस्थाको विनियममा ७ जना संचालक रहने र सो मध्ये तत्कालीन साझा केन्द्र (हाल राष्ट्रिय सहकारी बिकास बोर्ड) द्वारा अध्यक्ष १ र ३ जना सदस्य मनोनयन हुने र वांकी ३ जना निर्वाचनद्वारा चुनिने व्यवस्था रहेको तथा हाल राष्ट्रिय सहकारी विकास वोर्डको रू.१००।- दरको ३५६९ कित्ताको जम्मा रू.३,५६,९००।- शेयर सहभागिता रहेको भनी राष्ट्रिय सहकारी विकास बोर्डले यस आयोगलाई लेखेको मिति २०६५।६।१२ को पत्रबाट समेत देखिएको छ । त्यसैगरी साझा प्रकाशनले यस आयोगलाई मिति २०६५।५।१७ मा लेखेको पत्रबाट शिक्षा विकासका लागि वि.सं. १९७० सालमा सरकारी स्तरबाट गोरखा भाषा प्रकाशिनी समितिको स्थापना भई वि.सं. १९९० सालमा सोही संस्था नेपाली भाषा प्रकाशिनी समितिमा रुपान्तरित भएको र यसैको उत्तराधिकारीको रुपमा २०२१ सालमा सहकारी ऐन, अन्तर्गत साझा प्रकाशनको स्थापना भएको हो । साझा प्रकाशन तत्कालीन साझा केन्द्रीय कार्यालयद्वारा प्रवर्द्धित संस्था भएको र यस्को केन्द्रीय कार्यालय रहेको करीव ७ रोपनी जग्गा उक्त साझा केन्द्र हाल राष्ट्रिय सहकारी विकास बोर्डबाट शेयरमा उपलब्ध गराइएको हो । साझा प्रकाशनमा राष्ट्रिय सहकारी विकास बोर्डबाट मनोनित अध्यक्ष १ र सदस्य ३ समेत जम्मा ७ जनाको सञ्चालक समितिको व्यवस्था छ भन्ने उल्लेख भएको देखिन्छ ।

(ग) यस प्रकार साझा प्रकाशनको गठन प्रकृया हेर्दा राष्ट्रिय सहकारी बिकास बोर्डद्वारा अध्यक्ष १ र ३ जना सदस्य मनोनयन हुने र सो संस्थामा राष्ट्रिय सहकारी विकास बोर्डको शेयर समेत रहेको, यसैगरी साझा प्रकाशनको केन्द्रिय कार्यालय रहेको ७ रोपनी जग्गा राष्ट्रिय सहकारी बिकास बोर्डबाट शेयरमा उपलब्ध गराइएको देखिन आएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २ को (घ) मा सार्वजनिक पद धारण गरेको व्यक्तिमा सार्वजनिक संस्थाको कुनै पदमा बहाल रहेको कर्मचारीलाई समावेश गरेको छ । सोही ऐनको दफा २ (ङ) को देहाय (१) मा नेपाल सरकारको आंशिक स्वामित्व वा नियन्त्रण भएको वा सरकारद्वारा स्थापित बोर्डलाई समेत सार्वजनिक संस्थामा समेटेको पाइन्छ । यसरी साझा प्रकाशन गठनको प्रकृया र सोमा भएको आर्थिक नियन्त्रण समेतलाई दृष्टिगत गर्दा प्रत्यर्थी सार्वजनिक पद धारण गरेको व्यक्ति भएको स्पष्ट देखिन आएको छ ।

(घ) यसैगरी राष्ट्रिय सहकारी बिकास बोर्ड ऐन, २०५९ को दफा ७ को उपदफा (१),(२),(३) र (४) मा भएको व्यवस्थालाई हेर्दा पनि उक्त बोर्डमा कृषि मन्त्री वा राज्यमन्त्री अध्यक्ष रहने, नेपाल सरकारले तोकेको व्यक्ति सहअध्यक्ष रहने, नेपाल राष्ट्रबैंकका गभर्नर, अर्थ, आपूर्ति, उद्योग, कृषि, स्थानीय बिकास मन्त्रालयका सचिव, राष्ट्रिय योजना आयोगका प्रतिनिधि, सहकारी विभागका रजिष्ट्रार, नेपाल सरकारले तोकेको व्यक्ति लगायतका व्यक्तिहरु सो बोर्डमा रहने एवं प्रकारले सो बोर्डको कोषमा सरकारी तथा अर्धसरकारी संस्थाहरुबाट प्राप्त अनुदान रकम समेत रहने व्यवस्था लगायतका कानूनी प्रावधान हेर्दा समेत उक्त बोर्ड नेपाल सरकारको पूर्णरुपमा नियन्त्रणमा रहेको प्रष्ट हुन्छ । यस्तो बोर्डको शेयर रहेको र प्रतिनिधित्व समेत भएको साझा प्रकाशनमा कार्यरत कर्मचारीलाई राष्ट्रसेवक नभएको भनी कानूनको गलत व्याख्या गर्दा विशेष अदालतले मिसिल संलग्न प्रमाणलाई आंखा चिम्लेको छ ।

(ङ) माथिका प्रकरणहरुमा लिइएको जिकीरलाई यथास्थानमा राखी तथ्यतर्फ प्रवेश गर्दा पनि प्रतिवादीले साझा प्रकाशनको सहायक स्तर तृतीय श्रेणी पदमा नियुक्ति पाउने उद्येश्यले पेश गरेका प्रमाणपत्रहरु मिति २०६५।३।४ मा प्रमाणिकरण भई आउंदा झूट्टा भनी आएको तथ्यमा बिबाद छैन । भ्रष्टाचार जस्तो गम्भीर प्रकृतिको अपराधमा अन्य साधारण अपराधमा जस्तो अंकगणितीय हिसावले तथ्यको विश्लेषण गर्नुपर्ने नभई यसले समाज र राष्ट्रमा पार्ने दुष्कृतिको समेत समुचित मूल्याङ्कन गरी न्याय निरोपण हुनुपर्ने हुन्छ । प्रतिवादी रानु शर्माले पेश गरेका शैक्षिक योग्यताको प्रमाणपत्रहरु झूट्टा रहको तथ्य स्थापित भई सकेको अवस्थामा प्राविधिक कारणले मुद्दा नै खारेज गर्दाको परिणाम त्यस्तो झूट्टा प्रमाणपत्र पेश गर्ने व्यक्ति राष्ट्रसेवकको पदमा बहाल रहिरहने, पारिश्रमिक लागायत अन्य सुविधा समेत उपभोग गर्ने र भ्रष्टाचारजन्य कार्यको नियन्त्रण र कसूरमा संलग्न व्यक्ति उपर दण्ड सजाय गर्ने विधायिकी मनसाय समेत निष्तेज हुनजाने यथार्थताको विपरीत प्रतिवादीको आपराधिक कार्यलाई समर्थन हुने गरी भएको प्रस्तुत फैसलाको निर्णयाधारसंग सहमत हुन सकिने अवस्था छैन ।

(च) साझा प्रकाशन जस्तै प्रकृतिको संस्था साझा स्वास्थ्य सेवामा सहायक तृतीय पदमा कार्यरत कर्मचारी भक्तमान श्रेष्ठ, रामकिशोरलाल दमाई, रामप्रसाद सापकोटा, भीमप्रसाद तिमिल्सिन्ना र राजेश खड्का विपक्षी भएका नक्कली शैक्षिक प्रमाणपत्र सम्बन्धी मुद्दामा प्रतिवादीहरु उपरको कसूर ठहर गरी बिशेष अदालतबाट क्रमश मिति २०६३।२।२८, २०६४।३।३१, २०६३।६।१, २०६४।९।२० तथा २०६५।१२।४ मा फैसला भएको छ । त्यसमाथि पनि राजेश खड्का उपर विशेष अदालतका माननीय न्यायाधीश ओमप्रकाश मिश्र समेतको इजलाशबाट कसूर ठहर गरेकोमा उहां समेत रहनु भएको इजलाशबाट यी प्रत्यर्थी रानु शर्मा (अधिकारी) लाई सफाई दिएबाट समेत फैसला त्रुटिपूर्ण रहेको स्पष्ट हुन आएको छ ।

६. तेह्रथुम जिल्ला, आङ्गबुङ्ग गा.वि.स.को काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ७, चावहिल घर भै हाल भूमिसुधार तथा व्यवस्थापन मन्त्रालयमा नायव सुब्बा पदमा कार्यरत दुर्गावहादुर कार्की .....

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ७ चावहिल बस्ने ईरा कार्की .....
तेह्रथुम जिल्ला, आङ्गबुङ्ग गा.वि.स.वडा नं. २ बस्ने मुलुकी ऐन अदालती बन्दोवस्तको १३९ नं. बमोजिम बुझिएका युवराज कार्की .....
ऐ.ऐ.वस्ने अ.बं. १३९ नं. बमोजिम बुझिएका पदम कार्की .....
हाल का.जि.का.म.न.पा.वडा नं. १० बस्ने मुलुकी ऐन अदालती बन्दोवस्तको १३९ नं. बमोजिम बुझिएका अजितविक्रम कार्की.....
हाल खजुरगाछी गा.वि.स.वडा नं. ५ झापा बस्ने मुलुकी ऐन अदालती बन्दोवस्तको १३९ नं. बमोजिम बुझिएका ईन्द्रबहादुर कार्की .....
विराटनगर नगरपालिका वडा नं. ७ बस्ने मुलुकी ऐन अदालती बन्दोवस्तको १३९ नं. बमोजिम बुझिएका मानबहादुर कार्की.....

मुद्दाः गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको ।
फैसलाः २०६६।१०।२२
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रतिवादी दुर्गाबहादुर कार्कीले रू.१,०७,५७,०३३।५८ बराबरको सम्पत्ति गैरकानूनी रुपमा आर्जन गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, दफा ७ को उपदफा (१) र दफा १५ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिम कसूर गरेकोले निजलाई साविक भ्र.नि.ऐ., २०१७ को दफा ३, दफा ७(१), दफा १५,१६ग. र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम सजाय हुनका साथै त्यसरी गैरकानूनी ढंगले आर्जन गरी प्रतिवादी दुर्गा बहादुर कार्की र निजकी श्रीमती इरा कार्की समेतका नाममा रहेको सम्पत्ति साविक भ्र.नि.ऐन, २०१७ को दफा १६ग., दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम जफत गरी पाउन समेतको मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट निज प्रतिवादी दुर्गा ब. कार्की उपरको कसूर ठहर भए तापनि मागदावीभन्दा कम रू.३५,३६,८९०।०६ मात्र विगो कायम गरी फैसला भएको ।

फैसलाका आधारहरुः

(क) जग्गाको मोलको आधिकारीकताको विषयमा निर्धारण गर्दा मालपोत कार्यालयबाट पारित हुँदाको लिखतमा अंकित मूल्य नै वास्तविक मूल्य मान्नु पर्ने,
(ख) शहरी विकास तथा भवन निर्माण विभागले निर्धारण गरेको दररेटमा ठेक्का कर र ओभरहेड खच गरी २० प्रतिशत रकम व्यक्तिगत रुपमा घर निर्माण गर्दा नलाग्ने हुँदा आधारभूत लागतमा घटन जाने,
(ग) वादी पक्षले रू.६,४२,७२०।१९ तलव भत्ता सुविधा पाएको भनी गणना गरेकोमा निजामति किताबखानाको अभिलेख अनुसार रू.६,६२,३५७।- प्रतिवादीको आयमा समावेश हुने ।

(घ) का.जि. सरस्वती गा.बि.स. को कि.नं. २४८ र ललितपुर टिकाथलीको कि.नं. २२ को जग्गा क्रमशः १,०८,०००।- र २५,०००।- मा विक्री गरी प्राप्त गरेको भन्ने पारित लिखतबाट देखिदा सो रकम निजको वैध आयमा समावेश हुने ।

(ङ) प्रतिवादीको का.जि.का.म.पा. वडा नं. ७ स्थित घरको न्यायिक अनुमानको आधारमा जम्मा रू.२,२८,०००।- र विराटनगर स्थित घरको रू.१,७४,०००।-, मोरङ जतुवाको जग्गाको कृषि आय रू.५८,६५६।- प्राप्त हुन सक्ने ।

(च) प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्षको बयानमा बिमला थापाबाट ऋण लिएको भनी उल्लेख गरेको र निजको राष्ट्रिय वाणिज्य बैंकको खातामा ड्राफ्ट मार्फत रू.४,६९,९८०।- जम्मा भएको देखिन आएबाट सो रकम निजको आयमा समावेश हुने ।

(छ) निजको Investment bank / Standard Chartered Bank को बैंक मोज्दातमा रहेको मूल धन श्रोत खुलेको सम्पत्तिबाट मात्र जम्मा भएको मान्न सकिने अबस्था नदेखिएकोले न्यायोचित अनुमानको भरमा व्याज रकमको तीस प्रतिशत रू.७४,३०२।- गणना हुने ।

(ज) प्रतिवादीले नेपाल इन्भेष्टमेन्ट बैंकबाट ओभरड्राफ्ट खाता खोली ऋण लिएको रू.१४,२५,०००।-उक्त बैंकको स्टेटमेण्टबाट देखिन आएको र बादीले आरोपपत्रमा समेत स्वीकार गरेकोले निजको आयमा समावेश हुने ।

पुनरावेदनका आधारहरुः

प्रतिवादीहरु दुर्गाबहादुर कार्की, निजकी पत्नी इरा कार्की विरुद्ध विशेष अदालत, काठमाडौंमा दायर गरिएको गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दाको आरोपपत्रमा प्रतिवादीले सार्वजनिक पदमा प्रवेश गरिसकेपछि नायब सुब्बा पदमा कार्यरत रहेका अवधिमा निजले आफू र पत्नी समेतका नाममा जोडेको चल अचल सम्पत्ति उल्लेख गरी सो अवधिमा निजलाई प्राप्त भएका वैध आर्जनबाट बचत हुन सक्ने रकम तथा निजको पैत्रिक सम्पत्तिबाट प्राप्त हुन सक्ने आय हिसाव गरी सो आयबाट निजले उल्लेख गरे अनुसारका खर्च कट्टा गरी बाँकी रहने बचत रकमबाट आरोपपत्रमा उल्लेख भएका चल अचल सम्पत्ति खर्च कट्टा गरी बाँकी रहने बचत रकमबाट आरोपपत्रमा उल्लेख भएका चल अचल सम्पत्ति खरिद गर्न, सृजना गर्न, श्रोत पुग्न सक्ने नसक्ने सम्बन्धमा विश्लेषण गरी श्रोत पुष्टी हुन नसकेको सम्पत्तिलाई गैरकानूनी आर्जनको सम्पत्ति मानी कानून बमोजिम सजाय हुन र सम्पत्ति जफत हुन मागदावी लिई आरोपपत्र प्रस्तुत गर्दा अनुसन्धानको समयको मूल्यको आधारमा निजको जम्मा चल अचल सम्पत्ति मध्ये रू. १,०७,५७,०३३।५८ बराबरको सम्पत्ति श्रोत नखुलेको ठहर गरी आरोपपत्र पेश भएको हो ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रयोजनका लागि सम्पत्तिको गणना तथा श्रोत परीक्षण गर्नु पर्दा सार्वजनिक पदमा प्रवेश गर्दा निजसँग रहे भएको सम्पत्तिको यकिन गरी सो सम्पत्ति र तत्पश्चात् निजलाई वैध आय श्रोतबाट प्राप्त भएका आयबाट निजको पारिवारिक तथा अन्य खर्च कटाई बचत हुन सक्ने आयबाट निजका साथमा अनुसन्धान हुँदा देखिएको सम्पत्तिको श्रोत पुष्टी हुन सक्छ वा सक्दैन भनी सम्पत्ति सृजना गर्दाको समय क्रमका हिसावले विश्लषण एवं परीक्षण गर्नु पर्नेमा विशेष अदालत, काठमाडौंले प्रतिवादीको सम्पत्तिको श्रोत गणना र परीक्षण गर्दा त्रुटी गरी बिगो कम ठहर गरी फैसला गरेकोले सो हदसम्म

फैसलामा चित्त नबुझेका कुराहरु देहायका प्रकरणहरुमा उल्लेख गरी पुनरावेदन जिकिर लिइएको छः

विशेष अदालतले प्रतिवादीको सम्पत्तिको बैधता परीक्षण गर्दा निजलाई प्राप्त भएको र प्राप्त हुन सक्ने आयलाई कुन-कुन समयमा के कति आय प्राप्त भयो ? र सम्पत्तिबाट प्राप्त गरेको समयमा निजको कति वैध आय बचत भएको हो ? सो यकिन गरी परीक्षण गर्नुपर्ने थियो । त्यस्तै, आर्जनको मिति यकिन हुन नसक्ने आयमा पनि सालक्रमका आधारले आय निर्धारण गरी आर्जित सम्पत्तिको श्रोत परीक्षण गर्नुपर्ने अवस्था थियो । तर, विशेष अदालतले सबै आयलाई एकमुष्ट गणना गरी सबै आर्जित सम्पत्तिलाई तत्कालको मूल्यसँग परीक्षण गरेको देखिन्छ । यसबाट पहिले सम्पत्ति आर्जन गर्दा श्रोत नै नभएको सम्पत्ति पनि सोभन्दा धेरै पछि प्राप्त भएका भनिएका आयबाट पुष्टी गर्ने कार्य भएको छ, यो विशेष अदालतको गम्भीर त्रुटी हो ।

प्रतिवादीका साथमा रहेको चल अचल सम्पत्ति र तत् तत् अवधिमा निजले गरेको विशेष खर्च समेत गरी परीक्षण योग्य सम्पत्तिको परिमाण आरोपपत्रमा रू. १,०७,५७,०३३।८८ बराबरको रकम श्रोत नखुलेको सम्पत्ति गैरकानूनी रुपमा आर्जन गरेको भन्ने दाबी भएकोमा विशेष अदालतले परीक्षण योग्य सम्पत्ति तत्कालको मूल्यमा हिसाब गरी परीक्षण योग्य सम्पत्ति रू.६७,६२,६८६।०१ कायम गरी सो मध्ये रू. ३२,२५,७९५।९५ लाई वैध मानी रू.३५,३६,८९०।०६ लाई मात्र अमिल्दो र अस्वाभाविक श्रोत नखुलेको सम्पत्ति ठहर गरेकोले उक्त अदालतले गरेको ठहर त्रुटिपूर्ण छ । विशेष अदालतले प्रतिवादीको गणना गर्न नमिल्ने कतिपय आयहरुलाई पनि स्वच्छता पूर्वक गणना गरी सम्पूर्ण आयश्रोतबाट प्राप्त रकम गणना गरिसकेपछि र आय भएको थियो कि भनी आशंकासम्म पनि गर्न सकिने कुनै श्रोत नै बाँकी नभएको अवस्थामा पनि निजको मौजुदा सम्पत्तिभन्दा बढी निजलाई वैध रुपमा आय भएको ठहर गरेबाट अदालतको यस फैसलाले गैरकानूनी सम्पत्ति आर्जनको कसूर गर्ने प्रबृतिलाई प्रश्रय मिलेको छ । जे जति सम्पत्तिको वैध आयश्रोत पुष्टी हुँदैन त्यति सम्पत्ति गैरकानूनी रुपमा आर्जन गरेको ठहर गर्नुपर्ने हुन्छ ।

माथि उल्लिखित जिकिरहरुमा कुनै प्रतिकूल प्रभाव नपारी त्यसका अतिरिक्त विशेष अदालतले गरेको फैसला निम्न अधार एवं कानूनी दृष्टिमा त्रुटिपूर्ण रहेकोले फैसला बदर गरी आरोपपत्रको मागदावी बमोजिम हुन निम्न जिकिर प्रस्तुत गरिएको छ -

(क) तलव भत्ताको सम्बन्धमा आयोगबाट प्रतिवादीको सार्वजनिक सेवामा प्रवेश भएपछि अनुसन्धानको अवधिसम्मको तलब बापत जम्मा रू. ६,४२,७२०।१९ आय भएको भन्ने उल्लेख गरे तापनि अदालतले रू. ६,६२,३५७।- अर्थात् रू. १९,६३७।- लाई थप आय कायम गरेको छ । अनुसन्धानको क्रममा संलग्न भएका प्रमाणबाट प्रतिवादीले तलब भत्ता बापत प्राप्त गरेको आधारमा आयोगले आय कायम गरेको हो ।

(ख) २०५५ र २०५६ सालमा काठमाडौंमा, २०५८ सालमा मोरङमा प्रतिवादीले दुईवटा घर निर्माण गरेको देखिएको छ । त्यस्तै, २०४० सालमा मोरङमा ०-३-२-५ विगाह, २०४४

सालमा मोरङ कै बखरीमा ०-१-१०-० विगाह, २०५५ सालमा काठमाडौंको चाबहिलमा ०-८-२-३ रोपनी, २०५८ सालमै सोही ठाउँमा ०-१०-२-१ रोपनी, २०५९ सालमा काठमाडौंको सरस्वती गा.वि.स.मा ४-७-२-० रोपनी जग्गा समेत निजले खरिद गरेको देखिन्छ। जसको लागत तथा खरिद मूल्य जम्मा रू. ९६,८०,३९६।- भनी आरोपपत्रमा उल्लेख गरिएकोमा लागत तथा खरिद मूल्य जम्मा रू. ४८,८६,०४८।- भनी फैसलामा उल्लेख छ। उक्त घर निर्माण र जग्गा खरिदको लागतलाई विशेष अदालतले मान्यता दिएको भए तापनि सो लागतलाई धान्न सक्ने सो अवधिसम्मको निजको आयलाई हिसाब गरिनुपर्नेमा एकमुष्ट रुपमा आय र व्ययको गणना गरी निर्माण लागतलाई मान्यता दिई भएको फैसला त्रुटिपूर्ण देखिन्छ।

(ग) अदालतले जग्गाको मूल्य कायम गर्दा सम्पत्ति आर्जन गर्दाको समयको लिखतमा उल्लिखित मूल्यलाई आधार मानी मूल्य कायम गरेको देखिन्छ। प्रतिवादीले गैरकानूनी आर्जनबाट जग्गा समेत खरिद गरेको भनी आरोपपत्रमा दावी लिइएको छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० अन्तर्गतको कसूरमा गैरकानूनी आर्जनको सम्पत्तिको विगो बरावरको जरिवाना र कैद समेत हुने व्यवस्था छ। आयोगबाट प्रतिवादीको जुन र जति सम्पत्ति गैरकानूनी आर्जनको भनी दावी गरिएको छ, ती सम्पत्तिहरुको हालको मूल्यलाई आधार मानी विगो कायम गरिएको हो। गैरकानूनी आर्जनको सम्पत्ति र सोबाट बढेबढाएको सम्पत्ति जफत हुने ऐनको प्रावधानको पृष्ठभूमिमा हाल प्रचलित मूल्यका आधारमा विगो कायम गरिनु नै कानूनसम्मत हुने हुन्छ। तर अदालतले जग्गा आर्जन गर्दाको अवस्थाको लिखतमा उल्लिखित मूल्यलाई आधार मानी विगो कायम गरेको छ। गैरकानूनी सम्पत्ति आर्जनलाई सोही परिमाणबाट दण्डित गरिनु पर्दछ भन्ने कानूनको मनशाय हो। विगतमा जे जति सम्पत्ति गैरकानूनी रुपमा प्राप्त गरिएको हो सो रकमबाट जोडिएको सम्पत्तिको हाल प्रचलित मूल्य धेरै बढी हुने हुनाले हालको मूल्यका आधारमा सजाय नगरेमा गैरकानूनी रुपमा बढे बढाएको सम्पत्ति वा त्यस्तो सम्पत्तिको हालको केही अंशले मात्र नै जरिवानाको रकम पुग्न सक्ने भई कसूरदारले सहुलियत प्राप्त गर्न सक्ने हुँदा गैरकानूनी आर्जनको विगोको परिमाण बरावर दण्ड गर्ने कानूनको उद्देश्य पराजित हुन गई कसूरदारलाई फाईदा पुग्न जाने स्थिति रहने हुँदा सम्पत्तिको हाल प्रचलित मूल्यलाई मान्यता नदिई प्रतिवादीलाई सफाई दिई भएको फैसला न्यायसंगत छैन।

(घ) प्रतिवादीले बहिनी विमला थापाबाट व्यक्तिगत ऋण बापत रू. ४,६९,९८०।- लिएको रकम आयमा समावेश गर्न अदालत समक्ष जिकिर लिएको सम्बन्धमा अधिकार प्राप्त अधिकारी समक्ष वहिनीबाट ऋण लिएको भनी बयानसम्म गरेको, अदालतले निजको बयानबाट प्रतिवादी दुर्गाबहादुर कार्कीको राष्ट्रिय बाणिज्य बैंकको खातामा ड्राफ्ट मार्फत जिकिर बमोजिमको रकम जम्मा भएको तथ्य समर्थित भएको भनी रू. ४,६९,९८०।- आयमा समावेश गरे तापनि ऋण लिएको लिखत पेश भएको देखिदैन। यसैगरी प्रतिवादीको पत्नी ईरा कार्कीको नाममा विभिन्न बैंकहरुको खातामा रहेको मौज्दातबाट ब्याज प्राप्त भएको आयमा गणना गर्न जिकिर लिएको सम्बन्धमा निजले बैंकबाट रू. २,४७,६७६।५१ ब्याज प्राप्त गरेको भन्दै विशेष अदालतले सोको ३० प्रतिशत रकम अर्थात रू. ७४,३०२।९५ लाई निजको आय कायम गरेको छ। सम्बन्धित बैंकको

विवरणमा ब्याज बापत उल्लेख भएको रकमलाई आय कायम गर्दा हचुवा आधार खडा गरेको छ । बैंकमा जम्मा भएको रकमलाई अदालतले वैध अवैध परीक्षण गरी वैध आयमा आर्जन भएको ब्याजलाई मात्र आयको रुपमा गणना गर्नुपर्नेमा त्यसतर्फ बेवास्ता गरी बैंक विवरणमा उल्लेख भएको रकमको ३० प्रतिशत व्याजलाई आय कायम गर्ने गरी हुचवा आधार खडा गरेको छ ।

(ङ) प्रतिवादीले नेपाल इन्भेष्टमेन्ट बैंकबाट ओभरड्राफ्ट खाता खोली ऋण लिएको रू.१४,२५,०००।- आयमा समावेश गर्न जिकिर लिएको सम्बन्धमा सोको तथ्य आरोपपत्रमा आयोगले स्वीकार गरेको भए तापनि अदालतले स्टेटमेण्ट लगायतका कागजातबाट रू. १४,२५,०००।- आयमा समावेश गरेको देखिन्छ । श्रोत नखुलेको सम्पत्ति बैंकमा धितो राखी ऋण लिएको रकमलाई वैध आय मानी अदालतले निजको आयमा समावेश गरेको फैसला त्रुटिपूर्ण छ ।

(च) प्रतिवादीले मोरङ जिल्ला जतुवाको जग्गाको कृषि आयबाट रू. ५८,६५६।- प्राप्त भएको आयमा गणना गर्न जिकिर लिएकोमा आयोगबाट विवेचना नै नभएको विषयमा जिकिर गरेकै आधारमा रू. ५८,६५६।- निजको आयमा गणना गरेको देखिन्छ । २०४० सालमा अवैध रकमबाट खरिद गरेको कि.नं. १३०३ को जग्गाबाट प्राप्त भएको आय श्रोत नखुलेको रकमबाट खरिद गरिएको जग्गाबाट प्राप्त कृषि आय अवैध हुने हुंदा अवैधानिक श्रोतबाट आर्जन गरेको सम्पत्ति जफत गर्ने कानूनी व्यवस्था रहेकोले निज प्रतिवादीको आयमा रू. ५८,६५६।- गणना गरेको फैसला त्रुटिपूर्ण छ ।

(छ) प्रतिवादीको काठमाडौं चावहिलको घर जग्गालाई खरिद र निर्माणको श्रोत नखुलेको हदसम्म गैरकानूनी आर्जनको मानी आरोपपत्रमा दाबी लिएको छ । यसरी अवैध रुपमा खरिद भएको जग्गा अवैध आर्जनकै रकमबाट बनेको घरहरुको भाडा रकमलाई वैध आय मान्न मिल्ने प्रश्नै आउदैन । अदालतले रू. २,२८,०००।- घर भाडाबाट आय आर्जन गरेको भनी अत्याधिक आय कायम गरिदिएको छ । यसरी प्रतिवादीको वैध र अवैध आयको विश्लेषण र मूल्यांकन नगरी हचुवा तवरले घर भाडा निर्धारण गरेको न्यायसंगत छैन । घर भाडामा लागेको प्रमाण संभौतापत्र र भाडा बापत कर तिरेको भरपाई कागज हो । उल्लिखित कागजात प्रतिवादीले प्रमाण स्वरुप पेश गर्न नसकेको अवस्थामा घर भाडालाई आयमा समावेश गरी भएको फैसला त्रुटिपूर्ण छ ।

७. सुनसरी जिल्ला, इनरुवा नगरपालिका-२ पूर्वटोल स्थायी ठेगाना भई हाल का.जि.का.म.न.पा.वडा नं. ९ बत्तिसपुतली बस्ने भन्सार विभागका निर्देशक खेमराज भट्टराई ... ऐ.ऐ.बस्ने श्रीमती लता भट्टराई .....
मोरङ्ग जिल्ला, विराटनगर उप-महानगरपालिका वडा नं. १५ को हाल झापा जिल्ला दमक नगरपालिका वडा नं. १६ बस्ने श्रीमती गीता भट्टराई (कोईराला).....

मुद्दाः- गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको ।
फैसला मितिः २०६६।११।११

आयोगको दावी र विशेष अदालतको फैसलाः

प्रतिवादी खेमराज भट्टराईले गैरकानूनी रुपमा रू.२,४५,६३,८७८।३३ बराबरको सम्पत्ति आर्जन गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१), दफा १५ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिम कसूर गरेकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र १६ग. तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम सजाय हुन र त्यसरी गैरकानूनी ढंगले भ्रष्टाचार गरी प्रतिवादी खेमराज भट्टराई, निजकी पत्नी लता भट्टराई समेतका नाममा रहेको सम्पत्ति साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग. तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२), दफा १६(२) बमोजिम जफत गरी पाउनका साथै प्रतिवादी गीता भट्टराईले रू. ७३,८०,६००।- बराबरको सम्पत्ति लुकाउने कार्य गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१) र १५ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) को कसूरमा संलग्न प्रतिवादी खेमराज भट्टराई सरह कसूर गरेको देखिएकोले प्रतिवादी गीता भट्टराईलाई कसूर गर्ने व्यक्ति सरह साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६क. तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम सजायको मागदाबी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट खेमराज भट्टराई उपरको कसूर ठहर भए तापनि विगो कायम गर्दा मागदाबी बमोजिम नगरी रू. १,६९,७४,७५८।७२ मात्र विगो कायम गरी फैसला भएको ।

फैसलाका आधारहरुः

(क) जग्गाको मोलको आधिकारीकताको विषयमा निर्धारण गर्दा मालपोत कार्यालयबाट लिखत पारित हुँदाको लिखतमा अंकित मूल्य नै वास्तविक मूल्य मान्नु पर्ने,

(ख) प्रतिवादीले संचित विदा बापत रू.१३,८९६।-, महगी भत्ता बापत रू.७,९००।-, र स्थानीय भत्ता बापत रू.१८,०२०।- प्राप्त गरेको देखिन आएको ।

(ग) वादी पक्षले रू.७,६६,७०४।- तलव भत्ता सुविधा पाएको भनी गणना गरेकोमा निजामति किताबखानाको अभिलेख अनुसार रू.८,८३,७२५।- प्रतिवादीको आय देखिन आएको ।

(घ) प्रतिवादीले विभिन्न मुलुकको भ्रमण गरी रू.७,५४,०९८।८६ आर्जन गरेको देखिदा सोको ७० प्रतिशतले हुन आउने रकम आय कायम हुने ।

(ङ) शहरी विकास तथा भवन निर्माण विभागले निर्धारण गरेको दररेटमा ठेक्का कर र ओभरहेड खर्चगरी २० प्रतिशत रकम व्यक्तिगत रुपमा घर निर्माण गर्दा नलाग्ने हुँदा आधारभूत लागतमा घटन जाने,

(च) हाम्रो सामाजिक मान्यता समेतका आधारमा न्यायिक विवेक अनुसार बिभिन्न चाडपर्वहरुमा टिकाटालो एवं दाइजो पेवाबाट प्रतिवादीले रू.२ लाख आर्जन गरेको हुन सक्ने ।

(छ) घरभाडा बापत प्रतिवादीले रू.४,३८,०००।- प्राप्त गरेको भनी लिएको जिकीरलाई अन्यथा भन्न नसकिने ।

(ज) भंसार विभागको मिति २०६०।२।२६ को पत्र अनुसार प्रतिवादीले रू.४७,३२९।४८ पुरस्कार, खाजा भत्ता, लुगा भत्ता र अतिरिक्त समय भत्ता गरी रू.२०,४५७।- प्राप्त गरेको देखिन आएकोले सो रकम निजको आयमा समावेश हुने ।

(झ) प्रतिवादीको १९-१-१९-० विगाह जग्गाको कृषि आय २०४१ सालदेखि २०५० सालसम्मको बार्षिक रू.१६,०००।- का दरले र त्यसपछिको ९ बर्षको प्रति विगाह रू.२०,०००।- का दरले जम्मा रू.३,५१,०००।- कायम हुने ।

पुनरावेदनका आधारहरुः

यस आयोगबाट प्रतिवादीहरु खेमराज भट्टराई, निजकी पत्नी लता भट्टराई तथा गीता भट्टराई बिरुद्ध विशेष अदालत, काठमाडौंमा दायर गरिएको गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दाको आरोपपत्रमा प्रतिवादीले सार्वजनिक पदमा प्रवेश गरिसकेपछि तत्कालिन निर्देशक पदमा कार्यरत रहेका अवधिमा निजले आफू, आफ्नी पत्नी समेतका नाममा जोडेको चल अचल सम्पत्ति उल्लेख गरी सो अवधिमा निजलाई प्राप्त भएका वैध आर्जनबाट बचत हुन सक्ने रकम तथा निजको पैत्तिक सम्पत्तिबाट प्राप्त हुन सक्ने आय हिसाव गरी सो आयबाट निजले उल्लेख गरे अनुसारका खर्च कट्टा गरी बाँकी रहने बचत रकमबाट आरोपपत्रमा उल्लेख भएका चल अचल सम्पत्ति खरिद गर्न, सृजना गर्न, श्रोत पुग्न सक्ने नसक्ने सम्बन्धमा विश्लेषण गरी श्रोत पुष्टी हुन नसकेको सम्पत्तिलाई गैरकानूनी आर्जनको सम्पत्ति मानी कानून बमोजिम सजाय हुन र सम्पत्ति जफत हुन मागदाबी लिई आरोपपत्र प्रस्तुत गर्दा अनुसन्धानको समयको मूल्यको आधारमा निजको जम्मा रू. २,६४,४०,१७०।१२ सम्पत्ति मध्ये रू. २,४५,६३,८७८।३३ श्रोत नखुलेको ठहर गरी आरोपपत्र पेश भएको हो ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रयोजनका लागि सम्पत्तिको गणना तथा श्रोत परीक्षण गर्नु पर्दा सार्वजनिक पदमा प्रवेश गर्दा निजसँग रहे भएको सम्पत्ति यकिन गरी सो सम्पत्ति र तत्पश्चात् निजलाई वैध आय श्रोतबाट प्राप्त भएका आयबाट निजको पारिवारिक तथा अन्य खर्च कटाई बचत हुन सक्ने आयबाट निजका साथमा अनुसन्धान हुँदा देखिएका सम्पत्तिको श्रोत पुष्टी हुन सक्छ वा सक्दैन भनी सम्पत्ति सृजना गर्दाको समय क्रमका हिसावले विश्लेषण एवं परीक्षण गर्नु पर्नेमा विशेष अदालत, काठमाडौंले प्रतिवादीको सम्पत्तिको श्रोत गणना र परीक्षण गर्दा त्रुटी गरी बिगो कम ठहर गरी फैसला गरेकोले सो हदसम्म फैसलामा चित्त नबुझेका कुराहरु देहायका प्रकरणहरुमा उल्लेख गरी पुनरावेदन जिकिर लिइएको छ ।

विशेष अदालतले प्रतिवादीको सम्पत्तिको बैधता परीक्षण गर्दा निजलाई प्राप्त भएको र प्राप्त हुन सक्ने आयलाई कुन-कुन समयमा के कति आय प्राप्त भयो र सम्पत्तिबाट प्राप्त गरेको समयमा निजको कति वैध आय बचत भएको हो ? सो यकिन गरी परीक्षण गर्नुपर्ने थियो । त्यस्तै, आय आर्जनको मिति यकिन हुन नसक्ने आयमा पनि साल क्रमका आधारले आय रकम निर्धारण गरी आर्जित सम्पत्तिको श्रोत परीक्षण गर्नुपर्ने अवस्था थियो । तर, विशेष अदालतले सबै आयलाई एकमुष्ट गणना गरी सबै आर्जित सम्पत्तिलाई तत्कालको मूल्यसँग परीक्षण गरेको

देखिन्छ । यसबाट पहिले सम्पत्ति आर्जन गर्दा श्रोत नै नभएको सम्पत्ति पनि सोभन्दा धेरै पछि प्राप्त भएका भनिएका आयबाट पुष्टी गर्ने कार्य भएको छ, यो विशेष अदालतको त्रुटी हो ।

प्रतिवादीका साथमा रहेको चल अचल सम्पत्ति र तत् तत् अवधिमा निजले गरेको विशेष खर्च समेत गरी परीक्षण योग्य सम्पत्तिको परिमाण आरोपपत्रमा रू. २,६४,४०,१७०।१२ भएको मध्ये रू. १८,७६,२९१।७९ श्रोत खुलेको र बाँकी रू. २,४५,६३,८७८।३३ बराबरको रकम श्रोत नखुलेको सम्पत्ति गैरकानूनी रुपमा आर्जन गरेको भन्ने दाबी भएकोमा विशेष अदालतले परीक्षण योग्य सम्पत्ति तत्कालको मूल्यमा हिसाब गरी परीक्षण योग्य सम्पत्ति रू. २,२५,७१,८८०।०७ कायम गरी सो मध्ये रू. ५५,९७,१२१।३५ लाई वैध मानी रू. १,६९,७४,७५८।७२ लाई मात्र अमिल्दो र अस्वाभाविक श्रोत नखुलेको सम्पत्ति ठहर गरेकोले उक्त अदालतले गरेको यो ठहर त्रुटीपूर्ण छ । विशेष अदालतले प्रतिवादीको गणना गर्न नमिल्ने कतिपय आयहरुलाई पनि स्वच्छतापूर्वक गणना गरी सम्पूर्ण आयश्रोतबाट प्राप्त रकम गणना गरिसकेपछि र आय भएको थियो कि भनी आशंकासम्म गर्न सकिने कुनै श्रोत नै बाँकी नभएको अवस्थामा पनि निजको मौजुदा सम्पत्तिभन्दा बढी निजलाई वैध रुपमा आय भएको ठहर गरेबाट अदालतको यस फैसलाले गैरकानूनी सम्पत्ति आर्जनको कसूर गर्ने प्रबृतिलाई प्रश्रय मिलेको छ । जे जति सम्पत्तिको वैध आयश्रोत पुष्टी हुँदैन त्यति सम्पत्ति गैरकानूनी रुपमा आर्जन गरेको ठहर गर्नुपर्ने हुन्छ ।

माथि उल्लिखित जिकिरहरुमा कुनै प्रतिकूल प्रभाव नपारी विशेष अदालतले गरेको फैसला देहायको आधार एवं कानूनी दृष्टिमा समेत त्रुटिपूर्ण रहेकोले फैसला बदर गरी आरोपपत्रको मागदाबी बमोजिम हुन देहाय बमोजिमको जिकिर प्रस्तुत गरिएको छ :-

(क) प्रतिवादीले तलब भत्ता बापतको रू. ८,८३,७२५।- आयमा गणना गर्न अदालत समक्ष बहसनोट पेश भएको भन्दै प्रतिवादीको सार्वजनिक सेवामा प्रवेश भएपछि आयोगबाट अनुसन्धानको अवधिसम्मको तलब भत्ता रू. ७,६६,७०४।- आय कायम गरे तापनि अदालतले रू. १,१७,०२१।- लाई थप आय कायम गरेको देखिन्छ । आयोगले अनुसन्धानको सिलसिलामा संकलन भएका प्रमाणबाट प्रतिवादीको तलब भत्ता बापत प्राप्त गरेको आधारमा आय कायम गरेको हो । यसैगरी प्रतिवादी सेवारत रहँदा ग्रेड तथा दसैं खर्च बापत पाएको रकम आयमा समावेश गर्न बहसनोट पेश गरेको भन्दै उल्लिखित बिषयमा आरोपपत्रमा बिबेचना नगरेको अवस्थामा अदालतले प्रत्येक वर्ष ग्रेड पाउने शीर्षक अन्तर्गत रू. १,३५,७३६।- र प्रत्येक वर्ष पाउने एक महिना बराबरको दसैं खर्च रू. ८७,४०४।- गरी जम्मा रू. २,२३,१४०।- निजको आयमा गणना गरेको देखिन्छ । बर्षमा एकपटक आउने दसैं जस्तो चाडमा पाएको एक महिनाको तलब बराबरको रकम अनिवार्य रुपमा खर्च हुने भई बचत हुन नसक्ने स्पष्ट छ ।

(ख) महंगी भत्ता, स्थानीय भत्ता र संचित बिदाको बचत रकम समेत रू. ३९,८१६।- पाएको अदालत समक्ष आयमा समावेश गर्न बहसनोट तथा जिकिर पेश गरेकोमा आयोगले उल्लिखित विषयमा आयमा गणना तथा बिबेचना नगरेको भए तापनि संचित बिदा बापत रू. १३,८९६।-, महंगी भत्ता रू. ७,९००।- र स्थानीय भत्ता बापत रू. १८,०२०।- गरी

जम्मा रू. ३९,८१६।- आयमा समावेश गरेको देखिन्छ । भन्सार विभागमा कार्यरत रहँदा महंगी भत्ता, तलब भत्ता बापतको सम्पूर्ण आयलाई निजको आयमा कायम गरिएको हुँदा निजले पाएको सो रकमलाई समेत दोहोरो पारी आयमा समावेश गरेको, सुगम स्थानको तुलनामा दुर्गम स्थानमा अत्यधिक महंगी हुने भएकोले सो बापत स्थानीय भत्ताको रकम प्रदान गरिने हुँदा सो रकम बचत हुन सक्ने अवस्था रहदैन । संचित बिदा बापतको रकम प्राप्त गरेको छूट्टै व्यहोरा खुलेको प्रमाण प्रतिवादीले पेश गर्न नसकेको तथ्यलाई फैसलाले नै स्वीकार गरेको छ । त्यस्तै, विभिन्न मुलुकहरुको भ्रमणमा जाँदा आउँदा लागेको खर्च जम्मा रू. ७,५४,०९८।८६ पाई सो बाट ७० प्रतिशतले बचत हुने रू.५,२७,८६९।- रकम आयमा समावेश गर्न अदालत समक्ष बहसनोट पेश गरकोमा निजले प्राप्त गरेको देखिएको जम्मा आय मध्येबाट ७० प्रतिशत बचतलाई मात्र मान्यता दिएको सन्दर्भमा निजले प्राप्त गरेको जम्मा रू.७,५४,०९८।८६ सो को ७० प्रतिशतले हुने रू.५,२७,८६९।२० बचत भई आयमा गणना हुने देखिन्छ । कुन प्रयोजनको लागि भ्रमण भएको हो ? नखुलाई जिकिरकै आधारमा आयमा समावेश गरेको फैसला त्रुटिपूर्ण छ ।

(ग) २०५३ सालमा मोरंङको बखरीमा ०-१-० विगाहा, २०५३ सालमा सोही स्थानमै ०-३-१८$^{1}/_{२}$ विगाहा जग्गा समेत प्रतिवादीले खरिद गरेको देखिन्छ जसको खरिद मूल्य जम्मा रू. १०,२५,०००।- भनी आरोपपत्रमा उल्लेख गरिएकोमा अदालतबाट लागत मूल्य जम्मा रू. २,२९,०००।- भनी फैसलामा उल्लेख भएको देखिन्छ । त्यस्तै, २०५२/०५३ सालमा काठमाडौंमा निर्माण गरेको घरको लागत मूल्य जम्मा रू. ३७,९२,०६९।२२ भनी आरोप पत्रमा उल्लेख गरिएकोमा अदालतबाट लागत मूल्य जम्मा रू. २२,०३,६६८।४८ भनी फैसलामा उल्लेख गरेको देखिन्छ । उक्त जग्गा खरिद र घर निर्माणको लागतलाई अदालतले मान्यता दिएको भए तापनि सो लागतलाई धान्न सक्ने सो अवधिसम्मको निजको आयलाई समेत हिसाब गरिनु पर्नेमा एकमुष्ट रुपमा आय र व्ययको गणना गरी निर्माण लागतलाई मान्यता दिई भएको फैसला त्रुटिपूर्ण देखिन्छ ।

(घ) अदालतले जग्गाको मूल्य कायम गर्दा सम्पत्ति आर्जन गर्दाको समयको लिखतमा उल्लिखित मूल्यलाई आधार मानी मूल्य कायम गरेको देखिन्छ । प्रतिवादीले गैरकानूनी आर्जनबाट जग्गा समेत खरिद गरेको भनी आरोपपत्रमा दाबी लिइएको अवस्था छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० अन्तर्गतको कसूरमा गैरकानूनी आर्जनको सम्पत्तिको विगो बरावरको जरिवाना र कैद समेत हुने व्यवस्था छ । आयोगबाट प्रतिवादीको जुन र जति सम्पत्ति गैरकानूनी आर्जनको भनी दावी गरिएको छ, ती सम्पत्तिहरुको हालको मूल्यलाई आधार मानी विगो कायम गरिएको हो । गैरकानूनी आर्जनको सम्पत्ति र सो बाट बढे बढाएको सम्पत्ति जफत हुने ऐनको प्रावधानको पृष्ठभूमिमा हाल प्रचलित मूल्यका आधारमा विगो कायम गरिनु नै कानून सम्मत हुने हुन्छ । तर अदालतले जग्गा आर्जन गर्दाको अवस्थाको लिखतमा उल्लिखित मूल्यलाई आधार मानी विगो कायम गरेको छ । गैरकानूनी सम्पत्ति आर्जनलाई सोही परिमाणबाट दण्डित गरिनु पर्दछ भन्ने कानूनको मनशाय हो । विगतमा जे जति सम्पत्ति गैरकानूनी रुपमा प्राप्त गरिएको हो सो रकमबाट जोडिएको सम्पत्तिको हाल प्रचलित मूल्य धेरै बढी हुने हुनाले हालको मूल्यका आधारमा सजाय नगरेमा गैरकानूनी रुपमा बढे बढाएको

सम्पत्ति वा त्यस्तो सम्पत्तिको हालको केही अंशले मात्र नै जरिवानाको रकम पुग्न सक्ने भई कसूरदारले सहुलियत प्राप्त गर्न सक्ने हुँदा गैरकानूनी आर्जनको विगोको परिमाण बराबर दण्ड गर्ने कानूनको उद्देश्य पराजित हुन जाने स्थिति रहने हुँदा सम्पत्तिको हाल प्रचलित मूल्यलाई मान्यता नदिई प्रतिवादीलाई सफाई दिई भएको फैसला न्यायसंगत छैन ।

(ङ) टीका टालो, दाइजो, पेवा समेतबाट रू. २ लाख प्राप्त गरेको भनी आयमा समावेश गर्न अदालत समक्ष बहसनोट पेश गरेकोमा आयोगबाट बिबेचना गरी आयमा गणना नगरेको भएतापनि अदालतले समाजको सामाजिक, सांस्कृतिक मान्यता र न्यायिक विबेकको आधारमा स्वभाविक र उपयुक्त भएको भन्दै सो बापत रू. २ लाख आयमा गणना गरेको तर्फ विचार गर्दा पनि सो रकम टीका टालो, पेवा, दाइजो स्वरुप नै प्राप्त गरेको हो भन्ने पुष्टि गर्ने यथेष्ट प्रमाणको अभावमा आत्मगत रुपमा निजले श्रोत खुल्न नसकेको सम्पत्तिलाई टीका टालो समेत भन्ने शीर्षक खडा गरी आयमा गणना गरेको त्रुटिपूर्ण छ । विभिन्न प्रकारका लेख, रचनाबाट रू. एक लाख पाएको भनी फैसलाले प्रतिवादीको आयमा रू. १ लाख गणना गरेको तर्फ हेर्दा पनि लेख, रचना कहिले कुन संस्थाबाट प्रकाशित भएको खुलाउन नसकेकोले फैसला न्यायसंगत छैन । त्यसैगरी अदालतले पुरस्कार पाएको भनी प्रतिवादीको आयमा रू. ४७,३२९।४८ समावेश गरेकोमा सो रकम कुन मितिमा के काम गरे बापत पुरस्कार पाएको हो ? फैसलामा खुलेको छैन । एवं प्रकारले भन्सार विभागको मिति २०६०।२।१३ को पत्रबाट समर्थित भएका भन्दै खाजा भत्ता, लुगा भत्ता, अतिरिक्त समय भत्ता र दैनिक भमण भत्ता बापत रू. २०,४५७।- आयमा समावेश गरेको पनि मिलेको देखिदैन ।

(च) प्रतिवादी लता भट्टराईको नामको कि.नं. १६६ को जग्गामा बनेको ३ तलाको घर भाडामा लगाएको रकम रू. ४,३८,०००।- आयमा गणना गर्न अदालत समक्ष बहसनोट साथ जिकिर लिएकोमा आयोगले खरिद र निर्माणको श्रोत नखुलेको हदसम्म गैरकानूनी आर्जनको मानी आरोपपत्रमा दाबी लिइएको छ । यसरी अवैध रुपमा खरिद भएको जग्गा अवैध आर्जनकै रकमबाट बनेको घरको भाडा रकमलाई वैध आय भन्ने प्रश्नै आउँदैन । अदालतले जिकिरकै आधारमा रू. ४,३८,०००।- घर भाडाबाट आय आर्जन गरेको भनी आय कायम गरिदिएको छ । यसरी प्रतिवादीको वैध र अवैध आयको विश्लेषण र मूल्यांकन नगरी हचुवा तवरले घरभाडा निर्धारण गरेको न्यायसंगत छैन । घर भाडामा लागेको हो भन्ने कुराको सबूद संभौतापत्र र सो बापत कर तिरेको भरपाई कागज हो । प्रतिवादीले उल्लिखित कागजात प्रमाण स्वरुप पेश गर्न नसकेको अबस्थामा घरभाडालाई आयमा समावेश गरी गरेको फैसला त्रुटिपूर्ण छ ।

(छ) सवारी साधन बा.३ च ७३०१ मारुती भ्यान र बा.१ ख ६३६५ ट्रक समेतको बिक्रिबाट प्राप्त रू. १२,६५,०००।- आयमा गणना गरी पाउन अदालत समक्षको बयानमा उल्लेख गरेको तथा सोही व्यहोराको बहसनोट पेश गरेकोमा श्रोत नखुलेको हदसम्म गैर कानूनी आर्जनको मानी आरोपपत्रमा दाबी लिईएको छ । अवैध आर्जनकै रकमबाट खरिद गरिएको सवारी साधनलाई वैध आय मान्ने प्रश्नै आउँदैन । प्रतिवादीले जिकिर गरेकै बिना आधार

र प्रमाणमा सवारी साधनहरु नेत्रप्रसाद आचार्य र सन्तोषकुमार साहूलाई बिक्रिबाट प्राप्त रकमलाई आयमा गणना गरेको मिलेको छैन । यसरी प्रतिवादीको वैध र अवैध आयको विश्लेषण र मूल्यांकन नगरी हचुवा तवरले आयमा गणना गरेको न्यायसंगत छैन । प्रतिवादीले नेपाल इन्भेष्टमेन्ट बैंकमा जम्मा भएको रकम अमेरिका बस्ने दिदी सीता पोखेलले पठाई दिएको रू.५३,६३८।- आयमा गणना गर्न अदालत समक्ष बहसनोट पेश गरेकोमा आयोगले सो रकमलाई श्रोत खुलेको आयमा समावेश गरी स्वीकार गरेकै अबस्था देखिएकोले रू.५३,६३८।- निजको आयमा गणना गरिन्छ ।

(ज) प्रतिवादीको सुनसरीमा श्रोत खुलेको जम्मा १-१९-० र ०-६-१५ विगाह खेती योग्य जग्गा रहेको देखिएको छ । सो जग्गाबाट कृषि आय प्राप्त भएको भन्ने निजको जिकिरको आधारमा अदालतले १-१९-० को २०४१ सालदेखि २०५० सालसम्म १० बर्षको रू. १६,०००।- का दरले रू. ३,१२,०००।- र २०५१ सालदेखि २०५९ सालसम्म ९ वर्षको रू. २०,०००।- का दरले रू. ३,५१,०००।- गरी जम्मा रू. ६,६३,०००।- र ०-६-१५ को २०४१ सालदेखि २०५० सालसम्म १० वर्षको रू. १६,०००।- का दरले रू. ५२,०००।- र २०५१ सालदेखि २०५९ सालसम्मको ९ वर्षको रू. २०,०००।- का दरले रू. ५९,४००।- गरी कूल रू. ७,७५,२००।- आय तीन जना समेतको भई प्रतिवादीले सो को एक भाग मात्र पाउने भएकोले एक भाग रू. २,५८,४००।- कृषि आय कायम गरी निजको आयमा समावेश गरेको छ । श्रोत नखुलेको जग्गाबाट प्राप्त कृषि आयलाई प्रतिवादीको आयमा समावेश गर्न एकातिर मिल्दैन भने अर्कोतिर श्रोत खुलेको १-१९-० र ०-६-१५ जग्गाको बालीबाट अदालतले कायम गरेजति कृषि आय प्राप्त हुने अबस्था रहँदैन । यस तथ्य तर्फ बिचारै नगरी अत्यधिक कृषि आय गणना गरी त्यसलाई निजको वैध आय मानी कसूरदारको बिगो कम कायम गर्ने मनसाय राखी बिगो कम कायम गरी भएको फैसला त्रुटिपूर्ण छ ।

८. काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १ जमल, मित्रमार्ग बस्ने विशाल बजार कम्पनी लि.को सञ्चालक समितिका अध्यक्ष रविन्द्र श्रेष्ठ भन्ने रविन्द्रलाल श्रेष्ठ .....
काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १ जमल मित्रमार्ग बस्ने देवेन्द्रलाल श्रेष्ठ
काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २७ त्यौड, ढोका बहाल बस्ने रमेशमान श्रेष्ठ .....

मुद्दा: कम मूल्यमा कवल भाडामा दिई दिलाई बढी मूल्यमा भाडामा लगाई भ्रष्टाचार गरेको ।
फैसला मितिः २०६७।१।२४
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रतिवादी रविन्द्रलाल श्रेष्ठले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र (३) बमोजिमको र देवेन्द्रलाल श्रेष्ठ र रमेशमान श्रेष्ठले सोही ऐनको दफा ८ को उपदफा (१)र(४) बमोजिमको कसूर गरेकोले निजहरुलाई सोही ऐनको दफा ८ को उपदफा (३) र (४) बमोजिम सजाय गरी निजहरुबाट दफा ८ को उपदफा (१) बमोजिम विगो रू. १,३९,५७,३२५।१२ असूल

उपर गरी पाउन मागदावी लिई विशेष अदालत, काठमाडौं समक्ष मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरुलाई सफाई दिई फैसला भएको ।

फैसलाका आधारहरु:

(क) शेयर धारकले शेयरसँग स्वत: आवद्ध भै प्राप्त गरेको पसल कोठा कसैलाई पुन: वहालमा दिनसक्ने व्यवस्था विशाल बजार कम्पनी लिमिटेडको साविकमा प्रयोगमा रहेको प्रशासकीय तथा आर्थिक कार्यविधि नियमावली, २०४९ र हाल प्रयोगमा रहेको आर्थिक कार्यविधि नियमावली, २०६४ मा भएको ।

(ख) विशाल बजार कम्पनी र रमेशमान श्रेष्ठ वीच बहाल सम्बन्धी भएको करारनामामा लिएको पसल कोठा अरुलाई उपभोग गर्न दिन सक्ने भन्ने शर्त उल्लेख भएको ।

(ग) रमेशमान श्रेष्ठले कम्पनीको शेयर प्राप्त गर्ने सन्दर्भमा प्रतिवादी रविन्द्रलाल श्रेष्ठ र देवेन्द्रलाल श्रेष्ठको प्रत्यक्ष भूमिका वा संलग्नता रहे भएको देखिन नआएको ।

(घ) प्रतिवादी रमेशमान श्रेष्ठको नाममा शेयर नामसारी गर्दा प्रतिवादी रविन्द्रलाल श्रेष्ठ संचालक समितिको सदस्यसम्म रहेको र निज एक्लैले शेयर नामसारी वा वितरण गर्न सक्ने अवस्था नरहेको ।

पुनरावेदनका आधारहरु:

(क) विशाल बजार कं.लि.को प्रशासकीय तथा आर्थिक कार्यविधि विनियमावली, २०५९ को परिच्छेद ५ को बुंदा नं. ५.१.१ मा कम्पनीको पसल कोठा बहालमा दिँदा शेयर धनीलाई प्राथमिकता दिईने प्रावधान रहे तापनि नेशनल ट्रेडिङ लि.लाई एउटा पसल कवल मात्र भाडामा दिई अरुदुई नेपाल कृषि सामाग्री कं. लि. र खाद्य संस्थानको क्रमश: ५ प्रतिशत र १५ प्रतिशत शेयर रहेको अवस्थामा उक्त सस्थाहरुले पटक पटक पसल कवल उपलब्ध गराई दिन आग्रह गर्दा समेत उपलब्ध नगराएबाट प्रतिवादी रविन्द्रलाल श्रेष्ठ समेतको बदनियत रहेको स्पष्ट रुपमा देखिएको छ । यस अलावा कम्पनी रजिष्ट्रारको कार्यालयले बोलपत्रको माध्यमद्धारा पसल कवल भाडामा लगाउन दिएको निर्देशनलाई पालना नगरी बोलपत्र बेगर पसल कवल भाडा लगाएबाट प्रतिवादीहरुको बदनियत थप रुपमा पुष्टि हुन आएको छ ।

(ख) प्रतिवादी रविन्द्रलाल श्रेष्ठ तत्कालीन राष्ट्रिय सभाको सदस्य रहेको अवस्थामा प्रतिवादी रमेशमान श्रेष्ठले निजको स्वकीय सचिव भई कार्य गरेको साथै निज रमेशमान श्रेष्ठको रविन्द्रलाल श्रेष्ठ र देवेन्द्रलाल श्रेष्ठसँग निकटतम सम्बन्ध रहेको भन्ने तथ्य प्रतिवादीहरुको बयानबाट देखिन आएको छ ।

(ग) विशाल बजार कम्पनीसँग पसल कवलहरु प्रतिवादी रमेशमान श्रेष्ठले भाडामा लिएपछि उक्त पसल कवलहरु निजले नेपाल इन्भेष्टमेन्ट बैंकलाई कम्पनीलाई बुझाउनु पर्ने भाडाभन्दा बढी मूल्यमा पुन: भाडामा दिएको र उक्त भाडाबाट प्राप्त रकम रविन्द्रलाल

श्रेष्ठका भाई देवेन्द्रलाल श्रेष्ठको सोही बैंकमा रहेको खातामा जम्मा गरिदिएको अवस्था छ। रविन्द्रलाल श्रेष्ठ, देवेन्द्रलाल श्रेष्ठ र प्रतिवादी रमेशमान श्रेष्ठले भाडा रकम देवेन्द्रलाल श्रेष्ठको खातामा जम्मा गरिदिनु पर्ने कारणमा रमेशमान श्रेष्ठबाट पाउनु पर्ने ऋण रकम बापत त्यसरी भाडा रकम आफ्नो खातामा जम्मा गरेको हो भनी बयानमा उल्लेख गरेको भए तापनि रविन्द्रलाल श्रेष्ठ, देवेन्द्रलाल श्रेष्ठ र प्रतिवादी रमेशमान श्रेष्ठका वीच ऋण लिनु दिनुको कुनै कानूनी आधार प्रमाण कागज पेश भएको पाइदैन। यसबाट ऋण बापतको रकम निजको खातामा जम्मा गरेको हो भन्ने कुरा तथ्ययुक्त रुपमा प्रमाणीत हुन सक्ने अवस्था छैन। संचालक समितिको अध्यक्ष समेत रहेका रविन्द्रलाल श्रेष्ठ समेतले प्रतिवादी रमेशमान श्रेष्ठसँग मिलेमतो गरी पसल कवल निज रमेशमान श्रेष्ठलाई भाडामा दिई पुनः नेपाल इन्भेष्टमेन्ट बैंकलाई बढी रकममा भाडामा लगाई वीचको मार्जिन रकम भाई देवेन्द्रलालको खातामा जम्मा गराएको स्पष्ट देखिन आएबाट निजहरुले विशाल बजार कं.लि.लाई हानी नोक्सानी पुऱ्याएको र आफूलाई फाइदा हुने कार्य गरी आरोपित कसूर गरेको स्पष्ट रुपमा प्रमाणीत भई रहेको हुँदा निजहरुलाई सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ।

९. का.जि.का.म. न.पा.वडा नं. १० नयाँबानेश्वर बस्ने प्रहरी महानिरीक्षक पदबाट अवकाश प्राप्त प्रदीप शम्शेर ज.ब.रा. .....
ऐ.ऐ. बस्ने ऐ.को श्रीमती शान्ता राणा .....
प्रदीप शम्शेर ज.ब.रा.को छोरा ऐ ऐ बस्ने दीप शम्शेर ज.ब.रा.....

मुद्दाः गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको।
फैसला मितिः २०६७।१।२९
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रतिवादी प्रदिप शम्शेर ज.ब.रा.ले गैरकानूनी रुपमा रू. ३,७७,८१,६३१।०९ बराबरको चल अचल सम्पत्ति आर्जन गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१) र दफा १५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसूर गरेकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१) र १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) को कसूरमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १५ र २९ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम सजाय गरी त्यसरी भ्रष्टाचार गरी प्रतिवादी प्रदीप शम्शेर ज.ब.रा, निजकी पत्नी शान्ता राणा, निजको छोरा दीप शम्शेर ज.ब.रा.समेतका नाममा रहेको उक्त सम्पत्ति साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग., २९ र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) र दफा ४७ बमोजिम जफत गरीपाउन मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरुलाई सफाई दिई फैसला भएको।

फैसलाका आधारहरुः

(क) जग्गाको मोलको आधिकारीकताको विषयमा निर्धारण गर्दा मालपोत कार्यालयबाट लिखत पारित हुँदाको लिखतमा अंकित मूल्य नै वास्तविक मूल्य मान्नु पर्ने,

(ख) शहरी विकास तथा भवन निर्माण विभागले निर्धारण गरेको दररेटमा ठेक्का कर र ओभरहेड खर्च गरी २० प्रतिशत रकम व्यक्तिगत रुपमा घर निर्माण गर्दा नलाग्ने हुँदा आधारभूत लागतमा घट्न जाने,

(ग) प्रतिवादीले घरभाडा बापत रू.८६,६१,४२४।- प्राप्त गरेको देखिदा सो रकम निजको आयमा समाबेश हुने ।

(घ) प्रतिवादीको स्वामित्वको रौतहट, बाँके र चितवनको जग्गाबाट रू.१७,४२,१४२।९७ कृषी आय कायम हुने ।

(ङ) दसैं खर्च, स्थानीय भत्ता र महंगी भत्ता बापतको रकम निजको आयमा समाबेश हुने ।

पुनरावेदनका आधारहरुः

यस आयोगबाट प्रतिवादी प्रदीप शम्शेर ज.व.रा. विरुद्ध विशेष अदालत, काठमाडौंमा दायर गरिएको गैरकानूनी सम्पत्ति आर्जन सम्बन्धी भ्रष्टाचार मुद्दाको आरोपपत्रमा प्रतिवादीले सार्वजनिक पदमा प्रवेश गरे पछिका अवधिमा निजले आफू, आफ्नी श्रीमती र छोराको नाममा जोडेको चल अचल सम्पत्ति उल्लेख गरी सो अवधिमा निजलाई प्राप्त भएका वैध आर्जनबाट बचत हुन सक्ने रकम तथा निजको पैत्रिक सम्पत्तिबाट प्राप्त हुन सक्ने आय हिसाव गरी सो आयबाट निजले उल्लेख गरे अनुसारका खर्च कट्टा गरी बाँकी रहने बचत रकमबाट आरोपपत्रमा उल्लेख भएका चल अचल सम्पत्ति खरिद गर्न, सृजना गर्न श्रोत पुग्न सक्ने नसक्ने सम्बन्धमा विश्लेषण गरी श्रोत पुष्टी हुन नसकेको सम्पत्तिलाई गैरकानूनी आर्जनको सम्पत्ति मानी कानून बमोजिम सजाय हुन र सम्पत्ति जफत हुन मागदावी गरी आरोपपत्र प्रस्तुत गरिएको हो । जस अनुसार अनुसन्धानको समयको मूल्यको आधारमा निजको सम्पत्ति रू.६,६९,२३,२२२।२९ सम्पत्ति मध्ये रू. ३,७७,८१,६३१।०९ सम्पत्ति को श्रोत नखुलेको ठहर गरी आरोपपत्र पेश भएको हो ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रयोजनका लागि सम्पत्तिको गणना तथा श्रोत परीक्षण गर्नु पर्दा सार्वजनिक पदमा प्रवेश गर्दा निजसँग रहे भएको सम्पत्तिको यकिन गरी सो सम्पत्ति र तत्पश्चात् निजलाई वैध आय श्रोतबाट प्राप्त भएका आयबाट निजको पारिवारिक तथा अन्य खर्च कटाई बचत हुन सक्ने आयबाट निजका साथमा अनुसन्धान हुँदा देखिएको सम्पत्तिको श्रोत पुष्टी हुन सक्छ वा सक्दैन भनी सम्पत्ति सृजना गर्दाको समय क्रमका हिसावले विश्लेषण एवं परीक्षण गर्नु पर्नेमा विशेष अदालत, काठमाडौंले प्रतिवादीको सम्पत्तिको श्रोत गणना र परीक्षण गर्दा तल प्रकरणमा उल्लिखित त्रुटी गरी प्रतिवादीलाई सफाई दिनेगरी फैसला गरेकोले फैसलामा चित्त नबुझेका कुराहरु निम्न प्रकरणहरुमा उल्लेख गरिएको छः

अ. विशेष अदालतले प्रतिवादीको सम्पत्तिको बैधता परीक्षण गर्दा निजलाई प्राप्त भएको देखिने र प्राप्त हुन सक्ने आयलाई कुन कुन समयमा के कति आय प्राप्त भयो र सम्पत्ति आर्जन गरेको समयमा निजको कति वैध आय बचत भएको हो सो यकिन गरी परीक्षण गर्नुपर्ने थियो । त्यस्तै, आय आर्जनको मिति यकिन हुन नसक्ने आय सम्बन्धमा पनि साल

क्रमका आधारले आय रकम निर्धारण गरी आर्जित सम्पत्तिको श्रोत परीक्षण गर्नुपर्ने अवस्था थियो । तर विशेष अदालतले सवै आयलाई एकमुष्ट गणना गरी सवै आर्जित सम्पत्तिलाई तत्कालको मूल्यसँग परीक्षण गरेको छ । यसबाट पहिले सम्पत्ति आर्जन गर्दा श्रोत नै नभएको सम्पत्ति पनि सो भन्दा धेरै पछि प्राप्त भएका भनिएका आयबाट पुष्टी गर्ने कार्य भएको छ । यो विशेष अदालतको गम्भीर त्रुटी हो ।

आ. प्रतिवादीका साथमा रहेका चल अचल सम्पत्ति र तत् तत् अवधिमा निजले गरेको विशेष खर्च समेत गरी परीक्षण योग्य सम्पत्तिको परिमाण आरोपपत्रमा रू. ६,६९,२३,२२२।२९ भएको मध्ये प्राप्त आयबाट बिभिन्न शीर्षकमा खर्च गरी रू. ३,७७,८१,६३१।०९ सम्पत्ति गैरकानूनी रुपमा आर्जनको भन्ने दावी भएकोमा विशेष अदालतले परीक्षण योग्य सम्पत्ति तत्कालको मूल्यमा हिसाव गरी रू. २,०२,३१,९५०।७२ कायम गरेको र सोको श्रोत रू. २,०१,३५,३०१।३९ आय ठहर गरी वैध आयश्रोतभन्दा खर्च रू. ९६,६४९।३३ बढी अवैध श्रोतबाट जम्मा भएको भन्ने तथ्य अदालतको फैसलाबाट नै पुष्टी भएको छ ।

विशेष अदालतले प्रतिवादीका गणना गर्न नमिल्ने कतिपय आयहरुलाई पनि स्वेच्छापूर्वक गणना गरी सम्पूर्ण आयश्रोतबाट प्राप्त रकम गणना गरी सकेपछि र आय भएको थियो कि भनी आशंकासम्म गर्न सकिने कुनै श्रोत नै बाँकी नभएको अवस्थामा पनि निजको मौजुदा सम्पत्तिभन्दा रू. ९६,६४९।३३ बढी निजलाई अवैध रुपमा आय भएको ठहर गरी अवैध आयलाई छूट समेत प्रदान गरी फैसला भएबाट अदालतको यस फैसलाले गैरकानूनी सम्पत्ति आर्जनको कसूर गर्ने प्रबृतिलाई प्रश्रय मिलेको छ । जे जति सम्पत्तिको वैध आयश्रोत पुष्टी हुदैन त्यति सम्पत्ति गैरकानूनी रुपमा आर्जन गरेको ठहर गर्नुपर्ने हुन्छ ।

माथि उल्लिखित जिकिरहरुमा कुनै प्रतिकूल प्रभाव नपारी विशेष अदालतले गरेको फैसला निम्न अधार एवं कानूनी दृष्टिमा समेत त्रुटिपूर्ण रहेकोले उक्त फैसला बदर गरी आरोपपत्रको मागदावी बमोजिम हुन निम्न जिकिर लिईएको छ -

(क) अदालतले जग्गाको मूल्य कायम गर्दा सम्पत्ति आर्जन गर्दाको समयको लिखतमा अंकित मूल्यलाई आधार मानी मूल्य कायम गरेको देखिन्छ । प्रतिवादीले गैरकानूनी आर्जनबाट जग्गा समेत खरिद गरेको भनी आरोपपत्रमा दावी लिइएको छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० अन्तर्गतको कसूरमा गैरकानूनी आर्जनको सम्पत्तिको विगो बरावरको जरिवाना र कैद समेत हुने व्यवस्था छ । आयोगबाट प्रतिवादीको जुन र जति सम्पत्ति गैरकानूनी आर्जनको भनी दावी गरिएको छ, ती सम्पत्तिहरुको हालको मूल्यलाई आधार मानी विगो कायम गरिएको हो । गैरकानूनी आर्जनको सम्पत्ति र सोबाट बढे बढाएको सम्पत्ति जफत हुने ऐनको प्रावधानको पृष्ठभूमिमा हाल प्रचलित मूल्यका आधारमा विगो कायम गरिनु नै कानून सम्मत हुने हुन्छ । तर अदालतले जग्गा आर्जन गर्दाको अवस्थाको मूल्यलाई आधारमानी विगो कायम गरेको छ । गैरकानूनी सम्पत्ति आर्जनलाई सोही परिमाणबाट दण्डित गरिनु पर्दछ भन्ने कानूनको मनसाय हो । विगतमा जे जति सम्पत्ति गैरकानूनी रुपमा प्राप्त गरिएको हो सो रकमबाट जोडिएको सम्पत्तिको हाल प्रचलित मूल्य धेरै बढी हुने हुनाले हालको मूल्यका अधारमा सजाय नगरेमा गैरकानूनी रुपमा

बढेबढाएको सम्पत्ति वा त्यस्तो सम्पत्तिको हालको केही अंशले मात्र नै जरिवानाको रकम पुग्न सक्ने भई कसूरदारले सहुलियत प्राप्त गर्न सक्ने हुँदा गैरकानूनी आर्जनको विगोको परिमाण वरावर दण्ड गर्ने कानूनको उद्देश्य पराजित हुन गई कसूरदारलाई फाईदा पुग्न जाने स्थिति रहने हुँदा सम्पत्तिको हाल प्रचलित मूल्य कायम नगरी प्रतिवादीलाई सफाई दिने गरी गरिएको फैसला कानूनसम्मत नहुँदा त्रुटिपूर्ण छ ।

(ख) प्रतिवादी प्रदिप शम्शेर ज.ब.रा.लगायत निजको श्रीमती र छोराको नाममा काठमाडौं, पोखरा, चितवन, वीरगञ्ज र रौटहटमा घरहरु रहेको देखिएको छ । उक्त घरहरु निर्माण गर्दा निर्माण बर्षको लागतमा रू. ७८,१९,९४१।०९ खर्च लागेको भनी फैसलामा उल्लेख भएको छ । उक्त घरहरु निर्माण गर्दा उक्त लागतलाई विशेष अदालतले मान्यता दिएको भए तापनि सो लागतलाई धान्न सक्ने सो अवधिसम्मको निजको आयलाई समेत हिसाव गरिनु पर्नेमा लागत धान्न सक्ने हैसियत थियो थिएन सो तर्फ कुनै विचार नगरी एकमुष्ट रुपमा आय र व्ययको गणना गरी निर्माण लागतलाई वैध आयबाट प्राप्त लागत मानी मान्यता दिई भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।

(ग) प्रतिवादी प्रदिप शम्शेर ज.ब.रा.ले आयोग र अदालत समक्ष बयान गर्दा वीरगञ्जमा निर्मित घर आफ्नो लगानीबाट निर्माण भएको नभई गंगासागर नामक व्यक्तिलाई घर निर्माण भएको जग्गा १५ वर्षको लागि लिजमा दिएको र निजै गंगासागरले सो जग्गामा किस्ता कट्टा हुने गरी घर निर्माण गरेको भनी उल्लेख गरेकोमा विशेष अदालतले निजको सो बयान जिकिरलाई मान्यता दिएको छैन । आरोपपत्रमा प्रतिवादी प्रदिपशम्शेर समेतले बैंक खातामा जम्मा गरेको रू. ४३,२५,१६५।१९ लुकाए छिपाएको भनी दावी लिइएको छ । विशेष अदालतबाट रू. १५ लाख प्रतिवादीले किंगपिन एकेडेमी प्रा.लि.मा लगानी गरेको र बाँकी रकम वीरगञ्जमा निर्माण गरेको घरमा खर्च लगाएको कुरा स्वभाविकै रहेको भनी दावीमा उल्लेख गरिएको रकम लुकाए छिपाएको नदेखिएको भनी फैसलामा उल्लेख गरेको पाइन्छ । यसरी प्रतिवादी स्वयंले वीरगञ्जको घर निर्माणमा आफ्नो कुनै पनि खर्च लागत नलागेको भनी अदालत समक्ष समेत बयान दिएको अवस्थामा लुकाए छिपाएको भनी दावी लिइएको सम्पत्ति निजले वीरगञ्जको घर निर्माणमा खर्च गरेको भनी निजलाई सफाई दिई गरेको फैसला तथ्यगत रुपमा विल्कुलै विरोधाभाष पूर्ण देखिएको छ । यसरी निजलाई सफाई दिने उद्देश्यले तथ्यगत कुरालाई विरोधाभाषपूर्ण तवरले विवेचना गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।

(घ) घरभाडाबाट प्रतिवादीलाई रू. ८६,६१,४२४।- प्राप्त भएको भनी सो रकमलाई विशेष अदालतले वैध आय भनी मान्यता दिएको छ । प्रतिवादीहरुले निर्माण गरेका घरहरुको सम्पूर्ण श्रोत खुल्न सकेको अवस्था छैन । यसरी सम्पूर्ण श्रोत खुल्न नसकेको घरहरुबाट प्राप्त भाडालाई प्रतिवादीले भाडा कर तिरेकै भए पनि वैध मान्न नमिल्नेमा वैध आयश्रोतबाट प्राप्त भएको भनी मान्यता दिई भएको फैसला त्रुटिपूर्ण छ ।

(ङ) प्रतिवादीहरुलाई रू. १७,४२,१४२।९७ कृषि आयबाट वैध आय प्राप्त भएको भनी फैसलामा उल्लेख भएको छ । प्रतिवादीहरुको नाममा नेपालको विभिन्न स्थानहरुमा जग्गा

जमिन रहे भएको भन्ने कुरामा विवाद नरहे पनि प्रतिवादीहरु सरकारी सेवा र प्राध्यापन सेवामा जग्गा जमिन रहेको स्थानभन्दा अन्यत्र कार्यरत रहेको देखिएको छ। यस अवस्थामा निजहरु स्वयंले कृषि व्यवसाय गरी सोको सम्पूर्ण आय प्राप्त गर्न सक्ने अवस्था रहेको छैन। यस अवस्थामा निजहरुले सम्पूर्ण कृषि आय प्राप्त गरेको मानी कृषि आयलाई निजहरुको कूल सम्पत्तिमा समावेश गरी त्यसलाई समेत वैध आय कायम गरी भएको फैसला न्याय संगत छैन।

(च) प्रतिवादी प्रदिपशम्शेर समेत राष्ट्र सेवकका रुपमा कार्यरत रहेकोले निजहरुले प्राप्त गरेको पारिश्रमिकलाई विशेष अदालतले वैध आयको रुपमा मान्यता दिएको न्याय संगतनै भए पनि उक्त अदालतले निजहरुले प्राप्त गरेको दसैं खर्च, महगी भत्ता, स्थानीय भत्ता र भ्रमण भत्ता समेतलाई निजहरुको वैध आयश्रोत मानी कूल सम्पत्तिमा समावेश गरेको छ। पारिश्रमिक रकम केही मात्रामा बचत हुन सक्ने भएकाले आयोगले प्राप्त पूरै पारिश्रमिकलाई प्रतिवादीको वैध आयश्रोतमा समावेश गरी हिसाव गरेको छ। बाँकी दसैं खर्च लगायतका अन्य भत्ताहरु अनिवार्य रुपमा खर्च हुने भएकाले त्यस्ता रकमहरुलाई प्रतिवादीहरुको बचत हुने रकम मान्न नमिल्नेमा बचत हुने रकम मानी निजहरुको आयमा समावेश गरी वैध आय कायम गरी निजहरुलाई सफाई दिई भएको फैसला न्यायोचित छैन।

(छ) विशेष अदालतले प्रतिवादीहरुको विभिन्न वित्तिय संस्थाहरुमा रहेको शेयर र लाभांसलाई निजहरुको वैध आयश्रोत मानेको छ। उक्त शेयरहरु खरिद गर्दाको अवस्थामा निजहरुको आर्थिक हैसियत के कस्तो थियो सो समेत विचार गरी प्रतिवादीहरुले कसूर गरे नगरेको निष्कर्षमा पुग्नु पर्नेमा सो तर्फ ख्यालै नगरी भएको फैसला त्रुटिपूर्ण छ।

(ज) प्रतिवादीको सम्पत्तिको जाँच अवधि २०२७।९।१४ देखि २०५९।९।१४ सम्म छ। यो अवधि भनेको लगभग ३२ वर्ष हो। प्रतिवादीहरुको तलव भत्ता, घर भाडा, विदेश भ्रमण इत्यादि बापतको रकम मासिक र बार्षिक रुपमा आम्दानी हुने र त्यसबाट प्राप्त आय खर्च समेत हुँदै जाने हुँदा तलव भत्ता, घरभाडा र अन्य आय उल्लेख्य रुपमा बचत हुन सक्ने स्थिति नै रहँदैन। घरभाडा, तलव भत्ता जस्ता आयलाई न्यायसंगत भनी अदालतले स्वीकार गर्दा प्रतिवादीहरुले तत् अवधिमा गर्ने पारिवारिक खर्चलाई पनि न्यायसंगत रुपमा अनुमान गरी कटाउनु पर्नेमा आयको मात्र अनुमान गरी आयमा थप गर्न मिल्ने होइन। तसर्थ प्रतिवादीको आयहरुलाई जस्ताको तस्तौ बचत हुने खर्च नहुने भन्ने मनसाय प्रदर्शित हुने गरी भएको फैसला त्रुटिपूर्ण छ।

१०. धौलागिरी अंचल, बाग्लुङ जिल्ला तित्याङ गा.वि.स.वडा नं. ९ बस्ने जिल्ला शिक्षा कार्यालय, मुस्ताङका तत्कालीन जि.शि.अ.नन्दप्रसाद पौडेल.....
कास्की जिल्ला, लेखनाथ नगरपालिका वडा नं. ८ शिशुवा बस्ने जिल्ला शिक्षा कार्यालय मुस्ताङका तत्कालीन का.मु.जिल्ला शिक्षा अधिकारी बलराम पौडेल .....

कास्की जिल्ला हेम्जा गा.वि.स.वडा नं. ८ बस्ने परीक्षा नियन्त्रण कार्यालय, सानोठिमीमा कार्यरत मधुसूदन त्रिपाठी .....
स्याङ्गजा जिल्ला साँखर गा.वि.स.वडा नं. ८ घर भई पाल्पा जिल्ला रामपुर गा.वि.स.वडा नं. ६ बस्ने जनप्रिय नि.मा.वि.झोङ्कका तत्कालीन प्रधानाध्यापक हरिहर कँडेल .....
पर्वत जिल्ला शिवालय गा.वि.स.वडा नं. ६ बस्ने लुप्रा, प्रा.वि.स.लुप्रा.मुस्ताङ्गका तत्कालीन प्रधानाध्यापक ठाकूरप्रसाद जोशी .....

मुद्दाः-सरकारी सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेको ।
फैसला मिति : २०६६।११।२६
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रतिवादीहरु मध्ये बलराम पौडेल, नन्दप्रसाद पौडेल, ठाकुर प्रसाद जोशी, हरिहर कंडेल समेतले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र १३ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र ३(१)(घ) को कसूर गरेकोले निजहरुलाई सोही दफा बमोजिम सजाय हुन र प्रतिवादी मधुसूदन त्रिपाठीलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र १३ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र दफा ३(१)ख. को कसूरमा सोही दफा बमोजिम सजाय गरी प्रतिवादीहरु बलराम पौडेल, नन्दप्रसाद पौडेल, ठाकुरप्रसाद जोशी, हरिहर कंडेल, मधुसूदन त्रिपाठी समेतबाट विगो असूल उपर गरी पाउन समेतको मागदावी लिई विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादी रोमनाथ बराल उपरको कसूर ठहर भए तापनि अन्य प्रतिवादीहरुले सफाई पाउने ठहर गरी फैसला भएको ।

फैसलाका आधारहरुः

(क) असावधानी र भ्रष्टाचार एक अर्काका समनार्थी नहुने हुनाले बदनियत चिताई अंक श्रेस्ता सच्याई रकम निकासा गरी गराई रकम लिए खाएको ठोस प्रमाणको अभावमा प्रतिवादीहरु नन्दप्रसाद पौडेल, बलराम पौडेल र मुधसूदन त्रिपाठीले आरोपित कसूरबाट सफाई पाउने ।
(ख) बढी रकम निकासा गराउने उद्देश्यले कार्यालयमा रहेको कागजातमा अंक थप्ने, सच्याउने कार्यमा प्रतिवादीहरुको संलग्नता वादी पक्षले देखाउन नसकी बढी निकाशा भएको रकम बाँडी खाएका हुन् भन्ने कुनै प्रमाण बादी पक्षबाट पेश नभएको ।
(ग) बढी रकमको चेक लेखापाललाई दिँदैमा रकम पनि बाँडी खाएका होलान भनी अर्थ गर्नु न्याय संगत नभएको ।
(घ) प्रतिवादीहरु ठाकुरप्रसाद जोशी र हरिहर कँडेलले पनि ठोस प्रमाणको अभावमा आरोपित कसूरबाट सफाई पाउने ।

पुनरावेदनका आधारहरुः

(क) जिल्ला शिक्षा कार्यालय, मुस्ताङ्गका तत्कालीन लेखापाल रोमनाथ वराल, जिल्ला शिक्षा अधिकारी वलराज पौडेल र लुप्रा प्रा.वि.लुप्राको प्र.अ.ठाकुरप्रसाद जोशीको मिलेमतोमा जिल्ला शिक्षा निरीक्षकको कार्यालय, मुस्ताङ्गको मिति २०४८।३।१४ च.नं. ६२८ को पत्रबाट रकम जम्मा गरी दिन ने.बै.लि.जोमसोममा पठाएको कार्यालय प्रतिको फोटोकपीमा जनआदर्श मा.वि.को लागि रू. १,०७,२३२।- निकासा जम्मा हुनुपर्नेमा सच्याई रू. १,६७,२३२।- बनाएको, सोही पत्रको सि.नं. ९ को राष्ट्रिय नि.मा.वि., लोमाङथाङको लागि रू. ३४,४६३।- निकासा हुनुपर्नेमा सच्याई रू. ९४,४६३।- निकासा दिएको र सो तथ्यलाई निकासा दिएको पत्र समेतले पुष्टि गरेको छ । साथै सोही पत्रको बैंक प्रतिको फोटोकपीमा जनआदर्श मा.वि.को लागि रू. १,०७,२३२।- राष्ट्रिय नि.मा.वि.लोमाङथाङको लागि रू. ३४,४६३।- नै उल्लेख भई सच्याई फरक रकम रू. १,२०,०००।- लाई लुप्रा प्रा.वि. लुप्रालाई कार्यालय प्रतिमा रू. ९,७३२।- मात्र निकाशा उल्लेख भई बैंक प्रतिमा रू. १,२९,७३२।- केरमेट गरी सच्याई थपी फरक रकम निकाशा दिएको देखिएकोले सो फरक रकम रू. १,२०,०००।- प्रतिवादीहरु तत्कालीन लेखापाल, जि.शि.अ.र प्र.अ.समेतको मिलेमतोबाट हिनामिना भएको भन्ने देखिन्छ ।

(ख) जिल्ला शिक्षा कार्यालय, मुस्ताङ्गका तत्कालीन लेखापाल रोमनाथ, बराल, जि.शि.अ. चन्दप्रसाद पौडेल, प्र.अ.ठाकुरप्रसाद जोशी समेतको मिलेमतोमा जिल्ला शिक्षा निरीक्षकको कार्यालय, मुस्ताङ्गको मिति २०४८।१२।२६ च.नं. ८६५ को रकम जम्मा गरी दिने भन्ने ने.बै.लि. जोमसोमलाई लेखेको पत्रमा जन आदर्श मा.वि. कोवाङ्गलाई रू. २,१४,५७७।१० पठाउनु पर्नेमा अगाडिको २ लाई ३ बनाई सच्याई रू. ३,१४,५७७।९० कायम गरी सो फरक रू. १,००,०००।- लाई लुप्रा प्रा.वि., लुप्रांको नाममा आदेश पत्रमा रू. २०,११९।९० लाई १,२०,११९।९० बनाई उक्त विद्यालयको खातामा निकाशा गराई २०४८।१२।१६ मा नै लेखापाल रोमनाथ बरालले बढी निकाशा भएको रकम समेत गरी रू. १,०४,७२४।- सोही विद्यालयको चेक नं. ०५३२९० बाट भुक्तानी लिएको बैंकको पत्र समेतबाट देखिएकोले रू. १,०४,७२४।- प्रतिवादीहरु तत्कालीन लेखापाल रोमनाथ बराल, जि.शि.अ.नन्दप्रसाद पौडेल, प्र.अ.ठाकुरप्रसाद जोशी समेतको मिलेमतोबाट हिनामिना गरेको भन्ने देखियो ।

(ग) जिल्ला शिक्षा कार्यालय, मुस्ताङ्गका तत्कालीन लेखापाल रोमनाथ बराल जि.शि.अ.नन्दप्रसाद पौडेल, प्र.अ.हरिहर कडेल समेतको मिलेमतोबाट जिल्ला शिक्षा निरीक्षकको कार्यालय, मुस्ताङ्गको मिति २०५०।१।७ च.नं. १५३४ रकम जम्मा गरी दिने भन्ने ने.बै.लि.जोमसोमलाई लेखेको पत्रको कार्यालय प्रतिमा जनप्रिय नि.मा.वि. झोङ्गको नाममा रू. ७६,२०३।८० भई बैंक प्रतिको फोटोकपीमा रू. १,७६,२०३।८० निकासा दिएको भन्ने देखिई रू. १,००,०००।- सच्याई बढी निकासा दिएको भन्ने जनप्रिय नि.मा.वि.झोङ्गलाई लेखेको मिति २०५०।१।७ च.नं. १५५७ को जि.शि.का मुस्ताङ्गले निकासा दिएको पत्रमा रू. ७६,२०३।८० उल्लेख भएबाट पनि पुष्टि भएको छ । जि.शि.का. मुस्ताङ्गको मिति २०५०।१।८ को जनप्रिय नि.मा.वि.झोङ्गको नाममा छूट भनी

रू. ९९,५०१।२० बढी निकाशा आदेश दिई जम्मा रू. १,९९,५०१।- जनप्रिय नि.मा.वि.को चेक नं. ०५९९३१ बाट मिति ०५०।१।१३ मा भुक्तानी लिएको भन्ने बैंकको पत्रबाट देखिएको र सो चेकको अर्धकट्टीमा रोमनाथ बरालले हस्ताक्षर गरी लिएको समेतबाट प्रतिवादीहरु तत्कालीन लेखापाल रोमनाथ बराल, जि.शि.अ. नन्दप्रसाद पौडेल प्रधानाध्यापक हरिहर कँडेलको मिलेमतोबाट रू. १,९९,५०१।- हिनामिना गरेको अवस्था देखिन आएको छ ।

(घ) जिल्ला शिक्षा कार्यालय, मुस्ताङ्गका तत्कालीन लेखापाल रोमनाथ बराल नि.जि.शि.अ.मधुसूदन त्रिपाठी, प्रधानाध्यापक ठाकुरप्रसाद जोशी समेतको मिलेमतोमा निलगिरी प्रा.वि.को ०४९ सालको प्रथम चौमासिक माग फाराममा जम्मा रू. ५३,६०१।४० स्वीकृत भएकोमा छूट भनी रू. ४०,०००।- लेखी ५३,६०१।४० मा अगाडिको अंक ५ लाई ९ बनाई रू. ९३,६०१।४० निकाशा दिएको भन्ने जिल्ला शिक्षा कार्यालय, मुस्ताङ्गको मिति २०४९।५।२८ च.नं. १५६ को पत्रबाट देखिएको छ भने प्रध्यानाध्यापक ठाकुरप्रसाद जोशीले मिति २०५१।३।१ मा जि.शि.का. मुस्ताङ्गमा दिएको निवेदनबाट समेत पुष्टि भएकोले अनियमित तवरबाट छूट भनी मागभन्दा बढी रू. ४०,०००।- रकम निकासा दिई प्रतिवादीहरु रोमनाथ बराल, मधुसूदन त्रिपाठी तथा ठाकुरप्रसाद जोशी समेतको मिलेमतोबाट सरकारी रकम हिनामिना गरेको देखिन्छ ।

(ङ) जिल्ला शिक्षा कार्यालय, मुस्ताङ्गमा तत्कालिन लेखापाल, रोमनाथ बराल, जि.शि.अ.नन्दप्रसाद पौडेल समेतको मिलेमतोमा जिल्ला शिक्षा निरीक्षकको कार्यालय, मुस्ताङ्गको मिति २०४९।३।१४ च.न..१३४८ को ने.बै.लि., जोमसोमलाई रकम जम्मा गरी दिने पत्रमा ताक्लुङ्ग नि.मा.वि., ताक्लुङ्गको नाममा रू.८,०५७।४० पठाउनु पर्नेमा अगाडि पट्टि अंक ६ थपी रू. ६८,०५७।४० बनाई जोड जम्मा सच्याई फरक रकम रू. ६०,०००।- अनियमितता गरेको भन्ने जिल्ला शिक्षा कार्यालय मुस्ताङ्गको मिति २०४९।३।१४ च.नं. १३४९ को ताक्लुङ्ग नि.मा.वि.ताक्लुङ्गको नाममा निकासा भएको रू. ८,०५७।४० ले पुष्टि गरेको हुँदा सो फरक रकम रू. ६०,०००।- प्रतिवादीहरु तत्कालीन लेखापाल रोमनाथ बराल, जि.शि.अ.नन्दप्रसाद पौडेलले अनियमितता गरी हिनामिना गरेको भन्ने देखिन्छ ।

११. तिलाठी गा.वि.स.वडा नं. ३ सप्तरीको हाल का.जि.का. म.न.पा.वडा नं. २ टुकुचा खोला, लाजिम्पाट बस्ने जल उत्पन्न प्रकोप नियन्त्रण विभागका तत्कालीन महानिर्देशक आमोदानन्द मिश्र .....
ऐ.ऐ.वस्ने आमोदानन्द मिश्रकी पत्नी वीणा मिश्र .....
आमोदानन्द मिश्रको छोरा ऐ.ऐ.बस्ने अजितकुमार मिश्र .....

मुद्दाः-गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको ।
फैसला मितिः २०६६।११।१९

आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रतिवादी आमोदानन्द मिश्रले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,७(१), १० र १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिम कसूर गरेकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१),१० र १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम सजाय गरी गैरकानूनी ढङ्गले आर्जन गरेको सम्पत्ति साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग. र २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) र ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम जफत गरी पाउनका साथै निजले भ्रष्टाचार गरी गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्ति निजकी पत्नी विणा मिश्र तथा छोरा अजितकुमार मिश्र समेतका नाममा राखेकोले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग. तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम जफत गरी पाउन मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीले आरोपित कसूरबाट सफाई पाउने ठहर गरी फैसला भएको ।

फैसलाका आधारहरुः

(क) जग्गाको मोलको आधिकारीकताको विषयमा निर्धारण गर्दा मालपोत कार्यालयबाट लिखत पारित हुँदाको लिखतमा अंकित मूल्य नै वास्तविक मूल्य मान्नु पर्ने,

(ख) शहरी विकास तथा भवन निर्माण विभागले निर्धारण गरेको दररेटमा ठेक्का कर र ओभरहेड खर्च गरी २० प्रतिशत रकम व्यक्तिगत रुपमा घर निर्माण गर्दा नलाग्ने हुँदा आधारभूत लागतमा घटन जाने,

(ग) प्रतिवादीले सेवा अवधि भरमा दसैं खर्च बापत रू.१,०९,०६५।-, स्थानीय भत्ता बापत रू.४०,४८०।- र दैनिक भ्रमण भत्ताा बापत रू.५७,६८५।- प्राप्त गरेको देखिदा ती रकम प्रतिवादीको आयमा समाबेश हुने ।

(घ) प्रतिवादीले पांचवटा परामर्श सेवाबाट रू.२,०१,२३७।- आर्जन गरेको भनी सो रकम मात्र निजको आयमा समाबेश गरेकोमा ती ५ बटा बाहेक अन्य कन्सल्टेन्सीबाट समेत जम्मा रू.२१,०१,३३४।६० आर्जन गरेको देखिदा सो रकम निजको वैध आयमा समाबेश हुने ।

(ङ) यस्तै प्रकृतिका अन्य मुद्दामा अदालतले २०५०।०५१ सम्मको प्रति विगाह प्रति वर्षको रू.१६,०००।- को दरले र २०५१।०५२ देखिको प्रति विगाह प्रति वर्ष रू.२०,०००।- का दरले का.जि.का.म.पा. वडा नं. ७ स्थित घरको न्यायिक अनुमानको आधारमा गणना हुने ।

(च) घर भाडामा दिए बापत प्रतिवादीले पाउने रू.९,७८,७५०।- निजको मौद्रिक आयमा समाबेश हुने ।

(छ) निजको Investment bank र Standard Chartered Bank को बैंक मोज्दातमा रहेको मूलधन श्रोत खुलेको सम्पत्तिबाट मात्र जम्मा भएको मान्न सकिने अबस्था नदेखिएकोले न्यायोचित अनुमानको भरमा व्याज रकमको तीस प्रतिशत रू.७४,३०२।- गणना हुने ।

पुनरावेदनका आधारहरुः

यस आयोगबाट प्रतिवादी आमोदानन्द मिश्र विरुद्ध विशेष अदालत, काठमाडौंमा दायर गरिएको गैरकानूनी सम्पत्ति आर्जन सम्बन्धी भ्रष्टाचार मुद्दाको आरोपपत्रमा प्रतिवादीले सार्वजनिक पदमा प्रवेश गरेपछिका अवधिमा निजले आफू, आफ्नी पत्नी र छोराहरुको नाममा जोडेको चल अचल सम्पत्ति उल्लेख गरी सो अवधिमा निजलाई प्राप्त भएका वैध आर्जनबाट बचत हुन सक्ने रकम तथा निजको पैत्रिक सम्पत्तिबाट प्राप्त हुन सक्ने आय हिसाव गरी तथा सो आयबाट निजले उल्लेख गरे अनुसारका खर्च कट्टा गरी बाँकी रहने बचत रकमबाट आरोपपत्रमा उल्लेख भएका चल अचल सम्पत्ति खरिद गर्न, सृजना गर्न श्रोत पुग्न सक्ने नसक्ने सम्बन्धमा विश्लेषण गरी श्रोत पुष्टी हुन नसकेको सम्पत्तिलाई गैरकानूनी आर्जनको सम्पत्ति मानी कानून बमोजिम सजाय हुन र सम्पत्ति जफत हुन मागदावी गरी आरोपपत्र प्रस्तुत गरिएको हो। जस अनुसार अनुसन्धानको समयको मूल्यको आधारमा निजको रू. १,०१,१८,१९३।३० मूल्य बराबरको सम्पत्तिको श्रोत नखुलेको ठहर गरी आरोपपत्र पेश गरिएको थियो।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रयोजनका लागि सम्पत्तिको गणना तथा श्रोत परीक्षण गर्नुपर्दा सार्वजनिक पदमा प्रवेश गर्दा निजसँग रहे भएको सम्पत्तिको यकिन गरी सो सम्पत्ति र तत्पश्चात् निजलाई वैध आय श्रोतबाट प्राप्त भएका आयबाट निजको पारिवारिक तथा अन्य खर्च कटाई बचत हुन सक्ने आयबाट निजका साथमा अनुसन्धान हुँदा देखिएको सम्पत्तिको श्रोत पुष्टी हुन सक्छ वा सक्दैन भनी सम्पत्ति सृजना गर्दाको समय क्रमका हिसावले विश्लेषण एवं परीक्षण गर्नु पर्नेमा विशेष अदालत, काठमाडौंले प्रतिवादीको सम्पत्तिको श्रोत गणना र परीक्षण गर्दा तल प्रकरणमा उल्लिखित त्रुटी गरी प्रतिवादीलाई सफाई दिनेगरी फैसला गरेकोले फैसलामा चित्त नबुझेका कुराहरु निम्न प्रकरणहरुमा उल्लेख गरी पुनरावेदन पत्र प्रस्तुत गरिएको छ।

अ. विशेष अदालतले प्रतिवादीको सम्पत्तिको वैधता परीक्षण गर्दा निजलाई प्राप्त भएको देखिने र प्राप्त हुन सक्ने आयलाई कुन कुन समयमा के कति आय प्राप्त भयो र सम्पत्ति आर्जन गरेको समयमा निजको कति वैध आय बचत भएको हो सो यकिन गरी परीक्षण गर्नुपर्ने थियो। त्यस्तै, आय आर्जनको मिति यकिन हुन नसक्ने आय सम्बन्धमा पनि साल क्रमका आधारले आय रकम निर्धारण गरी आर्जित सम्पत्तिको श्रोत परीक्षण गर्नुपर्ने अवस्था थियो। तर विशेष अदालतले सवै आयलाई एकमुष्ट गणना गरी सवै आर्जित सम्पत्तिलाई तत्कालको मूल्यसँग परीक्षण गरेको छ। यसबाट पहिले सम्पत्ति आर्जन गर्दा श्रोत नै नभएको सम्पत्ति पनि सो भन्दा धेरै पछि प्राप्त भएका भनिएका तथाकथित आयबाट पुष्टी हुन गएको हुँदा उक्त फैसला त्रुटिपूर्ण छ।

आ. प्रतिवादीका साथमा रहेका चल अचल सम्पत्ति र तत् तत् अवधिमा निजले गरेको विशेष खर्च समेत गरी परीक्षण योग्य सम्पत्ति मध्ये विभिन्न शीर्षकमा खर्च गरी रू.१,०१,१८,१९३।३० को सम्पत्ति गैरकानूनी रुपमा आर्जनको भन्ने दावी भएकोमा विशेष अदालतले परीक्षण योग्य सम्पत्ति तत्कालको मूल्यमा हिसाव गरी रू.७९,९८,४४५।१५

कायम गरेको र सोको श्रोत रू. ८८,१८,७६९।१० आय ठहर गरी वैध आयश्रोतभन्दा खर्च रू.८,२०,३२३।९५ घटी भएको भनी फैसलामा उल्लेख गरिएको छ ।

विशेष अदालतले प्रतिवादीका गणना गर्न नमिल्ने कतिपय आयहरुलाई पनि स्वेच्छा पूर्व गणना गरी सम्पूर्ण आयश्रोतबाट प्राप्त रकम गणना गरी सकेपछि र आय भएको थियो कि भनी आशंकासम्म गर्न सकिने कुनै श्रोत नै बाँकी नभएको अवस्थामा पनि निजको मौजुदा सम्पत्ति भन्दा रू. ८,२०,३२३।९५ निजलाई वैध रुपमा आय भएको ठहर गरी फैसला भएबाट अदालतको यस फैसलाले गैरकानूनी सम्पत्ति आर्जनको कसूर गर्ने प्रबृतिलाई प्रश्रय मिलेको छ । जे जति सम्पत्तिको वैध आयश्रोत पुष्टी हुदैन त्यति सम्पत्ति गैरकानूनी रुपमा आर्जन गरेको ठहर गर्नुपर्ने हुन्छ ।

माथि उल्लिखित जिकिरहरुमा कुनै प्रतिकूल प्रभाव नपारी त्यसका अतिरिक्त विशेष अदालतले गरेको फैसला निम्न आधार एवं कानूनी दृष्टिबाट त्रुटिपूर्ण रहेकोले बदर गरी शुरु आरोप पत्रको मागदावी बमोजिम हुन निम्न जिकिर प्रस्तुत गरिएको छ -

(क) अदालतले जग्गाको मूल्य कायम गर्दा सम्पत्ति आर्जन गर्दाको समयको लिखतमा अंकित मूल्यलाई आधार मानी मूल्य कायम गरेको देखिन्छ । प्रतिवादीले गैरकानूनी आर्जनबाट जग्गा समेत खरिद गरेको भनी आरोपपत्रमा दावी लिइएको अवस्था छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० अन्तर्गतको कसूरमा गैरकानूनी आर्जनको सम्पत्तिको विगो बरावरको जरिवाना र कैद समेत हुने व्यवस्था छ । आयोगबाट प्रतिवादीको जुन र जति सम्पत्ति गैरकानूनी आर्जनको भनी दावी गरिएको छ ती सम्पत्तिहरुको हालको मूल्यलाई आधार मानी विगो कायम गरिएको हो । गैरकानूनी आर्जनको सम्पत्ति र सो बाट बढे बढाएको सम्पत्ति जफत हुने ऐनको प्रावधानको पृष्ठभूमिमा हाल प्रचलित मूल्यका आधारमा विगो कायम गरिनु नै कानून सम्मत हुने हुन्छ । तर अदालतले जग्गा आर्जन गर्दाको अवस्थाको मूल्यलाई आधारमानी विगो कायम गरेको छ । गैरकानूनी सम्पत्ति आर्जनलाई सोही परिमाणबाट दण्डित गरिनु पर्दछ भन्ने कानूनको मनशाय हो । विगतमा जे जति सम्पत्ति गैरकानूनी रुपमा प्राप्त गरिएको हो सो रकमबाट जोडिएको सम्पत्तिको हाल प्रचलित मूल्य धेरै बढी हुने हुनाले हालको मूल्यका अधारमा सजाय नगरेमा गैरकानूनी रुपमा बढेबढाएको सम्पत्ति वा त्यस्तो सम्पत्तिको हालको केही अंशले मात्र नै जरिवानाको रकम पुग्न सक्ने भई कसूरदारले सहुलियत प्राप्त गर्न सक्ने हुँदा गैरकानूनी आर्जनको विगोको परिमाण वरावर दण्ड गर्ने कानूनको उद्देश्य पराजित हुन गई कसूरदारलाई फाईदा पुग्न जाने स्थिति रहने हुँदा सम्पत्तिको हाल प्रचलित मूल्यलाई मान्यता नदिई प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला न्यायसंगत छैन ।

(ख) प्रतिवादी आमोदानन्द मिश्रको छोरा अजितकुमार मिश्रको नाममा काठमाडौं जिल्ला का.म.न.पा.सावित्र वडा नं. २ लाजिम्पाट खोलागाल मार्गमा कि.नं. ११७ को ०-११-०-० रोपनी जग्गा मध्ये २०४९ देखि २०५१ सालसम्ममा कित्ताकाट गरी विक्रि भई बाँकी रहेको कि.नं. ७५८ को क्षेत्रफल ०-८-२-० रोपनी जग्गामा चार तल्ले घर निर्माण भएको सो घर निर्माणमा रू.४९,६२,६८४।७९ लागत लागेको र सो लागतको ८५ प्रतिशत श्रोत

खुल्न नसकेको, साथै २०५६।०५७ सालमा अजितकुमार मिश्रको नाममा सप्तरी जिल्ला इटहरी ९ मा भुईतल्ला घर निर्माण गर्दा लागेको लागत रू. १६,३७,९९०।४० को पूरै श्रोत खुल्न नसकेको भनी आरोपपत्रमा उल्लेख गरिएकोमा विशेष अदालतबाट काठमाडौंको घर निर्माणमा रू.१९,१३,०७८।५७ र सप्तरीको घर निर्माणमा रू. ११,५८,९२२।०१ लागत लागेको भनी ठहर गरिएको छ। उक्त घरहरु निर्माणको लागतलाई उक्त अदालतले मान्यता दिएको भए तापनि सो लागतलाई धान्न सक्ने सो अवधिसम्मको निजको आयलाई समेत हिसाव गरिनु पर्नेमा एकमुष्ट रुपमा आय र व्ययको गणना गरी निर्माण लागतलाई मान्यता दिई भएको फैसला त्रुटिपूर्ण देखिन्छ।

(ग) प्रतिवादीले आफूले सेवा अवधि भरमा रू. १,०९,०६५।- दसैं खर्च पाएको भनी जिकिर लिएकोमा विशेष अदालतले त्यसलाई मान्यता दिएको छ। दसैं खर्च मुख्य चाड पर्व मनाउनका लागि दिइने खर्च भएकाले सो रकम अनिवार्य रुपमा खर्च हुने रकम हो। विभिन्न धार्मिक समुदायले मनाउने आफ्नो मुख्य चाँडपर्वमा सो रकम अनिवार्य रुपमा खर्च हुन जाने हुँदा अदालतले बचत हुने आयमा गणना गरेको युक्तिसँगत छैन। त्यस्तै स्थानीय भत्ता बापत रू.४०,४८०।- दैनिक भ्रमण भत्ता बापत रू.५७,६८५।- समेत प्राप्त गरेको भन्ने समेतको प्रतिवादीको भनाईलाई समेत अदालतले मान्यता दिएको छ। स्थानीय भत्ता सुगम स्थानको तुलनामा तत् स्थानमा महंगी बढी हुने भएकाले र दैनिक भ्रमणभत्ता यातायात र खान बस्नको लागि दिइने भत्ता भएकाले त्यस्ता भत्ताहरु बचत हुन सक्ने प्रकृतिका भत्ता नहुँदा नहुँदै त्यस्ता भत्तालाई समेत प्रतिवादीको बचत हुने आय मानी भएको फैसला त्रुटिपूर्ण छ।

(घ) प्रतिवादीले आफूले परामर्श सेवाबाट रू. २४,९२,७२७।- आय प्राप्त गरेको भनी जिकिर लिएकोमा विशेष अदालतले रू. २१,०१,३४४।६० निजलाई परामर्श सेवाबाट प्राप्त भएको भनी फैसलामा उल्लेख गरेको पाइन्छ। सवै परामर्श सेवा निज एक्लैले मात्र नगरी केही Joint Venture बाट गरेको र परामर्शको कार्य गर्दा प्रशासनिक तथा प्राविधिक खर्च समेत हुने साथै कर समेत तिर्नु पर्ने हुँदा पूरै वचत नहुने भन्ने तथ्यलाई अदालत स्वयंले स्वीकारेको छ। यस विपरित J.V. बाट गरेको कामबाट आधा मात्र रकम प्राप्त हुने साथै परामर्शको काम गर्दा सहयोगी कर्मचारीहरु मसलन्द लगायत प्राविधिक सरसामानहरुमा खर्च हुने हुँदा उल्लेख्य रुपमा बचत हुन नसक्नेमा उल्लेख्य रुपमा बचत भएको मानी त्यसलाई प्रतिवादीको वैध आयमा गणना गरी भएको फैसला न्यायोचित छैन।

(ङ) प्रतिवादीलाई कृषि आयबाट रू. १८,५१,३६०।- मौद्रिक आय प्राप्त भएको भनी विशेष अदालतले निजको आयमा समावेश गरेको छ। प्रतिवादी जागिरमा रहेका र निजका छोराहरु कृषिमा नभई अन्य पेशा व्यवसायमा रहेको देखिएबाट निजहरु स्वयंले कृषि व्यवसाय गरेको हुन सक्ने सम्भावना छैन। यस स्थितिमा प्रतिवादीले आफ्नो र परिवारको नामको जग्गा जमिनबाट पूरै कृषि आय प्राप्त गर्न सक्ने अवस्था एकातर्फ रहेको देखिएको छैन भने अर्कोतर्फ श्रोत नखुलेका जग्गाहरुको समेत कृषि आय गणना गरी प्रतिवादीको वैध सम्पत्तिमा समावेश गरिएको छ। जो विल्कूलै त्रुटिपूर्ण छ।

(च) घरभाडाबाट प्रतिवादीलाई रू. ९,७८,७५०।- वैध आय प्राप्त भएको भनी मान्यता दिएको छ । काठमाडौं, लाजिम्पाटमा निर्मित चार तल्ले घरको ८५ प्रतिशत श्रोत खुल्न सकेको अवस्था छैन । यसरी निर्माण लागतको पूरै श्रोत खुल्न नसकेको घरबाट प्राप्त भाडालाई वैध मान्न नमिल्नेमा वैध भनी मान्यता दिई भएको फैसला त्रुटिपूर्ण छ ।

(छ) प्रतिवादीको सम्पत्तिको जाँच अवधि २०२४।४।१ देखि २०५९।७।१२ सम्म छ । यो अवधि भनेको लगभग ३५ वर्ष हो । प्रतिवादीको तलव भत्ता, घर भाडा, परामर्स सेवा इत्यादी बापतको रकम मासिक र बार्षिक रुपमा आम्दानी हुने र त्यसबाट प्राप्त आय खर्च समेत हुंदै जाने हुँदा तलव भत्ता, घरभाडा र अन्य आय उल्लेख्य रुपमा बचत हुन सक्ने स्थिति नै रहदैन । घरभाडा तलव भत्ता जस्ता आयलाई न्यायसंगत भनी अदालतले स्वीकार गर्दा प्रतिवादीले तत् अवधिमा गर्ने पारिवारिक खर्चलाई पनि न्यायसंगत रुपमा अनुमान गरी कटाउनु पर्नेमा आयको मात्र अनुमान गरी आयमा थप गर्न मिल्ने होइन । तसर्थ प्रतिवादीको आयहरुलाई जस्ताको तस्तो बचत हुने तर खर्च नहुने भन्ने मनसाय प्रदर्शित हुने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

१२. महोत्तरी जिल्ला डाम्ही महेशपुर गा.वि.स.वडा नं. १ घर भै हाल धनुषा जिल्ला जनकपुर नगरपालिका -४ बस्ने शिक्षा तथा खेलकूद मन्त्रालयको सह-सचिव पदमा कार्यरत वीरेन्द्रकुमार सिंह.....
ऐ.ऐ.बस्ने ऐ.ऐ.को श्रीमती प्रमिलादेवी सिंह .....
ऐ.ऐ.बस्ने ऐ.ऐ.को छोरा प्रबीण सिंह .....
ऐ.ऐ.बस्ने ऐ.ऐ.को छोरी स्वेता सिंह .....

मुद्दाः- गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको ।
फैसला मितिः २०६७।१।२८
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रतिवादी वीरेन्द्रकुमार सिंहले गैरकानूनी रुपमा रू. १,३६,१३,६५४।४२ बराबरको सम्पत्ति आर्जन गरी सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,७(१),१० र १५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसूर गरेको देखिन आएकोले निजलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,७(१),१०, १५ र २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) सजाय गरी त्यसरी भ्रष्टाचार गरी आर्जन गरेको सम्पत्ति मध्ये निजकी पत्नी प्रमिलादेवी सिंह, छोरा प्रविण सिंह र छोरी स्वेता सिंहको नाममा राखेका सम्पत्तिहरु सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग. र २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) र ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम जफत गरी पाउन मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीले सफाई पाउने ठहरी फैसला भएको ।

फैसलाका आधारहरुः

(क) जग्गाको मोलको आधिकारीकताको विषयमा निर्धारण गर्दा मालपोत कार्यालयबाट लिखत पारित हुँदाको लिखतमा अंकित मूल्य नै वास्तविक मूल्य मान्नु पर्ने,

(ख) शहरी विकास तथा भवन निर्माण विभागले निर्धारण गरेको दररेटमा ठेक्का कर र ओभरहेड खर्च गरी २० प्रतिशत रकम व्यक्तिगत रुपमा घर निर्माण गर्दा नलाग्ने हुँदा आधारभूत लागतमा घटन जाने,

(ग) प्रतिवादीले सेवा अवधि भरमा दसैं खर्च बापत रू.१,३९,८४०।-, महंगी भत्ता रू.२९,५५१।८० स्थानीय भत्ता बापत रू.१,६३,९८१।८० प्राप्त गरेको देखिदा ती रकम प्रतिवादीको आयमा समाबेश हुने ।

(घ) धनुषा स्थित घरहरु भाडामा दिए बापत प्रतिवादीले पाउने रू.१३,१७,६००।- निजको मौद्रिक आयमा समाबेश हुने ।

(ङ) यस्तै प्रकृतिका अन्य मुद्दामा अदालतले प्रति विगाह कायम गरे अनुसारको दररेटको आधारमा रू.हुन आउने कृषी आय रू.२१,२९,०२०।- निजको आयमा गणना हुने ।

(च) वैध आयको १० प्रतिशतसम्म बढी अवैध आर्जन देखिए तापनि त्यस्तो १० प्रतिशत बढी रकम भ्रष्टाचार नहुने ।

पुनरावेदनका आधारहरुः

यस आयोगबाट प्रतिवादी वीरेन्द्रकुमार सिंह विरुद्ध विशेष अदालत, काठमाडौंमा दायर गरिएको गैरकानूनी सम्पत्ति आर्जन सम्बन्धी भ्रष्टाचार मुद्दाको आरोपपत्रमा प्रतिवादीले सार्वजनिक पदमा प्रवेश गरेपछिका अवधिमा निजले आफू, श्रीमती, छोरी र छोराको नाममा जोडेको चल अचल सम्पत्ति उल्लेख गरी सो अवधिमा निजलाई प्राप्त भएका वैध आर्जनबाट बचत हुन सक्ने रकम तथा निजको पैत्रिक सम्पत्तिबाट प्राप्त हुन सक्ने आय हिसाव गरी तथा सो आयबाट निजले उल्लेख गरे अनुसारका खर्च कट्टा गरी बाँकी रहने बचत रकमबाट आरोपपत्रमा उल्लेख भएका चल अचल सम्पत्ति खरिद गर्न, सृजना गर्न श्रोत पुग्न सक्ने नसक्ने सम्बन्धमा विश्लेषण गरी श्रोत पुष्टी हुन नसकेको सम्पत्तिलाई गैरकानूनी आर्जनको सम्पत्ति मानी कानून बमोजिम सजाय हुन र सम्पत्ति जफत हुन मागदावी गरी आरोपपत्र प्रस्तुत गरिएको हो । जसअनुसार अनुसन्धानको समयको मूल्यको आधारमा निजको रू.२,६१,६६,५८०।८९ बराबर सम्पत्ति मध्ये रू.१,३६,१३,६५४।४२ बराबरको सम्पत्ति श्रोत नखुलेको ठहर गरी आरोपपत्र पेश भएको हो ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रयोजनका लागि सम्पत्तिको गणना तथा श्रोत परीक्षण गर्नुपर्दा सार्वजनिक पदमा प्रवेश गर्दा निजसँग रहे भएको सम्पत्तिको यकिन गरी सो सम्पत्ति र तत्पश्चात् निजलाई वैध आय श्रोतबाट प्राप्त भएका आयबाट निजको पारिवारिक तथा अन्य खर्च कटाई बचत हुन सक्ने आयबाट निजका साथमा अनुसन्धान हुँदा देखिएको सम्पत्तिको श्रोत पुष्टी हुन सक्छ वा सक्दैन भनी सम्पत्ति सृजना गर्दाको समय क्रमका हिसावले विश्लेषण एवं परीक्षण गर्नुपर्नेमा विशेष अदालत, काठमाडौंले प्रतिवादीको सम्पत्तिको श्रोत गणना र परीक्षण गर्दा तल प्रकरणमा उल्लिखित त्रुटी गरी प्रतिवादीलाई सफाई दिने गरी

फैसला गरेको हुनाले फैसलामा चित्त नबुझेका कुराहरु निम्न प्रकरणहरुमा उल्लेख गरी पुनरावेदन जिकिर लिइएको छ ।

अ. विशेष अदालतले प्रतिवादीको सम्पत्तिको बैधता परीक्षण गर्दा निजलाई प्राप्त भएको देखिने र प्राप्त हुन सक्ने आयलाई कुन कुन समयमा के कति आय प्राप्त भयो र सम्पत्ति आर्जन गरेको समयमा निजको कति वैध आय बचत भएको हो सो यकिन गरी परीक्षण गर्नुपर्ने थियो । त्यस्तै, आय आर्जनको मिति यकिन हुन नसक्ने आय सम्बन्धमा पनि साल क्रमका आधारले आय रकम निर्धारण गरी आर्जित सम्पत्तिको श्रोत परीक्षण गर्नुपर्ने अवस्था थियो । तर विशेष अदालतले सबै आयलाई एकमुष्ट गणना गरी सबै आर्जित सम्पत्तिलाई तत्कालको मूल्यसँग परीक्षण गरेको छ । यसबाट पहिले सम्पत्ति आर्जन गर्दा श्रोत नै नभएको सम्पत्ति पनि सो भन्दा धेरै पछि प्राप्त भएका भनिएका तथाकथित आयबाट पुष्टी गर्ने कार्य भएको छ । यो विशेष अदालतको गम्भीर त्रुटी हो ।

आ. प्रतिवादीका साथमा रहेका चल अचल सम्पत्ति र तत् तत् अवधिमा निजले गरेको विशेष खर्च समेत गरी परीक्षण योग्य सम्पत्तिको परिमाण आरोपपत्रमा रू. २,६१,६६,५८०।८९ भएको मध्ये प्राप्त आयबाट बिभिन्न शीर्षकमा खर्च गरी रू. १,३६,१३,६५४।४२ बराबरको सम्पत्ति गैरकानूनी रुपमा आर्जनको भन्ने दावी भएकोमा विशेष अदालतले परीक्षण योग्य सम्पत्ति तत्कालको मूल्यमा हिसाव गरी रू. १,१६,२१,६०४।९३ कायम गरेको र श्रोत खुलेको आय रू. १,१४,२५,०३८।८७ ठहर गरी वैध आयश्रोतभन्दा खर्च रू. १,९६,५६६।०६ बढी अवैध श्रोतबाट जम्मा भएको भन्ने तथ्य अदालतको फैसलाबाट नै पुष्टी भएको छ ।

विशेष अदालतले प्रतिवादीका गणना गर्न नमिल्ने कतिपय आयहरुलाई पनि गणना गरी सम्पूर्ण आयश्रोतबाट प्राप्त रकम गणना गरी सकेपछि र आय भएको थियो कि भनी आशंकासम्म गर्न सकिने कुनै श्रोत नै बाँकी नभएको अवस्थामा पनि निजको मौजुदा सम्पत्तिभन्दा रू. १,९६,५६६।०६ बढी निजलाई अवैध रुपमा आय भएको ठहर गरी अवैध आयलाई छूट समेत प्रदान गरी फैसला भएबाट सम्मानित अदालतको यस फैसलाले गैरकानूनी सम्पत्ति आर्जनको कसूर गर्ने प्रबृतिलाई प्रश्रय मिलेको छ । जे जति सम्पत्तिको वैध आयश्रोत पुष्टी हुँदैन त्यति सम्पत्ति गैरकानूनी रुपमा आर्जन गरेको ठहर गर्नुपर्ने हुन्छ ।

पुनरावेदनका आधारहरुः

माथि उल्लिखित जिकिरहरुमा कुनै प्रतिकूल प्रभाव नपारी त्यसका अतिरिक्त विशेष अदालतले गरेको फैसला निम्न आधार एवं कानूनी दृष्टिमा त्रुटिपूर्ण रहेकोले फैसला बदर गरी शुरु आरोप पत्रको मागदावी बमोजिम हुन निम्न जिकिर प्रस्तुत गरिएको छ -

(क) अदालतले जग्गाको मूल्य कायम गर्दा सम्पत्ति आर्जन गर्दाको समयको लिखतमा अंकित मूल्यलाई आधार मानी मूल्य कायम गरेको देखिन्छ । प्रतिवादीले गैरकानूनी आर्जनबाट जग्गा समेत खरिद गरेको भनी आरोपपत्रमा दावी लिइएको अवस्था छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० अन्तर्गतको कसूरमा गैरकानूनी आर्जनको सम्पत्तिको

विगो बरावरको जरिवाना र कैद समेत हुने व्यवस्था छ । आयोगबाट प्रतिवादीको जुन र जति सम्पत्ति गैरकानूनी आर्जनको भनी दावी गरिएको छ ती सम्पत्तिहरुको हालको मूल्यलाई आधारमानी विगो कायम गरिएको हो । गैरकानूनी आर्जनको सम्पत्ति र सोबाट बढेबढाएको सम्पत्ति जफत हुने ऐनको प्रावधानको पृष्ठभूमिमा हाल प्रचलित मूल्यका आधारमा विगो कायम गरिनु नै कानून सम्मत हुने हुन्छ । तर अदालतले जग्गा आर्जन (खरिद) गर्दाको अवस्थाको मूल्यलाई आधार मानी विगो कायम गरेको छ । गैरकानूनी सम्पत्ति आर्जनलाई सोही परिमाणबाट दण्डित गरिनु पर्दछ भन्ने कानूनको मनशाय हो । विगतमा जे जति सम्पत्ति गैरकानूनी रुपमा प्राप्त गरिएको हो सो रकमबाट जोडिएको सम्पत्तिको हाल प्रचलित मूल्य धेरै बढी हुने हुनाले हालको मूल्यका आधारमा सजाय नगरेमा गैरकानूनी रुपमा बढे बढाएको सम्पत्ति वा त्यस्तो सम्पत्तिको हालको केही अंशले मात्र नै जरिवानाको रकम पुग्न सक्ने भई कसूरदारले सहुलियत प्राप्त गर्न सक्ने हुँदा गैरकानूनी आर्जनको विगोको परिमाण बराबर दण्ड गर्ने कानूनको उद्देश्य पराजित हुन गई कसूरदारलाई फाईदा पुग्न जाने स्थिति रहने हुँदा सम्पत्तिको हाल प्रचलित मूल्यलाई मान्यता नदिई प्रतिवादीलाई सफाई दिई भएको फैसला न्यायसंगत छैन ।

(ख) प्रतिवादी वीरेन्द्रकुमार सिंहको छोराको नाममा जि.ललितपुर इमाडोलमा घर खरिद भएको र श्रीमतीको नामको जग्गामा जि.धनुषा, जनकपुर न.पा. र ढल्केवर गा.वि.स.मा दुईवटा घरहरु निर्माण भएको देखिएको छ । घर खरिद तर्फ लिखतमा उल्लिखित रकम रू. १२,००,०००।- र निर्माण तर्फ निर्माण बर्षको लागतमा रू. ३४,२८,९२१।९९ खर्च लागेको भनी फैसलामा उल्लेख भएको छ । उक्त लागतलाई विशेष अदालतले मान्यता दिएको भए तापनि सो लागतलाई धान्न सक्ने सो खरिद र निर्माण भएको अवधिसम्मको निजको आयलाई समेत हिसाव गरिनु पर्नेमा लागत लगाउन सक्ने आर्थिक हैसियत थियो थिएन सो तर्फ कुनै विचार नगरी एकमुष्ट रुपमा आय र व्ययको गणना गरी खरिद र निर्माण लागतलाई वैध आयबाट प्राप्त लागत मानी मान्यता दिई भएको फैसला त्रुटिपूर्ण छ ।

(ग) प्रतिवादीले आफूले पदमा बहाल रहेको अवधिमा रू. १,३९,८४०।- दसैं खर्च पाएको भनी जिकिर लिएकोमा त्यसलाई विशेष अदालतले मान्यता दिएको छ । दसैं खर्च मुख्य चाड पर्व मनाउनका लागि दिइने खर्च भएकाले सो रकम अनिवार्य रुपमा खर्च हुने रकम हो । विभिन्न धार्मिक समुदायले मनाउने आफ्नो मुख्य चाडपर्वमा सो रकम खर्च हुन जाने हुँदा अदालतले बचत हुने आयमा गणना गरेको युक्तिसंगत छैन । त्यस्तै महंगी भत्ता बापत रू. २९,५५१।८० दुर्गम भत्ता बापत रू. १,६३,९८१।३८ समेत प्राप्त गरेको भन्ने समेतको प्रतिवादीको भनाईलाई समेत अदालतले मान्यता दिएको छ । महंगी भत्ता विद्यमान महंगीलाई दृष्टिगत गरी दिइने भत्ता भएकाले स्वभाविक रुपमा खर्च भई बचत हुन नसक्ने भत्ता हो भने सुगम स्थानको तुलनामा दुर्गभ स्थानमा महंगी बढी हुने भएकाले दुर्गम भत्ता समेत बचत हुन सक्ने प्रकृत्तिको भत्ता होइन । अतः त्यस्ता भत्तालाई समेत प्रतिवादीको बचत हुने आय मानी भएको फैसला त्रुटिपूर्ण छ ।

(घ) धनुषा जिल्ला स्थित घरहरुबाट प्रतिवादीलाई रू. १३,१७,६००।- घर भाडा बापत प्राप्त भएको भनी सो रकमलाई विशेष अदालतले प्रतिवादीको वैध आयको रुपमा गणना गरेको छ। उक्त घरहरु निर्माण गर्दा लागेको लागतको पूरै श्रोत खुल्न सकेको अवस्था छैन। यसरी निर्माण लागतको श्रोत नै खुल्न नसकेका घरहरुबाट प्राप्त घर भाडालाई भाडा कर तिरे कै भए पनि वैध मान्न नमिल्नेमा वैध भनी मान्यता दिई भएको फैसला त्रुटिपूर्ण छ।

(ङ) प्रतिवादीलाई कृषि आयबाट रू. २१,२९,०२०।- प्राप्त भएको भनी अदालतले मान्यता दिएको छ। प्रतिवादी खेती रहेको स्थानभन्दा बाहिर जागिरमा रहेका, छोरा र छोरी चिकित्सक पेशामा रहेकोबाट निजहरु स्वयंले कृषि व्यवसाय गर्न सम्भव छैन। यस स्थितिमा प्रतिवादीले आफ्नो परिवारको नाममा रहेका जग्गा जमिनबाट पूरै कृषि आय प्राप्त गर्न सक्ने अवस्था एकातर्फ छैन भने अर्को तर्फ कतिपय श्रोत खुल्न नसकेका जग्गाहरुको समेत कृषि आय गणना गरी प्रतिवादीको वैध सम्पत्तिको रुपमा समावेश गरिएको छ। जो विल्कुलै त्रुटिपूर्ण छ।

(च) आरोपपत्रमा प्रतिवादीको श्रोत नखुलेको बैंकमा राखिएको र श्रोत नखुलेको बैंकबाट झिकी वेपत्ता पारेको रकम समेतलाई विगो कायम गरी दावी लिइएको छ। त्यस्तो रकमबाट प्राप्त बैंक व्याज समेतलाई प्रतिवादीको वैध आय मान्न नमिल्नेमा वैध आयमा गणना गरी भएको फैसला न्यायसंगत छैन।

(छ) २०२९।७।१८ देखि २०६०।४।१ सम्मको अवधिलाई जाँच अवधि (check period) मानेर सो समयभित्रको सम्पत्तिलाई मात्र प्रतिवादीको वैध र अवैध आय कायम गरेर आयोगबाट मुद्दा दायर गरिएको थियो। तर विशेष अदालतले मुद्दा दायर भएको मिति २०६२।६।५ सम्मको प्रतिवादीको तलवलाई आयमा समावेश गरेर प्रतिवादीलाई अभियोग मागदावीबाट सफाई दिने फैसला गरेको छ, जुन विलकूलै न्याय सँगत छैन। किनभने जुन अवधिलाई विवादित मानिएको छैन र वादीले दावी जिकिर नै गरेको छैन त्यो अविवादित विषयभित्र पसेर अदालतले फैसला गर्न नै मिल्दैन। फैसला भनेको विवादको विषयमा दिईने इन्साफ हो। वादी पक्षले प्रतिवादीको हकमा वैध र अवैध आयको गणना गर्दा लिएको अवधिभित्र सिमित रहेर फैसला गर्नुपर्नेमा सो भन्दा बाहिर गई गरिएको फैसला कानूनी त्रुटिपूर्ण छ।

(ज) प्रतिवादीको सम्पत्तिको जाँच अवधि लगभग ३३ वर्षको हो। प्रतिवादीको तलव भत्ता घर भाडा इत्यादि बापतको रकम मासिक र बार्षिक रुपमा आम्दानी हुने र त्यसबाट प्राप्त आय खर्च समेत हुदै जाने हुँदा तलव भत्ता, घरभाडा र अन्य आय उल्लेख्य रुपमा बचत हुन सक्ने स्थिति नै रहदैन। घरभाडा तलव भत्ता जस्ता आयलाई न्यायसंगत भनी अदालतले स्वीकार गर्दा प्रतिवादीले तत् अवधिमा गर्ने पारिवारिक खर्चलाई पनि न्यायसंगत रुपमा अनुमान गरी कटाउनु पर्नेमा आयको मात्र अनुमान गरी आयमा थप गर्न मिल्ने होइन। तसर्थ प्रतिवादीको आयहरुलाई जस्ताको तस्तो बचत हुने तर खर्च नहुने भन्ने मनसाय प्रदर्शित हुने गरी भएको फैसला त्रुटिपूर्ण छ।

(झ) भ्रष्टाचार सम्बन्धी ऐन, नियम निर्देशिका एवं कुनै नजीरमा कुनै पनि व्यक्तिको वैध आय आर्जनको १० प्रतिशत सम्म बढी अवैध आर्जन भएको देखिए तापनि त्यस्तो १० प्रतिशत बढी रकम भ्रष्टाचार नहुने भन्ने व्यवस्था वा मान्यता रहे भएको देखिदैन । विशेष अदालत स्वयंले गरेको फैसलाबाट पनि व्यक्तिले आर्जन गरेको कूल सम्पत्ति मध्ये १० प्रतिशत अवैध देखिएकोले भ्रष्टाचारको कसूर नहुने भन्ने कानूनी आधार फैसलामा खुलाएको पाइदैन । भ्रष्टाचारको कसूर हुन कानून बमोजिम नभै अवैध रुपमा आर्जित १ रुपैया वा एक प्रतिशत वा १० प्रतिशत पनि आर्जन गरेको सम्पत्ति भ्रष्टाचार गरेको नै हो भन्ने कानूनी मनशाय देखिन्छ । भारतीय उच्च अदालतको फैसला नेपालको कानूनको सन्दर्भमा लागू हुने र पालना गर्नुपर्ने कानून वा नजिर होइन । यस्तोमा नेपाल कै परिप्रेक्ष्यमा अध्ययन र विश्लेषण गरिनु पर्दछ अतः १० प्रतिशत भन्दा बढीको अवैध आय आर्जन भ्रष्टाचार हुने र १० प्रतिशत प्रतिशतभन्दा घटी अवैध आय आर्जन भ्रष्टाचार नहुने भन्ने विशेष अदालतको फैसला आफैंमा पूर्वाग्रही, अति उदार एवं भ्रष्टाचारको कसूर गर्न प्रश्रय मिल्ने किसिमको देखिएकोले सो १० प्रतिशत सम्मको अवैध आर्जनलाई छूट दिई सफाई दिएको उक्त फैसला पूर्णत गैरकानूनी छ ।

१३. सुनसरी जिल्ला दुहवी गा.वि.स.वडा नं. ६ स्थायी घर भई हाल का.जि.का. म.न.पा.वडा नं. ९ पिङ्गलास्थान बसोवास गरी आन्तरिक राजश्व कार्यालय क्षेत्र नं. १, बबरमहलमा ना.सु.पदमा कार्यरत उमेशकुमार रेग्मी .....
ऐ.ऐ.वस्ने ऐ.की श्रीमती संजना काफ्ले (रेग्मी) .....
सुनसरी जिल्ला इनरुवा नगरपालिका वडा नं. २ पूर्वटोल घर भई हाल का.जि. का.म.न.पा.वडा नं. ९ पिङ्गलास्थान डेरा गरी बस्ने श्रीमती उषादेवी काफ्ले .....
ऐ.ऐ.वस्ने सुधीर कुमार काफ्ले .....
का.जि.का.म.न.पा.वडा नं. ७ चाबहिल घर भई हाल ऐ.वडा नं. ३४ मीनभवन बस्ने सुशीला कुमारी काफ्ले (अर्याल) .....
सुनसरी जिल्ला दुहवी गा.वि.स.वडा नं. ६ को हाल का.जि.का.म.न.पा.वडा नं. ९ मा बसोवास गर्ने मुलुकी ऐन अदालती बन्दोवस्तको १३९ नं. बमोजिम बुझिएका लक्ष्मीप्रसाद रेग्मी .....
सुनसरी जिल्ला दुहवी गा.वि.स.वडा नं. ६ को हाल का.जि.का.म.न.पा.वडा नं. ९ मा बसोवास गर्ने मुलुकी ऐन अदालती बन्दोवस्तको १३९ नं. बमोजिम बुझिएका रमेश रेग्मी .....

मुद्दाः- गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको ।
फैसला मितिः २०६७।१।१४
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रतिवादी उमेशकुमार रेग्मीले रू. १,४३,२२,३५९।०५ बराबरको चल अचल सम्पत्ति गैरकानूनी रुपमा आर्जन गरी सो सम्पत्ति निजले आफ्नी पत्नी, सासू, जेठी सासू र सालो समेतको नाममा राखी साविकको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिम कसूर गरेको देखिन आएकोले प्रतिवादी उमेशकुमार रेग्मीलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) तथा १६ग. तथा भ्रष्टाचार निवारण ऐन, २०५९

को दफा २०(१) को कसूरमा ऐ. दफा २०(२) बमोजिम सजाय गरी निजले निजको श्रीमती समेतको नाममा राखेको अवैध आर्जनको सम्पत्ति भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ समेत बमोजिम जफत हुन मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादी उमेशकुमार रेग्मीलाई कसूरदार ठहर गरी विगोको हकमा दावीभन्दा कम रू. १,११,५९,७१८।२७ विगो कायम गरी फैसला भएको ।

फैसलाका आधारहरुः

(क) जग्गाको मूल्य कायम गर्दा हाल प्रचलित मूल्य नभई लिखत मूल्यलाई आधार मान्नु पर्ने ।
(ख) घर निर्माणको लागत निर्धारण गर्दा हालको मूल्य नभई निर्माण भएको बर्षको मूल्यलाई आधार मान्नु पर्ने ।
(ग) दसैं खर्च, महंगी भत्ता तथा दैनिक भ्रमण भत्ता समेत प्रतिवादीको वैध आयमा समावेश हुने ।
(घ) प्रतिवादीले रू. १,२६,०००।- घर भाडाबाट प्राप्त गरेको भनी लिएको जिकिरलाई अस्वभाविक मान्न नमिल्ने हुँदा सो रकम निजको वैध आयमा समावेश हुने ।

पुनरावेदनका आधारहरुः

(क) अदालतले जग्गा र घरको मूल्य कायम गर्दा सम्पत्ति आर्जन गर्दाको समयको लिखतमा अंकित मूल्यलाई र घर निर्माण भएको बर्षको लागतलाई आधार मानी मूल्य कायम गरेको देखिन्छ । प्रतिवादीले गैरकानूनी आर्जनबाट जग्गा खरिद गरेको र घर निर्माण गरेको भनी आरोपपत्रमा दावी लिइएको अवस्था छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० अन्तर्गतको कसूरमा गैरकानूनी आर्जनको सम्पत्तिको विगो बरावरको जरिवाना र कैद समेत हुने व्यवस्था छ । आयोगबाट प्रतिवादीको जुन र जति सम्पत्ति गैरकानूनी आर्जनको भनी दावी गरिएको छ, ती सम्पत्तिहरुको हालको मूल्यलाई आधार मानी विगो कायम गरिएको हो । गैरकानूनी आर्जनको सम्पत्ति र सो बाट बढे बढाएको सम्पत्ति जफत हुने ऐनको प्रावधानको पृष्ठभूमिमा हाल प्रचलित मूल्यका आधारमा विगो कायम गरिनु नै कानून सम्मत हुने हुन्छ । तर अदालतले जग्गा आर्जन गर्दाको र घर निर्माण गरेको बर्षको लागतलाई आधारमानी विगो कायम गरेको छ । गैरकानूनी सम्पत्ति आर्जनलाई सोही परिमाणबाट दण्डित गरिनु पर्दछ भन्ने कानूनको मनशाय हो । विगतमा जे जति सम्पत्ति गैरकानूनी रुपमा प्राप्त गरिएको हो सो रकमबाट जोडिएको सम्पत्तिको हाल प्रचलित मूल्य धेरै बढी हुने हुनाले हालको मूल्यका आधारमा सजाय नगरेमा गैरकानूनी रुपमा बढे बढाएको सम्पत्ति वा त्यस्तो सम्पत्तिको हालको केही अंशले मात्र नै जरिवानाको रकम पुग्न सक्ने भई कसूरदारले सहुलियत प्राप्त गर्न सक्ने हुँदा गैरकानूनी आर्जनको विगोको परिमाण वरावर दण्ड गर्ने कानूनको उद्देश्य पराजित हुन गई कसूरदारलाई फाईदा पुग्न जाने स्थिति रहने हुँदा सम्पत्तिको हाल प्रचलित मूल्यलाई मान्यता नदिई प्रतिवादीलाई सफाई दिई भएको फैसला न्यायसंगत छैन ।

(ख) प्रतिवादीले प्राप्त गरेको दसैं खर्चलाई विशेष अदालतले प्रतिवादीको वैध आयमा समावेश गरेको छ। दसैं खर्च मुख्य चाड पर्व मनाउनका लागि दिइने खर्च भएकाले सो रकम अनिवार्य रुपमा खर्च हुने रकम हो। यसरी अनिवार्य रुपमा खर्च हुने रकमलाई समेत अदालतले बचत हुने आयमा गणना गरेको युक्ति संगत छैन। महंगी भत्ता विद्यमान महंगीलाई दृष्टिगत गरी दिइने भत्ता भएकाले स्वभाविक रुपमा खर्च भई बचत हुन नसक्ने भत्ता हो भने दैनिक भ्रमण भत्ता भ्रमण गर्ने स्थानमा जाँदा आउंदा यातायात र सो स्थानमा बस्दा खर्च हुने भत्ता भएकाले बचत हुन सक्ने प्रकृतिको भत्ता होइन। अतः त्यस्ता भत्तालाई समेत प्रतिवादीको बचत हुने आय मानी भएको फैसला त्रुटिपूर्ण छ।

(ग) का.जि.का.म.न.पा.वडा नं. ९ स्थित घरबाट प्रतिवादीलाई रू. १,२६,०००।- घर भाडा प्राप्त भएको भनी सो रकमलाई विशेष अदालतले वैध आयको रुपमा गणना गरेको छ। उक्त घर निर्माण गर्दा लागेको लागतको सम्पूर्ण श्रोत खुल्न सकेको अवस्था छैन। यसरी निर्माण लागतको श्रोत नै खुल्न नसकेको घरबाट प्राप्त भाडालाई वैध मान्न नमिल्नेमा वैध भनी मान्यता दिई भएको फैसला त्रुटिपूर्ण छ।

(घ) प्रतिवादीको सम्पत्तिको जाँच अवधि लगभग १३ वर्षको हो। प्रतिवादीको तलव भत्ता कृषि आय इत्यादि बापतको रकम मासिक र बार्षिक रुपमा आम्दानी हुने र त्यसबाट प्राप्त आय खर्च समेत हुदैँ जाने हुँदा तलव भत्ता, कृषि आय र अन्य आय उल्लेख्य रुपमा बचत हुन सक्ने स्थिति नै रहँदैन। कृषि आय, तलव भत्ता जस्ता आयलाई न्यायसंगत भनी अदालतले स्वीकार गर्दा प्रतिवादीले तत् अवधिमा गर्ने पारिवारिक खर्चलाई पनि न्यायसंगत रुपमा अनुमान गरी कटाउनु पर्नेमा आयको मात्र अनुमान गरी आयमा थप गर्न मिल्ने होइन। तसर्थ प्रतिवादीको आयहरुलाई जस्ताको तस्तो बचत हुने खर्च नहुने भन्ने मनशाय प्रदर्शित हुने गरी भएको फैसला त्रुटिपूर्ण छ।

१४.काठमाडौं जिल्ला का.म.न.पा.वार्ड नं. ५ बस्ने अर्थ मन्त्रालयका तत्कालीन उप सचिव माधवराज पोखरेल.....
ऐ ऐ बस्ने माधवराज पोखरेलकी श्रीमती मीना पोखरेल.....
ऐ ऐ बस्ने माधवराज पोखरेलको छोरा बिदुरकुमार पोखरेल.....

मुद्दाः- गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको।
फैसला मितिः २०६६।११।२५
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रतिवादी माधवराज पोखरेलले रू.१,४३,५८,१५२।८४ बराबरको श्रोत नखुलेको चल अचल सम्पत्ति आर्जन गरी श्रीमती मीना पोखरेल तथा छोरा बिदुर कुमार पोखरेलको नाममा समेत राखेको र निजको सो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसूर भएकोले सोही ऐनको दफा २०(२) बमोजिम सजाय गरी गैरकानूनी रुपमा आर्जन गरी आफू, श्रीमती मीना पोखरेल र

छोरा विदुरकुमार पोखरेलको नाममा राखेको सम्पत्ति भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम जफत गरिपाउन समेतको मागदाबी लिई विशेष अदालतमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादी माधवराज पोखरेल उपरको कसूर ठहर भए तापनि बिगो कायम गर्दा मागदाबी बमोजिम नगरी रू.३५,९२,६७९।५१ मात्र बिगो कायम गरी फैसला भएको ।

फैसलाका आधारहरुः

(क) प्रतिवादी माधवराज पोखरेलको पत्नी मीना पोखरेलको नामको का.जि.का.म.पा वडा नं. ५ स्थित कित्ता नं. ३९ र २ मा रहेको घर २०५४ सालमा नभई २०४३।४४ मा नै निर्माण भएको देखिन आएको ।

(ख) घरको निर्माण लागत सम्बन्धमा २०४३।४४ सालमा कायम दरले हिसाव गरी हुन आउने रकममा फिनिसिङ, शौचालय निर्माण र फ्लैग स्टोन छापे बापत हुन आउने रकम समेतमा शहरी विकास तथा भवन निर्माण विभागले निर्धारण गरेको दर रेटमा ठेक्का कर र ओभरहेड खर्च गरी २० प्रतिशत रकम व्यक्तिगत रुपमा घर निर्माण गर्दा नलाग्ने हुँदा रू.५,२२,१७५।७० मात्र कायम हुने ।

(ग) फर्निचरको मूल्य कायम गर्दा त्यस्ता सामानको मोल दिनानुदिन बढ्दै गइरहेकोले आयोगबाट कायम भएको मूल्यको आधा रकम मात्र कायम हुने ।

(घ) जग्गाको मोल निर्धारण गर्दा मालपोत कार्यालयबाट पारित लिखतमा अंकित मूल्य नै वास्तविक मूल्य मान्नु पर्ने,

(ङ) प्रतिवादी माधवराज पोखरेल २०२७ सालदेखि २०३१ सालसम्म ओखलढुंगाको माम्खा हाइस्कूलमा प्रधानाध्यापकको रुपमा कार्यरत रहंदा आर्जित रू. २२,८००।- र यातायात संस्थानमा २०३२ सालदेखि २०३४ सालसम्म अधिकृतमा कार्यरत रहंदाको तलव रू.१२,६००।- समेत निजको मौद्रिक आयमा समाबेश हुने ।

(च) प्रतिवादीले २०४२ सालमा राइफल बिक्री गरी आर्जन गरेको रू.३५,०००।- निजको मौद्रिक आयमा समाबेश हुने ।

(छ) प्रतिवादीले दसैं खर्च र दैनिक भ्रमण भत्ता समेत गरी रू.१,५०,०००।- प्राप्त गर्न सक्ने नै देखिदा सो रकम निजको आयमा समाबेश हुने ।

(ज) यस्तै प्रकृतिका अन्य मुद्दाहरुमा आयोगले कृषि आय बार्षिक रू.२०,०००।- कायम गरेकोले सोही अनुरुप प्रतिवादीको बारा स्थित जग्गाको कृषि आय रू.१,६०,०००।- कायम हुने ।

(झ) प्रतिवादी मिना पोखरेलको नामको बारा जिल्ला हरैया गा.बि.स. १ स्थित कि.नं.३८,३५,३६ र ९२ का जग्गाहरु मिति २०५३।९।२५ मा बिक्रि गरी प्राप्त रू.४,०७,०००।- प्रतिवादीको आयमा समाबेश हुने ।

(ञ) प्रतिवादीले २०४० साल मार्ग महिनामा त्रि.बि.भन्सार कार्यालयबाट कमिशन बापत रू.२२,७७४।- प्राप्त गरेको कर कार्यालयको पत्रबाट देखिएकोले सो रकम प्रतिवादीको आयमा समाबेश हुने ।

(ट) बिदुर पोखरेलको नामको कृषि बिकास बैंकमा रहेको रू.६,४८,२०८।- मध्ये रू.५,००,०००।- लाई आयोगले वैध मानेकोले सो को व्याज रू.१,४८,२०८।३८ प्रतिवादी माधवराज पोखरेलको वैध आयमा समाबेश हुने ।

(ठ) प्रतिवादी माधवराज पोखरेलको नाममा राष्ट्रिय बाणिज्य बैंक, सिंहदरवार शाखामा रहेको रकम पूरै अवैध हो भन्ने तथ्य समर्थित नभएकोले प्राप्त भएको कूल व्याज रकमको ३० प्रतिशत अर्थात् रू.७६,२२५।८९ निजको आयमा समाबेश हुने ।

(ड) अमेरिकामा पढ्दै काम गर्दै आएको प्रतिवादी माधवराज पोखरेलको छोरा विश्व पोखरेलले कुनै पनि रकम नपठाएको भन्ने कुरालाई मान्यता दिंदा अन्याय हुन जाने हुंदा रू.तीन लाखसम्म पठाएको मानी आयमा समाबेश हुने ।

(ढ) प्रतिवादी श्रीमती मीना पोखरेलको नामको काठमाडौं स्थित घर मासिक रू.४०००।- को दरले २०४५ सालदेखि २०५९ भाद्र महिनासम्म १५ बर्षको घरभाडा रू.७,२०,०००।- प्रतिवादीको आयमा समाबेश हुने ।

पुनरावेदनका आधारहरुः

यस आयोगबाट प्रत्यर्थी प्रतिवादी माधवराज पोखरेल समेत विरुद्ध विशेष अदालत, काठमाडौंमा दायर गरिएको गैरकानूनी सम्पत्ति आर्जन सम्बन्धी भ्रष्टाचार मुद्दाको आरोपपत्रमा प्रत्यर्थीले सार्वजनिक पदमा प्रवेश गरे पछिका अवधिमा निजले आफू, पत्नी र छोरा समेतका नाममा जोडेको चल अचल सम्पत्ति उल्लेख गरी सो अवधिमा निजलाई प्राप्त भएका वैध आर्जनबाट बचत हुन सक्ने रकम तथा निजको पैत्रिक सम्पत्तिबाट प्राप्त हुन सक्ने आय हिसाव गरी तथा सो आयबाट निजले उल्लेख गरे अनुसारका खर्च कट्टा गरी बाँकी रहने बचत रकमबाट आरोपपत्रमा उल्लेख भएका चल अचल सम्पत्ति खरिद गर्न, सृजना गर्न श्रोत पुग्न सक्ने नसक्ने सम्बन्धमा विश्लेषण गरी श्रोत पुष्टी हुन नसकेको सम्पत्तिलाई गैरकानूनी आर्जनको सम्पत्ति मानी कानून बमोजिम सजाय गरी सम्पत्ति जफत हुन मागदावी लिई आरोपपत्र प्रस्तुत गरिएको हो । जसअनुसार अनुसन्धानको समयको मूल्यको आधारमा निजको रू.१,८७,०३,२७३।७७ बराबरको चल अचल सम्पत्ति मध्ये रू.१,४३,५८,१५२।८४ बराबरको सम्पत्ति श्रोत नखुलेको ठहर गरी आरोपपत्र पेश भएको हो ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रयोजनका लागि सम्पत्तिको गणना तथा श्रोत परीक्षण गर्नुपर्दा सार्वजनिक पदमा प्रवेश गर्दा निजसँग रहे भएको सम्पत्तिको यकिन गरी सो सम्पत्ति र तत्पश्चात् निजलाई वैध आय श्रोतबाट प्राप्त भएका आयबाट निजको पारिवारिक तथा अन्य खर्च कटाई बचत हुन सक्ने आयबाट निजका साथमा अनुसन्धान हुँदा देखिएको सम्पत्तिको श्रोत पुष्टी हुन सक्छ वा सक्दैन भनी सम्पत्ति सृजना गर्दाको समय क्रमका हिसावले विश्लेषण एवं परीक्षण गर्नुपर्नेमा विशेष अदालत, काठमाडौंले प्रतिवादीको सम्पत्तिको श्रोत गणना र परीक्षण गर्दा तल प्रकरणमा उल्लिखित त्रुटी गरी बिगो कम ठहर गरी फैसला गरेकोले सो हदसम्म फैसलामा चित्त नबुझेका कुरा निम्न प्रकरणहरुमा उल्लेख गरी पुनरावेदन जिकिर लिइएको छ ।

विशेष अदालतले प्रत्यर्थीको सम्पत्तिको बैधता परीक्षण गर्दा निजलाई प्राप्त भएका देखिने र प्राप्त हुन सक्ने आयलाई कुन कुन समयमा के कति आय प्राप्त भयो र सम्पत्ति आर्जन गरेको समयमा निजको कति वैध आय बचत भएको हो सो यकिन गरी परीक्षण गर्नुपर्ने थियो । त्यस्तै, आय आर्जनको मिति यकिन हुन नसक्ने आय सम्बन्धमा पनि साल क्रमका आधारले आय रकम निर्धारण गरी आर्जित सम्पत्तिको श्रोत परीक्षण गर्नुपर्ने अवस्था थियो । तर विशेष अदालतले सवै आयलाई एकमुष्ट गणना गरी सवै आर्जित सम्पत्तिलाई तत्कालको मूल्यसँग परीक्षण गरेको छ । यसबाट पहिले सम्पत्ति आर्जन गर्दा श्रोत नै नभएको सम्पत्ति पनि सो भन्दा धेरै पछि प्राप्त भएका भनिएका आयबाट पुष्टी गर्ने कार्य भएको छ । यो विशेष अदालतको गम्भीर त्रुटी हो ।

प्रत्यर्थीका साथमा रहेका चल अचल सम्पत्ति र तत् तत् अवधिमा निजले गरेको विशेष खर्च समेत गरी परीक्षण योग्य सम्पत्तिको परिमाण आरोपपत्रमा रू. १,८७,०३,२७३।७७ भएको मध्ये प्राप्त आयबाट बिभिन्न शीर्षकमा खर्च गरी रू. १,४३,५८,१५२।८४ बराबरको सम्पत्ति गैरकानूनी रुपमा आर्जन गरेको भन्ने दावी भएकोमा विशेष अदालतले परीक्षण योग्य सम्पत्ति तत्कालको मूल्यमा हिसाव गरी परीक्षण योग्य सम्पत्ति रू. ७७,३९,४०२।७८ कायम गरी सो मध्ये रू. ३५,९२,६७९।५१ लाई मात्र अमिल्दो र अस्वभाविक श्रोत नखुलेको सम्पत्ति ठहर गरेको छ । विशेष अदालतले गरेको यो ठहर त्रुटीपूर्ण छ ।

माथि उल्लिखित जिकिरका अतिरिक्त विशेष अदालतले गरेको फैसला निम्न अधार एवं कानूनी दृष्टिमा समेत त्रुटिपूर्ण रहेकोले फैसला बदर गरी शुरु आरोप पत्रको मागदावी बमोजिम हुन निम्न जिकिर प्रस्तुत गरिएको छ -

(क) प्रतिवादीको काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ५ कि.नं.३९ र २ को जग्गामा रहेको घर निर्माणको रू.२२,७६,१३१।५५, बिजुली स्यानेटरी साइट डेभलपमेण्ट बापत रू.२,८४,५१६।४४, र फिनिसिङ वापत रू.२,२७,६१३।१५ तथा विशेष फिनिसिङ वापत रू.१०,२४,९३८।०५ गरी जम्मा रू.३८,१३,१९८।१९ दाबी लिइएकोमा विशेष अदालतले आत्मनिष्ठ रुपमा रू. ५,२२,१७५।७० मात्र कायम गरेको फैसला त्रुटिपूर्ण छ । निजको नाममा उक्त जग्गामा २०४३।४४ मा नै घर बनिसकेको भन्ने निष्कर्षमा पुग्दा बिशेष अदालतले प्रतिवादी माधवराज पोखरेलले गरेको बयान र २०४२।९।२ मा बिद्युत महसूल तिरेको रसिद तथा सो घर २०४३।४४ मा निर्माण भई पछि मात्र नक्सा पास भएको भनी आयोग निष्कर्षमा पुगेको भन्ने आधार बनाएको देखिन्छ । यस सम्बन्धमा मिसिल सामेल रहेको नक्सा पासको लागि संधियारको नाममा जारी भएको मिति २०५४।३।११ को सूचनामा उल्लिखित व्यहोरा हेर्दा पनि उक्त जग्गामा बनिराखेको घरमा नयां नक्सा बमोजिम तला थपी बनिराखेको घरको मोहडाको जमिनसम्म भत्काई दक्षिण मोहडा गरी साइट प्लानमा देखाएको ठाउंमा तल्ला ३, कोठा १३ छाना ढलान गरी माटो सिमेण्ट गारो जोडी घर बनाउन पाउं भनी मीना पोखरेलले काठमाडौं महानगरपालिकामा निबेदन दिएको व्यहोरा उल्लेख भएबाट निजले २०५४ सालमा आएर मात्र १३ कोठाको ३ तल्ले घर ढलान गरी बनाएको अबस्था स्पष्ट देखिन्छ । यस्तो अवस्थामा निजको उक्त घरमा २०४२ सालको बिद्युत महसूल तिरेको कागज हुनु स्वभाविकै देखिन्छ । उक्त घर निर्माण २०५४।८।५ मा सम्पन्न भएको काठमाडौं महानगरपालिकाले निर्माण सम्पन्न प्रमाणपत्र

दिएको र प्राविधिकले पनि सो घरको भुईंतला, पहिलो र दोश्रो तला समेत २०५४ सालमा निर्माण सम्पन्न भएको भन्ने यकिनका साथ प्रतिबेदन दिएको अबस्थामा प्राविधिकले दिएको प्रतिबेदन निज अदालत समक्ष आई वकपत्र समेत गरेको अवस्थामा उक्त प्रतिवेदनलाई प्रमाणमा नलिएको फैसलामा गंभीर त्रुटि भएको छ । अभियोगपत्रको पृष्ठ १७ बाट सो घर २०४३।४४ सालमा नै बनेको निष्कर्षमा आयोग पुगेको देखिएको भनी उल्लेख भएतर्फ हेर्दा पनि अभियोग पत्रको उक्त पृष्ठमा उल्लिखित बाक्यांश हेर्दा....."नेपाल विद्युत प्राधिकरणको सो घरमा जडान गरेको विद्युत ग्राहक नम्वर र हालको ग्राहक नम्बरसंग भिडाउंदा नम्बर भिडेकोले सो घर सोही २०४३।४४ सालमा बनेको भन्ने देखिन्छ र पटक पटक तला थपी बनेको र नक्सा पास पछि भएको भन्ने पुष्टि हुन आउंछ ..." भनी उल्लेख भएकोमा "पटक पटक तला थपी बनेको" भन्ने बाक्यांश उद्धृत नगरी त्यसको गलत अर्थ निस्कने गरी व्याख्या गरेको स्पष्ट देखिन आएको छ । उक्त घर निर्माण गर्दाको कूल लागत रू.३८,१३,१९८।१९ मध्ये रू.९,३१,७०४।- मात्र वैध देखिन आई बांकी रू.२८,८१,४९३।९२ निजले तल्ला थप गरी गरेको निर्माणमा अवैध आय लगानी भएको तर्फ अदालतले बेवास्ता गरी बिगो कम कायम गरेको फैसला त्रुटिपूर्ण देखिन आएको छ । यसैगरी फर्निचर बापत दावी लिएको रकम हचुवा रुपमा आधा मात्र कायम गरेको समेत त्रुटिपूर्ण छ ।

(ख) प्रतिवादीको सम्पत्तिको जाँच अवधि २०२७ सालदेखि २०५९।५।२० सम्म छ । यो अवधि भनेको लगभग ३२ वर्ष हो । प्रतिवादीको तलव भत्ता इत्यादि बापतको रकम मासिक र बार्षिक रुपमा आम्दानी हुने र त्यसबाट प्राप्त आय खर्च समेत हुँदैजाने हुँदा तलव भत्ता, लगायतका अन्य आय उल्लेख्य रुपमा बचत हुन सक्ने स्थिति नै रहदैन । यसरी प्राप्त हुने आयलाई न्यायसंगत भनी अदालतले स्वीकार गर्दा प्रतिवादीले तत् अवधिमा गर्ने पारिवारिक खर्चलाई पनि न्यायसंगत रुपमा अनुमान गरी कटाउनु पर्नेमा आयको मात्र अनुमान गरी आयमा थप गर्न मिल्ने होइन । तसर्थ प्रतिवादीको आयहरुलाई जस्ताको तस्तो बचत हुने तर खर्च नहुने भन्ने मनसाय प्रदर्शित हुने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(ग) प्रतिवादी माधवराज पोखरेलले श्रीमती मीना पोखरेल र छोरा बिदुरकुमार पोखरेलको नाममा विभिन्न ठाउँमा पटक पटक गरी जम्मा मूल्य रू. १,०१,१६,०६२।५० बराबरको जग्गा खरिद भएको तथ्यलाई विशेष अदालतले स्वीकार गरेकै छ । ती जग्गाहरु खरिद गर्न निजको तत्तत् अवधीसम्मको आयबाट पुग्ने नदेखिएको अवस्थामा ती जग्गाहरु वैध श्रोतबाट खरिद गरेको भनी मान्न सकिने हुँदैन । अदालतले जग्गाको मूल्य कायम गर्दा सम्पत्ति आर्जन गर्दाको समयको लिखतमा अंकित मूल्यलाई आधार मानी मूल्य कायम गरेको देखिन्छ । प्रतिवादीले गैरकानूनी आर्जनबाट जग्गा समेत खरिद गरेको भनी आरोपपत्रमा दावी लिइएको अवस्था छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० अन्तर्गतको कसूरमा गैरकानूनी आर्जनको सम्पत्तिको विगो बरावरको जरिवाना र कैद समेत हुने व्यवस्था छ । आयोगबाट प्रतिवादीको जुन र जति सम्पत्ति गैरकानूनी आर्जनको भनी दावी गरिएको छ ती सम्पत्तिहरुको हालको मूल्यलाई आधार मानी विगो कायम गरिएको हो । गैरकानूनी आर्जनको सम्पत्ति र सो बाट बढे बढाएको सम्पत्ति जफत हुने

ऐनको प्रावधानको पृष्ठभूमिमा हाल प्रचलित मूल्यका आधारमा विगो कायम गरिनु नै कानून सम्मत हुने हुन्छ। तर अदालतले जग्गा आर्जन गर्दाको अवस्थाको मूल्यलाई आधारमानी विगो कायम गरेको छ। गैरकानूनी सम्पत्ति आर्जनलाई सोही परिमाणबाट दण्डित गरिनु पर्दछ भन्ने कानूनको मनशाय हो। विगतमा जे जति सम्पत्ति गैरकानूनी रुपमा प्राप्त गरिएको हो सो रकमबाट जोडिएको सम्पत्तिको हाल प्रचलित मूल्य धेरै बढी हुने हुनाले हालको मूल्यका अधारमा सजाय नगरेमा गैरकानूनी रुपमा बढे बढाएको सम्पत्ति वा त्यस्तो सम्पत्तिको हालको केही अंशले मात्र नै जरिवानाको रकम पुग्न सक्ने भई कसूरदारले सहुलियत प्राप्त गर्न सक्ने हुँदा गैरकानूनी आर्जनको विगोको परिमाण बराबर दण्ड गर्ने कानूनको उद्देश्य पराजित हुन गई कसूरदारलाई फाईदा पुग्न जाने स्थिति रहने हुँदा सम्पत्तिको हाल प्रचलित मूल्यलाई मान्यता नदिएको फैसला न्यायसंगत छैन।

(घ) प्रत्यर्थी माधवराज पोखरेलको तलव भत्ताको सम्बन्धमा आयोगबाट निज माम्खा मा.बि. ओखलढुंगामा मिति २०२७ सालदेखि २०३१ सालसम्म प्रधानाध्यापक भई काम गर्दा प्रति महिना रू.४००।- को दरले रू.२४,०००।-, ट्रलिबस सेवा कार्यालय, नयाँ वानेश्वरमा शाखा अधिकृतको रुपमा २०३४।२।३२ देखि २० महिना कार्यरत रहँदा प्रति महिना रू.६००।- का दरले आर्जन गरेको रू.१२,०००।-, राष्ट्रिय योजना आयोगको सचिवालयमा सांढे तीन बर्ष काम गर्दाको रू.६७,५०१।- तथा अर्थ मन्त्रालय र अन्तर्गतका कार्यालयहरुमा २०३७।३।८ देखि २०५९।५।३० सम्म काम गर्दाको रू.८,४०,७३९।- समेत गरी जम्मा रू.९,४४,२४०।- निजको वैध आयमा समाबेश गरिसकेको छ। सो मध्ये शिक्षक हुंदाको तलव र ट्रलिबस सेवा कार्यालयमा काम गरे बापतको भनी ती रकमलाई दोहोरो पारी निजको आयमा समाबेश गर्ने ठहर गरेको फैसला त्रुटिपूर्ण देखिन आएको छ।

(ङ) विशेष अदालतले बन्दुक (राइफल) बिक्रि गरेको भनी रू.३५०००।- प्रतिवादीको मौद्रिक आय कायम गरेको सम्बन्धमा सो बन्दुक २०५० सालमा मात्र नामसारी भएको देखिन आएको छ। निजले छोरा बिदुरकुमार पोखरेलको नाममा का.जि.का.म.पा.वडा नं २३(ट) मा २०५२।१।२५ गते जम्मा ०-१५-०-२ जग्गा खरीद गर्दा सो रकम समेत खर्च भएको भनी आयोगले एक पटक मानी सकेपछि सोही रकमलाई २०४२ सालमा बन्दुक बिक्रि गरी प्राप्त गरेको रकम भनी पुनः आयमा समाबेश गरेको फैसलामा मिसिल संलग्न प्रमाण एवं कागजातहरुको गंभीर उपेक्षा भएको छ।

(च) मीना पोखरेलका नाममा बारा जिल्ला स्थित कि.नं ३८,३५,३६, र ९२ समेतका जग्गाह रू.२०४४ सालमा खरीद गरी २०५३।९।२३ मा सो जग्गाहरु विक्री गरेकोमा रजिष्ट्रेशन लिखत हेर्दा कि.नं ३८ को ४१,०००।- मा , कि.नं.३५ र ३६ को गरी रू.२,७६,०००।- मा र कि.नं ९२ को रू.५०,०००।- गरी जम्मा रू.३,६७,०००।- देखिएको भए तापनि ती जग्गाहरु मिति २०४४ सालमा खरीद गरेको श्रोत नै पुष्टि हुन सकेको छैन। यसरी गैरकानूनी श्रोतबाट आर्जित सम्पत्ति बेचविखन गरी प्राप्त गरेको सो आय र त्यस्तो जग्गाबाट हुने कृषि आय भनी फैसलाले प्रतिवादीको आयमा समाबेश गरेको

रू.१,६०,०००।- समेत गैरकानूनी नै हुने भएकोले निजको वैध आयमा समाबेश नगरिएको हो । यस्तो गैरकानूनी रुपमा आर्जित रकमलाई प्रतिवादीको आयमा समाबेश गरेको फैसला त्रुटिपूर्ण छ ।

(छ) त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट प्राप्त कमिशन भनी रू.२२,७७४।- समेत प्रतिवादीको आयमा समाबेश गरेको सम्बन्धमा निज स्वयंले त्रि.वि.भन्सार कार्यालयमा आफूले विभिन्न मितिमा प्राप्त गरेको कमिशन रकम प्रमाणित गरी पाउं भनी निबेदन दिई प्रमाणित गराई ल्याएको सो कार्यालयको रेकर्ड अनुसार नै निजको आय कायम गरिएको हो । निजले यस आयोग समक्ष गरेको बयानमा समेत रू.३,६०,७३९।- लाई नै आफ्नो कमिशन आय भनी स्वीकार गरेको देखिन्छ । फैसलामा प्रतिवादीले २०४० साल मार्ग महिनामा त्रि.वि. भन्सार कार्यालयबाट कमिसन वापत रू.२२,७७४।- प्राप्त गरेको भनी उल्लेख गरेको सम्बन्धमा भन्सार कार्यालय कै विवरण अनुसार पनि निजले २०४० सालमा कुनै कमिशन पाएको भन्ने देखिन नआएको र निजले यस आयोग समक्ष २०५९।९।४ मा गरेको बयानको सवाल २ को जवाफमा आफू २०४० साल आश्विनसम्म बिराटनगर भन्सार कार्यालय र सोही साल कार्तिकदेखि २०४१ साल कार्तिकसम्म भैरहवा भन्सार कार्यालयमा बसेको भन्ने उल्लेख गरेबाट समेत निज सो कार्यालयमा कार्यरत नै नरहेको अबस्थामा कमिशन प्राप्त गरेको भनी पेश हुन आएको कर कार्यालय, बबरमहलको च.नं. ६६७ को पत्र पुष्टि हुने अबस्था नै छैन ।

(ज) आरोपपत्रमा प्रतिवादीको जाँच अवधिको तलवलाई वैध आर्जनको सम्पत्ति मानिएकोमा प्रतिवादीले त्यसमा दैनिक भ्रमण भत्ता र दसैं खर्चको रकम समावेश नगरेको भनी रू.१,५०,०००।- समेत समावेश गरी फैसलामा आयको अंश बृद्धि गरिएको छ । भ्रमण भत्ता भनी प्राप्त हुने रकम सोही प्रयोजनमा खर्च हुने र दसैं खर्च बापतको रकम वर्षमा एकपटक एक महिनाको तलव बरावर दिइने हुँदा दसै जस्तो चाडमा सो रकम अनिवार्य रुपमा खर्च हुने भई बचत हुन नसक्ने हुँदा त्यस्तो रकमलाई समेत बचत हुने रकम मानी प्रतिवादीको आयश्रोतमा गणना गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(झ) आरोपपत्रमा प्रतिवादी विदुर पोखरेलको नामको सम्पत्ति र तिनको श्रोत भन्ने महल अन्तर्गत बैंक व्यालेन्स भन्ने शीर्षकमा सावां व्याज सहितको रू.६,४८,२०८।३८ लाई नै प्रतिवादीको वैध आय कायम गरिएको हो । यसरी कृषि विकास बैंकमा मौज्दात रहेको रकम मध्ये सावां रू.५ लाख बेदनिधि पोखरेललाई २०४०।४।८ मा ०-१-१५ जग्गा विक्री गरी प्राप्त रकम र सो को व्याज रू.१,४८,२०८।३८ समेत गरी हुन आउने उक्त रकमलाई आयोगले वैध भनेको अवस्थामा व्याज रू.१,४८,२०८।३८ भनी एक पटक निजको आय कायम गरिसकेको रकमलाई पुनः प्रतिवादीको आयमा दोहोरो गरी समावेश गरेको फैसला त्रुटिपूर्ण छ ।

(ञ) प्रतिवादीहरु वीच २०२८ सालमा अंशवण्डा हुंदा अचल सम्पत्ति सम्बन्धी व्यहोरा मात्र उल्लेख भई चल सम्पत्तीका सम्बन्धमा वण्डापत्र मौन रहेको र वण्डा हेर्दा प्रतिवादीलाई रू.चारशय पर्ने अचल सम्पत्ति परेको अवस्थालाई फैसलाले समेत स्वीकारेको छ । यस्तो

अवस्थामा निजले बुबाबाट रू.६०,०००।- प्राप्त गरेको भनी फैसलाले लिएको आधार बस्तुनिष्ठ नभई आत्मनिष्ठ भएको स्पष्ट छ । निजले सो रकम पाएको भन्ने पुष्टि हुन सक्ने कुनै पनि आधार देखिदैन । प्रमाणबाट पुष्टि हुन सक्ने अबस्था पनि छैन । प्रमाणको भार प्रतिवादी मै निहित रहने प्रस्तुत मुद्दामा प्रतिवादीले पेश गरेको वण्डापत्रमा निजले कुनै पनि रकम प्राप्त गरेको नदेखिएको अवस्थामा पनि विना आधार प्रमाण प्रतिवादीको आयमा सो रकम समावेश गरेको त्रुटिपूर्ण छ ।

(ट) प्रतिवादी माधवराज पोखरेलको बैंक कारोबारबाट प्राप्त व्याज अवैध भएको तथ्यलाई फैसलाले स्वीकार गरेको छ । सो खातामा जम्मा भएको पूरै रकम अवैध नै हो भन्ने समर्थित नभएको भनी कूल व्याज रकमको ३० प्रतिशत भनी रू.७६,२२५।- प्रतिवादीको आयमा समावेश हुने ठहर गर्दा विशेष अदालतले कुनै पनि आधार दिन सकेको छैन । हचुवा आधार खडा गरी आयमा समावेश गरेको त्रुटिपूर्ण छ ।

(ठ) प्रतिवादीको छोरा विश्व पोखरेल अमेरिकामा २०४९ सालदेखि पढ्दै रहेकोमा यसरी अध्ययन गर्दै रहेको विद्यार्थीले रकम आर्जन गरी खान पीन लुगाफाटो एवं पढाईमा खर्च गरी बचत गरेको भन्ने कुरा नै बिश्वास प्रद छैन । एकछिनका लागि निजले बचत गरी प्रतिवादीलाई पठाएको हो कि भन्ने तर्फ हेर्दा पनि सो कुरा पुष्टि गर्ने कुनै पनि आधार प्रमाण प्रतिवादीले पेश गर्न सकेको छैन । यसर्थ छोराले बिदेशबाट रू.तीन लाख पठाएको भनी न्यायोचित अनुमान भन्ने आधार आत्मगत छ ।

(ड) जहांसम्म प्रतिवादी मिना पोखरेलको नाममा काठमाडौंमा बनेको घरमा भाडा नलगाई बसेको होला भन्ने अनुमान गर्न सकिएन भन्दै विशेष अदालतले प्रति महिना रू.४,०००।- को दरले रू.७,२०,०००।- प्रतिवादीको आयमा समावेश गरेको प्रश्न छ, सर्वप्रथम प्रतिवादीहरुले घर भाडामा लगाएको देखिने लिखत, घर बहाल कर बुझाएको प्रमाण पेश गर्न सकेको अबस्था नदेखिएबाट निजले घर भाडामा लगाएको अबस्था पुष्टि हुन सकेको छैन । एकछिनको लागि घर भाडामा लगाएको मान्ने हो भने पनि उक्त घर निर्माण गर्दाको लागत रू.३८,१३,१९८।१९ मध्ये रू.९,३१,७०४।- मात्र वैध देखिन आई बांकी रू.२८,८१,४९३।९२ अवैध आर्जनको सम्पत्ति लगानी भएको भनी आरोपपत्रमा दाबी लिइएको र उक्त घर निर्माणका सम्बन्धमा बिशेष अदालतबाट भएको ठहर उपर समेत चित्त नबुझी यसै पुनराबेदन पत्रको प्रकरण ४ को (क) मा समेत जिकीर लिइएको छ । उक्त घर निर्माणमा निजको खर्च भएको रकम निजको अवैध आय हो भन्ने अनुसन्धाबाट स्पष्ट देखिन आएको हुँदा अवैध सम्पत्ति लगानी गरी निर्माण गरेको घरबाट आर्जन हुने भाडा पनि अवैध नै हुने भएकोले त्यस्तो आर्जनलाई निजको आयमा समावेश गर्न मिल्दैन ।

१५. काठमाडौं जिल्ला का.म.न.पा.वार्ड नं. १० बुद्धनगर बस्ने तातोपानी भन्सार कार्यालयका तत्कालीन खरिदार भरत प्रसाद घिमिरे .....
भरत प्रसाद घिमिरे की श्रीमती ऐ ऐ बस्ने रमादेवी घिमिरे .....

मुद्दाः- गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको ।
फैसला मितिः २०६७।१।८
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रतिवादी भरतप्रसाद घिमिरेले रू.१,६५,००,२७९।०९ बराबरको श्रोत नखुलेको चल अचल सम्पत्ति आर्जन गरी सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसूर गरेकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम सजाय हुनका साथै त्यसरी गैरकानूनी रुपमा आर्जित सम्पत्ति निजले श्रीमती रमादेवी घिमिरेको नाममा समेत राखेकोले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) तथा १६(ग) बमोजिम तथा अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८ को दफा २९(ख) र दफा ३० बमोजिम जफत गरिपाउन मागदाबी लिई विशेष अदालतमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादी मध्ये भरतप्रसाद घिमिरे उपरको कसूर ठहर भए तापनि बिगो कायम गर्दा मागदाबी बमोजिम नगरी रू.७६,४६,८९६।०८ मात्र कायम गरी फैसला भएको ।

फैसलाका आधारहरुः

(क) जग्गाको मोल निर्धारण गर्दा मालपोत कार्यालयबाट पारित लिखतमा अंकित मूल्य नै वास्तविक मूल्य मान्नु पर्ने ।
(ख) घरको निर्माण लागत शहरी विकास तथा भवन निर्माण विभागले निर्धारण गरेको दर रेटमा ठेक्का कर र ओभरहेड खर्च गरी २० प्रतिशत रकम व्यक्तिगत रुपमा घर निर्माण गर्दा नलाग्ने हुँदा सो अनुसार हुन आउने रकम घट्न जाने ।
(ग) फर्निचरको मूल्य कायम गर्दा त्यस्ता सामानको मोल दिनानुदिन बढ्दै गइरहेकोले आयोगबाट कायम भएको मूल्यको आधा रकम मात्र कायम हुने ।
(घ) दसैं खर्च तालिकाबाट प्रतिवादीले रू.४२,७५७।- दसैं खर्च प्राप्त गरेको देखिदा सो रकम निजको आयमा समावेश हुने ।
(ङ) त्रिभुवन विमानस्थल भन्सार कार्यालयको मिति २०५९।१२।१४ को पत्रबाट निजले कमिशन बापत रू.२९,४०२।५६ पाएको देखिदा सो रकम निजको आयमा समावेश हुने ।
(च) प्रतिवादीले २०४३ सालदेखि २०४६ सालसम्म विदा बापत प्राप्त गरेको रू.६,७१४।- निजको आयमा समावेश हुने ।
(छ) प्रतिवादीले कर्मचारी संचयकोषबाट लिएको सापटी रू.६४,०००।- निजको आयमा समावेश हुने ।
(ज) आयोगले स्वीकार गरेको कृषि आयको अलावा अन्य जग्गा जमीनको न्यायोचित रुपमा हुने आय रू.५,००,०००।- समेत प्रतिवादीको आयमा समाबेश हुने ।
(झ) प्रतिवादी भरतप्रसाद घिमिरे र रमादेवी घिमिरेको नामका जग्गा बिक्री बापतको रू.३,६६,२५०।- प्रतिवादीको आयमा समाबेश हुने ।

पुनरावेदनका आधारहरुः

यस आयोगबाट प्रत्यर्थी प्रतिवादी भरतप्रसाद घिमिरे समेत विरुद्ध विशेष अदालत, काठमाडौंमा दायर गरिएको गैरकानूनी सम्पत्ति आर्जन सम्बन्धी भ्रष्टाचार मुद्दाको आरोपपत्रमा प्रत्यर्थीले सार्वजनिक पदमा प्रवेश गरे पछि आफू र पत्नी समेतका नाममा जोडेको चल अचल सम्पत्ति उल्लेख गरी सो अवधिमा निजलाई प्राप्त भएका वैध आर्जनबाट बचत हुन सक्ने रकम तथा निजको पैत्रिक सम्पत्तिबाट प्राप्त हुन सक्ने आय हिसाव गरी तथा सो आयबाट निजले उल्लेख गरे अनुसारका खर्च कट्टा गरी बाँकी रहने बचत रकमबाट आरोपपत्रमा उल्लेख भएका चल अचल सम्पत्ति खरिद गर्न, सृजना गर्न, श्रोत पुग्न सक्ने नसक्ने सम्बन्धमा विश्लेषण गरी श्रोत पुष्टी हुन नसकेको सम्पत्तिलाई गैरकानूनी आर्जनको सम्पत्ति मानी कानून बमोजिम सजाय हुन र सम्पत्ति जफत हुन मागदावी लिई आरोपपत्र प्रस्तुत गरिएको हो । जसअनुसार अनुसन्धानको समयको मूल्यको आधारमा निजको रू.१,८०,६०,८०४।०९ बराबरको चल अचल सम्पत्ति मध्ये रू.१,६५,००,२७९।०९ बराबरको सम्पत्ति श्रोत नखुलेको ठहरगरी आरोपपत्र पेश भएको हो ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रयोजनका लागि सम्पत्तिको गणना तथा श्रोत परीक्षण गर्नुपर्दा सार्वजनिक पदमा प्रवेश गर्दा निजसँग रहे भएको सम्पत्तिको यकिन गरी सो सम्पत्ति र तत्पश्चात् निजलाई वैध श्रोतबाट प्राप्त भएका आयबाट निजको पारिवारिक तथा अन्य खर्च कटाई बचत हुन सक्ने आयबाट निजका साथमा अनुसन्धान हुँदा देखिएको सम्पत्तिको श्रोत पुष्टी हुन सक्छ वा सक्दैन भनी सम्पत्ति सृजना गर्दाको समय क्रमका हिसावले विश्लेषण एवं परीक्षण गर्नु पर्नेमा विशेष अदालत, काठमाडौंले प्रतिवादीको सम्पत्तिको श्रोत गणना र परीक्षण गर्दा तल प्रकरणमा उल्लिखित त्रुटी गरी बिगो कम ठहर गरी फैसला गरेकोले सो हदसम्म फैसलामा चित्त नबुझेका कुरा निम्न प्रकरणहरुमा उल्लेख गरी पुनरावेदन जिकिर लिइएको छ ।

विशेष अदालतले प्रत्यर्थीको सम्पत्तिको बैधता परीक्षण गर्दा निजलाई प्राप्त भएका देखिने र प्राप्त हुन सक्ने आयलाई कुन कुन समयमा के कति आय प्राप्त भयो र सम्पत्ति आर्जन गरेको समयमा निजको कति वैध आय बचत भएको हो सो यकिन गरी परीक्षण गर्नुपर्ने थियो । त्यस्तै, आय आर्जनको मिति यकिन हुन नसक्ने आय सम्बन्धमा पनि साल क्रमका आधारले आय रकम निर्धारण गरी आर्जित सम्पत्तिको श्रोत परीक्षण गर्नुपर्ने अवस्था थियो । तर विशेष अदालतले सवै आयलाई एकमुष्ट गणना गरी सवै आर्जित सम्पत्तिलाई तत्कालको मूल्यसँग परीक्षण गरेको छ । यसबाट पहिले सम्पत्ति आर्जन गर्दा श्रोत नै नभएको सम्पत्ति पनि सो भन्दा धेरैपछि प्राप्त भएका भनिएका आयबाट पुष्टी गर्ने कार्य भएको छ । यो विशेष अदालतको गम्भीर त्रुटी हो ।

प्रत्यर्थीका साथमा रहेका चल अचल सम्पत्ति र तत् तत् अवधिमा निजले गरेको विशेष खर्च समेत गरी परीक्षण योग्य सम्पत्तिको परिमाण आरोपपत्रमा रू. १,८०,६०,८०४।०९ भएको मध्ये प्राप्त आयबाट बिभिन्न शीर्षकमा खर्च गरी रू. १,६५,००,२७९।०९ बराबरको सम्पत्ति गैरकानूनी रुपमा आर्जन गरेको भन्ने दावी भएकोमा विशेष अदालतले परीक्षण योग्य सम्पत्ति तत्कालको मूल्यमा हिसाव गरी परीक्षण योग्य सम्पत्ति रू. १,०४,९१,८९२।६४ कायम गरी सो मध्ये

रू.२८,४४,९९६।५६ लाई मात्र अमिल्दो र अस्वभाविक श्रोत नखुलेको सम्पत्ति ठहर गरेको छ । विशेष अदालतले गरेको यो ठहर त्रुटीपूर्ण छ ।

माथि उल्लिखित जिकिरका अतिरिक्त विशेष अदालतले गरेको फैसला निम्न अधार एवं कानूनी दृष्टिमा समेत त्रुटिपूर्ण रहेकोले फैसला बदर गरी शुरु आरोपपत्रको मागदावी बमोजिम हुन निम्न जिकिर प्रस्तुत गरिएको छ -

(क) प्रतिवादी भरतप्रसाद घिमिरेले आफ्नो र श्रीमती रमादेवी घिमिरेको नाममा विभिन्न ठाउँमा पटक पटक गरी जम्मा मूल्य रू. ७५,३७,०२०।- बराबरको जग्गा खरिद गरेको तथ्यलाई विशेष अदालतले स्वीकार गरेकै छ । ती जग्गाहरु खरिद गर्न निजको तत् तत् अवधीसम्मको आयबाट पुग्ने नदेखिएको अवस्थामा ती जग्गाहरु वैध श्रोतबाट खरिद गरेको भनी मान्न सकिने हुदैन । अदालतले जग्गाको मूल्य कायम गर्दा सम्पत्ति आर्जन गर्दाको समयको लिखतमा अंकित मूल्यलाई आधार मानी मूल्य कायम गरेको देखिन्छ । प्रतिवादीले गैरकानूनी आर्जनबाट जग्गा समेत खरिद गरेको भनी आरोपपत्रमा दावी लिइएको अवस्था छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० अन्तर्गतको कसूरमा गैरकानूनी आर्जनको सम्पत्तिको विगो बरावरको जरिवाना र कैद समेत हुने व्यवस्था छ । आयोगबाट प्रतिवादीको जुन र जति सम्पत्ति गैरकानूनी आर्जनको भनी दावी गरिएको छ ती सम्पत्तिहरुको हालको मूल्यलाई आधार मानी विगो कायम गरिएको हो । गैरकानूनी आर्जनको सम्पत्ति र सो बाट बढे बढाएको सम्पत्ति जफत हुने ऐनको प्रावधानको पृष्ठभूमिमा हाल प्रचलित मूल्यका आधारमा विगो कायम गरिनु नै कानून सम्मत हुने हुन्छ । तर अदालतले जग्गा आर्जन गर्दाको अवस्थाको मूल्यलाई आधार मानी विगो कायम गरेको छ । गैरकानूनी सम्पत्ति आर्जनलाई सोही परिमाणबाट दण्डित गरिनु पर्दछ भन्ने कानूनको मनशाय हो । विगतमा जे जति सम्पत्ति गैरकानूनी रुपमा प्राप्त गरिएको हो सो रकमबाट जोडिएको सम्पत्तिको हाल प्रचलित मूल्य धेरै बढी हुने हुनाले हालको मूल्यका आधारमा सजाय नगरेमा गैरकानूनी रुपमा बढे बढाएको सम्पत्ति वा त्यस्तो सम्पत्तिको हालको केही अंशले मात्र नै जरिवानाको रकम पुग्न सक्ने भई कसूरदारले सहुलियत प्राप्त गर्न सक्ने हुँदा गैरकानूनी आर्जनको विगोको परिमाण वरावर दण्ड गर्ने कानूनको उद्देश्य पराजित हुन गई कसूरदारलाई फाईदा पुग्न जाने स्थिति रहने हुँदा सम्पत्तिको हाल प्रचलित मूल्यलाई मान्यता नदिई गरेको फैसला न्यायसंगत छैन ।

(ख) प्रतिवादीको सम्पत्तिको जाँच अवधि २०३४ सालदेखि २०५८ सालसम्म छ । यो अवधि भनेको लगभग २४ वर्ष हो । प्रतिवादीको तलव भत्ता इत्यादि बापतको रकम मासिक र बार्षिक रुपमा आम्दानी हुने र त्यसबाट प्राप्त आय खर्च समेत हुँदै जाने हुँदा तलव भत्ता, लगायतका अन्य आय उल्लेख्य रुपमा बचत हुन सक्ने स्थिति नै रहदैन । यसरी प्राप्त हुने आयलाई न्यायसंगत भनी अदालतले स्वीकार गर्दा प्रतिवादीले तत् अवधिमा गर्ने पारिवारिक खर्चलाई पनि न्यायसंगत रुपमा अनुमान गरी कटाउनु पर्नेमा आयको मात्र अनुमान गरी आयमा थप गर्न मिल्ने होइन । तसर्थ प्रतिवादीको आयहरुलाई जस्ताको तस्तो बचत हुने तर खर्च नहुने भन्ने मनसाय प्रदर्शित हुने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(ग) प्रतिवादी रमादेवी घिमिरेको नाममा काठमाडौं जिल्ला का.म.पा. वडा नं. १० बुद्ध नगरमा कि.नं. २८५,४३७ र ९१ को जग्गामा रहेको घर यस आयोगबाट मूल्यांकन हुंदा २९,०९,६०७।३१ पर्न आउने देखिएको छ । सो घर निर्माणका बखत सो निर्माणमा लागेको रकमको सो समयमा प्रतिवादीसँग बैधानिक आय थियो थिएन भनी हेर्नुपर्ने हुन्छ । सो अवधिमा निजले प्राप्त गरेको नगद वैध सम्पत्ति मध्ये निजले एल्पिक फाइनान्स लिमिटेडबाट लिएको रू.चार लाखको मात्र श्रोत खुलेको देखिदा सोही रू.चार लाख मात्र घर निर्माणमा वैध लगानी भएको देखिन्छ, बाँकी गैरकानूनी आर्जनको लगानी भएको स्पष्ट देखिन आएको छ । सो घर मूल्यांकन सम्बन्धमा प्रतिवादीले अन्यथा जिकीर लिए तापनि कम खर्चमा निर्माण भएको जिकीरलाई मान्यता दिन सकिने अबस्था नभएको र प्रतिबेदकले गरेको मूल्यांकनलाई अन्यथा भन्न नसकिने भनी फैसलाले सो प्राविधिक मूल्यांकनलाई स्वीकार गरिसकेपछि पनि निर्माण लागत कम कायम गरेको फैसला त्रुटिपूर्ण देखिन आएको छ । त्यसैगरी सोही प्रतिबेदनमा उल्लिखित फर्निचरको मूल्यलाई आधा मात्र कायम गरी प्रतिवादीको आयमा समाबेश गरेको पनि त्रुटिपूर्ण देखिन आएको छ ।

(घ) दसै खर्चको रकम भनी रू.४२,७५७।- समेत आयमा गणना गरी फैसलामा आयको अंश बृद्धि गरिएको छ । दसैं खर्च बापतको रकम कर्मचारीलाई वर्षमा एकपटक एक महिनाको तलव बरावर दिइने हुँदा दसैं जस्तो चाडमा सो रकम अनिवार्य रुपमा खर्च हुने भई बचत हुन नसक्ने हुँदा त्यस्तो रकमलाई समेत बचत हुने रकम मानी प्रतिवादीको आयश्रोतमा गणना गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(ङ) प्रतिवादीले बुद्धनगरको घरबाट रू.३,९०,०००।- प्राप्त गरेको भन्दै सो रकमलाई निजको आयमा समाबेश गरे तर्फ हेर्दा पनि निजको घर निर्माणको लागतमा १३.७५ प्रतिशत मात्र श्रोत खुलेको हुंदा सो अनुसार हुन आउने रकमलाई मात्र आयमा गणना गरिएको अवस्थालाई फैसलाले समेत स्वीकार गरेको छ । जस अनुसार उक्त घरबाट प्राप्त भएको भनिएको रकम मध्ये रू.३,३६,३७५।- निजको अवैध आय हो भन्ने अनुसन्धाबाट स्पष्ट देखिन आएको छ सो रकम वैध हो भनी प्रतिवादीले प्रमाणबाट पुष्टि गर्न सकेको अवस्था नहुँदा अवैध सम्पत्ति लगानी गरी निर्माण गरेको घरबाट आर्जन हुने भाडा पनि अवैध नै हुने भएकोले अवैध आर्जनलाई समेत निजको आयमा समाबेश गरेको फैसला त्रुटिपूर्ण छ ।

(च) प्रतिवादीले त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा कार्यरत रहंदा कमिशन वापत, विदा बापत र संचयकोष सापटी लिई रकम प्राप्त गरेको भनी आयमा समाबेश गरेको तर्फ हेर्दा पनि निजले यस आयोग समक्ष विवरण भर्दा, र यस आयोग समक्ष बयान गर्दा र संपत्ति विवरण फाराम भर्दा समेत तत्सम्बन्धमा कुनै उल्लेख गर्न वा जिकीर लिन सकेको पाइँदैन । कमिशन बापत भनी निजको वैध आय कायम गरेको रू.२९,४०२।५६ के वापत कमिशन प्राप्त गरेको हो कहिले प्राप्त गरेको हो भन्ने फैसलाले समेत खुलाउन सकेको पाइँदैन त्यसमाथि पनि निजले अदालत समक्ष बयान गर्दा रू.३२,०००।- मात्र कमिशन

पाएको भनी उल्लेख गरेबाट निजले उल्लेख गरेको र पेश गरेको विवरण फरक पर्न गएको स्पष्ट छ । यस्तो विरोधाभाषपूर्ण प्रमाणलाई सहजै स्वीकार गरी सो रकम निजको आयमा समावेश गरेको मिलेको छैन । यसैगरी Statement of salary for leave days को चार्टबाट भनी २०४३ साल देखि २०४६ सालसम्ममा प्राप्त गरेको भनी देखाइएको रू.६७१४।- निजको आयमा समावेश गरेकोमा सो चार्टको आधिकारिकता के कसरी पुष्टि हुन आएको हो फैसलाले स्पष्ट पार्न सकेको पाइदैन । कर्मचारी संचयकोषबाट रू.६४,०००।- सापटी लिएको भन्ने प्रश्नका सम्बन्धमा सो रकम निजले आंशिक भुक्तानी गर्ने गरी लिएको भन्ने समेत देखिदा निजले कुन कुन मितिमा त्यस्तो भुक्तानी गरेको हो त्यसतर्फ फैसलाले ध्यान पुऱ्याउन नसकेको हुंदा सो आधारमा समेत तत् सम्बधी शीर्षक दिई प्रतिवादीको वैध आय कायम गरेको मिलेको छैन ।

(छ) प्रतिवादीहरुको नाममा कायम रहेको जग्गा मध्ये कि. नं. ३९५, ३६२,८४३, ९६८, ९१, ८५, ८३९, ८४०, ४११, ४१०, ४०९, २१७ र २३० का जग्गाहरु भाडामा र ५३३ र ६१ को जग्गा ठेक्कामा लगाएकोमा कि.नं. ६१ को जग्गाको मात्र कृषि आय गणना गरेको भन्दै फैसलाले थप रू.पांच लाख कृषि आय कायम गरेको सम्बन्धमा हेर्दा प्रतिवादीहरुको नाममा रहेको श्रोत नखुलेको संपत्तिबाट हुने आम्दानी समेत अवैध नै हुन्छ । त्यस्तो श्रोत नखुलेका जग्गाहरुको कृषि आय कायम गर्न मिल्दैन । प्रतिवादी भरतप्रसाद घिमिरे खरिदार स्तरका कर्मचारी भएको निज र निजको परिवारको खानपान, लुगाफाटो र छोराछोरीको पढाई आदिमा समेत खर्च हुने र तलव बापत प्राप्त हुने रकम बचत हुने भनी निजको आयमा समावेश गरेको अवस्था हुंदा भरतप्रसाद घिमिरेका पिता र माता निजसंगै बसेको मानी निजको नाममा रामेछापमा रहेको करिव ९ रोपनी जग्गा, भक्तपुर बालकुमारी र वालकोटको जग्गा, काठमाडौंको जोरपाटी, कालिमाटी र गोंगबुमा भरतप्रसाद घिमिरे र निजकी श्रीमतीको नाममा रहेको जग्गाको आयस्तालाई निजको आयमा समावेश गर्ने गरी अदालतले गरेको फैसला न्याय सम्मत छैन ।

१६. जिल्ला उदयपुर त्रियुगा न.पा.वडा नं. ४ असारी स्थायी घर भई हाल का.जि. का.म.न.पा.वडा नं. ३२ घट्टेकुलो बस्ने राजश्व अनुसन्धान विभागका ना.सु. अर्जुन थापा .....
ऐ.ऐ.वस्ने निज अर्जुन थापाकी श्रीमती सबु थापा .....
जिल्ला उदयपुर त्रियुगा न.पा.वडा नं. ४ असारी बस्ने रणबहादुर थापा .....

मुद्दाः- गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको ।
फैसला मितिः २०६७।१।२७
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रतिवादी अर्जुन थापाले रू.१,१७,०९,१०४।८६ बराबरको श्रोत नखुलेको चल अचल सम्पत्ति आर्जन गरेको र निजको सो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ र हाल बहाल रहेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसूर भएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को २०(२) बमोजिम सजाय गरी निज तथा निजका

बाबु र पत्नी समेतका नाममा रहेको गैरकानूनी आर्जनको सम्पत्ति सोही ऐनको दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. र ३० बमोजिम जफत गरी पाउन मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीलाई आरोपित कसूरबाट सफाई दिई फैसला भएको ।

फैसलाका आधारहरुः

(क) जग्गा खरिद गर्दाको समयको मूल्य र हालको मूल्यमा स्वभावतः अन्तर हुने हुँदा सरकारी अड्डामा पारित भएका लिखतमा उल्लेख भएको मूल्यलाई प्रमाणमा लिनुपर्ने ।

(ख) घरको निर्माण लागत घर बनेको सालको आधारभूत मूल्यांकन विवरणका आधारमा हुने ।

(ग) प्रतिवादीको बाबुको नाममा रहेको जि.उदयपुर गाईघाटको घर निर्माण गर्दा दावीमा उल्लेख भएकोभन्दा कम लागत लागेको भन्ने कुरा सरकारी घरहरु निर्माण गर्दा लागत इष्टमेटभन्दा ४२ प्रतिशत सम्म कम लागत लाग्ने भन्ने प्रतिवादीले पेश गरेको प्रमाणबाट देखिएको, साथै स्थानीय स्तरमा प्राप्त हुने निर्माण सामाग्री तथा कामदारको मजदूरी समेतको आधारमा उक्त घरको आधारभूत मूल्यांकनको रकममा ३५ प्रतिशत घटाई रू. २४,५७,८१८।१८ कायम गर्नु न्यायोचित देखिने ।

(घ) प्रतिवादी अर्जुन थापाका बाबु रणबहादुर थापालाई प्रतिवादीले पठाएको भनी दावी लिएको रू. २१,५०,०००।- मध्ये प्रतिवादी अर्जुन थापा र निजका भाइ शंकरकुमार थापाले पठाएको रकम रू. १४,२५,०००।- देखिएको सो बाहेकको अन्य रकम हरिकुमार बस्नेत र श्याम खड्काले पठाएको देखिएको ।

(ङ) यस्तै प्रकृतिको अन्य मुद्दामा यस अदालतले २०५० सालसम्म प्रति विगाहा रू. १६,०००।- र २०५१ सालदेखि प्रति विगाहा रू. २०,०००।- का दरले कृषि आय निर्धारण गर्ने गरेको हुँदा कृषिबाट प्रतिवादीलाई रू. ३०,०६,६४०।- वैध आय प्राप्त भएको देखिएको ।

(च) प्रतिवादी रणबहादुर थापाको नाउँको ४-३-१० विगाहा जग्गा चक्रबहादुर बस्नेतलाई रू. ५,०१,०००।- मा विक्रि गरेको पारित राजिनामाबाट देखिए पनि प्रतिवादीले पेश गरेको प्रमाणबाट उक्त जग्गा रू. ४१,७०,०००।- मा विक्रि भएको देखिन आएको ।

(छ) प्रतिवादीले प्राप्त गरेको स्थानीय भत्ता महंगी भत्ता र दसैं खर्चलाई समेत निजको वैध आयको रुपमा गणना गर्नुपर्ने ।

(ज) बैंकबाट प्राप्त भएको ब्याजलाई समेत प्रतिवादीको आयमा समावेश गरिनु पर्ने ।

(झ) प्रतिवादी अर्जुन थापाको भाई शंकर थापाले बस व्यवसाय संचालन गरी रू. ५,००,०००।- आय प्राप्त गरेकोले सो रकम प्रतिवादीको आयमा समावेश गरिनु पर्ने ।

(ञ) आयोगले समेत खाद्यान्नको कारोवारबाट प्रतिवादी अर्जुन थापाको बाबुले केही आय आर्जन गरेको कुरालाई मान्यता दिएको हुँदा प्रतिवादीको मागको आधारमा खाद्यान्न कारोवारबाट प्राप्त रू. ८,५०,०००।- प्रतिवादीको वैध आयमा गणना हुने ।

(ट) प्रतिवादी अर्जुन थापाको नाममा रहेको काठमाडौंको घरबाट निजले रू. ४,००,०००।- भाडा प्राप्त गरेको देखिएको ।

(ठ) प्रतिवादी अर्जुन थापा र निजको परिवारको नाममा भएको कूल सम्पत्तिको विगो रू. १,३४,७१,०६३।०२ रहेको पाइएको । प्रतिवादीको आयश्रोतको विश्लेषणबाट निज र निजका परिवारको रू. १,२६,२१,१३०।७० आयको वैध श्रोत पुष्टि भएको देखिएको ।

(ङ) वैध आयश्रोतबाट पुष्टि हुन नसकेको सम्पत्तिको विगो रू. ८,५०,९३२।३२ देखिन आई नपुग भएको विगो कूल सम्पत्तिको १० प्रतिशत भन्दा कम अर्थात ६.३२ प्रतिशत कम रहेको देखिएको ।

पुनरावेदनका आधारहरुः

(क) अदालतले जग्गा र घरको मूल्य कायम गर्दा सम्पत्ति आर्जन गर्दाको समयको लिखतमा अंकित मूल्य र घर निर्माण भएको समयको मूल्यांकनलाई आधार मानी मूल्य कायम गरेको देखिन्छ । प्रतिवादीले गैरकानूनी आर्जनबाट जग्गा खरिद गरी घर समेत निर्माण गरेको भनी आरोपपत्रमा दावी लिइएको अवस्था छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० अन्तर्गतको कसूरमा गैरकानूनी आर्जनको सम्पत्तिको विगो बरावरको जरिवाना र कैद समेत हुने व्यवस्था छ । आयोगबाट प्रतिवादीको जुन र जति सम्पत्ति गैरकानूनी आर्जनको भनी दावी गरिएको छ ती सम्पत्तिहरुको हालको मूल्यलाई आधारमानी विगो कायम गरिएको हो । गैरकानूनी आर्जनको सम्पत्ति र सो बाट बढे बढाएको सम्पत्ति जफत हुने ऐनको प्रावधानको पृष्ठभूमिमा हाल प्रचलित मूल्यका आधारमा विगो कायम गरिनु नै कानून सम्मत हुने हुन्छ । तर अदालतले जग्गा आर्जन गर्दाको र घर निर्माण गर्दाको समयको मूल्यलाई आधार मानी विगो कायम गरेको छ । गैरकानूनी सम्पत्ति आर्जनलाई सोही परिमाणबाट दण्डित गरिनु पर्दछ भन्ने कानूनको मनशाय हो । विगतमा जे जति सम्पत्ति गैरकानूनी रुपमा प्राप्त गरिएको हो सो रकमबाट जोडिएको सम्पत्तिको हाल प्रचलित मूल्य धेरै बढी हुने हुनाले हालको मूल्यका अधारमा सजाय नगरेमा गैरकानूनी रुपमा बढे बढाएको सम्पत्ति वा त्यस्तो सम्पत्तिको हालको केही अंशले मात्र नै जरिवानाको रकम पुग्न सक्ने भई कसूरदारले सहुलियत प्राप्त गर्न सक्ने हुँदा गैरकानूनी आर्जनको विगोको परिमाण वरावर दण्ड गर्ने कानूनको उद्देश्य पराजित हुन गई कसूरदारलाई फाईदा पुग्न जाने स्थिति रहने हुँदा सम्पत्तिको हाल प्रचलित मूल्यलाई मान्यता नदिई प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला न्यायसंगत छैन ।

(ख) प्रतिवादी अर्जुन थापाको बाबुको नाममा रहेको जि.उदयपुर गाईघाटको घर निर्माणमा रू. ३७,८१,२५८।७५ लागत लागेको भनी आरोपपत्रमा उल्लेख भएकोमा सरकारी घरहरु निर्माण गर्दा लागत इष्टिमेटभन्दा ४२ प्रतिशत सम्म कम लागत लाग्ने गरेको भन्ने प्रतिवादीले पेश गरेको प्रमाणबाट देखिएको साथै स्थानीय रुपमा प्राप्त हुने निर्माण सामाग्री तथा कामदारको मजदुरी समतेको आधारमा उक्त घरको आधारभूत मूल्यांकनको रकममा ३५ प्रतिशत घटाई रू.२४,५७,८१८।१८ कायम हुने भनी फैसलामा उल्लेख भएको पाइन्छ । सरकारी भवनहरु निर्माण गर्दा निर्माण पूर्व लागत इष्टिमेट तयार गरी बोलपत्रको माध्यमद्धारा प्रतिर्स्पधात्मक रुपमा घटी रकम कवूल गर्ने बोलपत्रदाताबाट निर्माण गरिने त्यसरी घटी रकम कवूल गर्ने बोलपत्र दाताले पेशागत रुपमा प्राप्त गरेको अनुभवको आधारमा लागत इष्टिमेटभन्दा कम लागतमा निर्माण कार्य सम्पन्न गर्न सक्ने अवस्था रहन्छ । तर पेशागत रुपमा निर्माणको कार्य गर्ने व्यक्ति बाहेक अन्य व्यक्तिमा निर्माण कार्यको अनुभव नहुने हुँदा इष्टिमेटभन्दा धेरै कम लागतमा निर्माण कार्य सम्पन्न गर्न सम्भव हुदैन । साथै यसै प्रकृतिका अन्य मुद्दाहरुमा विशेष अदालतले व्यक्ति विशेषले

गर्ने निर्माण कार्यमा ठेकेदारको ओभरहेड खर्च १५ प्रतिशत र ठेक्का कर ५ प्रतिशत नलाग्ने हुँदा निर्माण लागतमा २० प्रतिशत घटाई लागत निर्धारण गर्ने गरेकोमा प्रस्तुत मुद्दामा हचुवा रुपमा ३५ प्रतिशत घटाई लागत मूल्य कायम गरेबाट फैसला विरोधाभाष पूर्ण भई बदरभागी छ ।

(ग) रू. २१,५०,०००।- प्रतिवादी अर्जुन थापा र निजका भाइ शंकरकुमार थापाले निजहरुका बाबु रणबहादुर थापालाई पठाएको तथ्य अनुसन्धानबाट खुल्न आएको छ । विशेष अदालतले रणबहादुर थापालाई निजका छोराहरुले रू. १४,२५,०००।- मात्रै पठाएको बाँकी रकम हरिकुमार बस्नेत र श्याम खड्काले पठाएको देखिएको भनी फैसलामा उल्लेख गरेको छ । निज हरिकुमार बस्नेत र श्याम खड्काले रणबहादुर थापालाई रकम पठाउनु पर्ने प्रयोजन कतैबाट खुल्न सकेको पाइँदैन । प्रतिवादीहरु स्वयंले समेत यो यस बापत निज व्यक्तिहरुले रकम पठाएको भनी बयानमा खुलाउन सकेको अवस्था छैन । अतः दावीमा उल्लिखित उक्त रू. २१,५०,०००।- को पूरै विगो प्रतिवादीको सम्पत्तिमा गणना हुनु पर्नेमा कम गणना गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(घ) प्रतिवादी र निजका परिवारको नाममा उदयपुरमा जग्गा भएकोले निजहरुले केही कृषि आय प्राप्त गरेको भनी आयोगले मान्यता दिएकै छ । तर अदालतले प्रतिवादी र निजको परिवारलाई रू. ३०,०६,६४०।- कृषि आय प्राप्त भएको भनी अत्याधिक कृषि आय कायम गरेको छ । प्रतिवादी रण बहादुर थापा र निजकी श्रीमती ५० बर्ष नाघिसकेका, दुई छोराहरु नियमित रुपमा उनीहरुसँग बस्ने नगरेको तथ्य मिसिल संलग्न कागजातहरुबाट देखिएको छ । यस अवस्थामा निज एक्लैले सम्पूर्ण खेतीपाती एवं अन्य व्यवसाय समेत गर्न सक्ने स्थिति देखिदैन भने परम्परागत रुपमा ५-६ विगाहा जग्गामा गरिने खेतीपातीबाट उल्लेख्य आय आर्जन हुन सम्भव समेत देखिदैन । यस तथ्य तर्फ विचारै नगरी निज रणबहादुर थापालाई कृषि आयबाट रू. ३०,०६,६४०।- वैध आय प्राप्त भएको भनी भएको फैसला न्यायोचित छैन ।

(ङ) प्रतिवादी रणबहादुर थापाको नामको ४-३-१० विगाहा जग्गा चक्रबहादुर वस्नेतलाई रू. ५,०१,०००।- मा विक्रि गरेको पारित राजिनामाबाट देखिएको छ । तर अदालतले प्रतिवादीको कथनका आधारमा उक्त जग्गा विक्रिबाट रू. ४१,७०,०००।- प्राप्त भएको भनी मान्यता दिएको छ । उल्लिखित रकमलाई मान्यता दिन उक्त जग्गा आसपासका अन्य जग्गाहरुको विक्रि मोललाई आधार लिइएको छ । जग्गाको अवस्थिति र हैसियतको आधारमा जग्गाको मोल निर्धारण गर्नु न्यायोचित हुनेमा प्रतिवादीले विक्रि गरेको जग्गाको बस्तुगत अवस्था तर्फ ध्यानै नदिई अदालत निष्कर्षमा पुगेको छ । त्यति ठूलो रकममा प्रतिवादी रणबहादुर थापाले उल्लिखित जग्गा विक्रि गरेको होइन भन्ने तथ्य निजले जग्गा विक्रि गरी हजार पाँच सय र सय दरका गरी जम्मा रू. १७ लाख एकमुष्ट रुपमा नगदै कम्मरमा बाँधी गाईघाटदेखि काठमाडौंसम्म बसमा चढी लिई आएको भनी गरेको अपत्यारिलो बयान समेतबाट पुष्टि भएको छ ।

(च) दसैं खर्च बापत पाउने रकम प्रतिवादी अर्जुन थापाको आयमा समावेश गरेको नदेखिएकोले रू. ३९,१४४।- निजको आयमा समावेश हुने भनी फैसलामा उल्लेख गरिएको छ। दसैं खर्च मुख्य चाडपर्व मनाउनका लागि दिइने खर्च भएकोले सो रकम अनिवार्य रुपमा खर्च हुने रकम हो। विभिन्न धार्मिक समुदायले मनाउने आफ्नो मुख्य चाडपर्वमा यस्तो रकम अनिवार्य रुपमा खर्च हुन जाने हुँदा अदालतले बचत हुने आयमा गणना गरेको युक्तिसंगत छैन। त्यस्तै स्थानीय भत्ता बापत रू. २९,०३४।- समेत प्राप्त गरेको भन्ने समेतको प्रतिवादीको भनाईलाई समेत अदालतले मान्यता दिएको छ। स्थानीय भत्ता सुगम स्थानको तुलनामा तत् स्थानमा महंगी बढी हुने भएकाले दिइने भत्ता भएकाले त्यो भत्ता बचत हुन सक्ने प्रकृतिको नहुँदा नहुदै प्रतिवादीको बचत हुने आय मानी भएको फैसला त्रुटिपूर्ण छ।

(छ) प्रतिवादी अर्जुन थापा र निजका परिवारको नाममा अस्वभाविक रुपमा ठूलो मात्रामा बैकहरुमा रकम जम्मा भएको देखिएको छ। जसको वैध श्रोत पुष्टि हुने कुनै आधार देखिएको छैन। त्यसरी वैध श्रोत पुष्टि नभएको रकमबाट प्राप्त बैंक ब्याजलाई प्रतिवादीको वैध आयमा गणना गर्न नमिल्नेमा गणना गरी भएको फैसला न्यायसंगत छैन।

(ज) प्रतिवादी अर्जुन थापाको बाबुले खाद्यान्न खरिद विक्रिबाट र भाई शंकर थापाले बस व्यवसाय संचालन गरी केही आय आर्जन गरेकोलाई आयोगले मान्यता दिएको भए पनि अदालतले खाद्यान्न खरिद विक्रिबाट रू. ८,५०,०००।- र बस व्यवसाय संचालनबाट रू. ५,००,०००।- आय आर्जन भएको भनी ठूलो मात्राको रकमलाई विना आधार मान्यता दिएको छ। आय कर तिरेको प्रमाणको अभावमा त्यति ठूलो रकम प्रतिवादीहरुको आयमा समावेश गरी भएको फैसला युक्तिसंगत छैन।

(झ) प्रतिवादी अर्जुन थापालाई रू. ४,००,०००।- घर भाडा बापत वैध आय प्राप्त भएको भनी विशेष अदालतले मान्यता दिएको छ। काठमाडौंमा निर्मित निजको घरको निर्माण श्रोत खुल्न सकेको अवस्था छैन। यसरी श्रोत खुल्न नसकेको घरबाट प्राप्त भाडालाई वैध मान्न नमिल्नेमा वैध भनी मान्यता दिई भएको फैसला त्रुटिपूर्ण छ।

(ञ) प्रतिवादीको सम्पत्तिको जाँच अवधि २०४४।३।२९ देखि २०५७।१०।२० सम्म छ। यो अवधि भनेको लगभग १३ वर्ष हो। प्रतिवादीको तलव भत्ता, घर भाडा, कृषि आय इत्यादी बापतको रकम मासिक र बार्षिक रुपमा आम्दानी हुने र त्यसबाट प्राप्त आय खर्च समेत हुदैजाने हुँदा तलव भत्ता, घरभाडा र अन्य आय उल्लेख्य रुपमा बचत हुन सक्ने स्थिति नै रहदैन। घरभाडा तलव भत्ता जस्ता आयलाई न्यायसंगत भनी अदालतले स्वीकार गर्दा प्रतिवादीले तत् अवधिमा गर्ने पारिवारिक खर्चलाई पनि न्यायसंगत रुपमा अनुमान गरी कटाउनु पर्नेमा आयको मात्र अनुमान गरी आयमा थप गर्न मिल्ने होइन। तसर्थ प्रतिवादीको आयहरुलाई जस्ताको तस्तो बचत हुने तर खर्च नहुने भन्ने मनशाय प्रदर्शित हुने गरी भएको फैसला त्रुटिपूर्ण छ।

(ट) भ्रष्टाचार सम्बन्धी ऐन, नियम निर्देशिका एवं कुनै नजीरमा कुनै पनि व्यक्तिको वैध आय आर्जनको १० प्रतिशत सम्म बढी अवैध आर्जन भएको देखिए तापनि त्यस्तो १० प्रतिशत बढी रकम भ्रष्टाचार नहुने भन्ने व्यवस्था वा मान्यता रहे भएको देखिदैन । विशेष अदालत स्वयंले गरेको फैसलाबाट पनि व्यक्तिले आर्जन गरेको कूल सम्पत्ति मध्ये १० प्रतिशत अवैध देखिएकोले भ्रष्टाचारको कसूर नहुने भन्ने कानूनी आधार फैसलामा खुलाएको पाइदैन । भ्रष्टाचारको कसूर हुन कानून बमोजिम नभै अवैध रुपमा आर्जित १ रुपैया वा एक प्रतिशत वा १० प्रतिशत पनि भ्रष्टाचार गरेर आर्जन गरेको सम्पत्ति भ्रष्टाचार गरेको नै हो भन्ने कानूनी मनशाय देखिन्छ । भारतीय उच्च अदालतको फैसला नेपालको कानूनको सन्दर्भमा लागू हुने र पालना गर्नुपर्ने कानून वा नजिर होइन । यस्तोमा नेपाल कै परिप्रेक्ष्यमा अध्ययन र विश्लेषण गरिनु पर्दछ अतः १० प्रतिशत भन्दा बढीको अवैध आय आर्जन भ्रष्टाचार हुने र १० प्रतिशत प्रतिशतभन्दा घटी अवैध आय आर्जन भ्रष्टाचार नहुने भन्ने विशेष अदालतको फैसला आफैमा पूर्वाग्रही, अति उदार एवं भ्रष्टाचारको कसूर गर्न प्रश्रय मिल्ने किसिमको देखिएकोले सो १० प्रतिशत सम्मको अवैध आर्जनलाई छूट दिई सफाई दिएको उक्त फैसला पूर्णत गैरकानूनी एवं अनुमानमा आधारित छ ।

१७. अमरगढी नगरपालिका वडा नं. ७ तिलाडी जोशी गाउँ डडेलधुरा बसोवास गर्ने उग्रतारा उच्च माध्यामिक विद्यालय पोखरा, डडेलधुरामा मा.शि.पदमा कार्यरत मेघराज जोशी .....

मुद्दाः- शुरु नियुक्तिको लागि झूट्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको ।
फैसला मितिः २०६७।५।२९
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रतिवादी मेघराज जोशी उपर शुरु नियुक्तिको लागि झूट्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसूरमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीले सफाई पाउने ठहरी फैसला भएको ।

फैसलाका आधारहरुः

(क) प्रतिवादी मेघराज जोशीको शैक्षिक योग्यताको प्रमाणपत्र प्रमाणिकरण भै आउँदा गलत भनी लेखी आएको भए तापनि प्रतिवादीको निवेदन माग बमोजिम पुनः प्रमाणीकरणको लागि पठाएकोमा नविनोत्तर मध्यमा द्वितीय श्रेणीमा उत्तिर्ण भएको भन्ने व्यहोराको पत्र कामेश्वर सिँह दरभंगा संस्कृत विश्वविद्यालय, दरभंगाबाट लेखिपठाएको देखिएको ।
(ख) प्रमाणपत्र जारी गर्ने संस्थाबाटै प्रतिवादीले नविनोत्तरमध्यमा परीक्षा द्वितीय श्रेणीमा उत्तिर्ण गरेको व्यहोरा प्रमाणित भै आएबाट निजको शैक्षिक योग्यताको प्रमाण पत्र झूट्ठा र गलत भएको मान्न नसकिएको ।

पुनरावेदनका आधारहरुः

(क) प्रतिवादी मेघराज जोशीको शैक्षिक योग्यताको प्रमाणपत्रहरु शंकास्पद भै आवश्यक प्रमाणीकरणका लागि जिल्ला शिक्षा कार्यालय, डडेलधुरा मार्फत् यस आयोगमा प्राप्त भएको र प्रतिवादी मेघराज जोशीले सन् १९७२ मा कामेश्वर सिंह दरभंगा संस्कृत विश्वविद्यालय, भारतबाट उत्तर मध्यमा परीक्षा उत्तिर्ण गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्र त्रिभुवन विश्वविद्यालय मार्फत् परीक्षा नियन्त्रक, कामेश्वर सिंह दरभंगा संस्कृत विश्वविद्यालय, भारतमा प्रमाणीकरको लागि पठाउँदा उक्त विश्वविद्यालयको पत्रांक प ०३।११९।०९ दिनांक २१-३-०९ को पत्रको विवरणको (ख) को सि.नं. १ मा परीक्षार्थीको नाम मेघराज जोशी, परीक्षा उत्तर मध्यमा, वर्ष १९७२, क्रमांक ४४३१ केन्द्र किर्तिनगर दिल्ली उल्लेख गरी कैफियतमा "अभिलेखमे अप्राप्त अतः गलत" भनी लेखी आएको हुँदा प्रतिवादीले शुरु नियुक्तिको लागि झूट्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी भ्रष्टाचारजन्य कसूर गरेको प्रमाणीत भै निज उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर भएको हो ।

(ख) अनुसन्धानको क्रममा प्रतिवादी मेघराज जोशीले आयोगमा उपस्थित भै बयान गर्ने क्रममा शिक्षक पदको सेवा प्रवेशको लागि आवश्यक पर्ने शैक्षिक योग्यता शिक्षक सेवामा प्रवेश गर्नु अगावै कामेश्वर सिंह दरभंगा संस्कृत विश्वविद्यालय, दरभंगाबाट नियमित अध्ययन गरी उत्तरमध्यमा (आई.ए.वा सो सरह) को परीक्षा दिई पास गरेको हुँदा मेरो शैक्षिक योग्यताको प्रमाणपत्र झूट्ठा नभएको भनेको भए तापनि उक्त शैक्षिक योग्यताको प्रमाणपत्र त्रिभुवन विश्वविद्यालय मार्फत् कामेश्वर सिंह दरभंगा संस्कृत विश्वविद्यालय, भारतको पत्रांक प ०३।११९।०९ दिनांक २१-३-०९ को पत्रानुसार प्रतिवादी मेघराज जोशीको शैक्षिक योग्यता फर्जि रहेको भनी लेखी आएको देखिँदा प्रतिवादीले आयोग समक्ष गरेको बयान आफूले उत्तर मध्यमा द्वितीय श्रेणीमा उर्त्तिण गरेको भनी उक्त विश्वविद्यालयले जारी गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्र झूट्ठा रहेको तथ्य प्रमाणीत भै सकेको छ ।

(ग) प्रतिवादीले शुरु नियुक्ति लिने प्रयोजनका लागि पेश गरेको उत्तरमध्यमा उर्त्तिण गरेको भन्ने शैक्षिक योग्यताको प्रमाणपत्र जारी गर्ने अधिकारीक संस्था कामेश्वर सिंह दरभंगा विश्वविद्यालय, दरभंगाले नै सन् २१-३-०९ को पत्रद्धारा प्रतिवादीको शैक्षिक योग्यताको प्रमाणपत्रहरु अभिलेखमा अप्राप्त भै गलत भनी घोषणा गरिसकेको अवस्थामा उक्त प्रमाणपत्र पुन प्रमाणीकरण भै सो विश्वविद्यालयबाट जारी भएको भनिएको प्रमाणपत्र सहि हो भनी लेखी आएको पत्रको व्यहोरा शंकास्पद देखिएको छ । निज प्रतिवादीले अनुसन्धानकै क्रममा पेश गरेको उक्त विश्वविद्यालयको पत्रमा अभिलेख प्राप्त नभएको हुँदा गलत भनी अनुसन्धानकै क्रममा प्रमाणीत भै सकेको तथ्य विपरित पुनः सो संस्थाबाट लेखिएको संदिग्ध पत्रलाई आधार लिई निजको शैक्षिक योग्यताको प्रमाणपत्र सद्दे रहेको भनी प्रतिवादीलाई सफाई दिने गरी भएको विशेष अदालत, काठमाडौंको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।

१८.जिल्ला डोटी पचनालो गा.वि.स.३, चुडी बस्ने सरस्वती मा.वि.चुडिका शिक्षक धर्मदेव फुलारा .....

मुद्दाः- शुरु नियुक्तिको लागि झूट्ठा प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको ।
फैसला मितिः २०६७।३।३०
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रतिवादी धर्मदेव फुलारा उपर शुरु नियुक्तिको लागि झूट्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसूरमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त मुद्दा खारेज हुने ठहरी फैसला भएको ।

फैसलाको आधारः

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा मिति २०६१।११।१० मा प्रमाणपत्र छानवीनको लागि दर्ता भएकोमा सो मितिले ५ वर्षभित्र मुद्दा दायर गरिसक्नु पर्नेमा मिति २०६६।११।२० मा मात्र मुद्दा दायर भएको ।

पुनरावेदनका आधारहरुः

(क) सरस्वती मा.वि. चुडी डोटीका शिक्षक धर्मदेव फुलाराले नक्कली प्रमाण पत्र पेश गरी प्राथमिक शिक्षक पदमा नियुक्ति पाएको सम्वन्धमा अनुसन्धान गरी जिल्ला प्रशासन कार्यालय, डोटीको प.स. ०६४।०६५ च.नं १२५३ मिति २०६४।१२।२१ को पत्रसाथ यस आयोगमा प्राप्त भै निज शिक्षक धर्मदेव फुलाराले भारतको माध्यमिक शिक्षा परिषद क्षे.का.वाराणसी उत्तर प्रदेशबाट सन् १९८८ मा हाईस्कूल परीक्षा उत्तिर्ण गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्रहरु उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुर मार्फत् सम्वन्धित वोर्डमा प्रमाणिकरणका लागि पठाउँदा उक्त वोर्डको पत्रांक मा.शि.प./क्षे.का.वा./अभिलेख सत्यापन/११२ दिनांक २९।०३।०६ को पत्रसाथ प्राप्त प्रमाणिकरण विवरणको क्र.सं. २ को मा.शि.प. की आख्यान महलमा "वर्ष १९८८ मे यह अनुक्रमांक १२३०४६ अनुदानित नही" भनी लेखी आएको व्यहोरा उच्च माध्यामिक शिक्षा परिषद्, सानेाठिमी, भक्तपुरको च.नं. १३५५ मिति २०६३।१।१५ को पत्रसाथ यस आयोगमा प्राप्त भएको समेतका आधारबाट निज प्रतिवादीले शुरु नियुक्तिको लागि पेश गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्र झूट्ठा प्रमाणित भएको आधारबाट निज उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२,२९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजायको मागदावी लिई आायोगको तर्फबाट विशेष अदालत, काठमाडौमा आरोपपत्र दायर भएको हो ।

(ख) प्रस्तुत मुद्दामा यस आयोगबाट मिति २०६५।१।१५ मा अनुसन्धान अधिकृत तोकी अनुसन्धान कार्य शुरु भै मिति २०६६।११।२० मा आयोगको तर्फबाट विशेष अदालत, काठमाडौमा मुद्दा दायर भएको हो । आयोगमा मुद्दा दायर हुँदाका बखत भ्रष्टाचार निवारण ऐन, २०५९ क्रियासिल रहेकोमा सो ऐनमा हदम्याद सम्वन्धी कुनै व्यवस्था गरेको पाईदैन । प्रतिवादीको शैक्षिक योग्यताको प्रमाण पत्र सम्वन्धमा मिति २०६१।११।१० मा आयोगलाई जानकारी भै अनुसन्धानको कारवाही शुरु भएको र सोही प्रयोजनको लागि आयोगबाट अनुसन्धान अधिकृत तोकी म्यादभित्रै प्रतिवादी विरुद्ध आरोपपत्र दायर भएको हो । अनुसन्धान अधिकृतको नियुक्ति र अनुसन्धान कारवाही शुरुवात एक अर्कासँग सम्वन्धित भएकोले सो ऐनमा प्रयुक्त अनुसन्धानको कारवाही शुरु भएको भन्ने वाक्यांश हुने नै भै सोही मितिबाट हदम्याद प्रारम्भ भएको मान्नु पर्नेमा भ्रष्टाचार जस्तो जघन्य कसूरमा पनि कानूनको फितलो व्याख्या गरी प्रतिवादीले कसूरबाट उन्मुक्ति पाउने गरी भएको फैसला त्रुटिपुर्ण छ । भ्रष्टाचारजन्य कसूरको गम्भीरतालाई दृष्टिगत गरेर नै भ्रष्टाचार निवारण ऐन, २०५९ ले सो सम्वन्धी कसूरको अनुसन्धान, तहकिकात र मुद्दा दायर गर्ने हदम्याद सम्वन्धी कुनै पनि दायरा निर्धारण नगरेको तर्फ विशेष अदालतको फैसला मौन रहेको देखिन्छ । प्रस्तुत मुद्दाका प्रतिवादी धर्मदेव फुलाराले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उच्च माध्यामिक शिक्षा परिषद, सानोठिमी, भक्तपुरको मिति २०६३।१।१५ को पत्रसाथ संलग्न प्रमाणिकरण विवरण अनुसार झूट्ठा देखिएकोमा विवाद नभएको र आयोगबाट मिति २०६५।११।२० मा विशेष अदालतमा मुद्दा दायर भैसकेको हुँदा आयोगबाट प्रस्तुत मुद्दामा कारवाही चलाइएको तथ्य विपरीत भएको फैसला कानूनतः त्रुटिपूर्ण रही वदरभागी छ ।

(ग) प्रतिवादी धर्मदेव फुलाराले शुरु नियुक्तिको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र आयोगबाट भएको अनुसन्धानबाट झूट्ठा र नक्कली देखिएकोमा उक्त कार्यलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ ले भ्रष्टाचारजन्य कसूर मानेको र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) ले समेत उक्त प्रावधानलाई निरन्तरता प्रदान गरेको अवस्थामा अभियुक्तको कसूर कायम गर्ने प्रयोजनका लागि साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दावी उल्लेख गरिएकोमा प्रचलित कानूनले निर्धारण गरेको हदम्याद सम्बन्धी व्यवस्था विपरीत खारेज भैसकेको ऐनको हदम्याद सम्वन्धी व्यवस्थाको आधार ग्रहण गरी मुद्दा नै खारेज गर्ने गरी भएको प्रस्तुत फैसलामा गम्भीर त्रुटि हुन पुगेको छ ।

१९. लुम्बिनी अंचल गुल्मी जिल्ला, जैसीथोक गा.वि.स.वडा नं. ७ बस्ने नापी विभागमा कार्यरत सर्वेक्षक नारायणबहादुर घर्ती मगर .....

मुद्दाः- सेवा प्रवेशका लागि झूट्ठा प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको ।
फैसला मितिः २०६७।५।३
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रतिवादी नारायणबहादुर घर्ती मगर उपर सेवा प्रवेशको लागि झूट्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसूरमा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट सो मुद्दा खारेज हुने ठहरी फैसला भएको छ ।

फैसलाको आधारः

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा मिति २०५९।२।१३ मा प्रमाणपत्र छानवीनको लागि प्राप्त भएकोमा सो मितिले ५ वर्षभित्र मुद्दा दायर गरी सक्नु पर्नेमा मिति २०६५।११।११ मा मात्र मुद्दा दायर भएको ।

पुनरावेदनका आधारहरुः

(क) नापी विभागद्धारा गठित शैक्षिक प्रमाण पत्र छानवीन उप-समितिद्धारा यस आयोगमा प्राप्त प्रतिवादी नारायणबहादुर घर्ति मगरको शैक्षिक प्रमाणपत्रका सम्बन्धमा आयोगबाट उच्च माध्यमिक शिक्षा परिषद, सानोठिमी, भक्तपुर मार्फत माध्यामिक शिक्षा परिषद, इलाहवाद, भारतमा प्रमाणीकरणका लागि पठाइएकोमा उक्त परिषदको पत्रांक सत्यापन ३०/११४२००७/९/१३१ दिनांक २२/५/२००८ को प्रमाणीकरण संख्या ३६ मा नारायणबहादुर घर्ति मगरको महलको कैफियतमा "इन्टर १९८४ मे अनुक्रमांक २५३७२१ से आदित्यनारायण पाण्डे पिता सुर्यनारायण पाण्डे सम्मिलित है नकि नारायणबहादुर घर्तिमगर" भनी लेखी आएको व्यहोरा उच्च माध्यामिक शिक्षा परिषद, सानोठिमी, भक्तपुरको च.नं. २३५५ मिति २०६५।३।४ को पत्रसाथ यस आयोगमा प्राप्त भएको समेतका आधारबाट निज प्रतिवादीले सेवा प्रवेशको लागि पेश गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्र झूट्ठा प्रमाणीत भएको आधारबाट निज उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२,२९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजायको मागदावी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको हो ।

(ख) प्रस्तुत मुद्दामा यस आयोगबाट अनुसन्धान अधिकृत तोकी अनुसन्धान कार्य शुरु भै मिति २०६५।११।११ मा आयोगको तर्फबाट विशेष अदालत, काठमाडौंमा मुद्दा दायर भएको हो । आयोगबाट मुद्दा दायर हुँदाको अवस्थामा भ्रष्टाचार निवारण ऐन, २०५९ क्रियासिल रहेकोमा सो ऐनमा हदम्यादको व्यवस्था गरिएको पाइदैन । प्रतिवादीको शैक्षिक प्रमाणपत्र सम्बन्धमा २०५९।२।१३ मा आयोगलाई जानकारी भएकोमा तत्काल वहाल रहेको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क. मा अनुसन्धानको कारवाही शुरु भएको मितिले २ वर्षको हदम्यादको व्यवस्था गरेको र सोही प्रयोजनको लागि आयोगबाट अनुसन्धान अधिकृत तोकी म्यादभित्र प्रतिवादी विरुद्ध आरोपपत्र दायर भएको हो । अनुसन्धान अधिकृतको नियुक्ति र अनुसन्धान कारवाही शुरुवात एक अर्कासँग सम्बन्धित भएकोले सो ऐनमा प्रयुक्त अनुसन्धानको कारवाही शुरु भएको भन्ने वाक्यांश अनुसन्धान

अधिकृत नियुक्तिसँग समेत सम्बन्धित हुने नै भै सोही मितिबाट २ वर्षको हदम्याद प्रारम्भ भएको मान्नु पर्नेमा भ्रष्टाचार जस्तो जघन्य कसूरमा पनि कानूनको फितलो व्याख्या गरी प्रतिवादीले कसूरबाट उन्मुक्ती पाउने गरी भएको फैसला त्रुटिपूर्ण छ। भ्रष्टाचारजन्य कसूरको गम्भीरतालाई दृष्टिगत गरेर नै भ्रष्टाचार निवारण ऐन, २०५९ ले सो सम्बन्धी कसूरको अनुसन्धान तहकिकात र मुद्दा दायर गर्ने सम्बन्धमा हदम्याद सम्बन्धी कुनै दायरा निर्धारण नगरेको तर्फ विशेष अदालतको फैसला मौन रहेको देखिन्छ। प्रस्तुत मुद्दाका प्रतिवादी नारायणबहादुर घर्ति मगरले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उच्च माध्यमिक शिक्षा परिषद, सानोठिमी, भक्तपुरको च.नं. २३५५ मिति २०६५।३।४ को पत्रसाथ संलग्न प्रमाणीकरणको विवरण अनुसार झूट्ठा देखिएकोमा विवाद नभएको र आयोगबाट मिति २०६५।११।११ मा विशेष अदालतमा मुद्दा दायर भैसकेको हुँदा आयोगबाट प्रस्तुत मुद्दामा कारवाही चलाइएको तथ्य विपरित भएको फैसला कानूनत: त्रुटिपूर्ण रही बदरभागी छ।

(ग) प्रतिवादी नारायणबहादुर घर्तिमगरले सेवा प्रवेशको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र आयोगबाट भएको अनुसन्धानबाट झूट्ठा र नक्कली देखिएकोमा उक्त कार्यलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ ले भ्रष्टाचारजन्य कसूर मानेको र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(१) ले समेत उक्त प्रावधानलाई निरन्तरता प्रदान गरेको अवस्थामा अभियुक्तको कसूर कायम गर्ने प्रयोजनका लागि सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दावी उल्लेख गरिएकोमा प्रचलित कानूनले निर्धारण गरेको हदम्याद सम्बन्धी व्यवस्था विपरित खारेज भै सकेको ऐनको हदम्याद सम्बन्धी व्यवस्थाको आधार ग्रहण गरी मुद्दा नै खारेज गर्ने गरी भएको प्रस्तुत फैसलामा गम्भीर त्रुटि हुन पुगेको छ।

२०.का.जि.का.म.न.पा. वडा नं. ४ कपनमार्ग बस्ने पूर्व सह-सचिव निरञ्जन प्रसाद चालिसे .....
ऐ.ऐ.बस्ने निरञ्जन प्रसाद चालिसेकी पत्नी गीता अधिकारी (चालिसे) .....

मुद्दा:- गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको।
फैसला मिति: २०६७।२।१९
आयोगको दाबी र विशेष अदालतको फैसला:

प्रतिवादी निरञ्जनप्रसाद चालिसेले रू. ४,१४,९५,५३६।८३ बराबरको चल अचल सम्पत्ति भ्रष्टाचार गरी गैरकानूनी रुपमा आर्जन गरेकोमा निजको सो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० र दफा १५ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसूर भएकोले निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,७(१), १०,१५ र २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम सजाय गरी त्यसरी भ्रष्टाचार गरी आर्जन गरेको सम्पत्ति मध्ये निज स्वयं, निजकी आमा सीता चालिसे र निजकी पत्नी गीता अधिकारी समेतका नाममा रहेको उल्लिखित विगो बराबरको सम्पत्ति सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग., दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम जफत गरी पाउन मागदावी

लिई विशेष अदालत, काठमाडौं मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीको कसूर ठहर भए तापनि मागदाबीभन्दा कम विगो कायम गरी फैसला भएको ।

फैसलाका आधारहरुः

(क) आरोपपत्रमा जग्गाको मूल्य कायम गर्दा अनुसन्धान हुँदाको बखत प्रचलनमा रहेको मूल्य कायम गरे पनि पारित लिखतमा उल्लेख भएको मूल्यलाई खरिद मूल्य कायम गर्नु न्यायोचित हुने ।

(ख) घर निर्माणको लागतलाई आरोपपत्रमा हालको मूल्यको आधारमा कायम गर्ने पनि निर्माण भएको बर्षको लागतलाई कायम गर्नु उपयुक्त हुने ।

(ग) आयोगले दसैं खर्च बापतको रकम प्रतिवादीको आयमा गणना नगरेको हुँदा निजको आयमा गणना हुने ।

(घ) दैनिक भ्रमण भत्ता र दुगर्म भत्ता बापत प्राप्त रकम प्रतिवादीको आयमा गणना हुने ।

(ङ) आरोपपत्रमा कृषि आयबाट प्रतिवादीलाई रू. २,९६,५५७।७९ मात्र प्राप्त भएको भनी उल्लेख भए पनि निजलाई त्यसबाट रू. १३,७६,६१४।६० प्राप्त भएको देखिन आएको ।

(च) गाडी भाडाबाट प्रतिवादीलाई रू. १,००,०००।- आय आर्जन भएको होला भनी मान्न उपयुक्त देखिने ।

(छ) घरभाडाबाट प्रतिवादीलाई रू. १३,७३,५००।- र बैंक ब्याजबाट रू. १२,९१,६००।०३ प्राप्त भएको ।

पुनरावेदनका आधारहरुः

(क) अदालतले जग्गा र घरको मूल्य कायम गर्दा सम्पत्ति आर्जन गर्दाको समयको लिखतमा अंकित मूल्य र घर निर्माण भएको समयको मूल्यांकनलाई आधार मानी मूल्य कायम गरेको देखिन्छ । प्रतिवादीले गैरकानूनी आर्जनबाट जग्गा खरिद गरी घर समेत निर्माण गरेको भनी आरोपपत्रमा दावी लिइएको अवस्था छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० अन्तर्गतको कसूरमा गैरकानूनी आर्जनको सम्पत्तिको विगो बरावरको जरिवाना र कैद समेत हुने व्यवस्था छ । आयोगबाट प्रतिवादीको जुन र जति सम्पत्ति गैरकानूनी आर्जनको भनी दावी गरिएको छ ती सम्पत्तिहरुको हालको मूल्यलाई आधार मानी विगो कायम गरिएको हो । गैरकानूनी आर्जनको सम्पत्ति र सो बाट बढे बढाएको सम्पत्ति जफत हुने ऐनको प्रावधानको पृष्ठभूमिमा हाल प्रचलित मूल्यका आधारमा विगो कायम गरिनु नै कानून सम्मत हुने हुन्छ । तर अदालतले जग्गा आर्जन गर्दाको र घर निर्माण गर्दाको समयको मूल्यलाई आधारमानी विगो कायम गरेको छ । गैरकानूनी सम्पत्ति आर्जनलाई सोही परिमाणबाट दण्डित गरिनु पर्दछ भन्ने कानूनको मनशाय हो । विगतमा जे जति सम्पत्ति गैरकानूनी रुपमा प्राप्त गरिएको हो सो रकमबाट जोडिएको सम्पत्तिको हाल प्रचलित मूल्य धेरै बढी हुने हुनाले हालको मूल्यका अधारमा सजाय नगरेमा गैरकानूनी रुपमा बढे बढाएको सम्पत्ति वा त्यस्तो सम्पत्तिको हालको केही अंशले मात्र नै जरिवानाको रकम पुग्न सक्ने भई कसूरदारले सहुलियत प्राप्त गर्न सक्ने हुँदा गैरकानूनी आर्जनको विगोको परिमाण वरावर दण्ड गर्ने कानूनको उद्देश्य पराजित हुन गई

कसूरदारलाई फाईदा पुग्न जाने स्थिति रहने हुँदा सम्पत्तिको हाल प्रचलित मूल्यलाई मान्यता नदिई प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला न्यायसंगत छैन ।

(ख) दसै खर्च बापत पाउने रकम प्रतिवादीको आयमा गणना गरेको नदेखिएकोले रू. १,३०,३१८।९० निजको आयमा समावेश हुने भनी फैसलामा उल्लेख गरिएको छ । दसै खर्च मुख्य चाडपर्व मनाउनका लागि दिईने खर्च भएकोले सो रकम अनिवार्य रुपमा खर्च हुने रकम हो । विभिन्न धार्मिक समुदायले मनाउने आफ्नो मुख्य चाडपर्वमा सो रकम अनिवार्य रुपमा खर्च हुन जाने हुँदा अदालतले बचत हुने आयमा गणना गरेको युक्तिसंगत छैन । दुर्गम भत्ता बापत प्रतिवादीले रू. ८२,९२३।९३ र दैनिक भ्रमण भत्ता बापत रू. २,०६,०५०।- समेत प्राप्त गरेको भन्ने समेतको प्रतिवादीको भनाईलाई समेत अदालतले मान्यता दिएको छ । दुर्गम भत्ता सुगम स्थानको तुलनामा दुर्गमस्थानमा महंगी बढी हुने भएकाले दिईने भत्ता भएकाले भ्रमण गर्न जाने ठाउँमा आउँदा जाँदा र रहदा बस्दासम्म खर्च हुने भएकाले बचत हुन नसक्नेमा बचत हुने मानी प्रतिवादीको आयमा गणना गरी भएको फैसला न्यायोचित छैन ।

(ग) प्रतिवादी र निजकी आमा समेतको नाममा विभिन्न स्थानहरुमा जग्गा भएकाले निजहरुले केही कृषि आय प्राप्त गरेको भनी आयोगले मान्यता दिएकै छ । तर अदालतले प्रतिवादीलाई रू.१३,७६,६१४।६० कृषि आय प्राप्त भएको भनी अत्यधिक कृषि आय कायम गरेको छ । खेती योग्य जग्गामा बार्षिक दुई वाली लगाइने चलन रहेकोले सो समेतको आधारमा कृषि आय कायम हुने भनी फैसलामा उल्लेख छ । मोही लागेको ३-१-८ जग्गाको समेत दुई वालिको हिसावले कृषि आय कायम गरिएको छ । मोही लागेको जग्गाबाट मोहीले बार्षिक रुपमा मुख्य एक वालीको मात्र कूत बुझाउनु पर्ने कानूनी व्यवस्थाको प्रतिकूल हुने गरी कृषि आय कायम गरेको एकातर्फ मिलेको छैन भने अर्कोतर्फ प्रतिवादी निरञ्जनप्रसाद चालिसेसँगै बस्ने आमा बृद्ध अवस्थाकी रहेकी, प्रतिवादी सरकारी कर्मचारी भएकाले जग्गा रहेको स्थानभन्दा बाहिर रहनु पर्ने कारणबाट आमा र निजले मोही नलागेको जग्गामा स्वयंले कृषि व्यवसाय गर्न सम्भव देखिदैन । खेतीको लागि ठेक्का वा अधिया दिनु पर्ने बाध्यता रहेको स्थिति देखिन्छ । अतः मोही नलागेको जग्गाबाट पूरै कृषि आय प्रतिवादीलाई प्राप्त हुन सक्ने अवस्था नरहेकोमा पूरै कृषि आय प्राप्त भएको मानी अत्यधिक कृषि आय गणना गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(घ) प्रतिवादी निरञ्जनप्रसाद चालिसे र निजको परिवारको नाममा अस्वभाविक रुपमा ठूलो मात्रामा विभिन्न बैंकहरुमा रकम जम्मा भएको देखिएको छ । त्यस मध्ये कतिपय रकम झिकी लुकाए छिपाएको अवस्था समेत छ । बैंकमा जम्मा भएको रकम मध्ये अधिकांश रकमको वैध श्रोत पुष्टि हुन सकेको छैन । त्यसरी वैध श्रोत पुष्टि नभएको रकमबाट प्राप्त बैंक ब्याजलाई वैध आयमा गणना गर्न नमिल्नेमा गणना गरी भएको फैसला न्यायसंगत छैन ।

(ङ) प्रतिवादी निरञ्जनप्रसाद चालिसेलाई रू. १३,७३,५००।- घरभाडा बापत वैध आय प्राप्त भएको भनी विशेष अदालतले मान्यता दिएको छ । निज र निजको परिवारको नाममा

रहेको चारवटा घर मध्ये सवै घर निर्माणको लागतको श्रोत खुल्न सकेको अवस्था छैन । त्यस्तै प्रतिवादीले खरिद गरेको ट्याक्सी र गाडीको समेत खरिद श्रोत खुलेको छैन । यसरी निर्माण र खरिद श्रोत खुल्न नसकेका घर, ट्याक्सी र गाडीबाट प्राप्त भाडालाई वैध मान्न नमिल्नेमा वैध मानी मान्यता दिई भएको फैसला त्रुटिपूर्ण छ ।

(च) प्रतिवादीको सम्पत्तिको जाँच अवधि २०२६।४।१२ देखि २०६०।८।२ सम्म छ । यो अवधि भनेको लगभग ३४ वर्ष हो । प्रतिवादीको तलव भत्ता, घर भाडा, कृषि आय इत्यादि बापतको रकम मासिक र बार्षिक रुपमा आम्दानी हुने र त्यसबाट प्राप्त आय खर्च समेत हुँदै जाने हुँदा तलव भत्ता, घरभाडा र अन्य आय उल्लेख्य रुपमा बचत हुन सक्ने स्थिति नै रहँदैन । घरभाडा, तलव भत्ता जस्ता आयलाई न्यायसंगत भनी अदालतले स्वीकार गर्दा प्रतिवादीले तत् अवधिमा गर्ने पारिवारिक खर्चलाई पनि न्यायसंगत रुपमा अनुमान गरी कटाउनु पर्नेमा आयको मात्र अनुमान गरी आयमा थप गर्न मिल्ने होइन । तसर्थ प्रतिवादीको आयहरुलाई जस्ताको तस्तो बचत हुने तर खर्च नहुने भन्ने मनसाय प्रदर्शित हुने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

२१. तनहुँ जिल्ला तनहुँसुर -१ आमाडाँडा स्थायी ठेगाना भई हाल का.जि.का.म.न.पा.वडा नं. ४ चुनदेवी बस्ने शेखरनाथ खनाल .....
ऐ.ऐ.बस्ने शेखरनाथ खनालको श्रीमती भवानी खनाल .....

मुद्दाः गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको ।
फैसला मिति : २०६७।३।१५
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रतिवादी शेखरनाथ खनालले विगो रू. ३,२०,००,९६२।७१ बरावरको चल अचल सम्पत्ति भ्रष्टाचार गरी गैरकानूनी रुपमा आर्जन गरेकोले निजको सो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० र १५ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसूर हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १०, १५ र २९ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम सजाय गरी गैरकानूनी ढंगले आर्जन गरी निज र निजको श्रीमतीको नाममा रहेको सम्पत्ति जफत गरी पाउन समेतको मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरुले सफाई पाउने ठहरी फैसला भएको ।

फैसलाका आधारहरुः

यस आयोगबाट प्रतिवादी शेखरनाथ खनाल विरुद्ध विशेष अदालत, काठमाडौंमा दायर गरिएको गैरकानूनी सम्पत्ति आर्जन सम्बन्धी भ्रष्टाचार मुद्दाको आरोपपत्रमा प्रतिवादीले सार्वजनिक पदमा प्रवेश गरे पछिका अवधिमा निजले आफू, आफ्नो परिवारको नाममा जोडेको चल अचल सम्पत्ति उल्लेख गरी सो अवधिमा निजलाई प्राप्त भएका वैध आर्जनबाट बचत हुन सक्ने रकम

तथा निजको पैत्रिक सम्पत्तिबाट प्राप्त हुन सक्ने आय हिसाव गरी तथा सो आयबाट निजले उल्लेख गरे अनुसारका खर्च कट्टा गरी बाँकी रहने बचत रकमबाट आरोपपत्रमा उल्लेख भएका चल अचल सम्पत्ति खरिद गर्न, सृजना गर्न श्रोत पुग्न सक्ने नसक्ने सम्बन्धमा विश्लेषण गरी श्रोत पुष्टी हुन नसकेको सम्पत्तिलाई गैरकानूनी आर्जनको सम्पत्ति मानी कानून बमोजिम सजाय हुन र सम्पत्ति जफत हुन मागदावी गरी आरोपपत्र प्रस्तुत गरिएको हो । जस अनुसार अनुसन्धानको समयको मूल्यको आधारमा निजको रू.४,६२,०७,०२१।८२ सम्पत्ति मध्ये रू.३,२०,००,९६२।७१ को सम्पत्ति श्रोत नखुलेको ठहर गरी आरोपपत्र पेश भएको हो ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रयोजनका लागि सम्पत्तिको गणना तथा श्रोत परीक्षण गर्नुपर्दा सार्वजनिक पदमा प्रवेश गर्दा निजसँग रहे भएको सम्पत्तिको यकिन गरी सो सम्पत्ति र तत्पश्चात् निजलाई वैध आय श्रोतबाट प्राप्त भएका आयबाट निजको पारिवारिक तथा अन्य खर्च कटाई बचत हुन सक्ने आयबाट निजका साथमा अनुसन्धान हुँदा देखिएको सम्पत्तिको श्रोत पुष्टी हुन सक्छ वा सक्दैन भनी सम्पत्ति सृजना गर्दाको समय क्रमका हिसावले विश्लेषण एबं परीक्षण गर्नुपर्नेमा विशेष अदालत, काठमाडौंले प्रतिवादीको सम्पत्तिको श्रोत गणना र परीक्षण गर्दा तल प्रकरणमा उल्लिखित त्रुटी गरी प्रतिवादीलाई सफाई दिनेगरी फैसला गरेको हुनाले फैसलामा चित्त नबुझेका कुराहरु निम्न प्रकरणहरुमा उल्लेख गरी पुनरावेदन जिकिर लिइएको छ ।

अ. विशेष अदालतले प्रतिवादीको सम्पत्तिको वैधता परीक्षण गर्दा निजलाई प्राप्त भएको देखिने र प्राप्त हुन सक्ने आयलाई कुन कुन समयमा के कति आय प्राप्त भयो र सम्पत्ति आर्जन गरेको समयमा निजको कति वैध आय बचत भएको हो सो यकिन गरी परीक्षण गर्नुपर्ने थियो । त्यस्तै, आय आर्जनको मिति यकिन हुन नसक्ने आय सम्बन्धमा पनि साल क्रमका आधारले आय रकम निर्धारण गरी आर्जित सम्पत्तिको श्रोत परीक्षण गर्नुपर्ने अवस्था थियो । तर विशेष अदालतले सवै आयलाई एकमुष्ट गणना गरी सवै आर्जित सम्पत्तिलाई तत्कालको मूल्यसँग परीक्षण गरेको छ । यसबाट पहिले सम्पत्ति आर्जन गर्दा श्रोत नै नभएको सम्पत्ति पनि सो भन्दा धेरै पछि प्राप्त भएका भनिएका आयबाट पुष्टी गर्ने कार्य भएको छ । यो विशेष अदालतको गम्भीर त्रुटी हो ।

आ. प्रतिवादीका साथमा रहेका चल अचल सम्पत्ति र तत् तत् अवधिमा निजले गरेको विशेष खर्च समेत गरी परीक्षण योग्य सम्पत्तिको परिमाण आरोपपत्रमा रू. ४,६२,०७,०२१।८२ भएको मध्ये प्राप्त आयबाट बिभिन्न शीर्षकमा खर्च गरी रू. ३,२०,००,९६२।७१ को सम्पत्ति गैरकानूनी रुपमा आर्जनको भन्ने दावी भएकोमा विशेष अदालतले परीक्षण योग्य सम्पत्ति तत्कालको मूल्यमा हिसाव गरी रू. ६८,७८,६२०।८८ कायम गरेको र आय रू. ९६,१८,८२३।०२ ठहर गरी खर्चभन्दा वैध आयश्रोत रू. २७,४०,२०२।१४ बढी भएको भनी प्रतिवादीलाई सफाई दिई फैसला गरेको छ ।

विशेष अदालतले प्रतिवादीको गणना गर्न नमिल्ने कतिपय आयहरुलाई पनि गणना गरी सम्पूर्ण आयश्रोतबाट प्राप्त रकम गणना गरी सकेपछि र आय भएको थियो कि भनी आशंकासम्म गर्न सकिने कुनै श्रोत नै बाँकी नभएको अवस्थामा पनि निजको मौजुदा सम्पत्तिभन्दा

रू. २७,४०,२०२।१४ बढी निजलाई वैध रुपमा आय भएको ठहर गरी अवैध आयलाई छूट समेत प्रदान गरी फैसला भएबाट सम्मानित अदालतको यस फैसलाले गैरकानूनी सम्पत्ति आर्जनको कसूर गर्ने प्रबृतिलाई प्रश्रय मिलेको छ । जे जति सम्पत्तिको वैध आयश्रोत पुष्टी हुंदैन त्यति सम्पत्ति गैरकानूनी रुपमा आर्जन गरेको ठहर गर्नुपर्ने हुन्छ ।

फैसलाका आधारहरुः

(क) घर निर्माण लागत हालको दरमा नभई बनेको सालको दरको आधारमा कायम गर्न उपयुक्त हुने ।
(ख) प्रतिवादीले जिकीर लिए अनुसारको शीर्षकमा खर्च हुन सक्ने अवस्थालाई नकार्न सकिने अबस्था नभएकोले रु १९,२३,१३१।८८ को हकमा बेपत्ता पारे भन्ने दाबीसंग सहमत हुन नसकिएको ।
(ग) जग्गाको मोल कायम गर्दा पारित लिखतमा अंकित मूल्य नै बास्तविक मूल्य मान्नु पर्ने ।
(घ) भवानी खनालको नामको साविक कलंकी वार्ड नं. ४ग स्थित जग्गाको लिखत मूल्य रू.२,११,०००।- भए पनि सोही दिन निजको नाममा कृषि विकास बैंकमा रु ७,७५,०००।- जम्मा भएको देखिएको र निजकै नाममा रहेको सोही स्थान वार्ड नं. ८ स्थित जग्गा कित्ता काट भई विभिन्न मितिमा रु ४४,६९,०००।- मा विक्रि भएको देखिएकोले ती रकमहरु प्रतिवादीको आयमा गणना हुने ।
(ङ) दसैं खर्च बापत पाउने रु ८२,७५९।- प्रतिवादी शेखर नाथ खनालको आयमा गणना गरेको नदेखिएकोले सो रकम निजको आयमा समाबेश हुने ।
(च) दैनिक भ्रमण भत्ता वापतको रु ८४,१००।- प्रतिबादीले प्राप्त गरेको देखिदा सो रकम निजको आयमा समाबेश हुने ।
(छ) प्रतिबादी र निजको पविारमा रहेको जग्गा जमिनबाट निजले प्राप्त गरेको कृषि आय रु २,२८,०००।- निजको बैध आयमा समाबेश हुने ।
(ज) विभिन्न बैंकहरुमा रहेको निक्षेपबाट प्राप्त गरेको रु १४,६८,८७०।९२ को ३० प्रतिशतले हुने रु ४,४०,६६१।- प्रतिबादीको आयमा गणना हुने ।
(झ) घर भाडाबाट प्रतिवादीलाई रु ५,००,०००।- प्राप्त भएको देखिदा सो रकम निजको बैध आयमा समाबेश हुने ।

पुनरावेदनका आधारहरुः

माथि उल्लिखित जिकिरहरुमा कुनै प्रतिकूल प्रभाव नपारी त्यसका अतिरिक्त विशेष अदालतले गरेको फैसला निम्न अधार एवं कानूनी दृष्टिमा त्रुटिपूर्ण रहेकोले फैसला बदर गरी आरोपपत्रको मागदावी बमोजिम हुन निम्न जिकिर प्रस्तुत गरिएको छ -

(क) अदालतले जग्गा र घरको मूल्य कायम गर्दा सम्पत्ति आर्जन गर्दाको समयको लिखतमा अंकित मूल्य र घर निर्माण भएको समयको मूल्यांकनलाई आधार मानी मूल्य कायम गरेको देखिन्छ । प्रतिवादीले गैरकानूनी आर्जनबाट जग्गा खरिद गरी घर समेत निर्माण गरेको भनी आरोपपत्रमा दावी लिइएको अवस्था छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को

दफा २० अन्तर्गतको कसूरमा गैरकानूनी आर्जनको सम्पत्तिको विगो बरावरको जरिवाना र कैद समेत हुने व्यवस्था छ। आयोगबाट प्रतिवादीको जुन र जति सम्पत्ति गैरकानूनी आर्जनको भनी दावी गरिएको छ ती सम्पत्तिहरुको हालको मूल्यलाई आधार मानी विगो कायम गरिएको हो। गैरकानूनी आर्जनको सम्पत्ति र सो बाट बढे बढाएको सम्पत्ति जफत हुने ऐनको प्रावधानको पृष्ठभूमिमा हाल प्रचलित मूल्यका आधारमा विगो कायम गरिनु नै कानून सम्मत हुने हुन्छ। तर अदालतले जग्गा आर्जन गर्दाको र घर निर्माण गर्दाको समयको मूल्यलाई आधार मानी विगो कायम गरेको छ। गैरकानूनी सम्पत्ति आर्जनलाई सोही परिमाणबाट दण्डित गरिनु पर्दछ भन्ने कानूनको मनशाय हो। विगतमा जे जति सम्पत्ति गैरकानूनी रुपमा प्राप्त गरिएको हो सो रकमबाट जोडिएको सम्पत्तिको हाल प्रचलित मूल्य धेरै बढी हुने हुनाले हालको मूल्यका आधारमा सजाय नगरेमा गैरकानूनी रुपमा बढे बढाएको सम्पत्ति वा त्यस्तो सम्पत्तिको हालको केही अंशले मात्र नै जरिवानाको रकम पुग्न सक्ने भई कसूरदारले सहुलियत प्राप्त गर्न सक्ने हुँदा गैरकानूनी आर्जनको विगोको परिमाण वरावर दण्ड गर्ने कानूनको उद्देश्य पराजित हुन गई कसूरदारलाई फाईदा पुग्न जाने स्थिति रहने हुँदा सम्पत्तिको हाल प्रचलित मूल्यलाई मान्यता नदिई प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला न्यायसंगत छैन।

(ख) प्रतिवादी शेखरनाथ खनालकी श्रीमती भवानी खनालको नाममा काठमाडौं जिल्ला, साविक कलंकी वडा नं. ४(ग) मा रहेको कि.नं. ८३ को जग्गाको लिखत मूल्य रू. २,११,०००।- रहेकोमा विशेष अदालतबाट उक्त जग्गाको विक्रि मूल्य रू. ७,७५,०००।- कायम गरी फैसला भएको छ। फैसलाले मान्यता दिएको रकम आरोपपत्रमा उल्लेख भएको भनी फैसलामा उल्लेख भएको छ। जवकी उक्त रकम ऋणात्मक भनी आरोपपत्रको पृष्ठ २६ को नोटमा प्रष्ट उल्लेख गरिएको छ। ऋणात्मक भनी उल्लेख गरिएको उक्त रकमलाई मान्यता दिई भएको फैसला त्रुटीपूर्ण छ। प्रतिवादीकी श्रीमती भवानी खनालकै नाममा रहेको साविक कोटेश्वर ८(क) कि.नं. ६५२ को जग्गा विक्रि गरी प्राप्त भएको रू. ४४,६९,०००।- रकम मध्ये उक्त जग्गा विक्रि गर्दा रू. १०,०३,७३७।४० को मात्र वैध श्रोत पुष्टि भएको भनी आय व्ययको विश्लेषण गरी अभियोग दावी लिइएकोमा रू. ४४,९६,०००।- नै प्रतिवादीलाई वैध आय प्राप्त भएको भनी फैसलामा उल्लेख गरिएको छ। निजलाई उल्लिखित रकम वैध रुपमा प्राप्त भएको भन्ने युक्तीसंगत आधार फैसलामा उल्लेख नभएकोबाट फैसला न्यायोचित छैन।

(ग) प्रतिवादी शेखरनाथ खनालले रू. २३,८४,१३१।८८ बेपत्ता पारेको भनी दावी लिइएकोमा गैडाकोटको घर निर्माण, छोरीहरुको अध्ययन, आमाको उपचार एवं छोरीहरुको विवाह खर्च भएको भनी प्रतिवादीले लिएको जिकिरलाई सहजै स्वीकार गरी उल्लिखित शीर्षकमा रू. १९,२३,१३१।८८ खर्च भई बाँकी रकम मात्र बेपत्ता पारेको देखिएको भन्ने फैसलाबाट देखिएको छ। उल्लिखित शीर्षकहरुमा रकम खर्च भएको भन्ने यकिन प्रमाण बेगर बेपत्ता पारेको भनी दावी गरिएको रकमलाई मान्यता नदिई भएको फैसला त्रुटिपूर्ण छ।

(घ) दसैं खर्च बापत पाउने रकम प्रतिवादी शेखरनाथ खनालको आयमा गणना गरेको नदेखिएकोले रू. ८२,७५९।- निजको आयमा समावेश हुने भनी फैसलामा उल्लेख

गरिएको छ । दसैं खर्च मुख्य चाड पर्व मनाउनका लागि दिइने खर्च भएकोले सो रकम अनिवार्य रुपमा खर्च हुने रकम हो । विभिन्न धार्मिक समुदायले मनाउने आफ्नो मुख्य चाडपर्वमा सो रकम अनिवार्य रुपमा खर्च हुन जाने हुँदा अदालतले बचत हुने आयमा गणना गरेको युक्तिसंगत छैन । त्यस्तै दैनिक तथा भ्रमण भत्ता बापत रू. ८४,१००।- प्रतिवादीले प्राप्त गरेकोलाई फैसलाले वैध आय कायम गरेको छ । भ्रमण गर्न जाने ठाउँमा आउँदा जाँदा र रहंदा वस्दा उक्त भत्ता समेत अनिवार्य रुपमा खर्च हुने हुँदा सो भत्तालाई बचत हुने रकम मानी प्रतिवादीको आयमा समावेश गरी भएको फैसला न्यायसंगत छैन ।

(ङ) प्रतिवादी शेखरनाथ खनाल सरकारी सेवामा रहेको, निजकी छोरीहरु समेत अध्ययन पश्चात् आ-आफ्नै व्यवसायमा संलग्न रहेको भन्ने मिसिल संलग्न कागजातहरुबाट देखिएको छ । यस अवस्थामा प्रतिवादीले आफू स्वयम्ले कृषि व्यवसाय गरी आय आर्जन गर्न सक्ने अवस्था देखिदैन । अतः प्रतिवादी र निजको परिवारको नाममा रहेको जग्गा जमिनबाट निजले पूरै कृषि आय प्राप्त गरेको भनी रू. २,२८,०००।- निजको वैध आयमा समावेश गरेको त्रुटिपूर्ण छ ।

(च) प्रतिवादीले गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्ति मध्ये केही रकम बैकमा समेत जम्मा गरेको अनुसन्धानबाट खुल्न आएको छ । बैंक व्याज बापत निजलाई रू. ४,४०,६६१।२८ वैध रुपमा प्राप्त भएको भनी फैसलाले मान्यता दिएको छ । श्रोत नखुलेको सम्पत्तिबाट प्राप्त हुने व्याजलाई वैध मान्न मिल्ने होइन । अतः त्यस्तो ब्याजलाई वैध आय मानी भएको फैसला न्यायसंगत छैन ।

(छ) घर भाडाबाट प्रतिवादीलाई रू. ५,००,०००।- वैध रुपमा प्राप्त भएको भनी फैसलामा उल्लेख छ । जुन घरबाट भाडा प्राप्त भएको हो सो घर निर्माणको पूरै वैध लागत खुल्न सकेको अवस्था छैन । यसरी निर्माण लागतको वैध श्रोत खुल्न नसकेको घरबाट प्राप्त भाडालाई प्रतिवादीको वैध आयमा गणना गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(ज) प्रतिवादीको सम्पत्तिको जाँच अवधि २०२६।३।१६ देखि २०६०।९।२६ सम्म छ । यो अवधि भनेको लगभग २४ वर्ष हो । प्रतिवादीको तलव भत्ता, कृषि आय, छोरीहरुको आय इत्यादि बापतको रकम मासिक र बार्षिक रुपमा आम्दानी हुने र त्यसबाट प्राप्त आय खर्च समेत हुदैजाने हुँदा तलव भत्ता र अन्य आय उल्लेख्य रुपमा बचत हुन सक्ने स्थिति नै रहदैन । तलव भत्ता इत्यादि जस्ता आयलाई न्यायसंगत भनी अदालतले स्वीकार गर्दा प्रतिवादीले तत् अवधिमा गर्ने पारिवारिक खर्चलाई पनि न्यायसंगत रुपमा अनुमान गरी कटाउनु पर्नेमा आयको मात्र अनुमान गरी आयमा थप गर्न मिल्ने होइन । तसर्थ प्रतिवादीको आयहरुलाई जस्ताको तस्तो बचत हुने तर खर्च नहुने भन्ने मनसाय प्रदर्शित हुने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

२२. जिल्ला पर्सा विन्ध्यवासिनी गा.वि.स.३, वर्वागोग घर भै हाल राष्ट्रिय वाणिज्य वैंक शाखा कार्यालय, श्रीपुर वीरगञ्जको सहायक (ख) पदमा कार्यरत शिवनारायण चौरसिया.....

मुद्दाः- शुरु नियुक्तिको लागि झूट्ठा (नक्कली) प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको ।
फैसला मितिः २०६७।६।१२
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रतिवादी उपर शुरु नियुक्तिको लागि झूट्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसूरमा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रस्तुत मुद्दा खारेज हुने ठहरी फैसला भएको ।

फैसलाको आधारः

प्रतिवादीको शैक्षिक प्रमाण पत्र सम्वन्धमा विशेष प्रहरी विभागबाट २०४१ सालमानै अनुसन्धान भएको तथ्य राष्ट्रिय वाणिज्य वैंक केन्द्रीय कार्यालयको पत्रहरु र विवरणबाट देखिँदा उक्त प्रमाणपत्र सम्वन्धमा सोही सालमा अभियोजन पक्षलाई जानकारी हुन आएको मितिले २ वर्षभित्र मुद्दा दायर गरिसक्नु पर्नेमा मिति २०६४।३।११ मा मात्र मुद्दा दायर भएको ।

पुनरावेदनका आधारहरुः

(क) राष्ट्रिय वाणिज्य वैंक, शाखा कार्यालय, श्रीपुर वीरगंजको सहायक (ख) पदमा कार्यरत प्रतिवादी शिवनारायण चौरसियाले नक्कली प्रमाण पत्र पेश गरी राष्ट्रिय वाणिज्य वैंकको सहायक (ग) गोदाम रक्षक पदमा नियुक्ति पाएको सम्वन्धमा राष्ट्रिय वाणिज्य वैंक केन्द्रीय कार्यालयको मिति २०६१।१०।२६ को पत्र साथ छानवीनको लागि यस आयोगमा प्राप्त भै निज शिवनारायणले भारतको विहार विद्यालय परीक्षा समिति, पटनाबाट सन् १९७३ माध्यामिक (एस.एल.सी) परीक्षा उत्तिर्ण गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्रहरु उच्च माध्यामिक शिक्षा परिषद, सानोठिमी, भक्तपुर मार्फत विहार विद्यालय परीक्षा समिति पटनामा प्रमाणीकरणका लागि पठाउँदा उक्त समितिको दिनांक १२-०४-२००६ को प्रमाणिकरण विवरणको सि.नं. ७ मा परीक्षार्थीका नाम शिवनारायण चौरसिया, पिताका नाम प्रेमी राउत, जन्म मिति १४ सेप्टेम्वर १९५३, परीक्षा माध्यामिक, वर्ष १९७३, कोड वा केन्द्र MTH-185-73-A, लेखी समितिको अभियुक्ति महलमा "परीक्षा १९७३ मे रोल कोडका व्यवहार किया गया है केन्द्रका नही" भनी लेखिएको व्यहोरा उच्च माध्यामिक शिक्षा परिषद, सानोठिमी, भक्तपुरको मिति २०६३।१।१५ को पत्रसाथ यस आयोगमा प्राप्त भएको समेतका आधारबाट निज प्रतिवादीले शुरु नियुक्तिको लागि पेश गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्र झूट्ठा प्रमाणित भएको आधारबाट निज उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२, २९ तथा प्रचलित भ्रष्टाचार

निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजायको मागदावी लिई विशेष अदालत, काठमाडौमा आरोपपत्र दायर भएको हो ।

(ख) प्रस्तुत मुद्दामा यस आयागेबाट मिति २०६३।२।३० मा अनुसन्धान अधिकृत तोकी अनुसन्धान कार्य शुरु भै मिति २०६४।३।११ मा आयोगको तर्फबाट विशेष अदालत, काठमाडौंमा मुद्दा दायर भएको हो । आयोगबाट मुद्दा दायर हुँदाका वखत भ्रष्टाचार निवारण ऐन, २०५९ क्रियासिल रहेकोमा सो ऐनमा हदम्याद सम्वन्धी कुनै व्यवस्था गरेको पाईदैन । प्रतिवादीको शैक्षिक योग्यताको प्रमाणपत्र सम्वन्धमा मिति २०६३।१।१५ मा आयोगलाई जानकारी भई अनुसन्धानको कारवाही शुरु भएको र सोही प्रयोजनको लागि आयोगबाट अनुसन्धान अधिकृत तोकी म्यादभित्रै प्रतिवादी विरुद्ध आरोपपत्र दायर भएको हो । अनुसन्धान अधिकृतको नियुक्ति र अनुसन्धान कारवाही शुरुवात एक अर्कासँग सम्वन्धित भएकोले सो ऐनमा प्रयुक्त अनुसन्धानको कारवाही शुरु भएको भन्ने वाक्यांश हुने नै भई सोही मितिबाट हदम्याद प्रारम्भ भएको मान्नु पर्नेमा भ्रष्टाचार जस्तो जघन्य कसूरमा कानूनको फितलो व्याख्या गरी प्रतिवादीले कसूरबाट उन्मुक्ति पाउने गरी भएको फैसला त्रुटिपूर्ण छ । भ्रष्टाचारजन्य कसूरको गम्भीरतालाई दृष्टिगत गरेर नै भ्रष्टाचार निवारण ऐन, २०५९ ले सो सम्वन्धी कसूरको अनुसन्धान, तहकिकात र मुद्दा दायर गर्ने हदम्याद सम्वन्धी कुनै समयावधी निर्धारण नगरेको तर्फ विशेष अदालतको फैसला मौन रहेको देखिन्छ । प्रस्तुत मुद्दाका प्रतिवादी शिवनारायण चौरसियाले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उच्च माध्यामिक शिक्षा परिषद, सानोठिमी, भक्तपुरको मिति २०६३।१।१५ को पत्रसाथ संलग्न प्रमाणिकरण विवरण अनुसार झूट्ठा देखिएकोमा विवाद नभएको र आयोगबाट मिति २०६४।३।११ मा विशेष अदालतमा मुद्दा दायर भैसकेको हुँदा आयोगबाट प्रस्तुत मुद्दामा कारवाही चलाइएको तथ्य विपरीत भएको फैसला कानूनतः त्रुटिपूर्ण रही वदरभागी छ ।

(ग) प्रतिवादी शिवनारायण चौरसियाले शुरु नियुक्तिको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र आयोगबाट भएको अनुसन्धानबाट झूट्ठा र नक्कली देखिएकोमा उक्त कार्यलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ ले भ्रष्टाचारजन्य कसूर मानेको र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) ले समेत उक्त प्रावधानलाई निरन्तरता प्रदान गरेको अवस्थामा अभियुक्तको कसूर कायम गर्ने प्रयोजनका लागि सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दावी उल्लेख गरिएकोमा प्रचलित कानूनले निर्धारण गरेको हदम्याद सम्वन्धी व्यवस्था विपरीत खारेज भैसकेको ऐनको हदम्याद सम्वन्धी व्यवस्थाको आधार ग्रहण गरी मुद्दा नै खारेज गर्ने गरी भएको फैसलामा गम्भीर त्रुटि हुन पुगेको छ ।

२३. भोजपुर जिल्ला चरम्वी गा.वि.स.६, घर भै हाल ललितपुर उप महानगरपालिका वडा नं. २२ ढन्टल वाराही, नयाँ चाकुपाट पाटन वस्ने जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको वरिष्ठ सहायक पदमा कार्यरत राधाकुमारी पराजुली .....

मुद्दाः- शुरु नियुक्तिको लागि नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको ।

फैसला मितिः २०६७।५।१८
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रतिवादी राधाकुमारी पराजुली उपर शुरु नियुक्तिको लागि झूट्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसूरमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट मिति २०६७।५।१८ मा प्रस्तुत मुद्दा खारेज हुने ठहरी फैसला भएको ।

फैसलाको आधारः

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा मिति २०६१।४।१४ मा प्रमाणपत्र छानवीनको लागि दर्ता भएकोमा सो मितिले ५ वर्षभित्र मुद्दा दायर गरिसक्नु पर्नेमा मिति २०६६।७।११ मा मात्र मुद्दा दायर भएको ।

पुनरावेदनका आधारहरुः

(क) जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमी, भक्तपुरका वरिष्ठ सहायक पदमा कार्यरत निज प्रतिवादी राधाकुमारी पराजुलीले नक्कली प्रमाण पत्र पेश गरी नियुक्ति पाएको सम्वन्धमा प्रमाणपत्र छानवीनको लागि यस आयोगमा प्राप्त भै निज राधाकुमारी पराजुलीले भारतको विहार इन्टरमिडियट एजुकेशन काउन्सील पटनाबाट सन् १९८८ मा आई.ए. परीक्षा उत्तिर्ण गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्रहरु उच्च माध्यामिक शिक्षा परिषद, सानोठिमी, भक्तपुर मार्फत विहार इन्टरमिडियट एजुकेशन काउन्सील, पटनामा प्रमाणिकरणको लागि पठाउँदा सो काउन्सीलको पत्रांक BSEB(SS) DS/VER/1883/2008 दिनांक ३०।१२।०८ को सि.नं. ८ मा छात्राका नाम राधाकुमारी पराजुली, कोड क्रमांक PAT-1025 वर्ष १९८८ परीक्षा कला प्राप्तांक श्रेणी महलमा सम्वन्धित क्रमांक पर दुसरे छात्रका नाम अंकित है भनी लेखिएको व्यहोरा उच्च माध्यामिक शिक्षा परिषद, सानोठिमी, भक्तपुरको मिति २०६५।१२।०२ को पत्रसाथ यस आयोगमा प्राप्त भएको समेतका आधारबाट निज प्रतिवादीले शुरु नियुक्तिको लागि पेश गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्र झूट्ठा प्रमाणित भएकोले निज उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजायको मागदावी लिई विशेष अदालत, काठमाडौ समक्ष मिति २०६६।७।११ मा आरोपपत्र दायर भएको हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३ (२) ले निर्दिष्ट गरेको हदम्यादभित्रै आयोगबाट मुद्दा दायर भएको तथ्य विपरीत प्रस्तुत मुद्दा खारेज गर्ने गरी भएको फैसला त्रुटिपुर्ण छ ।

(ख) प्रतिवादीले पेश गरेका प्रमाणपत्रहरु मिति २०६५।१२।२ मा झूट्ठा रहेको भनी प्रमाणित भई आएको पत्र यस आयोगमा मिति २०६५।१२।११ मा दर्ता भएको र तत्पश्चात् मात्र

आयोगबाट मिति २०६६।१।१५ मा अनुसन्धान अधिकृत नियुक्त गरी अनुसन्धानको कार्य प्रारम्भ भएको हो। प्रतिवादीको शंकास्पद प्रमाणपत्र आयोगमा प्राप्त हुनु मात्र भ्रष्टाचारजन्य कसूर हुन सक्तैन, कसूर प्रमाणित हुन विवादित प्रमाणपत्रहरु प्रमाणिकरण भै झूट्ठा देखिएको अवस्थामा मात्र अनुसन्धानको दायराभित्र पर्दछ। प्रस्तुत कसूरमा कुन मितिमा प्रतिवादीको कार्य भ्रष्टाचारजन्य कसूर हो, होईन ? महत्वपूर्ण रहेको छ। भ्रष्टाचारको कसूरमा अन्य साधारण अपराधमा जस्तो अंकगणितीय हिसावले तथ्यको मूल्यांकन गर्नुपर्ने नभई यसले समाज र राष्ट्रमा पार्ने दुष्कृतिको समेत समुचित मुल्यांकन गरी न्याय निरोपण हुनुपर्ने हुन्छ। प्रतिवादीले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरु झूट्ठा रहेको तथ्य स्थापित भैसकेको अवस्थामा प्राविधिक कारणले मुद्दा नै खारेज गर्दाको परिणाम त्यस्तो झूट्ठा प्रमाणपत्र पेश गर्ने व्यक्ति पदमा वहाल रहिरहने अवस्थाको सृजना हुने र भ्रष्टाचारजन्य कार्यको नियन्त्रण र कसूरमा संलग्न व्यक्ति उपर दण्ड सजाय गर्ने विधायिकी मनसाय समेत निस्तेज हुन जाने यथार्थताको विपरीत प्रतिवादीको आपराधिक कार्यलाई समर्थन हुने गरी भएको प्रस्तुत फैसलाको निर्णयधारसँग सहमत हुन सकिने अवस्था छैन।

(ग) जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको मिति २०६१।४।१२ को पत्रसाथ ११ जना कर्मचारीहरुको शैक्षिक प्रमाणपत्रहरुको प्रतिलिपि यस आयोगमा प्राप्त भएको र सो विवरणमा यी प्रतिवादी राधाकुमारी पराजुलीको समेत प्रमाणपत्र संलग्न रहेको हुँदा निजको प्रमाणपत्र सम्वन्धमा उच्च माध्यामिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरको मिति २०६५।१२।२ को पत्रसाथ प्रमाणिकरण भई आउँदा झूट्ठा देखिएको हुँदा आयोगबाट प्रतिवादी उपर कसूर प्रमाणित गरी आरोपपत्र पेश भएको हो। उल्लिखित तथ्यबाट प्रतिवादी राधाकुमारी पराजुलीको सम्वन्धमा जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, भक्तपुरको मिति २०६१।४।१२ को पत्रबाट प्राप्त विवरणका आधारमा आयोगले अनुसन्धानको कार्य प्रारम्भ गरेको नभई उच्च माध्यामिक शिक्षा परिषद्, भक्तपुरको मिति २०६५।१२।२ को पत्रसाथ आयोगमा प्राप्त विवरणका आधारमा मात्र आयोगबाट अनुसन्धान भई म्यादभित्रै विशेष अदालतमा मुद्दा दायर भएको हो। अख्तियार दुरुपयोग अनुसन्धान आयेाग ऐन, २०४८ को दफा १४(१) को व्यवस्था अनुसार भ्रष्टाचारका सम्वन्धमा आयोगमा कुनै श्रोतबाट जानकारी प्राप्त भई आरोपित व्यक्तिले भ्रष्टाचार गरेको भन्ने विश्वास गर्नुपर्ने मनासिव कारण भएमा आयोगले त्यसको प्रारम्भिक छानवीन गोप्य रुपमा गर्नेछ भन्ने व्यवस्था भएको पाईन्छ। यसबाट आयोगमा उजूरी प्राप्त हुनु मात्र भ्रष्टाचारको अपराध हुने नभई भ्रष्टाचार भएको तथ्यमा आयोग विश्वस्त भएमा मात्र आयोगाबाट त्यस्तो कसूर उपर छानवीनको कार्य प्रारम्भ हुने भन्ने देखिन्छ। प्रस्तुत कसूरका सम्वन्धमा प्रतिवादी राधाकुमारी पराजुलीको शैक्षिक योग्यताको प्रमाणपत्र प्रमाणिकरण भई आउँदा झूट्ठा देखिएपछि मात्र निजको कार्य भ्रष्टाचारजन्य अपराध भएको तथ्यमा आयोग विश्वस्त भई अनुसन्धान अधिकृत नियुक्त गरी ऐनको म्यादभित्रै मुद्दा दायर भएको तथ्य विपरीत भएको प्रस्तुत फैसला त्रुटिपूर्ण भै वदरभागी छ।

२४.नारायणी अंचल, जिल्ला पर्सा, वीरगंज उप-महानगरपालिका वडा नं. ४, अस्पताल रोड, भगवती राईस मिल्सभित्र घर हाल बिराटनगर भन्सार कार्यालय, रानीमा नायव सुब्बा पदमा कार्यरत भरतप्रसाद नेपाल .....
भरतप्रसाद नेपालकी पत्नी ऐ.ऐ. बस्ने अम्बिका देवी नेपाल .....

मुद्दाः गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको ।
फैसला मितिः २०६७।५।२
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रतिवादी भरतप्रसाद नेपालले रू. १,४१,७१,४८७।५८ बराबरको चल अचल सम्पत्ति गैरकानूनी रुपमा आर्जन गरी निजले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,७(१),१० र १५ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,७(१),१० र १५ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) को कसूरमा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३।७(१)।१०,१५ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम सजाय गरी निजले भ्रष्टाचार गरी आर्जन गरी आफू र श्रीमतीको नाममा राखेको सम्पत्ति जफत समेत गरी पाउन मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादी उपरको कसूर ठहर भए तापनि मागदावी भन्दा कम अर्थात् रू.५८,९६,१०५।३३ विगो ठहर गरी फैसला भएको ।

फैसलाका आधारहरुः

(क) प्रतिवादीले पेश गरेको हक हस्तान्तरणका कागजबाट निजले जग्गा विक्रि बापत रू.९,५३,०००।- प्राप्त गरेको कुरा समर्थन हुन आएको ।
(ख) दसैं खर्च बापत प्रतिवादीले प्राप्त गरेको रकम निजको वैध आय मानिनु पर्ने ।
(ग) वीरगंज स्थित दुईवटा घरबाट घरभाडा बापत प्रतिवादीलाई रू.११,१६,२५०।- वैध आय प्राप्त भएको ।
(घ) जग्गा जमिन खरिद तथा विक्रि गर्दा व्यवहारमा फरक पर्ने हुँदा अन्यथा प्रमाणित नभएसम्म पारित कागजमा उल्लिखित मूल्यको आधारमा विगो कायम हुने ।
(ङ) घर निर्माणको लागत निर्धारण गर्दा निर्माण भएको बर्षका आधारमा लागत कायम हुने ।

पुनरावेदनका आधारहरुः

(क) प्रतिवादी भरतप्रसाद नेपालकी श्रीमती अम्बिका नेपालको नाममा रहेको जग्गाहरु मध्ये पर्सा, वीरगंज कि.नं. १५२८।७६ को १६.२७ प्रतिशत सोही स्थानमा रहेको कि.नं. ६९६।६० को ५३.२५ प्रतिशत सोही स्थानको कि.नं. १५३०।७५ को १६.२७ प्रतिशत छोरी सीमा नेपालको नाममा रहेको सोही स्थानको कि.नं. ६९५।५९ को पूरै खरिदको श्रोत पुष्टि हुन सकेको छैन । सम्पूर्ण श्रोत पुष्टि नभएको कारणबाट श्रोत पुष्टि भएको आधारमा जग्गा विक्रिबाट प्रतिवादीलाई रू. २,५०,१४५।२० मात्र वैध आय प्राप्त भएको भनी आरोपपत्रमा

उल्लेख गरिएकोमा विशेष अदालतबाट जग्गा खरिदको श्रोत पुष्टि भए नभएको तथ्य तर्फ विचारै नगरी प्रतिवादीलाई जग्गा विक्रिबाट रू. ९,५३,०००।- वैध आय आर्जन भएको भनी भएको फैसला त्रुटिपूर्ण छ ।

(ख) दसैं खर्च बापत प्रतिवादीले पाएको रकम निजको आयमा समावेश गरेको नदेखिएकोले रू. ४४,८३०।- निजको आयमा गणना हुने भनी फैसलामा उल्लेख गरिएको छ । दसैं खर्च मुख्य चाडपर्व मनाउनका लागि दिइने खर्च भएकोले सो रकम अनिवार्य रुपमा खर्च हुने रकम हो । विभिन्न धार्मिक समुदायले मनाउने आफ्नो मुख्य चाडपर्वमा सो रकम अनिवार्य रुपमा खर्च हुन जाने हुँदा अदालतले बचत हुने आयमा गणना गरेको युक्तिसंगत छैन ।

(ग) प्रतिवादीको पर्सा, वीरगंज स्थित कि.नं. ५० मा निर्माण भएको घरको लागतको औषत १०.८५ प्रतिशत र सोही स्थानको कि.नं. २५७ तथा २५८ मा निर्माण भएको घरको लागतको ४२.९३ प्रतिशत को मात्र श्रोत पुष्टि भएको छ । जुन घरहरुबाट भाडा प्राप्त भएको हो सो घरहरु निर्माण गर्दा लागेको लागतको पूरै वैध श्रोत खुल्न नसकेको स्थितिमा ती घरहरुबाट प्राप्त पूरै भाडालाई प्रतिवादीको वैध आयमा समावेश गरी रू. ११,१६,२५०।- वैध आय कायम गरेको फैसला न्यायसंगत छैन ।

(घ) अदालतले जग्गा र घरको मूल्य कायम गर्दा सम्पत्ति आर्जन गर्दाको समयको लिखतमा अंकित मूल्य र घर निर्माण भएको समयको मूल्यांकनलाई आधार मानी मूल्य कायम गरेको देखिन्छ । प्रतिवादीले गैरकानूनी आर्जनबाट जग्गा खरिद गरी घर समेत निर्माण गरेको भनी आरोपपत्रमा दावी लिइएको अवस्था छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० अन्तर्गतको कसूरमा गैरकानूनी आर्जनको सम्पत्तिको विगो बरावरको जरिवाना र कैद समेत हुने व्यवस्था छ । आयोगबाट प्रतिवादीको जुन र जति सम्पत्ति गैरकानूनी आर्जनको भनी दावी गरिएको छ ती सम्पत्तिहरुको हालको मूल्यलाई आधार मानी विगो कायम गरिएको हो । गैरकानूनी आर्जनको सम्पत्ति र सो बाट बढे बढाएको सम्पत्ति जफत हुने ऐनको प्रावधानको पृष्ठभूमिमा हाल प्रचलित मूल्यका आधारमा विगो कायम गरिनु नै कानून सम्मत हुने हुन्छ । तर अदालतले जग्गा आर्जन गर्दाको र घर निर्माण गर्दाको समयको मूल्यलाई आधार मानी विगो कायम गरेको छ । गैरकानूनी सम्पत्ति आर्जनलाई सोही परिमाणबाट दण्डित गरिनु पर्दछ भन्ने कानूनको मनशाय हो । विगतमा जे जति सम्पत्ति गैरकानूनी रुपमा प्राप्त गरिएको हो सो रकमबाट जोडिएको सम्पत्तिको हाल प्रचलित मूल्य धेरै बढी हुने हुनाले हालको मूल्यका अधारमा सजाय नगरेमा गैरकानूनी रुपमा बढेबढाएको सम्पत्ति वा त्यस्तो सम्पत्तिको हालको केही अंशले मात्र नै जरिवानाको रकम पुग्न सक्ने भई कसूरदारले सहुलियत प्राप्त गर्न सक्ने हुँदा गैरकानूनी आर्जनको विगोको परिमाण वरावर दण्ड गर्ने कानूनको उद्देश्य पराजित हुन गई कसूरदारलाई फाईदा पुग्न जाने स्थिति रहने हुँदा सम्पत्तिको हाल प्रचलित मूल्यलाई मान्यता नदिई प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला न्यायसंगत छैन ।

(ङ) प्रतिवादीको तलव भत्ता, घरभाडा इत्यादि बापतको रकम मासिक र बार्षिक रुपमा आम्दानी हुने र त्यसबाट प्राप्त आय खर्च समेत हुँदै जाने हुँदा तलव भत्ता, घर भाडा र अन्य आय उल्लेख्य रुपमा बचत हुन सक्ने स्थिति नै रहँदैन । तलव भत्ता जस्ता आयलाई न्यायसंगत भनी अदालतले स्वीकार गर्दा प्रतिवादीले तत् अवधिमा गर्ने पारिवारिक खर्चलाई पनि न्यायसंगत रुपमा अनुमान गरी कटाउनु पर्नेमा आयको मात्र अनुमान गरी आयमा थप गर्न मिल्ने होइन । तसर्थ प्रतिवादीको आयहरुलाई जस्ताको तस्तो बचत हुने तर खर्च नहुने भन्ने मनसाय प्रदर्शित हुने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

२५.चितवन गितानगर वडा नं. ३ पृथ्वीनारायणको हाल ऐ. भरतपुर नगरपालिका वडा नं. ११ वसोवास गरी सुर्खेत क्याम्पसमा लेखापाल पदमा कार्यरत यज्ञश्वर पौडेल .....

मुद्दाः- शुरु नियुक्तिको लागि नक्कली प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको ।
फैसला मितिः २०६७।७।२९
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रतिवादी यज्ञश्वर पौडेल उपर शुरु नियुक्तिको लागि झूट्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसूरमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट सो मुद्दा खारेज हुने ठहरी फैसला भएको ।

फैसलाको आधार:

जिल्ला प्रशासन कार्यालय, चितवनले मिति २०६०।२।१४ मा लेखेको पत्रको आधारमा विशेष अदालत, काठमाडौंबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा प्रमाणपत्र छानवीनको लागि दर्ता भएकोमा सो मितिले ५ वर्षभित्र मुद्दा दायर गरिसक्नु पर्नेमा ७ वर्षभन्दा पछि मात्र मुद्दा दायर भएको ।

पुनरावेदनको आधारहरुः

(क) सुर्खेत क्याम्पसमा लेखापाल पदमा कार्यरत निज प्रतिवादी यज्ञश्वर पौडेलले नक्कली प्रमाण पत्र पेश गरी नियुक्ति पाएको सम्वन्धमा प्रमाण पत्र छानवीनको लागि यस आयोगमा प्राप्त भै निज यज्ञश्वर पौडेलले विहार इन्टरमिडियट शिक्षा परिषद वुद्धमार्ग पटनाबाट सन् १९९४ मा अनुक्रमाङ्क B-41181 बाट वाणिज्य (आई.कम.) उत्तीर्ण गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्रहरु उच्च माध्यामिक शिक्षा परिषद, सानोठिमी, भक्तपुरको मिति २५ अप्रिल २००८ को पत्र मार्फत सम्वन्धित विहार विधालय परीक्षा समिति (उच्च माध्यामिक) को पत्रांक BSEB(SS) DS/ver/126/9 दिनांक 25/06/09 को पत्रसाथ प्रमाणिकरणको क्र.स. ९ मा "छात्रको नाम यज्ञश्वर पौडेल कोड B-41181 वर्ष 1994 वाणिज्य र "अभियुक्ति कार्यालयके द्धारा इस तरहका क्रमांक आवटित नहीं गया

है" भन्ने उच्च माधयामिक शिक्षा परिषद्, सानोठिमीको मिति २०६६।५।२४ को पत्रसाथ प्रमाणिकरण विवरण आएकोले निज लेखापाल यज्ञश्वर पौडेलले उत्तीर्ण गरेको भनिएको उल्लिखित आई.कम. परीक्षाको शैक्षिक योग्यताको प्रमाणपत्र झूट्ठा रहेको भन्ने प्रमाणित हुन आएको छ। प्रतिवादीले आफ्नो आई.कम.को प्रमाणपत्रहरु झूट्ठा होइन भनी आयोग समक्ष वयान गरेको भए तापनि प्राप्त प्रमाणिकरण प्रतिवेदनले निजको उक्त व्यहोराको वयान खण्डित हुन गएबाट निजले शुरु नियुक्ति पाउने उद्देश्यले झूट्ठा नक्कली प्रमाणपत्र पेश गरी नियुक्ति पाएको पुष्टि भएको समेतका आधारबाट निज उपर साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२, २९ तथा प्रचलित भ्रष्टार निवारण ऐन २०५९ को दफा १६(१) बमोजिम सजायको मागदावी लिई विशेष अदालत, काठमाडौ समक्ष मिति २०६७।३।३२ मा आरोपपत्र दायर भएको हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३ (२) ले निर्दिष्ट गरेको हदम्याद भित्रै आयोगबाट मुद्दा दायर भएको हुंदा प्रस्तुत मुद्दा खारेज गर्ने गरी भएको फैसला त्रुटिपूर्ण रही वदरभागी छ।

(ख) प्रतिवादीले पेश गरेका प्रमाणपत्रहरु मिति २०६६।५।२४ मा झूट्ठा रहेको भनी प्रमाणित भई आएको पत्र यस आयोगमा मिति २०६६।५।८ मा दर्ता भएको र ततपश्चात् मात्र आयोगबाट मिति २०६६।६।२९ मा अनुसन्धान अधिकृत नियुक्ति गरी अनुसन्धानको कार्य प्रारम्भ भएको हो। प्रतिवादीको शंकास्पद प्रमाणपत्र आयोगमा प्राप्त हुनु मात्र भ्रष्टाचारजन्य कसूर हुन सक्तैन, कसूर प्रमाणित हुन विवादित प्रमाणपत्रहरु प्रमाणिकरण भै झूट्ठा देखिएको अवस्थामा मात्र अनुसन्धानको दायरा भित्र पर्दछ। प्रस्तुत कसूरमा कुन मितिमा प्रतिवादीको कार्य भ्रष्टाचारजन्य कसूर हो, होईन ? महत्वपूर्ण रहेको छ। भ्रष्टाचारको कसूरमा अन्य साधारण अपराधमा जस्तो अंकगणितीय हिसावले तथ्यको मूल्यांकन गर्नुपर्ने नभई यसले समाज र राष्ट्रमा पार्ने दुष्कृतिको समेत समुचित मुल्यांकन गरी न्याय निरोपण हुनुपर्ने हुन्छ। प्रतिवादीले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरु झूट्ठा रहेको तथ्य स्थापित भैसकेको अवस्थामा प्राविधिक कारणले मुद्दानै खारेज गर्दाको परिणामले त्यस्तो झूट्ठा प्रमाणपत्र पेश गर्ने व्यक्ति पदमा वहाल रहीरहने अवस्था सृजना हुने र भ्रष्टाचारजन्य कार्यको नियन्त्रण र कसूरमा संलग्न व्यक्ति उपर दण्ड सजाय गर्ने विधायकी मनसाय समेत निस्तेज हुन जाने यथार्थताको विपरीत प्रतिवादीको आपराधिक कार्यलाई समर्थन हुने गरी भएको प्रस्तुत फैसलाको निर्णयधारसँग सहमत हुन सक्ने अवस्था छैन।

(ग) उच्च माध्यामिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरको मिति २०६६।५।२४ को पत्रसाथ शंकास्पद देखिएका प्रतिवादी यज्ञश्वर पौडेल समेत जना ९ को शैक्षिक प्रमाणपत्रहरुको प्रतिलिपि यस आयोगमा प्राप्त भएको र सो विवरणमा यि प्रतिवादी यज्ञश्वर पौडेलको प्रमाणपत्र प्रमाणिकरण भई आउँदा झूट्ठा देखिएको हुँदा आयोगबाट प्रतिवादी उपर कसूर प्रमाणित गरी आरोपपत्र पेश भएको हो। उल्लिखित तथ्यबाट यज्ञश्वर पौडेलको सम्वन्धमा जिल्ला प्रशासन कार्यालय चितवनको मिति २०६०।२।१४ को पत्रबाट प्राप्त विवरणका आधारमा आयोगले अनुसन्धानको कार्य प्रारम्भ गरेको नभई उच्च माध्यामिक शिक्षा परिषद्, भक्तपुरको मिति २०६६।५।२४ को पत्रसाथ आयोगमा प्राप्त विवरणका आधारमा मात्र आयोगबाट अनुसन्धान भई म्याद भित्रै विशेष अदालत, काठमाडौंमा मुद्दा

दायर भएको हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १४ (१) को व्यवस्था अनुसार भ्रष्टाचारका सम्बन्धमा आयोगमा कुनै श्रोतबाट जानकारी प्राप्त भई आरोपित व्यक्तिले भ्रष्टाचार गरेको भन्ने विश्वास गर्नु पर्ने मनासिव कारण भएमा आयोगले त्यसको प्रारम्भिक छानविन गोप्य रुपमा गर्नेछ भन्ने व्यवस्था भएको देखिन्छ । यसबाट आयोगमा उजुरी प्राप्त हुनु मात्र भ्रष्टाचारको अपराध हुने नभई भ्रष्टाचार भएको तथ्यमा आयोग विश्वस्त भएमा मात्र आयोगाबाट त्यस्तो कसूर उपर छानवनिको कार्य प्रारम्भ हुने भन्ने देखिन्छ । प्रस्तुत कसूरको सम्बन्धमा प्रतिवादी यज्ञश्वर पौडेलको शैक्षिक योग्यताको् प्रमाणपत्र प्रमाणिकरण भई आउँदा झूट्ठा देखिएपछि मात्र निजको कार्य भ्रष्टाचारजन्य अपराध भएको तथ्यमा आयोग विश्वस्त भई मिति २०६६।६।२९ मा अनुसन्धान अधिकृत नियुक्ति गरी ऐनको म्यादभित्रै मुद्दा दायर भएको तथ्य विपरीत भएको प्रस्तुत फैसला त्रुटिपूर्ण हुँदा वदरभागी छ ।

२६. काठमाडौं जिल्ला, गोकर्णेश्वर गा.वि.स.वडा नं. ९, सण्डोल टोल घर भई त्रि.वि.वि. चिकित्सा शास्त्र अध्ययन संस्थान, महाराजगंज क्याम्पसमा उप-प्रध्यापक पदमा कार्यरत रमेश सिग्देल ... मकवानपुर जिल्ला हेटौडा नगरपालिका वडा नं. ५, कान्तीराजपथ मार्ग, सानोपोखरा स्थायी घर भई हाल काठमाडौं महानगरपालिका वडा नं. ४ धुम्बाराही, लोसाल प्रगती टोलमा बसोवास गरी त्रि.वि.वि.चिकित्सा शास्त्र अध्ययन संस्थान, महाराजगंज क्याम्पसमा उप-प्रशासक पदमा कार्यरत प्रदीपकुमार श्रेष्ठ/प्रदीपप्रसाद श्रेष्ठ भन्ने प्रदीप श्रेष्ठ .....
काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १६ पकनाजोल म्हैपी, पेरवीमार्ग घर भै त्रि.वि.वि.चिकित्सा शास्त्र अध्ययन संस्थान, महाराजगंज क्याम्पसमा उप-प्रशासक पदमा कार्यरत प्रदीपकुमार पाण्डे .....

मुद्दाः- प्रश्न पत्रको गोपनियता भंङ्ग गरी भ्रष्टाचार गरेको ।
फैसला मिति : २०६७।५।२१
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रतिवादीहरुले प्रश्नपत्रको गोपनियता भंङ्ग गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ द्वारा परिभाषित कसूर गरेको प्रमाणीत हुन आएकोले निजहरुलाई सोही ऐनको ऐ. दफा बमोजिम सजाय गरी पाउन मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरुले सफाई पाउने ठहरी फैसला भएको ।

फैसलाका आधारहरुः

(क) परीक्षार्थी अञ्जना क्षेत्रीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा बयान गर्दा परीक्षा अगावै प्रश्नपत्र आउट भएको भन्ने सत्य होइन भनी उल्लेख गरेको ।
(ख) उजूरी साथ पेश भएको प्रश्नपत्रमा चिन्ह अंकित भै सकेको देखिंदा उक्त प्रश्नपत्र परीक्षा अगावै बाहिरिएको भन्ने कुरामा प्रश्न चिन्ह खडा भएको ।

(ग) आउट भयो भनी हल्ला चलेको प्रश्नपत्र र परीक्षाको लागि तैयार गरिएको प्रश्न पत्र भिडाउँदा आपसमा नमिलेको भन्ने प्रतिवादीहरुको भनाई चिकित्सा शास्त्र अध्ययन संस्थानको मिसिल संलग्न पत्रबाट पुष्टि भएको ।

पुनरावेदनका आधारहरुः

(क) परीक्षा २०६६।७।२१ मा संचालन भएको छ भने सो अगावै अर्थात २०६६।७।२० मा नै परीक्षामा प्रयोग भएको प्रश्नपत्र संलग्न गरी प्रश्नपत्र आउट भएको व्यहोराको उजूरी परेको छ । उजूरी साथ पेश गरिएको प्रश्नपत्र परीक्षामा प्रयोग भएको कुरालाई प्रतिवादीहरु स्वयंले स्वीकार गरेका छन् । उजूरीसाथ आउट भएको प्रश्नपत्र मात्र पेश गरिएको नभई उजूरी मै को को व्यक्तिहरु परीक्षामा उत्तिर्ण हुँदैछन् भनी ती व्यक्तिहरुको नाम समेत उल्लेख भएको र पछि वास्तवमा ती व्यक्तिहरु नै परीक्षामा उत्तिर्ण भएका छन् । यस तत्थ्यले परीक्षा अगावै प्रश्नपत्र आउट भएको कुरालाई प्रष्ट रुपमा प्रमाणीत गरिरहेको स्थितिमा प्रतिवादीहरुलाई सफाई दिई भएको फैसला त्रुटिपूर्ण छ ।

(ख) परीक्षार्थी अञ्जना क्षेत्री परीक्षामा उत्तिर्ण भई लाभ प्राप्त गरेकी व्यक्ति हुन् । निजले आफ्नो हित विपरित हुने गरी प्रश्नपत्र परीक्षा अगावै आउट भएको हो भनी बयान गर्ने अवस्था नै रहँदैन । अतः निजले आयोगमा परीक्षा अगावै प्रश्नपत्र आउट भएको होईन भनी गरेको बयानलाई प्रतिवादीहरुको पक्षमा प्रमाण लगाई भएको फैसला न्यायसंगत छैन ।

(ग) उजूरी साथ पेश भए बमोजिमको प्रश्न पत्रबाट परीक्षा संचालन भएको भन्ने तथ्यमा विवाद रहेको छैन । २०६६।७।२० गते नै उजूरी साथ प्रश्नपत्र आयोग समक्ष पेश भएको छ । उजूरी साथ पेश भएको प्रश्नपत्र आउट भएको प्रश्नपत्र हो । अतः आउट भएको भनिएको प्रश्नपत्र र सिलवन्दी गरिएको प्रश्न पत्र भिडाउदा नभिडेको भनी चिकित्साशास्त्र अध्ययन संस्थानबाट आयोगलाई लेखिएको पत्रको व्यहोरा स्वयंमा शंकास्पद छ । त्यस्तो शंकास्पद व्यहोराको पत्रलाई प्रमाणको रुपमा ग्रहण गरी प्रतिवादीहरुलाई सफाई दिई भएको फैसला त्रुटिपूर्ण छ ।

(घ) परीक्षार्थीले २०६६।७।२१ मा प्रयोग गरेको प्रश्नपत्रमा २०६६।७।२० मै उजूरी साथ आयोगमा प्राप्त हुन सक्ने अवस्था नै रहँदैन । अतः प्रश्नपत्रमा परीक्षार्थीले संकेत गरिसकेको अवस्था देखिएको भन्ने आधार ग्रहण गरी भएको फैसला प्रमाणको उचित मूल्यांकन बेगर भएको भन्ने प्रष्ट रुपमा देखिएको छ ।

२७. काठमाडौ जिल्ला ईन्द्रायणी गा.वि.स. वडा नं. ८ बस्ने नेपाल प्रहरी अन्तर्गत प्रहरी नायव निरीक्षक पदमा कार्यरत राजेन्द्र थापा.....

मुद्दाः वढुवा प्रयोजनका लागि नक्कली प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको ।
फैसला मितिः २०६७।९।१९

आयोगको दाबी र विशेष अदालतको फैसला:

प्रतिवादी राजेन्द्र थापा उपर शुरु नियुक्तिको लागि झूट्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसूरमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीले सफाई पाउने ठहरी फैसला भएको ।

फैसलाका आधारहरु:

(क) प्रतिवादीको विवादमा आएको शैक्षिक गोग्यताको प्रमाणपत्र सम्वन्धमा दीनदयाल उपाध्याय गोरखपुर विश्वविद्यालय, गोरखपुरले शिक्षाध्यक्षको कार्यालय पाठ्यक्रम विकास केन्द्र कीर्तिपुरपलाई लेखेको पत्रबाट प्रतिवादीले B.A. परीक्षा उत्तीर्ण गरेको भन्ने देखिएको ।

(ख) परीक्षार्थीको अभिलेख राख्ने आधिकारिक निकायले लेखेको ११।१२।२०१० को पत्रलाई अन्यथा हो भन्ने अवस्था नरहेकोले प्रतिवादीले पेश गरेको विवादमा आएको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली हो भन्ने तथ्य प्रमाणित नभएकोले प्रतिवादी उपर लिएको अभियोग पत्रको मागदावी पुग्न नसक्ने ।

पुनरावेदनका आधारहरु:

(क) नेपाल प्रहरी अन्तर्गत महानगरीय प्रहरी प्रभाग थानकोट दरवन्दीमा कार्यरत रहेका प्रहरी नायव निरीक्षक निज प्रतिवादी राजेन्द्र थापाले स्नातक तह(अर्थशास्त्र र समाजशास्त्र) विषय उत्तीर्ण गरेको भनिएको नक्कली प्रमाण पत्र बढुवा प्रयोजनका लागि पेश गरेको भन्ने विषयमा आयोगमा उजूरी प्राप्त हुन आएको । उक्त उजूरीउपर अनुसन्धानको सिलसिलामा निजको शैक्षिक योग्यताको प्रमाणपत्रहरु प्रमाणिकरणको लागि पठाउँदा दीनदयाल उपाध्याय, गोरखपुर विश्वविद्यालय, गोरखपुर भारतको प्रमाणिकरण विवरण त्रिभुवन विश्वविद्यालय शिक्षाध्यक्षको कार्यालयको मिति २०६६।१२।१६ को पत्रसाथ यस आयोगमा प्राप्त हुन आएको र उक्त प्रमाणिकरण विवरणमा परीक्षार्थीको नाममा राजेन्द्र थापा अनुक्रमाङ्क ३३६५१ वर्ष १९९५ कक्षा वि.ए. र परीक्षाफलमा "उपरोक्त संलग्न अंक पत्र असत्य है" भन्ने विवरण प्राप्त हुन आएकोले निजले पेश गरेको भनिएको उल्लिखित स्नातक तहको शैक्षिक योग्यताको प्रमाणपत्र झूट्ठा रहेको भन्ने प्रमाणित हुन आएको छ । निज प्रतिवादीले आफ्नो स्नातक तहको प्रमाणपत्रहरु झूट्ठा होइन भनी आयोग समक्ष वयान गरेको भए तापनि प्राप्त प्रमाणिकरण विवरणले निजको उक्त व्यहोराको वयान खण्डित हुन गएबाट निज प्रतिवादीले वढुवा पाउने उद्देश्यले नक्कली प्रमाणपत्र पेश गरको समेतका आधारबाट निज उपर सावित भ्रष्ट्राचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्ट्राचार निवारण ऐन २०५९, को दफा १६(१) बमोजिम सजायको मागदावी लिई मुद्दा दायर भएको तथ्य विपरीत प्रतिवादीलाई सफाई दिने गरी भएको विशेष अदालतको फैसला त्रुटिपुर्ण रही वदरभागी छ ।

(ख) प्रमाणपत्र दिने आधिकारिक निकायबाट नै प्रतिवादीको प्रमाणपत्र सम्वन्धमा प्रमाणिकरण भई आउँदा "उपरोक्त संलग्न अंक पत्र असत्य है" भनी लेखी आएको सन्दर्भमा आरोपित कसूर गरेको पुष्ट्याईं भैरहको छ। त्रिभुवन विश्वविद्यालय, शिक्षाध्यक्षको कार्यालयको मिति २०६६।१२।१६ को पत्रसाथ प्राप्त दीनदयाल उपाध्याय गोरखपुर विश्वविद्यालय, गोरखपुर भारतको प्रमाणिकरण विवरण जे जस्तो अवस्थामा प्राप्त भएको थियो जस्ताको तस्तै उक्त विवरण संलग्न गरी आयोगमा पठाईएको हो। यसरी पूर्व पत्रबाट प्राप्त विवरण अनुसार निजले स्नातक गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्र झूट्ठा प्रमाणित भई विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर भैसके पश्चात् निजले प्राप्त गरेको भनिएको उक्त प्रमाणपत्र सत्य हो भनी प्राप्त भएको पछिल्लो त्रिभुवन विश्वद्यिालय शिक्षाध्यक्षको कार्यालयको मिति २०६७।९।८ को पत्रलाई आधार लिई सफाई दिने गरी भएको विशेष अदालतको फैसला त्रुटीपूर्ण भई वदरभागी छ।

२८.काठमाडौं महानगरपालिका वडा नं. ९ बत्तीसपुतली बस्ने काठमाडौं महानगरपालिकामा शाखा अधिकृत पदमा कार्यरत बिक्रम अधिकारी क्षेत्री.....

मुद्दाः- शुरु नियुक्तिको लागि झूट्ठा नक्कली प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको।
फैसला मितिः २०६७।९।२१
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रतिवादी बिक्रम अधिकारी उपर शुरु नियुक्तिको लागि झूट्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसूरमा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट अभियोग दाबी खारेज हुने ठहरी फैसला भएको।

फैसलाका आधारहरुः

(क) अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पहिलो उजूरी मिति २०६०।६।२ र दोश्रो उजूरी मिति २०६१।८।११ मा दर्ता भईसकेपछि पहिलो उजूरी आयोगमा दर्ता भएको मितिबाट हदम्यादको गणना गर्नुपर्ने।

(ख) अभियोग मिति २०६७।३।३२ मा मात्र विशेष अदालतमा दायर भएकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३ (२) को ५ वर्षको हदम्यादभित्र दर्ता भएको देखिन नआएको।

पुनरावेदनका आधारहरुः

(क) काठमाडौं महानगरपालिकामा शाखा अधिकृत पदमा कार्यरत प्रतिवादी विक्रम अधिकारीले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी शुरु नियुक्ति लिएको भन्ने विषयको उजूरी आयोगमा प्राप्त हुन आएकोमा उक्त उजूरी उपर अनुसन्धानको

सिलसिलामा निजले मिति २०३९।५।३१ मा कर निरीक्षक पदमा भर्ना पाउँ भनी दिएको निवेदनसाथ पेश गरेको त्रिभुवन विश्वविद्यालय, नेपाल ल क्याम्पस, भर्ना वर्ष २०३४, C.N 225, रजिष्ट्रेसन नं. 34-020760-4, 2036 Summer Semester मा कानूनमा प्रमाणपत्र तह उत्तीर्णको ट्रान्सक्रिप्ट आयोगबाट प्रमाणीकरणको लागि नेपाल ल क्याम्पसमा मिति २०६६।२।१९ मा लेखी पठाईएकोमा उक्त क्याम्पसको मिति २०६६।२।२१ को पत्रमा "विक्रम अधिकारीको ट्रान्सक्रिप्टको छाँया प्रति यस क्याम्पसमा उपलब्ध अभिलेखसित मेल नखाने" भन्ने व्यहोरा उल्लेख भई आएकोले निजले उत्तीर्ण गरेको भनिएको उल्लिखित प्रमाणपत्र तहको शैक्षिक योग्यताको प्रमाणपत्र झूट्ठा रहेको भन्ने प्रमाणित हुन आएकोल निज उपर सावित भ्रष्ट्राचार निवारण ऐन २०१७ को दफा १२ तथा प्रचलित भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजायको मागदावी लिई मुद्दा दायर भएको हो ।

(ख) प्रतिवादीले उत्तीर्ण गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्र झूट्ठा रहेको भनी प्रमाणित भई आएपछि मात्र आयोगबाट मिति २०६५।२।२१ मा अनुसन्धान अधिकृत नियुक्ति गरी अनुसन्धानको कार्य प्रारम्भ भएको हो । जहाँसम्म आयोगमा पहिलो उजूरी मिति २०६०।६।२ र दोश्रो उजूरी मिति २०६१।८।११ मा दर्ता भईसकेपछि पहिलो उजूरी आयोगमा दर्ता भएको मितिबाट हदम्यादको गणना गर्नुपर्ने भन्ने सम्बन्धमा प्रतिवादीको शंकास्पद प्रमाणपत्र आयोगमा प्राप्त हुनु मात्र भ्रष्टाचारजन्य कसूर हुन सक्तैन । कसूर प्रमाणित हुन विवादित प्रमाणपत्रहरु प्रमाणीकरण भै झूट्ठा देखिएको अवस्थामा मात्र अनुसन्धानको दायराभित्र पर्दछ । भ्रष्टाचारको कसूरमा अन्य साधारण अपराधमा जस्तो अंकगणितीय हिसाबले तथ्यको मूल्यांकन गर्नुपर्ने नभई यसले समाज र राष्ट्रमा पार्ने दुष्कृतिको समेत समुचित मुल्यांकन गरी न्याय निरोपण हुनु पर्ने हुन्छ । प्रतिवादीले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरु झूट्ठा रहेको तथ्य स्थापित भैसकेको अवस्थामा प्राविधिक कारणले मुद्दा नै खारेज गर्दाको परिणामले त्यस्तो झूट्ठा प्रमाणपत्र पेश गर्ने व्यक्ति पदमा बहाल रहिरहने अवस्था सृजना हुने र भ्रष्टाचारजन्य कार्यको नियन्त्रण र कसूरमा संलग्न व्यक्ति उपर दण्ड सजाय गर्ने विधायिकी मनसाय समेत निस्तेज हुन जाने यथार्थताको विपरित प्रतिवादीको आपराधिक कार्यलाई समर्थन हुने गरी भएको प्रस्तुत फैसलासँग सहमत हुन सक्ने अवस्था छैन ।

(ग) प्रतिवादी विक्रम अधिकारीको शैक्षिक योग्यताको प्रमाणपत्र आधिकारिक निकायबाट प्रमाणीकरण भै आउँदा झूट्ठा हो भन्ने देखिएको आधारमा कसूर प्रमाणित गरी आरोपपत्र पेश भएको हो । निज उपर आयोगमा प्राप्त उजूरीको आधारमा आयोगले अनुसन्धानको कार्य प्रारम्भ गरेको नभई प्रमाणपत्र दिने निकायबाट झूट्ठा हो भन्ने प्राप्त भएको विवरणका आधारमा मात्र आयोगबाट अनुसन्धानको कार्य प्रारम्भ भई म्यादभित्रै मुद्दा दायर भएको हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १४(१) को व्यवस्था अनुसार भ्रष्टाचारका सम्बन्धमा आयोगमा कुनै श्रोतबाट जानकारी प्राप्त भई आरोपित व्यक्तिले भ्रष्टाचार गरेको भन्ने विश्वास गर्नु पर्ने मनासिव कारण भएमा आयोगले त्यसको प्रारम्भिक छानवीन गोप्य रुपमा गर्नेछ भन्ने व्यवस्था भएको देखिन्छ । यसबाट आयोगमा उजूरी प्राप्त हुनु मात्र भ्रष्टाचारको अपराध हुने नभई भ्रष्टाचार भएको

तथ्यमा आयोग विश्वस्त भएमा मात्र आयोगबाट त्यस्तो कसूर उपर छानवीनको कार्य प्रारम्भ हुने भन्ने देखिन्छ । प्रस्तुत कसूरको सम्बन्धमा प्रतिवादीको शैक्षिक योग्यताको प्रमाणपत्र प्रमाणीकरण भै आउँदा झूट्ठा देखिए पछि मात्र निजको कार्य भ्रष्टाचारजन्य अपराध भएको तथ्यमा आयोग विश्वस्त भई मिति २०६५।२।२१ मा अनुसन्धान अधिकृत नियुक्ति गरी ऐनको म्यादभित्रै मुद्दा दायर भएको अवस्थामा विशेष अदालतबाट भएको त्रुटीपूर्ण फैसला बदरभागी छ ।

(घ) राष्ट्रसेवक उपर भ्रष्टाचार निवारण ऐन अन्तर्गत मुद्दा चलाउने प्रचलित ऐनले कुनै हदम्याद निर्धारण गरेको नदेखिँदा जहिलेसुकै पनि त्यस्तो मुद्दा दायर गर्न सकिने भनी सर्वोच्च अदालतबाट प्रतिपादित सिद्दान्तको आधारमा समेत (स.अ.वुलेटिन २०६७ भदौ १, पू. ४३५, पृष्ठ २३, २०६२ सालको फौ.पु.नं.३२४२) विशेष अदालतको फैसला त्रुटिपूर्ण हुँदा वदरभागी छ ।

२९. रुपन्देही जिल्ला मधवलिया गा.वि.स.वडा नं. ४ कोटिहवा बस्ने सुरज घिमिरे.....

मुद्दाः-भ्रष्टाचार (कीर्ते दस्तखत गरी संस्थाको रकम हिनामिना गरेको) ।
फैसला मितिः २०६७।८।८
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रतिवादी सुरज घिमिरेले विभिन्न व्यक्तिहरुको झूट्ठा दस्तखत गरी ऋण आवेदन फारम तयार गरी संस्थाबाट ऋण प्रवाह गराई जम्मा रू. ५,४४,०१०।- हिनामिना गरेको पुष्टि हुन आई निजलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१), १३ र २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) र दफा १७ बमोजिम सजाय हुन मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट निज उपरको कसूर ठहर भए तापनि मागदाबी भन्दा कम विगो ठहरी फैसला भएको ।

फैसलाको आधारः

विभिन्न चारवटा सामुदायिक संस्थाबाट भरपाई गरी लिएको रू. २,०२,०००।- रकम मात्र प्रतिवादीले हिनामिना गरेको देखिएको । भरपाई नगरी लिएको रकम सम्बन्धमा प्रतिवादीको कुनै दायित्व नरहने ।

पुनरावेदनका आधारहरुः

(क) अनुसन्धानको क्रममा बयान गर्ने सम्पूर्ण व्यक्तिहरुको कथनबाट प्रतिवादीले दावी बमोजिमकै रकम हिनामिना गरेको भन्ने प्रष्ट रुपमा प्रमाणीत भई रहेको छ । उल्लिखित व्यक्तिहरुको कथन यो यति कारणले विश्वसनीय नभएकोले प्रमाणमा ग्रहण गर्न नमिल्ने भनी फैसलामा कुनै विवेचना समेत नभएबाट फैसला त्रुटिपूर्ण छ ।

(ख) प्रतिवादी अनुसन्धानको समयमा र अदालतमा समेत उपस्थित नभई फरार रहेको अवस्था छ । अनुसन्धानको क्रममा र अदालतमा उपस्थित नभई दावी बमोजिमको कसूर गरेको प्रतिवादीले स्वीकार गरिरहेको स्थितिमा कम विगो ठहर गर्न नमिल्नेमा प्रतिवादी प्रति उदार भई भएको फैसला न्यायसंगत छैन ।

३०. का.जि.का.म.न.पा. वडा नं. ३४ मितेरीमार्ग बस्ने मदनराज शर्मा .....
मदनराज शर्माकी पत्नी ऐ.ऐ.बस्ने रुपा ढुङ्गेल .....
मदनराज शर्माकी छोरी का.जि.का.म.न.पा.वडा नं. ३३ डिल्लीबजार बस्ने प्रिती ढुङ्गेल (भण्डारी)

मुद्दाः- गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको ।
फैसला मितिः २०६७।५।१७
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रतिवादी मदनराज शर्मालाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३(१५) र दफा २९ बमोजिम तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम सजाय गरी गैरकानूनी रुपमा आर्जन गरेको निज निजकी श्रीमती प्रतिवादी रुपा ढुङ्गेल र छोरी प्रिती ढुङ्गेलको नाममा रहेको चल अचल सम्पत्ति साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० र दफा ४७ बमोजिम जफत गरी पाउन समेतको मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादी मदनराज शर्माको कसूर ठहर भए तापनि मागदावीभन्दा कम बिगो ठहरी फैसला भएको ।

फैसलाका आधारहरुः

(क) जग्गा खरिदको मूल्य कायम गर्दा अन्यथा प्रमाणीत नभएसम्म लिखतमा उल्लिखित मूल्यलाई आधार मान्नु पर्ने ।
(ख) घर निर्माणको लागत कायम गर्दा अनुसन्धानको समयको नभई घर निर्माण भएको समयको लागत मूल्यलाई आधार मान्नु पर्ने ।
(ग) वादी पक्षबाट शेयरको मूल्य कायम गर्दा बोनस शेयरको समेत मूल्य कायम गरी गणना गरेको नमिलेको ।
(घ) प्रतिवादीले आयोगमा छोरीहरुको विवाहमा रू. ५ लाख खर्च भएको भनी बयान गरेकोमा अदालतमा रू. २ लाख खर्च भएको उल्लेख गरेकोले रू. २ लाख मात्र प्रतिवादीको सम्पत्तिको बिगोमा गणना हुने ।
(ङ) प्रतिवादी र निजकी श्रीमतीले प्राप्त गरेको दसैं खर्च निजहरुको सम्पत्तिको बिगोमा गणना नगरेकोले गणना गरिनु पर्ने ।
(च) प्रतिवादी रुपा ढुङ्गेलले ट्यूसन पढाएको तथ्यलाई आरोपपत्रमा स्वीकार गरिएको तर त्यसबाट प्राप्त आयलाई गणना गरेको नदेखिएकोले त्यस बापत रू. ५,५०,०००।- आय प्राप्त गरेको भनी जिकिर लिए तापनि न्यायोचित रुपमा रू. ३,००,०००।- आय आर्जन भएको मान्नु पर्ने ।

(छ) प्रतिवादीको कृषि आयलाई आयोगले गणना गरेको नदेखिएकाले रू. ५,००,०००।- प्रतिवादीको कूल आयमा समावेश हुने ।

(ज) टेम्पो व्यवसायबाट प्रतिवादीलाई रू. ५,००,०००।- आय आर्जन भएको मान्नु पर्ने ।

(झ) बैंक व्याज आफूलाई रू. २३,७२,९६२।३८ प्राप्त भएको भन्ने प्रतिवादीको जिकिर भए तापनि ३० प्रतिशतले हुने रू. ७,११,८८८।७२ प्रतिवादीको कूल आयमा गणना हुने ।

पुनरावेदनका आधारहरुः

(क) अदालतले जग्गा र घरको मूल्य कायम गर्दा सम्पत्ति आर्जन गर्दाको समयको लिखतमा अंकित मूल्यलाई र घर निर्माण भएको बर्षको लागतलाई आधार मानी मूल्य कायम गरेको देखिन्छ । प्रतिवादीले गैरकानूनी आर्जनबाट जग्गा खरिद गरेको र घर निर्माण गरेको भनी आरोपपत्रमा दावी लिइएको र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० अन्तर्गतको कसूरमा गैरकानूनी आर्जनको सम्पत्तिको बिगो बरावरको जरिवाना र कैद समेत हुने व्यवस्था छ । आयोगबाट प्रतिवादीको जुन र जति सम्पत्ति गैरकानूनी आर्जनको भनी दावी गरिएको छ ती सम्पत्तिहरुको हालको मूल्यलाई आधार मानी बिगो कायम गरिएको हो । गैरकानूनी आर्जनको सम्पत्ति र सो बाट बढेबढाएको सम्पत्ति जफत हुने ऐनको प्रावधानको पृष्ठभूमिमा हाल प्रचलित मूल्यका आधारमा बिगो कायम गरिनु नै कानून सम्मत हुने हुन्छ । तर अदालतले जग्गा आर्जन गर्दाको र घर निर्माण गरेको बर्षको लागतलाई आधार मानी विगो कायम गरेको छ । गैरकानूनी सम्पत्ति आर्जनलाई सोही परिमाणबाट दण्डित गरिनु पर्दछ भन्ने कानूनको मनशाय हो । विगतमा जे जति सम्पत्ति गैरकानूनी रुपमा प्राप्त गरिएको हो सो रकमबाट जोडिएको सम्पत्तिको हाल प्रचलित मूल्य धेरै बढी हुने हुनाले हालको मूल्यका अधारमा सजाय नगरेमा गैरकानूनी रुपमा बढे बढाएको सम्पत्ति वा त्यस्तो सम्पत्तिको हालको केही अंशले मात्र नै जरिवानाको रकम पुग्न सक्ने भई कसूरदारले सहुलियत प्राप्त गर्न सक्ने हुँदा गैरकानूनी आर्जनको बिगोको परिमाण बराबर दण्ड गर्ने कानूनको उद्देश्य पराजित हुन गई कसूरदारलाई फाईदा पुग्न जाने स्थिति रहने हुँदा सम्पत्तिको हाल प्रचलित मूल्यलाई मान्यता नदिई प्रतिवादीलाई सफाई दिई भएको फैसला न्यायसंगत छैन ।

(ख) प्रतिवादीले विभिन्न बैंक र संस्थाहरुबाट खरिद गरेको शेयरको खरिद श्रोत खुल्न सकेको अवस्था छैन । श्रोत खुल्न नसकेको कारणबाट शेयरको मूल्यलाई अवैध आर्जन मानी आरोपपत्रमा दावी लिइएको हो । यसरी खरिदको श्रोत नै खुल्न नसकेको शेयरबाट प्राप्त बोनस शेयर समेतलाई वैध आर्जन मान्न मिल्ने प्रश्नै नआउनेमा बोनस शेयरलाई समेत वैध आय मानी भएको फैसला न्यायसंगत छैन ।

(ग) प्रतिवादीले अनुसन्धानको क्रममा आयोगमा बयान गर्दा छोरीहरुको विवाहमा रू. ५ लाख खर्च भएको भनी स्पष्ट रुपमा उल्लेख गरेका छन् । आयोगमा उल्लिखित व्यहोराको बयान प्रतिवादीले दिएको अवस्थामा अदालतमा छोरीहरुको विवाहमा रू. २ लाख मात्र खर्च भएको भनी बयान गरेकै आधारमा रू. २ लाखलाई नै मान्यता दिई हचुवा तवरले फैसला भएको देखिएको छ ।

(घ) दसैं खर्च बापत प्रतिवादी मदनराज शर्मा र निजकी श्रीमतीले पाएको रकम निजहरुको आयमा गणना गरेको नदेखिएकोले आयमा समावेश हुने भनी फैसलामा उल्लेख गरिएको छ । दसैं खर्च मुख्य चाड पर्व मनाउनका लागि दिइने खर्च भएकोले सो रकम अनिवार्य रुपमा खर्च हुने रकम हो । विभिन्न धार्मिक समुदायले मनाउने आफ्नो मूख्य चाड पर्वमा सो रकम अनिवार्य रुपमा खर्च हुन जाने हुँदा अदालतले बचत हुने आयमा गणना गरेको युक्तिसंगत छैन ।

(ङ) प्रतिवादी रुपा ढुङ्गेलले ट्यूसन पढाएर रू. ३,००,०००।- आय आर्जन गरेको भनी सो रकमलाई अदालतले वैध आयमा गणना गरेको छ । मुद्दामा कुनै पनि तथ्यलाई तथ्ययुक्त प्रमाणले पुष्टि गरेको हुनु पर्दछ तव मात्र त्यो तथ्य स्थापित हुन सक्दछ । ट्यूसन पढाएको भन्ने निज प्रतिवादीको मौखिक कथन बाहेक सो तथ्यलाई पुष्ट्याई गर्ने कुनै पनि तथ्ययुक्त र औपचारिक प्रमाण प्रतिवादीले गुजार्न सकेको अवस्था छैन । अतः प्रमाणले पुष्टि नगरेको कुरालाई प्रतिवादीको मौखिक कथन कै आधारमा निजले ट्यूसन पढाएर रू. ३,००,०००।- आय आर्जन गरेको भनी भएको फैसला हचुवा तवरको भई त्रुटिपूर्ण छ । त्यस्तै, टेम्पो व्यवसायबाट प्रतिवादीलाई ५,००,०००।- आय प्राप्त भएको भन्ने समेत फैसलामा उल्लेख छ । टेम्पो खरिदको वैध श्रोत पुष्टि हुन सकेको अवस्था छैन । यसरी खरिदको वैध श्रोत नै पुष्टि हुन नसकेको टेम्पोबाट प्रतिवादीलाई आय आर्जन गरेको भनी भएको फैसला न्यायसंगत छैन ।

(च) प्रतिवादी मदनराज शर्मा राष्ट्रसेवक रहेका, निजकी श्रीमती छोरीहरु र छोरा आ-आफ्नै व्यवसायमा संलग्न रहेको भन्ने मिसिल संलग्न कागजातहरुबाट देखिएको छ । यस अवस्थामा प्रतिवादीहरु आफू स्वयंले कृषि व्यवसाय गरी आय आर्जन गर्न सक्ने अवस्था देखिदैन । अतः प्रतिवादीहरु र निजहरुका परिवारका नाममा रहेको जग्गा जमिनबाट निजहरुले पूरै कृषि आय प्राप्त गर्न सक्ने अवस्था नदेखिदाँ नदेखिदै पूरै कृषि आय प्राप्त गरेको भनी रू. ५,००,०००।- आयमा समावेश गरेको त्रुटिपूर्ण छ ।

(छ) प्रतिवादीको बैंकमा रहेको रकम मध्ये रू. २१,८२,९०२।०३ को बैधानिक श्रोत खुल्न नसकेको भनी आरोपपत्रमा दावी लिइएको छ । बैंक व्याज बापत प्रतिवादीलाई रू. ७,१३,९८७।७७ प्राप्त भएकाले प्रतिवादीको श्रोत खुलेको सम्पत्तिमा गणना हुने भनी फैसलामा भनिएको छ । श्रोत खुलेको वैध व्यालेन्सबाट प्रतिवादीलाई आय प्राप्त भएको मान्नु मनाशिवै देखिए पनि श्रोत नखुलेको बैक व्यालेन्स समेतको व्याज प्रतिवादीको बैंध आयमा गणना गर्नु मनाशिव हुँदैन । अतः सम्पूर्ण बैक व्यालेन्सबापतको व्याज प्रतिवादीले वैध रुपमा प्राप्त गरेको भनी भएको फैसला त्रुटिपूर्ण छ ।

३१. जिल्ला सुनसरी धरान न.पा. वडा नं. १ बस्ने गुणस्तर तथा नापतौल क्षेत्रीय कार्यालय काठमाडौका सहायक निरीक्षक पदमा कार्यरत मोहन कोईराला.....

मुद्दाः- शुरु नियुक्तिको लागि झूठ्ठा प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको ।

फैसला मितिः २०६७।९।३०
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रतिवादी मोहन कोईरालालाई शुरु नियुक्तिको लागि झूट्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसूरमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन तथा निजले मिति २०६६।३।२० देखी लागू हुने गरी स्वैच्छिक अवकाश लिई ७ वर्षको निवृत्तिभरण वापतको एकमुष्ट रू.७,२८,१८२।- भुक्तानी लिईसकेकोले सो रकम समेत निजबाट असूल उपर गरी पाउन समेतको मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादी उपरको कसूर ठहर भए तापनि ७ वर्षको निवृत्तिभरण बापत एकमुष्ट लिएको रू.७,२८,१८२।- असूल उपर गरी पाउँ भन्ने दावी पुग्न नसक्ने ठहरी फैसला भएको ।

फैसलाको आधारः

(क) प्रतिवादीले मिति २०६६।३।२० देखी लागू हुने गरी स्वेच्छिक अवकाश लिई ७ वर्षको निवृत्तिभरण वापतको एकमुष्ट लिएको रकम रू.७,२८,१८२।- समेत असूल उपर गरी पाउँ भनी लिएको मागदावीको सम्वन्धमा विचार गर्दा के कुन ऐन अन्तर्गतको सो दावी हो खुलेको नदेखिएको ।

(ख) उक्त रकम निजले लिन पाउने नपाउने भन्ने विषयमा निर्णय गर्ने विषय यस अदालतको अधिकार क्षेत्रभित्रको नदेखिएको ।

पुनरावेदनका आधारहरुः

(क) प्रतिवादी मोहन कोईरालाले झूट्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी सो को आधारमा सहायक निरीक्षक पदमा स्थायी नियुक्ति भएको र निजको सो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको सजाय हुन र निजले मिति २०६६।३।२० देखि लागू हुने गरी स्वैच्छिक अवकाश लिई ७ वर्षको निवृत्तिभरण वापतको एकमुष्ट रकम रू.७,२८,१८२।- भुक्तानी लिई सकेकोले सो रकम समेत असूल उपर गरी पाउँ भनी मागदावी लिई विशेष अदालत, काठमाडौमा आरोपपत्र दायर भएको हो ।

(ख) विशेष अदालतबाट प्रस्तुत मुद्दामा प्रतिवादी मोहन कोइरालाले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसूर गरेको ठहर्‍याई प्रतिवादीलाई सोही ऐनको दफा १२ र २९(२) बमोजिम रू.२०००।- जरिवाना हुने भनी निजको कसूर ठहर गरेको छ । यसरी नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी भ्रष्टाचारजन्य कार्य गरेको भनी अदालतबाट कसूर ठहर भैसकेको अवस्थामा निजले स्वैच्छिक अवकाश लिई ७ वर्षको निवृत्तिभरण वापतको

एकमुष्ट रकम बुझी लिएको सम्वन्धमा भने निर्णय गर्ने विषय अदालतको अधिकार क्षेत्रभित्रको होइन भनी भएको फैसला न्यायसम्मत छैन ।

(ग) निज प्रतिवादीले भ्रष्टाचारजन्य कसूर गरेको भनी अदालतबाट ठहर हुँदा समेत निजले ७ वर्षको निवृत्तिभरण वापतको एकमुष्ट लिएको रकम असूल उपर नहुने हो भने त्यस्तो कार्य गर्ने प्रवृत्तिले प्रश्रय पाउने देखिन्छ । एकमुष्ट निवृत्तिभरण लिएको अवधि ७ वर्ष व्यतित भएपछि पनि भविष्यमा निजले निरन्तर रुपमा निबृत्तिभरण लिई रहन सक्ने अवस्था समेत रहेको देखिँदा उक्त विषयमा न्याय निरोपण गरी विवादको टुंगो लगाउने अधिकार क्षेत्र अदालतको नहुने भनी भएको फैसला न्यायिक दृष्टिबाट त्रुटिपूर्ण रहेको छ ।

(घ) भ्रष्टाचारजन्य कसूर ठहरी सकेपछि पनि निजले प्राप्त गरेको रू. ७,२८,१८२।- निजले नै पाउने स्थिति भएमा निबृत्तिभरण पाउने स्थिति रहिरहन्छ । भ्रष्टाचार गरेको ठहरिए पछि निजले निबृत्तिभरण पाउन सक्ने स्थिति कानूनतः समाप्त हुन्छ । रू. ७,२८,१८२।- रुपैया निजले स्वैच्छिक अवकाश प्राप्त गरी अग्रिम सुविधा लिएको विषय हो । काम गरी पारिश्रमिक बापत प्राप्त गरेको अवधिको रकम होइन । यो कुरालाई विशेष अदालतबाट ध्यान पुऱ्याउन नसकेको हुंदा फैसला त्रुटिपूर्ण हुन गएको छ ।

३२. का.जि.का.म.न.पा.वडा नं. ३० बस्ने पावल पार्टस इन्टरनेशनल, दरवार मार्गका प्रो. शिवशम्शेर राणा .....
सप्तरी जि.मधवापुर गा.वि.स.वडा नं. ५ घर भै दुग्ध विकास संस्थान, लैनचौर काठमाडौंका तत्कालीन संचालक समितिका अध्यक्ष देवेन्द्र झा .....
का.जि.का.म.न.पा.वडा नं. ३४ बस्ने ऐ. संस्थानका तत्कालीन निमित्त महाप्रबन्धक गव्यनाथ पन्त.....

मुद्दाः भ्रष्टाचार ।
फैसला मिति : २०६७।८।१६
आयोगको दाबी र विशेष अदालतको फैसलाः

भारतबाट गुणस्तरहीन दुध आयात गरी दुग्ध विकास संस्थानलाई रू.४,०६,६८,०४४।२२ हानी र आफूहरुलाई फाइदा हुने कार्य गरी प्रतिवादीहरु मध्ये देबेन्द्र झा र गव्यनाथ पन्तले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) बमोजिमको कसूर गरेकोले निजहरुलाई सोही ऐनको सोही दफा बमोजिम सजाय गरिपाउन, प्रतिवादीहरु राकेश कुमार र सुनिल माथुरलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ बमोजिम र शिवशम्शेर राणालाई सोही ऐनको दफा १६क. बमोजिम सजाय गरी दफा २९ बमोजिम सबै प्रतिवादीहरुबाट विगो असूल उपर गरी पाउन मागदाबी लिई अभियोग पत्र दायर गरिएकोमा बिशेष अदालतबाट निजहरु मध्ये सुनिल माथुर, राकेश कुमार उपरको कसूर ठहर गरी अन्य प्रतिवादीहरुले सफाई पाउने ठहरी फैसला भएकोले सफाई पाउने प्रतिवादीहरुको हकमा पुनरावेदन गरिएको ।

फैसलाका आधारहरुः

(क) प्रतिवादी गव्यनाथ पन्त अधिकार प्राप्त अधिकारी र अदालत समक्ष आफूले Third party Inspection गर्ने पक्ष परिवर्तन गर्दा सो को जानकारी संस्थानको संचालक समिति र मन्त्रालयमा दिँदा संचालक समितिले कुनै प्रतिकृया नदिएकोले सहमति भएको ठानी गुणस्तर जाँच गर्ने पक्ष परिवर्तन गरेको भनी कसूरमा इन्कार रही बयान गरेको ।

(ख) दुधको गुणस्तर जाँच गर्ने पक्ष परिवर्तन गर्दा उत्पादक कम्पनीबाट प्रतिवादी गव्यनाथ पन्तले यो यति रकम लिनु खानु गरेकोले निजको बदनियत देखिएको भन्ने कुरा बादी पक्षबाट देखाउन नसकेको ।

(ग) यसभन्दा पहिले पनि दुध गुणस्तर जाँच Ministry of Foods Processing Industries of Govt. of India बाट नै भएको हुँदा Third party inspection गर्न पक्ष परिवर्तन गरेको कारणले मात्र दुधमा मिसावट भै संस्थानलाई हानी नोक्सानी भएको मान्न मिल्ने नदेखिएको ।

(घ) प्रतिवादी देवेन्द्र झाले सप्लाईकर्ता डेली फुड्स (इण्डीया) सँग के कसरी मिलेमतो गरी दुधमा गम र गुल्कोज मिसाइ संस्थानलाई हानी नोक्सानी हुने गरी भ्रष्टाचार गरे भनी तथ्ययुक्त प्रमाण देखाई यी प्रतिवादी उपर अभियोग दावी लिन सकेको देखिदैन ।

(ङ) प्रतिवादी देबेन्द्र झा एक्लैले टेण्डर स्वीकृत गरेको नभै समितिका उपस्थित पदाधिकारीले घटाघटबाट टेण्डर सदर गरी प्रकृया अगाडी बढाएको देखिएबाट निजको बदनियत नदेखिएको ।

(च) प्रतिवादी शिव शम्शेर राणाले आफूलाई दुध आयातको बारेमा केही थाहा नभएको भनी बयान गरेको देखिएको । साथै पावर पार्टस इन्टरनेशनल डेली फुड (इण्डिया) को स्थानीय एजेन्टसम्म भएको देखिएको । अनुसन्धानबाट यी प्रतिवादीको दुध सप्लाई गर्ने कार्यमा कुनै किसिमको सम्लग्नता रहे भएको पुष्टि भएको छैन । प्रतिवादी शिवशम्शेर राणा पावर पार्टस इन्टरनेशनल कम्पनीको १ जना संचालकसम्म रहेको देखिन आएको ।

पुनरावेदनका आधारहरुः

(क) दुग्ध विकास संस्थानको डेली फुड्स (इण्डिया) बाट ४१५ मे.टन धुलो दुध खरिद सम्बन्धी भएको संझौता अनुसार दुग्ध विकास संस्थानले प्राप्त गरेको धुलो दुध गुणस्तरयुक्त नरही गम तथा रिड्यासिंड सुगर समेतका पदार्थ मिसावट रहेको भन्ने तथ्यमा अदालत समक्ष आई बयान गर्ने प्रतिवादीहरु समेत सहमत रहेको हुँदा उल्लिखित तथ्य विवाद रहित रुपले स्थापित भएको छ । यस तथ्यमा विशेष अदालतको समेत बिमति रहेको छैन ।

(ख) प्रस्तुत धुलो दुध खरिद गर्नु पूर्व पनि दुग्ध विकास संस्थानले धुलो दुध खरिद गर्ने प्रकृयाको लागि डेली फुड्सको कारखाना स्थलगत निरीक्षण गराएको र निरीक्षण पश्चात् दुग्ध विकास संस्थानका संचालक समितिका सदस्य झनक प्याकुरेल समेतले डेली फुड्स इण्डियाको कारखाना निरीक्षण गरी दिएको प्रतिवेदनमा डेली फुड्स इण्डियासँग निरीक्षणको समयमा केवल १२० मे.टन धुलो दुध मात्र स्टकमा रहेको । उक्त कम्पनीको उत्पादन ६ हप्तादेखि वन्द रहेको तथा कारखानाको सरसफाईमा धेरै नै कमी रहेको कुरा

उल्लेख हुँदाहुँदै पनि तत्कालीन अध्यक्ष प्रतिवादी देवेन्द्र झाले डेली फुड्ससँग नै दुध खरिद गर्ने भनी तोक आदेश गरी दिएको देखिन्छ। प्रतिवादी देवेन्द्र झा तत्समयमा संस्थानको कार्यकारी अध्यक्ष जस्तो जिम्मेवार र सुविधा प्राप्त पदमा आसिन अधिकारीले दुग्ध विकास संस्थानको खर्चमा स्थलगत निरीक्षणको लागि टोली पठाउने तथा टोलिले दिएको प्रतिवेदनलाई निर्णय प्रकृयामा उचित स्थान नदिने समेत कार्य गर्नु भएको स्पष्ट देखिएको हुँदा निर्णय प्रकृयादेखि नै प्रतिवादी देवेन्द्र झा समेतले डेली फुड्स इण्डियालाई नै दुध आपूर्तिको ठेक्का दिने दुषित मनसाय राखी कार्य गरी रहेको भन्ने प्रष्ट देखिईरहेको छ। साथै दुध सप्लायर राकेशकुमार तथा निजको नेपाल स्थित प्रतिनिधि सुनिल माथुर समेतले आफ्नो पक्षमा निर्णय पार्न प्रतिवादीहरुलाई प्रारम्भदेखि प्रभावमा पारेको प्रष्ट भएको छ। सरकारी खर्चमा एउटा काम देखाएर कर्मचारीहरुलाई विदेश भ्रमणमा पठाउने तर भ्रमण गरी आएका कर्मचारीहरुले दिएको प्रतिवेदनलाई कुनै वास्तै नगर्नुलाई राम्रो नियतले गरेको काम मान्न सकिन्न।

(ग) दुग्ध विकास संस्थानले प्राप्त टेण्डरहरु मूल्यांकन गर्न उपसमिति गठन गरेको र सो समितिले मिति २०५३।८।२४ मा दिएको प्रतिवेदनको सि.नं. ५ मा डेली फुड्स इण्डियाको सम्बन्धमा टेण्डरदाताको Level of Radiator बारे केही उल्लेख नगरेको Radio active contamination बारे उल्लेख गरी Non contamination certificate पेश नगरेको तथा प्याकेजिंङ बारे पनि पूर्ण उल्लेख नगरेको भनी आफ्नो प्राविधिक तथा प्रशासनिक कैफियतमा उल्लेख गरिदिएको देखिन्छ भने राय उप शीर्षकको खण्ड (ख) मा उल्लिखित कैफियत माथि ध्यान दिन गर्न बान्छनीय देखिन्छ भन्ने उल्लेख गरी दिएको अवस्थामा समेत डेली फुड्सलाई नै ठेक्का दिने गरी निर्णय भएको परिप्रेक्षमा पनि बुदा नं. २ मा उल्लेख भए अनुसार निर्णय प्रकृयामा बदनियत रहेको थप पुष्टि हुन आउँछ।

(घ) प्रस्तुत मुद्दामा करार बमोजिम प्राप्त हुन आएको धुलो दुध उचित गुणस्तरको नभएको र गम तथा ग्लुकोज (Reducing sugar) मिश्रीत भएको कारणबाट दुग्ध विकास संस्थानको रकम हानी नोक्सानी भएको देखिन्छ। बास्तवमा कुनै पनि वस्तुको गुणस्तर परीक्षणबाट मात्र निश्चित हुन सक्ने तथ्यमा विवाद हुन सक्दैन। त्यसैले उल्लिखित संझौतामा गुणस्तर परीक्षणको लागि Third party inspection को व्यवस्था गरी SGS/CROWN AGENTS/LLOYED/VERITAS बाट शिपमेन्टको समयमा inspection गरिने व्यवस्था गरिएकोमा पछि उक्त व्यवस्थामा बदनियतपूर्ण तरिकाले सशोधन गरी Ministry of Food Processing Industries बाट inspection हुने व्यवस्था गरिएबाट मिसावटयुक्त दुध आयात हुन पुगी दुग्ध विकास संस्थानलाई ठूलो रकमको हानी नोक्सानी भएको प्रष्ट छ।

(ङ) गुणस्तर परीक्षणको सम्बन्धमा inspection गर्ने निकाय परिवर्तन गुणस्तरहिन दुध आपूर्ति गर्ने डेली फुड्सको स्वार्थ अनुकूल भएको देखिन्छ। दुध आपुर्ति गर्ने तथा खरिद गर्ने पक्षको वीचमा सम्झौता भई सकेपछि त्यसलाई परिवर्तन गर्नु पर्ने कारण मिसिलबाट देखिदैन। साथै inspection गर्ने निकाय परिवर्तनकै सम्बन्धमा पहिलो पटकको आपूर्तिकर्ता पार्टीको १२ जनवरी १९९७ को पत्रलाई मिति २३ जनवरी १९९७ को पत्रबाट संझौताका शर्तहरुको अनुकूल नहुने भनी प्रतिवादी मध्येका तत्कालिन निमित्त

महाप्रवन्धक गव्यनाथ पन्तले टिप्पणीमा निर्णय गरी एउटा अर्को शर्त थप गरी परिवर्तन गरी दिएको देखिन्छ। विना कारण आफूले गरेको अघिल्लो निर्णय आफैले काटी inspection गर्ने निकाय सम्बन्धी शर्त परिवर्तन गरी निजबाट निर्णय भएको र गुणस्तर परीक्षण उचित ढंगले हुन नसकी गुणस्तरहीन गम तथा Reducing sugar मिसावट भएको दुध आई दुग्ध विकास संस्थानले ठूलो आर्थिक हानी व्यहोर्नु परेको निर्विवाद प्रमाणीत भई रहेको र उल्लिखित आर्थिक हानी प्र.हरुको बदनियतपूर्ण तथा भ्रष्टाचारजन्य कार्यबाट भएको टिप्पणी आदेश फारामबाट प्रमाणीत भएको छ।

(च) प्रतिवादी देवेन्द्र झा तथा गव्यनाथ पन्तले आपूर्तिकर्ता पार्टीलाई फाईदा हुने गरी आपूर्तिकर्ता पार्टी कै स्वार्थ र अनुरोधमा प्रतिवादीहरुले गुणस्तर परीक्षण सम्बन्धी शर्त परिवर्तन गर्ने निर्णय गर्दा अपनाएको गैर कानूनी रबैयाबाट नै प्रतिवादीहरुको भ्रष्टाचार जन्य कसूर प्रमाणीत भई रहेको देखिन्छ। वास्तवमा आपूर्तिकर्ता पार्टीबाट शर्त परिवर्तनको लागि लेखी आएपछि आफू समक्ष निर्णयार्थ पेश भएको टिप्पणीलाई प्रतिवादी मध्येका तत्कालीन निमित्त महाप्रवन्धक गव्यनाथ पन्तले आर्थिक प्रशासन प्रमुखलाई राय पेश गर्ने आदेश २०५३।१०।२ मा दिएको देखिन्छ भने २०५३।१०।४ मा आर्थिक प्रशासनबाट प्राप्त रायमा सम्झौताका शर्तहरु संचालक समितिको निर्णयानुसार कायम भएको हुँदा शर्तहरु संशोधन गर्नुपर्दा पनि संचालक समिति समक्ष नै पेश गर्नु पर्ने भन्ने उल्लेख भएपछि विनाकारण उल्लिखित रायलाई बेवास्ता गरी आफूले नै एउटा शर्त संशोधन गरी अरु २ वटा शर्त परिवर्तन गर्न नसक्ने भनी आपूर्तिकर्ता पार्टीलाई जानकारी गराएको। पुनः आपूर्तिकर्ता पक्षले अनुरोध गरी आएपछि आर्थिक प्रशासन शाखाको कुनै राय नै नलिई आफैले शर्त परिवर्तन गरेको हुँदा प्रतिवादी गव्यनाथ पन्त समेतको बदनियत स्पष्ट भई रहेको छ।

(छ) खरिद गरिएको दुधको Reducing test को प्रतिवेदन पनि अत्यन्त शंकास्पद रुपमा रहेको देखिन्छ। बास्तवमा दुग्ध विकास संस्थानले डेली फुड्स इण्डियासँग दुध खरिद गर्ने सम्झौता 31st Dec. 1996 मा मात्र गरेकोमा मिसिल संलग्न पाका परमाणु अनुसन्धान केन्द्रको 19 Dec. 1996 तथा 31St Oct. 1996 को २ वटा Radio activity test certificate हरु मिसिल संलग्न रहेको पाईएबाट र Certificate मा For export to Nepal समेत उल्लेख भएबाट पनि उक्त Radio Active certificate गलत ढंगले तयार भएको देखिन्छ। किनभने सम्झौता हुनुपूर्व नै नेपाल पठाउनको लागि भनी Radio activity test गर्ने कुरा विश्वास योग्य देखिदैन।

(ज) प्रतिवादी मध्येका शिवशम्शेरको हकमा उल्लिखित गुणस्तरहिन तथा मिसावटयुक्त धुलो दुध आपुर्तिकर्ताले यी प्रतिवादीकै पावर पार्टस इन्टरनेशनल मार्फत् आपूर्ति गरेको र प्रतिवादीआपूर्तिकर्ताका स्थानिय प्रतिनिधि सुनिल माथुर प्रतिवादी कै कम्पनीको चिफ एक्जुक्यूटिभ रहेको कुरामा विवाद छैन। प्रतिवादी शिव शम्शेरले आफूले दर्ता गरेको कम्पनीलाई भ्रष्टाचारजन्य काममा प्रयोग गरी प्रतिवादी मध्येका राकेशकुमार तथा सुनिल माथुरलाई कम गुणस्तर तथा मिसावट युक्त दुध आपूर्ति गर्ने कार्यमा सहयोग पुऱ्याई मतियारको रुपमा कार्य गरेको प्रष्ट छ।

(झ) प्रतिवादी शिव शम्शेरले अदालत समक्ष बयान गर्दा पावर पार्ट्स इन्टरनेशनल आफूले आफ्नो नाममा दर्ता गराएको भए तापनि त्यसमा कारोवार आफूले नगरेको भन्ने उल्लेख गरेको देखिन्छ। आफ्नो कम्पनीको नामबाट भएको काममा प्रतिवादीले आफूलाई जानकारी नभएको भनी उल्लेख गरेको विश्वासप्रद देखिदैन। निज प्रतिवादी लामो समयसम्म सरकारी सेवामा रहेको व्यक्ति समेत हुँदा आफ्नो कम्पनीको काम र त्यसबाट उत्पन्न परिणामको बारेमा जानकारी थिएन भन्न मिल्ने होइन।

(ञ) प्रतिवादी गव्यनाथ पन्तले अदालत समक्ष बयान गर्दा आफूले दुध आपूर्ति सम्बन्धमा उठेको विवादको निपटाराको लागि कारवाही चलाई दुग्ध विकास संस्थानको तर्फबाट र आपूर्तिकर्ता पार्टीको तर्फबाट मध्यस्थ नियुक्त भई तेश्रो मध्यस्थकर्ता मनोनयको लागि हेगस्थित Permanent Court of Arbitration बाट क्वालालम्पुरको क्षेत्रिय कार्यालयमा निर्देशकलाई अख्तियारी दिई कारवाही अन्तिम चरणमा पुगी सकेको हुँदा आफू विरुद्ध अभियोग लाग्नु पर्ने होइन भनी उल्लेख गरेको देखियो। तर arbitration द्वारा विवादको समाधान गर्ने कुरा र भ्रष्टाचारमा राज्यले कारवाही चलाउने तथा अदालतले दोषी करार गर्ने कुरा अलग अलग कुरा हुन्। सम्झौतामा उल्लेख भए अनुसार मध्यस्थताद्वारा दुध आपूर्तिको चरणमा आई परेका विवादहरुको समाधान गर्न सकिन्छ। तर आपूर्तिकर्ता कम्पनी र संस्थानका कर्मचारीहरुको आपराधिक मिलोमतोबाट संस्थानलाई हानी पुऱ्याउने बदनियतपूर्ण र भ्रष्टाचारजन्य कार्यको न्यायिक निरुपण गर्ने, सजाय गर्ने कार्य विशुद्धरुपमा अदालतको अधिकार क्षेत्र पर्ने विषय हो। सम्झौतामा मध्यस्थद्वारा विवादको समाधान गर्ने कुरा उल्लेख हुँदैमा अन्यथा हुने होइन। स्वयं प्रतिवादी गव्यनाथ पन्तले कालो बजार मुद्दामा जाहेरी दरखास्त दिएबाट अपराधिक कार्यको विषय र मध्यस्थद्वारा विवादको समाधान अलग अलग विषयवस्तु हो भन्ने स्वय प्रतिवादीले पनि स्वीकार गर्नु भएको देखिन्छ।

३३.भक्तपुर जिल्ला चित्तपोल गा.वि.स. वार्ड नं. ५ घर भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३४ भिमसेन गोला शान्तिनगर डेरा गरी वस्ने स्वामी ब्रह्मानन्द उदासिन .....
स्याङ्गजा जिल्ला टक्सार गा.वि.स. वडा नं. ६ घर भई हाल का.जि. का.म.न.पा. वडा नं १४ कलंकीमा डेरा गरी वस्ने संविधान सभाका सभासद् डोलवहादुर कार्की भन्ने डि.वि. कार्की .....

घुस रिसवत लिई भ्रष्टाचार गरेको मुद्दा।
फैसला मितिः २०६७।१२।६
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रतिवादीहरु डि.वि. कार्की र स्वामी ब्रम्हानन्द उदासिनले एकापसमा मिलेमतो गरी राजकुमार राईलाई नेपाल प्रहरीको प्रहरी निरीक्षकको नोकरी लगाई दिने भनी निजबाट पटक पटक गरी रू. ४,०५,०००।- समेत घुस रिसवत लिई उक्त रकम मध्ये रू. २,०५,०००।- स्वामी ब्रम्हानन्द उदासिनले लिनु खानु गरेको र रू. १,००,०००।- डोलवहादुर कार्कीले लिनु खानु गरेको प्रमाणित हुन आएकोले वरामद भएको रकम रू.१,००,०००।- र वरामद मिति पूर्व नै लिनु खानु

गरी सकेको रू.३,०५,०००।- समेत जम्मा रू.४,०५,०००।- कूल विगो कायम गरी प्रतिवादी डोलवहादुर कार्की उपर भ्रष्टाचार निवारण ऐन, २०५९, को दफा ३(१) अन्तर्गतको कसूरजन्य अपराधमा सोही ऐनको दफा ३(१) (घ) बमोजिम सजाय हुन र स्वामी ब्रह्मानन्द उदासिनलाई सोही ऐनको ३(२) बमोजिमको कसूर अपराधमा सोही ऐनको ३(१) र ३(२) बमोजिम सजाय भई विगो बमोजिम दुवैलाई जरिवाना समेत हुन साथै डोलवहादुर कार्कीलाई सोही ऐनको दफा २४ बमोजिम थप सजाय समेत गरी पाउन मागदावी लिई विशेष अदालतमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरु उपरको कसूर ठहर भए तापनि मागदाबीभन्दा कम बिगो ठहरी फैसला भएको ।

फैसलाका आधारहरुः

(क) मिति २०६७।५।१४ गतेभन्दा पहिले प्रतिवादी स्वामी ब्रह्मानन्द उदासिनले रू.३,०५,०००।- र मिति २०६७।५।१४ गते स्वामी ब्रम्हानन्द उदासिनको डेरामा डोलवहादुर कार्कीलाई रू.१,००,०००।- दिएको समेत रू.४,०५,०००।- घुस रिसवत दिएको भनी उजूरवाला राजकुमार राईबाट लिएको कुरा प्रतिवादी स्वामी ब्रह्मानन्द उदासिनले अधिकार प्राप्त अधिकारी समक्ष स्वीकार गरेको भए तापनि अदालतमा समक्षको वयानमा राजकुमार राईबाट वरामद रकम वाहेकको अन्य कुनै रकम लिए दिएको कुरालाई अस्वीकार गरेको ।

(ख) उजूरवाला राजकुमार राईले मिति २०६७।५।१४ भन्दा पहिले प्रतिवादी स्वामी ब्रम्हानन्द उदासिनलाई रू.३,०५,०००।- दिएको भनी गरेको वकपत्र मिसिल संलग्न कागजातबाट तथ्ययुक्त रुपबाट पुष्ट्याँई भएको नपाईएकोले वरामद वाहेकको रकमलाई विगो कायम गर्नु न्यायोचित नभएको ।

पुनरावेदनका आधारहरुः

(क) आयोग समक्ष पर्न आएको राजकुमार राईको उजूरी, अनुसन्धानको क्रममा निजले घटनाक्रमलाई सिलसिलाबद्ध रुपले चित्रण गरी गरेको कागज, प्रतिवादी स्वामी ब्रम्हानन्द उदासिनले आफू कसूरमा सावित भई प्रतिवादी डोलवहादुर कार्कीलाई समेत पोल गरी गरेको वयान, अनुसन्धानको क्रममा संकलित वरामदी मुचुल्का समेतबाट मिति २०६७।५।१४ मा स्वामी ब्रम्हानन्द उदासिनको कोठामा प्रतिवादी द्वयले राजकुमार राईबाट रू.१,००,०००।- लिँदै गरेको अवस्थामा आयोगबाट प्रमाणित नगद सहित प्रतिवादीहरु पक्राउ परी घुस रिसवत लिनु खानु गरेको तथ्य स्थापित हुन आएको र मिति २०६७।५।१४ भन्दा अगावै पटक पटक गरी राजकुमार राईबाट प्रतिवादीहरुले लिनु खानु गरेको रू.३,०५,०००।- समेत गरी जम्मा विगो रू.४,०५,०००।- कायम गरी यस आयोगबाट प्रत्यर्थी प्रतिवादीहरु डोलवहादुर कार्की र स्वामी ब्रम्हानन्द उदासिन समेत विरुद्ध विशेष अदालत, काठमाडौंमा घुस रिसवत सम्बन्धी भ्रष्टाचार मुद्दाको आरोपपत्र पेश भएको हो ।

(ख) मिति २०६७।५।१४ गतेभन्दा पहिले प्रतिवादी स्वामी ब्रम्हानन्द उदासिनले रू.३,०५,०००।- र मिति २०६७।५।१४ गते डेरामा डोलवहादुर कार्कीलाई रू.१,००,०००।- दिएको समेत रू.४,०५,०००।- घुस रिसवत दिएको भनी उजूरवाला राजकुमार राईबाट निज प्रतिवादीहरुले कूल रू. ४,०५,०००।- घुस रिसवत बापत लिएको कुरा प्रतिवादी स्वामी ब्रम्हानन्द उदासिनले अधिकार प्राप्त अधिकारी समक्ष स्वीकार गरेको र उजूरवाला राजकुमार राईले समेत प्रतिवादीहरुलाई मिति २०६७।५।१४ भन्दा अघि पटक पटक गरी रू.३,०५,०००।- घुस दिएको भनी यस आयोगमा मिति २०६७।५।२७ मा उपस्थित भई सोधपुछको क्रममा किटानी उल्लेख गरेकोमा उक्त तथ्यमा प्रवेश नै नगरी अदालतमा प्रतिवादीले गरेको बयानमा राजकुमार राईबाट वरामद रकम वाहेकको अन्य कुनै रकम लिए दिएको कुरालाई अस्वीकार गरेको भन्ने निज प्रतिवादीको भनाईको आधारमा मिति २०६७।५।१४ मा वरामद भएको रू.१,००,०००।- लाई मात्र विगो कायम गरी सजायको गरेको हदसम्म विशेष अदालतले गरेको ठहर त्रुटीपूर्ण छ ।

(ग) उजूरवाला राजकुमार राईले मिति २०६७।५।१४ भन्दा पहिले प्रतिवादी स्वामी ब्रम्हानन्द उदासिनलाई रू.३,०५,०००।- दिएको भनी यस आयोगमा उपस्थित भई सोधपुछका क्रममा र अदालतमा गरेको वकपत्र समेतमा किटानी उल्लेख गरेको अवस्था हुदाँहुदैं उक्त रकम राजकुमार राईले प्रतिवादीहरुलाई दिएको भन्ने मिसिल संलग्न कागजातबाट तथ्ययुक्त रुपबाट पुष्ट्याँई भई रहेको अवस्थामा वरामद वाहेकको रकमलाई विगो कायम गर्न न्यायोचित नभएको भनी रू.१,००,०००।- मात्र विगो कायम हुने भन्ने विशेष अदालतको फैसला न्याय सम्मत छैन ।

३४.जिल्ला धनुषा, मिथिलेश्वर मौवाही वडा नं. १ घर भै हाल जिल्ला शिक्षा कार्यालय रामेछापमा ओभरसियर पदमा कार्यरत मकेश्वर साह.....
जिल्ला रामेछाप, भलुवाजोर गा.वि.स. वडा नं. ३ घर भै कालिका माध्यमिक विद्यालय भलुवाजोरमा प्रधानाध्यापक पदमा कार्यरत गणेश विक्रम थापा.....
जिल्ला रामेछाप, भलुवाजोर गा.वि.स. वडा नं. ३ घर भै कालिका माध्यमिक विद्यालय भलुवाजोरमा शिक्षक पदमा कार्यरत विष्णुवहादुर थापा.....

मुद्दाः- घुस रिसवत लिई भ्रष्टाचार गरेको ।
फैसला मितिः २०६७।१२।२३
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रतिवादीहरु मध्ये मकेश्वर साह र गणेशविक्रम थापालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को खण्ड (क) र विष्णुवहादुर थापालाई सोही ऐनको दफा ३ को उपदफा (४) बमोजिम विगो रू.११,०००।- कायम गरी सजाय गरी पाउन मागदावी लिई विशेष अदालतमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट अभियोग दावी खारेज हुने ठहरी फैसला भएको ।

फैसलाका आधार:

(क) घुस लेनदेनको छलफल भैरहेको भन्ने खवर प्राप्त भएको भन्ने सूचनाको भरमा जिल्ला प्रहरी कार्यालय रामेछापको मौखिक आदेशमा खटिएको अनुसन्धान अधिकृत नै नतोकिएको अबस्थामा प्रहरी नायव निरीक्षकको टोलीले टेवुलमा रहेको अवस्थामा नगद रू.११,०००।- वरामद गरेको देखिएको ।

(ख) के कुन काम गरे वा नगरे वापत घुस लेनदेन गरेको भन्ने उचित र विश्वसनीय कारण समेत नखुलेको अवस्थामा अधिकार नभएका अधिकारीबाट घुस लेनदेन भएको भनिएको रू.११,०००।- को गैरकानूनी वरामदीको आधारमा भए गरिएको भ्रष्टाचारको अनुसन्धान काम कारवाही समेतमा कानूनी प्रश्न समावेश भएको देखिएको ।

पुनरावेदनका आधारहरु:

(क) मिति २०६७।१०।७ गते प्र.ना.नि. दुर्गा गिरीको कमाण्डको टोलीले मकेश्वर साहको कार्यकक्षको भौतिक फाँटमा रहेको टेवुल माथिबाट नगद रू.११,०००।- वरामद गरेको र सो बारे जिल्ला प्रहरी कार्यालय रामेछापमा जाहेरी गर्नुका साथै उक्त रकम लेनेदन कार्यमा संलग्न अभियुक्तहरु मकेश्वर साह, गणेशविक्रम थापा र विष्णुवहादुर थापा समेत तथा चश्मदिद अमरदिप लामा र जिल्ला शिक्षा कार्यालयका अधिकृत हेमन्तकुमार वुढाथोकी समेतको रोहवरमा वरामद गरी दशी सहित प्रतिवादी मकेश्वर साह समेत रंगे हात पक्राउ परेको भन्ने कुरा स्थापित हुँदाहुँदै उक्त तथ्यमा प्रवेश नै नगरी अभियोग दावी नै खारेज हुने ठहऱ्याई विशेष अदालतले गरेको फैसला त्रुटीपूर्ण छ ।

(ख) कार्यालय समयमा ओभरसियर मकेश्वर साहको कार्यकक्षको टेवुल माथिबाट नगद रू.११,०००।- वरामद भएकोले उक्त रकम प्रहरी नायव निरीक्षक दुर्गा गिरीको कमाण्डको टोलीले वरामद गरी जिल्ला प्रहरी कार्यालय रामेछापमा जाहेरी गरेको, चश्मदिद गवाह अमरदिप लामा र जिल्ला शिक्षा कार्यालयका अधिकृत हेमन्तकुमार वुढाथोकी समेतको रोहवरमा प्रतिवादीहरु मकेश्वर साह, गणेशविक्रम थापा र विष्णुवहादुर थापा समेतले घटनास्थल वरामदी मुचुल्कामा उक्त रकम वरामद भएको हो भनी सहीछाप गरेको आदि सिलसिलावद्ध घटनाक्रमबाट प्रतिवादीहरुले घुस रिसवत लिने दिने कार्य गरेको हो भन्ने कुरा स्थापित भै मिसिल संलग्न कागजातबाट तथ्ययुक्त रुपबाट पुष्ट्याइँ भैरहेको उक्त तथ्यलाई बेवास्ता गरी कानूनी प्रश्न समावेश भएको र प्रारम्भिक रुपमा नै प्रभावहीन गैरकानूनी र अधिकारविहीन अभियोग दावी नै लाग्न नसक्ने भनी अभियोग दावी नै खारेज हुने भनी विशेष अदालतबाट भएको फैसला न्याय सम्मत छैन ।

३५. काठमाडौं जिल्ला का.म.पा. वडा नं. ३१ बिनायक मार्ग कमलादी बस्ने नेपाल बायुसेवा निगमको कार्यकारी अध्यक्ष पदमा कार्यरत सुगतरत्न कंशाकार.....
काठमाडौं जिल्ला का.म.पा. १२६ मानदेव मार्ग सानोगौचरण बस्ने नेपाल बायुसेवा निगमको का.मु. नायव महाप्रवन्धक पदमा कार्यरत राजुबहादुर के.सी.....

धनुषा जिल्ला घोडाघास गा.वि.स. दवडा नं. ७ बस्ने नेपाल बायुसेवा निगमको का.मु. नायव महाप्रवन्धक पदमा कार्यरत गणेश ठाकुर.....
ललितपुर जिल्ला ललितपुर उ.म.न.पा.कुपण्डोल वडा नं. १ बस्ने नेपाल बायुसेवा निगमको का.मु. निर्देशक पदमा कार्यरत ज्ञानेन्द्रपुरुष ढकाल.....
काठमाडौं जिल्ला का.म.पा. वडा नं.१३ ताहाचल बस्ने नेपाल बायुसेवा निगमको निर्देशक पदमा कार्यरत मयुरशमसेर राणा.....
दाङ जिल्ला मानपुर गा.बि.स. वडा नं. ९ बधौसी बस्ने नेपाल बायुसेवा निगमको का.मु. उप निर्देशक पदमा कार्यरत केशवराज शर्मा.....

मुद्दाः- भ्रष्टाचार (नेपाल बायुसेवा निगमलाई हानी नोक्सानी पुऱ्याएको) ।
फैसला मितिः २०६८।१।६
आयोगको दाबी र विशेष अदलातको फैसलाः

उक्त मुद्दामा प्रतिवादीहरु मध्ये सुगतरत्न कंसाकारलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को खण्ड (झ) बमोजिम सजाय हुन तथा बिगो रू.५,७३,७५,०००।- र सो मा फैसला हुंदाको मितिसम्म लाग्ने व्याज समेत प्रचलित कानून बमोजिम निजबाट नेपाल वायुसेवा निगमलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम दिलाई भराई बिगो बमोजिम जरिवाना समेत हुनका साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय समेत हुन तथा राजुबहादुर के.सी., गणेश ठाकुर, मयुरशमसेर राणा, ज्ञानेन्द्रपुरुष ढकाल र केशवराज शर्मालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम सजाय गरिपाउन मागदावी लिई विशेष अदालतमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरुले सफाई पाउने ठहरी फैसला भएको ।

फैसलाका आधारहरुः

(क) प्रतिवादी सुगतरत्न कंशाकारको हकमाः-

अ) नेपाल बायुसेवा निगमलाई विमान खरीद गुर्नपर्ने आवश्यकता रहेको र आ.व. २०६५।०६६ को बजेटमा निगमले विमान खरीद गर्न लिने ऋणको जमानत नेपाल सरकार बसिदिने उल्लेख भएको ।

आ) निगमका तर्फबाट विमान खरिद गर्न कर्मचारी संचयकोषसंग ऋण उपलव्ध गराइदिन माग गरेको, नेपाल सरकारको जमानतमा कर्मचारी संचयकोषले ऋण उपलव्ध गराउन सक्ने भनी पत्राचार गरी सो सम्बन्धमा पर्यटन मन्त्रालय र अर्थ मन्त्रालयमा पत्राचार समेत भई निगमको समितिले एयर बससंग उल्लिखित दुईवटा विमान खरिद गर्न स्वीकृति दिएको ।

इ) विमानको शिघ्र डेलिभरी गराउने र Lock up Money पठाउन ढिलो गर्दा विमानको लागत बढ्न सक्ने ।

ई) नेपाल बायुसेवा निगमको तर्फबाट पठाएको अमेरिकी डलर ७,५०,०००।- निजले ओहदाको अधिकार दुरुपयोग गरी हिनामिना गरेको, रिसवत लिएको, घुस खाएको वा लिनु खानु गरी व्यक्तिगत लाभ लिएको नदेखिएको र उक्त अमेरिकी डलर ७,४९,९९२ फिर्ता समेत भईसकेको ।

(ख) अन्य प्रतिवादीहरुको हकमा:-

अ) यी प्रतिवादीहरु निगमका कार्यकारी अध्यक्ष समेतको मातहतमा रही काम काज गर्ने कर्मचारी भएको ।

आ) अध्यक्ष महाप्रवन्धक वा संचालक समिति समेतको निर्णय कार्यान्वयन गर्नु गराउनु मातहतका कर्मचारीको दायित्व हुने ।

इ) संचालक समितिको अध्यक्ष स्वयं कार्यकारी अध्यक्ष प्रतिवादी सुगतरत्न कंसाकार भई निजले एयर बस कम्पनीलाई Lock up Money बापतको रकम पठाउने सम्बन्धमा 6th November २००९ मा एअरबस कम्पनीबाट सो निगमलाई प्राप्त भएको पत्रमा वित्त निर्देशकलाई P/S arrange to send commitment fee as per this request भनी दिएको तोक आदेशको आधारमा Lock up Money पठाउने काम भएको कुरा मिसिलबाट देखिएको ।

उ) यी प्रतिवादीहरु निगमको विभिन्न पदमा कार्यरत कर्मचारी भएका, निजहरुले बद्नियत राखी निगमलाई हानी नोक्सानी पुऱ्याउने कार्य गरेको तथ्यबाट पुष्ट्याईं नभएको ।

ऊ) अध्यक्ष सुगतरत्न कंसाकारले वित्त निर्देशकलाई दिएको तोक आदेशको आधारमा उक्त आदेश कार्यान्वयन गरी जिम्मेवार पदाधिकारीको हैसियतले काम तामेल गरेको कार्यलाई भ्रष्टाचार भन्न नमिल्ने ।

ए) प्रतिवादी सुगतरत्न कंसाकारले नै सफाई पाउने ठहरी फैसला भएको ।

पुनरावेदनका आधारहरुः

(क) प्रतिवादी सुगतरत्न कंशाकारले आफू मुख्य व्यक्ति भई १० अर्वभन्दा बढी मूल्यको Narrow body र Wide body को दुईवटा विमान खरीद गर्न रू.५,७३,७५,०००।- फिर्ता नहुने गरी एयरबस कम्पनीलाई lockup money को रुपमा भुक्तानी गरेको तथ्यलाई प्रतिवादीहरुले समेत स्वीकार गरेको र अदालत समेत सो तथ्यमा सहमत भएको हुंदा सो सम्बन्धमा थप विवेचना गरिरहन परेन । सो रकम पठाउनु पूर्व नेपाल बायुसेवा निगमको व्यबस्थापनबाट संचालक समिति समक्ष विमान खरीद गर्ने सम्बन्धमा प्रस्ताव पेश भएकोमा संचालक समितिले पठाउने भनी व्यबस्थापनलाई अधिकार प्रत्यायोजन गरेको अबस्था नै छैन । आफूलाई अधिकार नभएको स्वीकार गरी संचालक समिति समक्ष प्रस्ताव पेश गरेको अवस्थामा छलफल गरी वार्ता सम्म गर्ने गरी संचालक समितिले दिएको अधिकारलाई गलत अर्थ गरी एयरबस कम्पनीलाई lockup money पठाएको कार्य बदनियतपूर्ण छ ।

(ख) निगमलाई आवश्यक विमान गरिद गर्ने क्रममा नेपाल सरकार जमानी बस्ने व्यवस्था मिलाउने भनी आ.ब. २०६५।०६६ को बजेट वक्तव्यमा उल्लेख भएको सम्म अवस्था हो । नेपाल सरकार जमानत बसेको अबस्था होइन । यसैगरी कर्मचारी संचयकोषमा ऋण जमानतको लागि ढांचा माग गरेको अबस्थालाई जमानत नै बसेको भन्ने अर्थ गर्न मिल्दैन । यसरी वित्तिय श्रोतको व्यबस्था नै नगरी १० अर्वभन्दा बढी मूल्यको विमान खरिद गर्न lockup money पठाएको हुंदा प्रतिवादीहरुको उक्त कार्य बदनियतपूर्ण देखिन आएको छ ।

(ग) निगमको आर्थिक विनियमावली, २०६५ मा कार्यकारी अध्यक्षले रू.२० करोडभन्दा बढी रकम खर्च गर्न नपाउने स्पष्ट व्यवस्था रहेको छ । सो सीमालाई उल्लंघनगरी lockup money पठाएबाटै प्रतिवादीहरुको उक्त कार्य बदनियतपूर्ण रहेको प्रष्ट देखिन्छ । त्यसमाथि पनि आफूहरुले निगमको तर्फबाट एयरबस कम्पनीलाई पठाएको सो रकम विमान खरिद नगरेमा Refund हुन नसक्ने अबस्थाको हो भनी निजहरुले यस आयोगमा र बिशेष अदालत समक्षको बयानमा समेत स्वीकार गरेबाट निजहरुको कसूर पुष्टि हुन आएको छ । Lockup money जहाज खरिदको संझौता नभए जफत हुने कुरा निगम र एयरवस कम्पनी वीच भएको Memorandum of undestanding (MOU) मा नै उल्लेख रहेको तथा एयर वस जस्तो ख्याती प्राप्त युरोपियन जहाज निर्माता कम्पनीले MOU मा उल्लिखित शर्तभन्दा बाहिर गएर जहाज नकिन्ने अवस्थामा जफत (Non Refuendable) हुने रकम नेपाल बायुसेवा निगमलाई पठाएको कार्य नै आफैमा शंकास्पद छ । Airbus Company को नामबाट नेपाल वायुसेवा निगमको खातामा आएको Lockup meney बापतको रकमको आधिकारिता पुष्टि गर्न निगमले पटक पटक अनुरोध गर्दा पनि तथ्यपरक ढंगले पुष्टी हुन सकेको पाइदैन । यस तथ्यतर्फ विशेष अदालतले फैसलामा केही नबोली केवल प्रतिवादीहरुले सफाई पाउने ठहर मात्र गरेकोले उक्त फैसला कानून र न्यायको दृष्टिले मिलेको छैन ।

(घ) भ्रष्टाचार जस्तो जघन्य फौज्दारी कसूरमा वादी तथा प्रतिवादीका साक्षीहरु बुझेर मात्र अदालतले फैसला गर्ने सर्वमान्य सिद्धान्त हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राखेका साक्षीहरु मध्ये नेपाल वायुसेवा निगमका संचालक समितिका सदस्यहरु पनि रहेका र निजहरुले अदालतमा वकपत्र गर्दा अनुसन्धानमा लेखाएको व्यहोराभन्दा फरक व्यहोरा लेखाएको खण्डमा वा अनुसन्धानलाई सहयोग नगरेमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ मा निजहरु उपर पुनः मुद्दा दायर गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था समेत रहेकोमा विशेष अदालतले सो कानूनी व्यवस्था समेतको प्रतिकूल हुने गरी त्यस्ता सरकारी साक्षीहरु नै नवुझी एकतर्फी रुपमा गरेको फैसला सर्वथा कानून विपरित र बदरयोग्य छ ।

(ङ) नेपाल वायुसेवा निगमले Lock up money पठाउँदा बैंकहरुबाट overdraft लिई पठाएको र कूल विगो रू. ५,७३,७५,०००।- को कानून बमोजिम लाग्ने व्याज समेत गणना नभई त्यस विषयमा फैसलामा कुनै कुरा उल्लेख नगरिएको हुंदा सो फैसला विवादास्पद र त्रुटीपूर्ण हुँदा बदर गरीपाउँ ।

(च) माथिका प्रकरणहरुमा उल्लेख गरे बमोजिम विपक्षीहरुले गुम्न सक्ने अबस्थामा एयरबस कम्पनीलाई उक्त lockup money पठाएको र सो कार्यबाट एयरबस कम्पनीलाई फाईदा र नेपाल बायुसेवा निगमलाई हानी नोक्सानी हुने अबस्था स्पष्ट देखिन आएबाट पनि निजहरु उपरको कसूर ठहर नगरेको फैसला न्यायसंगत छैन । आफूहरु कार्यरत संस्थालाई हानी नोक्सानी र अरुलाई फाइदा पुग्ने हिसावबाट विपक्षीहरुले गरेको उक्त

कार्यलाई भ्रष्टाचार ठहर नगरी कसूरदारलाई प्रोत्साहन हुनेगरी बिशेष अदालतबाट भएको व्याख्या त्रुटिपूर्ण रही बदरभागी छ ।

(छ) प्रतिवादीहरुले गरेको कार्य कसूरजन्य भएको अबस्थालाई माथिका प्रकरणहरुमा व्याख्या विवेचना गरिसकिएको छ । जहांसम्म नेपाल बायुसेवा निगमको तर्फबाट पठाएको अमेरिकी डलर ७,५०,०००।- फिर्ता समेत भईसकेको भनी प्रतिवादीहरुलाई सफाई दिन आधार बनाएको सन्दर्भ छ, सो सम्बन्धमा हेर्दा पनि नेपाल बायुसेवा निगमलाई विगो भराउदा त्यसरी फिर्ता हुन आएको रकमसम्म कट्टा हुने हो । रकम फिर्ता भएको आधारमा मात्र निजहरुले कसूरबाट उन्मुक्ति पाउने भनी अदालतबाट भएको व्याख्या त्रुटिपूर्ण एवम् बदरभागी छ ।

(ख) आयोगबाट भएका निर्णय उपरको पुनराबेदन सुनी विशेष अदालतबाट भएका फैसलाहरु उपर यस आयोगबाट दायर भएका पुनराबेदनहरुः-

१. काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ९ स्थित पशुपति गौशाला धर्मशालाको अख्तियार प्राप्त अध्यक्ष ऐ ऐ बस्ने विश्वम्भरलाल अग्रवाल.....
ऐ ऐ वडा नं. २४ स्थित मारवाडी सेवा समितिको अख्तियार प्राप्त ऐ. का महासचिव ऐ ऐ वडा नं. २८ बस्ने श्याम सुन्दर घिराइया.....

मुद्दाः- निर्णय बदर ।
फैसला मितिः २०६७।२।३१
आयोगको निर्णय र विशेष अदालतको फैसलाः

यस आयोगबाट पशुपतिनाथ अमालकोट कचहरी र मारवाडी सेवा समिति, नेपालका वीच २०६०।२।१२ मा भएको संझौतामा भएको दुष्कृति सच्याउन अमालकोट कचहरीलाई लेखिपठाउने भनी भएको निर्णय विरुद्ध विश्वम्भरलाल अग्रवाल र श्याम सुन्दर घिराइयाको तर्फबाट विशेष अदालत, काठमाडौं समक्ष पुनराबेदन दायर भएकोमा सो अदालतबाट आयोगको मिति २०६५।१२।३० को उक्त निर्णय बदर भएको ।

फैसलाका आधारहरुः

(क) पशुपतिनाथ अमालकोट कचहरी र मारवाडी सेवा समिति नेपालका बीच मिति २०६०।२।१२ मा भएको सम्झौता करारीय विषयबस्तु र दायित्वसित संबन्धित देखिएको ।
(ख) सो करार अनुचित तवरबाट भएको भन्ने तथ्य अनुसन्धानबाट स्पष्ट हुन नसकेको ।
(ग) दुवै पक्षको सहमतिमा उक्त करार संशोधन, रद्द समेत गर्न सकिने अबस्था देखिएको ।

पुनरावेदनका आधारहरुः

(क) मिति २०६३।४।१३ को कान्तिपुर दैनिक पत्रिकामा सांढेको चरन हडप्ने प्रयास भन्ने शीर्षक दिई प्रकाशित समाचार उपर अनुसन्धान भई यस आयोगको मिति २०६५।१२।३० को बैठकबाट "....अनुसन्धानको क्रममा प्राप्त हुन आएको पशुपति विकास कोषको मिति २०६०।२।९ को निर्णयानुसार अमालकोट कचहरी र मारवाडी सेवा समिति वीच मिति २०६०।२।१२ मा भएको संझौतामा समयावधि उल्लेख भएको नदेखिएको हुंदा समयावधि किटान नगरी अनन्तकाल सम्म कुनै संस्थालाई प्रचलन गर्न दिइरहनु न्यायोचित नदखिएकाले मनासिव माफिकको अवधि किटान गरी संझौता गर्न उचित हुंदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख अनुसार सो दुस्कृति सच्याउनू भनी पशुपति विकास कोषलाई लेखी पठाउनू । मिति २०६२।२।१२ को सम्झौता बमोजिम पशुपति विकास कोषले मारवाडी सेवा समितिबाट पाउने भनिएको वार्षिक रू.५१,०००।- हालसम्म बुझे बुझाएको नदेखिएको हुंदा सो रकम अविलम्व वुझ्ने वुझाउने र वार्षिक रू.५१,०००।- मात्र दिने गरी भएको सम्झौतामा उल्लिखित रकम अत्यन्त न्यून भई समय सापेक्ष नदेखिएकोले मनासिव माफिकको रकम लिने दिने गरी सम्झौता गर्नू गराउनू भनी पशुपति विकास कोषलाई लेखी संस्कृति तथा राज्य पुनसंरचना मन्त्रालय समेतलाई जानकारी गराउने....." भन्ने समेतको निर्णय भई कार्यान्वयनको लागि सम्बन्धित कार्यालयमा लेखी पठाएको हो ।

(ख) अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ (ख) ले सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको अनुचित कार्यबाट उत्पन्न दुष्परिणाम सच्याउन लेखी पठाउन सक्ने गरी आयोगलाई अधिकार छ । यसै अधिकार प्रयोग गरी आयोगले सम्बन्धित कार्यालयहरुलाई लेखिपठाएको कार्य कानून सम्मत छ ।

(ग) पशुपति क्षेत्र बिकास कोषको मिति २०६४।९।१६ को पत्रमा समेत गौशाला धर्मशालाले ९ रोपनी जति जग्गा चर्चेको भनी उल्लेख भएको देखिन्छ । गौशाला जस्तो धार्मिक, ऐतिहासिक महत्वको महानगरीय स्थानमा सो धर्मशाला रहेको तथ्यमा बिबाद छैन । सो धर्मशाला समेतबाट हुने आर्जनको तुलनामा सम्झौता बमोजिम अमालकोट कचहरीले प्राप्त गर्ने रू.५१,०००।- अत्यन्त न्यून भएको स्पष्ट छ । त्यसतर्फ बिपक्षीहरुले समेत पुनराबेदनमा कुनै जिकीर लिन नसकी स्वीकार नै गर्नु भएको छ । यसरी उक्त संझौता बमोजिम पशुपति बिकास कोषलाई प्राप्त हुने रकम ज्यादै कम हुने गरी सो सम्झौताले दुष्परिणाम निकालेको स्पष्ट छ ।

(घ) यसैगरी अमालकोट कचहरीले वार्षिक रू.५१,०००।- प्राप्त गर्ने गरी गरेको संझौता बहाल रहने मिति सो संझौता पत्रमा उल्लेख भएको पाइदैन । यसबाट सो संझौता अनन्त कालसम्म बहाल रहने अबस्थाको देखिन्छ । संझौता बमोजिम हुन आउने रकम बुझाएको भनी बिपक्षीले जिकीर लिन सकेको अवस्था समेत नभएको हुंदा कम मूल्य कायम गरी अनन्तकालको लागि संझौता गरी सो बमोजिम हुन आउने रकम समेत नबुझाएको भन्ने स्पष्ट देखिदा उक्त कार्य दुष्कृत भएको पुष्टि भईरहेको अवस्थामा विपक्षीको पुनराबेदन

जिकीर सुनी यस आयोगको निर्णय बदर हुने ठहर गरेको विशेष अदालतको फैसलामा गंभीर त्रुटी हुन पुगेको देखिन्छ ।

२. सानुमान श्रेष्ठको छोरा, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २७ त्यौड, ढोका बहाल २ घर नं. ७१ मा बस्ने रमेशमान श्रेष्ठ .....

मुद्दाः- घर भाडा रकम दाखिला ।
फैसला मितिः २०६७।१।२४
आयोगको निर्णय र विशेष अदालतको फैसलाः

यस आयोगबाट प्रतिवादी रमेशमान श्रेष्ठले विशाल बजार कं.लि.सँग पसल कवल भाडामा लिई पुनः नेपाल इन्भेष्टमेन्ट बैंक लि. लाई बढी मूल्यमा भाडामा दिई बढी मूल्य देवेन्द्रलाल श्रेष्ठको सोही बैंकमा रहेको खातामा जम्मा गरिदिई विशाल बजार कं.लि.लाई हानी नोक्सानी पुऱ्याएकोले सो पसल कवलहरु बापतको सम्पूर्ण घरभाडा रकम विशाल बजार कं. कै खातामा २०६५ चैत्र महिनादेखि दाखिल गरी आयोगमा जानकारी गराउन उल्लिखित बैंकलाई लेखिपठाउने भनी भएको निर्णय उपर रमेशमान श्रेष्ठको तर्फबाट विशेष अदालत, काठमाडौंमा पुनरावेदन परेकोमा उक्त अदालतबाट आयोगको निर्णय बदर भएको ।

फैसलाका आधारः

(क) शेयर धारकले शेयरसँग स्वतः आवद्ध भै प्राप्त गरेको पसल कोठा कसैलाई पुनः वहालमा दिनसक्ने भनी विशाल बजार कम्पनी लिमिटेडको साविकमा प्रयोगमा रहेको प्रशासकीय तथा आर्थिक कार्यविधि नियमावली, २०४९ र हाल प्रयोगमा रहेको आर्थिक कार्यविधि नियमावली, २०६४ मा व्यवस्था भएको ।

(ख) विशाल बजार कम्पनी र रमेशमान श्रेष्ठ बीच बहाल सम्बन्धी करारनामामा लिएको पसल कोठा अरुलाई उपभोग गर्न दिन सक्ने भन्ने शर्त उल्लेख भएको ।

पुनरावेदनका आधारहरुः

(क) विशाल बजार कं.लि.को प्रशासकीय तथा आर्थिक कार्यविधि विनियमावली, २०५९ को परिषेद ५ को बुदा नं. ५.१.१ मा कम्पनीको पसल कोठा बहालमा दिँदा शेयर धनिलाई प्राथमिकता दिईने प्रावधान रहेता पनि नेशनल ट्रेडिङ लि.लाई एउटा पसल कवल मात्र भाडामा दिई अरु दुई नेपाल कृषि सामाग्री कं. लि. र खाद्य संस्थानको क्रमशः ५ प्रतिशत र १५ प्रतिशत शेयर रहेको अवस्थामा उक्त सस्थाहरुले पटक पटक पसल कवल उपलब्ध गराई दिन आग्रह गर्दा समेत उपलब्ध नगराएबाट विशाल बजार कं.लि.का संचालक समितिका रविन्द्रलाल श्रेष्ठ समेतको बदनियत रहेको स्पष्ट रुपमा देखिएको छ । यस अलावा कम्पनी रजिष्ट्रारको कार्यालयले बोलपत्रको माध्यमद्धारा पसल कवल भाडामा लगाउन दिएको निर्देशनलाई पालना नगरी बोलपत्र बेगर पसल कवल भाडा लगाएको

कार्यबाट प्रतिवादी रमेशमान श्रेष्ठलाई पसल कवल भाडामा दिने कार्यमा बदनियत रहेको थप पुष्टि हुन आएको छ ।

(ख) रविन्द्रलाल श्रेष्ठ तत्कालिन राष्ट्रिय सभाको सदस्य रहेको अवस्थामा प्रतिवादी रमेशमान श्रेष्ठले निजको स्वकिय सचिव भई कार्य गरेको, निज रमेशमान श्रेष्ठको रविन्द्रलाल श्रेष्ठ र देवेन्द्रलाल श्रेष्ठसँग निकटतम सम्बन्ध रहेको भन्ने तथ्य प्रतिवादीको बयानबाट देखिन आएको छ ।

(ग) विशाल बजार कम्पनीसँग पसल कवलहरु प्रतिवादी रमेशमान श्रेष्ठले भाडामा लिएपछि उक्त पसल कवलहरु निजले नेपाल इन्भेष्टमेन्ट बैंकलाई कम्पनीलाई बुझाउनु पर्ने भाडाभन्दा बढी मूल्यमा पुनः भाडामा दिएको र उक्त भाडाबाट प्राप्त रकम रविन्द्रलाल श्रेष्ठका भाइ देवेन्द्रलाल श्रेष्ठको सोही बैंकमा रहेको खातामा जम्मा गरिदिएको अवस्था छ । रविन्द्रलाल श्रेष्ठ, देवेन्द्रलाल श्रेष्ठ र प्रतिवादी रमेशमान श्रेष्ठले भाडा रकम देवेन्द्रलाल श्रेष्ठको खातामा जम्मा गरिदिनु पर्ने कारणमा रमेशमान श्रेष्ठबाट पाउनु पर्ने ऋण रकम बापत त्यसरी भाडा रकम आफ्नो खातामा जम्मा गरेको हो भनी बयानमा उल्लेख गरेको भएता पनि रविन्द्रलाल श्रेष्ठ, देवेन्द्रलाल श्रेष्ठ र प्रतिवादी रमेशमान श्रेष्ठका वीच ऋण लिनु दिनुको कुनै कानूनी आधार प्रमाण कागज पेश भएको पाइदैन । यसबाट ऋण बापतको रकम निजको खातामा जम्मा गरेको हो भन्ने कुरा तथ्ययुक्त रुपमा प्रमाणीत हुन सक्ने अवस्था छैन । संचालक समितिको अध्यक्ष समेत रहेका रविन्द्रलाल श्रेष्ठ समेतले प्रतिवादी रमेशमान श्रेष्ठसँग मिलेमतो गरी पसल कवल निज रमेशमान श्रेष्ठलाई भाडामा दिई पुनः नेपाल इन्भेष्टमेन्ट बैंकलाई बढी रकममा भाडामा लगाई विचको मार्जिन रकम भाई देवेन्द्रलालको खातामा जम्मा गरेको स्पष्ट देखिएबाट निजहरुले विशाल बजार कं.लि.लाई हानी नोक्सानी पुऱ्याएको र आफूलाई फाइदा हुने कार्य गरेको प्रष्ट हुन आएकोले आयोगबाट पसल कवल बापतको सम्पूर्ण भाडा रकम विशाल बजार कं.लि.को खातामा जम्मा गरिदिन उक्त बैंकलाई लेखिपठाउने भनी भएको निर्णय अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२क. बमोजिम कानून सम्मत हुँदा उक्त निर्णय बदर गर्ने गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण छ ।

३. जिल्ला सुनसरी मध्य हर्षाही गा.वि.स.वडा नं. ४ बस्ने सोही गा.वि.स.का पूर्व अध्यक्ष लालीप्रसाद मेहता .....

मुद्दाः- निर्णय बदर ।
फैसला मितिः २०६७।२।३०
आयोगको निर्णय र विशेष अदालतको फैसलाः

यस आयोगबाट लालीप्रसाद मेहेताले गा.बि.स.को मानवीय विकास कोषबाट अनुदान स्वरुप रू.१,००,०००।- लिई खर्च गरेको सम्बन्धमा यस आयोगबाट लेखा परीक्षणबाट बेरुजु कायम भएको रकम असूल उपरका लागि जिल्ला विकास समतिको कार्यालय, सुनसरीलाई लेखिपठाउने

भनी दिएको निर्देशन विरुद्ध लालीप्रसाद मेहेताको तर्फबाट विशेष अदालत, काठमाडौं समक्ष पुनराबेदन दायर भएकोमा सो अदालतबाट आयोगको मिति २०६६।३।१९ को उक्त निर्णय बदर भएको ।

फैसलाका आधारहरुः

(क) अडिट रिपोर्टबाट औल्याइएको बेरुजु रकम असूल उपर गर्नुपर्ने वा नियमित गर्नुपर्ने कुराहरुको हकमा प्रचलित कानून बमोजिम अशुल उपर हुन सक्ने ।

(ख) पुनरावेदकलाई प्रतिवादको मौका नदिई गरेको आयोगको निर्णय प्राकृतिक न्यायको सिद्धान्त विपरित देखिएको ।

पुनरावेदनका आधारहरुः

(क) प्रतिवादी लालीप्रसाद मेहताले गा.वि.स.को मानविय विकास कोषबाट आफ्नो मुटुको रोगको उपचारको लागि अनुदान स्वरुप रू. १ लाख लिई खर्च गरेको तथ्यमा विवाद रहेको छैन । तत्कालिन गा.वि.स.अध्यक्षको पदमा रहेका निज प्रतिवादीले गा.वि.स.को पूर्व स्वीकृती बेगर स्वयंले रकम झिकी खर्च समेत गरेको कार्यबाट निजले अनुचित कार्य गरेको प्रष्ट भएको छ ।

(ख) निज प्रतिवादीले झिकी खर्च गरेको रकम लेखा परीक्षणबाट बेरुजु औल्याइएकोमा उक्त बेरुजु गा.वि.स. र गाउँ परिषद्बाट अनुमोदन भएको भनिएता पनि गा.वि.स. र गाउँ परिषद बेरुजु मिन्हा दिने वा संपरीक्षण गर्ने अधिकार प्राप्त निकाय वा अंग होइनन् ।

(ग) लेखा परीक्षणबाट बेरुजु कायम भएको रकम असूल उपरका लागि जिल्ला प्रशासन कार्यालय, सुनसरीबाट पनि पत्राचार भएको बुझिन आएको हुँदा जिल्ला विकास समितिको कार्यालय, सुनसरीलाई लेखिपठाउने र सोको अनुगमनका लागि जिल्ला प्रशासन कार्यालय, सुनसरीलाई बोधार्थ दिने भनी आयोगबाट भएको निर्देशन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२क. बमोजिम कानून सम्मत नै भएको हुँदा आयोगको निर्देशन बदर हुने ठहर गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(घ) गा.वि.स.को पूर्व निर्णय बेगर रकम झिकी खर्च गरेको र सो रकम असूल उपर गर्नुपर्ने भनी लेखा परीक्षण प्रतिवेदनबाट देखिएको अवस्थामा प्रतिवादीलाई सुनुवाईको मौका दिइरहनु पर्ने कुनै आवश्यकता नै नदेखिई रकम असूलउपर गर्नको लागि लेखिपठाउने भनी निर्देशन दिइएको हुँदा सुनुवाईको मौका नदिएको कारणले मात्र आयोगको निर्देशन बदर हुन सक्ने होइन ।

४. पर्सा जिल्ला अलौ गा.वि.स.वडा नं. ६ बस्ने मजिदी अन्सारी.....
मुद्दाः- निर्णय बदर ।
फैसला मिति : २०६७।६।११

आयोगको निर्णय र विशेष अदालतको फैसला:

यस आयोगबाट पर्सा जिल्ला अलौ गा.बि.स. वडा नं. ६ स्थित कि.नं. १२१ को जग्गाको फिल्डबुकको किसानको व्यहोरा महलमा थप भएको वाक्यांश हटाई मिति २०६१।९।६ भन्दा अघि रहेको खाली नै कायम गर्न नापी शाखा पर्सालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२क. बमोजिम निर्देशन दिने भनी भएको निर्णय विरुद्ध विशेष अदालत, काठमाडौं समक्ष पुनरावेदन दायर गरेकोमा उक्त अदालतबाट आयोगको निर्देशन बदर हुने ठहरी फैसला भएको ।

फैसलाका आधारहरु:

(क) आयोगबाट भएको निर्णयमा एकातर्फ विवादित जग्गाको स्वमित्व अदालतको फैसला अनुसार हुने नै हुंदा हाल केही गरिरहन परेन भनी उल्लेख भएको र अर्कोतर्फ किसानको महलमा व्यहोरा थप गर्ने काम को बाट भयो खुल्न नसकेको भनी विरोधाभाषपूर्ण व्यहोरा उल्लेख भएको ।

(ख) विवादित विषयमा अदालतमा मुद्दा समेत चली विचाराधीन अबस्थामा रहेकोमा पर्ती जग्गाको विषयमा अदालतबाटै निर्णय हुन सक्ने अबस्था रहेको ।

(ग) फिल्डबुकमा थप भएको भनिएको व्यहोरा खलिल मियांले नै लेखी सही गरेका हुन् होइनन् ? र निजको मृत्यु २०५४ सालमा भएको हो होइन भन्ने तर्फ अनुसन्धान नै नभएको ।

पुनरावेदनका आधारहरु:

(क) प्रस्तुत मुद्दाका उजूरवाला रहमान मिया अन्सारीले उजूरी साथ पेश गरेको पर्सा जिल्ला अलौ गा.वि.स. वडा नं. ६ को कि.नं. १२१ क्षेत्रफल १० धुर भएको पर्ति जग्गाको मिति २०६१।९।६ मा नापी शाखा पर्साले दिएको फिल्डबुक उतार प्रतिलिपिमा किसानको व्यहोरा खाली भएको भनी उक्त प्रतिलिपि उजूरी साथ पेश गरेको देखिन्छ । मिति २०६२।१०।२ मा निबेदक महमुद मिया अन्सारीलाई नापी शाखाले प्रदान गरेको सोही जग्गाको फिल्डबुक उतारमा किसानको व्यहोरा महलमा यो जग्गा ऐलानी हो मैले १० बर्ष देखि घर बनाई बसी आएको छु भन्ने वाक्यांश भई खलिल मियाको सही छाप भएको भन्ने देखिन आएको छ । उक्त प्रतिलिपिहरु २०६१।९।६ मा निबेदक रहमान मियांले पर्सा जिल्ला अदालतमा सो जग्गाको विषयमा मुद्दा दायर गर्न र २०६२।१०।२ मा महमुद मिया अन्सारीले प्रत्युत्तर जवाफ दिने प्रयोजनको लागि लिएको मिसिल संलग्न कागजहरुबाट देखिन आउंछ ।

(ख) यसरी मिति २०६१।९।६ मा नै किसानको व्यहोरा खाली रहेको फिल्डबुकमा सो मिति पश्चात् लेखिएको व्यहोरा स्वभाविक देखिन आउंदैन । विपक्षीले आफ्नो पुनराबेदनमा

फिल्डबुकमा यो जग्गा ऐलानी हो मैले १० बर्ष देखि घर बनाई बसी आएको छु भन्ने व्यहोरा नापीको बखतमा नै लेखिएको हो वा अघिदेखि नै थियो भनी जिकीर लिन सकेको देखिदैन । नापी शाखा, पर्साको मिति २०६३।६।३१ को पत्र र जिल्ला प्रशासन कार्यालय, पर्साको मिति २०६३।४।२८ को पत्रबाट समेत उल्लिखित दुई मितिका फिल्डबुक उतार मध्ये मिति २०६१।९।६ को फिल्डबुक उतार अर्थात् किसानको व्यहोरा खाली भएको फिल्डबुक उतार नै बास्तविक हो भन्ने देखिन आएको छ ।

(ग) फिल्डबुकमा थप भएको भनिएको व्यहोरा खलिल मियांले नै लेखी सही गरेका हुन् होइनन् ? र निजको मृत्यु २०५४ सालमा भएको हो होइन ? भन्ने तर्फ अनुसन्धान नै नभएको भनी बिशेष अदालतले फैसलामा लिएको आधारका सम्बन्धमा मिति २०६१।९।६ मा लिएको प्रमाणित प्रतिलिपिबाट सो व्यहोरा पछि मात्र लेखिन गएको हो भन्ने तथ्यमा विबाद छैन । सो पछि लेखिन गएको व्यहोरा को कसबाट लेखिन गएको हो अनुसन्धानबाट पत्ता लाग्न नसकेको सम्म अबस्था हो । तसर्थ फिल्डबुकको खाली रहेको स्थानमा पछि लेखिन गएको व्यहोरा हटाई पहिलेकै स्थितिमा राख्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क. बमोजिम गर्न यस आयोगलाई कुनै बाधा पर्ने अबस्था नदेखिएको र आयोगबाट भएको सो निर्णयबाट अदालतमा विचाराधीन मुद्दामा असर पर्ने अबस्था पनि छैन ।

५. काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. ३४ बस्ने हरिप्रसाद गिरी.....

मुद्दाः- निर्णय बदर ।
फैसला मितिः २०६७।६।८
आयोगको दाबी र विशेष अदालतको फैसलाः

हरिप्रसाद गिरीले आयोगको निर्णय बदर गरी पाउँ भनी विशेष अदालत, काठमाडौंमा पुनरावेदन प्रस्तुत गरेकोमा उक्त अदालतबाट आयोगको निर्देशन बदर हुने ठहरी फैसला भएको ।

फैसलाका आधारहरुः

(क) नापी कार्यालयको मिति २०५५।१०।२९ र २०६४।२।१० को पत्रबाट विवादमा आएको जग्गाको क्षेत्रफल फरक देखिन आएको अवस्थामा पुनराबेदकको नाम दर्ताको जग्गाको दर्ता वदर गर्ने सम्बन्धमा निर्णय गर्दा पुनरावेदक र सम्बद्ध प्रमाण समेतलाई नबुझी प्राकृतिक न्यायको सिद्धान्तको विपरीत निर्णय भएको ।

(ख) पुनराबेदकको नामको जग्गाको सम्बन्धमा नापी शाखा डिल्लीबजारको मिति २०५५।१०।२९ को विवरण र २०६४।२।१० को विवरणमा जग्गाको क्षेत्रफल फरक देखिन आएको ।

(ग) कि.नं. ३२८, ३३० र ३४ नेपाल सरकारको नाममा कायम गरी बांकी कि.नं. ३२९ र ३३१ हरिप्रसाद गिरीको नाममा श्रेस्ता अद्यावधिक गरी दिने भनी मिति २०५५।११।५ मा मालपोत कार्यालयबाट निर्णय भइसकेको ।

पुनरावेदनका आधारहरुः

(क) पुनराबेदकको नाममा हाल कायम रहेका जग्गा २०२२ सालमा सर्भे नापी हुँदा पर्ती जनिएको तथ्यलाई विपक्षीले समेत स्वीकार गरेको हुंदा सा सम्मको तथ्यमा विवाद छैन । यसरी २०४६ सालभन्दा अघिको श्रेष्तामा विपक्षीको नाम उल्लेख हुन नसकेको जग्गा २०४६ सालको नापीमा के कुन आधारबाट निजको नाममा नापी हुन पुग्यो भनी विपक्षीले उल्लेख गर्न सकेको छैन । आफ्नो स्वामित्वको जग्गा हो भन्ने पक्षले आफूले जिकीर लिएको कुराको पुष्टि हुने गरी प्रमाण पुऱ्याउनु पर्नेमा सो दायित्व पूरा गर्न सकेको अबस्था छैन । निजले आफ्नो नाममा सो जग्गा यो यस्तो श्रोतबाट आएको हो भन्ने खुलाउन नसकेको अबस्था तर्फ विशेष अदालतको ध्यान पुगेको छैन ।

(ख) जहांसम्म विपक्षीले पर्ती जग्गा घुसेको भए कट्टा गरिपाउं भनी दिएको निबेदनमा मालपोत कार्यालयबाट मिति २०५५।११।५ मा निर्णय भएको भनी उठाएको प्रसंग छ सो सम्बन्धमा साविक नाप नक्साको समयमा पर्ती जनिई सरकारी वा सार्वजनिक लगतमा कायम भएको जग्गा व्यक्तिहरुले आफनो नाममा दर्ता गराएको अबस्थामा मालपोत ऐन, २०३४ को दफा २४ अनुसार दर्ता बदर गरी उक्त जग्गा साविक बमोजिम सरकारी सार्वजनिक कायम गर्न सक्ने भनी नापी शाखा डिल्लीबजारबाट मिति २०६२।४।७ मा लेखिआएको छ ।

(ग) नापी शाखा डिल्लीबजारको मिति २०५५।१०।२९ को विवरण र २०६४।२।१० को विवरणमा जग्गाको क्षेत्रफल फरक देखिन आएको भनी फैसलामा उल्लेख भएतर्फ हेर्दा पनि प्रस्तुत मुद्दामा विबादको प्रश्न साविक कि.नं. १२ को जग्गा पर्ती हो होइन भन्ने हो । २०२२ सालको नापीमा सो जग्गा पर्ती भन्ने उल्लेख भएको र विपक्षीले आफ्नो पुनराबेदनमा सो जग्गा निजको आफ्नै हो भन्ने पुष्टि हुन सक्ने ठोस आधार उल्लेख गर्न सकेको अबस्था नभएको हुंदा समेत उक्त फैसला त्रुटिपूर्ण देखिन्छ ।

(घ) मालपोत कार्यालयबाट प्राप्त हुन आएको विवरणबाट सो जग्गा पर्ती भन्ने स्पष्ट नै देखिएको अवस्थामा प्रतिवादीलाई झिकाई रहनु पर्ने देखिन नआई निजलाई जानकारी दिएको अबस्था नभएकोसम्म हो । निजले विशेष अदालत समक्ष दायर गरेको पुनराबेदन पत्रमा पनि उक्त जग्गा पर्ति नभई निजको स्वामित्वको हो भन्ने कुनै बस्तुनिष्ठ आधार उल्लेख गर्न सकेको अबस्था छैन ।

६. गोरखा जिल्ला आँपपिपल गा.वि.स. वडा नं. ३ घर भै हाल काठमाडौ जिल्ला का.म.न.पा. वडा नं. ३ वसुन्धरा वस्ने सरोज देवकोटा.....

मुद्दाः- निर्णय वदर ।
फैसला मिति २०६७।७।१०
आयोगको निर्णय र विशेष अदालतको फैसलाः

प्रतिवादी सरोज देवकोटाले यस आयोगको मिति २०६२।११।२९ को निर्णय वदर गरीपाउँ भनी विशेष अदालत, काठमाडौ समक्ष पुनरावेदन प्रस्तुत गरेकोमा उक्त अदालतबाट आयोगको निर्देशन वदर हुने ठहरी फैसला भएको ।

फैसलाका आधारहरुः

(क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली, २०४९ को विनियम ५५ ले निर्धारण गरेको असाधारण विदा स्वीकृत गर्ने अवधि नै नपुगेको अर्जुनवहादुर के.सी. को विदा स्वीकृत गरी अख्तियार दुरुपयोग गरेतर्फ पुनरावेदक उपर विभागीय कारवाही हुन सक्नेमा आयोग त्यसतर्फ मौन रहेको ।

(ख) अर्जुनवहादुर के.सी.को असाधारण विदा स्वीकृत गरी निजलाई काम काजमा लगाई निजले पाउने तलव सुविधा उपलव्ध गराएकोमा कर्मचारीले कामकाज गरी पारिश्रमिक स्वरुप उपलव्ध गराएको रकमलाई हानी नोक्सानीको संज्ञा दिन मिल्ने नदेखिनुका साथै निज अर्जुनवहादुर के.सी. लाई प्रस्तुत मुद्दामा वुझ्ने कार्य समेत नभएको ।

पुनरावेदनका आधारहरुः

(क) अर्जुनबहादुर के.सी.ले मिति २०५२।३।३० मा दिएको राजिनामा तत्काल स्वीकृत हुन नसकेको भए तापनि विपक्षी सदस्य सचिव पदमा वहाल भएपछि लामो समयसम्म पनि राजिनामा स्वीकृत गर्नेतर्फ कारवाही प्रारम्भ नगरी अर्जुनवहादुर के.सी. ले परिषद्मा कामकाज गर्न प्रवल ईच्छा छ भनी दिएको निवेदन उचित कारण र आधार विना नै मिति २०५२।९।३० मा दर्तागरी सोही मितिमा टिप्पणी उठाई राजिनामा सनाखत गराउने वहानामा निजले जिल्ला विकास समिति, वाग्लुङ्गमा काम गरेको अवधिको असाधारण विदा स्वीकृत गरी छोडी सकेको काममा पुनः लगाएको अवस्था स्पष्ट रुपमा देखिन आएको छ ।

(ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्को कर्मचारी सेवा शर्त विनियमावली, २०४९ को विनियम ५५ को (३) मा ५ वर्ष सेवा अवधि नपुगी कुनै पनि कर्मचारीले असाधारण विदा पाउने छैन भन्ने स्पष्ट व्यवस्था रहेको छ । सो स्पष्ट कानूनी व्यवस्थाको विपरीत हुने गरी अर्जुनवहादुर के.सी.को अध्ययन विदा भने परिषदको वैठकमा लगी मिति २०५३।१।२३ मा स्वीकृत गराएको देखिएकोमा सो कार्य विपक्षीको अनुचित कार्य भएको अवस्थालाई फैसलाले समेत स्वीकार गरेको छ । यसरी निज अर्जुनवहादुर के.सी. को असाधारण विदा परिषदको कर्मचारी सेवा शर्त सम्बन्धी कानून बमोजिम स्वीकृत हुनै नसक्ने अवस्थामा पनि स्वीकृत गरी पुनः हाजिर गराई काम गर्न दिने गरेको निर्णय

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (क) अनुसार अनुचित कार्य भएको स्पष्ट छ । यसरी कानून विपरीत असाधारण विदा स्वीकृत गरी हाजिर गराएको परिणाम स्वरुप निज अर्जुनवहादुर के.सी.अधिकृतस्तर द्वितीय र प्रथम श्रेणीको पदमा नियुक्ति पाउन सफल भएको र निज पदमा वहाल भएपछि वहाल अवधिमा निजलाई भुक्तान हुन गएको तलव भत्ताको रकम रू.६,०४,३६५।- त्यसरी गैर कानूनी रुपमा हाजिर गराउने सदस्य सचिव सरोज देवकोटाबाटै असूल उपर गर्नुपर्ने अबस्था भएको स्पष्ट छ ।

(ग) अर्जुनवहादुर के.सी. ले जिल्ला विकास समिति, वाग्लुङ्गमा काम गरेको अवधिको असाधारण विदा माग गर्दै हाजिर हुन निवेदन पेश गरेपछि निजले पेश गरेको राजिनामाको सम्वन्धमा सोधपुछ, राजिनामा सनाखत लगायतका विषयमा विस्तृत छानवीन गर्नु पर्नेमा विपक्षीले सो तर्फ कुनै कारवाही नगरी लामो समयसम्म परिषदमा गैर हाजिर रहेको व्यक्तिको निवेदनको भरमा राजिनामा दिईसकेको पदमा पुनः हाजिर गराउने गरेको सदस्य सचिवको कार्य गलत र दुषित मनसायबाट प्रेरित भएको देखिन्छ ।

(घ) सार्वजनिक पदधारण गरेको व्यक्तिले अनुचित कार्य गरी नेपाल सरकार वा सार्वजनिक संस्थालाई हानी, नोक्सानी पुऱ्याएकोमा त्यस्तो हानी नोक्सानी सम्वन्धित व्यक्तिबाट भरीभराउ गर्न सम्वन्धित निकाय वा अधिकारीलाई लेखी पठाउन सक्ने व्यवस्था अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क ले गरेको छ । गैरकानूनी रुपमा विदा स्वीकृत गरी हाजिर गराएका कारण अर्जुनवहादुर के.सी. पदमा वहाल भएपछि वहाल अवधिमा निजलाई भुक्तान हुन गएको तलव भत्ताको रकम उक्त परिषद्का सदस्य सचिव सरोज देवकोटासँग असूल उपर गर्नुपर्ने ठहर गरी सम्वन्धित निकायमा लेखी पठाउने भनी आयोगले गरेको निर्णय कानून सम्मत छ ।

(इ) पुनरावेदन अदालतबाट भएको फैसला दोहोऱ्याई हेरिपाउन दिएको निवेदनको विवरणः

१) जिल्ला सर्लाही सुन्दरपुर गा.वि.स.वडा नं. ७ बस्ने शेष अब्दुल हादी .....

मुद्दा : भ्रष्टाचार ।
फैसला मितिः २०६६।१०।१३
विशेष प्रहरी विभागको दाबी र अदालतबाट भएको फैसलाः

उपरोक्त प्रतिवादीसँगको उक्त मुद्दामा प्रतिवादी गा.वि.स.अध्यक्ष शेष अब्दुल हादीले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ मा उल्लिखित कसूर गरेकोले निजलाई सोही दफा १३ बमोजिम सजाय गरी बिगो रू. २,६५,३८४।८३ निजबाट असूल उपर गराई पाउँ भन्ने व्यहोराको अभियोगपत्र सर्लाही जिल्ला अदालतमा प्रस्तुत भएकोमा सो मुद्दा तह तह हुंदै सर्वोच्च अदालतसम्म पुगी पुनः फैसलाको लागि जिल्ला अदालतमा गएकोमा सो अदालतबाट प्रतिवादीलाई सफाई दिई भएका फैसला उपर चित्त नबुझी पुनरावेदन अदालत जनकपुरमा

पुनरावेदन गरिएकोमा उक्त अदालतबाट सर्लाही जिल्ला अदालतको फैसला सदर हुने ठहर भएको ।

फैसलाको आधारः

प्रतिवादी शेष अब्दुल हादीलाई अभियोग माग दाबीबाट सफाई दिने गरी पुनरावेदन अदालत जुनकपुरले फैसला गर्दा मिति २०६५।१०।५ मा सर्लाही जिल्ला अदालतले गरेको फैसलालाई सदर गर्दा देहाय बमोजिमका आधारहरु लिएको देखिन्छ :-

(क) प्रतिवादीले लिएको रकम प्राविधिक जाँचपास भै कार्य सम्पन्न भएको प्रमाणित नभएसम्म पेश्की रकम फछ्यौंट हुन नसक्ने अबस्था रहेको ।
(ख) प्रतिवादीले भ्रष्टाचार गरको भन्ने तथ्ययुक्त एवं ठोस प्रमाणबाट पुष्टि हुन नआएको अबस्था रहेको ।

निवेदनको व्यहोराः

(क) प्रत्यर्थी शेष अब्दुल हादीले विभिन्न योजनाका कार्यहरु गर्न रकम लिई ती कार्यहरु नगरी भ्रष्टाचार गरेको भनी जाहेरवाला अदालत समक्ष गै बकपत्र समेत गरेकोमा निजको सो वकपत्रलाई प्रमाणको रुपमा ग्रहण नगरी भएको निर्णय त्रुटिपूर्ण छ ।
(ख) प्रतिवादीले जि.वि.स.बाट विभिन्न विकास निर्माणको लागि भनी लिएको रकम सम्बन्धित निर्माण कार्यमा नलगाई आफु खुशी मासेको, सोको प्राविधिक मूल्यांकन समेत नभएको अबस्थाले भ्रष्टाचारजन्य कार्य गरेको पुष्टि भैरहेको छ । जुन उद्देश्यको लागि भनी रकम निकासा लिई गएको हो सोही प्रयोजनमा खर्च नगरी रकम खाने मनसाय रहेको मिसिल संलग्न तथ्यहरुबाट पुष्टि भइरहेको छ । कार्य सम्पन्न नभएको तथ्यमा विबाद नभएको र निजले दिएको बयानबाट समेत खर्चको प्रमाण पेश गर्न नसकिने आशय व्यक्त गरेको अबस्थाबाट समेत रकम निकासा गरी कार्य सम्पन्न नगरको पुष्टि हुन आएबाट पनि भ्रष्टाचार भएको पुष्टि भइरहेको छ ।
(ग) प्रत्यर्थीले तत्कालीन गा.वि.स.अध्यक्षको हैसियतले विभिन्न विकास निर्माणका कार्यहरु सम्पन्न गर्न जि.वि.स.बाट निकासा लिएको रकम तोकिएको कार्यमा खर्च नगरी खाई मासेको अबस्थाबाट प्राविधिक जाँचपास हुन सक्ने विद्यमान अबस्था रहे भएको नदेखिएकोले प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला स्पष्ट रुपमा कानूनी विपरित भएको देखिन्छ ।

२) धादिङ्ग जिल्ला निलकण्ठ गा.वि.स. वडा नं. ५ बस्ने ऐ.ऐ. जिल्ला सिद्धेश्वर उच्च मा.वि. नलाङ्गमा श्रोत व्यक्तिको पदमा कार्यरत ईश्वरकुमार श्रेष्ठ .....
धादिङ्ग जिल्ला निलकण्ठ गा.वि.स. वडा नं. ५ बस्ने ऐ.ऐ. जिल्ला निलकण्ठ गा.वि.स. र मुरली भञ्ज्याङ्ग गा.वि.स. का सबै विद्यालयहरुको श्रोत व्यक्तिमा कार्यरत भुपेन्द्रकुमार श्रेष्ठ.....
मुद्दाः- निर्णय वदर (अनुचित कार्य) ।
फैसला मितिः २०६७।५।२४

आयोगको निर्णय र विशेष अदालतको फैसलाः

प्रतिवादी भुपेन्द्रकुमार श्रेष्ठले यस आयोगको मिति २०६६।७।२९ को निर्णय वदर गरी पाउँ भनी विशेष अदालत, काठमाडौंमा पुनरावेदन प्रस्तुत गरेकोमा उक्त अदालतबाट आयोगको निर्देशन वदर हुने ठहरी फैसला भएको ।

फैसलाका आधारहरुः

(क) श्रोत व्यक्तिको हैसियतले गर्नुपर्ने कार्य र दायित्व पूरा नगरेको भन्ने सम्बन्धमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिको असन्तुष्टि रहेको नदेखिएको ।

(ख) जिल्ला शिक्षा कार्यालय र पुनरावेदकहरु वीच पटक पटक भएको सम्झौतामा उल्लिखित शर्तहरु यी पुनरावेदकबाट उल्लंघन गरेको भन्ने मिसिल संलग्न कागजातबाट नदेखिएको ।

(ग) पुनरावेदक र जिल्ला शिक्षा कार्यालयवीच भएको करारको उल्लंघन भएको तथ्यको पुष्ट्याईं भएको देखिन नआएको र विद्यालय व्यवस्थापन समितिको तर्फबाट श्रोत व्यक्ति उपर कुनै उजूरी परेको नदेखिएको ।

पुनरावेदनका आधारहरुः

(क) पुनरावेदक द्वयले श्रोत व्यक्तिको हैसियतले गर्नुपर्ने कार्य र दायित्व पूरा नगरेको भनी विद्यालय व्यवस्थापन समितिको असन्तुष्टि रहेको नदेखिएको भनी विशेष अदालतले फैसलामा लिएको आधार तर्फ हेर्दा जिल्ला शिक्षा कार्यालय धादिङ्गको च.नं. ४७१ मिति २०६६।७।१० को पत्रानुसार ईश्वरकुमार श्रेष्ठ र भुपेन्द्रकुमार श्रेष्ठ विभिन्न विद्यालयको श्रोत व्यक्तिको रुपमा तोकिएको, च.नं. १५८ मिति २०६६।५।१ को पत्रानुसार भुपेन्द्रकुमार श्रेष्ठलाई निलकण्ठ उच्च मा.वि. मा क्याम्पस प्रमुखको जिम्मेवारी तोकिएको र ईश्वरकुमार श्रेष्ठले विहानी सत्रको अतिरिक्त पदाधिकार रहेको विद्यालयको प्रशासनिक कार्यमा समेत सहयोग पुऱ्याउँदै आएको भन्ने देखिए तर्फ विशेष अदालतको ध्यान पुगेको छैन ।

(ख) भुपेन्द्रकुमार श्रेष्ठ र ईश्वरकुमार श्रेष्ठ दुवैले विभिन्न विद्यालयको श्रोत व्यक्तिको जिम्मेवारी वहन गर्नुका साथै पठन पाठन र प्रशासनिक कार्य मै संलग्न रहेको भन्ने जिल्ला शिक्षा कार्यालयको पत्र र सम्वन्धित व्यक्तिको भनाईबाट समेत पुष्टि हुन आएकोले यी दुवै श्रोत व्यक्तिहरु आफ्नो निर्धारित कार्य गर्न छाडी पठन पाठन र प्रशासनिक कार्य मै संलग्न रहेकोमा विवाद छैन । यसरी श्रोत व्यक्तिका साथै पठन पाठन र प्रशासनिक कार्यमा संलग्न रहेको भन्ने तथ्यमा विवाद नभएको अवस्थामा निजहरुले श्रोत व्यक्तिको हैसियतले गर्नुपर्ने कार्य र दायित्व पूरा नगरेको सम्बन्धमा सम्बन्धित व्यवस्थापन समितिको असन्तुष्टि नरहेको भनी फैसलाले लिएको आधारतर्फ हेर्दा पनि त्यसरी विद्यालय व्यवस्थापन समितिले निजहरुको सो कार्यलाई अन्यथा नभनेकै आधारमा मात्र निजहरुले. गरेको सो अनुचित कार्यले छूट पाउन सक्ने अवस्था हुँदैन ।

(ग) पुनरावेदक र जिल्ला शिक्षा कार्यालय वीचको करार सम्झौता बमोजिम निजहरुलाई श्रोत व्यक्तिमा नियुक्त गरिएको, त्यसरी नियुक्त श्रोत व्यक्तिहरुलाई निलकण्ठ उच्च मा.वि. को पठनपाठन र प्रशासनिक कार्यको समेत जिम्मेवारी दिईएको भन्ने निज पुनरावेदकहरु भुपेन्द्रकुमार श्रेष्ठ, ईन्द्रकुमार श्रेष्ठ र विद्यालयको भनाई एवं जवाफहरुबाट प्रष्ट भएको देखिन्छ। त्यस्तो व्यक्ति वा संस्थाले आफ्नो निर्धारित कार्य र दायित्व पूरा नगरी अख्तियारको दुरुपयोग गरी अनुचित कार्य गरेको सम्वन्धमा अनुचित कार्यबाट प्रभावित जो सुकैले पनि आयोग समक्ष उजुरी दिन सक्ने व्यवस्था अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ ले गरेको छ। यसरी गैर कानूनी कार्य उपर जो सुकैले पनि उजूरी दिन सक्ने नै हुंदा विद्यालय व्यवस्थापन समितिबाट श्रोत व्यक्ति उपर कुनै उजूर नपरेको भनी फैसलाले लिएको आधार कानूनसंगत देखिदैन ।

परिच्छेद - ५
पुनरावेदन नगरिएका मुद्दाहरूको संक्षिप्त विवरण

१. वादी नेपाल सरकार प्रतिवादी दुर्गम क्षेत्र विकास समिति, अनुगमन कार्यालय, नेपालगंजका प्रमुख अनुगमन अधिकृत बामदेव ज्ञवाली समेत भएको भ्रष्टाचार मुद्दामा प्रतिवादीहरु मध्ये बामदेव ज्ञवालीलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ र १३ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) र १७ बमोजिम विद्या प्रकाश बुढालाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम सजाय हुन र विगो रु.९,६३,५८०।- निज दुवै प्रतिवादीबाट सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २९ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम दुर्गम क्षेत्र विकास समिति, अनुगमन कार्यालय, नेपालगंजलाई दिलाई भराई पाउन तथा ठेकेदार विद्या प्रकाश बुढालाई सम्झौता उल्लघन गरे बापत प्रति दिन ०.०५ प्रतिशतका दरले हुन आउने हर्जाना समेत दिलाई भराई पाउन समेतको मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरु उपरको कसूर ठहर गरी विगोका हकमा मागदावीभन्दा घटी रु.४,९५,९८०।- मात्र र हर्जानाको मागदावी नपुग्ने ठहर गरी फैसला भएकोमा प्रतिवादी वामदेव ज्ञवालीले ठेक्काको अंक रू. १२,८२,३४०।- मध्ये सामान बापतको भनी रू. ९,६३,५८०।- ठेकेदार प्रतिवादी विद्या प्रकाश बुढालाई भुक्तानी दिएको मध्ये अनुगमन कार्यालयका इन्जीनियर अजयकुमार शाहले दिएको विवरणबाट ठुवानी हुन बाँकी सामानको विगो रू. ४,९५,९८०।- मात्र देखिएको र भ्रष्टाचार निवारण ऐन, २०५९ मा हर्जाना सम्बन्धमा कुनै व्यवस्था भएको नदेखिदा ती प्रश्नमा पुनराबेदन गरे तापनि नेपाल सरकारलाई सफलता हासिल हुन सक्ने अवस्था देखिन नआएकोले आयोगको मिति २०६७।६।१८ को निर्णय अनुसार पुनरावेदन नगरिएको ।

२. वादी नेपाल सरकार प्रतिवादी दुर्गम क्षेत्र विकास समिति, अनुगमन कार्यालय, नेपालगंजका प्रमुख अनुगमन अधिकृत बामदेव ज्ञवाली समेत भएको भ्रष्टाचार मुद्दामा प्रतिवादीहरु मध्ये वामदेव ज्ञवालीलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ र १३ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) र १७ बमोजिम, प्रतिवादी विद्याप्रकाश बुढालाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम सजाय हुनका साथै विगो रू. ६,३६,३४८।- निज दुवै प्रतिवादीबाट सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २९ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम दुर्गम क्षेत्र विकास समिति, अनुगमन कार्यालय, नेपालगंजलाई दिलाई भराई पाउन र ठेकेदार विद्या प्रकाश बुढालाई सम्झौता उल्लघन गरे बापत प्रति दिन ०.०५ प्रतिशतका दरले हुन आउने हर्जाना समेत दिलाई भराई पाउन समेतको मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरु उपरको कसूर ठहर गरी विगोका हकमा मागदावीभन्दा घटी रू.२,४५,९८०।८७ मात्र र हर्जानाको मागदावी नपुग्ने ठहर गरी फैसला भएकोमा प्रतिवादी वामदेव ज्ञवालीले ठेक्काको अंक रू. ६,३६,३४८।८७ मध्ये सामान बापतको भनी रू. ६,६३,३४८।- ठेकेदार प्रतिवादी विद्या प्रकाश बुढालाई भुक्तानी दिएको मध्ये अनुसन्धान अधिकृत दशरथ गौतमले आयोगमा पेश गरेको प्रतिवेदनबाट ठुवानी हुन बाँकी सामानको

विगो रू. २,४५,९८०।८७ मात्र देखिएको र भ्रष्टाचार निवारण ऐन, २०५९ मा हर्जाना सम्बन्धमा कुनै व्यवस्था भएको नदेखिदा ती प्रश्नमा पुनरावेदन गरे तापनि नेपाल सरकारलाई सफलता हासिल हुन सक्ने अवस्था देखिन नआएकोले आयोगको मिति २०६७।६।१८ को निर्णय अनुसार पुनरावेदन नगरिएको ।

३. वादी नेपाल सरकार प्रतिवादी दुर्गम क्षेत्र विकास समिति, अनुगमन कार्यालय, नेपालगंजका प्रमुख अनुगमन अधिकृत बामदेव ज्ञवाली समेत भएको भ्रष्टाचार मुद्दामा प्रतिवादीहरु मध्ये बामदेव ज्ञवालीलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ र १३ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) र १७ बमोजिम र प्रतिवादी विद्या प्रकाश बुढालाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम सजाय हुनका साथै विगो रू. १२,६३,५३८।- निज दुवै प्रतिवादीबाट सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २९ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम दुर्गम क्षेत्र विकास समिति, अनुगमन कार्यालय, नेपालगंजलाई दिलाई भराई पाउन साथै ठेकेदार विद्या प्रकाश बुढालाई सम्झौता उल्लघन गरे बापत प्रति दिन ०.०५ प्रतिशतका दरले हुन आउने हर्जाना समेत दिलाई भराई पाउन समेतको मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरु उपरको कसूर ठहर गरी विगोका हकमा मागदावीभन्दा घटी रु.८,३२,३८६।२० मात्र र हर्जानाको मागदावी नपुग्ने ठहर गरी फैसला भएकोमा प्रतिवादी वामदेव ज्ञवालीले ठेक्काको अंक रू. १६,६८,५७२।- मध्ये सामान बापतको भनी रू. १२,६३,५३८।- ठेकेदार प्रतिवादी विद्या प्रकाश बुढालाई भुक्तानी दिएको मध्ये अनुगमन कार्यालयका इन्जिनियर अजयकुमार शाहले दिएको विवरणबाट ढुवानी हुन बाँकी सामानको विगो रू. ८,३२,३८६।२० मात्र देखिएको, आरोपपत्रमा हर्जाना समेत दिलाई भराई पाउने मागदावी लिइएकोमा भ्रष्टाचार निवारण ऐन, २०५९ मा हर्जाना सम्बन्धमा कुनै व्यवस्था भएको नदेखिदा ती प्रश्नमा पुनरावेदन गरे तापनि नेपाल सरकारलाई सफलता हासिल हुन सक्ने अवस्था देखिन नआएकोले आयोगको मिति २०६७।६।१८ को निर्णय अनुसार पुनरावेदन नगरिएको ।

४. वादी नेपाल सरकार प्रतिवादी अर्थ मन्त्रालयका तत्कालीन सह सचिव नरेन्द्रमान श्रेष्ठ समेत भएको भ्रष्टाचार मुद्दामा प्रतिवादी नरेन्द्रमान श्रेष्ठले रू. १,४१,८०,२३८।५२ बराबरको चल अचल सम्पत्ति भ्रष्टाचार गरी गैरकानूनी रुपमा आर्जन गरी निजले सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१),१०,र १५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसूर गरेकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१),१०, १५ र २९ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम सजाय हुनका साथै निजले भ्रष्टाचार गरी आफू, श्रीमती तथा छोराहरुको नाममा राखेको सम्पत्ति जफत गरिपाउन समेतको मागदबी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादी नरेन्द्रमान श्रेष्ठको कसूर ठहर भए तापनि रू. ४६,०४,३९०।२९ मात्र अर्थात् मागदाबी भन्दा कम बिगो कायम गरेको । त्यसरी विगो कम कायम गर्दा विशेष अदालतबाट व्यक्ति आफैंले बनाएको घरमा निर्माण लागतको २० प्रतिशत खर्च नहुने, बादीबाट पेश भएको घरको नाप जांच विवरणमा प्रतिबादीको भुईंतलाको क्षेत्रफल १०७.२९ बर्गफिट बढी देखाएको पाइएको, जग्गाको मूल्य कायम गर्दा मालपोत कार्यालयबाट पारीत लिखतको आधारमा हुने, फर्निचर सामानको हकमा मूल्यांकन भएको रकमको आधा हुने, सुनको मुल्यांकन गर्दा खरिद गरेको समयको दरभाउ अनुसार

गर्नु पर्ने, प्रस्तुत मुद्दा २०६२ साल भाद्रमा मात्र दर्ता भएकोले निज र निजको श्रीमतीको श्रावण महिनासम्मको तलव गणना गर्नुपर्ने, चामल भत्ता, महंगी भत्ता, विशेष भत्ता, ओभरटाइम भत्ता, दुर्गम भत्ता, का.मु. भत्ता एवं दसैं खर्च, उत्तर पुस्तिका परीक्षण बापतको रकम, कमिशन, संचित विदा बापतको रकम, लेख रचना, तालीम गोष्ठीमा प्रशिक्षण, बैठक भत्ता, लुगा भत्ता, निज र निजकी श्रीमतीले वीमा संस्थानबाट पाएको बोनस, बुबाबाट प्राप्त रकम, बिदेश भ्रमण बापतको रकम, जग्गा अधिकरण हुंदा मुआव्जा पाएको रकम, टीका टालोबाट प्राप्त रकम, कर तिरेको आधारमा कायम हुने घर भाडा, शेयरको लाभांश, व्याज, संचयकोष सापटी, निजको श्रीमतीले प्राप्त गरेको घरकर्जा, घर सापटीको रकम, हायरपर्चेज कर्जा, सामाजिक कर्जा, समेत आयमा गणना हुने ठहर गरेको र ती प्रश्नमा पुनरावेदन गरे पनि नेपाल सरकारलाई सफलता हासिल हुन सक्ने अवस्था देखिन नआएकोले आयोगको मिति २०६७६।१८ को निर्णय अनुसार पुनरावेदन नगरिएको ।

परिच्छेद - ६
विभागीय कारबाही

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ अनुसार सार्वजनिक पद धारण गरेको व्यक्तिले पेश गरेको स्पष्टीकरण आयोगलाई सन्तोषजनक नलागेमा आयोगले निजलाई सचेत गराउने वा कसुरको मात्रा अनुसार कारण र आधार खुलाई विभागीय सजाय गर्न अख्तियारवालालाई लेखी पठाउन सक्ने व्यवस्था छ। सोही अनुरूप आर्थिक वर्ष २०६७/२०६८ मा विभागीय कारबाहीका लागि विभिन्न निकायमा लेखी पठाइएको विवरण देहाय बमोजिम उल्लेख गरिएको छ।

(क) अर्थ मन्त्रालय अन्तर्गत

सिन्धुपाल्चोक जिल्ला स्याउले गाउँ विकास समिति अर्न्तगत स्याउले-सेलाङ्ग-गोल्छे-नभालिङ्ग सडक निर्माण कार्यमा ड्राईवाल तथा सोलिङ्गको कार्यका लागि डिभिजन सडक कार्यालय, दोलखाबाट उपभोक्ता समितिसंग मिति २०६७।२।१५ मा सम्झौता गरी कार्य सम्पन्न नै नभई कार्य सम्पन्न भएको भनि भुक्तानीका लागि सिफारिश गरी भुक्तानी समेत दिएको देखिन आएकोले उक्त रकम भुक्तानी गर्ने लेखा अधिकृत भोजराज पौडेललाई विभागीय कारवाही गर्न आयोगको मिति २०६७।११।४ को निर्णयानुसार महालेखा नियन्त्रकको कार्यालयमा लेखी पठाइएको।

(ख) गृह मन्त्रालय अन्तर्गत

जिल्ला प्रशासन कार्यालय काठमाण्डौंले उपेन्द्रभक्त प्रधानाङ्गको मिति २०६७।९।१६ को निवेदन उपर यसमा बुझी आवश्यक कारवाही हुन प्रहरीमा लेख्ने भन्ने तोक आदेश दिई निवेदन सहित महानगरीय प्रहरी परिसर काठमाण्डौंमा पठाएकोमा उक्त निवेदन समेतका कागजातहरुबाट वास्तविक व्यहोरा अवगत गर्नु भई दुवै पक्षलाई राखी छलफल गराई नियमानुसार आवश्यक शान्ति सुरक्षाको व्यवस्था मिलाउनु हुन र नमिलेमा सक्कलै निवेदन समेतको कागजातहरु सहित दुवै पक्षलाई तहाँ कार्यालयबाटै जिल्ला प्रशासन कार्यालय बबरमहल काठमाण्डौमा उपस्थित गराई सोको जानकारी यस परिसरमा दिनु हुन भनी महानगरीय प्रहरी परिसर काठमाण्डौंको मिति २०६७।९।१८ को पत्रसाथ महानगरीय प्रहरी प्रभाग जनसेवामा लेखी पठाएकोमा उक्त प्रभागबाट जिल्ला प्रशासन कार्यालय काठमाडौंको आदेश तथा महानगरीय प्रहरी परिसर काठमाण्डौंको पत्रमा उल्लेख गरे अनुसारको कार्यहरु नगरी आफूलाई प्राप्त आदेश तथा निर्देशन भन्दा बाहिर गई प्राप्त नभएको अधिकारको प्रयोग गरी उजूरकर्ता विनोद कुमार श्रेष्ठले भाडामा लिई संचालन गरी रहेको पसल कोठा निजको अनुपस्थितिमा खोली सामानहरु घर धनीलाई बुझाउने कार्य महानगरीय प्रहरी प्रभाग जनसेवाका प्रमुख प्रहरी निरीक्षक अवदेश विष्टबाट भए गरेको अवस्था प्रारम्भिक अनुसन्धानको क्रममा प्राप्त कागज प्रमाणहरुबाट देखिएको हुँदा उल्लेखीत कार्य जिल्ला प्रशासन कार्यालय काठमाण्डौं तथा महानगरीय प्रहरी परिसर समेतले आदेश नगरेको विषयमा आफूलाई प्राप्त आदेश तथा अधिकार भन्दा बाहिर गई प्रहरी प्रभाग जनसेवाबाट उजूरकर्ता (पसलधनी) को अनुपस्थितिमा पसल खोली सामानहरु घर धनीको जिम्मा लगाउने गरिएको कार्यहरु अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को (क), (ग), (घ) तथा (झ) विपरितको अनुचित कार्यहरु भए गरेको देखिंदा निज प्रहरी

प्रभाग जनसेवा प्रमुख अवदेश विष्टलाई प्रचलित प्रहरी ऐन, नियम बमोजिम विभागीय कारवाही गर्न आयोगको मिति २०६८।१।१९ को निर्णयानुसार प्रहरी प्रधान कार्यालय नक्सालमा लेखी पठाइएको ।

(ग) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत

सिन्धुपाल्चोक जिल्ला स्याउले गाउँ विकास समिति अर्न्तगत स्याउले-सेलाङ्ग-गोल्छे-नभालिङ्ग सडक निर्माण कार्यमा ड्राईवाल तथा सोलिङ्गको कार्यका लागि डिभिजन सडक कार्यालय, दोलखाबाट उपभोक्ता समितिसंग मिति २०६७।२।१५ मा सम्झौता गरी कार्य सम्पन्न नै नभई कार्य सम्पन्न भएको भनि भुक्तानीका लागि सिफारिश गरी भुक्तानी समेत दिएको देखिन आएकोले भुक्तानीका लागि सिफारिश गर्ने इन्जिनियर रमेश प्रसाद सुबेदीलाई विभागीय कारवाही गर्न आयोगको मिति २०६७।११।४ को निर्णयानुसार सडक बिभागमा लेखी पठाइएको ।

(घ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत

कीर्तिपुर नगरपालिका वडा नं. ६ सामलटोल बस्ने गुरुङचा भन्ने बेखा बहादुर महर्जन जोताहा मोहीका रुपमा कायम रहेको काठमाण्डौं जिल्ला पालिफल गाउँ विकास समिति वडा नं. ५ कि.नं. १०४०-३-२-० रोपनी क्षेत्रफल भएको जग्गा कीर्तिपुर नगरपालिका वडा नं. ६ का तत्कालिन वडा सचिव लक्ष्मी बहादुर महर्जनको गलत सिफारिस र मालपोत कार्यालय, कलंकी, काठमाण्डौंका कर्मचारीहरुले गैरकानुनी मिलेमतो समेतका आधारमा जोताहा मोहीलाई कुनै सूचनासम्म नदिई कीर्तिपुर नगरपालिका वडा नं. ६ बस्ने सिद्धि बहादुर महर्जन र कृष्ण कुमारी महर्जनका नाममा दर्ता गरी गैरकानुनी रुपमा घर जग्गा माथिको हक मेटाउने प्रयास गरेकाले सो कार्यमा संलग्न व्यक्तिहरु उपर कानुन बमोजिम कारवाही गरियोस भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा उक्त कार्यमा संलग्न भै अवैध रुपमा जग्गा दर्ता गर्न पदको दुरुपयोग गरी अनियमित तथा अनुचित कार्य गरेको देखिएकोले तत्कालिन समितिका सदस्य-सचिव हाल नापी कार्यालय पर्साका नापी अधिकृत दुर्गादास महर्जनलाई विभागीय कारवाहीको लागि आयोगको मिति २०६७।१२।९ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

(ङ) स्थानीय विकास मन्त्रालय अन्तर्गत

१. पोखरा उप महानगरपालिका वडा नं. १ टुँडीखेल बस्ने गोविन्द कोइराला समेतले निजहरुको कित्ता नं. ३४२ सँगै जोडिएको पूर्व राष्ट्रिय उच्च माध्यमिक विद्यालय पश्चिम सार्वजनिक बाटो, उत्तर सार्वजनिक बाटो, दक्षिण विद्यालय कै सार्वजनिक जग्गामा आफ्नो हकभोगको क्षेत्रफल भन्दा वढीमा घर निर्माण गरेको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा फिल्डमा गै स्पष्ट प्रतिवेदन नदिने पोखरा उपमहानगरपालिकाका अमिन मदन भण्डारीलाई आयोगको मिति २०६७।९।११ को निर्णयानुसार आवश्यक कारबाहीका लागि पोखरा उपमहानगरपालिकामा लेखी पठाइएको ।

२. कीर्तिपुर नगरपालिका वडा नं. ६ सामलटोल बस्ने गुरुङचा भन्ने बेखा बहादुर महर्जन जोताहा मोहीका रुपमा कायम रहेको काठमाण्डौं जिल्ला पालिफल गाउँ विकास समिति वडा नं. ५ कि.नं. १०४, ०-३-२-० रोपनी क्षेत्रफल भएको जग्गा कीर्तिपुर नगरपालिका वडा नं. ६ का तत्कालिन वडा सचिव लक्ष्मी बहादुर महर्जनको गलत सिफारिस र मालपोत कार्यालय, कलंकी, काठमाण्डौंका कर्मचारीहरुले गैरकानुनी मिलेमतो समेतका आधारमा जोताहा मोहीलाई कुनै सूचनासम्म नदिई कीर्तिपुर नगरपालिका वडा नं. ६ बस्ने सिद्धि बहादुर महर्जन र कृष्ण कुमारी महर्जनका नाममा दर्ता गरी गैरकानुनी रुपमा घर जग्गा माथिको हक मेटाउने प्रयास गरेकाले सो कार्यमा संलग्न व्यक्तिहरु उपर कानुन बमोजिम कारवाही गरियोस भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा एक व्यक्तिको स्वामित्वको घर जग्गा अरु व्यक्तिको नाममा दर्ता गर्न सिफारिस गरी पदको दुरुपयोग तथा अनुचित कार्य गरेको प्रमाणित भएकोले तत्कालिन वडा सचिव लक्ष्मी बहादुर महर्जनलाई विभागीय कारवाही गर्न आयोगको मिति २०६७।१२।९ को निर्णयानुसार स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।

३. जिल्ला विकास समिति सर्लाहीका तत्कालीन निमित्त स्थानीय विकास अधिकारी ई. राज कुमार गोइतले अख्तियारी भन्दा बढी विविध शिर्षकमा खर्च गरी अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आफूलाई प्राप्त अख्तियारीमा सम्वेदनशील नभई आवश्यकता भन्दा बढी खर्च स्वीकृत गरी अनुचित कार्य गरेकोले तत्कालीन निमित्त स्थानीय विकास अधिकारी ई.राज कुमार गोइत र उक्त खर्चहरु गर्ने क्रममा कार्यालय प्रमुख र आफ्नो संयुक्त दस्तखतमा चेक जारी गर्दा दैनिक प्रशासनिक कार्य सञ्चालनका लागि अत्यावश्यक बाहेक अन्य खर्च नियन्त्रण तर्फ कुनै पहल नगरेको, मिति २०६७।९।१४ भौचर नं. २५ बाट खर्च भएको रु. ३,९२,१२५।- का सम्बन्धमा अघिल्लो कार्यालय प्रमुखलाई चेकमा दस्तखत गराई भुक्तानी दिने र तत्कालीन निमित्त स्थानीय विकास अधिकारी ई. राज कुमार गोइतबाट भौचर सदर गराई अनुचीत कार्य गरेकोले लेखापाल राम विनय रायलाई विभागीय कारवाही गर्न आयोगको मिति २०६८।३।२० निर्णयानुसार स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।

४. जिल्ला विकास समिति अछाम अन्तर्गतको स्थानीय विकास कोष LGCDP कार्यक्रममा अछामका विभिन्न गाउँ विकास समितिमा सामाजिक परिचालक पदको आवश्यकता भनी लिईएको परीक्षामा स्थानीय विकास कोषका कार्यकारी सचिव रतन रावल तथा जिल्ला विकास समितिका ईन्जिनियर सुरेन्द्र घिमिरेले केही परीक्षार्थीहरुसंग अनुचित फाइदा लिई कर्मचारी भर्नामा अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला विकास समिति अछामका तत्कालीन निमित्त स्थानीय विकास अधिकारी, इन्जिनियर सुरेन्द्र घिमिरेलाई विभागीय कारवाही गर्न आयोगको मिति २०६८।३।२० निर्णयानुसार स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।

५. धुलिखेल नगरपालिकाका इन्जिनियर जैशीलाल मण्डल समेतको मिलेमतोमा सरकारी पर्ति जग्गामा व्यक्ति विशेषले घर बनाएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा साविक धुलिखेल ८ (क) कि.नं. २२५, ८-१-१-० रोपनी क्षेत्रफल को जग्गा मध्येबाट खरिद गरी धुलिखेल नगरपालिकाबाट क्रमशः हरिबहादुर अधिकारी, शान्ताकुमारी खड्का र हर्षबहादुर खड्काले मिति २०५६।६।३, २०५६।१२।१८ र २०५९।६।२२ मा

नक्सा पास गराई धुलिखेल ८ (क) कि.नं. २२४, १०-१४-२-३ रोपनी क्षेत्रफल भएको सार्वजनिक पर्ति जग्गामा पक्की घर निर्माण गरी सरकारी सार्वजनिक जग्गा अतिक्रमण गरेको देखिएको र उक्त घरहरु निर्माण सम्बन्धमा फिल्ड निरीक्षण तथा अनुगमनको कार्यमा संलग्न इन्जिनियर जैशीलाल मण्डल, सव ओभरसियर टंकध्वज कार्कीले आफ्नो पदिय कर्तव्य पालन नगरी सरकारी पर्ति जग्गा अतिक्रमण गराउने कार्यमा संलग्न रही कसुर गरेको हुँदा निजहरुलाई विभागीय कारवाही गर्न आयोगको मिति २०६८।३।२९ को निर्णयानुसार धुलिखेल नगरपालिका कार्यालयमा लेखी पठाइएको ।

(च) शिक्षा मन्त्रालय अन्तर्गत

१. त्रिभुवन विश्वविद्यालय अन्तरगत त्रि-चन्द्र बहुमुखी क्याम्पसमा स्थायी उप-प्राध्यापक पदमा कार्यरत शशिधर खनालले त्रिभुवन विश्वविद्यालय, शिक्षक कर्मचारी सेवा सम्वन्धी नियम २०५० को नियम ६९ मा भएको व्यवस्था अनुसार पूर्व स्वीकृती नलिई निजलाई निर्दिष्ट बिहानी सत्रको कार्य समय भित्रकै समयमा पिपल्स क्याम्पस पकनाजोलमा आवधिक शिक्षकको रुपमा र दिवा समयमा सिद्धार्थ बनस्थली इन्स्टिच्यूट, बालाजुमा साबिकमा माध्यमिक तहको पूर्णकालिन स्थायी शिक्षकको रुपमा र २०६७ श्रावण ६ गते देखि माध्यमिक तहको पूर्णकालिन करार शिक्षकको रुपमा कामकाज गरेबाट निजले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३ को देहाय (छ) बमोजिम अनुचित कार्य गरेको देखिएको हुँदा निज शशिधर खनाललाई प्रचलित त्रिभुवन विश्वविद्यालय शिक्षक कर्मचारी सेवा सम्वन्धी नियम २०५० अनुसार विभागीय कारबाही गर्न आयोगको मिति २०६७।१२।१४ को निर्णयानुसार त्रिभुवन विश्वविद्यालयमा लेखी पठाइएको ।

२. त्रिभुवन विश्वविद्यालय अन्तरगत सरस्वती बहुमुखी क्याम्पसमा स्थायी सह-प्राध्यापक पदमा कार्यरत कृष्णप्रसाद न्यौपानेले त्रिभुवन विश्वविद्यालय, शिक्षक कर्मचारी सेवा सम्वन्धी नियम २०५० को नियम ६९ मा भएको व्यवस्था अनुसार पूर्व स्वीकृती नलिई निजलाई दिवा समयमा सिद्धार्थ बनस्थली इन्स्टिच्यूट, बालाजुमा साबिकमा माध्यमिक तहको पूर्णकालिन स्थायी शिक्षकको रुपमा र २०६७ श्रावण ६ गते देखि माध्यमिक तहको पूर्णकालिन करार शिक्षकको रुपमा कामकाज गरेबाट निजले अनुचित कार्य गरेको देखिएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा कृष्णप्रसाद न्यौपाने उपर प्रचलित त्रिभुवन विश्वविद्यालय शिक्षक कर्मचारी सेवा सम्वन्धी नियम २०५० अनुसार बिभागीय कारबाही गर्न आयोगको मिति २०६७।१२।१४ को निर्णयानुसार त्रिभुवन विश्वविद्यालयमा लेखी पठाइएको ।

३. जनता उच्च माध्यमिक विद्यालय रामवन-६ सर्लाहीका प्र.अ. ले विद्यालयको सम्पत्ति हिनामिना गरेको सम्बन्धमा सम्मानीत सर्वोच्च अदालतबाट मिति २०६६।३।१७ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेतका नाममा जारी भएको परमादेशको आदेश कार्यान्वयन नभएकोले सम्मानीत सर्वोच्च अदालतको फैसला आदेश बमोजिम कार्यान्वयन गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा जनता उच्च माध्यमिक विद्यालय रामवन-६ सर्लाहीका प्रधानाध्यापकले आ.व.२०६१।०६२ देखि २०६५।०६६ सम्मको लेखापरीक्षण मिति २०६७।१०।९ मा मात्र गराएको देखिंदा समयमै

लेखापरीक्षण गराउन नसकेको, लेखापरीक्षणबाट औल्याएको बेरुजु फछ्यौंट गर्ने-गराउने कार्य गर्न नसकेको आदि कार्यको विद्यालय व्यवस्थापन समितिका सदस्य-सचिव समेत रहेका प्रधानाध्यापक विरेन्द्र मिश्रले आफ्नो जिम्मेवारी पुरा गरेको नपाइएको देखिंदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (छ) मा उल्लेखीत आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने पदीय कर्तव्य पालना नगरी अनुचित कार्य गरेकोले शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ बमोजिम निज उपर विभागीय कारवाही गर्न आयोगको मिति २०६८।१।२५ को निर्णयानुसार सर्लाहीका जिल्ला शिक्षा अधिकारीलाई लेखी पठाइएको ।

परिच्छेद - ७
सचेत

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ (१) मा सार्वजनिक पद धारण गरेको व्यक्तिले पेश गरेको स्पष्टीकरण आयोगलाई सन्तोषजनक नलागेमा आयोगले निजलाई सचेत गराउन सक्ने व्यवस्था छ। सोही व्यवस्था अनुरूप आयोगबाट आर्थिक वर्ष २०६७/०६८ मा सचेत गराउनका लागि विभिन्न निकायमा लेखि पठाइएको विवरण देहायमा उल्लेख गरिएको छ।

(क) उद्योग मन्त्रालय अन्तर्गत

घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय खोटाङ्गमा का.मु. उद्योग अधिकृत पदमा कार्यरत रहँदा आफुले पदबाट गरेको राजिनामा मिति २०६५/११/२ मा स्वीकृत भएकाले नियमानुसार पाउनु पर्ने सञ्चित घर बिदा तथा बिरामी बिदाको रकम पाँउ भनी प्रधान कार्यालय त्रिपुरेश्वरमा निवेदन गर्दा रकम भुक्तानी नदिई सधैं आलटाल गरेको, पछि बुझ्दै जाँदा घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय खोटाङ्गका तत्कालिन कार्यालय प्रमुख नारायण प्रसाद न्यौपानेले स्टोर किपर दिनेश कुमार राईसंग मिलेमतो गरी मेरो नामबाट नक्कली निवेदन दिई निज दिनेश कुमार राईको नाममा चेक काटी मिति २०६६/३/२१ मा नै रकम भुक्तानी लिईसकेको भन्ने जानकारी प्राप्त गरेकाले सो सम्वन्धमा आवश्यक कारवाही गरी पाँउ भनी प्रधान कार्यालय, त्रिपुरेश्वरमा निवेदन गर्दा सो निवेदन उपर प्रशासनले कुनै कारवाही नगरी बेवास्ता गरेकोले आवश्यक कारवाही गरी पाँउ भन्ने उजुरी उपर अनुसन्धान हुँदा तत्कालिन कार्यालय प्रमुख नारायण प्रसाद न्यौपानेले, बुवा बिरामी हुनु भएको कारण ज्येष्ठ महिनाको अन्त्य तिर नै आफू काठमाण्डौ जानु परेको र आर्थिक बर्षको पनि समाप्ति हुन लागेकोले कर्मचारीहरुको तलब भत्ता, कर्मचारी संचय कोष, नागरिक लगानी कोष जस्ता रकम झिक्ने र खाता बन्दीको काम गर्न सहज होस भनेर २,४ वटा खाली चेकमा दस्तखत गरी लेखापाल दिनेश कुमार राईको जिम्मामा छोडेको । पछि क्रिया बिदा पश्चात कार्यालयमा हाजिर भई उक्त खर्चहरु सदर गरेको, निवेदन प्राप्त नभई झिकिएको रकम सम्वन्धित व्यक्तिलाई बुझाउने छु भनी रकम झिक्ने कर्मचारी लेखापाल दिनेश कुमार राईलाई कागज समेत गराएको देखिएकोले यस घटनामा निजको बदनियतता रहेको देखिदैन तर पनि कार्यालयको काममा सहजताको लागि भनी खाली चेकमा सही गरेर छोड्नु तथा आफु बिदामा भएको मितिको गोश्वारा भौचर सदर गरेको कार्यलाई उचित मान्न नसकिने हुँदा निज नारायण प्रसाद न्यौपानेलाई अव उप्रान्त त्यस्तो कार्य नदोहोऱ्याउन आयोगको २०६७।९।२७ को निर्णयानुसार सचेत गराउन लेखी पठाइएको।

(ख) गृह मन्त्रालय अन्तर्गत

उच्च माध्यमिक शिक्षा परिषद्द्वारा २०६८ साल बैशाखमा संचालित कक्षा-१२ को परीक्षा मध्ये ऐ.बैशाख २१ गते भएको भौतिकशास्त्र विषयको प्रश्नपत्र निर्धारित समय अगावै बाहिरिएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा उच्च माध्यमिक शिक्षा परिषद्बाट प्राप्त प्रश्न पत्रहरु आफ्नो तालुक कार्यालयको निर्देशन एवं परिषद्बाट प्राप्त पत्र बमोजिम

आफ्नो रेखदेखमा सुरक्षित साथ प्रवन्ध शाखामा राख्नुपर्नेमा महानगरीय प्रहरी वृत्त कालिमाटीका प्रहरी नायव उपरीक्षक भिम प्रसाद ढकालले प्राप्त प्रश्नपत्रहरु गोप्य शाखामा काम गर्ने कर्मचारीको मात्र जिम्मामा छाडी समुचित रुपमा रेखदेख नगरेबाट उक्त प्रश्नपत्रहरु बिना अधिकारका व्यक्तिहरुले बुझी लिई निर्धारित समय अगावै बाहिरिन पुगेको र सो कार्यमा निजले आफ्नो जिम्मेवारी पुरा गरेको नदेखिंदा अब आइन्दा यस्तो कार्य नगर्न आयोगको मिति २०६८।३।३१ को निर्णयानुसार प्रहरी नायव उपरीक्षक भिमप्रसाद ढकाललाई सचेत गराउन प्रहरी प्रधान कार्यालयमा लेखी पठाइएको ।

(ग) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत

सिंहदरबार सचिवालय पुनः निर्माण समिति अन्तरगत आ.व. २०६४/०६५ मा निर्माण गरिएको कम्पाउण्डवाल गुणस्तरहीन भएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा अनुसन्धानको सिलसिलामा सिंहदरबार सचिवालय पुनः निर्माण समिति अन्तरगत आ.व. २०६४/०६५ मा निर्माण गरिएको कम्पाउण्डवालको सिमेन्ट वालुवाको अनुपात परीक्षण गर्न नमुना लिई मिति २०६६।०१।३० मा नेपाल गुणस्तर तथा नाप तौल विभागमा पठाइएकोमा उक्त विभागको मिति २०६६/०३/१६ को पत्रसाथ प्राप्त परीक्षण नतिजाहरु मध्ये अधिकांश नमूनाहरु लागत अनुमानमा तोकिए अनुसारको सिमेण्ट वालुवाको अनुपात १:६ गुणस्तरको नदेखिएको र उक्त परीक्षणलाई स्वीकार गर्दै उक्त निर्माण कार्यको गुणस्तर कायम गर्न आयोगको निर्देशन बमोजिम उपरोक्त परिसर पर्खालको सुधार गर्नुपर्ने भाग १८० मिटर लम्बाईको पर्खाल भत्काई आवश्यक गुणस्तर बमोजिमको पुनः निर्माण कार्य गर्नु पर्ने अवस्था सृजना गराउने उक्त कम्पाउण्डवाल निर्माण कार्य गर्नका लागि खटिएका साईट इन्जिनियर सि.डि.ई सोमेश्वर शाह, साईट ओ. सी. (हाल ईन्जिनियर) अमोग रत्न तुलाधर, कार्यसम्पन्न प्रतिवेदन पेश गर्ने सि. आ. सोमेश्वर शाह, ई. सरोज कायस्थ र कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गर्ने सदस्य सचिव मनीप्रसाद राईले उक्त समयमा पदीय दायित्व निर्वाह गरेको नपाइएको हुँदा निजहरुलाई आइन्दा यस्तो प्राविधिक त्रुटी नगर्न, नगराउन आयोगको मिति २०६८।३।१३ निर्णयानुसार सचेत गराउन भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखी पठाइएको ।

(घ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत

जिल्ला स्वास्थ्य कार्यालय, कपिलवस्तु अन्तरगत फुलिका उप-स्वास्थ्य चौकीका अ.हे.व खेमराज भुसालले २०६१ देखि २०६४सम्म बिदा नलिई मायादेवी टेक्नीकल स्कूल बुटवलमा ३ वर्षे फार्मेसी कोर्ष अध्ययन गरी सोही अवधिमा स्वास्थ्य चौकीमा हाजिर गरी तलव भत्ता समेत खाई एकै समयमा दोहोरो सुविधा लिएको, स्वास्थ्य ऐन, २०५३ को दफा ९० क बमोजिम ३ बर्ष सेवा अवधि पुगे पछि पाँचौ तह हुनु पर्नेमा क्षेत्रीय स्वास्थ्य निर्देशनालय सुर्खेतमा गलत विवरण पेश गरी चौथो तहमा तह मिलान हुनु पर्नेमा पाँचौ तहमा तहमिलान भएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा अ.हे.व. खेमराज भुसालले अध्ययन गर्न विभागीय स्वीकृति लिने प्रयास गरेको र प्राप्त गरिसकेको अवस्था नहुँदा निजलाई विना स्वीकृति अध्ययन गरेकोमा अव उप्रान्त यस्तो कार्य नगर्न निजलाई सचेत गराउन र तत्कालीन नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९० अनुसार तोकिएको नोकरी अवधिको आधारमा तह निर्धारण हुनु पर्ने स्पष्ट व्यवस्था छ । सो कानूनी व्यवस्था विपरितका साथै "रेकर्ड प्राप्त नभै तह निर्धारण वाँकी" भन्ने निर्णयमा उल्लेख हुँदा हुँदै

अवधि नै नपुगेको कर्मचारीलाई माथिल्लो श्रेणीमा तह निर्धारण भएको भनि तयार भएको पत्रमा निर्णय हेर्न पाइन, धेरै पत्रको खातमा भूलवस दस्तखत भएको भनि शा.अ.पूर्णमान श्रेष्ठले वयानमा खुलाएको देखिएता पनि निर्णय नभिडाइ दस्तखत गर्ने शाखा अधिकृत पूर्णमान श्रेष्ठले आफ्नो जिम्मेवारी पूर्वक कार्य नगरी लापरवाही पूर्वक कार्य गरेको देखिएबाट अव उप्रान्त यस्तो कार्य नगर्न शाखा अधिकृत पूर्णमान श्रेष्ठलाई सचेत गराउन आयोगको मिति २०६८।३।२२ निर्णयानुसार लेखि पठाइएको ।

(ङ) स्थानीय विकास मन्त्रालय अन्तर्गत

१. पोखरा उप महानगरपालिका वडा नं. १ टुंडीखेल बस्ने गोविन्द कोइराला समेतले निजहरुको कित्ता नं. ३४२ सँगै जोडिएको पूर्व राष्ट्रिय उच्च माध्यमिक विद्यालय पश्चिम सार्वजनिक बाटो, उत्तर सार्वजनिक बाटो, दक्षिण विद्यालय कै सार्वजनिक जग्गामा आफ्नो हकभोगको क्षेत्रफल भन्दा वढीमा घर निर्माण गरेको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा पोखरा उपमहानगरपालिकाका कार्यालय प्रमुख एवं कार्यकारी अधिकृत तिलक पौडेलले एउटै विषयको फरक फरक प्रतिवेदन उपर आवश्यक अध्ययन नगरी प्रतिवेदनलाई नै आधार मान्दै आयोगमा पत्राचार गरेको हुँदा निजलाई आयोगको २०६७९।११ को निर्णयानुसार सचेत गराउन पोखरा उपमहानगरपालिका कार्यालय कास्कीमा लेखी पठाइएको ।

२. पर्सा जिल्ला बहुअर्वाभाठा गाउँ विकास समितिका तत्कालीन अध्यक्ष चन्द्र किशोर चौरसिया समेतले पोखरीको डिल ठेक्का लिई आफैले मर्मत संभार गर्नुपर्नेमा मर्मत र सरसफाई गर्न रु. १ लाख ५० हजार खर्च गरी नक्कली विल देखाएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा उक्त कार्यमा जिम्मेवार रहेका तत्कालीन गाउँ विकास समिति सचिव सुरेश प्रसाद चौरसियालाई सचेत गराउंन आयोगको मिति २०६८।३।३ निर्णयानुसार लेखी पठाइएको ।

३. सर्लाही जिल्लाका स्थानीय विकास अधिकारी विष्णुराज लामिछानेले जिल्ला विकास समितिको कार्यालयका कार्यक्रम अधिकृत रमेश प्रसाद यादव र कार्यक्रम अधिकृत पुष्करमणि घिमिरेसँग रकम लिएर निजामती सेवा ऐन र नियमावली विपरित क्रमशः इन्जिनियर र योजना तथा प्रशासकीय अधिकृतको पदले गर्ने काम निजहरुलाई अधिकार प्रत्यायोजन गरी अख्तियार दुरुपयोग गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा कार्यक्रम अधिकृतहरुले प्राविधिक, प्रशासनिक एंव योजना सम्बन्धी काम गरेको देखिन्छ । तर स्थानीय विकास मन्त्रालयले समेत कानूनी रुपमा अधिकार प्रत्यायोजन गरेको मिलेको छैन भनी स्वीकार गरी सबै जिल्ला विकास समितिहरुलाई स्थानीय निकाय सहयोग शाखाबाट स्पष्ट गाइडलाईन तयार गरी पठाउने भनि नेपाल सरकार (सचिवस्तर) बाट मिति २०६७।८।२२ मा निर्णय समेत भएको देखिंदा उक्त मन्त्रालयले आइन्दा सबै जिल्ला विकास समितिहरुलाई कानून बमोजिम बाहेक अधिकार प्रत्यायोजन नगर्न एंव तयार गरेको गाइड लाईन कार्यान्वयन गराउन स्थानीय विकास अधिकारी विष्णुराज लामिछानेलाई सचेत गराउन आयोगको मिति २०६८।३।३१ को निर्णयानुसार स्थानीय विकास मन्त्रालयमा लेखि पठाइएको ।

परिच्छेद - ८
असुल उपर

सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी नेपाल सरकार वा सार्वजनिक संस्थालाई हानी, नोक्सानी पुऱ्याएकोमा त्यस्तो हानी नोक्सानी सम्बन्धित व्यक्तिबाट भरिभराउ गर्न वा आयोगले उपयुक्त ठानेको अन्य आवश्यक कारबाही गर्नका लागि सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउन सक्ने व्यवस्था अख्तियार दुरुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क. मा भए अनुरूप आर्थिक वर्ष २०६७/०६८ मा आयोगबाट निम्न बमोजिम गर्ने गरी अख्तियारवालालाई लेखी पठाइएको छ ।

(क) अर्थ मन्त्रालय अन्तर्गत

कृषि विकास बैंक बैकिङ्ग कार्यालय नारायणगढमा कार्यरत शाखा प्रवन्धक तारानाथ बरालले आफ्नो पदको दुरुपयोग गरी आफ्ना नातेदारलाई व्याजदरमा छुट गराई बैंकलाई आर्थिक हानी नोक्सानी पुऱ्याउने कार्य गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा कृषि विकास वैंक वैकिङ्ग कार्यालय नारायणगढका शाखा प्रवन्धक तारानाथ वरालको श्रीमती कल्पना वराल र भानुभक्त वरालले Super Green Client को सुविधा प्राप्त गर्ने गरी व्याजमा सहुलियत प्रदान गर्ने निर्णय मिसिल संलग्न कागजात र मुख्य कार्यालयको परिपत्र अनुकुल नदेखिएको र त्यस्तै प्रकारले द्रौपदी राईस मिल संचालनमा नभएको अवस्थामा पनि असल ग्राहकको (Green Client) सहुलियत प्रदान गर्ने गरी गरेको निर्णय समेत परिपत्रको प्रतिकुल देखिएकोले उल्लेखित कर्जाको व्याज सहुलियतवाट कृषि विकास वैंकलाई पर्न गएको नोक्सानी शाखा प्रवन्धक तारानाथ वरालवाट असुल उपर गरी सो को जानकारी आयोगलाई गराउन आयोगको मिति २०६७।८।६ को निर्णयानुसार कृषि विकास वैंक, मुख्य कार्यालयमा लेखी पठाईएको ।

(ख) गृह मन्त्रालय अन्तर्गत

सागर सामुदायिक वन उपभोक्ता समिति पंचावती-४ उदयपुरका अध्यक्ष टेक बहादुर अधिकारीले कोषाध्यक्षको समेत दस्तखत कीर्ते गरी राष्ट्रिय बाणिज्य बैंक गाईघाट शाखामा समितिको नाममा रहेको खाताबाट २ पटक गरी रु.४ लाख ७५ हजार रकम झिकी खाएको भन्ने उजुरी उपर अनुसन्धान हुँदा सागर सामुदायीक वनका अध्यक्षको जिम्मामा रहेको चेक बुक लगायतका कागजात निजले सुरक्षित रुपमा राख्न नसकेको र सचिव दिपक भट्टराई, टेकबहादुर अधिकारीको आफ्नो नजिकको नातेदार रहेको कारण राम्रै आवत जावत बस उठ रहेको देखिन्छ । जस्को फायदा उठाएर निज भट्टराईले चेकको अर्धकट्टी समेत निकालेर चेक नं. ०५८००६५ बाट रु.२,३५,०००। रकम कीर्ते दस्तखत गरेर झिकेको प्रष्ट हुन आउँदछ, सो कुरा नेपाल बिधि विज्ञान प्रयोगशालाबाट प्राप्त परीक्षण प्रतिवेदनबाट पनि प्रष्ट हुन्छ । अर्को चेक नं.०५८००६३ बाट झिकिएको रु.२,४०,०००। रकमको हकमा कसैको पनि हस्तलिपी नमिलेकोले यकिन हुन नसकेको भन्ने प्रतिवेदन नेपाल बिधि विज्ञान प्रयोग शालाबाट प्राप्त भएको भएता पनि चेक राख्ने जिम्मेवारी अध्यक्षकै हुने र सचिवले अर्को चेक नं. ०५८००६५ बाट कीर्ते दस्तखत गरी रकम झिकेको पुष्टि भएकोले सो रकम

अध्यक्ष टेकबहादुर अधिकारी र सचिव दिपक भट्टराई दुवैबाट बराबर अर्थात जनहीं रु.१,२०,०००। का दरले असुल उपर गराई समितिको खातामा जम्मा गर्न लगाउने । यसरी हेर्दा अध्यक्ष टेकबहादुर अधिकारीबाट रु. १,२०,०००।- र सचिव दिपक भट्टराईबाट रु.३,५५,०००।- रकम असुल उपर गराई सो को जानाकारी आयोगमा पठाउन आयोगको मिति २०६८।१।१३ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय उदयपुरमा लेखी पठाइएको ।

(ग) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत

स्वास्थ्य सेवा विभागका महानिर्देशक र इपिडेमीयोलोजी तथा रोग नियन्त्रण महाशाखामा कार्यरत विशेषज्ञ डा.रंजना गुप्ता समेतको मिलोमतोमा हात्तीपाइले रोग निवारण सम्बन्धि कार्यक्रम संचालन गर्दा अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा डा.रंजना गुप्ता प्राणीशास्त्र केन्द्रिय विभाग, त्रिभुवन विश्वविद्यालयको स्थायी प्राध्यापक पदमा विगत देखी कार्यरत रहि आएकोमा निज आफै अध्यक्ष भएको गैर सरकारी संस्थाले इपिडेमीयोलोजी महाशाखाको वार्षिक कार्यक्रममा हात्तिपाइले रोग सम्बन्धि स्थलगत अध्ययन अनुसन्धान सम्बन्धि परामर्श कार्य गर्न Contract out गरि लिएकोमा निज मिति २०६४।१।२६ देखि २०६७।३।३२ सम्म स्वास्थ्य सेवा विभाग अन्तर्गतको इपिडेमीयोलोजी तथा रोग नियन्त्रण महाशाखामा ग्लोवल फण्ड तर्फ प्रोग्राम अफिसर पदमा करारमा निरन्तर कार्यरत रहेकोमा उक्त पदमा काम गर्न विश्वविद्यालयवाट विभागीय सहमति तथा कुनै प्रकारको विदा समेत लिएको नदेखिएकोमा त्रिभुवन विश्वविद्यालयको स्थायी सेवामा रहेको शिक्षकले विदा नलिई र पूर्व स्वीकृति समेत नलिई नेपाल सरकार अन्तर्गत कै अन्य निकायमा पूर्णकालिन कर्मचारी भै कामकाज गर्नु प्रचलित ऐन, नियम विपरित हुने देखिदा यसमा दोहोरो तलव भत्ता सुविधा वापत निजले भुक्तानी लिएको रकम रु.६,०४,८५६।२० अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली २०५९ को नियम २५(क) वमोजिम असुल उपर गराउन आयोगको मिति २०६८।१।२६ को निर्णयानुसार लेखी पठाईएको ।

(घ) शिक्षा मन्त्रालय अन्तर्गत

जनता उच्च माध्यमिक विद्यालय रामवन-६ सर्लाहीका प्रधानाध्यापकले विद्यालयको सम्पत्ति हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०६६।३।१७ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेतका नाममा जारी भएको परमादेशको आदेश कार्यान्वयन नभएकोले सर्वोच्च अदालतको फैसला आदेश बमोजिम कार्यान्वयन गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा प्रधानाध्यापक विरेन्द्र मिश्रले पेश गरेको लेखापरीक्षण प्रतिवेदन अध्ययन गरी हेर्दा मूलत: प्रधानाध्यापक विरेन्द्र मिश्रको नाममा रु.६९,४८८। र अन्य शिक्षकहरु क्रमश: विजयकुमार साहको नाममा रु.२९,४९८।७०, धनेश्वर ठाकुरको नाममा रु.१०,६८१।-, रामनारायण साहको नाममा रु.८,२९७।९०, दिनेश अधिकारीको नाममा रु.१५,६९०।-, अमरेन्द्र पण्डितको नाममा रु.२०,१५०।-, मो.मुस्लिमको नाममा रु.५१,०००।-, विन्देश्वर यादवको नाममा रु.२०,०००।- अमरनाथ प्रसाद जयसवाल (रस्तोगी)को नाममा रु.३,०५०।- र निर्माण समितिका कोषाध्यक्ष सुरेन्द्र रायको नाममा रु.१,८४,०००।- गरी जम्मा रु.४,११,८५५।६० पेश्की बाँकी देखाएको । सो विद्यालयको जग्गाको कूत वाली वापत रु.२,२९,८०९।६० असुल हुन बाँकी रहेको छ जग्गाको अन्य के कति पुरानो बक्यौता असुल हुन बाँकी रहेको हो ? सो बारे विद्यालय व्यवस्थापन समितिले निर्णय गर्नुपर्ने भन्ने जस्ता बेरुजु औल्याएको देखिन्छ । उक्त

पेश्की/बेरुजु असुल/फछ्र्यौट भएको प्रमाण आयोग समक्ष प्रस्तुत गर्न सकेको नदेखिंदा लेखापरीक्षणबाट औल्याइएको पेश्की बेरुजु, कूत वाली असूली लगायतका अन्य बेरुजुहरु तीन महिना भित्र असूल उपर/फछ्र्यौट गर्न विद्यालय व्यवस्थापन समितिलाई लेखी पठाइएको । त्यसै गरी आ.व.२०६१।०६२ देखि २०६५।०६६ सम्मको लेखापरीक्षण मिति २०६७।१०।९ मा मात्र गराएको देखिंदा समयमै लेखापरीक्षण गराउन नसकेको, लेखा परीक्षणबाट औल्याएको बेरुजु फछ्र्यौट गर्ने-गराउने कार्य गर्न नसकेको आदि कार्यको विद्यालय व्यवस्थापन समितिका सदस्य-सचिव समेत रहेका प्रधानाध्यापक विरेन्द्र मिश्रले आफ्नो जिम्मेवारी पुरा गरेको नपाइएको देखिंदा उल्लेखित बेरुजु कैफियतमा लेखिएका रकम निजबाट असुल फछ्र्यौट गर्न-गराउन आयोगको मिति २०६८।१।२५ को निर्णयानुसार सर्लाहीका जिल्ला शिक्षा अधिकारीलाई लेखी पठाइएको ।

परिच्छेद - ९
ध्यानाकर्षण

सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी नेपाल सरकार वा सार्वजनिक संस्थालाई हानी नोक्सानी पुऱ्याएकोमा त्यस्तो हानी नोक्सानी सम्बन्धित व्यक्तिबाट भरिभराउ गर्न वा आयोगले उपयुक्त ठानेको अन्य आवश्यक कारबाही गर्नका लागि सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउन सक्ने कानूनी व्यवस्था अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८, १२ क. मा भए अनुरूप आ.ब.२०६७/०६८ मा देहायका निकायहरू र त्यहाँ कार्यरत पदाधिकारीहरूबाट भएका काम कारबाहीहरू उपर देहाय बमोजिम ध्यानाकर्षण गराइएको छ ।

(क) ऊर्जा मन्त्रालय अन्तर्गत

नेपाल विद्युत प्राधिकरणले विना टेण्डर सामान खरिद गरी अनियमित कार्य गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आ.व. ०६४।६५ को खरिद सम्वन्धी विषयमा विद्युत प्राधिकरणको आर्थिक विनियमावली बमोजिम नै खरिद कार्य गरिएको र over stocking गर्ने नगरिएको भन्ने विद्युत प्राधिकरणका कार्यकारी निर्देशक लगायतका सम्वन्धित विभागका महाप्रवन्धकहरु र लेखा प्रमुख समेतको भनाई रहेको एवम् लेखापरीक्षणवाट पनि वेरुजु नभएको भन्ने प्रतिवेदन प्राप्त भएको र सार्वजनिक खरिद ऐन, ०६३ र सार्वजनिक खरिद नियामावली, २०६४ अनुकूल विद्युत प्राधिकरणको आर्थिक विनियमावली संशोधन प्रकृयामा रहेको भने प्राधिकरणका अधिकारीहरुको प्रतिवद्धता समेत आएको हुंदा यथाशीघ्र विद्युत प्राधिकरणको आर्थिक विनियमावली सार्वजनिक खरिद ऐन ०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुकूल संशोधन गरी खरीद प्रकृया स्वच्छ, प्रतिस्पर्धी र पारदर्शी गर्न गराउन तथा लेखापरीक्षण गर्दा गराउदा सम्पूर्ण खरिद प्रक्रियाका विषयहरुमा पनि परीक्षण गर्ने गराउने व्यवस्था मिलाउन आयोगको मिति २०६७।११।१७ को निर्णयानुसार नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशकलाई ध्यानाकर्षण गराइएको ।

(ख) गृह मन्त्रालय अन्तर्गत

हनुमान नगर गाउँ विकास समितिको कार्यालय सप्तरीका मुखिया देबीलाल राय अमातले जिल्ला प्रशासन कार्यालय सप्तरीबाट मिति २०३३।९।२४ मा जन्म मिति २००६।१०।५ राखी नेपाली नागरिकताको प्रमाण पत्र लिइसकेकोमा सो नागरिकता हराएको भनि २०३४ सालमा १८ बर्ष उमेर देखाई नोकरीमा लामो अबधिसम्म रहने उद्देश्यले मिति २०६४।२।२९ मा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि लिएको भन्ने समेत व्यहोराको जिल्ला प्रशासन कार्यालय सप्तरीको मिति २०६६।२।२१ को उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा कर्मचारीहरुको हेलचक्राईका कारण कार्यालयमा भएको नागरिकताको अभिलेख फेला नपरेको भनि साबालक अभिलेखका आधारमा गलत जन्म मिति राखी नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि जारी भएको देखिदा आयोगको मिति २०६७।८।६ को निर्णयानुसार पुनः यस प्रकारका काम कार्यवाही नदोहोऱ्यान जिल्ला प्रशासन कार्यालय सप्तरीका तत्कालीन प्रमुख जिल्ला अधिकारी हिमनाथ दवाडी, तत्कालीन प्रशासकीय अधिकृत ज्ञानेन्द्र

पराजुली, तत्कालीन खरिदार केशब प्रसाद बजगाई, कार्यालय सहयोगी बिलेक्षण यादवलाई आयोगबाटै ध्यानाकर्षण गराइएको ।

(ग) वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत

टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेड शाखा कार्यालय, चितवनबाट आ.व. ०६५।६६ मा केन्द्रीय कार्यालयबाट तोकिएको अनुमानित लक्ष्य भन्दा घटी चिरान उत्पादन गरी केन्द्रीय कार्यालयका पदाधिकारीहरुलाई घुस खुवाएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगबाट अनुसन्धानको काम शुरु भएपछि मिति २०६७।३।३१ गतेका दिन कर्पोरेशनको वीरगंज स्थित स-मिलमा राम्रा, नराम्रा र सालाखाला किसिमका गरी ४ थान गोलिया काठहरु टिम्बर कर्पोरेशन अफ नेपाल केन्द्रीय कार्यालयबाट गएका प्राविधिक प्रतिनिधि, टिम्बर कर्पोरेशन अफ नेपाल शाखा कार्यालय पथलैयाका प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय पर्साका प्रतिनिधि, जिल्ला वन कार्यालय पर्साका प्राविधिक प्रतिनिधि, स-मिल इन्चार्ज, डिपो इन्चार्ज समेतको उपस्थितिमा गोलियाको नमूना चिरानी गर्दा उक्त चार थान गोलियाबाट ६३.१९ प्रतिशत चिरान उत्पादन निस्केको प्रमाण समेत आयोगमा प्राप्त भएको । आ.ब.२०६५।०६६ मा चितवन शाखाबाट ६२.९३ प्रतिशत चिरान उत्पादन निस्केको देखिन्छ भने वीरगंज शाखाबाट ६७.३५ प्रतिशत चिरान उत्पादन निस्केको अवस्था समेत देखिएकोले संचालक समितिको भनाई अनुसार चिरान उत्पादन गोलियाको हैसियत र गुणस्तरमा नै निर्भर रहने अवस्था देखिन्छ । आ.ब.२०६५।०६६ को शाखा कार्यालय चितवनको उत्पादन र सह उत्पादनको गणना गर्दा शतप्रतिशत गोलिया चिरानको हिसाब देखाइएको समेत हुँदा यस विषयमा कर्मचारीहरुको कारणले मात्र चिरान उत्पादन घटी भएको नभै गोलियाको हैसियत र गुणस्तरले चिरान उत्पादनको प्रतिशत निर्धारण हुने अवस्था देखिएको र वार्षिक कार्यक्रममा समेत ६५ प्रतिशत चिरान उत्पादन हुने अनुमानमा लक्ष्य कायम गरेको पाइएकोले अनुमानमा राखिएको लक्ष्य घटीबढी समेत हुन सक्ने अवस्था रहने हुँदा संचालक समितिको मिति २०६७।१।६ को १३५० औं वैठकबाट २।४ प्रतिशत चिरान उत्पादन घटीबढी हुने गरेको भनी लेखी आएको । वयानमा उपस्थित व्यक्तिहरुबाट समेत गोलिया काठ चिरान जस्तो प्राविधिक विषयमा कस्तो किसिमको काठको लट टिम्बर कर्पोरेशन अफ नेपाललाई उपलब्ध हुन्छ सो कुरा थाहा नहुँदै पहिला नै निर्धारित भएको लक्ष्य शत प्रतिशत नै हासिल हुन सक्ने अवस्था नरहने भनी उल्लेख भएको अवस्था समेत देखिएकोले कर्मचारीहरुको संलग्नताबाट मात्र चिरान उत्पादन घटी भएको भनी भन्न सकिने अवस्था नदेखिएको । तर द टिम्बर कर्पोरेशन अफ नेपालले लक्ष्य निर्धारण गर्दा यथासक्य वास्तविकताको आधारमा सम्बन्धित प्राविधिकहरुको समेत रायको आधारमा हासिल हुन सक्ने गरी लक्ष्य तोक्ने तर्फ ध्यान दिनु आवश्यक देखिएकोले आयोगको मिति २०६८।३।१ निर्णयानुसार सो सम्बन्धमा टिम्बर कर्पोरेशन अफ नेपलका संचालक समितिलाई ध्यानाकर्षण गराउन लेखी पठाईएको ।

(घ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत

जिल्ला स्वास्थ्य कार्यालय, बाराका कार्यालय प्रमुख अरुण कुमार महतोले सार्वजनिक खरिद ऐन २०६३ विपरित औषधि खरिद गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आ.ब. २०६५।०६६ मा बारा जिल्लाका लागि औषधि खरिद गर्न वार्षिक कार्यक्रममा उल्लेख गरी विनियोजित बजेट रु. ४३,६४०००।- को परिधि भित्र रहि बोलपत्र प्रकृयावाट ठेक्का

सम्झौंता भएको देखियो । तत्पश्चात् जिल्लालाई प्राप्त भएको बजेट खर्च गर्ने अख्तियारीमा बजेट थप भई आएकोमा सो थप रकम समेतको पुरानै औषधि सप्लायर्स (ठेकेदार) बाट सिधै औषधि खरिद गरि जिन्सी दाखिला गरेको विषय प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को मर्म र भावना प्रतिकूल देखिंदा अब उप्रान्त सरकारी खरिद प्रकृयामा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्थाहरुलाई अनिवार्य पालन गर्न गराउन आयोगको मिति २०६७।९।२७ को निर्णयानुसार स्वास्थ्य प्रमुख अरुण कुमार महतोलाई ध्यानाकर्षण पठाइएको ।

(ङ) स्थानीय विकास मन्त्रालय अन्तर्गत

हनुमान नगर गाउँ विकास समितिको कार्यालय सप्तरीका मुखिया देबीलाल राय अमातले जिल्ला प्रशासन कार्यालय सप्तरीबाट मिति २०३३।९।२४ मा जन्ममिति २००६।१०।५ राखी नेपाली नागरिकताको प्रमाण पत्र लिइसकेकोमा सो नागरिकता हराएको भनि २०३४ सालमा १८ बर्ष उमेर देखाई नोकरीमा लामो अबधिसम्म रहने उद्देश्यले मिति २०६४।२।२९ मा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि लिएको भन्ने समेत व्यहोराको जिल्ला प्रशासन कार्यालय सप्तरीको मिति २०६६।२।२१ को उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा प्रतिलिपि नागरिकताको लागि सनाखत बभनगामाकट्टी गाउँ विकास समितिका तत्कालीन गाउँ विकास समिति सप्तरीका सचिव तथा हाल गाउँ विकास समितिको कार्यालय हनुमान नगरका सचिव बेचन खड्गालाई यस प्रकारको गलत व्यहोराको काम कार्यवाही नदोहोऱ्यानका लागि आयोगको मिति २०६७।८।६ को निर्णयानुसार आयोगबाटै ध्यानाकर्षण गराइएको ।

(च) शिक्षा मन्त्रालय अन्तर्गत

त्रिभुवन विश्वविद्यालय, सेवा आयोगले मानवशास्त्र बिषयको प्राध्यापक पदको लागि सिफारिस गर्ने क्रममा कृतिहरुको मूल्यांकन गर्दा त्रिभुवन विश्वविद्यालय शिक्षक नियुक्तिका आधार, कार्यसम्पादन मूल्यांकन तथा कार्य क्षमता अंक बिभाजन एवम् सिफारिस सम्वन्धी प्रक्रिया २०६४ तथा तोकिएका अन्य आधारहरु बिपरित हचुवाको भरमा, पूर्वाग्रह राखी अंक प्रदान गरी निवेदकलाई बढुवाबाट बञ्चित गराएको हुँदा यस्तो प्राज्ञिक भ्रष्टाचार तथा धाँधली नियन्त्रण गरी सेवा आयोगबाट सिफारिस भएका उम्मेदवारहरुको नियुक्ती रोकी पाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा प्राध्यापक जस्तो गरिमामय पदको पदपूर्तिका लागि उम्मेदवारको छनौट सम्वन्धी कार्य समेत आग्रह /पूर्वाग्रहबाट प्रभावित हुन गएको देखिएको हुँदा आगामी दिनहरुमा पदपूर्तिका लागि उम्मेदवारको छनौट प्रकृयालाई कुनै व्यक्ति वा पदाधिकारीको आग्रह /पूर्वाग्रहको प्रभावबाट मुक्त बनाउन आयोगको मिति २०६७।८।१२ को निर्णयानुसार त्रिभूवन विश्वविद्यालय, सेवा आयोगलाई ध्यानाकर्षण गराइएको ।

परिच्छेद - १०
सुझाव/निर्देशन

अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८ को दफा २८ मा आयोगले आफ्नो काम कारबाहीको सिलसिलामा जानकारीमा आएका तथ्यहरूका आधारमा सम्बन्धित कार्यालय, पदाधिकारी वा सार्वजनिक संस्थालाई सुझाव दिन सक्ने कानूनी व्यवस्था भए अनुरूप आर्थिक वर्ष २०६७/०६८ मा आयोगले दिइएको सुझाव/निर्देशनको विवरण निम्नानुसार छ ।

(क) अर्थ मन्त्रालय अन्तर्गत

नेपाल स्टक एक्चेन्ज लिमिटेडका अध्यक्षले कमिसनको लोभमा नागरिक लगानी कोषमा सुरक्षित रुपमा रहेको रु.अट्ठाईस करोड रकमलाई कमजोर रहेका विभिन्न बैंकमा राखि संस्थालाई धरासयी बनाउनुको अलावा संस्थाको रकमलाई असुरक्षित गराएको भन्ने उजुरी उपर अनुसन्धान हुँदा, नेपाल स्टक एक्चेन्ज लिमिटेडको कोषमा रहेको रकम कम व्याजदरमा नेपाल नागरीक लगानी कोषमा जम्मा गरेकोमा प्रतिस्पर्धात्मक बजारमा तुलानात्मक रुपमा जोखमी न्यूनीकरण गरी बढी व्याजदर आर्जन होस भनि बैंक तथा वित्तिय संस्थामा लगानी गर्न नेपाल स्टक एक्चेञ्ज लिमिटेडले लगानी समिति गठन गरी सो समितिले तयार गरेको लगानी नीति तथा कार्यविधि अनुसार बार्षिक न्यूनतम ११ प्रतिशत देखि अधिकतम १३ प्रतिशतसम्म व्याज पाउने तवरले विभिन्न "क" वर्गको वाणिज्य बैक, "ख" वर्गको विकास बैंक तथा "ग" वर्गको वित्तिय संस्थामा जम्मा रु.२७ करोड रकम डिपोजिट गर्ने गरी नेपाल स्टक एक्चेन्ज लिमिटेडको संचालक समितिको मिति २०६६।९।२९ र मिति २०६७।२।४ को निर्णयबाट उक्त बैक तथा वित्तिय संस्थामा रकम डिपोजिट गरेको कार्यवाही अन्यथा भन्न नसकिए तापनि विभिन्न बैंक तथा वित्तिय संस्थामा रकम डिपोजिट गर्ने सम्बन्धी निर्णय गर्दा अब उप्रान्त पारदर्शिताका लागि अर्थ मन्त्रालयको प्रतिनिधि समेत सहभागी गराई निर्णय गर्न आयोगको मिति २०६७।१०।१९ को निर्णय अनुसार नेपाल स्टक एक्चेन्ज लिमिटेडलाई लेखी पठाईएको ।

(ख) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत

कृषि तथा सहकारी मन्त्रालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका महानिर्देशक उत्तमकुमार भट्टराई विरुद्ध उक्त विभागको भवन निर्माण, यन्त्र उपकरण खरिद, लगायतका विषयमा अनियमितता गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको भवन निर्माणमा देखिएका त्रुटीहरु मिति २०६७।६।१८ मा निर्माण व्यवसायी ठेकेदार लुम्बिनी डाफे जय डि.सि. ले उक्त त्रुटी सच्चाउन निवेदन दिई सकेको हुँदा, भवन निर्माण सम्भार डिभिजन कार्यालय संग समन्वय गरी निज ठेकेदारबाट यथाशीघ्र त्रुटी सच्चाउने कार्य सम्पन्न गर्न लगाई सम्भार कार्य सम्पन्न भएपछि मात्र निजको धरौटी फिर्ता गर्न आयोगको मिति २०६७।१०।३ को निर्णय अनुसार खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागलाई लेखी पठाईएको ।

(ग) गृह मन्त्रालय अन्तर्गत

१. केन्द्रीय कारागार अस्पताल त्रिपुरेश्वरबाट आ.व. २०६४।०६५ को अन्त्यमा विना टेण्डर औषधी खरिद गरी कम गुणस्तरको औषधिहरु वितरण गरेको, अस्पताल भवन निर्माण गर्न कैदी बन्दीहरुलाई कम दररेटमा काम लगाउने गरेको, बन्दीहरुको सेवामा खर्च हुने रकमहरु व्यवस्थित र पारदर्शि नभएको हुँदा, समयमै पहल गरीपाउँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा, केन्द्रिय कारागार अस्पतालबाट कैदी बन्दीहरुको लागि औषधी खरिद तथा वितरण गर्दा विरामी कैदी बन्दीहरुको विरामी जाँच रजिष्ट्रमा सम्बन्धीत विरामीको उपस्थिती देखिने व्यहोरा नखुलेको, औषधी वितरण गर्दा समेत सम्बन्धित विरामीलाई भर्पाईद्वारा बुझाउने गरेको नदेखिएको साथै केन्द्रिय कारागार अस्पताल रहेको केन्द्रिय कारागार बाहेक अन्य कारागारहरुबाट माग हुने औषधीहरुको हकमा सम्बन्धीत कारागार कार्यालयको सिफारिस साथ माग हुने गरेको समेत नदेखिएको हुँदा, उल्लेखित विरामी जाँच तथा औषधी खरिद एवं वितरणको कार्यलाई व्यवस्थित र पारदर्शी बनाउन कारागार व्यवस्थापन विभाग र केन्द्रिय कारागार अस्पताललाई लेखी पठाउने र केन्द्रिय कारागार अस्पताल भवन निर्माणको कार्यमा कैदी वन्दीहरुलाई काममा लगाएको भन्ने सन्दर्भमा कैदी बन्दीहरुको हक अधिकार संवेदनशिलता, शिप र दक्षता एवं सुरक्षा संवेदनशिलता समेतलाई दृष्टिगत गरी आवश्यक उपयुक्त कदम अघि बढाउने प्रयोजनको लागि आयोगको मिति २०६७।५।३ को निर्णय अनुसार कारागार व्यवस्थापन विभागलाई लेखी पठाईएको ।

२. काठमाडौं जिल्ला दहचोक गाउँ विकास समिति वडा नं. ३ स्थित कुन्ते खोलाको ०-४-०-० रोपनी क्षेत्रफलको सार्वजनिक जग्गा सोही गाउँ विकास समिति निवासी वेल वहादुर वुढाथोकीको छोरा हरिशरण वुढाथोकीले अतिक्रमण गरी रिटेनिङ्ग वाल लगाएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, काठमाण्डौ जिल्ला दहचोक गाउँ विकास समिति वडा नं. ३ स्थित कुन्ते खोलाको सरकारी सार्वजनिक जग्गा अतिक्रमण गरेको भन्ने सम्बन्धमा नापी कार्यालय कलंकी र दहचोक गाउँ विकास समिति कार्यालयको प्रतिवेदन हेर्दा सोही गाउँ विकास समिति निवासी हरिशरण वुढाथोकीले आफ्नो घर जग्गाको पूर्व तर्फको कुन्ते खोलाको चौडाई घटाई पर्खाल लगाएको भन्ने रहेको र निज हरिशरण वुढाथोकीले वयानमा आफ्नो घर जग्गासँग जोडिएको खोला किनारमा पर्खाल लगाएको समेत स्वीकार गरेको आयोगबाट खटि गएको टोली समेतको स्थलगत निरीक्षणबाट कुन्ते खोला छेउको सरकारी सार्वजनिक जग्गा हरिशरण वुढाथोकीले घुसाई पर्खाल लगाएको देखिएबाट सरकारी सार्वजनिक जग्गा अतिक्रमण भएको स्पष्ट देखियो । यसर्थ नापी कार्यालय कलंकी र दहचोक गाउँ विकास समिति कार्यालयसँग समन्वय गरी दहचोक गाउँ विकास समिति वडा नं. ३ कुन्ते खोला छेउको निज हरिशरण वुढाथोकीले अतिक्रमण गरेको निजको दर्ता श्रेस्ता वाहेकको सरकारी सार्वजनिक जग्गा सीमाङ्कन गरी छुट्याई सार्वजनिकीकरण र संरक्षण गर्न आयोगको मिति २०६८।३।२१ निर्णय अनुसार जिल्ला प्रशासन कार्यालय काठमाण्डौलाई लेखी पठाईएको ।

३. नेपाल प्रहरीको उच्च पदस्थ कर्मचारीहरुले चोरीको गाडी प्रयोग गरे भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, चोरीका र वेवारिसे अवस्थामा पक्राउ गरिएका सवारी साधनहरुको सन्दर्भमा उच्च सर्तकताका साथ निगराखी राख्न आयोगको मिति

२०६८।३।२८ को निर्णय अनुसार महानगरिय ट्राफिक प्रहरी महाशाखा प्रमुखलाई लेखी पठाईएको ।

४. मेलम्ची खानेपानी आयोजनाको लागि भन्सार छुटको सुविधामा ल्याइएको हेभी इक्वीपमेन्ट, सवारी साधन र मेशिन औजारहरु नियमानुसार फिर्ता नलगी मिलेमतो गरी विक्री गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, हेनिल कोनेको जेभी र खरिद कर्ता रामाकान्त प्रसाद चौरसिया समेतका वीच 3 March, 2008 मा भएको सम्झौता अनुसार निम्न सवारी साधन र मेशिन उपकरणहरु कवाडीको रुपमा विक्रि गरेको देखिएकोले उक्त उपकरणहरु अन्य कुनै प्रयोजनमा नआउने गरी प्रचलित कानून वमोजिम टुक्रा टुक्रा (Scraps) पारी सोको जानकारी आयोगमा उपलब्ध गराउन आयोगको मिति २०६८।३।२९ को निर्णय अनुसार यातायात व्यवस्था विभाग, महानगरीय ट्राफिक प्रहरी र सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुलाई निर्देशन लेखी पठाईएको ।

क्र.सं.	सवारी साधन नं.	सवारीको नाम/किसिम	सवारी साधन/उपकरण रहेको जिल्ला
१.	बा.१ क ४४८९	मिनि ट्रक	पर्सा
२.	बा.१ क ४५२५	डोजर	,,
३.	बा.१ क ४५२६	डोजर	,,
४.	बा.१ क ४५२७	कंक्रिट मिक्सचर ट्रक	,,
५.	बा.१ क ४५२८	रोलर	,,
६.	बा.१ क ४५३०	ग्रेडर	,,
७.	बा.१ क ४५३१	रोलर	,,
८.	मे.१ क ३८	एस्काभेटर	,,
९.	-	जेनरेटर थान- ३	बारा

५. उच्च माध्यमिक शिक्षा परिषद्द्वारा २०६८ साल बैशाखमा संचालित कक्षा-१२ को परीक्षा मध्ये ऐ.बैशाख २१ गते भएको भौतिकशास्त्र विषयको प्रश्नपत्र निर्धारित समय अगावै बाहिरिएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, उच्च माध्यामिक शिक्षा परिषदबाट परीक्षा/सम्बन्धी प्राप्त हुने सर सामाग्रीहरु पूर्ण सुरक्षाकासाथ अत्यन्त गोप्य, एवं सम्वेदनशील स्थानमा सम्वन्धित सुरक्षा निकायको प्रमुखको जिम्मामा राख्ने व्यवस्था मिलाउन आवश्यक निर्देशन दिन, उपरोक्त कार्यका लागि भरपर्दो एवं अनुभवी कर्मचारीको सहयोग लिने व्यवस्था मिलाउन, परिषदबाट सामग्रीहरु प्राप्त हुँदा, प्रत्येक सामानहरु यकिन गरी जिम्मा लिने व्यवस्था मिलाउन, सो सामाग्रीहरु राखिएको ठाउमा निर्दिष्ट कर्मचारी वाहेक अन्य कर्मचारीहरुको प्रवेशमा रोक लगाउने व्यवस्था गर्न, सो सामग्रीहरु परीक्षा केन्द्रका केन्द्राध्यक्ष वा परिषदले तोकेको व्यक्ति वाहेक अन्य व्यक्तिहरुलाई कुनै पनि हालतमा उपलब्ध नगराउनको लागि आवश्यक निर्देशन दिन, सो सामग्रीहरु निर्धारित मिति र समयमा परीक्षा केन्द्रका केन्द्राध्यक्षलाई बुझाउँदा सम्बन्धित सुरक्षा निकायका प्रमुख वा निजले आधिकारीक रुपमा तोकेको कर्मचारी तथा परिषद्बाट तोकिएको कर्मचारीको रोहवरमा बुझाउने व्यवस्था गर्न, सो सामग्रीहरु परिषद्बाट बुझ्दा तथा परीक्षा केन्द्रका केन्द्राध्यक्षलाई बुझाउँदा निर्धारित ढाँचामा भरपाई लगायतका श्रेस्ता अनिवार्य रुपमा राख्ने व्यवस्था गर्न, परीक्षा

सम्बन्धी सामग्रीहरु सम्वन्धित सुरक्षा निकायमा राख्दा र सो कार्यालयबाट परीक्षा केन्द्रमा लैजाँदा सुरक्षाको पर्याप्त एवं समुचित व्यवस्था गर्ने तर्फ आवश्यक निर्देशन दिन र सो सामग्रीहरु आफ्नो कार्यालयमा रहुँञ्जेलसम्म सुरक्षा लगायत गोपनियता कायम राख्न विशेष ध्यान पुऱ्याउने व्यवस्था गर्न आयोगको मिति २०६८।३।३१ को निर्णय अनुसार प्रहरी प्रधान कार्यालयलाई लेखी पठाईएको ।

(घ) प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत

१. गरिबी निवारण कोषका कार्यकारी निर्देशक राजबाबु श्रेष्ठ समेतले बीना प्रतिष्पर्धा करोडौंको छपाई, एफ.एम., टेलिभिजन तथा संचार माध्यमलाई भिडियो क्लीप उपलव्ध गराउने, संचार माध्यमलाई बोलाई अन्तर्वार्ता दिएर सोको बील भूत्तानी गर्ने, परामर्शदाताहरु आफुखुशी नियुक्त गर्ने तथा संस्थाहरु छनौट गर्दा करोडौं भ्रटाचार गरे भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, प्रचलित सार्वजनिक खरिद नियमावली तथा गरिबी निवारण कोषको आर्थिक व्यवस्थापन लेखा निर्देशिकामा समेत दशलाख रुपैयाभन्दा बढीको मालसामान, सेवा वा कुनै निर्माण कार्य गराउँदा र परामर्श सेवा खरिद गर्दा बोलपत्रको माध्यमद्धारा खरिद गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ । तर गरिवी निवारण कोषले यस व्यवस्थाको प्रतिकूल हुने गरी पटक पटक सोझै बजारबाट खरिद गर्ने गरेको देखियो । परामर्श सेवा खरिद गर्दा आशयपत्र लिएको भएतापनि आशयपत्र लिनको लागि सूचना प्रकाशित गरेको देखिएन । यसैगरी विभिन्न संचार माध्यमहरुसँग कोषको कार्यक्रम संचालन गर्दा सूचना प्रकाशित नगरी सोझै संझौता गरी कार्य गरेको देखिन्छ । तर चालु आर्थिक वर्ष देखि खरिद सम्बन्धी सम्पूर्ण कार्य प्रचलित खरिद ऐन नियमानुसार नै गर्न कार्य प्रारम्भ भैसकेको भन्ने प्रतिक्रिया कोषबाट आएको र महालेखा परिक्षकको प्रतिवेदनले समेत बेरुजु औल्याएको नदेखिएकाले अहिले सम्म भएका कमी कमजोरीहरुको सुधार गर्न र अब आईन्दा खरिद सम्बन्धी कुनै पनि कार्य गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र दाता राष्ट्रहरुको निर्देशिकाको कडाईका साथ पालना गरी कार्य गर्न आयोगको मिति २०६८।३।२४ को निर्णय अनुसार गरिबी निवारण कोषलाई लेखी पठाईएको ।

२. नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष संजीव थापा समेतले सामान खरिदमा बार्षिक रु. पाँच करोड भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, नेपाल रेडक्रस सोसाइटीले बार्षिक करोडौं रुपैयाँ भन्दा बढीको कारोवार (प्राप्त सहयोग रकम र राहत वितरणमा सामाग्री खरिद गर्ने गरेको देखियो । नेपाल रेडक्रस सोसाइटी जस्तो मानव सेवा र दैवी प्रकोप तथा उद्धार कार्यमा कार्यरत सामाजिक संस्थाले आफ्ना कार्यक्रम संचालन गर्दा अपनाउनु पर्ने खरिद विधि र प्रकृयालाई पूर्णतया पारदर्शी, प्रतिस्पर्धी र मितव्ययी समेत बनाउनु पर्ने कुरालाई मध्यनजर गरी नेपाल रेडक्रस सोसाइटीले आफ्नो आर्थिक विनियमावली २०५१ लाई सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ मा भएका कानूनी व्यवस्था अनुरुप हुने गरी संशोधन गर्न आयोगको मिति २०६८।३।३१ को निर्णय अनुसार लेखी पठाईएको ।

(ङ) वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत

१. आयोगबाट खटि गएको टोलीबाट सिन्धुपाल्चोक जिल्ला, पाल्चोक गाउँ विकास समिति ९, ककनी गाउँ नजिकको सल्लाको वन सखाप हुने गरी गुठी र सरकारी वन समेत काटिएको भन्ने उजुरी उपर अनुसन्धान हुँदा, पाल्चोक गाउँ विकास समिति वडा नं. ९ को कि.नं. ९८ ,१२५ र १२६ को जग्गामा रहेको सल्लाको रुख काट्ने अनुमति पाएको नोर्साङ्ग लामाले ती कित्ता नम्बरसँग जोडिएको कि.नं. १०७ को सरकारी वनको सल्लाको रुखहरु काटेको कसूरमा जिल्ला वन कार्यालय सिन्धुपाल्चोकले रु ४२,२००।- विगो र विगोको हुने दोब्बर जरिवाना रु.८४,४००।- र एक वर्षको कैद सजाय माग दावी सहित मिति २०६७।२।१९ मा सिन्धुपाल्चोक जिल्ला अदालतमा अभियोग पत्र दर्ता गरिसकेको तथा वन कर्मचारीहरु वाँसखर्क रेन्जपोष्टका सहायक वन अधिकृत राम बाबु यादव, वाँसवारी. रेन्जपोष्टका वनरक्षक थरी प्रसाद तिमल्सिना, वाँसखर्क रेन्जपोष्टका फरेष्टर शिव बहादुर भण्डारी र वनरक्षक युवकनाथ सुवेदीलाई जिल्ला वन कार्यालयले निजामती सेवा ऐन, २०४९ को दफा ४२(१) अनुसार काम नगरेको कसूरमा कारवाही अगाडि बढाई सकेको अवस्था देखिएकोले सरकारी वनको सल्लाको रुख काट्ने कार्य रोकथाम गर्न नसक्ने संलग्न कर्मचारीहरुलाई सोही अनुसार विभागीय सजायको कारवाही अगाडि बढाउन र आइन्दा रुख काट्न अनुमति दिंदा कानूनको पूर्ण पालना गरी विशेष सजगता अपनाउन आयोगको मिति २०६७।१२।७ को निर्णय अनुसार जिल्ला वन कार्यालय सिन्धुपाल्चोकलाई लेखी पठाईएको ।

२. सागर सामुदायिक वन उपभोक्ता समिति पंचावती-४ उदयपुरका अध्यक्ष टेक बहादुर अधिकारीले कोषाध्यक्षको समेत दस्तखत कीर्ते गरी राष्ट्रिय बाणिज्य बैंक गाईघाट शाखामा समितिको नाममा रहेको खाताबाट २ पटक गरी रु.४ लाख ७५ हजार रकम झिकी खाएको भन्ने उजुरी उपर अनुसन्धान हुँदा, बिवादित सागर सामुदायीक वन उपभोक्ता समिति खारेज गरी नयां समिति गठन गर्न आयोगको मिति २०६८।१।१३ को निर्णय अनुसार जिल्ला वन कार्यालय उदयपुरलाई लेखी पठाईएको ।

(च) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत

१. भक्तपुर जिल्ला ताथली गाउँ विकास समिति वडा नं ९ (क) कि.नं ९६ क्षेत्रफल २-१-०-० कि.नं. ९७ क्षेत्रफल ०-१०-२-० कि.नं. १२० क्षेत्रफल २-०-०-० र कि.नं १२१ क्षेत्रफल ५-६-२-० रोपनी जग्गाको मालपोत कार्यालय भक्तपुरवाट नक्कली निर्णय गरी सरकारी जग्गा समेत दर्ता गरी लिनु खानु गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा ताथली गाउँ विकास समिति वडा नं ९(क) कि.नं. ९६ ९७, १२० र १२१ को जग्गा मध्ये कि.नं. १२० क्षेत्रफल २-०-०-० र कि.नं १२१ क्षेत्रफल ५-६-२-० रोपनी जग्गाका सम्वन्धमा मालपोत कार्यालय भक्तपुरबाट प्राप्त जग्गा धनी दर्ता श्रेस्तामा वेनिस्सा प्रकृतिको जनिएका, जग्गा दर्ता वांकी देखिएको, भूमिसुधार तथा व्यवस्थापन विभागको मिति २०६७।१०।२० को प्राप्त पत्रानुसार उल्लेखित स्ववासी, वेनिस्सा जग्गा दर्ता नखुलेको र यस प्रकृतिको जग्गा दर्ता गर्न सक्ने कानूनी एवं नीतिगत व्यवस्था नभएको साथै छुट जग्गा दर्ता अन्तरगत कारवाही नगर्ने प्रकृतिका जग्गाहरु भनि वेनिस्सा र स्ववासी घर जग्गाको सम्वन्धमा जग्गा प्रशासन निर्देशिका २०५८ को

परिच्छेद ३ को प्रकरण ८१ को ४(७) मा व्यवस्था भएको भनि लेखि आएको पत्र समेतका आधारमा भक्तपुर ताथली ९ क कि.नं. १२० क्षेत्रफल २-०-०-० र कि.नं १२१ क्षेत्रफल ५-६-२-० रोपनी जग्गा मालपोत ऐन २०३४ को दफा २४ बमोजिम नेपाल सरकारको नाममा दर्ता गरी श्रेस्ता वनाई १ महिना भित्र सो को जानकारी आयोगलाई दिन आयोगको मिति २०६८।३।१ निर्णय अनुसार मालपोत कार्यालय, भक्तपुरलाई लेखी पठाईएको ।

२. काठमाडौं जिल्ला साविक सांखु साल्खा गाउँ विकास समिति वडा नं. ७(क) कि.नं. ५५ क्षेत्रफल ४-१०-२-० रोपनी दर्ता वांकी जग्गा मालपोत कार्यालय चावहिलको श्रेस्तामा कीर्ते छाप लगाई प्रमाणित गरेको विषयमा छानविन र कारवाही गरि पाउं भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, काठमाडौं जिल्ला सांखु साल्खा गाउँ विकास समिति वडा नं ७(क) कि.नं. ५५ क्षेत्रफल ४-१०-२-० रोपनी जग्गा दर्ता वांकी अवस्थामा रहेको र मालपोत कार्यालय चावहिलमा रहेको श्रेस्तामा १९ माघ २०२३ मा सेटलमेन्ट अफिसर भनी दर्ता प्रमाणित लगाइएको कीर्ते छाप दस्तखत लगाइएपछि नामसारीको प्रकृया अगाडी बढाइएको पाइयो । मालपोत कार्यालय चावहिलमा रहेको श्रेस्तामा लगाइएको छाप र दस्तखत शंकास्पद भनी सो कार्यालयवाट लेखि आएको । कार्यालयमा भएको श्रेस्तामा लगाइएको अन्य छाप भन्दा यो छाप नयां मसी भै फरक देखिएको, मोहीको हकदार भनिएका व्यक्तिले यो जग्गा दर्ता प्रमाणित हुन वाँकी भनी गरेको वयान, छानवीनको क्रममा समेत यो जग्गा दर्ता प्रमाणित नदेखिएको हुँदा दर्ता प्रमाणित भएको भनिएको छाप र दस्तखतलाई वदर गरी पूर्ववत् दर्ता वांकी अवस्थामा राख्न मालपोत कार्यालय चावहिललाई निर्देशन दिई यसरी सरकारी कार्यालयको श्रेस्तामा कीर्ते छाप दस्तखत गरी सरकारी कागज कीर्ते गरेको सम्वन्धमा सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९ वमोजिम प्रहरीको क्षेत्राधिकार देखिंदा प्रस्तुत विषयको अनुसन्धान गरी कारवाही गर्न महानगरीय प्रहरी प्रभाग काठमाडौंलाई लेखी पठाइएको । साथै उल्लेखित जग्गाको जग्गाधनीको ठेगाना फिल्ड वुकमा काठमाडौं हांडीगाउं र श्रेस्तामा सिफल भनि फरक फरक ठेगाना उल्लेख भएको, मोहीको नाम फिल्डवुक र श्रेस्तामा मकरध्वज खड्का जनिएको तर गाउँ विकास समितिको सिफारिसमा मकरध्वज खड्का र भीमवहादुर खड्का एउटै व्यक्ति भनिएको र मोहीका हकदार भनिएका व्यक्ति भीमवहादुर खड्काको छोरा भएको मिसिल तथ्यवाट देखिंदा यी अवस्थालाई समेत मध्यनजर राखेर मात्र जग्गा दर्ता सम्वन्धी निर्णय गर्न आयोगको मिति २०६८।३।५ निर्णय अनुसार मालपोत कार्यालय, चावहिललाई लेखी पठाईएको ।

(छ) महिला वालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत

व्यावसायिक तथा सीप विकास तालीम केन्द्र, भैंसेपाटी, ललितपुर अन्तर्गत संचालित प्रशिक्षण केन्द्रहरुमा प्रत्येक आर्थिक वर्षको लागि करारमा नियुक्ति हुने पदहरुको दरवन्दी स्वीकृत गरि देशभरिका केन्द्रहरुमा सो आर्थिक वर्ष शुरु हुन साथ दरवन्दी पुग्ने व्यवस्था मिलाउन र करारमा नियुक्त गरिंदा सार्वजनिक सूचना गरि प्रतिस्पर्धाको आधारमा योग्य व्यक्तिहरु मात्र छनौट गरिने व्यवस्था मिलाउन आयोगको मिति २०६८।२।६ को निर्णय अनुसार व्यावसायिक तथा सीप विकास तालीम केन्द्र, भैंसेपाटीलाई लेखी पठाईएको ।

(ज) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत

१. राष्ट्रिय मानव अधिकार आयोगबाट "खाद्य वस्तुका पैठारीका सम्बन्धमा अपनाइएको फरक फरक मापदण्ड" भन्ने उजुरी उपर अनुसन्धान हुँदा, कामको लागि खाद्य र विद्यालयमा प्रयोग हुने खाद्यान्न बिदेशबाट आयात गर्दा भन्सारमा Re-Pack, पुन:प्रयोग तथा ढुवानीमा ठेकेदारको लापरवाहीका कारण ढिलाई एवं भण्डारणमा समस्या देखिंदा गुणस्तरमा कमी आएको भन्ने बुझिएकाले त्यसलाई निरुत्साहीत गर्नुका साथै चामल बितरणसंग प्रत्यक्ष सम्बन्धित स्थानीय विकास मन्त्रालय र शिक्षा मन्त्रालयलाई आयातित चामलको गुणस्तर तथा स्याम्पल बमोजिमको चामल बितरण भए नभएको सम्बन्धमा प्रभावकारी अनुगमन गर्न निर्देशन दिने । नेपाल WTO को सदस्य भैसकेको हुंदा SPS Agreement बमोजिम कृषिसंग सम्बन्धित Animal Quarantine, Food Quarantine and Plant Quarantine का Unit हरुलाई यथाशक्य भन्सार नाका नजीक हुने गरी राखी प्रभावकारी कार्य सम्पादन गराउन सम्बन्धित निकायलाई निर्देशन दिने । निकासी पैठारी प्रक्रियामा सरोकारवालाहरु पैठारीकर्ता, भन्सार कार्यालय, जिल्ला प्रशासन कार्यालयहरुबाट खाद्य ऐन २०२३ को दफा ८ विरुवा संरक्षण ऐन, २०६४ को दफा ३२ उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा १५ को कानूनी व्यवस्थालाई अक्षरस पालना गर्न गराउन सजग गराउने । क्वारेन्टाईनको काम कारवाही प्रभावकारी नदेखिएको हुंदा जनस्वास्थ्यमा प्रतिकूल असर परिरहेको हुंदा देशका सबै नाकाहरुमा प्राबिधिक सहितको क्वारेन्टाईन कार्यालयको व्यवस्था गर्ने र आगामी दिनमा मानव स्वास्थ्यसंग प्रत्यक्ष सरोकार राख्ने सौन्दर्य प्रशोधनका साधनहरुमा समेत गुणस्तर चेक जाँच व्यवस्था मिलाउने, Genetically Modified Free (GM Free) सर्टिफिकेटको अनिवार्य व्यवस्था मिलाउने सम्बन्धमा कृषि तथा सहकारी मन्त्रालयको सहयोगमा दातृ निकायहरुसंग सम्झौता गर्दा कै अवस्थामा अर्थ मन्त्रालयलाई सो सम्बन्धी आवश्यक सूचना एवं जानकारी दिने व्यवस्था गर्न आयोगको मिति २०६७।५।४ को निर्णय अनुसार सम्बन्धित निकायमा लेखी पठाईएको ।

२. राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकुका प्रमुख समेतले WHO बाट प्राप्त रकमबाट तालिम संचालन गर्दा आफूलाई आर्थिक लाभ दिने व्यक्तिहरुलाई मात्र सहभागी गराएको, प्रयोगशालामा व्यावहारिक प्रशिक्षण शुल्कवापत उठेको रकम बाँडेर खाएको, एउटै गाडी पटक पटक मर्मत गराएको भनी बील बनाई खाएको भन्ने उजुरी उपर अनुसन्धान हुँदा, यसवर्ष WHO बाट कुनै तालिम संचालन नभएको, सवारी साधन मर्मत गर्ने पर्ने अवस्थाको भएको र प्रकृयागत रुपमा नै मर्मत गरिएको । मिति २०६३ फागुनदेखि मिति २०६५ श्रावणसम्मको प्रयोगशालामा व्यवहारिक कक्षा संचालन गरी प्रशिक्षण वापत उठेको कूल जम्मा रु.६,२०,०००।- मध्ये रेडियोलोजि र प्याथोलोजीमा काम गर्ने कर्मचारीहरुलाई उक्त सेवा उपलब्ध गराए वापत हाल प्राप्त भई रहेको जम्मा शुल्कको १२.५% सम्मको रकम उपलब्ध गराउने भन्ने मन्त्रीपरिषदको मिति २०५८।१।६ निर्णयानुसार १२.५% कटाई बाँकी रकम रु.५,४३,०२५।- आयोग समक्ष मिति २०६७।५।१७ मा दाखिला भईसकेको देखिन्छ । यसैगरी प्रयोगशालामा रहेको गेष्ट रुम प्रयोग गरे वापत उठेको रकम राजश्व दाखिला नगरी कार्यालयकै आन्तरिक सरसफाईमा प्रयोग गर्ने गरिएको कार्य नियमानुसार भएको नदेखिएकोले उक्त गेष्ट रुममा बस्ने पाहुनाहरुबाट अनिवार्य रुपमा लगबुक भर्न लगाई सो वापत उठेको

रकम राजश्व दाखिला गर्न आयोगको मिति २०६७६।१८ को निर्णय अनुसार राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकुलाई लेखी पठाईएको ।

३. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट आयोगको निर्देशन विपरीत हुने गरि वरिष्ठ जन स्वास्थ्य प्रशासक (१० औ तह) का रामधन मेहता समेत नियम विपरित सरुवा, पदस्थापना गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा, रामधन मेहता लगायत दशौ तह सम्मका स्वास्थ्य सेवाका कर्मचारीहरुलाई मिति २०६७३।११ को मन्त्री स्तरीय निर्णयबाट विभिन्न कार्यालयमा सरुवा गरेको पाइयो । सुशासन (व्यवस्थापन तथा संचालन) ऐन २०६४ को दफा ११ तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवलाई प्रत्यायोजित अधिकार बमोजिम नवौ र दशौ तहमा कर्मचारीको सरुवा, पदस्थापलगायतका काम गर्ने अधिकारी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवलाई तोकिई सकेको अवस्थामा नवौं तथा दशौं तहका कर्मचारी समेतलाई मन्त्री स्तरीय निर्णयबाट गरेको सरुवा कानून सम्मत मान्न मिलेन । अतः आयोगको पूर्व निर्देशन, प्रत्यायोजित अधिकार एवं प्रचलित सुशासन (व्यवस्थापन तथा संचालन) ऐन २०६४ बमोजिम तोकिएका अधिकारीबाट मात्र तोकिएका तहका कर्मचारीहरुको सरुवा लगायतका काम गर्न आयोगको मिति २०६७८।१३ को निर्णय अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवलाई लेखी पठाईएको ।

४. जिल्ला जन स्वास्थ्य कार्यालय, कास्कीले औषधि खरिद प्रकृयामा विभिन्न अनियमित कार्य गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा, जिल्ला जन स्वास्थ्य कार्यालय, कास्कीबाट जिल्लामा महामारी फैलिएको, स्वास्थ्य संस्थाबाट औषधि माग भई आएको, समयमा अख्तियारी प्राप्त नभएको तथा टेण्डर प्रकृयामा जाँदा समय अभावका कारण देखाई आर्थिक बर्षको अन्त्यमा पटक पटक बजारबाट सोझै औषधि खरिद गर्ने समेत गरिएको देखिएकोले अब आईन्दा औषधि खरिद गर्ने कार्यलाई कार्यक्रम अख्तियारी, निर्णय निर्देशन समयमै गरी खरिद व्यवस्थालाई प्रचलित कानून प्रक्रिया अनुसार गर्ने गराउने व्यवस्था गर्न आयोगको मिति २०६७११।१३ को निर्णय अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग तथा सम्बन्धित कार्यालयलाई लेखी पठाईएको ।

५. जिल्ला जन स्वास्थ्य कार्यालय, कैलालीका प्रमुख समेतको मिलेमतोमा भवन र पर्खाल मर्मत गर्दा तथा औषधि खरिद प्रकृयामा अनियमितता भयो भन्ने उजुरी उपर अनुसन्धान हुँदा, जिल्ला जन स्वास्थ्य कार्यालय, कैलालीले जिल्लामा महामारी फैलिएको, स्वास्थ्य संस्थामा औषधि अभाव रहेको, पटके निकासा तथा टेण्डर न्यून दरमा परी बचत भएको रकमबाट समेत वोलपत्र तथा सिलवन्दी कोटेशनबाट औषधी खरिद गरेको देखियो । यस सम्बन्धमा मिति २०६७११।२६ मा आयोग समक्ष स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सचिव लगायतका पदाधिकारीहरुलाई बोलाई छलफल हुँदा, अव आईन्दा चालु आ.ब.देखि प्रचलित खरिद ऐन नियमानुसार नै खरिद कारवाही गर्ने गराउने छौं भन्ने प्रतिवद्धता समेत जनाई सकिएको अवस्था छ । यसैगरी जिल्ला जन स्वास्थ्य कार्यालय, कास्कीले खरिद गरेको औषधीका सम्वन्धमा परेको उजुरीको सम्बन्धमा आयोगको मिति २०६७११।१३ को निर्णयले अब आईन्दा औषधि खरिद गर्ने कार्यलाई कार्यक्रम अख्तियारी, निर्णय निर्देशन समयमै गरी खरिद व्यवस्थालाई प्रचलित कानून प्रक्रिया अनुसार गर्ने गराउने व्यवस्था गर्न स्वास्थ्य तथा जनसंख्या

मन्त्रालय, स्वास्थ्य सेवा विभागलाई निर्देशन दिई सकिएकोले उक्त पूर्व निर्णयानुसार आयोगको मिति २०६७।१२।१४ को निर्णय अनुसार जिल्ला स्वास्थ्य कार्यालय, कैलालीलाई लेखी पठाईएको ।

६. नेपाल मेडिकल काउन्सिलले २०६२ सालमा जानकी मेडिकल कलेजमा अध्ययनरत प्रथम व्याचका विद्यार्थीहरुको Clinical अध्ययन सम्बन्धमा निरीक्षण गर्दा पूर्वाधार नपुग भएको कारणले उक्त अध्ययनलाई मान्यता नदिने निर्णय गरेकोमा २०६३ सालमा निरीक्षण गर्दा मोटो रकम असूल गरी उक्त मिति देखि नै clinical अध्ययन अवधि गणना गर्ने गैर कानूनी अनुमति दिएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, मेडिकल कलेजले संचालनको स्वीकृति माग गर्दा स्वीकृति दिनु पूर्व नै पूर्वाधार पूरा भएको छ छैन NMC ले स्थलगत रुपमा निरीक्षण गरेर पूर्वाधार पूरा भएपछि मात्र स्वीकृति दिने व्यवस्था मिलाउन जानकी मेडिकल कलेजको सम्पूर्ण पूर्वाधारहरु हालसम्म पनि पूरा भई नसकेको अवस्था देखिएकाले NMC ले उक्त कलेजलाई निश्चित समयावधि तोकी उक्त पूर्वाधारहरु पूरा गर्न लगाउन । जानकी मेडिकल कलेजको अवस्था सुधार भए नभएको सम्बन्धमा NMC ले समय समयमा निरीक्षण, अनुगमन गर्न, डा.के.पी. सिंहको आफ्नै नेतृत्वमा गएको निरिक्षण टेलीले JMC कलेजको स्थलगत निरीक्षण गरी आफ्नै अध्यक्षतामा बसेको काउन्सिलको बैठकले उक्त कलेजको सम्बन्धमा अगाडीको मितिदेखि नै अनुमतीका लागि स्वीकृति दिएको सम्बन्धमा NMC ले निज माथि छानविन गरी आवश्यक कारबाही गर्न आयोगको मिति २०६८।३।३१ को निर्णय अनुसार नेपाल मेडिकल काउन्सिललाई निर्देशन लेखि पठाईएको ।

(झ) स्थानीय विकास मन्त्रालय अन्तर्गत

१. वीरगंज उप-महानगरपालिकाले आ.ब. २०६७।०६८ का पटके सवारी कर, पार्किङ्ग शुल्क र बार्षिक सवारी कर ठेक्का लगाउने प्रयोजनको लागि २०६७।३।२८ मा न्यूनतम सिलिङ रु.१,५१,००,०००।- तोकी सूचना प्रकाशित गरी सो सूचनाको म्यादभित्र नियमानुसार प्राप्त भएको बोलपत्रहरु मध्ये अधिकतम रकम बोलकवोल गर्ने जयप्रकाश महतो कोइरीले रु.१,७७,७७,७७७।७७ लाई निर्णय गरी ठेक्का दिनु पर्नेमा सो नगरी विना आधार र कारण न्यूनतम सिलिङ्ग बृद्धि गरी २०६७।५।१ मा पूनः सुचना प्रकाशित गर्ने भन्ने निर्णय एवं दलिय सयन्त्रको सहमतिको आधार कानून सम्मत भएको देखिएन । अतः पहिलो ०६७।३।२८ को सूचनाका आधारमा बोलपत्र कवोल गर्ने जयप्रकाश महतो कोइरीसँग नै ठेक्का पट्टा संभौता गर्न आयोगको मिति २०६७।६।२६ को निर्णय अनुसार वीरगंज उप-महानगरपालिकालाई निर्देशन लेखी पठाईएको ।

२. तनहुँ जिल्लाका सेतीनदी किनाराका विभिन्न घाटहरुमा ढुंगा, गिटी, बालुवाको ठेक्का लगाउँदा जिल्ला विकास समितिको कार्यालय, तनहुँबाट अनियमितता भयो भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६७।१०।११ को निर्णय अनुसार आगामी दिनहरुमा यस्ता प्रकृतिका ठेक्का पट्टाका कार्य गर्दा प्राकृतिक श्रोत साधन माथिको अतिक्रमण रोक्दै बातावरणमा पर्ने प्रतिकूल प्रभावलाई समेत न्यूनीकरण गर्नका लागि प्रचलित कानूनहरुको अक्षरसः पालना गर्नका साथै वातावरणीय प्रभाव मूल्यांकन EIA गरे मात्र सवै जिल्ला विकास समितिमा ठेक्का वन्दोवस्त गर्न गराउन र ठेक्का पट्टाको

कार्य सम्पन्न भई सकेपछि पनि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठन हुने जिल्ला अनुगमन समितिको प्रत्यक्ष निगरानीमा मात्र ढुंगा, गिठी, बालुवाको व्यवस्थापन एवं परिचालन गर्ने, गराउने व्यवस्थाका लागि सबै जिल्ला विकास समितिलाई निर्देशन दिन आयोगको मिति २०६७।१०।११ को निर्णय अनुसार स्थानीय विकास मन्त्रालयलाई लेखी पठाईएको ।

(ञ) सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गत

साप्ताहिक रुपमा मुश्किलले ५०० प्रति छापिने नयाँ विकल्प साप्ताहिक पत्रिकालाई सो पत्रिकाका प्रकाशक दामोदर प्रसाद दवाडीले आफू पत्रिकाको संपरीक्षण समितिमा रहेको बखत 'क' श्रेणिमा पुऱ्याएको र प्रेश काउन्सिलका कर्मचारीको नाममा पत्रिका दर्ता गरी संचालन गर्न नमिल्नेमा कर्मचारी रहमतुल्ला मियाँको नाममा हिमाली पत्र साप्ताहिक र मधुर सन्देश दर्ता गरी संचालन गरेको नयाँ विकल्प साप्ताहिक पत्रिकालाई 'क' वर्गमा वर्गीकरण गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, पत्रपत्रिका वितरण संपरिक्षणको मापदण्ड र प्रक्रिया, २०६४ को ४ (१) मा व्यवस्था भए अनुसार नेपालको ५१ प्रतिशत जिल्लामा विक्रि वितरण भएको छ भन्ने कुनै कागज प्रमाण नदेखिएको एवं मापदण्डको ५ (२) मा उल्लेख भएको निकायहरुसंग बुझ्ने कार्यपनि नगरेको साथै आ.ब.२०६५।०६६ को पत्र पत्रिकाहरुको मुल्यांकन वर्गीकरण (नयाँ विकल्प साप्ताहिक पत्रिका समेत मूल्यांकनमा समावेश भएको अवस्थामा) गर्न सम्बन्धमा बसेको पत्रपत्रिका वितरण संपरीक्षण समितिको मिति २०६७।९।२१ को बैठकमा नयाँ विकल्प साप्ताहिकका प्रधान सम्पादक तथा प्रकाशक दामोदर प्रसाद दवाडी समेत सदस्यको रुपमा सहभागी हुनु नैतिक दृष्टिकोणले उचित नभएको । मापदण्डको ५ को (४) मा वितरण यकिन गर्ने सम्बन्धमा समितिले आवश्यकतानुसार प्रेस निरीक्षण तथा बजार सर्वेक्षण गर्न सक्नेछ भन्ने व्यवस्था भएपनि काठमाण्डौमा नै रहेको उक्त पत्रिकाको छापाखानाको निरीक्षण समेत गरेको नदेखिदा पत्रपत्रिका वर्गीकरणमा उचित ध्यान पुऱ्याएको भन्न नसकिएकोले नयाँ विकल्प साप्ताहिक पत्रिकाको वर्गिकरण गर्ने सम्बन्धमा छानविन गरी आवश्यक निर्णय गर्न आयोगको मिति २०६८।३।२९ को निर्णय अनुसार प्रेस काउन्सिल नेपाललाई लेखी पठाईएको ।

(ट) शिक्षा मन्त्रालय अन्तर्गत

उच्च माध्यमिक शिक्षा परिषद्द्वारा २०६८ साल बैशाखमा संचालित कक्षा-१२ को परीक्षा मध्ये ऐ. बैशाख २१ गते भएको भौतिकशास्त्र विषयको प्रश्नपत्र निर्धारित समय अगाबै बाहिरिएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, अनुसन्धानबाट देखिन आएका कमी कमजोरीहरुलाई मध्यनजर राखी भविष्यमा यस्ता घटनाहरु पुनः दोहोरिन नदिन आवश्यक व्यवस्था गर्न-गराउन, उच्च माध्यमिक शिक्षा परिषदद्वारा संचालन हुने कक्षा ११ र १२ को परीक्षालाई मर्यादित एवं व्यवस्थित बनाउने तर्फ आवश्यक पहल गर्न, परीक्षा सम्बन्धी प्रचलित ऐन, नियम, नीति निर्देशन/निर्देशिकाले व्यवस्था गरेका कुराहरुलाई अक्षरशः परिपालना गराउने तर्फ कडाईका साथ लागू गर्न सम्बद्ध निकायलाई आवश्यक निर्देशन दिन । प्रचलित ऐन, कानून नीति/निर्देशनद्वारा व्यवस्थित कुराहरुको व्यवहारमा भएको प्रयोग सम्बन्धमा समय समयमा अनुगमन गरी कुनै गल्ती वा त्रुटी देखिएमा तत्काल सो सुधार गर्न आवश्यक कार्यवाही शुरु गरिहाल्ने । प्रत्येक पटकको परीक्षा संचालन पश्चात सो परीक्षा सम्बन्धमा सम्बद्ध निकायका पदाधिकारीहरु वसी छलफल एवं समिक्षा गरी सो

सम्बन्धमा भएका कमी कमजोरी एवं त्रुटीहरु औंल्याई सो को निराकरण गरी समाधान गर्ने तर्फ तत्काल आवश्यक पहल गर्ने । परीक्षा संचालन सम्बन्धमा प्रत्येक जिल्लामा रहने परीक्षा समन्वय समितिलाई परीक्षा अझै मर्यादित एवं धाँधली मुक्त वनाउन आवश्यक निर्देशन दिई सो समितिलाई सशक्त वनाउने तर्फ आवश्यक व्यवस्था मिलाउन शिक्षा मन्त्रालयलाई र त्यहाँबाट संचालन हुने कक्षा ११ र १२ को परीक्षाको प्रश्न पत्र लगायत आवश्यक सामाग्रीहरु सम्वन्धित प्रहरी/सुरक्षा निकायमा वुझाउँदा सो निकायको प्रमुख वा निजले तोकेका अधिकृत स्तरका कर्मचारीलाई वुझाउने तर्फ आवश्यक व्यवस्था गर्ने । सो परीक्षा सम्बन्धी सामाग्रीहरु परीक्षा हुने दिन निर्धारित समयमा सुरक्षा निकायबाट परीक्षा केन्द्रको लागि लैजाँदा सो परिषदको तर्फबाट एक जना व्यक्ति खटाई निजबाट सम्वन्धित केन्द्रका केन्द्राध्यक्षको परिचय पत्र वा नियुक्तिपत्र हेरी सम्बन्धित व्यक्ति यकीन गरी भरपाई गराई वुझाउने कार्यमा सुरक्षा निकायको कर्मचारीलाई आवश्यक सहयोग गर्ने व्यवस्था गर्ने । सुरक्षा निकायबाट परीक्षा सम्बन्धी सामग्री लिएर जाँदा र परीक्षा केन्द्रमा पुऱ्याएर निर्धारित समयमा खोल्दा प्रचलित ऐन नियम, निर्देशिका/निर्देशनमा व्यवस्था भए अनुसारको मुचुल्का/भरपाई वा अन्य आवश्यक फारमहरु समेत सम्भव भएसम्म परिषदवाटै छपाई गरी आवश्यक संख्यामा परीक्षा केन्द्रहरुमा पठाई दिने व्यवस्था गर्ने । यदि सो सम्भव नभएमा सो को नमूना पठाई सोही मुताविकको मुचुल्का/भरपाई वा अन्य आवश्यक फारामहरु अनिवार्य रुपमा भर्न लगाई एकरुपता कायम गर्ने तर्फ कडाइका साथ लागू गर्न आवश्यक व्यवस्था गर्ने, केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, पर्यवेक्षक, निरीक्षक लगायत परीक्षासंग सम्वन्धित पदाधिकारीहरुलाई निजहरुको काम कर्तव्य, अधिकार तथा परीक्षा संचालनका सम्बन्धमा भएका कानूनी व्यवस्था/निर्देशन एवं विगतका अनुभव लगायत परेका समस्या सम्बन्धमा आवश्यक एवं पर्याप्त जानकारी दिने व्यवस्था गर्ने । परीक्षा संचालन हुँदा, अवस्थामा परीक्षा केन्द्रहरुमा सो परिषदका तर्फवाट सकेसम्म वढी पर्यवेक्षण हुने व्यवस्था मिलाउने । सो परिषदवाट सम्वन्धित परीक्षा केन्द्रहरुको लागि भनी पठाइएका परीक्षासंग सम्वन्धित प्रश्न पत्र लगायतका सामग्रीहरु राखिएको सुरक्षा निकायमा सो परिषदको तर्फवाट समय समयमा निरीक्षण गरी गर्न लगाई सम्वन्धित सुरक्षा प्रमुख समेतसंग सो को गोपनीयताका सम्बन्धमा नियमित रुपमा आवश्यक छलफल गर्ने व्यवस्था मिलाउने । सुरक्षा निकायमा रहेका परीक्षा सम्बन्धी सामाग्रीहरु कुनैपनि हालतमा निर्दिष्ट पदाधिकारी वाहेक अरु व्यक्तिलाई नवुझाउनु भनी कडा निर्देशन दिने । परीक्षा संचालनमा कुनै अनियमितता वा धाँधली हुन गएमा सम्वन्धित व्यक्तिहरुलाई प्रचलित कानून वमोजिम समयमै आवश्यक कार्यवाही गर्ने तर्फ तदारुकताकासाथ प्रक्रिया अगाडी वढाउने । सो पश्चात त्यस्ता केन्द्र र सो मा संलग्न व्यक्तिहरुलाई सो सम्वन्धी जिम्मेवारी दिने/नदिने तर्फ संवेदनशील भई परिषदमा गंभीर छलफल गरी आवश्यक निर्णय लिने । यस सम्बन्धमा यस आयोग तथा शिक्षा मन्त्रालयबाट प्राप्त हुने निर्देशन/सुझावलाई तदारुकताका साथ पालन गर्न गराउन आयोगको मिति २०६८।३।३१ को निर्णय अनुसार उच्च माध्यमिक शिक्षा परिषद्लाई लेखी पठाईएको ।

परिच्छेद - ११
आयोगबाट भएका अन्य कारबाहीहरू

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क. मा सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी नेपाल सरकार वा सार्वजनिक संस्थालाई हानी नोक्सानी पुऱ्याएकोमा त्यस्तो हानी नोक्सानी सम्बन्धित व्यक्तिबाट भरिभराउ गर्न वा आयोगले उपयुक्त ठानेको अन्य आवश्यक कारबाही गर्नका लागि सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउने र ऐनको दफा १२ ख. मा सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको अनुचित कार्यबाट उत्पन्न दुष्परिणाम सच्याउनका लागि आयोगले सम्बन्धित अधिकारी वा निकायलाई लेखी पठाउन सक्ने व्यवस्था भए अनुरूप आर्थिक वर्ष २०६७/०६८ मा आयोगबाट देहाय बमोजिम गर्ने गरी अख्तियारवालालाई लेखी पठाइएको छ ।

(क) अर्थ मन्त्रालय अन्तर्गत

१. सम्पति न्यायिक जाँचवुझ आयोग २०५८ को प्रतिवेदन बमोजिम वन विभागमा इन्जिनीयर पदमा कार्यरत सुरेन्द्रमोहन श्रेष्ठले सार्वजनिक पदमा सेवा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको श्रोत नखुलेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, सुरेन्द्र मोहन श्रेष्ठको NMB बैंकमा रहेको खाता नं. ००११००००१८८५, ००१०००००१२०५ र हिमालयन वैंकको खाता नं. ००१०००६७२७००१५ को वैंक कारोवार अधिक देखिएको र सो वैंक कारोवार निजले Part Time काम गर्ने भनीएको CSD Consult Pvt. Ltd., कीर्तीपुर (स्थायी लेखा नं. ३०१६१६०३०) ले ठेकेदार एवं अन्य सरोकारवालालाई भुक्तानी गरी दिन उपलब्ध गराएको भन्ने देखिएको हुंदा सो प्रा.लि. को कारोवार उपर आवश्यक अनुसन्धान गर्न आयोगको मिति २०६७।१०।६ को निर्णयानुसार राजश्व अनुसन्धान विभागलाई लेखी पठाइएको ।

२. मिति २०६७।६।३ को नागरीक दैनिकमा नेपाल बैंक लि. ताप्लेजुङ्ग शाखामा रहेको खातावालाहरुको बैंक खाताबाट ओभरड्रन भएको भन्ने प्रकासित समाचार सम्वन्धमा अनुसन्धान हुँदा, नेपाल बैंक लि. ताप्लेजुङ शाखाका कर्मचारहीरु जीवनलाल श्रेष्ठ, वैद्यनाथ शाह, बन्हुप्रसाद यादव र लक्ष्मण मेहराले खाता नं. १३१५, १३७१ र २५३१ बाट ओभरड्रन गरी भुक्तानी गरेको भन्ने सम्बन्धमा नेपाल बैंक लिमिटेड केन्द्रीय कार्यालयको मिति २०६७।६।७ र मिति २०६७।१०।११ को पत्रबाट ओभरड्रन भएको रकमको सावाँ तथा व्याज आयोगबाट अनुसन्धान कार्य प्रारम्भ गर्नु पूर्व नै सम्बन्धित खातावाला पार्टीहरुले दाखिला गराएको भन्ने देखिन आयो । ओभरड्रन भएको रकम दाखिला भएतापनि सम्बन्धित कर्मचारहीरुले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (छ) बमोजिम पदीय त्र्कव्य पालन नगरी बैंकबाट ओभरड्रन गरी गराई अनुचित कार्य गरेको भन्ने स्पष्ट देखियो । साथै प्रहरी विधिविज्ञान प्रयोगशालाको मिति २०६७।८।२९ को रायबाट अमुक व्यक्तिको हस्ताक्षरसँग बैंकको लेजरको अंक अक्षरसँग मिल्ने भिड्ने भनी ठोस राय दिएको नदेखिएको र निजहरुलाई बैंकबाट विभागीय कारवाहीको प्रक्रिया शुरु भए पनि विभागीय सजाय गरीसकिएको अवस्था नदेखिएको हुँदा, अनुचित कार्य गर्ने जिवनलाल श्रेष्ठ, बन्हु प्रसाद यादव, बैद्यनाथ साह र

लक्षण मेहरालाई विभागीय कारवाही गर्न र अब उप्रान्त यस्तो कार्य हुन नदिन संयन्त्र बनाई निरीक्षण अनुगमन गर्ने व्यवस्था गर्न आयोगको मिति २०६७।१०।१९ को निर्णयानुसार नेपाल बैंक लि. केन्द्रीय कार्यालयलाई लेखी पठाइएको ।

३. झूट्ठो विवरण पेश गरी थप कोष निकासा लिइ अनियमित खर्च गरेकोले कारबाही गर्न भनी कोष तथा लेखा नियन्त्रक कार्यालय,सुर्खेतले मिति २०५९।४।२० मा महालेखा नियन्त्रक कार्यालय,काठमाडौंलाई लेखी जिल्ला प्रशासन कार्यालय,सुर्खेतलाई वोधार्थ दिएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, लेखापाल जब्बर अलि मियाले उक्त नियमावलीको नियम ३५ को उपनियम (१४) ले प्रचलित कानून बमोजिमको प्रकृया नपुगेको आर्थिक कारोवारको भुक्तानी दिन वा भुक्तानीको निमित्त पेश गर्न वा भुक्तानीको निमित्त सिफारिस गर्न नमिल्ने राय दिनु पर्नेमा प्रतिस्पर्धा नगराई कानून विपरित सोझै उत्पादक कम्पनीको विक्रेतासंग खरिद गर्न कार्यालय प्रमुख समक्ष सिफारिस सहित पेश गरेको समेत देखिदा निज जब्बर अलि मियाले आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०५६ को नियम १६२ को उपनियम (२) मा व्यवस्था भए अनुरुपको र्त्तव्य पालना गरेको नपाईएवाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा ३ को देहाय (ख) र (छ) बमोजिम अनुचित कार्य गरेको देखिएको हुदा निज लेखापाल जब्बर अलि मिया उपर निजामति सेवा ऐन,२०४९को दफा ६० को देहाय (घ)को कसुरमा सोही ऐन बमोजिम विभागीय कारबाही गर्न आयोगको मिति २०६८।३।६ निर्णयानुसार महालेखा नियन्त्रक कार्यालयलाई लेखी पठाइएको ।

४. मेलम्ची खानेपानी आयोजनाको लागी भन्सार छुटको सुविधामा ल्याइएको हेभी इक्वीपमेन्ट, सवारी साधन र मेशिन औजारहरु नियमानुसार फिर्ता नलगी मिलेमतो गरी विकी गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, जिल्ला काठमाडौं, का.म.न.पा.वडा नं.१५ स्वयम्भू हल्चोक स्थित ग्यालेक्सी विल्डर्स प्रा.लि.को ग्यारेजमा रहेको र रामाकान्त प्रसाद चौरसिया समेतले हेनिल कोनेको जेभीसंग खरिद गरेको भनीएको PETIBONE 40 MULTI KRANE को सवारी दर्ता प्रमाण पत्र लगायत कुनै पनि कागजपत्र नपाइएको हुँदा, सो उपकरणको सम्बन्धमा प्रचलित कानून वमोजिम कारवाही गरी सोको जानकारी १५ पन्ध्र दिन भित्र आयोगमा उपलब्ध गराई दिन आयोगको मिति २०६८।३।२९ को निर्णयानुसार भन्सार विभागमा लेखी पठाइएको ।

(ख) उद्योग मन्त्रालय अन्तर्गत

१. गुणस्तर तथा नापतौल क्षेत्रीय कार्यालय, बीरगञ्जका तत्कालिन कार्यालय प्रमुख राम आधार साहले स्टोर किपरसंग मिलेमतो गरी कार्यालयका ५० किलो ग्रामका ४४ थान ढकहरु बिक्री गरी सरकारी सम्पत्ति हिनामिना गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, गुणस्तर तथा नापतौल क्षेत्रीय कार्यालय, बीरगञ्जको ५० किलो ग्रामका ४४ थान ढकहरु बुझिलिएका कार्यालयका सिनियर मिस्त्री रामदेव लाल दासले बयानमा उक्त ढकहरु तत्कालिन कार्यालय प्रमुख राम आधार साहले कार्यालयको समय देखि बाहेकका समयमा पनि उद्योगहरुमा काम गर्न लैजाने गरेको र हाल गुणस्तर तथा नापतौल क्षेत्रीय कार्यालय, वीरगञ्जबाट अपुग भएका ती ढकहरु फेला परेको भनी मिति ०६७।४।१६ को पत्रबाट जानकारी गराईएकोले आईन्दा कार्यालयका सामानहरु कामको सिलसिलामा अन्यत्र लैजाँदा कार्यालयमा अभिलेख अद्यावधिक राखी लैजाने

व्यवस्था मिलाउन आयोगको मिति २०६७।४।२४ को निर्णयानुसार नापतौल तथा गुणस्तर विभागमा लेखी पठाइएको ।

२. साँस्कृतिक संस्थानका महाप्रबन्धकले नियम विपरीत करारमा कर्मचारी नियुक्ति गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, साँस्कृतिक संस्थानको लागि स्वीकृत दरवन्दी ५७ मध्ये ३३ जना स्थायी र ४९ जना कर्मचारी करारतर्फ कार्यरत रहेको, करारमा कार्यरत मध्ये २९ जनाको संचयकोष काट्ने गरीएको । प्रतिस्पर्धा विना करार अवधिनै नतोकी करारमा नियुक्ति गर्ने गरीएकोले साँस्कृतिक संस्थानको कार्यलाई नियमसंगत मान्न सकिएन । तसर्थ संस्थानको कार्य संचालनार्थ नभई नहुने पदमा मात्र स्वीकृत दरवन्दी भित्र रही खुल्ला प्रतिस्पर्धाको आधारमा सेवा करारमा लिने व्यवस्था गर्न र रिक्त दरवन्दीमा ६ महिना भित्रमा स्थायी पदपूर्तिको व्यवस्था गर्न आयोगको मिति २०६७।८।९ को निर्णयानुसार साँस्कृतिक संस्थानलाई लेखी पठाइएको ।

३. वन पैदावारमा आधारित उद्योगहरु वन क्षेत्रबाट तराईको हकमा कम्ति ५ कि.मि. र पहाडी क्षेत्रको हकमा कम्तिमा ३ कि.मि. भन्दा बाहिर स्थापना हुनुपर्नेमा सो अनुसार नगरी उद्योगहरु स्थापना भइरहेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, वन तथा भूसंरक्षण मन्त्रालयबाट २०५४।७।२६ मा भएको निर्णयमा वन संरक्षणका दृष्टिकोणबाट सःमिल तथा इटाभट्टाहरु संचालन गर्न गराउनका लागि तराईमा वन क्षेत्र भन्दा ५ कि.मि. र सो भित्र नपर्ने गरी र अन्य क्षेत्रका ३ कि.मि. र सो भित्र नपर्ने गरी संचालन गर्ने गरी व्यवस्था भइरहेकोमा ०६३।११।११ मा वन तथा भूसंरक्षण मन्त्रालयबाट तराईका हकमा वन क्षेत्र वा संरक्षित क्षेत्र (मध्यवर्ती क्षेत्र समेत) बाट दुई कि.मि. टाढा र अन्य क्षेत्रका हकमा वन क्षेत्र वा संरक्षित क्षेत्र (मध्यवर्ती क्षेत्र समेत) बाट एक कि.मि. टाढा मात्र वन पैदावारमा आधारित उद्योग स्थापना र संचालन हुन दिने भनी निर्णय भएको सन्दर्भमा यस अगावै आयोगको मिति २०६५।८।३० को निर्णयानुसार वन मन्त्रालयको मिति २०५४।७।२६ को निर्णयानुसार नै कायम गरी क्रमशः ५ कि.मि. र ३ कि.मि. नै कार्यान्वयनका लागि लेखी पठाइएको । तत्पश्चात् आयोगको मिति २०६६।७।२५ को वैठकबाट सम्बन्धित विज्ञहरुको राय सहित मन्त्रिपरीक्षद्मा नै गहन छलफल भै उचित निर्णय हुनु पर्ने देखिएकोले सोही अनुसार हुन अनुसार वन तथा भूसंरक्षण मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरीक्षद् कार्यालयमा लेखी पठाइएको । त्यस्तै साविकमा मन्त्रीस्तरबाट भएको निर्णयमा पर्याप्त आधार र औचित्य विना नै राज्यमन्त्रीस्तरबाट वन पैदावारमा आधारित उद्योग स्थापना हुने दूरी घटाउने गरी गरेको निर्णयले वन र वातावरणीय पक्षसँग अति गहन रुपले जोडिएको संवेदनशिल विषयलाई वेवास्ता गरेको, राज्यमन्त्रीस्तरको निर्णयले मन्त्रीस्तरको निर्णयलाई काटेको र आयोगबाट यस अगावै दुई पटक निर्णय गरी कार्यान्वयनका लागि पठाउँदा समेत वन तथा भूसंरक्षण मन्त्रालयले वेवास्ता गरी समयमा निर्णय नलिएको समेत हुँदा, तराईको हकमा वन क्षेत्र वा संरक्षित क्षेत्र (मध्यवर्ती क्षेत्र समेत) बाट ५ कि.मि. भित्र र अन्य क्षेत्रका हकमा वन क्षेत्र वा संरक्षित क्षेत्र (मध्यवर्ती क्षेत्र समेत) बाट ३ कि.मि. भित्र स्थापना भएका सवै वन पैदावारमा आधारित उद्योगहरुलाई तराईको हकमा ५ कि.मि. र अन्य क्षेत्रको हकमा ३ कि.मि. भन्दा बाहिर लगी स्थापना गराउन तथा वन तथा भूसंरक्षण मन्त्रालयको मिति २०६३।११।११ को निर्णयानुसार दर्ता भएको उद्योगहरुको इजाजत रद्द गर्न गराउन आयोगको मिति २०६७।१२।१ को निर्णयानुसार वन तथा भू-संरक्षण मन्त्रालय तथा उद्योग मन्त्रालयमा लेखी पठाइएको ।

(ग) ऊर्जा मन्त्रालय अन्तर्गत

१. नेपाल विद्युत प्राधिकरणको विज्ञापन नं. ०६५।०६६, ९(प्रशासन) पदमा प्रतिस्पर्धीलाई का.स.मु.को अंक केरमेट गरी अर्का उम्मेदवारको बढुवा गरेको" भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, नेपाल विद्युत प्राधिकरणको विज्ञापन नं. ०६५।०६६, प्र.९।व.३३ उप-निर्देशक तह ९ (प्रशासन) पदको बढुवाको लागि तह ८ सहायक निर्देशक (प्रशासन)पदमा कार्यरत क्राइटेरिया भित्रका सम्भाव्य उम्मेदवारहरु मध्ये नेपाल विद्युत प्राधिकरण सामान्य प्रशासन महाशाखामा कार्यरत विकासमान लामाको तह ८ बाट उप-निर्देशक तह ९ मा बढुवाको लागि भरेको आ.व.०६४।६५ को कार्य सम्पादन मूल्यांकन फारममा उल्लेखित अंक अनुसार शुरुमा सुपरिवेक्षकले अंक २०, मूल्यांकनकर्त्ताले अंक १५ र मूल्यांकन समितिले अंक १० दिएकोमा मूल्यांकनकर्त्ताले नेतृत्व र संगठनात्मक क्षमताको लागि दिएको ज्यादै राम्रो कार्य सम्पादनस्तरको अंक ३ लाई केरमेट गरी पछि राम्रो कार्य सम्पादन स्तर महलमा २.५ अंक दिई जम्मा महलमा समेत पहिलाको १५ अंकलाई केरमेट गरी पछि १४.५ अंक दिई अंक तथा अक्षर दुवैमा सच्याइएको देखिन आयो। कार्य सम्पादन मूल्यांकन जस्तो संवेदनशील विषयमा लापरवाही र गैरजिम्मेवारपूर्ण तरिकाले दिई सकेको अंक केरमेट गरी नम्बर घटाई सो घटाउनु पर्ने कारणका बारेमा कैफियत समेत नजनाई त्यसबाट उत्पन्न हुने नतिजा प्रति गहन, जिम्मेवारपूर्ण एवं संवेदनशील हुन नसकेको देखिएकाले अव आईन्दा त्यस्तो प्रकारका त्रुटी तथा कमी कमजोरहीरु नदोहोऱ्याउने तर्फ सजग र संवेदनशील रही सतर्कतापूर्वक कार्य सम्पादन गर्ने गराउने तर्फ आवश्यक व्यवस्था मिलाउन आयोगको मिति २०६७।४।३० को निर्णयानुसार नेपाल विद्युत प्राधिकरणलाई लेखी पठाइएको।

२. नेपाल विद्युत प्राधिकरणमा रिक्त तह १ र २ को स्थायी पदपूर्तिका लागि अन्तर्वार्ताद्वारा परीक्षा लिई रहेकोमा अन्तर्वार्ता बोर्डका पदाधिकारहीरुको योग्यता नै विवादित रहेको र सो पदपूर्तिका लागि उम्मेदवारहरुवाट रकम उठाई भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, नेपाल विद्युत प्राधिकरण अत्याधिक घाटामा गई रहेको अवस्थामा यो जनशक्ति के कति प्रयोजनको लागि राख्नु परेको हो ? के कुन तह र स्तरको कति जनशक्ति प्राधिकरणलाई आवश्यक पर्ने हो ? सो विषयमा अहिलेसम्म O&M गरीएको देखिएन। तह १ र २ को प्राविधिक पदमा छनौट प्रकृया अपनाउंदा प्राविधिक ज्ञान सम्वन्धी लिखित वा प्रयोगात्मक परीक्षा लिइएको देखिएन। तह १ र २ को प्राविधिक पद समेतमा अन्तर्वार्ताद्वारा स्थायी भर्ना गर्न लागेकोमा यस्ता निम्न स्तरका पदमा नियुक्ति गर्नु पर्दा कर्मचारीलाई स्थायी पदपूर्ति नगरी सेवा करारमा लिने सरकारी नीति रहेकोमा सो सरकारी नीतिको विपरित पदपूर्ति गर्न लागेको देखियो साथै सरकारी, अर्ध सरकारी निकायमा कुनै पनि थप आर्थिक दायित्व थप्नु पर्ने अवस्थामा अर्थ मन्त्रालयको सहमति लिनु पर्ने भनी सार्वजनिक लेखा समितिको निर्देशन रहेकोमा सो निर्देशन विपरित थप आर्थिक दायित्व पर्ने गरी नयां कर्मचारी भर्ना गर्न लागेको पाईयो। यसरी नयां कर्मचारी भर्ना गरीदा प्राधिकरणलाई आर्थिक दायित्व वृद्धि हुनेमा अर्थ मन्त्रालयको सहमति लिइएको समेत देखिएन। अन्तर्वार्ता उप समितिमा संयोजक तोक्दा कुनै पनि पारदर्शी आधार र मापदण्ड अपनाइएको नदेखिएको। नेपालगंज, वुटवल, हेटौडा र विराटनगरमा तोकिएका अन्तर्वार्ता उप समितिका संयोजकहरुको व्यक्तिगत विवरणवाट, निजहरु प्राधिकरणको लागि कस्तो प्रकृतिको प्राविधिक जनशक्ति

आवश्यक हुने हो ? भन्ने प्राधिकरणको काम कारवाहीसंग परिचित व्यक्तित्वहरु हो भन्न सकिने आधार केहि नदेखिएको । केवल आफ्ना चिनजानका आफन्त व्यक्ति भएको आधारमा पारदर्शी आधार र मापदण्ड विना नै संयोजकमा खटाइएको देखियो । यसरी प्राधिकरणसंग असम्वद्ध व्यक्ति संयोजक तोकिएको र निज स्वयंले विशेषज्ञ सदस्य तोक्ने व्यवस्थाले प्राधिकरणसंग असम्वद्ध व्यक्तित्वहरुको बाहुल्यता रहन सक्ने यस्तो अन्तर्वार्ता उप समितिले प्राधिकरणको तह १ र २ को प्राविधिक पदमा रही गर्नु पर्ने काम गर्न सक्ने सहि व्यक्तिको छनोट गर्न सक्ने कुरामा नै द्विविधा देखिएको । साथै प्राधिकरणको केन्द्रीय कार्यालयमा हुने उर्जा मन्त्रालयको प्रतिनिधि सदस्य राखीएकोमा उपत्यका वाहिर भएका अन्तर्वार्ता उप-समितिमा उर्जा मन्त्रालय वा नेपाल सरकारको कुनै पनि प्रतिनिधि सदस्य राखिएको नदेखिएका समेतवाट यो अन्तर्वार्ता उप-समिति नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा विनियमावली २०६२ को विनियम १६ मा व्यवस्थित नियुक्ति सिफारिस समितिको गठनको मर्म र भावना अनुरुपको नदेखिएकोले यस्तो अन्तर्वार्ता उप समितिले अर्न्तवाताद्वारा छनोट भई आउने व्यक्ति प्राधिकरणको आवश्यक्ता अनुरुपको व्यक्ति होला भन्ने स्पष्ट आधार देखिएन । उल्लिखित आधार र कारण निहित रहेको प्रस्तुत तह १ र २ को कर्मचारी भर्ना प्रकृया, हस्तक्षेप मुक्त एवं स्वच्छ, निष्पक्ष तथा पारदर्शी तवरले र कानूनसंगत प्रकृयावाट भएको भन्न सकिएन । तसर्थ तत्सम्वन्धी सम्पूर्ण प्रकृया वदर गर्न आयोगको मिति २०६७।५।२३ को निर्णयानुसार नेपाल विद्युत प्राधिकरण, संचालक समितिमा लेखी पठाइएको ।

३. विद्युत उत्पादन प्रसारण तथा बितरण सम्बन्धी अनुमतिपत्र जारी गर्दा विद्युत नियमावली विपरित गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, विद्युत नियमावली, २०५० को नियम १७ मा नियमावलीको नियम १२,१३ र १४ बमोजिम विद्युत उत्पादन, प्रसारण वा वितरणको लागि परेको दरखास्त उपर नियम १५ र १६ बमोजिमको कार्यविधि पुरा गरी गराई सचिवले दरखास्तवालाको माग बमोजिम वा आवश्यक भए संशोधन समेत गरी क्रमशः अनुसूची ९क, ९ख वा ९ग बमोजिमको ढाँचामा दरखास्तवालालाई विद्युत उत्पादन, प्रसारण वा बितरणको अनुमतिपत्र दिनु पर्नेछ भन्ने स्पष्ट व्यबस्था भएकोमा नियमावलीमा संशोधन नै नगरी नियमावली विपरित मिति २०६७।८।७ को मन्त्रीस्तरीय निर्णयबाट हाललाई विद्युत अनुमति प्रकृया अगाडि नबढाउन निर्देशन दिईएको । मिति २०६७।८।२२, २०६७।८।२८ र २०६७।९।१ गतेका दिन मन्त्रीस्तरीय निर्णयबाट आन्तरिक कार्यविधिमा सर्वेक्षण अनुमति पत्र जारी भई अध्ययन पुरा हुन नसकेका वा अनुमति पत्र नविकरण नभएका वा अनुमति पत्रको अवधि भित्र उल्लेखनीय रुपमा आयोजनाको संभाव्यता अध्ययन सम्बन्धी प्रगति गरेका तर कुनै कारणबाट निर्माणमा जान नसक्ने भएका आयोजनाहरुलाई मन्त्रीस्तरीय निर्णयबाट गठित संयन्त्रले पुनरावलोकन गरी प्रतिस्पर्धाबाट अनुमतिपत्र जारी गर्ने वा अन्य उपयुक्त बिकल्पबाट आयोजना विकास गर्ने भन्ने विषयमा सिफारिस गर्नेछ, अनुमतिपत्र जारी गर्दा वा अनुमतिपत्र नविकरण गर्दा समेत उक्त संयन्त्रले पुनरावलोकन गरी सिफारिस गरेको आधारमा सो सम्बन्धी विषयको अन्तिम निर्णय गरीने छ भन्ने निर्णय विद्युत नियमावली, २०५० विपरित भै कानून सम्मत नदेखिएकाले विद्युत नियमावली, २०५० बमोजिम गर्न गराउन आयोगको मिति २०६७।९।२६ को निर्णयानुसार उर्जा मन्त्रालयका सचिवलाई लेखी पठाइएको ।

४. चमेलिया जलविद्युत आयोजनाका कर्मचारीले काठमाडौंमा नै बसी दुर्गम भत्ता खाए र आयोजनाको शिलान्यास गर्ने तयारीमा रु.३८ लाख खर्च गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, दार्चुला जिल्लास्थित चमेलिया जलविद्युत आयोजनाको आधा काम सकिएपछि प्रधानमन्त्रीबाट शिलान्यास हुन लागेको र सोका लागि रु.३८ लाख खर्च गरेको भन्ने सम्बन्धमा शिलान्यासका लागि अन्तिम अवस्थामा प्रधानमन्त्री जान नसकेको तर समारोहमा पाल्नु हुने महानुभावहरुका लागि जलपानको व्यवस्था समेत सम्पूर्ण कार्यक्रमहरु तयारी भएकोले सो को लागि रु. १४,२५,००६।८० खर्च भएको भनी आयोजनाबाट लेखी आएको देखिंदा उजुरीमा उल्लेख गरे जस्तो ठूलो रकम खर्च भएको देखिएन । शिलान्यासका लागि प्रधानमन्त्री जाने कार्यक्रम रहेको देखिंदा सो को पूर्व तयारीलाई अन्यथा भन्न सकिएन । आयोजनाका कर्मचारीलाई काठमाडौंमा नै बसी दुर्गम भत्ता खुवाएको भन्ने सन्दर्भमा आयोजना सञ्चालन गर्नका लागि दार्चुलाको बलौंच, कैलालीको अत्तरिया र काठमाडौं समेत ३ ठाउँमा हाजिर खाता राखेको देखियो । कम्तीमा २० कार्यदिन हाजिर भएपछि मात्र बलौंचमा पाउने भत्ता दिने भनी नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिको ४९६ र ४८९ औं बैठकबाट भएको निर्णयको प्रतिकूल हुने गरी भत्ता दिएको देखिंदा त्यसरी दिएको भत्ता यकिन गरी निजहरुबाट असुल उपर गर्ने र अब उप्रान्त सञ्चालक समितिको निर्णयानुसार मात्र गर्न आयोगको मिति २०६७।११।१७ को निर्णयानुसार आयोजना प्रमुखलाई लेखी पठाइएको ।

(घ) गृह मन्त्रालय अन्तर्गत

१. हनुमान नगर गा.वि.स.को कार्यालय सप्तरीका मुखिया देबीलाल राय अमातले जिल्ला प्रशासन कार्यालय सप्तरीबाट मिति २०३३।९।२४ मा जन्म मिति २००६।१०।५ राखी नेपाली नागरीक्ताको प्रमाण पत्र लिइसकेकोमा सो नागरीक्ता हराएको भनी २०३४ सालमा १८ बर्ष उमेर देखाई नोकरीमा लामो अबधिसम्म रहने उद्देश्यले मिति २०६४।२।२९ मा नेपाली नागरीक्ताको प्रमाण पत्रको प्रतिलिपि लिएको भन्ने समेत व्यहोराको जिल्ला प्रशासन कार्यालय सप्तरीको मिति २०६६।२।२१ को उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा, निज देवीलाल राय अमातले विवरण फरक पारी प्राप्त गरेको दोश्रो नागरीक्ताको प्रमाणपत्र नेपाल नागरीक्ता ऐन, २०६३ को दफा १२ वमोजिम रद्द गर्न आयोगको मिति २०६७।८।६ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय सप्तरीलाई लेखी पठाइएको ।

२. कंचनपुर जिल्लाको भन्सार कार्यालय गड्डाचौकीका नाममा दर्ता कायम रहेको जग्गा भन्सार कार्यालयका कर्मचारीको मिलेमतोमा व्यक्तिले आफ्नो कब्जामा लिएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, कंचनपुर भन्सार कार्यालयका नाममा साविक भुजेला प्लट नं. २२ कित्ता नं. २७२ क्षेत्रफल ४-६-२ विगाह जग्गा मिति २०३८/३/२३ मा नाप नक्सा भै मालपोत कार्यालय कंचनपुरको मिति २०४०/४/२० को निर्णयानुसार दर्ता भएको । उक्त कित्ता नं. २७२ वदर भै मालपोत कार्यालय कंचनपुरको मिति २०५८/९/८ को निर्णयानुसार कित्ता नं. ६६७ को क्षेत्रफल २५५६२.६० व.मी. कंचनपुर भंसार कार्यालय र कित्ता नं. ६६६ क्षेत्रफल ३६२३. ०२ व.मी. डिभिजन सडक कार्यालय नं. १ बाटोमा परेको नाममा दर्ता भएको देखियो । हाल नयाँ नापीमा कित्ता नं. ६६७ लाई कित्ता नं. १०२६ को २८२६५.०० व.मी. कायम गरेको पाईयो । कंचनपुर भन्सार कार्यालयको उपरोक्त जग्गा भन्दा पश्चिम तर्फ हाल कायम कित्ता नं. ११०८

जग्गा साविकमा कित्ता नं. नजनिएको भनीएको जग्गा हाल नयाँ नापीको फिल्डबुकमा साविकको कित्ता नं. २७२ सँग भिड्ने भनी उल्लेख भै आएको र नापी कार्यालय कन्चनपुरबाट साविकमा सार्वजनिक जग्गा देखिने भनी उल्लेख हुनुको साथै सीमानाका व्यक्ति विशेषका जग्गा नघुसेको देखिंदा कञ्चनपुर भन्सार कार्यालयका नाममा जग्गा दर्ता गरी सो को जानकारी आयोगमा लेखी पठाउन आयोगको मिति २०६७।९।११ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, भंसार कार्यालय, नापी कार्यालय र भिमदत्त नगरपालिका कञ्चनपुरलाई लेखी पठाइएको ।

३. आर्थिक वर्ष २०६७।०६८ को माघ १ गते देखि आ.व. २०६८।०६९ को पौष मसान्तसम्मका लागि सशस्त्र प्रहरीलाई खुवाइने राशनका सम्वन्धमा विभिन्न युनिटवाट भएको वोलपत्रमा अनियमितता भएको भन्ने उजुरी उपर अनुसन्धान हुंदा संकलित सशस्त्र प्रहरी वल, प्रधान कार्यालय र सार्वजनिक खरिद अनुगमन कार्यालयवाट प्राप्त प्रतिवेदन सहितका कागजात अध्ययन गरी नेपाल सरकारका गृह सचीव, अर्थ सचिव, सार्वजनिक खरिद अनुगमन कार्यालयका प्रमुख, नेपाल प्रहरी र सशस्त्र प्रहरीका महानिरीक्षकहरुसंग आयोगमा भएको छलफल समेतका आधारवाट आर्थिक वर्ष २०६७।०६८ को माघ १ गते देखि आ.व. २०६८।०६९ को पौष मसान्तसम्मका लागि सशस्त्र प्रहरीलाई खुवाइने राशनका सम्वन्धमा भएको अनियमितताका वारे सशस्त्र प्रहरी वलका सशस्त्र प्रहरी नायव महानिरीक्षक भिष्मकान्त अर्याल समेतको टोलीवाट स्थलगत छानबिन गरी प्रतिवेदन प्राप्त भएको । सार्वजनिक खरिद अनुगमन कार्यालयवाट पनि विषयको अध्ययन गरी प्रतिकृया प्राप्त भएको छ । सशस्त्र प्रहरी वल सीमा सुरक्षा कार्यालय धनुषामा १७ वटा वोलपत्र दर्ता भएकोमा १४ वटा फिर्ता लिनु, सशस्त्र प्रहरी वल सीमा सुरक्षा कार्यालय, रौतहटमा ९ वटा वोलपत्र दर्ता भएकोमा ६ वटा फिर्ता हुनु पनि स्वाभाविक नदेखिएको र मिलेमतोका आधारहरु देखिएको । त्यसै गरी सशस्त्र प्रहरी वल सीमा सुरक्षा कार्यालय, रुपन्देही, सशस्त्र प्रहरी वल सीमा सुरक्षा कार्यालय धनुषा, सशस्त्र प्रहरी वल सीमा सुरक्षा कार्यालय, रौतहट, सशस्त्र प्रहरी वल, हलेसी गुल्म खोटाङ, सशस्त्र प्रहरी वल अरुण गुल्म, संखुवासभा र मध्य क्षेत्रीय सशस्त्र प्रहरी वल मुख्यालय, रुद्रवाहिनी पथलैया वारामा स्वीकृतिका लागि प्रस्तावित वोलपत्रहरुको कवोल अंक लागत अनुमानको हाराहारीमा रहेको तथा वोलपत्र सम्वन्धी कागजातको विक्री यथेष्ट मात्रामा भए ता पनि वोलपत्र पेश हुंदा ३ वटा मात्र पेश हुन आएको देखिएकोले यस्मा समेत मिलेमतो गरेको हुन सक्ने आधारहरु देखिएको भनी सार्वजनिक खरिद अनुगमन कार्यालयवाट लेखी आएकोले यस सम्वन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा (६) वमोजिम आवश्यक निर्णयार्थ सशस्त्र प्रहरी वल प्रधान कार्यालयलाई लेखी पठाउने र आ.व. २०६८।६९ को माघ १ गते देखि सशस्त्र प्रहरी वलका व्यारेकमा नवस्ने सशस्त्र प्रहरीका लागि छिमेकी जिल्ला र समान भौगोलिक क्षेत्रको लागत अनुमान, प्रति जवानले खानामा पाउनु पर्ने क्यालोरी, नेपाल राष्ट्र वैंकको मूल्य सूचि (Price Index) समेतलाई आधार मानी विश्वसनीय लागत अनुमान तयार गरी सोही आधारमा र तत्पश्चात्का वर्षहरुमा राष्ट्र वैंकको मूल्य सूची अनुसारको मूल्य वृद्दिलाई आधार मानी तलव स्केलमा नै राशनको रकम समावेश गरी वितरणको व्यवस्था गर्न आयोगको मिति २०६७।९।२५ को निर्णयानुसार नेपाल सरकार अर्थ मन्त्रालयलाई लेखी पठाइएको ।

४. आ.व. २०६७।०६८ का लागि नेपाल प्रहरीको प्रधान कार्यालय मातहत क्षेत्रीय प्रहरी कार्यालय, अंचल प्रहरी कार्यालय एवम् जिल्ला प्रहरी कार्यालय समेतमा कार्यरत प्रहरी अधिकृत तथा जवानहरुलाई खुवाइने राशनका सम्बन्धमा विभिन्न प्रहरी कार्यालयबाट

आव्हान भएको बोलपत्रमा अनियमितता भएको भन्ने उजुरी परी अनुसन्धान हुँदा, अनुसन्धानका क्रममा संकलित कागज प्रमाण एवम् प्रहरी प्रधान कार्यालयबाट खटिएको कार्यदलले पेश गरेको प्रतिवेदन लगायत सार्वजनिक खरिद अनुगमन कार्यालयबाट प्राप्त प्रतिक्रिया समेत अध्ययन गरी नेपाल सरकारका गृह सचिव, अर्थ सचिव, सार्वजनिक खरिद अनुगमन कार्यालयका प्रमुख लगायत नेपाल प्रहरीका महानिरीक्षक समेतसँग आयोगमा भएको छलफलका आधारमा आ.व. २०६७।०६८ को माघ १ गते देखि आ.व. २०६८।०६९ को पौष मसान्तसम्मका लागि नेपाल प्रहरीका अधिकृत तथा जवानहरुलाई खुवाइने राशनको बोलपत्रमा भएको अनियमितता सम्बन्धमा नेपाल प्रहरीका नायव महानिरीक्षकहरु समेतको टोलीबाट प्रतिवेदन प्राप्त हुन आएको छ । त्यस्तै सार्वजनिक खरिद अनुगमन कार्यालयबाट पनि सोही विषयमा प्रतिक्रिया प्राप्त हुन आएको छ । सार्वजनिक खरिद अनुगमन कार्यालयको प्रतिकृयाको आधारमा जिल्ला प्रहरी कार्यालय महोत्तरी, जिल्ला प्रहरी कार्यालय ताप्लेजुङ्ग, जिल्ला प्रहरी कार्यालय धनकुटा, जिल्ला प्रहरी कार्यालय सिराहा, जिल्ला प्रहरी कार्यालय तनहुँ, जिल्ला प्रहरी कार्यालय अछाम, जिल्ला प्रहरी कार्यालय नवलपरासी, जिल्ला प्रहरी कार्यालय तेह्रथुम, जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोक, जिल्ला प्रहरी कार्यालय रामेछाप, अञ्चल प्रहरी कार्यालय नारायणी तथा जिल्ला प्रहरी कार्यालय पर्सा, अञ्चल प्रहरी कार्यालय वागमती तथा जिल्ला प्रहरी कार्यालय काभ्रे, अञ्चल प्रहरी कार्यालय महाकाली तथा जिल्ला प्रहरी कार्यालय कञ्चनपुर, पश्चिमाञ्चल क्षेत्रीय प्रहरी कार्यालय पोखरा तथा मातहत अञ्चल प्रहरी कार्यालय गण्डकी तथा जिल्ला प्रहरी कार्यालय कास्की, मध्यपश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय सुर्खेत तथा जिल्ला प्रहरी कार्यालय सुर्खेतमा दर्ता भएका बोलपत्रहरु मध्येबाट फिर्ता भएका बोलपत्रको अवस्था स्वभाविक नदेखिएको भई मिलेमतोका आधारहरु देखिएका ।, त्यसै गरी स्वीकृतिका लागि प्रस्तावित बोलत्रहरुको कवोल अंक लागत अनुमानको हाराहारीमा रहेको तथा बोलपत्र यथेष्ट बिक्री भए पनि पेश हुँदा, ३ ओटा मात्र पेश हुन आएको देखिएकोले यसमा समेत मिलेमतो गरेको हुन सक्ने आधारहरु देखिएको भनी सार्वजनिक खरिद अनुगमन कार्यालयबाट लेखी आएकाले यस सम्वन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा (६) बमोजिम आवश्यक निर्णयार्थ प्रहरी प्रधान कार्यालयमा लेखी पठाउने । आ.व. २०६८।६९ को माघ १ गतेदेखि नेपाल प्रहरीका व्यारेक, गण,गुल्म तथा तालिम केन्द्रमा नबस्ने प्रहरी कर्मचारीका हकमा समान भौगोलिक क्षेत्र भएको छिमेकि जिल्लाको लागत अनुमान, प्रति जवानले खानामा पाउनु पर्ने क्यालोरी, नेपाल राष्ट्र बैंकको मूल्य (Price Index) समेतलाई आधार मानी विश्वसनीय लागत अनुमान तयार गरी सोही आधारमा र तत्पश्चातका वर्षहरुमा राष्ट्र बैंकको मूल्य सूची अनुसारको मूल्य वृद्धिलाई आधार मानी तलव स्केलमा नै राशनको रकम समावेश गरी वितरणको समुचित व्यवस्था गर्न आयोगको मिति २०६७९।२५ को निर्णयानुसार नेपाल सरकार अर्थ मन्त्रालयलाई लेखी पठाइएको ।

५. आ.ब. २०६३।०६४ मा मोरङ्ग जिल्ला दादरवैरिया गाउँ विकास समिति स्थित किसान स्कूल हुँदै लोहन्द्रा खोलाको किनारको बाटो निर्माण गर्दा अनियमिता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, उजूरीमा उल्लेख भएका विषयमा सार्वजनिक सुनुवाई गराई सोको जानकारी आयोगमा उपलब्ध गराउन आयोगको मिति २०६७।१०।३ को निर्णयानुसार प्रमुख जिल्ला अधिकारी मोरङ्गलाई लेखी पठाइएको ।

६. कीर्ते नागरीक्ता बदर गर्ने तर्फ कारवाही गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, ललितपुर उप-महानगरपालिका वडा नं. ८ गुईटोल वस्ने भाइलाल महर्जनको कीर्ते नागरीक्ता बदर गर्ने सम्बन्धमा सम्बन्धित व्यक्तिहरुले आयोग समक्ष गरेको वयान तथा कागजातहरु, जिल्ला प्रशासन कार्यालय ललितपुरबाट आयोगमा प्राप्त हुन आएका कागजातहरु, राष्ट्रिय विधी विज्ञान प्रयोगशाला तथा केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशालाका विशेषज्ञहरुको राय समेतलाई अध्ययन गर्दा भाईलाल महर्जनले मिति २०२९।१०।३ मा लिएको ना.प्र.नं.४६६/०२९ को एक पाने नागरीक्ताको प्रमाणपत्र पुरानो भ्रुत्रो भएको कारणले पुनः मिति २०६२।५।१७ मा ना.प्र.नं.३८२९७ को नयाँ नागरीक्ता लिएको देखियो । प्रस्तुत विषय सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्र पर्ने सरकार वादी मुद्दा भएको हुंदा प्रहरी कार्यालयबाट अनुसन्धान हुने विषय रहेकोले आयोगको मिति २०६८।२।१० को निर्णयानुसार महानगरीय प्रहरी परिसर ललितपुरमा लेखी पठाइएको ।

७. गृह मन्त्रालयबाट विभिन्न ४ वटा प्याकेजको बोलपत्रमध्ये Power backup SyQmem InQmallation शीर्षकको बोलपत्रमा तेस्रो नम्बरको सप्लायर्सको बोलपत्र स्वीकृत गरी अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, विद्युत् लोडसेडिङलाई ध्यानमा राखी गृह मन्त्रालय लगायत ४६ वटा जिल्ला प्रशासन कार्यालयहरुमा Power backup SyQmem InQmallation को निमित्त January 1, 2011 मा गृह मन्त्रालयद्वारा बोलपत्र आह्वान गरेको, प्राप्त ४ थान बोलपत्रहरुमध्ये Beltron Trading Ltd. न्यूनतम, Omni Business Corporate ले दोस्रो न्यूनतम र Electrolyte Technology Pvt. Ltd. ले तेस्रो न्यूनतम अंक कबोल गरेको देखियो । न्यूनतम अंक कबोल गर्नेको बोलपत्र स्वीकृत नगरी तेस्रो न्यूनतम अंक कबोल गर्नेको बोलपत्र स्वीकृत गरेको भन्ने सम्बन्धमा प्राप्त कागजातबाट न्यूनतम अंक कबोल गर्ने Beltron Trading Ltd. र दोस्रो न्यूनतम Omni Business Corporate को बोलपत्र सारभूत रुपमा प्रभावग्राही भएको देखिएन । यसरी न्यूनतम अंक कबोल गरीएका बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही नभएको हुँदा, तेस्रो न्यूनतम अंक कबोल गर्ने Electrolyte Technology Pvt. Ltd. को बोलपत्र सारभूत रुपमा प्रभावग्राही भएको देखिन आयो । अतः त्यस्तो सारभूत रुपमा प्रभावग्राही भएको बोलपत्र स्वीकृत गरेको अवस्थालाई अन्यथा भन्न सकिने अवस्था देखिएन तसर्थ backup time long available लाई कम्तीमा ४ घण्टा भन्दा बढी हुने छ भन्ने पत्र Electrolyte Technology Pvt. Ltd. बाट लिई बोलपत्र सम्बन्धी कारबाही अगाडि बढाउन आयोगको मिति २०६८।३।१ को निर्णयानुसार गृह मन्त्रालयलाई लेखी पठाइएको ।

८. धुलिखेल नगरपालिकाका इन्जिनियर जैशीलाल मण्डल समेतको मिलेमतोमा सरकारी पर्ति जग्गामा व्यक्ति विशेषले घर वनाएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, साविक धुलिखेल ८ (क) कित्ता नं. २२५ को ८-१-१-० रोपनी क्षेत्रफलको जग्गा मध्येबाट खरिद गरी धुलिखेल नगरपालिकाबाट मिति २०५६।१२।१८, २०५६।६।३ र २०५९।६।२२ मा नक्सा पास गराई घर निर्माण गर्दा, धुलिखेल ८ (क) कित्ता नं. २२४, १०-१४-२-३ रोपनी क्षेत्रफल भएको सार्वजनिक पर्ति जग्गामा हरिवहादुर अधिकारी शान्ताकुमारी खड्का र हर्कवहादुर खड्काले पक्की घर निर्माण गरी सरकारी सार्वजनिक जग्गा अतिक्रमण गरेको देखिएकोले सो सम्बन्धमा साविक धुलिखेल ८ (क) कित्ता नं. २२४, १०-१४-२-३ क्षेत्रफल रोपनी भएको (नापी नक्सामा मन्दिर समेत देखिएको) नगरपालिका क्षेत्र भित्रको सार्वजनिक पर्ति जग्गाको संरक्षण गर्नुपर्ने दायित्व स्थानीय

स्वायत्त शासन ऐन, २०५५ को दफा ९६ (ञ) ३ अनुसार धुलिखेल नगरपालिकाको भएको हुँदा, कित्ता नं. २२४ को सार्वजनिक जग्गाको यथाशिघ्र सीमाङ्कन गरी संरक्षण गर्न/गराउन धुलिखेल नगरपालिकालाई लेखी पठाइएको । स्थानीय प्रशासन ऐन, २०२८ को दफा १० क अनुसार सरकारी सार्वजनिक जग्गाको संरक्षण गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई रहेको हुँदा, उक्त कित्ता नं. २२४ को जग्गामा रहेका घर टहरा तथा निजी आवादी समेतलाई हटाउन आयोगको मिति २०६८।३।५ को निर्णयानुसार काभ्रेपलाञ्चोक जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाइएको ।

(ङ) पर्यटन तथा नागरीक उड्ययन मन्त्रालय अन्तर्गत

नेपाल सरकार हवाई विभागको त्रिभुवन विमानस्थल नजिक सिनामंगल काठमाण्डौ मेडिकल कलेज अगाडि रहेको ठूलो कम्पाउण्डको जग्गा स्थानीय विमला गिरीले विस्तारै विस्तारै कब्जा गर्दै जांदा हवाई विभागका पदाधिकारहीरु विशेष गरी हवाई विभागका प्रमुखले व्यक्तिगत फाइदा लिएर अतिक्रमणकारहीरुलाई मद्दत गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल क्षेत्रको का.म.न.पा. वडा नं. ९(क) नक्सा सिट नं. १०२-११४७-०५ कित्ता नं. ३३२ को ०-१४-३-१ रोपनी क्षेत्रफलमध्ये स्थानीय विमला गिरीले०-३-३-२ रोपनी क्षेत्रफल जग्गा अतिक्रमण गरी घर बनाई कम्पाउण्ड पर्खाल लगाई चर्ची आएको देखिदा उक्त कित्ता जग्गाको सम्पूर्ण अतिक्रमण हटाउन जिल्ला प्रशासन कार्यालय काठमाण्डौलाई र विमानस्थल क्षेत्रको जग्गा यथास्थितिमा संरक्षण गरी भोगचलन गर्न आयोगको मिति २०६७।११।१६ को निर्णयानुसार नेपाल नागरीक उड्डयन प्राधिकरणलाई लेखी पठाउने र विमानस्थल क्षेत्रको जग्गा हाल साविक गरी जग्गा धनी दर्ता प्रमाण पूर्जा तयार गरी नेपाल नागरीक उड्डयन प्राधिकरणलाई उपलब्ध गराउन मालपोत कार्यालय र नापी कार्यालय डिल्लीबजारलाई लेखी पठाइएको ।

(च) प्रधानमन्त्री तथा मन्त्रिपरीक्षद्को कार्यालय अन्तर्गत

एशियाली विकास वैंकको सहयोगमा संचालित ICT Development Project को विभिन्न ठेक्काहरु (Lot 1, Lot 2 र Lot 3) छुट्याइएको रकम रु. ३० करोड भन्दा १२ करोड वढीको अर्थात ४२ करोडको टेण्डर स्वीकृत समेत गराएर सम्झौता समेत गरी अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, Lot .1, Lot 2 र Lot 3 का वोलपत्र सम्वन्धी सम्पूर्ण प्रक्रियाहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र दाता राष्ट्रको Procurement Guidelines अनुकूल नभएकोले सम्पूर्ण प्रक्रियालाई पारदर्शी मितव्ययी र प्रतिस्पर्धी वनाई कानून बमोजिम गर्न गराउन आयोगको मिति २०६८।३।२० निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रिपरीक्षद्को कार्यालय र नेपाल सरकारका मुख्य सचिवलाई लेखी पठाई सो को जानकारी राष्ट्रिय सूचना प्रविधि केन्द्रलाई दिन लेखी पठाइएको ।

(छ) वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत

१. जिल्ला वन कार्यालय रसुवाका तत्कालीन जिल्ला वन अधिकृत विष्णुकान्त मिश्रले अवैध रुपमा भारतबाट आएको रक्तचन्दन लिलाम गर्ने क्रममा तस्करसंग मिलेमतो गरी नियम विपरित टेण्डर स्वीकृत गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, जिल्ला वन

अधिकृत विष्णुकान्त मिश्रले आफ्नो अधिकार क्षेत्र नाघेर आवश्यक वाध्यात्मक कानूनी प्रकृया समेत पुरा नगरी बदनियत पूर्वक कार्य गरेकोमा वन मन्त्रालयले मिति २०६७।५।१५ को सचिव स्तरीय निर्णयानुसार निजको पाँच तलव वृद्वि रोक्का गर्ने गरी विभागीय सजायँ समेत गरीसकेको मन्त्रालयले वन अधिकृत तथा अन्य जिम्मेवारीपूर्ण पदमा कर्मचारी खटाउँदा सचेत रहन आयोगको मिति २०६७।८।६ को निर्णयानुसार वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएको ।

२. दाङ देउखरी जिल्लाको गोवरडिहा गाउँ विकास समिति वार्ड नं १ अन्तर्गतको सूर्य सामुदायिक वन क्षेत्रमा व्यापक रुपमा वन पैदावार फडानी गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, व्यवस्थापिका-संसद प्राकितिक स्रोत र साधन समिति अन्तर्गत वन संरक्षण समस्या अध्ययन उप समिति टोली नं. ४ को वन फडानी र अतिक्रमण सम्वन्धमा भएको स्थलगत अध्ययनको प्रतिवेदन, २०६७ तथा राष्ट्रिय सतर्कता केन्द्रवाट पत्र पत्रिकामा प्रकाशित समाचारको सम्वन्धमा स्थलगत अध्ययन गर्नका लागि प्र.ना.उ. इन्द्रवहादुर डांगी समेतको टोली खटाइएकोमा सो टोलीले पेश गरेको प्रतिवेदनमा पनि दाङ जिल्लाको वन क्षेत्रको अतिक्रमण वाहेक वन विनास भएको सम्वन्धमा कुनै उल्लेख्य व्यहोरा नभएकोले यस सम्वन्धमा विभिन्न समितवाट प्राप्त प्रतिवेदनमा उल्लेख गरीएका अतिकमणका सम्वन्धमा दिईएका सुझावहरु कार्यान्वयन गर्न आयोगको मिति २०६८।१।१९ को निर्णयानुसार वन तथा भू-संरक्षण मन्त्रालयलाई लेखी पठाइएको ।

३. काभ्रेपलान्चोक जिल्लाको रातमाटे झगरपुर सामुदायिक वनमा उपभोक्ताहरुलाई थाहा नै नदिई रुख काटी कर्मचारीको मिलेमतोमा भ्रष्टाचार गरेको र सोही जिल्लाको चौवास गाउँ विकास समिति वडा नं. ५ चापानी, गढीडाँडा सामुदायिक वनको उपभोक्ता समूह र धारापानी सामुदायिक वन उपभोक्ता समुहका अध्यक्ष तथा रेन्जपोष्ट चौवासका कर्मचारीको मिलेमतोमा रुख काटी भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, रातमाटे झगरपुर सामुदायिक वन सम्वन्धमा जिल्ला वन कार्यालय काभ्रेवाट स्थलगत निरीक्षण गर्दा वन कार्यालयको स्वीकृती नलिई २०६ वटा रुख कटान गरेको भन्ने प्रतिवेदनमा उल्लेख भएको देखिएकोले यस्तो कार्य वन ऐन, नियमावली र उपभोक्तासंग भएको सम्झौता विपरित भएकोले आवश्यक अनुसन्धान गरी मुद्दा दायर गर्न र चौवास चापानी गढीडाँडा र धारापानी सामुदायिक वनको रुख काटेको भन्ने सम्वन्धमा जिल्ला वन कार्यालय काभ्रेपलाञ्चोकवाट अनुसन्धान भई रहेको भन्ने देखिएकोले सो अनुसन्धान शीघ्र सम्पन्न गरी कानून बमोजिम गर्न आयोगको मिति २०६८।३।२८ को निर्णयानुसार जिल्ला वन कार्यालय काभ्रेपलाञ्चोकलाई लेखी पठाइएको ।

(ज) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत

१. उत्तिसघारी दधिकोट खानेपानी सरसफाई मूल उपभोक्ता समितिका सचिव अदिप कुमार खड्काले खानेपानी उपभोक्ता समितिको नाममा ने.बै.लि. नयाँबाटो ठिमिमा खोलेको वचत खाता नं.४७५५ बाट विभिन्न मितिमा रकम निकाली रु.७,७४,५२८।८९ व्यक्तिगत कामका लागि लगाएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, उत्तिसघारी दधिकोट खानेपानी सरसफाई मूल उपभोक्ता समितिका पदाधिकारीको कियाकलाप र

उपभोक्ता समितिले प्रदान गरेको सेवाको अवस्था वारे सार्वजनिक सुनुवाइ कार्यक्रमको आयोजना गरी १ महिना भित्र प्रतिवेदन आयोगमा पठाउन आयोगको मिति २०६७।१०।३ को निर्णयानुसार भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाइएको ।

२. नेपाल इञ्जिनियरिङ्ग परीक्षदमा हाल मनोनित परीक्षदको अध्यक्षले पन्ध्र वर्ष अगाडि इञ्जिनियरिङ्ग विषयमा स्नातकोपाधि प्राप्त गरेको भएतापनि इन्जिनियरिङ्ग व्यवसाय नगरेकोले भौतिक योजना तथा निर्माण मन्त्रालययवाट कानूनलाई समेत वेवास्ता गरी परीक्षदको अध्यक्षमा इन्जिनियर शालिग्राम सिहंलाइ नियुक्ति गर्दा अधिकारको दुरुपयोग गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, नेपाल इन्जिनियरिङ्ग परीक्षद ऐन २०५५को दफा ५(१) मा नेपाल ईन्जिनियरिङ्ग परीक्षदको अध्यक्षमा मनोनित हुन इन्जिनियरिङ्ग विषयमा स्नातकोपाधी प्राप्त गरी कम्तिमा पन्ध्र वर्ष इन्जिनियरिङ्ग व्यवसायमा अनुभव प्राप्त हुनुपर्ने उल्लेख भएकोमा नेपाल इन्जिनियरिङ्ग परीक्षदको अध्यक्षमा मिति २०६७।३।१५ मा नियुक्ति भएका इञ्जिनियर शालिग्राम सिहले भौतिक योजना तथा निर्माण मन्त्रालयमा पेश गरेको निजको व्यक्तिगत विवरणमा र निजले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा गरेको वयानमा २०५३ सालमा सडक विभागमा सहायक इञ्जिनियरको पदमा काम गरेको भनी उल्लेख गरेको अनुभवलाइ आधार मान्दा नेपाल इञ्जिनियरिङ्ग परीक्षद ऐन, २०५५ कोदफा ५(१) मा उल्लिखित अनुभव अवधि नपुग्ने देखिएकोले निजको नियुक्ति रद्द गर्न आयोगको मिति २०६७।१२।३ को निर्णयानुसार भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखी पठाइएको ।

(झ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत

१. गुठी संस्थानको पुर्ण स्वामित्वमा रहेको जनकपुर स्थित रामचन्द्र गुठी राम मन्दिरको नाममा गुठी तैनाथी दर्ता भएको जनकपुर नगरपालिका वडा नं. ६ कित्ता नं. ४५, ०-७-१८-३ विगाह क्षेत्रफलको बद्रि ठाकुर लोहारका नाममा बिना आधार प्रमाण गुठी रैतान नम्बरीमा दर्ता गरी राज गुठीको सम्पत्ति हिनामिना गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, उपरोक्त अनुसारको जग्गा गुठी संस्थान अन्तरगत दर्ता भएको देखिंदा गुठी जग्गामा जग्गाधनी व्यक्ति विशेष हुन नसक्ने हुंदा गुठी कै नाममा कायम गरी दोहोरो स्रेस्ता भएको व्यक्तिको नाम तर्फ नियमानुसार स्रेस्ता कट्टा गरीदिने भनी मालपोत कार्यालय धनुषा जनकपुरलाई लेखी पठाउने र उपरोक्त गुठी जग्गा गुठीकै नाममा स्रेस्ता बनाई आफ्नो रेकर्ड कायम गर्न आयोगको मिति २०६७।४।१० को निर्णयानुसार गुठी संस्थान शाखा कार्यालय जनकपुरमा लेखी पठाइएको ।

२. साविक धापासी गाउँ विकास समिति वडा नं. ९(क) कि.नं १८, ४-९-० रोपनी क्षेत्रफलको सरकारी पर्ती जग्गा नापी कार्यालय चावहिलका सर्भेक्षक शिवनारायण यादवले आर्थिक प्रलोभनमा परी उक्त कित्ताको फिल्डवुकको कैफियत महलमा गणेशकुमारी वस्नेतको जोत भोग हो भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा साविक धापासी वडा नं. ९(क) कि.नं १८, ४-९-० रोपनी क्षेत्रफलको जग्गा नेपाल सरकारको नाममा दर्ता प्रमाणित रही कायम देखिएको भनी मालपोत कार्यालयबाट लेखी आएको । हाल नयाँ नापीमा धापासी वडा नं ९ सिट नं १०२-०९४६-१७ कि.नं १६८, २२९०.५० व.मी. क्षेत्रफलको नाप नक्सा भै जग्गाधनी महलमा पर्ति उल्लेख भएको देखिएको हुंदा

उक्त जग्गा नेपाल सरकारको नाममा कायम गरी जग्गा धनि दर्ता प्रमाण तयार गरी जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा पठाउन र सो को जानकारी आयोगमा गराउन भनी मालपोत कार्यालय, चावहिलमा लेखी पठाउने । साविकको फिल्डबुकमा धापासी गाउँ विकास समिति वडा नं. ९ (क) कि.नं १८ को फिल्डवुकको कैफियत महलमा गलत व्यहोरा पछि थप गरेको देखिएको र सो व्यहोरा साविकको सक्कल फिल्डवुक श्रेस्तावाट समेत पछि थप गरेको गलत व्यहोरा देखिएको हुंदा सो कैफियत व्यहोरा वदर गरी श्रेस्तामा जनाउन आयोगको मिति २०६७।५।१ को निर्णयानुसार नापी कार्यालय, चावहिलमा लेखी पठाइएको ।

३. निजी गुठी जग्गालाई गलत तथ्यको आड लिई चलाएको कारवाही खारेज गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, साविक स्वयम्भू वडा नं. १ कित्ता नं. ३० को १-२-० रोपनी क्षेत्रफलको जग्गा समेतलाई सावीक लगत काठमाण्डौ किलागल १८७/१७१ को पोता गुठी लगतबाट भिडाई केशचन्द्र पारावर्त महाँविहार इटुम्वहालको नाममा रैकर परीणत दर्ता गरी पाउँ भनी २०३९।३।२४ मा मालपोत कार्यालय काठमाडौंमा वेखामुनी शाक्य समेतको निवेदन दर्ता भएको सोही कित्ता नं. ३० को जग्गा स्वयम्भू पुरानो ध्याङ्ग गुठीको जग्गा भएका । नापीका समयमा मेरो हजुर वुवा रामदास धोवीको नाउमा जोताहा कायम भएको हुँदा रामदास धोवीको हकदार म कृष्ण प्रसाद मघैया (धोवी) को नाउमा उक्त जग्गाको मोही नामसारी हाल सावीक समेत गरी जग्गाधनी प्रमाण पुर्जा पाउँ भन्ने विषयको निवेदन कृष्णप्रसाद मघैयाको तर्फबाट गुठी संस्थान शाखा कार्यालय काठमाडौंमा मिति ०६६।१।१० मा निवेदन दर्ता भएको पाईयो । कित्ता नं. ३० को जग्गा दर्ता बाँकी देखिएको र दर्ता कारवाही मालपोत र गुठी संस्थानबाट भएको देखिएकोमा दर्ता कारवाही एउटै कार्यालयबाट हुनु पर्ने भएकोले उक्त कित्ता नं. ३० को जग्गा सार्वजनिक गुठी (स्वयम्भू पुरानो ध्याङ्ग गुठी) वा केशचन्द्र पारावर्त महाविहारको निजी गुठीको नाममा दर्ता हुनु पर्ने हो ? मिसिल संलग्न लगत प्रमाण एवं जे जो बुझ्नुपर्ने हो बुझी यथाशिघ्र कानून वमोजिम निर्णय गरीदिन आयोगको मिति २०६७।८।६ को निर्णयानुसार गुठी संस्थान शाखा कार्यालय त्रिपुरेश्वरमा लेखी पठाइएको ।

४. नापी कार्यालय दाङका लेखापाल पोषणराज न्यौपानेले गम्भिर आर्थिक अनियमितता, हिनामिना, लापरवाही एवं मनोमानी ढंगबाट कार्य गरेकोले कारवाहीको लागि नापी विभागको मिति २०६५।९।८ को पत्रसाथ प्राप्त फाइलका सम्बन्धमा अनुसन्धान हुँदा, कोष तथा लेखा नियन्त्रण कार्यालय दाङले आ.व. २०६४।०६५ को ५ महिनाको अवधिको नापी कार्यालय दाङको आन्तरिक लेखापरीक्षण गर्दा लेखापाल पोषणराज न्यौपाने समेतले गम्भिर आर्थिक अनियमितता, हिनामिना एवं मनपरी ढंगले श्रेस्ता कागज नै खडा नगरी चेक मात्र काट्ने गरेको भन्ने समेत उल्लेख गरी नापी विभागमा कारवाहीको लागि पत्राचार गरी आ.व. २०६४।०६५ को श्रावण महिना देखि ऐ. मार्ग सम्मको विनियोजन तर्फको वेरुजु रु ३,०२,४६२।५० औंल्याएकोमा उक्त वेरुजु रकम लेखापाल पोषणराज न्यौपानेले मिति २०६४।११।८ र ऐ. १५ गते गरी नगदै वैंक दाखिला गरेको देखिन्छ भने राजश्व तर्फ औंल्याइएको वेरुजु रकम रु ७,०४३।७६ निजले नै मिति २०६७।२।२३ मा वैंक दाखिला गरेको देखियो । निज लेखापाल पोषणराज न्यौपानेले मनपरी ढंगले चेक काटेको भन्ने विषयमा तत्कालिन नापी अधिकृत नारायण रेग्मीले आफू नापी विभाग र राष्ट्रिय भू-उपयोग आयोजना काठमाडौंमा हाजिर रहेको मितिमा

लेखापाल पोषणराज न्यौपाने समेतले विभिन्न मिति राखी कार्यालय प्रमुखको चेकमा दस्तखत नगरी वैंकवाट रकम झिकिएको छ भनी विभिन्न नम्वरका १८ थान चेकहरु कीर्ते हुन् भनी उल्लेख गरेको देखिंदा ती विवादित चेकहरुको अलवा आयोगवाट नेपाल वैंक लिमिटेड दाङ शाखावाट अन्य ५ थान नमूना चेक झिकाइएको र ती विवादित १८ थान चेक र नमूनाका लागि झिकाईएका ५ थान चेकहरु आयोगवाट परीक्षणको लागि राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमलटारमा पठाइएकोमा उक्त प्रयोगशालाको मिति २०६७।५।२४ को पत्रसाथ प्राप्त विशेषज्ञको रायमा विवादित चेकका दस्तखतहरु नमूना चेकमा भएका दस्तखतहरुको तुलनामा भिन्न ढांचामा लेखीएका छन् र विवादित चेकमा भएका दस्तखतहरुसंग नमूना चेकमा भएका दस्तखतहरुको असमानता पाइन्छ भनी विशेषज्ञको रायमा स्पष्ट उल्लेख भएको देखियो । जहाँसम्म अनियमित तरिकाले श्रेस्ता तयार गरी कार्यालय प्रमुखको दस्तखत कीर्ते गरी चेकहरु काटी वैंकवाट रकम झिकिएको विषय छ सो सम्वन्धमा त्यस्तो अपराधको अनुसन्धान र छानविन गर्ने विषय सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९ को अनुसूची १ भित्र पर्ने हुंदा सो विषयको अनुसन्धान सम्बन्धित जिल्ला प्रहरी कार्यालयवाट गर्नुपर्ने देखिंदा आयोगवाट अनुसन्धान भएको प्रस्तुत कागजात सहितको सक्कल फाइल समेत साथै राखी कानून वमोजिम आवश्यक कारवाही गर्न आयोगको मिति २०६७।८।६ को निर्णयानुसार जिल्ला प्रहरी कार्यालय दाङमा लेखी पठाइएको ।

५. भू-माफिया विरुद्ध कारवाही गरीपाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, साविक कलंकी गाउँ विकास समिति वडा नं. ८(क) कित्ता नं. १७० को ०-१३-१-० रोपनी क्षेत्रफलको जग्गा सर्भे नापीको फिल्डवुकमा जोताहा, जग्गा धनी तथा किसानको व्यहोरा समेत खाली भै मालपोत कार्यालय कलंकीको दर्ता वाँकी श्रेस्ताको मोठ पाना नं. २९७१ मा रहेकोमा उक्त श्रेस्तामा कुनै व्यहोरा उल्लेख नगरी मालपोत कार्यालय कलंकीको मोठ ठेली नं. ५ को पाना नं. १२६२ मा धर्म महर्जनको नाममा २०३६।१०।२९ को निर्णयबाट दर्ता भएको भन्ने कैफियत लेखी दर्ता भएको देखियो । मालपोत कार्यालय डिल्लीवजार काठमाडौंबाट प्राप्त मिति २०६६।११।२६ र ०६७।८।७ का पत्र, राय क्तिाव, तामेली दर्ता रजिष्टरको प्रतिलिपि एवं संकलित मिसिल संलग्न कागजात प्रमाणबाट उक्त कित्ता नं. १७० को जग्गा कानूनी प्रकृया पूरा गरी धर्म महर्जनको नाममा दर्ता गर्ने गरी मिति २०३६।१०।२९ मा निर्णय भएको नदेखिएको र दुषित कार्य गर्ने व्यक्ति/कर्मचारीको पहिचान समेत हुन नसकेकोले, उक्त कित्ता नं. १७० को जग्गाको जग्गा दर्ता सम्बन्धमा मोठ ठेली नं. ५ को पाना नं. १२६२ मा लेखिएको मिति २०३६।१०।२९ को निर्णयले धर्म महर्जनको नाममा दर्ता भएको भन्ने कैफियत व्यहोरालाई वदर गरी श्रेता पूर्जा वनाई नेपाल सरकारको नाममा दर्ता गरी आयोगलाई जानकारी दिन आयोगको मिति २०६७।९।२६ को निर्णयानुसार मालपोत कार्यालय कलंकीलाई लेखी पठाइएको ।

६. भक्तपुर जिल्ला दधिकोट गाउँ विकास समिति वडा नं. ९ स्थित वाराही मन्दिरको दक्षिणतर्फ रहेको ऐश्वर्य सामुदायिक वनको कित्ता नं. २७०८ को २२-६-२-० रोपनी क्षेत्रफलको सार्वजनिक जग्गा व्यक्तिले अनधिकृत रुपमा दर्ता गर्न लागेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, भक्तपुर जिल्ला दधिकोट गाउँ विकास समिति वडा नं.९ स्थित कित्ता नं. २७०८ को २२-६-२-० रोपनी क्षेत्रफलको जग्गा विनयराज पाण्डे समेतको नाममा अनधिकृत रुपमा नामसारी गर्न मालपोत कार्यालय भक्तपुरमा निवेदन

दिएको देखिए पनि उक्त जग्गामा फिल्ड निरीक्षणको प्रतिवेदन अनुसार सल्लाका रुखहरु मात्र भएको कसैले भोग चलन गरेको नदेखिएको र उक्त जग्गा निजी वा सार्वजनिक भन्ने विषयमा विवाद भई मालपोत कार्यालय भक्तपुरले आवश्यक निर्देशन पाउन भूमिसुधार तथा व्यवस्थापन विभागमा लेखी पठाएको देखिएको । साविक फिल्ड बुकमा उल्लिखीत कित्ता नं. २७०८ को २२-६-२-० रोपनी क्षेत्रफलको जग्गा जोताह महलमा "पर्ति" उल्लेख भई सरकारी सार्वजनिक स्रेस्ता दर्ता प्रमाणित भएको हुँदा, उक्त जग्गाका सम्बन्धमा मालपोत ऐन, २०३४ को दफा २४(ख) अनुसार सरकारी सार्वजनिक जग्गा दर्ता कायम गरी सो को जानकारी १५ दिनभित्र आयोगलाई दिन आयोगको मिति २०६७।१०।१९ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालय, भूमिसुधार व्यवस्थापन विभाग र मालपोत कार्यालय, भक्तपुरमा लेखी पठाइएको ।

७. पचास लाख रुपैया घुस लिई नापीको फिल्डवुक र मालपोतको दर्ता वाँकी मोठ श्रेस्ता सच्याई कीर्ते गरी व्यक्तिको नाममा जग्गा दर्ता गर्न लागेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, काठमाडौं जिल्ला कपन गाउँ विकास समिति वडा नं. २ (ख) कित्ता नं. २४ को ०-१५-०-० रोपनी क्षेत्रफलको जग्गाको साविक नापीको फिल्डवुकको जोताहा महलमा गंगावहादुर अधिकारी कपनटार र किसानको व्यहोरामा टुसाल वस्ने वीर वहादुर भन्ने उल्लेख भै मालपोत कार्यालय चावहिलको दर्ता वाँकी श्रेस्तामा कायम रहेको देखिन्छ । उजुरी निवेदनमा उल्लेख गरे जस्तो मोठ श्रेस्ता र फिल्डवुक सच्याएको देखिएन । उक्त जग्गालाई आ-आफ्नो नाउमा दर्ता गरी पाउन वीरमान श्रेष्ठ, श्यामलाल श्रेष्ठ, मथुरा अधिकारी, गंगावहादुर अधिकारी समेतले निवेदन गरेको । एउटै कित्ता जग्गालाई भिन्न भिन्न लगत राखी अलग अलग व्यक्तिले जग्गा दर्ता गरी पाउन निवेदन गर्दा विवादित जग्गामा हक वेहकको प्रश्न खडा भएको देखिएकोले कपन २ (ख) कित्ता नं. २४ को ०-१५-०-० रोपनी क्षेत्रफलको जग्गाको दर्ता सम्बन्धमा प्रचलित कानून वमोजिम निर्णय गरी निर्णयको जानकारी आयोगलाई गराउन आयोगको मिति २०६७।११।१ को निर्णयानुसार मालपोत कार्यालय चावहिललाई लेखी पठाइएको ।

८. भक्तपुर जिल्ला सुडाल गाउँ विकास समिति वडा नं. ४ क कित्ता नं. २५१ र २५२ को सरकारी सार्वजनिक जग्गा भक्तपुर स्थित गुठी संस्थानको शाखा कार्यालयबाट जंगम मठ गुठी भक्तपुर बोलाक्षे टोलको नाममा दर्ता गरी स्थानीय व्यक्तिको नाममा मोही कायम गरी हिनामिना गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, भक्तपुर जिल्ला सुडाल गाउँ विकास समिति वडा नं. ४ क कित्ता नं. २५१ र २५२ क्रमशः २४-८-०-० र ४६-८-०-० रोपनी क्षेत्रफल जग्गा २०२१ सालको नापीमा पर्ति भनी जनिएको, सरकारी सार्वजनिक जग्गा जनिई हालसम्म सरकारी सार्वजनिक जग्गा भनी श्रेस्ता कायम भएको साथै सरकारी कार्यालयमा अधिकारिक निर्णयको मिसिल श्रेस्ता नभएको एवं परम्परादेखिनै कमाइ व्यक्ति विशेषको जग्गा रहेको भन्ने पुष्टी हुन नआएको हुँदा, उल्लिखित जग्गाहरु मालपोत ऐन, २०३४ को दफा २४(२) बमोजिम नेपाल सरकारका नाममा मात्र कायम गर्न अविलम्व निर्णय गरी सोको जानकारी आयोगलाई दिन आयोगको मिति २०६७।११।१३ को निर्णयानुसार मालपोत कार्यालय भक्तपुरलाई पत्र लेखी सो सम्बन्धी जानकारी नापी कार्यालय भक्तपुर, जिल्ला प्रशासन कार्यालय भक्तपुर, गुठी संस्थान शाखा कार्यालय भक्तपुर, सुडाल गाउँ विकास समितिको कार्यालयलाई समेत दिन लेखी पठाइएको ।

९. राष्ट्रिय भू-उपयोग आयोजनाका प्रमुख नापी अधिकृत हृदयनारायण मिश्रले अनियमितता गरे भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, राष्ट्रिय भू उपयोग आयोजनाका आयोजना निर्देशक रा.प.प्रथम श्रेणीको पद रहेकोमा भूमीसुधार तथा व्यवस्था मन्त्रालयले प्रथम श्रेणी को कर्मचारीलाई अन्यत्र पठाई रा.प. द्वितीय श्रेणी स्तरका कर्मचारीलाई आर्थिक कारोवार समेतको जिम्मा दिई उक्त आयोजनामा खटाएको उपयुक्त नदेखिंदा पदीय दायित्व र जिम्मेवारीलाई ख्यालमा राखी कर्मचारी खटाउन आयोगको मिति २०६७।१२।७ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखी पठाइएको ।

१०. कीर्तिपुर नगरपालिका वडा नं. ६ सामलटोल बस्ने गुरुङचा भन्ने बेखा बहादुर महर्जन जोताहा मोहीका रुपमा कायम रहेको का.जि.पालिफल गाउँ विकास समिति वडा नं. ५ कित्ता नं. १०४ को०-३-२-० रोपनी क्षेत्रफल भएको जग्गा कीर्तिपुर नगरपालिका वडा नं. ६ का तत्कालिन वडा सचिव लक्ष्मी बहादुर महर्जनको गलत सिफारिस र मालपोत कार्यालय, कलंकी, काठमाडौंका कर्मचारहीरुले गैरकानूनी मिलेमतो समेतका आधारमा जोताहा मोहीलाई कुनै सूचनासम्म नदिई कीर्तिपुर नगरपालिका वडा नं. ६ बस्ने सिद्धि बहादुर महर्जन र कृष्ण कुमारी महर्जनका नाममा दर्ता गरी गैरकानूनी रुपमा घर जग्गा माथिको हक मेटाउने प्रयास गरेकाले सो कार्यमा संलग्न व्यक्तिहरु उपर कानून बमोजिम कारवाही गरीयोस भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, गुरुङचा भन्ने बेख बहादुर महर्जनका नाममा मोही दर्ता भई सिद्धि बहादुर महर्जन र कृष्ण कुमारी महर्जनका नाममा पालिफल गाउँ विकास समिति ५ को कित्ता नं. १०४ को०-३-२-० रोपनी क्षेत्रफल भएको उक्त घर जग्गा दर्ता गर्न कीर्तिपुर नगरपालिका जग्गा दर्ता समस्या समाधान समितिको मिति २०५९/०८/१९ को निर्ण कानून सम्मत भएको देखिएन । छोरा सचिव भै आमाको नाममा जग्गा दर्ता गर्न सिफारिस गरी आफ्नो आमाको नाममा सबुद प्रमाण नपुग्ने उक्त विवादित जग्गा दर्ता गराएको देखिएकोले बदर गरी कानून बमोजिम दर्ता सम्बन्धी काम कारवाही गर्न व्यवस्था मिलाउन आयोगको मिति २०६७।१२।९ को निर्णयानुसार भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

११. नापी कार्यालय, डिल्लीबजार काठमाडौंका प्रमुख नापी अधिकृत नारायण चौधरी समेतले साविक नगर २८ (ख) कित्ता नं. १८२ लाई कित्ता नं. १८३ कायम गरी हाल साविक गरी भ्रष्टाचार गरे भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, विवादित साविक नगर २८ (ख) कित्ता नं. १८२ र १८३ मा सरकारी सार्वजनिक जग्गा घुसेको र घुसाई हाल साविक गरेको अवस्था नदेखिएको तथा नारायण चौधरी समेतले कित्ता नं. १८३ हाल साविक गरी भ्रष्टाचार गरेको भन्ने उजुरी भएकोमा उक्त कित्ता नं. हालसम्म हाल साविक गरेको नदेखिएको हुँदा, हाल साविक गरी घुस लिए दिएको भनी मान्न सकिएन । कित्ता नं. १८२ र कित्ता नं. १८३ को विवादको विषयमा संकलित प्रमाणका आधारमा साविक फिल्डवुक र फिल्डमा समेत कित्ता नं. १८२ र १८३ स्पष्ट रहेको र कित्ता नं. १८३ साविक फिल्डवुकको क्षेत्रफल अनुसार कित्ताकाट नभई यथास्थितिमा देखिन्छ भने कित्ता नं. १८२ कित्ताकाट भै बिक्री वितरण भैसकेको अवस्था देखियो । श्रेस्तामा कित्ताकाट नभएको दोहोरो अवस्थामा रहेको देखिन आएको हुँदा, फिल्डमा एकै कित्ता २ वटा हुन नसक्ने नै भएकोले फिल्डवुक, साविक जग्गा धनी प्रमाणपुर्जा, क्षेत्रफल, चालू नक्सा तथा उपयोगको आधारमा समेत कित्ता नं. १८३ का हकमा विवाद

देखिएन अतः दोहोरो श्रेस्ता भएको कित्ता नं. १८२ का हकमा कानून वमोजिम दोहोरो श्रेस्ता मिलान गर्नु पर्ने हुंदा दोहोरो श्रेस्ता के कसरी तयार भयो ? दोहोरो श्रेस्ता तयार गर्ने क्रममा को को कर्मचारी संलग्न भएका थिए ? दोहोरो श्रेस्ता तयारीका क्रममा सरकारी कागजात कीर्ते भएको छ छैन ? सो समेत यकिन गरी एक महिना भित्र दोहोरो श्रेस्ता मिलान गर्ने कार्य र सरकारी कागजात कीर्ते तयार गर्ने कर्मचारहीरु उपर कानून बमोजिम कारवाही गर्न जिल्ला प्रहरी कार्यालय हनुमान ढोकामा लेखी पठाई कारवाहीको जानकारी आयोगमा पठाउन आयोगको मिति २०६७।१२।१३ को निर्णयानुसार मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंमा लेखी पठाइएको ।

१२. संखुवासभा जिल्लामा जग्गा नाप नक्सा हुंदा जग्गा नापजाँच ऐन,२०१९ को दफा ११ (ख) वमोजिम गठित समितिले करिव तीन हजार कित्ता जग्गा वन क्षेत्र भनी निर्णय गरे उपर सर्वोच्च अदालतमा रिट परेकोमा सो अदालतवाट मिति २०५७।१०।१०मा भएको फैसलाको आधारमा भनी मालपोत कार्यालय खाँदवारीले विवादित जग्गा व्यक्तिका नाममा दर्ता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, संखुवासभा जिल्लामा जग्गा नाप नक्सा हुंदा जग्गा नापजांच ऐन,२०१९ को दफा ११(ख) वमोजिम गठित समितिले वनक्षेत्र भनी निर्णय गरेकोमा सो निर्णय उपर सर्वोच्च अदालतमा रिट परी अदालतवाट मिति ०५७।१०।१० मा भएको फैसला पश्चात साविक मनकामना गा.वि.स वडा नं ५,हाल खादबारी नगरपालिका वडा नं ११ को कि.नं १०३९ को जग्गा वाट कित्ता काट गरी कित्ता नं. १४९४ को .७५ व.मी.क्षेत्रफल मिति २०६५।८।१२ मा कृष्णप्रसाद श्रेष्ठका नाममा, ऐ.खाँदवारी नगरपालिका वडा नं.११ कित्ता नं.१०३९ बाट कि.का.गरी कि.नं १४९३, ०.१२२ व.मी. क्षेत्रफलको जग्गा मिति २०६७।८।११मा हरिकुमार कटुवालका नाममा, नुम गाउँ विकास समिति वडानं ३ का कित्ता नं.७३३ को ०७१४० व.मी.क्षेत्रफल, कित्ता नं.७३४, ०२०४० व.मी. क्षेत्रफल, कित्ता नं.७३७, ०२८९० व.मी. क्षेत्रफलका जग्गा मिति २०६५।८।१६ मा लिलाबहादुर राईका नाममा र दिदिड गाउँ विकास समितिवडानं ६, कि.नं४७ क्षेत्रफल .५६०५ व.मी. र कित्ता नं. ५८, .१४०० व.मी. क्षेत्रफलका जग्गा मिति २०६५।९।२ मा भोलामान राईका नाममा दर्ता गर्ने निर्णय मालपोत कार्यालय खाँदवारीवाट भएको देखियो । जग्गा नापजाँच ऐन,२०१९ को दफा ११.(ख) वमोजिम गठित समितिले जग्गा बनक्षेत्र भनी निर्णय गरेकोमा सो निर्णय उपर परेको रिटमा सर्वोच्च अदालतवाट फैसला हुंदा समितिले गरेको निर्णय वदर गरी अव जे जो वुझ्नुपर्छ वुझी कानून वमोजिमको प्रकृया पूरा गरी निर्णय गर्नु भनी परमादेश जारी भएको देखिन्छ । सो फैसला पश्चात मालपोत कार्यालय खाँदवारीले कृष्णप्रसाद श्रेष्ठ, हरिकुमार कटुवाल, लिलावहादुर राई, र भोलामान राई समेतका नाममा उल्लिखित जग्गाहरु दर्ता गर्ने निर्णय गरेको देखियो । यसरी फैसलामा उल्लिखित आधार लगायत जो जे वुझ्नु पर्छ वुझि कानून वमोजिमको प्रकृया पूरा गरी निर्णय गर्नु पर्नेमा मालपोत कार्यालय खाँदवारीवाट उल्लिखित निर्णय गर्दा मालपोत ऐन २०३४ को दफा ७ को उपदफा १ र २ को प्रयोजनका लागि मालपोत नियमावली २०३६ को नियम ४.ख वमोजिम गठित जग्गा दर्ता समितिको सिफारिस र ऐ.नियमावली ४.क को देहाय (४) वमोजिम वन वुटेन, जंगल झाडी वा वन संग सम्वन्धीत जग्गाको सम्वन्धमा वन कार्यालयको सहमति लिनुपर्ने भन्ने प्रचलित कानूनी व्यवस्था एवं प्रकृया अवलम्वन गरेको समेत देखिएन । यसर्थ सर्वोच्च अदालतको मिति २०६७।१०।१० को फैसलामा उल्लेख भए अनुसारको सवै कानून वमोजिमको प्रकृया पुरा

गरी निर्णय गर्न आयोगको मिति २०६७।१२।१४ को निर्णयानुसार मालपोत कार्यालय संखुवासभा, खाँदवारीलाई लेखी पठाइएको ।

१३. निवेदक मालपोत कार्यालय डिल्लीबजारमा कार्यरत प्रमुख मालपोत अधिकृत प्रेम बहादुर खापुङ्ग तथा विपक्षी भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरबार भएको सम्व्त २०६७ को रिट नं. ध्य ०४२७ को उत्प्रेषणयुक्त परमादेश समेतको रिट निवेदनमा सर्वोच्च अदालतका प्रधानन्यायाधिश श्री राम प्रसाद श्रेष्ठको एकल इजलासबाट मिति २०६७।७।२९ मा रिट निवेदन प्रथम दृष्टिमै (Prima Facia) निवेदन दावी स्थापित हुन नसकि औचित्यहिन देखिंदा विपक्षी भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट लिखित जवाफ मगाईरहनु नपर्ने भई रिट निवेदन खारेज गर्ने गरी आदेश गर्दै "कुनै सार्वजनिक पदधारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानून बमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्ने संवैधानिक जिम्मेवारी निर्वाह गर्दा अत्यन्त सतर्क सावधानीपूर्वक गर्नुपर्ने भन्ने कुरामा विवाद हुन सक्दैन । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ ख. ले दुष्परिणाम सच्याउन आदेश दिने सम्बन्धमा दिएको अधिकारको प्रयोग गरी यस्तो प्रकारको सरकारी जग्गा व्यक्ति विशेषका नाउँमा दर्ता गर्न निर्देशन दिएको काम-कारवाही संविधान र कानूनसम्मत नदेखिंदा यस अदालतको जानकारीमा आएको सार्वजनिक सम्पत्तिको विषयवस्तुको बारेमा यो छुट्टै न्यायिक टिप्पणी गरीदिएको छ । आयोगको मिति २०६६।९।१७ को निर्णयमा संलग्न तत्कालिन पदाधिकारहीरु ललितबहादुर लिम्बु एवं वेदप्रसाद सिवाकोटी रहेको भन्ने निर्णयको प्रतिलिपिबाट देखिन आएको हुँदा, उक्त निर्णयमा संलग्न पदाधिकारीलाई कानून बमोजिम के कस्तो कारवाही हुनुपर्ने हो ? सो सम्बन्धमा तत्काल आवश्यक छानविन गरी उचित कारवाही गर्नु भनी संविधानसभा/व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ११० बमोजिमको राज्य व्यवस्था समिति, व्यवस्थापिका संसद सचिवालय तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेतका नाउँमा यो न्यायिक टिप्पणी गरी दिएको छ" भन्ने समेत व्यहोराको आदेश भै उक्त आदेशको प्रतिलिपि लगायतका कागजात संलग्न गरी आवश्यक कार्यार्थ सर्वोच्च अदालतको मिति २०६७।१२।१७।६ को पत्र तथा आदेश सहित कागजातको प्रतिलिपि प्राप्त भएको देखिन्छ । सो आदेश कार्यान्वयनका सम्बन्धमा हाल के कस्तो कारवाही शुरु गरिएको छ ? सो सहितको कारवाहीको अद्यावधिक जानकारी समय-समयमा यस निर्देशनालयलाई दिनु हुन अनुरोध छ भनी सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयको मिति २०६७।१२।२२ को पत्रबाट लेखी आएको देखिन्छ ।सर्वोच्च अदालतको उल्लिखित आदेश यथाशीघ्र कार्यान्वयन गरी गराई सो को जानकारी सम्बन्धित निकाय तथा प्रधानमन्त्री तथा मत्रिपरीक्षद्को कार्यालयलाई समेत दिन उक्त कार्यालयको मिति २०६८।१।५ को पत्रबाट लेखी आएको देखिन्छ ।

सर्वोच्च अदालतको मिति २०६७।७।२९ को न्यायिक टिप्पणी सहित संविधानसभा/व्यवस्थापिका-संसद राज्यव्यवस्था समितिमा सर्वोच्च अदालतबाट लेखी गएको सन्दर्भमा राज्य व्यवस्था समितिबाट "अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६६।९।१७ को निर्णय गर्ने तत्कालिन कार्यवाहक प्रमुख आयुक्त ललितबहादुर लिम्बु एवं आयुक्त वेदप्रसाद सिवाकोटी उपर छानविन गर्दा उक्त प्रकरणमा दोषी देखिएका अन्य जो जसलाई जे जस्तो कारवाही गर्नुपर्ने हो त्यस सम्बन्धमा संविधान र

कानून बमोजिम अबिलम्व अनुसन्धान गरी कारवाही अगाडि बढाउने र सो को जानकारी नियमित रुपमा यस समितिलाई उपलब्ध गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देशन गर्ने" भनी निर्णय भई आवश्यक कार्यार्थ मिति २०६८।१।६ को पत्रद्वारा उक्त समितिबाट लेखी आएको देखिन्छ । उपर्युक्त सन्दर्भमा सर्वोच्च अदालतको न्यायिक टिप्पणी अध्ययन गरी हेर्दा "आयोगको मिति २०६६।९।१७ को निर्णयमा संलग्न तत्कालिन पदाधिकारहीरु ललितबहादुर लिम्बु एवं वेद प्रसाद सिवाकोटी रहेको भन्ने निर्णयको प्रतिलिपिबाट देखिन आएको हुँदा, उक्त निर्णयमा संलग्न पदाधिकारीलाई कानून बमोजिम के कस्तो कारवाही हुनुपर्ने हो ? सो सम्बन्धमा तत्काल आवश्यक छानविन गरी उचित कारवाही गर्नु" भन्ने उल्लेख भएको हुँदा, तत् सम्बन्धमा तत्काल आवश्यक छानबिन गरी प्रतिवेदन पेश गर्न गरी आयोगबाट मिति २०६८।१।२८ मा निर्णय भएको ।

१४. काठमाडौं जिल्ला धर्मस्थली गाउँ विकास समिति वडा नं ९(ग) कित्ता नं. ७६,७८ को जग्गा २०२१ सालमा नापी हुंदा सार्वजनिक पर्ती भएको, वस्न्यात परिवारले उक्त जग्गामा निजी गुठीका रुपमा सार्वजनिक हितकै लागि देवाली, पर्व, पूजा आजा गर्दै आएको, हालसम्म शिवालय, धारा, पौवा, वनजंगल रहेको मिलेमतोमा दर्ता गरेको हुंदा नामसारी रोक्का गरी वदर गरी पाउं भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, काठमाडौं जिल्ला धर्मस्थली गाउँ विकास समिति वडा नं ९ (ग) कित्ता नं. ७६, ४-१-२-० रोपनी क्षेत्रफल र कि.नं ७८, ८-११-१-० रोपनी क्षेत्रफलको जग्गाको फिल्ड वुकको जोताहा महल र विरह पर्ती, श्रेस्ताको विरह महलमा पर्ती जनिएको पाइयो । कि.नं ७६ मा साविक नक्सामा मन्दिर, पोखरी, वाटो समेत देखियो । यस आयोगवाट फिल्डको स्थलगत अध्ययन गर्न खटिएका कर्मचारीको प्रतिवेदन अनुसार उक्त जग्गामा मन्दिर, पोखरी र रुख विरुवा समेत देखियो । यस स्थितिमा उल्लिखित कित्ता नं. का जग्गाहरु सार्वजनिक प्रकृतिको देखिन आएको हुंदा यस तर्फ चनाखो भै कानून सम्मत निर्णय गर्न आयोगको मिति २०६८।३।५ निर्णयानुसार मालपोत कार्यालय, डिल्लीबजारलाई लेखी पठाइएको ।

१५. राजश्व चुहावट गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, का.जि. चपली भद्रकाली गाउँ विकास समिति वडा नं. ८ (क) कित्ता नं. २०२ र २०८ को घर जग्गा मिति २०६५।११।६ मा रु.९५,००००० - मूल्य कायम गरी खरिद विक्री भएको र मिति २०६६।१।१५ मा उक्त घर जग्गालाई झुट्ठा घर वाटोको सिफारिस वनाई रु.१,९८,७५०० - मूल्य कायम गरी खरिद विक्री हुँदा, रु.७५,१२,५०० - को राजश्व ठगी भएको भन्ने सम्बन्धमा जग्गा खरिदर्त्ता जयमाता भगवती रियल स्टेट प्रा.लि. का संचालक सुदर्शन खड्काले मिति २०६७।११।२३ मा रु.७५१२५०० - को ३.५ प्रतिशत रजिष्ट्रेशन दस्तुर वापत जम्मा रु.२,६२,९३८ - थप राजश्व वुझाएको संवन्धमा मालपोत कार्यालय चावहिल र गाउँ विकास समिति कार्यालय चपली भद्रकालीको प्रत्यक्ष संलग्नता भएको नदेखिएको । जग्गा खरिद विक्री र्त्ता मध्यवाटै झूट्ठा विवरण पेश गरेको हुँदा, मालपोत ऐन २०३४ को दफा २९ (क) बमोजिम निजहरुलाई कार्यवाही गर्न र मिति २०६६।१।१५ देखि २०६७।११।२३ सम्म अवधिको फरक परेको रजिष्ट्रेशन दस्तुर रु.२,६२,९३८ - को व्याज समेत अशुल गर्न आयोगको मिति २०६८।३।७ निर्णयानुसार मालपोत कार्यालय चावहिललाई लेखी पठाइएको ।

१६. चितवन जिल्ला पटिहानी गाउँ विकास समिति वार्ड नं.१ (ग) कित्ता नं. ९०६, ९०८ र ९१० को जग्गाको नक्सा सच्याई अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, चितवन जिल्ला पटिहानी गाउँ विकास समिति वार्ड नं. १ (ग) कित्ता नं. २६७, २६८ र ६२४ को जग्गा चितवन जिल्ला अदालतबाट वडा मुचुल्का भए अनुसार ६ भागको १ भाग नहर मोहडा बराबर पर्न गरी पूर्वपश्चिम कित्ता काट हुने गरी वडा मुचुल्का भएको हुँदा, सो अनुसार नक्सांङ्कन नभएको भनी नापी कार्यालय चितवनमा जयनारायण न्यौपानेको निवेदन परी सो निवेदनको आधारमा अर्का पक्ष ममता न्यौपानेलाई कुनै थाहा जानकारी नै नदिई जग्गा नापजाँच नियमावली, २०५८ को नियम २२ (घ) अनुसार नक्सामा कित्ता काट गर्दा वा मसी भर्दा गल्ती हुन गएको देखिएमा सम्बन्धित मालपोत कार्यालयसँग बुझी लिखत बमोजिम आवश्यक सुधार गरी सो को जानकारी सम्बन्धित जग्गा धनी र मालपोत कार्यालयलाई दिने भन्ने व्यवस्था भए अनुसार नक्सा सुधार गर्दा सो अनुसार भएको पाइएन । अतः सम्बन्धित पक्षहरुलाई रोहबरमा राखी उल्लिखित नियमावलीको व्यवस्था अनुसार पुनः नक्सांङ्कन गर्न आयोगको मिति २०६८।३।१२ निर्णयानुसार नापी कार्यालय चितवनलाई लेखी पठाइएको ।

१७. भक्तपुर जिल्ला दिव्यश्वरी गाउँ विकास समिति वडा नं. ९ (ग) कित्ता नं. १९८ को सार्वजनिक खोला मालपोत कार्यालय भक्तपुरले कित्ताकाट गरी दर्ता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, श्री सर्वोच्च अदालतको आदेश वमोजिम कित्ता नं. १९८ बाट गुणमाया चक्रधर समेतको नाममा कित्ताकाट भइ गएको कित्ता नं. ३१३, २-८-०-० रोपनी क्षेत्रफल बाहेक वाँकी रहन आएको कित्ता नं. ३१४, २-१०-०-० रोपनी क्षेत्रफल र कित्ता नं. ३१५, ४६-४-०-० रोपनी क्षेत्रफल गरी जम्मा क्षेत्रफल ४८-१४-०-० जग्गा २०२१ सालको फिल्डवुक र नक्सामा मनहरा नदी जनिएको, मालपोत ऐन २०३४ को दफा २ को (ख) (२) अनुसार सरकारी जग्गाको परिभाषा भित्र पर्ने नेपाल सरकारको हक लाग्ने जग्गा देखिंदा र मालपोत कार्यालय भक्तपुरको मिति २०४९।३।३० मा नेपाल सरकारको नाममा कायम गर्ने निर्णय भै सकेको स्थिति समेतको आधारमा मालपोत ऐन २०३४ को दफा २४ अनुसार नेपाल सरकारका नाममा दर्ता गरी श्रेस्ता पूर्जा बनाई पूर्जा सहितको जानकारी एक महिना भित्र आयोगलाई पठाउन आयोगको मिति २०६८।३।२१ निर्णयानुसार मालपोत कार्यालय भक्तपुरलाई लेखी पठाइएको ।

१८. काठमाण्डौ जिल्ला विष्णु गाउँ विकास समिति वडा नं. ८ (क) कित्ता नं. २५८, धापासी गाउँ विकास समिति वडा नं. ९ (क) कित्ता नं. १८ र २८ को जग्गाको साविक फिल्ड वुकको कैफियत महलमा नापी कार्यालय चावहिलका कर्मचारीले व्यक्ति विशेषको नाम थपी सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गराउन लागेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, धापासी ९ (क) कित्ता नं. २८, ३-८-०-० रोपनी क्षेत्रफल भएको जग्गाको सावीक नापीको फिल्डवुकको जोताहा महलमा प्रति उल्लेख भै अन्य महल खालीरहेको भू-सूचना तथा अभिलेख विभागबाट प्राप्त फिल्डवुकको माइक्रोफिल्म उतारमा देखिएको र नापी कार्यालय चावहिलमा रहेको फिल्डवुकको किसानको व्यहोराको महलमा "का.जि.बस्ने ठूली कान्छी थपिनीले २०२१ साल देखि भोग गरी आएको छु" भन्ने व्यहोरा उल्लेख भएको देखिंदा नापी कार्यालय चावहिलको फिल्ड वुकको किसानको व्यहोरामा व्यक्तिको नाम थपिएको पुष्टी हुन आएको र साविक नापीको फिल्ड वुकको व्यहोराबाट कित्ता नं. २८ को जग्गा सरकारी प्रकृतिको जग्गा देखिएकोले उक्त कित्ता नं. २८ को फिल्ड वुकको किसानको व्यहोरामा थपिएको

व्यहोरालाई वदर गरी पुर्ववत् राख्न नापी कार्यालय चावहिललाई र उक्त कित्ता नं. २८ को जग्गालाई आवश्यक प्रकृया पुरा गरी नेपाल सरकारको नाममा दर्ता गरी सक्कल जग्गा धनी प्रमाण पुर्जा जिल्ला प्रशासन कार्यालय काठमाण्डौमा पठाई सोको जानकारी आयोगलाई गराउन आयोगको मिति २०६८।३।२९ को निर्णयानुसार मालपोत कार्यालय चावहिललाई लेखी पठाइएको ।

१९. जिल्ला सिराहा साविक ठाडी विश्वासपट्टी गाउँ विकास समिति वडा नं. १ कि.नं. १४८ र १४९, सोही गाउँ विकास समिति वडा नं. ३ कित्ता नं. १४१, १५०, १५१ र १५२ तथा सोही गाउँ विकास समिति वडा नं. ७(क) को कि.नं. २० समेतका जग्गा नेपाल सरकारको जग्गा भएको हुंदा उल्लिखित जग्गा मालपोत कार्यालय सिराहाका प्रमुख समेतले मिलेमतो गरी व्यक्ति विशेषका नाममा दर्ता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, सिराहा जिल्ला ठाडी विश्वासपट्टी गाउँ विकास समिति वडा नं. ३ कित्ता नं. १४१,०-४-९ विघाह क्षेत्रफल र कि.नं. १५१,१-७-८ विघाह क्षेत्रफल मध्ये मिति २०३२।९।३० को निर्णयानुसार वडा नं. ३ कित्ता नं. १४१ को जग्गा फिल्डबुक उतारबाट ठाडी विश्वासपट्टी वडा नं. १ बस्ने रघुनन्दन चौधरीको छोरा भगवती प्रसाद चौधरी तथा नेपाल सरकारका नाममा दोहोरो श्रेस्ता कायम हुन आएको देखिदा जग्गामा दोहोरो स्वामित्व कायम हुन सक्ने स्थिति नदेखिदा, साविक मै नेपाल सरकार जनिएको जग्गा देखिदा त्यस्तो जग्गा व्यक्तिको नाममा रहन नसक्ने हुंदा उक्त दोहोरो श्रेस्ता हटाई उक्त जग्गा नेपाल सरकारको नाममा मात्र रहने गरी श्रेस्ता मिलाउने । ऐ. ऐ. को कित्ता नं. १५१ को जग्गा विभिन्न मितिमा विभिन्न व्यहोराले कित्ताकाट भएकोमा कित्ता नं. १५१ बाट कित्ताकाट भै कायम भएका सम्पूर्ण कित्ताहरुको हकमा हेर्दा मिति २०२६।५।२८ मा तयार भएको जग्गा धनी दर्ता श्रेस्ता मै नेपाल सरकार ऐलानी पर्ति पोखरी जनिएको जग्गा देखिदा यस्तो प्रकृतिको जग्गा व्यक्ति विशेषले दर्ता गराएको अवस्थामा पनि उक्त दर्ता बदर भै नेपाल सरकारको नाममा कायम हुने मालपोत ऐन, २०३४ को दफा २४ मा रहेको देखिदा २०२६ साल मै नेपाल सरकारको नाममा श्रेस्ता कायम भएको जग्गा उक्त ऐन अनुसार एक महिना भित्र नेपाल सरकारको नाममा दर्ता कायम गरी सक्कल जग्गाधनी प्रमाण पूर्जा जिल्ला प्रशासन कार्यालय, सिराहामा पठाउन र सो को जानकारी आयोगमा दिन आयोगको मिति २०६८।३।३१ को निर्णयानुसार मालपोत कार्यालय, लहान सिराहा र नापी कार्यालय, लहान सिराहालाई लेखी पठाइएको ।

(ञ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत

१. चिक्तिसा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालले Dual Head Digital Gamma Camera Machine खरिदको लागि टेण्डर आह्वान गरेकोमा २ वटा मात्र वोलपत्र दर्ता भएको र मल्टीपल इन्टरप्राइजेजले पेश गरेकोमा मुल्यांकन समितिको अध्यक्ष तथा प्राविधिक सदस्यहरुले उक्त मेशिन पुरानो Model को भएकोले खरिद नगर्न Note of dessent लेखी वोलपत्र मुल्यांकन समितिमा मिति २०६६।३।१४ मा पेश भएकोमा उक्त निर्णयलाई वेवास्ता गरी उक्त मेशिन खरिद गरेकोले छानविन गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, गामा रे क्यामरावाट नियमित सेवा प्राप्त गरे नगरेको सम्बन्धमा तथा वीर अस्पताल र multiple entrprises वीच भएको खरिद सम्झौता वमोजिम उक्त मेशिन संचालनार्थ आवश्यक जनशक्तिलाई प्राविधिक तालिम दिने कार्य

वाँकि रहेकोले उक्त कार्य सम्पन्न भएपछि आयोगलाई जानकारी गराउन आयोगको मिति २०६८।३।१ को निर्णयानुसार चिक्तिसा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताललाइ लेखी पठाइएको ।

२. जनकपुर अञ्चल अस्पतालले विना टेण्डर गुणस्तरहीन औषधि खरिद गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, आर्थिक वर्ष शुरु हुना साथ प्रसुति लगायत अन्य विभिन्न कार्यक्रम अन्तर्गतका औषधि खरिद गर्ने सन्दर्भमा वजेट खर्च गर्ने अख्तियारी तथा वार्षिक कार्यक्रम ढिलो गरी जिल्ला वा स्थानीय स्तरमा पुग्ने गरेको देखियो । कार्यक्रम र अख्तियारीको अभावमा केन्द्रवाट के कति वजेट विनियोजन हुन्छ भन्ने यकिन जानकारी नहुँदा, वजारवाट स-सानो परिमाणमा औषधिहरु उधारो खरिद गरी तत्कालको आवश्यक्ता पुर्ति गरीने आम प्रचलन रहेको अवस्था रहयो । अस्पताल विकास समिति तर्फको रिक्त स्थायी पदपूर्ति गर्ने सन्दर्भमा विज्ञापित पदहरु मध्ये केहि पदहरुका लागि न्यूनतम शैक्षिक योग्यताका अतिरिक्त केहि महिनाको कार्य अनुभव समेत माग गरी विज्ञापन गरेको, यसरी खुल्ला प्रतिस्पर्धाबाट स्थायी पदपूर्ति गर्दा कामकाज गरेको अनुभव समेत माग गर्नु प्रचलित लोक सेवा आयोगको सामान्य सिद्धान्त विपरित देखियो । ड्राइभिङ्ग, सरसफाइ, विजुली, टाइपिङ्ग आदि कार्यका लागी सेवा करारमा लिइ गर्नु गराउनु पर्नेमा सो कार्यका लागि समेत पद सृजना गरी स्थायी पदपूर्ति गर्ने कार्य सार्वजनिक खरिद निमायवली २०६४ को नियम ६४ अनुकुल भएन । इन्दु यादव नामक अस्थायी कर्मचारीलाई अस्पताल प्रशासनले २०६० साल ताका नै अवकाश दिइसकेको अवस्थामा पनि निजले हालसम्म कार्यालयको हाजिर रजिष्टरमा जवरजस्ती हाजिर गरीरहेको तथा सरकारी आवास समेत अनाधिकृत कव्जा गरी वसेको देखियो । यसर्थ अव उप्रान्त औषधि खरिद लगायतका अत्यावश्यक शीर्षकका कार्यक्रम र वजेटको अख्तियारी यथासंभव छिटो स्वीकृत गरी गराई जिल्ला जिल्लामा पठाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव तथा स्वास्थ्य सेवा विभागका महानिर्देशकलाई निर्देशन दिने । औषधि खरिद समेतका विषयमा सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्थालाई अनिवार्य पालन गर्न, औषधि टेण्डर गरी वचत भएको वजेट रकम कार्यक्रम संसोधन गरेर प्रकृया पुऱ्याई खर्च गर्न, स्थायी पदपूर्तिका लागि मिति २०६७।७।१७ मा गरीएको विज्ञापन रद्द गरी लोक सेवा आयोगको सामान्य सिद्धान्त परिपालन गर्दै पूनः प्रकृया शुरु गर्न, ड्राइभिङ्ग, सरसफाई, इलेक्ट्रिसियन, कार्यालय सहयोगी लगायतका कामका लागि स्थायी पदपुर्ति गर्न नमिल्ने हुँदा, यस्ता प्रकृयाका पदहरुमा प्रकृया पुऱ्याई करार सेवावाट कामकाज गर्न गराउन जनकपुर अंचल अस्पतालका प्रमुखलाई निर्देशन दिने । उक्त अस्पतालका पूर्व कर्मचारी इन्दु यादवले अनधिकृत तवरले कार्यालयमा बसी हाजिर गर्ने गरेको काम तत्कालै रोकी निज बसोवास गर्दै आएको अस्पतालको सरकारी आवास तत्काल खाली गराई सोको सूचना आयोगमा पठाउन आयोगको मिति २०६८।३।१३ निर्णयानुसार जनकपुर अञ्चल अस्पताल प्रशासन र प्रमुख जिल्ला अधिकारी, धनुषालाई लेखी पठाइएको ।

(ट) स्थानीय विकास मन्त्रालय अन्तर्गत

१. उच्चस्तरीय जाँचबुझ आयोग, २०६३ को प्रतिवेदनमा उल्लेख भएको वीरगञ्ज उपमहानगरपालिकाका तत्कालीन उप-प्रमुख पुरुषोत्तमलाल झाले वीरगञ्ज उपमहानगरपालिका वडा नं. १३ स्थित स्विमिङ्ग पुल हेल्थ क्लब उद्घाटन गराउनको

लागि नगरपालिका बोर्डबाट मिति २०६२/११/२६ को निर्णयबाट बढीमा रु ६ लाख खर्च गर्न र उक्त रकम नपुग भएमा पुनः बैठकमा पेश गर्न गरी स्वीकृती दिएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, निज उप-प्रमुखले नगरपालिकाका सदस्यहरुलाई भत्ता, स्वागतद्वार निर्माण, टेलिफोन जडान जस्ता शीर्षकमा पेश्की दिई रु.१२,८४,३७३/५० खर्च गरेको देखियो तर नगरपालिकाका बोर्डले बढी रकमको समर्थन नगरेको हुंदा उक्त रकम निज पुरुषोत्तम लाल झाबाट असुल उपर गर्न आयोगको मिति २०६७।४।१० को निर्णयानुसार वीरगञ्ज उपमहानगरपालिका पर्सा वीरगञ्जमा लेखी पठाइएको ।

२. ग्रामीण पहुँच सुधार तथा विकेन्द्रिकरण परियोजना (RAIDP) अन्तर्गत जिल्ला विकास समितिको कार्यालय बाँकेद्वारा निर्माणाधिन परसपुर-गौघाट सडक निर्माणमा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा, आ.व. २०६४।६५ मा निर्माण भएको परसपुर-गौघाट ग्रामीण सडकका सम्बन्धमा एक पटक सार्वजनिक सुनुवाई गरी सोको जानकारी आयोगमा पठाउन आयोगको मिति २०६७।४।२७ को निर्णयानुसार जिल्ला विकास समितिको कार्यालय वाँकेलाई लेखी पठाइएको ।

३. काठमाडौं महानगरपालिका र इनोभेटिभ कन्सेप्ट प्रा.लि.बीच करार ऐन, २०२३ बमोजिम काठमाडौं महानगरपालिका भित्रको विभिन्न स्थानमा महानगरपालिकाले निर्माण गरेको ६ वटा र इनोभेटिभ कन्सेप्टले थप ६ वटा आकाशे पुल निर्माण गरी २० वर्षसम्म संचालन (संशोधित सम्झौता अनुसार १८ वर्ष गर्न लिंज सम्झौता भएकोमा उक्त इनोभेटिभले सम्झौता बमोजिम निर्माण गर्नपर्न आकाशे पुल निर्माण नगरी इनोभेटिभ कन्सेप्टले पसलका कवल तथा होडिङ्ग बोर्ड उपभोग गरी महानगरपालिकालाई हानी नोक्सानी पुऱ्याएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, आयोगको मिति २०६६/५/२ को निर्णयानुसार "आकाशे पुल निर्माण र पसल कवल एवं होर्डिङ्ग बोर्ड उपभोगको लगानी तथा प्रतिफल लागत मूल्य समेत विश्लेषण गरी वार्ता करारमा उल्लिखित अमूर्त र अस्पष्ट विषयलाई प्रष्ट र किटानिसाथ समावेश गरी वार्ता करार सम्झौता संशोधन गर्नपर्न देखिएकोले शिघ्र सम्वद्ध सरोकारवाला र विशेषज्ञ समेत रहेको समिति गठन गरी उक्त समितिबाट प्राप्त प्रतिवेदन अनुसार गरी आयोगलाई जानकारी गराउन काठमाडौं महानगरपालिकालाई लेखी पठाउने भन्ने निर्णय भई सोही अनुसार लेखी पठाइएको थियो । काठमाडौं महानगरपालिका र इनोभेटिभ कन्सेप्टबीच पुनः मिति २०६७/१/१० र मिति २०६७/६/१५ मा काठमाडौंको नयाँ बानेश्वर, कलङ्की, बालाजु माछापोखरी तथा गोंगबु बसपार्कमा आकाशे पुल निर्माण, व्यवस्थापन तथा संचालन गने सम्बन्धमा करार सम्झौता गरेको देखिन्छ । तर आयोगको पूर्व निणर्यानुसार आकाशे पुल निर्माण गर्न सम्झौतामा लगानी तथा प्रतिफल लागत मूल्य समेत विश्लेषण गरेको पाइएन भने अमूर्त र अस्पष्ट विषयलाई आकाशे पुल निर्माण गर्दा स्पष्ट पारेको पनि देखिएन । आकाशे पुल निर्माण गर्दा सार्वजनिक हित, सुरक्षा, सडक छिमेकी, सडक प्रयोगर्त्ता समेतलाई बिचार गरी सरोकारवालाहरुसँग व्यापक छलफल गरी सहमतिका आधारमा भौतिक योजना तथा निर्माण मन्त्रालयले तय गरेको मापदण्ड नक्सा डिजाईनको आधारमा करार भएको पनि देखिएन । यसै विषयमा सम्बन्धित सरोकारवालाहरुसँग मिति २०६७/९/८ मा आयोगमा भएको छलफल समेतका आधारमा काठमाडौं महानगरपालिका र इनोभेटिभ कन्सेप्ट प्रा.लि. बीच मिति २०६७/१/१० र मिति २०६७/६/१५ मा भएको करार बमोजिमको आकाशे पुल

निर्माण गर्न कार्य तत्कालै स्थगित गरी सम्बन्धित सरोकारवालाहरुसँग व्यापक छलफल गरी भएको सहमती, पैदल यात्रीको सुविधा, अपाङ्ग मैत्री अनुकुल हुने गरी, भविष्यमा विस्तार हुने सडक योजनालाई मध्यनजर राखी बढ्दो शहरीकरणको न्यूनतम पूर्वाधारहरुलाई व्यवस्थित हुनेगरी व्यापारिक प्रयोजनको लागि भन्दा पैदल यात्रीको सुविधालाई मध्यनजर राखी खुला र भूकम्पिय दृष्टिले समेत सुरक्षित हुने गरी भौतिक योजना तथा निर्माण मन्त्रालयले तय गरेको आधारभूत मापदण्ड तथा नक्सा डिजाईन अनुरुप आकाशे पुल निर्माण गर्न आयोगको मिति २०६७।९।९ को निर्णयानुसार भौतिक योजना तथा निर्माण मन्त्रालय, स्थानीय विकास मन्त्रालय र काठमाडौं महानगरपालिकालाई लेखी लेखी पठाइएको ।

४. पोखरा उप-महानगरपालिका वडा नं. १ टुंडीखेल बस्ने गोविन्द कोइरालासमेतले निजहरुको कित्ता नं. ३४२ सँगै जोडिएको पूर्व राष्ट्रिय उच्च मा.वि., पश्चिम सार्वजनिक बाटो, उत्तर सार्वनिक बाटो। दक्षिण विद्यालय कै सार्वजनिक जग्गामा आफ्नो हकभोगको क्षेत्रफल भन्दा वढीमा घर निर्माण गरेको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा, पोखरा उप महानगरपालिका वडा नं. १ साविक कित्ता नं. ३४२ को आफ्नो जग्गा भित्र स्वीकृत क्षेत्रफल र मापदण्ड भित्र घर नबनेको देखिंदा प्रचलित ऐन कानूनको परिधि भित्र रही जे जो गर्न पर्ने हो गर्न आयोगको मिति २०६७।९।११ को निर्णयानुसार पोखरा उपमहानगरपालिका, राष्ट्रिय उच्च माध्यमिक विद्यालय वडा नं. १, पोखरा उपमहानगरपालिका, जिल्ला प्रशासन कार्यालय कास्की, मालपोत कार्यालय कास्की र नापी कार्यालय कास्कीलाई लेखी पठाएको ।

५. उच्च स्तरिय जाँचवुझ आयोग, २०६३ को प्रतिवेदनमा उल्लेख भएको स्थानीय निकाय जिल्ला विकास समिति कास्कीमा भएको आर्थिक अनियमितताका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा, जिल्ला विकास समिति कास्कीबाट जिल्ला विकास समितिको कोष तर्फ नगर निर्वाचन एवं जनपरिचालन लगायतका कार्य गर्न आ.व. २०६२/०६३ मा लिएको पेश्की जम्मा रु.१८००००/- जिल्ला विकास समितिको निर्णयबाट खर्च लेखेकोमा लेखापरीक्षणबाट वेरुजु समेत कायम गरेको देखियो । बेरुजुका सम्बन्धमा जिल्ला विकास समितिमा बिल भर्पाई संलग्न राखी निर्णयानुसार फछ्यौंट गर्न अनुरोध भएकोमा हालसम्म बेरुजु फछ्यौंट नभएको भनी जिल्ला विकास समिति कास्कीबाट लेखी आएको पाइयो । तसर्थ हालसम्म कायम रहेको बेरुजु फछ्यौंटका साथै सम्परीक्षण गर्न वा असुल उपर जे जसो गर्नु पर्ने हो गरी सो सम्बन्धी बेरुजु फछ्यौंट गरी सोको जानकारी आयोगलाई दिन आयोगको मिति २०६७।९।११ को निर्णयानुसार जिल्ला विकास समिति कास्कीलाई लेखी पठाइएको ।

६. उच्च स्तरिय जाँचवुझ आयोग, २०६३ को प्रतिवेदनमा उल्लेख भएको स्थानीय निकाय जिल्ला विकास समिति लमजुङ्गमा भएको आर्थिक अनियमितताका सम्बन्धमा अनुसन्धान हुँदा, जिल्ला विकास समिति लमजुङ्गबाट जिल्ला विकास समितिको आन्तरिक कोष तर्फबाट तत्कालिन श्री ५ को पश्चिमाञ्चल विकास क्षेत्रको भ्रमणमा स्वागतद्वार जनपरिचालन लगायतका कार्य गर्न आ.व. २०६२/०६३ मा लिएको पेश्की जम्मा रु.१,४८,०००।- जिल्ला विकास समितिको निर्णय एवं टिप्पणी आदेशबाट खर्च लेखेकोमा लेखापरीक्षणबाट वेरुजु समेत कायम गरेको देखियो । बेरुजुका सम्बन्धमा बिल भर्पाई संलग्न राखी जिल्ला विकास समितिको निर्णयानुसार फछ्यौंट गर्न अनुरोध भएकोमा

हालसम्म बेरुजु समपरीक्षण नभएको भनी जिल्ला विकास समिति लमजुङ्गबाट लेखी आएको पाइयो । तसर्थ हालसम्म कायम रहेको बेरुजु समपरीक्षण गर्न वा असुल उपर जे जसो गर्नु पर्ने हो गरी सो सम्बन्धी बेरुजु फछ्यौंट गरी सोको जानकारी आयोगलाई दिन आयोगको मिति २०६७।९।११ को निर्णयानुसार जिल्ला विकास समिति लमजुङ्गलाई लेखी पठाइएको ।

७. जिल्ला विकास समितिको कार्यालय सिन्धुपाल्चोकले इन्द्रावती नदीको ढुङ्गा, गिट्टी, बालुवाको ठेक्का दिंदा अनियमितता तथा भ्रष्टाचार गरेको एवं इन्द्रावती नदीमा दर्जनौं क्रसर मेशिनहरु संचालन गरी राजस्व छल्ने गरीएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, आर्थिक वर्ष २०६६/०६७ का लागि इन्द्रावती नदी जलाधार क्षेत्रको ढुङ्गा, गिट्टी, बालुवा आदि निकाल्न एवं निकासी गर्न टेण्डर आह्वान हुँदा, न्युनतम अंक रु.१८,३२,३००/- भएकोमा उक्त कार्य गर्न रु.१८,२२,६५१/- को ठेक्का स्वीकृत गरेको पाइएकोले यसरी टेण्डर आह्वान गरीएको भन्दा रु.९,६४९/-कम रकमको ठेक्का स्वीकृत गर्न जिल्ला विकास समितिको कार्यालयका स्थानीय विकास अधिकारीबाट उक्त कम भएको रकम असुल उपर गरी सोको जानकारी आयोगलाई पठाउन, आ.व. २०६५/०६६ को बोलपत्र आह्वान सूचनाको नं. ५ मा टेण्डर स्वीकृत भएको सूचना पाएको मितिले ७ दिनभित्र ठेकेदारले कबोल अंकको १.५ प्रतिशत अग्रिम कर दाखिला गर्न पर्ने शर्तरहेको र आ.व. २०६६/०६७ को शर्त नं. ३ मा पनि सोही आशय पाइएको तर दुवै आ.व.मा ठेकेदारलाई आयकर बुझाउन लगाउने प्रयासै नगरी ठेक्का सम्झौता एवं कार्यादेश दिने कार्य भएको देखिंदा तत्कालिन कार्यालय प्रमुख (स्थानीय विकास अधिकारी)हरुलाई सचेत गराउन र सम्बन्धित ठेकेदारहरुबाट ३ महिना भित्र आयकर दाखिला गराउन जिल्ला विकास समितिको कार्यालय सिन्धुपाल्चोकलाई लेखी पठाइएको । त्यस्तै मूल्य अभिवृद्धि कर र आयकरको हकमा आन्तरिक राजस्व विभागले जिल्ला विकास समितिको ठेक्का सम्बन्धमा ठूला करदाता कार्यालय र सबै आन्तरिक राजस्व कार्यालयहरुलाई मिति २०६७/९/१२ मा गरेको परिपत्र अनुसार गर्ने गराउने व्यवस्था मिलाउन स्थानीय विकास मन्त्रालयलाई लेखी पठाइएको । जिल्ला विकास समितिको कार्यालयहरुले आफुले प्राप्त गरेको भुक्तानी सम्बन्धी विवरण अनिवार्य रुपमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पठाउने र आन्तरिक राजस्व कार्यालयले कर ठेकेदारहरुबाट असुल उपर गर्न व्यवस्थाका लागि स्थानीय विकास मन्त्रालय र आन्तरिक राजस्व विभागलाई लेखी पठाइएको । देशभर क्रसर उद्योगहरुलाई एस्काभेटर तथा बुलडोजर प्रयोग गर्न नपाउने व्यवस्था मिलाउन उद्योग मन्त्रालयलाई निर्देशन दिने र वातावरण संरक्षण ऐन तथा नियमावली बमोजिम वातावरणीय प्रभाव मूल्यांकन गरेर मात्र र र संसदको प्राकृतिक श्रोत साधन समितिले समय समयमा दिएको निर्देशनको अधिनमा रही ढुंगा, गिटी, बालुवा आदि संकलनको ठेक्का बन्दोबस्त गर्ने व्यवस्था मिलाउन आयोगको मिति २०६७।१०।१९ को निर्णयानुसार स्थानीय विकास मन्त्रालयलाई लेखी पठाइएको ।

८. काठमाडौं जिल्ला साविक खड्का भद्रकाली गाउँ विकास समिति वडा नं ७ क कित्ता नं. ७३ को ५२ रोपनी क्षेत्रफलको सार्वजनिक जग्गा संगै गणेशमान गुरुङले ६ रोपनी ३ आना क्षेत्रफलको जग्गा खरिद गरी उक्त कि.नं ७३ को सार्वजनिक जग्गाबाट ५३ फिट लम्वाई र ५ फिट चौडाई जग्गा अतिक्रमण गरी ९ फिट चौडाई र १६ फिट उचाईको ढुंगाको कम्पाउण्डवाल लगाई घेरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान

हुँदा, गणेशमान गुरुङ भन्ने व्यक्तीले साविक खड्का भद्रकाली गाउँ विकास समिति वडा नं ७ क कित्ता नं. ७३ को सार्वजनिक जग्गा अतिक्रमण गरी पर्खाल लगाएकोमा हाल पर्खाल भत्काई नक्सांकन भए अनुसार पर्खाल सारिसकेको अवस्था हुंदा सरकारी सार्वजनिक जग्गा यथास्थितिमा रेखदेख संरक्षण गर्न आयोगको मिति २०६७।११।३० को निर्णयानुसार खड्का भद्रकाली गाउँ विकास समितिलाई लेखी पठाइएको ।

९. एलाईन्स इन्स्योरेन्स कम्पनीले भवन निर्माणका क्रममा महानगरपालिकावाट स्वीकृत नक्शा भन्दा विपरीतमा गई निर्माण कार्य सम्पन्न गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, उक्त विषयमा काठमाडौं महानगरपालिकाले स्वीकृति नलिई नियम विपरीत भवन निर्माण गरेको भन्ने निर्णयमा पुगीसकेको भनी आयोगमा पत्राचार गरेको जानकारी प्राप्त हुन आएकोले सो निर्णय कार्यान्वयन गर्न गराउन आयोगको मिति २०६८।१।१३ को निर्णयानुसार काठमाडौं महानगरपालिकालाई लेखी पठाइएको ।

१० जिल्ला विकास समिति अछाम अन्तर्गतको स्थानीय विकास कोषमा LGCDP कार्यक्रम अछामका विभिन्न गाउँ विकास समितिमा सामाजिक परिचालक पदको आवश्यक्ता भनी लिईएको परीक्षामा स्थानीय विकास कोषका कार्यकारी सचिव रतन रावल तथा जि.वि.स.का इञ्जिनियर सुरेन्द्र घिमिरेले केही परीक्षार्थीहरुसँग अनुचित फाइदा लिई कर्मचारी भर्नामा अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, सामाजिक परिचालक पदपूर्ति सम्बन्धी काम कारवाहीहरु सवै त्रुटीपूर्ण रुपमा भएको देखिंदा आयन्दा पदपूर्ति सम्बन्धी कार्य गर्दा स्थानीय निकायको पदपूर्ति सम्बन्धी कार्यविधि निर्देशिका-२०५७ लाई पूर्ण रुपले पालना गर्न गराउन जिल्ला विकास समिति अछामलाई लेखी पठाउन र सो बमोजिम सबै जिल्ला विकास समितिहरुलाई पदपूर्ति सम्बन्धी कार्य गर्दा सो निर्देशिका पूर्णरुपमा पालना गराउन आयोगको मिति २०६८।३।२० को निर्णयानुसार स्थानीय विकास मन्त्रालयलाई लेखी पठाइएको ।

(ठ) सामान्य प्रशासन मन्त्रालय अन्तर्गत

व्यवस्थापिका संसद सचिवलायमा रिक्त ७ जना उपसचिवहरुको बढुवा हुँदा, न्यूनतम योग्यता नपुगेकामा व्यक्ति बढुवा भएको भन्ने २०६६।७।२२ को नागरीक दैनिकमा प्रकाशित समाचारका सम्बन्धमा अनुसन्धान हुँदा व्यवस्थापिका संसद सचिवालयबाट बढुवा गर्दा योग्यतालाई भन्दा जेष्ठतालाई मात्र प्राथमिक्ता दिइ बढुवा गरीएको देखिएकोले नेपाल निजामती सेवा तथा अन्य यस्तै प्रकृतिका सेवा सरह तोकिएको न्यूनतम योग्यता निर्धारण गरी बढुवा गर्ने तर्फ कारवाही गर्न र यसको लागि व्यवस्थापिक संसद सचिवालय सम्बन्धी नियममा आवश्यक संसोधन गरी कार्यान्वयन गर्न आयोगको मिति २०६७।५।३ को निर्णयानुसार व्यवस्थापिका संसद सचिवालयमा लेखी पठाइएको ।

(ड) सूचना तथा संचार मन्त्रालय अन्तर्गत

१. नेपाल टेलिकमले Next Generation Network (NGN) सम्बन्धी टेण्डरमा नियम कानूनको वेवास्ता गर्दै मुल्यांकन समितिको सिफारिस अनुसार कम मुल्य उल्लेख गर्ने कम्पनीको टेण्डर अस्वीकृत गरी अन्य कम्पनीसंग ठेक्का संझौता गर्न लागेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, Next Generation Network (NGN) सम्बन्धी

नेपाल टेलिकमबाट भएको वोलपत्र आह्वान बमोजिम पेश हुन आएको चार वटै कम्पनिको वोलपत्र सारभूत रुपमा प्रभावग्राही भएको नदेखिएको तथा सो सम्बन्धमा संचालक समितिबाट मिति २०६७।४।१६ मा भएको निर्णय समेत सार्वजनिक खरिद ऐन, २०६३ अनुकूल भएको नपाइएकोले नेपाल टेलिकमको वृहत्तर हित र आवश्यक्ता तथा उपभोक्ताको गुणस्तरीय सेवा पाउने नैसर्गिक अधिकार समेतलाई मध्यनजर गरी यस सम्बन्धमा कानून बमोजिम आवश्यक निर्णय गर्न आयोगको मिति २०६७।६।२५ को निर्णयानुसार नेपाल टेलिकम संचालक समितिमा लेखी पठाइएको ।

२. गोरखापत्र संस्थानको व्यवस्थापनको पुर्वाग्रही एवं अनियमित कार्यको शिकार कर्मचारहीरु भएको विनियमावली २०५२ को दफा १७ वमोजिमको प्रावधान अनुसारको आन्तरिक प्रतियोगितात्मक परीक्षामा संस्थान व्यवस्थापनले पक्षपात र अनियमितता गरेकोले अन्तर्वार्ता कार्यक्रम तत्काल स्थगित गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, विज्ञापन नं.१०,११, १२,१३,१५,१६,१७,१८/०६६-६७ अन्तर्गत ६,७,८,९,१० तहहरुका जम्मा १८ प्रतिस्पर्धी रहेका परीक्षाहरुका उत्तर पुस्तिकाहरु विशेषज्ञबाट पुनः परीक्षण गराई निजबाट प्राप्त प्रतिवेदनको आधारमा निम्न विज्ञापन र पदहरुको परीक्षा निम्न कारणहरुले उचित नदेखिएको हुँदा, रद्द गरी पुनः परीक्षा लिई बढुवा गर्न, विज्ञापन नं. १०, प्रशासन सेवा, लेखा समूह, तह ८, प्रवन्धक पदको पहिलो पत्रको परीक्षामा दुवै उम्मेदवारको उत्तरकोस्तर उत्तीर्णाङ्क भन्दा पनि कम देखिन्छ, प्रश्नसंग कुनै सम्वन्ध नै नरहेको कुरा लेखीएकोमा समेत परीक्षकले दुई प्रतियोगीलाई ०.५ अंकको मात्र अन्तर हुने गरी अंक दिइएको अस्वभाविक देखिन्छ जबकी उत्तर पुस्तिका पुनः परीक्षण गर्दा ११ अंकको अन्तर देखिन्छ । परीक्षकले दुवै प्रतियोगीलाई उत्तीर्णाङ्क सम्म पुऱ्याईदिने मनसायले जबर्जस्ती अंक दिएको स्पष्ट देखिन्छ । यसबाट प्रतियोगीको सही मूल्याङ्कन हुन सक्दैन । विज्ञापन नं. १६, पत्रकारिता सेवा, तह ९, नायव कार्यकारी सम्पादक - एउटै संस्थान अन्तर्गत कम्प्यूटर अधिकृत पद बाहेक अन्य सबै पदको बढुवाको लागि मूल्याङ्कन गर्न दुई पत्रको लिखित परीक्षा लिइनु तर ९ तहको नायव कार्यकारी सम्पादक पदको मूल्याङ्कनका लागि भने एक पत्रको मात्र परीक्षा लिइनु अस्वभाविक देखिन्छ । यसबाट एउटै संस्थानमा पनि मूल्याङ्कनको आधारमा एकरुपता नअपनाइएको स्पष्ट देखिन्छ । साथै यस तहको पाठ्यक्रम र प्रश्न शैली ९ तहको स्तर अनुरुप पाईदैन । विस्तृत उत्तर दिनु पर्ने एउटा पनि प्रश्न नहुँदा, प्रतियोगीले मौलिक क्षमता प्रदर्शन गर्ने अवसर नपाएको जस्तो देखिन्छ । तीन घण्टाको समयमा दुईवटा अनुवाद सहित १६ वटा प्रश्नको उत्तर अपेक्षा गर्नु व्यवहारिक देखिदैन । विज्ञापन नं. १५, प्रशासन सेवा, तह १०, निर्देशक पदको पहिलो पत्रको उत्तर पुस्तिकामा परीक्षकले एक स्थानमा अङ्क केरमेट गरेको देखिन्छ भने दोश्रो पत्रमा अनुत्तीर्ण भएको देखिन्छ । परीक्षकले अङ्क दिनै नमिल्ने अवस्था उत्तर केही नलेखी प्रश्न मात्र सारेको मा पनि ३.५ अङ्क दिएका पाइन्छ । दिइएको अङ्कमा तीन ठांउमा केरमेट गरेको स्पष्ट देखिन्छ भने उत्तर पुस्तिकाको आवरणमा लेखिएको प्राप्ताङ्कमा समेत अङ्क र अक्षर दुवैमा केरमेट गरी प्राप्ताङ्क घटाइएको देखिन्छ । तसर्थ माथि उल्लिखित तीनबटा वाहेकका अन्य ५ वटा विज्ञापनहरुका नियुक्ति प्रक्रिया पुर्ववत् रुपमा अगाडि बढाउन आयोगको मिति २०६७।१२।७ को निर्णयानुसार गोरखापत्र संस्थानलाई लेखी पठाइएको ।

३. नेपाल टेलिकमका कर्मचारहीरुलाई आ.व. २०६५।०६६ को प्रोत्साहन भत्ता करीव रु.४६ करोड कानून विपरित वितरण गर्ने निर्णय गर्दा अनियमितता भएकाले कारवाही गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, नेपाल दूर सञ्चार कम्पनी लिमिटेडको आ.व. २०६५।०६६ को आयकर पछिको खूद मुनाफा रु.१०,१९,९२,७४,१२९।- को ४.५ प्रतिशतले हुन आउने रु.४५,८९,६७,३३६।- प्रोत्साहन पुरस्कार (भत्ता) कर्मचारहीरुलाई वितरण गर्न नेपाल सरकार अर्थ मन्त्रालयसंग स्वीकृति माग गरेकोमा अर्थ मन्त्रालयवाट आ.व.२०६५।०६६ को हकमा साविक बमोजिम नै वितरण गर्न र आगामि आर्थिक वर्षदेखि प्रोत्साहन भत्ता वितरण गर्दा नयाँ सुत्रहरु तयार गरी मन्त्रिपरीक्षद्मा प्रस्ताव पेश गर्न सहमति दिने गरी मिति २०६७।५।१५ मा मन्त्रिस्तरीय निर्णय भएको देखिन आयो । आ.व. २०५१।०५२ देखि आ.व. २०५९।०६० सम्म नेपाल दूर सञ्चार संस्थान हुंदाको समयमा र दूर सञ्चार कम्पनी स्थापना पछि आ.व. २०६०।०६१ देखि आ.व. २०६४।०६५ सम्म हरेक वर्ष अर्थ मन्त्रालयवाट पटके सहमतिवाट कर्मचारहीरुलाई प्रोत्साहन भत्ता वितरण गरी सकिएको अवस्था फायल संलग्न कागजातहरुको अध्ययनवाट देखियो । यसरी हरेक वर्ष पटके रुपमा प्रोत्साहन भत्ता वितरण गर्दा नेपाल दूर सञ्चार कम्पनी लिमिटेडले कुनै कानूनी आधार लिएको नदेखिएको र कम्पनी ऐन, २०६३ लगायत नेपाल दूर सञ्चार कम्पनी लिमिटेडको प्रवन्ध पत्र, नियमावली तथा कम्पनीको आर्थिक विनियमावलीमा पनि तत्सम्वन्धी विषय उल्लेख गरेको देखिएन । आ.व. २०६५।०६६ को प्रोत्साहन भत्ता वितरण सम्वन्धमा व्यवस्थापिका संसदको सार्वजनिक लेखा समिति र अर्थ तथा श्रम सम्वन्ध समितिमा उजुरी परेकोमा विधि निर्माण गर्ने व्यवस्थापिका संसदकै अभिन्न अंगको रुपमा रहेको अर्थ तथा श्रम सम्वन्ध समितिको मिति २०६७।६।१५ को निर्णयको वुंदा नं. १ मा नेपाल टेलिकमका कर्मचारहीरुलाई वितरण गरीदै आएको प्रोत्साहन भत्ताको सन्दर्भमा गत वर्षको नाफावाट कम्पनीको सञ्चितिमा थप हुन गएको पूँजीको अनुपातिक नाफा कटाई यस वर्षको प्रोत्साहन भत्ता वितरण गर्न निर्देशन दिने भन्ने समेत व्यहोरा स्पष्ट उल्लेख गरेकोले सोही निर्देशनको वुँदा नं. १ बमोजिम आ.व. २०६५।०६६ को प्रोत्साहन भत्ता वितरण गर्न नेपाल टेलिकम संचालक समिति र व्यवस्थापनलाई लेखी पठाउने, कम्पनी ऐन, २०६३ को दफा १८२ को उप दफा (८) को कानूनी व्यवस्थालाई पूर्ण रुपले पालना गरी साधारण सभावाट स्वीकृत लाभांश वाहेक कम्पनीले आफ्नो कोषमा व्ययभार पर्ने गरी शेयरधनी (कर्मचारहीरु पनि ४.९३ प्रतिशत हिस्साका शेयरधनीहरु भएकोले) हरुलाई कुनै पनि वहानामा नगद वा जिन्सिको रुपमा वितरण गर्न गराउन नपाउने व्यवस्था गर्न नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरीक्षद्को कार्यालय, अर्थ मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, नेपाल टेलिकम संचालक समिति र व्यवस्थापनलाई लेखी पठाउने । प्रोत्साहन भत्ता वितरण गर्नु पर्ने भए अन्तर्राष्ट्रिय प्रचलन र मापदण्डका साथै कम्पनी ऐन, २०६३ र नेपाल दूर सञ्चार कम्पनी लि. सम्वन्धी कानूनहरु संशोधन गराएर मात्र गर्न गराउन नेपाल सरकार अर्थ मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, नेपाल दूर सञ्चार कम्पनी लि. संचालक समिति र व्यवस्थापनलाई ध्यानाकर्षण गराउने, व्यवस्थापिका संसदको अर्थ तथा श्रम सम्वन्ध समितिको मिति २०६७।६।१५ को वैठकवाट दिएका सवै महत्वपूर्ण निर्देशनहरु पालना गर्न गराउन आयोगको मिति मिति २०६८।२।५ को निर्णयानुसार नेपाल सरकार अर्थ मन्त्रालय र सूचना तथा सञ्चार मन्त्रालय, नेपाल टेलिकम संचालक समिति र व्यवस्थापनलाई लेखी पठाइएको ।

४. आ.व. २०६६।०६७ मा नेपाल टेलिभिजनबाट विज्ञापन प्रसारण गराए वापत नेपाल टेलिभिजनलाई भुक्तानी गर्न पर्ने रु ७ करोड सिंक्रो मिडिया प्रा.लि. ले कर्मचारीसंगको मिलोमतोमा नबुझाएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, आ.व. २०६६।०६७ मा नेपाल टेलिभिजनको समाचारको ५ वटा प्याकेजमा सिंक्रो मिडिया प्रा.लि. ले वोलपत्रको माध्यमबाट समय खरिद गरी विज्ञापन प्रसारण गराएको देखिन्छ । विज्ञापन प्रसारण गरे वापत नेपाल टेलिभिजनलाई भुक्तानी गर्न पर्ने रकम र सिंक्रो मिडिया प्रा.लि. ले खरिद गरेको समयमा नेपाल टेलिभिजनले अन्य विज्ञापन एजेन्सिको विज्ञापन प्रसारण गरेको सम्बन्धमा दुई पक्ष वीच विवाद रहेको देखिएकोले नेपाल टेलिभिजन र सिंक्रो मिडिया प्रा.लि. बिच छलफल गराई कानून बमोजिम आवश्यक निर्णय गरी विवाद टुङ्गयाउने । सिंक्रो मिडिया प्रा.लि. बाट नेपाल टेलिभिजनलाई उपलब्ध गराएको बैक ग्यारेन्टि र आयोगको मिति २०६७।१०।६ को निर्णय बमोजिम लेखीएको आयोगको मिति २०६७।१०।६ को पत्रानुसार म्याद थप गरीएको बैंक ग्यारेन्टिका सम्बन्धमा पनि आवश्यक निर्णय गर्न आयोगको मिति २०६८।३।१५ को निर्णयानुसार सुचना तथा संचार मन्त्रालयलाई लेखी पठाइएको ।

(ढ) शिक्षा मन्त्रालय अन्तर्गत

१. पर्सा जिल्ला सुगौली वितां गाउँ विकास समिति वडा नं.१ स्थित नेपाल राष्ट्रिय प्राथमिक विद्यालयमा मिति २०६६।८।२८ गते शिक्षक भर्ना सम्बन्धी विज्ञापन भई मिति २०६६।९।२६ गते परीक्षा भई ऐ. २७ गते परीक्षाफल प्रकाशित भएकोमा स्थायी अध्यापन अनुमति पत्र नभएका हिरालाल प्रसाद यादवलाई सफल उम्मेदवार र स्थायी अध्यापन अनुमती पत्र भएका शम्भुप्रसाद यादवलाई बैकल्पिक उम्मेदवार बनाई परीक्षाफल प्रकाशनमा अनियमिता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, प्राप्त हुन आएका तथ्य तथा पत्र एवं कागजातहरुको आधारमा प्रस्तुत उजुरीको सम्बन्धमा अन्य निकाय वा अधिकारीको निर्णय वा आदेश बमोजिम रोक्का रहेको अवस्थामा बाहेक उक्त विद्यालयलाई नियमानुसार शिक्षक नियुक्ति प्रक्रिया अगाडि बढाउन अनुमति दिने आयोगको मिति २०६७।९।४ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय पर्सालाई जानकारी गराउन लेखी पठाइएको ।

२. जिल्ला शिक्षा कार्यालय नवलपरासीबाट ठाडो तोक आदेशमा नि.मा.वि. तहको राहत कोटामा जीवनज्योति उच्च मा.वि. कावासोती, नवलपरासीका तत्कालिन प्र.अ.समेतले शिक्षा नियमावली, २०५९ को नियम ९७ को उपनियम २ बमोजिम खुल्ला प्रतिस्पर्धा नगराई शिक्षिका लक्ष्मी आचार्यलाई नियुक्ति गरेको हुनाले छानविन गरी कारवाही गरीयोस् भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, जीवनज्योति उच्च मा.वि.कावासोती, शिवमन्दिर-१, नवलपरासीमा राहत कोटाको नि.मा.वि.स्तरको शिक्षक पदमा मिति २०६५।५।३० देखि लागू हुने गरी लक्ष्मी आचार्यलाई सो विद्यालय व्यवस्थापन समितिको मिति २०६५।६।१३ को निर्णयानुसार नियुक्ति गरीएको देखिन्छ । निज लक्ष्मी आचार्यलाई उक्त पदमा नियुक्तिको लागि गरीएको प्रक्रिया अध्ययन गर्दा शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम (९७) को उपनियम (२) द्वारा व्यवस्थित प्रकृया अवलम्वन गरेको देखिन नआएको हुँदा, सो नियुक्ति बदर गर्न गराउन आयोगको मिति २०६८।१।१९ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय नवलपरासीलाई लेखी पठाइएको ।

३. जनता निम्न माध्यमिक विद्यालय,खोजपुर, सप्तरीमा २०६६ सालमा ५ जना अस्थायी शिक्षक नियुक्ति गर्दा भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, बिद्यालयले शिक्षक पद अस्थायी तवरबाट पूर्ति गर्ने सिलसिलामा मिति २०६६।६।२६ र २०६६।७।१० मा लिएको लिखित परीक्षा तथा अन्तरवार्ता समेत रद्द गरी हाल प्रचलित कानून बमोजिम पदपूर्ति गर्ने ब्यवस्था गर्न आयोगको मिति २०६८।३।६ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय,सप्तरीलाई लेखी पठाइएको ।

४. जिल्ला शिक्षा कार्यालय, रौतहटका शा.अ. सुरेशप्रसाद सिहले आफ्नो पद र जिम्मेवारीको दुरुपयोग गरी भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, जिल्ला शिक्षा कार्यालय रौतहटका निमित्त जिल्ला शिक्षा अधिकारी सुरेशप्रसाद सिंहले नेपाल सरकार, शिक्षा मन्त्रालय, अनौपचारिक शिक्षा केन्द्र सानोठिमी,भक्तपुरले जारी गरेको सामुदायिक अध्ययन केन्द्र सञ्चालन एवं ब्यवस्थापन निर्देशिका ,२०६२ को दफा ३३ मा भएको व्यवस्था विपरित हुने गरी उल्लिखित रन्जन कुमार कर्ण र प्रेम शंकर मिश्र नामका अनाधिकार ब्यक्तीहरुवाट इमा सामुदायीक अध्ययन केन्द्रको खाता संचालन गर्न र नयां चेक बुक उपलब्ध गराउन बैकमा सिफारिस गरी अनुचित कार्य गरेको देखिएकोले निज शा.अ. सुरेशप्रसाद सिहलाई विभागीय कारबाही गर्न आयोगको मिति २०६८।३।६ को निर्णयानुसार शिक्षा मन्त्रालयलाई लेखी पठाइएको ।

५. सत्यदेवी उ.मा.वि.जुविथा कालिकोटका नि.मा.वि. स्तरका शिक्षक शोभितलाल यादवलाई शिक्षा नियमावली, २०५९ को अनुसूचि-१७ बमोजिम सरुवा भै आउने श्री नि.मा.वि.भुल्के सिरहाको सहमति लिएर मात्र सम्बन्धित जिल्ला शिक्षा अधिकारीले सरुवा गर्नुपर्नेमा त्यस्तो सहमति नलिई टिप्पणी नउठाई ठाडो तोक आदेशद्वारा जिल्लान्तर सरुवा पदस्थापन गरी सोही जिल्लाको सु.ज.मा.वि.औरहीमा काज खटाउने जिल्ला शिक्षा अधिकारी द्वारिका यादवको कार्य प्रचलित कानून विपरित भएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, सिरहा जिल्लाका तत्कालिन जिल्ला शिक्षा अधिकारी द्वारिका प्रसाद यादवले कालिकोट जिल्लाको सत्यदेवी उ.मा.वि.जुविथाबाट सिरहा जिल्ला अन्तर्गत श्री नि.मा.वि.भूल्केको दरबन्दीमा नि.मा.वि.शिक्षक शोभितलाल यादवको मिति २०६७।२।१८ मा सरुवा गर्ने र सोही जिल्लाको सु.ज.मा.वि.औरहीमा काजमा राख्ने गरी तोक आदेशद्वारा गरेको निर्णय कानूनतः मिलेको नदेखिदा सो सरुवा तथा काज सम्वन्धी आदेश रद्द गर्न आयोगको मिति २०६८।३।६ निर्णयानुसार शिक्षा मन्त्रालयलाई लेखी पठाइएको ।

(ण) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत

१. अधिकार सम्पन्न यातायात क्षेत्र व्यवस्थापन तथा कार्यान्वयन विशेष समितिले स्मार्ट कार्ड तथा मेशिन रिडेवल नम्वर प्लेट राख्ने कार्यको लागि प्रकाशित वोलपत्रको स्पेशिफिकेशन तयार गर्दा अमुक कम्पनीलाई फाइदा पुग्ने गरी तयार गरी अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, खरिद सम्वन्धी स्पेशिफिकेशन तयारी, समितिको गठन र कार्य प्रक्रिया तथा वजेट व्यवस्था समेत सार्वजनिक खरिद ऐन बमोजिम भए गरेको मान्न सकिएन । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३ को उपदफा १,२ बमोजिम प्रक्रिया र कार्यविधि अनुरुप नभएको देखिएकोले सार्वजनिक

खरिद कार्य कानूनत वदर हुने अवस्था भएको हुंदा कानूनी व्यवस्था पूर्ण रुपमा पालना गरी कार्यान्वयन गर्न गराउन आयोगको मिति २०६७।११।२० को निर्णयानुसार प्राप्त टेण्डर सम्वन्धी कागजातहरु समेत कानून बमोजिम गर्न श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

२. राप्ती अंचल यातायात व्यवस्था कार्यालय दाङका प्रमुख धर्मेन्द्र वहादुर धमला समेतले अनियमित काम गरी आर्थिक लाभ लिएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, आयोगको मिति २०६६।४।२६ को निर्णयानुसार परीक्षण स्थलको भौतिक स्थिति क्षमता तथा जनशक्तिलाई मध्यनजर गरी सम्वद्ध प्राविधिक समेतको राय लिई परीक्षा लिन सकिने दैनिक समय र संख्या किटान गरी प्रयोगात्मक परीक्षा संचालन गराउने व्यवस्था मिलाउने, प्रयोगात्मक (ट्रायल) परीक्षा स्थलमा CCTV मनिटरको व्यवस्था गरी नतिजा रेकर्ड गर्न र परीक्षण दृष्य समेत अध्ययन गरी परीक्षा समितिवाट निर्णय गर्ने, परीक्षा स्थलमा परीक्षासंग सम्वन्धीत व्यक्ति वाहेक अन्य व्यक्तिको प्रवेशलाई पूर्ण रुपमा निषेध गर्ने, ट्रायल परीक्षामा वास्तविक दक्षता स्पष्ट मापन हुने गरी वहुपद्धती अवलम्वन गर्न Road TeQm को माध्यमवाट परीक्षण गर्ने व्यवस्था मिलाउने । अभिलेख व्यवस्थापन तर्फ सम्पूर्ण अभिलेखहरु कम्प्यूटरमा राखी अद्यावधिक गर्ने गराउने व्यवस्था मिलाउने, सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा ४९ को उपदफा (१) बमोजिम लिइने लिखित परीक्षामा ORC प्रणालीवाट प्रश्न पत्र तयार गर्ने र उपदफा (२) बमोजिम पुनःपरीक्षा दिने व्यवस्था सवै यातायात व्यवस्था कार्यालयहरुमा कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउन यातायात व्यवस्था विभागमा लेखी पठाइएकोमा उक्त निर्णय पूर्ण रुपमा कार्यान्वयन गरी गराई सकेको अवस्था हालसम्म नदेखिएकोले पुनः ध्यानाकर्षण गराउने गरी आयोगको मिति २०६७।११।२० को निर्णयानुसार यातायात व्यवस्था विभागमा लेखी पठाइएको ।

३. जापान लगायत विभिन्न ६ वटा मुलुकमा नेपालले श्रम सहचारी पठाउने निर्णय गर्दा श्रम तथा यातायात व्यवस्था मन्त्रीले, रकम समेत लिई नियुक्ति गरी गराई अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, जापान, दक्षिण कोरिया, हङकङ्ग, ओमन, इजरायल र कुवेत समेत ६ वटा देशमा श्रम सहचारी पठाउने निर्णय भएको फायल कागजवाट देखिन आयो । वैदेशिक रोजगार ऐन, २०६४ तथा वैदेशिक रोजगार नियमावली, २०६४ मा उल्लिखित प्रावधान अनुसार ५००० जना भन्दा बढी कामदार रहेको मुलुकहरुमा श्रम सहचारी नियुक्ति गर्नुपर्ने व्यवस्था जापानको हकमा र महिला श्रम सहचारी खटाउनु पर्ने नियमावलीको व्यवस्था इजरायलको हकमा पालना गरेको समेत देखिएन ।वहराइन, लेवनान जस्ता बढी नेपाली कामदार कार्यरत रहेको मुलुकहरुलाई छाडेर न्यूनतम संख्या समेत नपुगेको जापान छनौटमा पारिनुलाई उचित भन्न सकिएन यस विषयमा पररा्ष्ट्र मन्त्रालयसंग समन्वय र सहमति समेत भएको अवस्था नदेखिदा प्रस्तुत सिफारिश एवं नियुक्तिको निर्णय बदर गरीएको छ । तसर्थ पररा्ष्ट्र मन्त्रालयसंग समेत समन्वय गरी बढी कामदार भएको मुलुकलाई पहिलो प्राथमिक्ताको आधारमा श्रम सहचारी पठाउने र श्रम सहचारी पठाउदा अग्रेजी भाषामा दखल भएको साथै सम्वन्धीत मुलुकको भाषाको समेत ज्ञान भएको योग्य र दक्ष कर्मचारीलाई कानून सम्मत तरीकाले नियुक्ती गर्ने गराउने व्यवस्था मिलाउन आयोगको मिति २०६७।११।३० को निर्णयानुसार श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

(त) अन्य

तत्कालिन मन्त्री चिरञ्जीवी वाग्लेबाट भएको भ्रष्टाचारको छानविन गरी दोषी देखिएमा कारवाही गरी पाउँ भनी केशवराजको नाती शेषराजको छोरा जिल्ला चितवन पटिहानी गा.वि.स.वडा नं. ८ घर भै हाल का.म.न.पा. वडा नं. ३ मा डेरा गरी बस्ने बर्ष २५ को अधिवक्ता उजुरकर्ता नन्दुराज आचार्यले २०५९ साल भाद्र महिनामा यस आयोगमा उजुरी निवेदन दिएको । उक्त विषयमा आयोगबाट अनुसन्धान गरी सजायको माग दाबी लिई विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा उक्त अदालतबाट जरिवाना एवं कैद समेत गर्ने ठहर गरी मिति २०६१।४।७ मा भएको फैसला उपर पुनरावेदन परीसर्वोच्च अदालतबाट समेत जरिवाना र कैद गर्ने अन्तिम फैसला भएको पाइयो । आफ्नो उजुरीबाट कारबाही चली प्रतिवादी चिरञ्जीवी वाग्लेलाई सर्वोच्च अदालतबाट समेत भ्रष्टाचारको कसूर ठहर भएकोले उचित पुरस्कार पाउँ भनी उजुरकर्ता नन्दुराज आचार्यको यस आयोगमा निवेदन परेको ।

वादी नेपाल सरकार प्रतिवादी चिरञ्जीवी वाग्ले समेत भएको भ्रष्टाचार मुद्दा सर्वोच्च अदालतबाट समेत जरिवाना एवं कैद ठहर गरी फैसला भैसकेको स्थिति हुँदा उजुरकर्तालाई पुरस्कार दिने कानूनी व्यवस्थालाई अध्ययन गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५क. मा यस ऐन अन्तर्गत सजायँ हुने कसूरमा तत्सम्बन्धी मौका तहकिकात, अनुसन्धान वा अन्य सबूद प्रमाण संकलनको काममा आयोगलाई सहयोग पुऱ्याउने व्यक्तिलाई आयोगले उचित पुरस्कार दिन सक्नेछ एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५८ मा यस ऐन अन्तर्गत सजायँ हुने कसूरमा तत्सम्बन्धी मौका तहकिकात, अनुसन्धान वा अन्य सबूद प्रमाण संकलनको काममा अनुसन्धान अधिकारीलाई सहयोग पुऱ्याउने व्यक्तिलाई अनुसन्धान अधिकारीले उचित पुरस्कार दिन सक्नेछ भन्ने कानूनी व्यवस्था रहेको छ । अतः उक्त मुद्दामा आयोगलाई अनुसन्धानमा सहयोग तथा अदालतमा बकपत्र समेत गरी उजुरकर्ता नन्दुराज आचार्यले सहयोग पुऱ्याएको देखिएको हुँदा उल्लिखित कानूनी व्यवस्था बमोजिम निज उजुरकर्ता नन्दुराज आचार्यलाई पुरस्कार स्वरुप जम्मा रु. ६६,६६७।- बाट २५% ले कर कट्टा गरी हुन आउने रु. ५०,०००।- (पचास हजार रुपैयाँ) पुरस्कार दिने निर्णय गरियो ।

परिच्छेद – १२
विभागीय वा अन्य कारबाही गर्न लेखिएका विषयमा कार्यान्वयन सम्पन्न भई आएको

अनुचित कार्यको अनुसन्धानको सिलसिलामा विभागीय कारबाही लगायत अन्य कारबाही गर्ने गरी आयोगले गरेका निर्णयहरूको कार्यान्वयनका लागि नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग तथा अन्तर्गतका कार्यालयहरूलाई लेखी पठाउने गरेको छ । प्रत्येक महिनामा हुने फोकल प्वाइण्टको बैठकमा सबै मन्त्रालय/विभाग/निकायहरूबाट फोकल प्वाइन्टको रूपमा प्रतिनिधित्व गराई कार्यान्वयन स्थितिको समीक्षा गराउँदा आयोगका निर्णयहरूको कार्यान्वयन स्थितिमा क्रमिक रूपमा सुधार भएको देखिएको छ । आयोगबाट भएका विभिन्न निर्णयहरूमध्ये आ.व.२०६७६८ को अवधिमा कार्यान्वयन भई आयोगको जानकारीमा आएका निर्णयहरूको विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

(क) विभागीय कारबाही

क्र. सं.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
१.	२०६६।३।२३	धादिङ जिल्लामा सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गरे भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा जि.वि.स. धादिङ्गका खरिदार तेजनाथ पौडेल र खरिदार विल कुमार वरुवाललाई विभागीय कारवाही गर्न तत् तत् निकायमा लेखि पठाइएको ।	स्थानीय विकास मन्त्रालयको मिति २०६७५।२४ को र सूचना तथा संचार मन्त्रालयको मिति २०६६।१२।३० को पत्रानुसार दुइ दुइ वर्ष वढुवा रोक्का भएको जानकारी प्राप्त ।
२.	२०६६।६।२९	प्राथमिक स्वास्थ्य केन्द्र गौडा लमजुङका ल्याव असिस्टेन्ट सुमन कुमार साहले दोहोरो हाजिर गरी ल्याव टेक्नीसियन कोर्ष अध्ययन गरी भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा जनस्वास्थ्य कार्यालय लमजुङका निरिक्षक चेत बहादुर अधिकारीलाई विभागीय कारवाही गर्न स्वास्थ्य सेवा विभागमा लेखि पठाइएको ।	स्वास्थ्य तथा जन संख्या मन्त्रालयको मिति २०६७।४।१९को पत्रानुसार २ तलव बृद्धि रोक्का गरेको जानकारी प्राप्त ।
४.	२०६६।८।११	धनमान सिंहको नाममा रहेको सिरहा जमदह गा.वि.स. वडा नं. ८ क स्थित कित्ता नं. १०१ को जग्गा निजको श्रीमतीको मृत्यु पश्चात् काल्पनिक व्यक्तिलाई छोरा बनाई सिफारिस गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा सिराहा जिल्ला जमदह गा.वि.स. का सचिव चिरञ्जीवी	जि.वि.स.कार्यालय नुवाकोटको मिति २०६७५।१ को पत्रानुसार नसिहत दिएको जानकारी प्राप्त ।

		कोइरालालाई विभागीय कारबाही गर्न स्थानीय विकास मन्त्रालयमा लेखि पठाइएको ।	
५.	२०६३।६।९	प्राथमिक स्वास्थ्य केन्द्र गौडा लमजुङका ल्याब अपरेटर सुमन कुमार साहले दोहोरो हाजिर गरी ल्याव टेक्नीसियन कोर्ष अध्ययन गरी भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा लमजुङका जन स्वास्थ्य निरिक्षक चेत बहादुर अधिकारीलाई विभागिय कारवाही गर्न लेखि पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६७।४।१९को पत्रवाट निजको २ तलव बृद्धि रोक्का गरेको जानकारी प्राप्त ।
६.	२०६६।७।२२	स्पाइस नेपाल प्रा.लि.(मेरो मोवाइल) ले राजश्व हिनामिना गरेको भन्ने भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा त्रिभुवन विमानस्थल भन्सार कार्यालयका खरिदार त्रिभुवन ढकाल र हृदयराम श्रेष्ठलाई विभागीय कारवाही गर्न अर्थ मन्त्रालयमा लेखि पठाइएको ।	अर्थ मन्त्रालयको मिति २०६७।४।२८ को पत्रानुसार त्रिभुवन ढकालको ५ वर्ष र हृदयराम श्रेष्ठको ३ वर्ष वढुवा रोक्का भएको जानकारी प्राप्त ।
७.	२०६६।९।८	धादिङ्ग जिल्ला पिडा गाविस वडा नं.८ का विभिन्न व्यक्तिको नाममा रहेको मोटरबाटो नजोडीइएको जग्गालाई मोटरबाटो जोडिएको भनी सिफारिस गरिएको आधारमा उक्त जग्गा धितो राखि अभियुक्त छुटेको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा गाविस सचिव डिल्लीराम कोईराला,अमिन द्वय लेखनाथ बुर्लाकोटी र रविन्द्र नाथ ठाकुरलाई विभागीय कारवाही गर्न स्थानीय विकास मन्त्रालयमा लेखि पठाइएको ।	गा. वि स. सचिवको हकमा जि.वि. स. धादिङको मिति २०६७।८।१५ को पत्रानुसार नसिहत दिएको जानकारी प्राप्त । अमिन द्वयको हकमा भुमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६७।११।३० को पत्रानुसार २ तलव बृद्धि रोक्का गरिएको जानकारी प्राप्त ।
८	२०६६।१२।२२ २०६७।२।१०	विष्णु बुढानिलकण्ठ गाविसका तत्कालीन सचिव हेमराज लुईटेलले अनियमित तरिकाले नाता प्रमाणित गरि दिएको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा गाविस सचिव हेमराज लुइटेललाई विभागीय कारवाही गर्न जिल्ला विकास समितिको कार्यालय काठमाडौंमा लेखि पठाइएको ।	जि.वि.स. कार्यालय काठमाडौंको मिति २०६७।५।२३ को पत्रानुसार नसिहत दिएको जानकारी प्राप्त ।
९.	२०६६।३।२३	धादिङ जिल्लामा सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गरे भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा खरिदार तेजनाथ पौडेल (तत्कालिन जिविस धादिङ्ग) लाई विभागीय कारवाही गर्न उच्च स्तरीय भुमिसुधार आयोगमा लेखी पठाइएको ।	स्थानीय विकास मन्त्रालयको २०६७।५।२४ को पत्रवाट दुइ वर्ष बढुवा रोक्का भएको

			जानकारी प्राप्त ।
१०.	२०६६।८।६	नेपाल विद्युत प्राधिकरण भक्तपुरका प्रमुख समेतले नियम विपरित विद्युत लाईन जडान गरी दिएको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा कार्यालय प्रमुख राजु के.सी. लगायत सलग्न कर्मचारीहरूलाई विभागीय कारवाहीगर्न नेपाल विद्युत प्राधकिकरणमा लेखि पठाइएको ।	उर्जा मन्त्रालयको मिति २०६७।६।१ को पत्रानुसार नसिहत दिएको जानकारी प्राप्त
११.	२०६५।३।२	काठमाडौं जिल्ला साविक सितापाइल हाल इचङगुनारायण गा.वि.स ९ क कि.नं ३९५ को जग्गा २०२१ सालमा सर्वे नापी हुदाँ जग्गा धनी काठमाडौ मखनटोल बस्ने हिरालाल नापित भएको दर्ता बाँकी जग्गाको किर्ते श्रेस्ता पूर्जा बनाएको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा टाइपिष्ट खरिदार रामकृष्ण श्रेष्ठ र कार्यालय सहयोगी रविन्द्र गौतमलाई विभागीय कारवाही गर्न भूमिसुधार मन्त्रालयमा लेखी पठाइएको ।	मालपोत कार्यालय रसुवाको मिति २०६७६।४को पत्रबाट टा.ख. रामकृष्ण श्रेष्ठलाई अवकास दिएको र मालपोत कार्यालय चावहिलको २०६७१२।२ को पत्रानुसार कार्यलय सहयोगी रविन्द्र गौतमलाई २ तलव बृद्धि रोक्का गरिएको जानकारी प्राप्त ।
१२.	२०६६।१२।२०	जिल्ला रुपन्देही वोदयार गा.वि.स. वडा नं. ८ मा संचालित श्री पशुपति प्रा.वि. ललितपुर पर्सा रुपन्देहीका प्रधानाध्यापक प्रताप नारायण चौधरीले अनियमित रुपमा शिक्षक नियुक्ती गरेको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदाप्रताप नारायण चौधरीलाई विभागीय कारवाही गर्न जिल्ला शिक्षा कार्यालय रुपन्देहीलाई लेखी पठाइएको ।	शिक्षा मन्त्रालयको मिति २०६८।१२।२४ को पत्रवाट ३ वर्ष तलव बृद्धि रोक्का भएको जानकारी प्राप्त ।
१३.	२०६४।१२।४	जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका प्रबन्धक उद्धवप्रसाद गौतमले क्षेत्रीय कार्यालय नेपालगंज र जनकपुरमा रहँदा नक्कली कागजातहरू तयार गरि विभिन्न आर्थिक अनियमितता गरेको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा प्रवन्धक उद्धव प्रसाद गौतमलाई विभागीय कारवाही गर्न जनक शिक्षा सामग्री कन्द्रलाई लेखी पठाइएको ।	जनक शिक्षा सामग्री केन्द्रको मिति २०६८।३।२३ को पत्रानुसार नसिहत दिएको जानकारी प्राप्त ।
१४.	२०६६।६।२२	प्राथमिक स्वास्थ्य केन्द्र भिमाद, तनहूंको भवन, डाक्टर क्वाटर तथा स्टाफ क्वाटरको निर्माण कार्यमा अनियमितता भएको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा डा. शोभाराज सुवेदी लाई विभागीय कारवाही गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६८।३।१२ को पत्रबाट नसिहत दिएको जानकारी प्राप्त।

१५.	२०६५।१०।२९	प्राथमिक स्थास्थ्य केन्द्र चतराका जनस्वास्थ्य निरिक्षक शिव दयाल महतोले नियम विपरित विदा स्वीकृत गराई गैर सरकारी संस्थामा काम गरि रहेको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा जनस्वास्थ्य निरिक्षक शिवदयाल महतोलाई विभागीय कारवाही गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखी पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६८।३।२३को पत्रवाट ५ तलव बृद्धि रोक्का गरिएको जानकारी प्राप्त ।
१६.	२०६६।३।३१	जिल्ला शिक्षा कार्यालय अछामका जिल्ला शिक्षा अधिकारी र लेखापालले आ.व.०६१।६२ मा सवैका लागी शिक्षा कार्यक्रम संचालन गर्दा भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा लेखापाल रुद्रराज शर्मालाई विभागीय कारवाही गर्न महालेखानियन्त्रकको कार्यालयमा लेखि पठाइएको ।	म.ले.नि. का.को मिति २०६८।३।६को पत्रानुसार नसिहत दिइएको जानकारी प्राप्त ।
१७.	२०६२।१२।१८	सडक विभाग अन्तर्गत डिभिजन सडक कार्यालय, दोलखा समेतले नियम विपरित ल्याप्स, चेयर्स र वेष्ट वापतको रकम भुक्तानी गरेको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा सो रकम भुत्तानी गर्ने उपर विभागयि कारवाही गरी आयोगमा जानकारी पठाउन भौतिकयोजना तथा निर्माण मन्त्रालयमा लेखि पठाइएको ।	भैतिक योजना तथा निर्माण मन्त्रालयको मिति २०६८।३।३०को पत्रवाट सि.डि.इ. उमेशानन्द मिश्र र सु.इ. योगेन्द्र कुमार राईलाई नसिहत दिएको जानकारी प्राप्त ।
१८.	२०६६।३।२३	नेपाल सरकारको नाममा रहेको सिरहा जिल्ला महेशपुर गा.वि.स. वडा नं.२ स्थित कि.नं.१९७ को जग्गा व्यक्तिको नाममा लिखत पारित गरि भ्रष्टाचार गरे भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा ना.सु. राजेन्द्र प्रसाद शाहलाई विभागीय कारवाहि गर्न भुमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।	भूमिसुधार तथा व्यवस्थापन विभागको मिति २०६७।१२।१४को पत्रानुसार २ तलव बृद्धि रोक्का भएको जानकारी प्राप्त ।
१९	२०६६।८।११	सिराहा जमदह गा.वि.स. वडा नं. ८ क स्थित धनमान सिंहको नाममा रहेको जग्गा निजको र निजको श्रीमतीको मृत्यु पश्चात काल्पनिक व्यक्तिलाई छोरा बनाई सिफारिस गरेको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा मालपोत अधिकृत मदनकुमार झा र गा.वि.स. सचिव चिरञ्जीवी कोइरालालाई विभागयि कारवाहि गर्न क्रमशः भूमिसुधार तथा व्यवस्था मन्त्रालय र स्थानीय विकास मन्त्रालयलाई लेखी पठाइएको ।	भूमिसुधार तथा व्यवस्थापन विभागको मिति २०६८।३।२२को पत्रवाट मालपोत अधिकृत मदनकुमार झाको २ तलव बृद्धि रोक्का भएको र जि.वि.स. कार्यालय नुवाकोटको मिति २०६७।५।२९को पत्रानुसार गा.वि.स. सचिव चिरञ्जीवी कोइरालालाई नसिहत

			दिएको जानकारी प्राप्त ।
२०.	२०६४।५।२५	गौशाला, महोत्तरीको हाटबाजार सन्चालन गर्नेले बुझाउनु पर्ने बाँकी रकम करिव रु १० लाख गा.वि.स.सचिवले मिन्हा दिएको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा ना.सु.शिवराम पाण्डेको ५ वर्ष बढुवा रोक्का गर्न जि.वि.स.को कार्यालय महोत्तरीमा लेखी पठाइएको ।	जि.वि.स.को कार्यालय महोत्तरीका मिति २०६७।८।१९ को पत्रवाट ५ वर्ष वढुवा रोक्का भएको जानकारी प्राप्त ।
२१.	२०६५।११।१९	जिविस दार्चुला अन्तरगत DRILP आयोजनामा स्थानीय विकास अधिकारी श्री दण्डपाणी वरालले भ्रष्टाचार/अनियमितता गरेको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा अन्य कर्मचारीको हकमा गत वर्ष नै कारवाही भै जानकारी आएकोले र लेखापाल विष्णुदत्त भट्ट को.ले.नि.का.दार्चुलालाई विभागीय कारवाही गर्न स्थानीय विकास मन्त्रालयलाई लेखी पठाइएको ।	म.ले.नि.का. को मिति २०६७।८।१६को पत्रानुसार निजलाई नसिहत दिएको जानकारी प्राप्त ।
२२.	२०६६।५।१५	साविक पाटन यनमुगल ६६।५६ नं. लगतमा त्रैलोकघर समेत ६ जनाको नाममा गुठी जनिएको टिकाथली गा.वि.स.वडानं.१(ख) को कि.नं.१२ को क्षे.फ.६-४-०-० जग्गा कर्मचारीसँग मिलेमतो गरी फिल्डबुकमा केरी सच्चाई गुठी जग्गा रैकरमा दर्ता गरेको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा नापी निरीक्षक सत्यनारायण चौधरी,अमिन राम प्रवोध कुमार महासेठ, का.स.नाती बाबु सुवेदीलाई विभागीय काारवाही गर्न नापी विभागलाई लेखी पठाइएको ।	नापी विभागको मिति २०६८।२।६को पत्रवाट नापी निरीक्षक सत्यनारायण चौधरी, अमिन राम प्रवोध कुमार महासेठको एक एक वर्ष वढुवा रोक्का, र कार्यालय सहयोगी नाती बाबु सुवेदीको १ तलव बृद्धि रोक्का भएको जानकारी प्राप्त ।
२३.	२०६६।९।१३	कास्की जिल्ला अर्घौ ढले पिपल देउमाडि ठूला कोटमा अवस्थित भैरव गुठिको करिव ४९ रोपनि गुठि तैनाथि जग्गा सम्बन्धीत गुठिको नाम जग्गा धनि महलमा कायम राखि गुठि तैनाथिमा दर्ता गर्नु पर्नेमा गुठियार मधुमाया योगिलाई मोहि कायम गर्नेगरि गुठि संस्थानबाट निर्णय भएको सम्बन्धमा अनुसन्धान हुँदा उप-प्रशासक दिपक बहादुर पाण्डेलाई विभागिय कारवाहिगर्न भुमिसुधार तथा व्यवस्थापन विभागलाई लेखी पठाइएको ।	गुठी संस्थानको मिति २०६७१२।२२ को पत्रानुसार नसिहत दिएको जानकारी प्राप्त ।

(ख) असुल उपर

क्र. सं.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
१.	२०६६।५।३०	भरतपुर अस्पताल चितवनका मे.सु.डा.केशव राज भुर्तेल र तत्कालिन स्वास्थ्य मन्त्री गिरीराज मणी पोखरेलले दरबन्दी भन्दा बढीलाई हाजिर गराई तलब खुवाएको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा कलेज अफ मेडिकल साइन्स भरतपुरबाट रू. ५५९०१२१।-असुल उपर गर्न भरतपुर अस्पताललाई लेखी पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६७।८।१२८ को पत्रानुसार रू. ५५९०१२१।- असुल उपर भै अव उप्रान्त करार सम्झौता पालना गर्ने प्रतिवद्धता प्राप्त भएको जानकारी प्राप्त ।
२.	२०६५।३।३०	उच्चस्तरीय रायमाझी जाँचबुझ आयोग २०६३ को प्रतिवेदनबाट राष्ट्रिय ढुकुटी एवं शक्ति र पदको दुरुपयोग गरेको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा तत्कालिन सूचना तथा संचार मन्त्री टंक ढकालबाट - रू. ७,०८,५००।- असुल उपर गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाइएको ।	कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयको मिति २०६७।५।१ को पत्रानुसार सावा रू. ७०८५००।- र व्याज रू. १४१७००।- गरी जम्मा रू. ८५०२००।- असुल उपरका लागि लगत कसिएको जानकारी प्रापत ।
३.	२०६६।९।१३	जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले शैक्षिक शत्र २०६६ को लागि कक्षा १ देखि १० सम्मको पाठ्यपुस्तक छपाई कार्यगर्दा भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा अनुन्धान हुँदा प्रोप्राइटर मोहन कुमार उपाध्याय नेपाल साहित्य प्रकाशन केन्द्र वाट रू.७९,५९,४२६।- असुल उपर गर्न जनक शिक्षा सामग्री केन्द्रलाई लेखी पठाइएको ।	जनक शिक्षा सामग्री केन्द्रको मिति २०६७।१०।२६ को पत्रानुसार उक्त रकम (भुक्तानी नपाउने गरी) असुल उपर भएको जानकारी प्राप्त ।
४.	२०६७।८।६	कृषि विकास बैक नारायणगढमा कार्यरत शाखा प्रवन्धक तारानाथ वरालले बैकलाई आर्थिक हानी नोक्सानी पुर्‍याएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा उल्लेखित कर्जाको व्याज सहुलियतबाट कृषि विकास बैकलाई पर्न गएको नोक्सानी शाखा प्रबन्धक तारानाथ वरालबाट असुल	कृषि विकास वैक मुख्य कार्यालय काठमाडौंको मिति २०६७।१२।१५ को पत्रबाट शाखा प्रवन्धक तारानाथ

		उपर गर्न कृषि विकास वैक मुख्य कार्यालय काठमाडौंलाई लेखी पठाइएको ।	बरालबाट रू. ५६२४९।- असुल उपर भएको जानकारी प्राप्त ।
५.	२०६२।१२।१८	सडक विभाग अन्तर्गत डिभिजन सडक कार्यालय, दोलखा समेतले नियम विपरित ल्याप्स, चेयर्स र वेष्ट वापतको रकम भुक्तानी गरेको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा डिभिजन सडक कार्यालय, जनकपुरबाट- रू. १३,७६२।६६ असूलउपर गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयमा लेखी पठाइएको ।	भौतिक योजना तथा निर्माण मन्त्रालयको मिति २०६८।३।३०को पत्रवाट रू.१३७६२।६६ असुल भएको जानकारी प्राप्त ।
६.	२०६६।३।२५	सुनसरी जिल्ला धरान नगरपालिकास्थित श्री पब्लिक उच्च मा.वि. धरानको विद्यालय भवन निर्माण गर्दा प्रचलित मापदण्ड पुरा नगरी बनाएको र विभिन्न राजनैतिक पार्टीलाई आर्थिक सहायता दिएको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा प्रचलित कानून अनुसार विद्यालयको कोषबाट आर्थिक सहायता दिने अधिकार विद्यालय व्यवस्थापन समितिलाई नभएकोले गैर कानूनी रुपमा खर्च लेखेको जम्मा रकम रू.३२१२८।- तत्कालीन प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूबाट दामासाहीले असुल उपर गर्न जिल्ला शिक्षा कार्यालय सुनसरीलाई लेखी पठाइएको ।	शिक्षा मन्त्रालयको मिति ०६७८।१२।२३को पत्रवाट रू. ३२१२८।– असुल उपर भएको जानकारी प्राप्त ।
७.	२०६६।८।६	ने.वि.प्रा.भक्तपुरका प्रमूख समेतले नियम विपरित विद्यूत लाईन जडान गरी दिएको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा पुरुषोत्तम थापाबाट रू. १४८३९।- व्याज सहित असूल उपर गर्न नेपाल विद्युत प्राधिकरणमा लेखी पठााइएको ।	उर्जा मन्त्रालयको मिति २०६७।६।१ को पत्रवाट रू.१४८३९।- र सो को व्याज रू.३७२३।९६ समेत असुल भएको जानकारी प्राप्त ।
८.	२०६३।१२।२७ र २०६५।९।३	सदस्य सचिव अग्निप्रसाद काफ्लेले प्राविधिक शिक्षा तथा व्यावसायिक परिषद् (CTEVT) को मंगलदास कर्माचार्य, शम्भुप्रसाद भट्टराई, रामधारी यादवलाई परिषद्को नियमावली, २०४९ अनुसार ५८ वर्ष पुरा भएका कर्मचारीलाई अवकास दिनुपर्नेमा नदिई भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा समयमै विनियममा भएको संशोधनको जानकारी नगराउने र उमेर पुगेपछि अवकास नदिने तत्कालीन सदस्य सचिव डा. अग्नी प्रसाद काफ्ले र आफ्नो अवकास उमेर अवधिको	शिक्षा मन्त्रालयको च.नं.१३१७ मिति २०६७१२।२३ को पत्रानुसार पूर्व निर्देशक रामधारी यादवबाट रू. ३१३०५।८० असुल उपर भएको जानकारी प्राप्त ।

		सम्बन्धमा स्वयं पनि जानकारी लिनु पर्ने कानूनी व्यवस्था र त्यस्तो जानकारी प्राप्त गर्न सक्ने अवस्था विद्यमान रहँदा रहदै पनि अवकास पत्र नदिएको भन्ने गैरकानूनी आधार बनाई अवकास हुने उमेर पुगेपछि पनि बढी अवधि सम्म सेवामा रहीरहने कर्मचारीहरूबाट सो अवधिमा लिएको तलव भत्ता लगायतका अन्य सुविधाहरू वापतको रकम समेत परिषद्को नियम अनुसार असुल उपर गरी आयोगलाई जानकारी दिन प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषदमा लेखी पठाइएको ।	
९.	२०६५।१०।५	देवघाट क्षेत्र विकास समितिका पूर्व कार्यकारी निर्देशकले नगद, जिन्सी र माइन्यूटवूक लगायत श्रेस्ताहरू नवुझाएकाले समितीको कार्यमा वाधा पुगेको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा निज श्रीधर शर्माले फछर्यौट गर्न वांकी देखिएको अन्य रकमका विषयमा शिघ्र फछर्यौट गर्ने व्यवस्था गर्न देवघाट क्षेत्र विकास समितिमा लेखी पठाइएको ।	देवघाट क्षेत्र विकास समितिको मिति २०६८।२।३१ को पत्रानुसार रू. २३४३१।- असुल भएको जानकारी प्राप्त ।
१०.	२०६६।९।८	सानो गौचरणको सटरहरूको भाडा उठाई काठमाडौं जिल्ला खेलकूद विकास समितिका पदाधिकारीहरूले व्यक्तिगत प्रयोजनमा खर्च गरेको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा कार्यालय प्रमुख सुधिरप्रसाद पोखरेलबाट रू. ३७,४००।- असुल उपर गर्न काठमाडौ खेलकुद विकास समिति सानो गौचरणलाई लेखी पठाइएको ।	युवा तथा खेलकुद मन्त्रालयको मिति २०६७।७।२९ को पत्रवाट रु ३७४००।- असुल भएको जानकारी प्राप्त ।

(ग) निर्देशन / सुझाव

क्र. सं.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
१.	२०६६।१०।१८	इनरुवा अस्पताल विकास समितिले मन्त्रालयको स्वीकृति नलिई विना दरवन्दी कम्प्युटर सहायक लगायत १३ वटा पद प्रक्रिया नपुऱ्याई पदपुर्ति गर्न लागेको सम्बन्धमा अनुसन्धान हुँदा ईनरुवा अस्पताल विकास समितिले नेपाल सरकारबाट स्वीकृती लिएको अवस्था पनि नदेखिएको र पदपुर्तिको प्रक्रिया पनि लोक सेवा आयोगको कार्यविधि अनुरुप भएको नदेखिंदा उक्त पदपुर्ति प्रक्रिया सम्बन्धलाई रद्द गर्न ईनरुवा अस्पताल विकास समितिलाई लेखि पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६७।४।१९को पत्रानुसार पद पूर्ति प्रक्रिया रद्द गरी नियमावली स्वीकृतिका लागि मन्त्रालयमा प्राप्त भएको जानकारी प्राप्त ।

२.	२०६६।१२।२९	वि.सं.२०२१ सर्भेनापीको समयमा का.जी. नगर वडा नं. २३ (ढ) कि.नं.२९ को धोविखोला जनिएको जग्गा व्यक्तीको नाउमा दर्ता भएको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा का.जि. नगर वडा नं.२३ (ढ) कि.नं. २९ क्षे.फ.१४-१२-२-० को जग्गा वि.सं.२०२१ सालको सर्भेनापीमा धोविखोला जनिएको उक्त कित्ता वाट कि.का.भई कि.नं. १२९ क्षे.फ.०-४-०-० रिना मास्केको नाममा र कि.नं. १३० क्षे.फ.१-११-३-० ध्रुवनारायण चित्रकारको नाममा दर्ता भएको देखिएको र आयोगवाट सर्वेक्षकबाट फिल्ड निरिक्षण हुँदा उक्त दुवै कित्ताहरूमा नमोबुद्ध गुरुङ्ग सेवा समितिवाट पर्खाल लगाई अनधिकृत रुपमा प्रयोग भएको देखियो । उल्लेखित जग्गा रिना मास्के र ध्रुवनारायण चित्रकारको नाममा दर्ता भई भोग चलन गरेको अवस्था पनि नदेखिएकोले साविक देखि नै सरकारी जग्गा देखि रहेको अवस्थामा निजहरूको नाममा हाल साविक समेत भएको देखिंदा उल्लेखित कित्ताका जग्गाहरू मालपोत ऐन २०३३ को दफा २४(२) बमोजिम बदर गरि नेपाल सरकारको नाममा दर्ता गरि जग्गा धनी प्रमाणपुर्जा जिल्ला प्रशासन कार्यालय काठमाडौमा पठाई आयोगलाई जानकारी समेत दिन मालपोत कार्यालय डिल्लीवजारलाई लेखी उक्त जग्गाको संरक्षण गर्न जिल्ला प्रसासन कार्यालय काठ्माडौलाई निर्देशन दिइएको ।	मालपोत कार्यालय डिल्ली वजारको मिति २०६७।५।१को पत्रवाट उल्लिखित जग्गा दर्ता वदर गरी नेपाल सरकारको नाउँमा कायम गरी जग्गा धनी प्रमाण पूर्जा जिल्ला प्रसासन कार्यालय काठ्माडौमा पठाइएको र जिल्ला प्रसासन कार्यालय काठ्माडौको मिति २०६८।३।२० को पत्रबाट उक्त जग्गालाई प्राथमिकताका साथ संरक्षणको सूचिमा राखिएको जानकारी प्राप्त ।
३.	०६५।९।९	चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान मेडिकल डाक्टर, स्टाफ नर्स, अनमी लगायतको करारमा पदपूर्तिमा व्यापक अनियमितता भएको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानबाट लिइएको स्टाफनर्सको पदपूर्तिको लिखित परीक्षामा केहीले अस्वाभाविक अंक लिई उतिर्ण गराएको अवस्था देखिन आएको हुंदा अव आयन्दा प्रतिष्ठानको पदपूर्ति गर्दा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन २०६३ को दफा १३ अनुसार ३ महिना भित्र सेवा आयोग गठन गरेर मात्र पदपूर्ति गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखि पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६७।५।६को पत्रानुसार सेवा आयोग गठन भइ निर्देशन पालना भएको जानकारी प्राप्त ।
४.	०६५।९।९	चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानबाट प्राध्यापक पदमा पदपूर्ति गर्दा अनियमितता भएको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन २०६३ को दफा १३	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६७।५।६को पत्रानुसार सेवा

		अनुसार ३ महिना भित्र सेवा आयोग गठन गरी पदपूर्ति गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखि पठाइएको ।	आयोग गठन भइ निर्देशन पालना भएको जानकारी प्राप्त ।
५.	२०६६।७।१६	स्वास्थ्य मन्त्रालयको जनरल हेल्थ समुहका डा. सीताराम चौधरीले स्तर निर्धारण समितिका सदस्यहरूलाई प्रलोभनमा पारी ग्यास्ट्रोइण्टेरोलाजीको प्रोफेसर पदमा नियूक्ति पाउन सफल भएको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको सेवा आयोग गठन गरेर मात्र पदपुर्ति गर्न आयोगको मिति २०६५।९।९को निर्णय अनूसार नेपाल सरकार स्वास्थ्य मन्त्रालयलाई विगतमा निर्देशन भएकोमा आयोग गठन सम्बन्धी कूनै काम नभईरहेको र यसबाठ विभिन्न जटिलता सृजना भईरहेको तर्फ मध्यनजर गर्दै चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ को दफा १३ बमोजिम अविलम्ब सेवा आयोग गठन गर्ने र रिक्त पदपुर्ति सोही बमोजिम मात्र गर्न चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानमा लेखि पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६७।५।६ को पत्रानुसार निर्णय भन्दा अघिनै समस्या समाधान भएको । सेवा आयोग गठन भइ निर्देशन पालना भएको जानकारी प्राप्त ।
६.	२०६६।८।९	स्याङ्जा चिन्नेबास मल्याड.कोटसेखाग गा.वि.स.वडा नं.३ ग्रामिण विद्युतिकरण आयोजनामा भ्रष्टाचार भएको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा यस सम्बन्धमा छानविन गरि किनारा लगाइ आयोगमा जानकारी गराउन क्षेत्रीय प्रशासन कार्यालय पोखरालाई लेखी पठाइएको ।	क्षेत्रीय प्रशासन कार्यालय पोखराको मिति २०६७।२।९ को पत्रवाट प्रस्तुत विषयको उजुरी दुख दिने नियतले दिएको र झूट्ठा भएको जानकारी प्राप्त ।
७.	२०६६।९।८	भारतीय नागरिक भागवन्त शर्माले तौलिहवाबाट किर्ते नागरिकता र पछि भैरहवाबाट पासपोर्ट बनाएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा भगवन्त शर्माको नेपाली नागरिकता र राहदानी अवैध तथा किर्ते के हो ? छानविन गर्न र आवश्यक कारवाही गरी आयोगलाई जानकारी दिन गृह मन्त्रालयमा लेखी पठाइएको ।	गृह मन्त्रालयको मिति २०६७।४।२३को पत्रवाट छानवनि प्रतिवेदन अनुसार निज भागवन्त शर्मा नेपाली नागरिक नै भएको जानकारी प्राप्त ।
८.	२०६७।१।२८	जिल्ला शिक्षा कार्यालय धनुषाबाट निमावि शिक्षक नियुक्तिमा अनियमितता भएकाले नियुक्ति खारेजी गरी पाउ भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा शैक्षिक सत्र ०६४/०६५ को लागि प्राप्त प्रा.वि. शिक्षक दरवन्दी १ र प्रा.वि राहत अनुदान कोटा १ गरि २ पदमा भएको नियुक्ति सम्बन्धी दुष्परिणाम	शिक्षा मन्त्रालयको मिति २०६७।७।२९ को पत्रवाट राहत र दरवन्दीमा नियुक्ती भएको शिक्षकको नियुक्ती वदर गरी

		सच्याई नियुक्ति पुर्वको रिक्त अवस्थामा मानी शिक्षा ऐन नियम बमोजिम नियमित रुपमा शिक्षकहरूको नियुक्ति गराउन जिल्ला शिक्षा कार्यलय धनुषामा लेखी पठइएको ।	रिक्त पदमा शिक्षा नियमावली अनुसार तोकिएको प्रक्रिया पुर्‌याई नियुक्ती गर्न सम्वन्धित विद्यालयलाई अनुमति दिइएको जानकारी प्राप्त ।
९.	२०६७।३।२३	महोत्तरी जिल्ला स्थित महेन्द्र आदर्श महिला मा.वि. का प्र.अ. विश्वनाथलाल कर्णले आर्थिक एव प्रशासनिक भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा उक्त विद्यालयमा सञ्चालित महिला फिडर छात्रवासको वार्डेन वदमा नियुक्त भएकी आसा देवी शाहको नियुक्ती फिडर छात्रावास कार्यक्रम निर्देशिका २०५९ को बुँदा १० विपरीत भएको देखिँदा नियमानुसार उक्त नियुक्ती बदर गराई सोको जानकारी अयोगमा दिन जिल्ला शिक्षा कार्यालय महोत्तरीलाई लेखी पठाइएको ।	शिक्षा मन्त्रालयको मिति २०६७।७।३० को पत्रबाट तत्कालिन वार्डेनको नियूत्ती वदर गरी निर्देशिकाको बुँदा नं १० वमोजिम नयाँ नियुक्ति गरिएको जानकारी प्राप्त ।
१०.	२०६६।८।१०	मालपोत कार्यालय झापाका खरिदार पुण्यप्रसाद लावतीले झापा जिल्ला नक्कल वर्दा गा.वि.स.को सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुन्धान हुँदा कि.नं. ३७०, ३७१ को जग्गा नक्कलवन्द टी स्टेट्को नाममा दर्ता भएको देखिएकोले मालपोत ऐन २०३४ को दफा २४(२) बमोजिम बदर गरी नेपाल सरकारको नाममा दर्ता गरी जग्गाधनी दर्ता प्रमाणपूर्जा जिल्ला प्रशासन कार्यालय झापामा पठाई आयोगलाई जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि पठाउन मालपोत कार्यालय झापा भद्रपरलाई लेखी पठाइएको ।	भूमिसुधार तथा व्यवस्थापन मन्त्रालयको मिति २०६७।७।२९ को पत्रानुसार उल्लिखित कि न. का जग्गा नेपाल सरकारको नाममा कायम भएको जानकारी प्रापत ।
११.	२०६५।४।२१	सुन्धारा बस्ने मनोहरवरसिं थापाको नाममा हदवन्दी भन्दा बढी रहेको जग्गा बेचविखन गरेको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा काठमाडौ सुन्धारा बस्ने नेत्र कुमारी थापा, भैरववरसिंह थापा, रेजवरसिं थापाको नाममा नाप नक्सा भएका काठमाडौ तथा भक्तपुर जिल्ला स्थित जग्गाहरू हदवन्दी भित्र बाहिरका के कति हुन भूमि सम्बन्धी ऐन २०२१ बमोजिम छानविन गरी ३ महिना भित्र टुंगो लागाउन भूमि सुधार कार्यालय, काठमाडौ, भक्तपुरलाई लेखी पठाइएको ।	भुमि सुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६७।५।२९ को पत्रानुसार भूमिसुधार कार्यालय काठमाडौबाट हदवन्दी नलाग्ने गरी फैसला भएको जानकारी प्राप्त
१२.	२०६६।१।१५	काठमाडौ जिल्ला धापासी गा.वि.स.४ क कि.नं.११०,११५ समेतको सार्वजनिक जग्गा मिची अनियमितता भएको भन्ने उजुरीको सम्वन्धमा	स्थानीय विकास मन्त्रालयको मिति २०६६।५।३ र गृह

		अनुसन्धान हुँदा काठमाडौ जिल्ला धापासी गा.वि.स. वडा नं.४ ग कि.नं.११०,११५ ,११६ र १२१ बिचमा रहेको राजकुलो नक्शा एवं श्रेस्तामा रहेको भएता पनि फिल्डमा व्यक्तिहरूले मिचेको भन्ने विषयमा नापी शाखावाट निरीक्षण गराउदा प्राप्त प्रतिवेदन वाट सार्वजनिक जग्गा राजकुलोको संरक्षण हुन नसकेको देखिएकोले उक्त राजकुलो सार्वजनिक जग्गा संरक्षण गर्न जिल्ला प्रशासन कार्यालय काठ्माडौ र धापासी गा.वि.स.लाई लेखि पठाइएको ।	मन्त्रालयको मिति २०६७।७।१७ को पत्रानुसार सार्वजनिक जग्गा छुट्याइ रेखाकन समेत गरी संरक्षण गरेको जानकारी प्राप्त ।
१३.	२०६६।५।३०	भरतपुर अस्पताल चितवनका मे.सु.डा.केशव राज भुर्तेल र तत्कालिन स्वास्थ्य मन्त्री गिरीराज मणी पोखरेलले दरबन्दी भन्दा बढीलाई हाजिर गराई तलब खुवाएको उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा उक्त रकम कलेजबाट असुल उपर नभए भरतपुर अस्पताल र कलेज अफ मेडिकल साइन्स भरतपुर बीच भएको अस्पतालको साधन श्रोत उपयोग गर्ने सम्बन्धी सम्झौता भंग गर्ने तर्फ कारवाही प्रक्रिया अघि बढाउन, अब उप्रान्त सम्झौताका प्रावधानहरू अक्षरश: पालना गर्ने गराउन भरतपुर अस्पताललाई लेखी पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६७।८।२८ को पत्रवाट अब उप्रान्त करार सम्झौता पालना गर्ने प्रतिवद्धता प्रापत भएको जानकारी प्राप्त ।
१४.	२०६५।१२।२३	नेपाल नरसिङ्ग परिषदको अध्यक्ष दयालक्ष्मी वैद्य तथा रजिष्टार मन कुमारी राईले अफिसको गाडी प्रयोग गरी ट्याक्सी भाडा लिने र घुस दिने मान्छेको नरसिङ्ग कलेजलाई संचालन अनुमति दिएको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा १) ट्याक्सी भाडाको दर रेट हेर्दा परिषद्को कार्यालय खासै टाढा नरहेको अवस्थामा ट्याक्सी भाडा मनासिव माफिकको नदेखिएकोले सदस्यको बसोवासको अवस्था विचार गरी मनासिव माफिकको ट्याक्सी भाडा तोक्न, २) अध्यक्ष दयालक्ष्मी वैद्यले ०६४।१०।१३देखि हाल सम्म र रजिष्टार मन कुमारी राईले मिति ०६५।९।२१ देखि हाल सम्म लिएको ट्याक्सी भाडा असुल उपर गर्ने र आइन्दा दुवैले वैठक भएका दिन एकै साथ ट्याक्सी भाडा पनि लिने र अफिसको गाडी पनि प्रयोग गर्ने कार्य तुरुन्तै रोक्न,	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६७।८।२८ को पत्रानुसार चारवटै वुँदामा दिएको निर्देशन पालना भएको जानकारी प्राप्त ।

		३) एसियन कलेज अफ एडभान्स स्टडिजले वी.एस.सी. नरसिङ्ग कार्यक्रमको लागी नरविक अस्पतालसंग क्लीनिकल प्राक्टीकलको लागी सम्झौता गरी परिषदमा पेश गरेको अवस्थामा सो को स्थलगत निरिक्षण नै नगरी सिधै मिति २०६५।८।४ को वैठक तथा मिति ०६५।८।८को गोरखापत्रको सूचना मार्फत उक्त कलेजमा भर्ना नगर्न सूचना प्रकाशित भएको उक्त नर्भिक अस्पतालको निरिक्षण गरी क्लीनिकल प्राक्टीसको मापदण्ड पुगेमा उक्त एसियन कलेज अफ एडभान्स स्टडिजलाई मिति २०६५।८।४को निर्णय तथा ०६५।८।८को गोरखापत्रमा प्रकाशित सूचनाको लिष्टबाट हटाउन र ४) निर्धारित मापदण्ड अनुसारको स्थलगत निरिक्षण फारमहरूको निर्माण गरी निरिक्षण प्रतिवेदनहरूमा एकरुपता ल्याउन नेपाल नर्सीङ परिषदमा लेखी पठाइएको ।	
१५.	२०६५।१२।२०	जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका प्रवन्ध संचालक रामप्रसाद शर्मा "प्रदिप"ले नियम विपरित करार र ज्यालादारिमा कर्मचारी नियुक्ति गरेको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा- क. आईन्दा उच्च व्यवस्थापनको तोक आदेशको आधारमा करार तथा ज्यालादारिमा कर्मचारीहरू नियुक्ति नगर्न । ख. सिजनल कामहरू तोकिएको समयमा पुरा गर्न करार तथा ज्यालादारिमा कर्मचारी नियुक्ति गर्नुपर्ने अवस्था आएमा त्यस्ता कर्मचारीहरूको संख्या आवश्यकता निर्धारण गर्न संयन्त्रको निर्माण गर्न । ग. करार तथा दैनिक ज्यालादारिमा कर्मचारीहरूको आवश्यकता निर्धारण भै नियुक्त गर्नुपूर्व सार्वजनिक सुचना गरि योग्यता क्षमता तथा प्रतिस्पर्धाको आधारमा मात्र नियुक्ति गर्न । घ. करार तथा दैनिक ज्यालादारिमा नियुक्त भै कार्यरत सबै कर्मचारीहरूलाई मिति २०६६।१।१देखि सेवाबाट हटाउन जनक शिक्षा	शिक्षा मन्त्रालयको मिति २०६७।११।९ को पत्रानुसार उल्लिखित चारवटै बुँदाहरूको कार्यान्वयन भएको जानकारी प्राप्त ।

		सामग्री केन्द्रमा लेखी पठाइएको ।	
१६.	२०६७।९।२७	नरदेवी चिकित्सालयको आवास गृह सरुवा भै सकेको कर्मचारीले लामो समय सम्म प्रयोग गरी सरकारी सम्पत्तीको हानी नोक्सानी गरेको सम्बन्धमा अनुसन्धान हुँदा नरदेवी चिकित्सालयको आवास गृह खाली गराउने सम्बन्धमा आयोगबाट मिति २०६६।११।२१ को पूर्व निर्णयलाई कार्यान्वयन गर्न आयुर्वेद विभागका महानिर्देशकलाई लेखी पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६७।१२।२५को पत्रानुसार उक्त आवासगृह खाली गराइएको जानकारी प्राप्त ।
१७.	२०६६।९।१७	काठमाडौं महानगरपालिका कार्यालयका कर्मचाारीहरूसँग मिलेमतो गरी मेडिकेयर नेशनल हस्पिटल एण्ड रिसर्चसेन्टर लिमिटेड चावहिलले बुझाउनु पर्न सम्पत्ति कर नबुझाई हानी नोक्सानी पुऱ्याएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आवश्यक परे ऐन नियममा सुधार गर्नपर्न भएमा आवश्यक संशोधनको कारवाही चलाउन, राजश्व असुलीमा योग्य र दक्ष कर्मचारी मात्र खटाउन कर्मचारीलाई समय समयमा तालिम दिने व्यवस्था मिलाउन नगर परिषद् अन्तर्गत जग्गाको मूल्य कायम गर्दा काठमाडौं महानगरपालिका क्षेत्रभित्र पर्ने सबै ठाउँलाई प्रष्ट चित्रण गर्ने गरी जग्गाको मुल्य स्पष्ट रुपमा निर्धारण गराउने गर्न अनुगमन एवं निरीक्षणको व्यवस्था गर्न राजश्वको समेत आन्तरिक लेखापरीक्षण गराउन र तत्काल कमीकमजोरी सुधार गराउन अन्तिम लेखापरीक्षण एक आ.व.को अर्को आ.व.मा सक्ने गरी व्यवस्था गर्न का.म.न.पा. का कार्यकारी निर्देशकलाई लेखी पठाइएको ।	का.म. न पा को मिति २०६७।९।२१ को पत्रवाट निर्देशन बमोजिमका कार्यहरू कार्यान्वयन भैसकेको जानकारी प्राप्त ।
१८.	२०६७।४।२१	गुठी संस्थानको पूर्ण स्वामित्वमा रहेको जनकपुर स्थित रामचन्द्र गुठीको जग्गा हिनामिना भै व्यक्तिको नाममा रैतान भएकोले छानविन गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा जनकपुर न.पा.वडा नं.६ कित्ता नं.४५ क्षेत्रफल ०-७-१८-३ जग्गा गुठी संस्थान अन्तर्गत दर्ता भएको देखिंदाँ गुठी जग्गामा जग्गाधनी व्यक्ति विशेष हुन नसक्ने हुदा गुठी कै नाममा कायम गरी दोहोरो श्रेस्ता भएको व्यक्तिको नाम तर्फ नियमानुसार श्रेस्ता कट्टा गरी दिन मालपोत कार्यालय धनुषा लाई लेखी पठाइएको ।	मालपोत कार्यालय धनुषाको मिति २०६७।१०।१४ को पत्रानुसार उल्लिखित जग्गाको श्रेस्तामा व्यक्तिको नाम खारेज गरी रामचन्द्र गुठीको नाममा श्रेस्ता कायम गरिएको जानकारी प्राप्त ।
१९.	२०६६।१२।२७	मालपोत कार्यालय लाहानका कर्मचारीको मिलेमतोमा सिरहा जिल्ला असनपुर गाविस वडा नं.९ स्थित लक्ष्मीनारायणजी गुठिको जग्गा	गृहमन्त्रालयको मिति २०६८।३।२१ को पत्रवाट जिला प्रहरी

		व्यक्तिको नाममा नामसारी गरि अनियमितता गरेको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा जिल्ला सिरहा असनपुर गाविस वडा नं.७ वस्ने उक्त जग्गाको मोहि रतन लामाको छोरा प्रमोदकुमार लामा समेत उपर जिल्ला प्रशासन कार्यालय सिराहामा किर्ते कागज तयार गरेको भनि जायरी समेत दिन आएको देखिएको हुँदा उक्त जाहेरी अनुसारको अनुसन्धान कारवाहि गर्न जिल्ला प्रहरीकार्यालय सिराहालाई लेखी पठाइएको ।	कार्यालय सिराहाले प्रमोद कुमार लामा समेतलाई किर्ते कागज बनाएको अभियोगमा कारवाही गर्न १० न. दायरीमा मुद्दा दर्ता गरी अभियुक्तहरूको खोजी कार्य गरिरहेको जानकारी प्राप्त ।
२०.	२०६६।३।२८	काठमाण्डौं जिल्ला का.म.न.पा वा.नं.२८ वागेंमुडा स्थित धार्मीक महत्वको स्थान मण्डपको नामले प्रसिद्ध सार्वजनिक सतल भत्काई केशरी वदन समेतले का.म.न.पाबाट नक्सा पास गराई घर निर्माण गर्न लागेको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा काठमाण्डौं जिल्ला का.म.न.पा.वा.नं.२८ वागेंमुडा स्थित कि.नं. ९१६ क्षेत्रफल ०-२-०-३ जग्गा र सो मा बनेको स्थानमण्डप नामले प्रसिद्ध सार्वजनिक र पुरातत्विक महत्वको ऐतिहासिक सम्पदा केशरीवदन समेतका व्यक्तिको नाउमा भएको दर्ता कानून सम्मत नदेखिंदा मालपोत ऐन २०३४ को दफा २४ लगायतका प्रचलित कानूनको अधिनमा रही निर्णय गर्न मालपोत कार्यलय डिल्ली वजारलाई लेखी पठाइएको ।	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६७।१२।६ को पत्रानुसार उल्लिखित घरजग्गा नेपाल सरकारको नाममा श्रेस्ता कायम गरिएको जानकारी प्राप्त ।
२१.	२०६७।५।१	साविक धापासि गाविस वडा नं.९ क कि नं. १८ को सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गरि अनियमितता गरेको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा साविकको फिल्डबुकमा धापासि गाविस वडा नं.९ क कि नं. १८ को फिल्ड बुकको कैफियत महलमा गलत व्यहोरा पछि थप गरेको देखिएको र सो व्यहोरा गलत देखिंदा सो कैफियत व्यहोरा बदर गरि श्रेस्तामा जनाउन नापी कार्यालय चावहिलमा र विवादित साविकको फिल्डबुकमा धापासि गाविस वडा नं.९ क कि नं. १८ क्षेत्रफल ४-९-० को जग्गा नेपाल सरकारको नाममा दर्ता प्रमाणित रहि कायम देखिएको भनि मालपोत कार्यालयबाट लेखि आएको र हाल नयाँ नापिमा धापासि वडा नं.९ सिट नं.१०२-०९४६-१७ कि नं.१६८ क्षेत्रफल २२९०.५० वर्ग मिटर नापनक्शा भई जग्गा धनि महलमा पर्ति उल्लेख भएको देखिएको हुँदा उक्त जग्गा नेपाल सरकारको नाममा	भुमीसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६७।७।२४ को पत्रानुसार उल्लिखित जग्गा दर्ता वदर गरी नेपाल सरकारको नाममा श्रेस्त कायम गरिएको जानकारी प्राप्त ।

		कायम गरि जग्गा धनि दर्ता प्रमाण पुर्जा तयार गरि जिल्ला प्रशासन कार्यालय काठमाडौमा पठाइ आयोगलाई जानकारी दिन मालपोत कार्यालय चावहिलमा लेखी पठाइएको ।	
२२.	२०६५।९।२४	का.जी.मुलपानी गा.वि.स.वा.नं.८ (ख)को करिव १७१ रोपनी जग्गा हदवन्दीमा कारवाही नगरी अनियमित तरिकाले दर्ता गरेको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा भूमिसुधार कार्यालय काठमाण्डौं र मालपोत कार्यालय चावहिल विच हदबन्दीमा कारबाही गर्ने सम्वन्धमा पत्राचार सम्म भएको तर भूमि सुधार कार्यालय काठमाण्डौंबाट छानविन भएको नदेखिएको हुंदा सक्कल मिसिल मालपोत कार्यालय चावहिलबाट प्राप्त गरी मेघ कुमारी उपाध्याय र भरतमणि आ.दि.को नाममा हदवन्दीमा छानवीन गरी कारवाही टुंगो लगाई सो को विवरण ३ महिना भित्र आयोगमा पठाउन भुमिसुधार कार्यालय काठमाडौमा लेखी पठाइएको ।	भुमीसुधार तथा व्यवस्था मन्त्राललयको मिति २०६७।१२।२३ को पत्रानुसार भुमिसुधारकार्यालय काठमाडौबाट छानविन हुँदा हदवन्दी भित्रको ठहर्ने जानकारी प्राप्त ।
२३.	२०६६।८।२९	नेपाल विद्युत प्राधिकरणको कर्मचारी सेवा विनियमावली विपरित बढुवा गर्न लागेकोले सूचना रद्ध गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा अनुन्धान हुँदा विगतमा स्नातक तहको शैक्षिक योग्यता भएका हरूबाट खुला प्रतियोगिताबाट तह ६ को पदपूर्ति गर्ने प्रावधान भएकोमा हाल स्नातकोत्तर तहको शैक्षिक योग्यता भएकाबाट तह ७ मा खुला प्रतियोगिताबाट पदपूर्ति गर्ने प्रावधान रहेको पाएकोले तह छ को लागि आवश्यक पर्ने प्रमाणपत्र तहको शैक्षिक योग्यता भएको कर्मचारीबाट बढुवाद्वारा तह ६ सम्म मात्र जान पाउने तह ७ वा सो भन्दा माथिल्लो पदमा बढुवा हुनका लागि न्यूनतम स्नातक तहको शैक्षिक योग्यता आवश्यक पर्ने गरी विद्यमान नेपाल विद्युत प्राधिकरण सेवा नियमावली २०६६।५।१५ को निर्णयानुसार प्रकाशित तह ७ को बढुवा सम्बन्धी सूचनालाई समेत संशोधित शैक्षिक योग्यता लागू गरी पुनः बढुवाको सूचना प्रकाशित गर्न नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिमा लेखि पठाइएको ।	उर्जा मन्त्रालयको मिति २०६७।५।३०को पत्रानुसार कर्मचारी सेवा नियमावली २०६२ मा संशोधन गरिएको जानकारी प्राप्त ।
२४.	२०६७।९।११	भन्सार कार्यालय कन्चनपुरको जग्गा कर्मचारीको मिलेमतोमा व्यक्तिले मिचि खाएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा कन्चनपुर भन्सार कार्यालयको जग्गा भन्दा पश्चिम तर्फ हाल कायम कि.नं.११०८(साविक कि.नं.२७२) कन्चनपुर भन्सार कार्यालयको नाममा दर्ता गराई आयोगलाई	अर्थमन्त्रालयको मिति २०६८।१।२५ को पत्रवाट भन्सार कार्यालयको नाममा जग्गा दर्ता भएको जानकारी प्राप्त ।

		जानकारी दिन भन्सार कार्यालय कन्चनपुरमा लेखि पठाइएको ।	
२५.	२०६७।९।२७	त्रि.वि.चिकित्साशास्त्र अध्ययन संस्थान अन्तर्गत डिनको कार्यालयको लागि सृजना गरीएको कम्प्यूटर अपरेटर दरवन्दीमा वैकल्पीक उमेदवारलाई करार सेवामा नियुक्ति गरी अनियमितता गरेको सम्बन्धमा अनुसन्धान हुँदा त्रि.वि.रजिष्टारको कार्यालयद्धारा गठित छानविन समितिले पेश गरेको प्रतिवेदनमा निष्प्रयोजित भै सकेको वैकल्पीक उम्मेदवारलाई समयवधिको कारण देखाई कम्प्यूटर अपरेटरको पदमा करार सेवामा दिइएको नियुक्ति नियम संगत नभएको भन्ने उल्लेख भएको देदिएको हुदा उक्त नियुक्ति तत्काल रद्ध गर्न चिकित्सा शास्त्र अध्ययन संस्थान, डिनको कार्यालयका डिन लाई लेखि पठाइएको ।	त्रि.वि.रजिष्टारको कार्यालयको पमति २०६८।३।२०को पत्रानुसार नियुक्ति रद्ध गरिएको जानकारी प्राप्त ।
२६.	२०६६।४।९.	निजी क्षेत्रद्धारा संचालित शैक्षिक परामर्श सेवा (Education Consultancy Service) को क्षेत्रमा देखिएको अनियमितता, अव्यवस्था सम्बन्धमा अनुसन्धान हुँदा क. निजी क्षेत्रद्धारा संचालित शैक्षिक परामर्श सेवा व्यवस्थापनलाई तत्कालै नियमित, मर्यादित एवं व्यवस्थित बनाउन आवश्यक देखिन आएको हुँदा सो सम्बन्धमा आवश्यक विषयगत कानून बनाई लागू गर्न, ख. अलग विषयगत ऐन नबनुञ्जेलसम्मको लागि तत्कालै आवश्यक निर्देशिका बनाई नियमित र व्यवस्थित गर्न शिक्षा मन्त्रालयलाई लेखी पठाइएको ।	शिक्षा मन्त्रालयको मिति २०६८।३।२६ को पत्रानुसार निर्देशन कार्यान्वयन भएको जानकारी प्राप्त ।
२८.	२०६२।५।७	विश्व निकेतन मा.वि. त्रिपुरेश्वरका प्र.अ. नरेशमान श्रेष्ठले उच्च मा.वि. निर्माण गर्दा अनियमितता गरेको, किर्ते लेखापरीक्षकबाट लेखा परीक्षण गरेको, शैक्षिक सत्र नमिलाएको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा प्रधानाध्यापकको शैक्षिक योग्यताको सम्बन्धमा उच्च माध्यमिक शिक्षा परिषद सम्बन्धन सम्वन्धी विनियमहरू २०५५ को नियम ३.४ मा प्रधानाध्यापको योग्यता स्नातकोत्तर हुने उल्लेख भएकोमा विश्वनिकेतन उच्च मा.वि. त्रिपुरेश्वरका प्र.अ. नरेशमान श्रेष्ठको शैक्षिक योग्यता वि.ए. वि.एड. मात्र देखिएको हुँदा सो सम्बन्धमा विनियमको व्यवस्था पालना गर्न जिल्ला शिक्षा कार्यालय काठमाडौंलाई लेखी पठाइएको ।	जिल्ला शिक्षा कार्यालय काठमाडौंको मिति २०६८।३।२२ को पत्रानुसार नरेशमान श्रेष्ठले प्रधानाध्यापक पदबाट राजिनामा दिएको जानकारी प्राप्त।
२९.	२०६७।९।४	जया अल्ट्रासाउण्ड इमेनिङ सेन्टर हस्पीटल रोड	स्वास्थ्य तथा

		जनकपुरधामका रेडियोलोजिष्ट डा. अरुण कुमार गोइतले गलत प्रतिवेदन दिएको सम्बन्धमा अनुसन्धान हुँदा तत्सम्बन्धमा मेडिकल काउन्सिलमा पनि उजुरी परेको जानकारीमा आएकोले यस विषयमा प्रचलित कानून बमोजिम छानविन एवं कारवाही गरी आयोगलाई समेत जानकारी दिन नेपाल मेडिकल काउन्सिल बाँसवारीलाई लेखी पठाइएको ।	जनसंख्या मन्त्रालयको मिति २०६८।३।९को पत्रबाट छानवीन भएको जानकारी प्राप्त ।
३०.	२०६५।७।२२	चीन लगायत विभिन्न देशका मेडिकल कलेजमा एम.वि.विए र वि.डि.एस अध्ययन पुरा गरी फर्केका विद्यार्थीहरूलाई अनुमति पत्र दिदा अनियमितता भएको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा मित्रराष्ट्र चीन रुस र फिलिपिन्समा आफ्नो खर्चमा अध्ययन गर्न जाने विद्यार्थीहरूलाई भाषाको कारणबाट हुने समस्या र ठूलो परिमाणमा खर्च व्यहोर्नु पर्ने अवस्था देखिएकोले ती तीन देशमा मेडिकल विषयमा अध्ययन गर्न जाने विद्यार्थीहरूलाई मात्र नेपालमा आई प्रि इन्टर्नशीप र इन्टर्नशीप गर्न पाउने कानूनी व्यवस्था गर्न शिक्षा मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखि पठाइएको । हाल चीन लगायत अन्य राष्ट्रहरूमा अध्ययन गरी फर्केका र अव फर्किन बाँकी विद्यार्थीहरूको भविष्य प्रति नेपाल सरकार र सम्वन्धित निकाय सम्वेदनशिल हुनुपर्ने देखिंदा मिति २०६५।४।१ अघिका विद्यार्थीहरूलाई मात्र राज्यले आफ्नो उत्तर दायित्व वुझी आवश्यक पर्ने परीक्षा समेत दिई वा अन्य उपयुक्त वैकल्पिक व्यवस्था गरी निजहरूलाई समेत परीक्षामा सामेल गराई उनीहरूको भविष्य प्रति सम्वेदनशील हुन आवश्यक व्यवस्था मिलाउन शिक्षा मन्त्रालयलाई लेखी पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिती २०६८।३।९को र शिक्षा मन्त्रालयको मिति २०६८।३।२६को पत्रानुसार आयोगको निर्देशन पालना भएको जानकारी प्राप्त ।
३१.	२०६५।१०।२९	प्राथमिक स्वास्थ्य केन्द्र चतराका जनस्वास्थ्य निरीक्षक शिव दयाल महतोले नियम विपरित विदा स्वीकृत नगराई गैर सरकारी संस्थामा काम गरि रहेको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा अनुचित तवरले स्वीकृत भएको मिति ०६२।९।१३ देखि ०६३।६।२८ सम्मको जनस्वास्थ्य निरीक्षक शिव दयाल महतोको असाधारण विदा वदर गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखी पठाइएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६७।११।२६को पत्रवाट असाधारण विदा वदर गरेको जानकारी प्राप्त ।
३२.	२०६६।८।३	क्षेत्रीय वन निर्देशनालय पोखराका ना.सु. किरनप्रसाद कोइरालाले मिति २०५७।९।१ देखि	वन तथा भु संरक्षण मन्त्रालयको मिति

		२०५८ मंसिर मसान्तसम्म असाधारण बिदा माग गरी अनुपस्थित रहेको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा ना.सु.किरनप्रसाद कोइरालाको मिति २०५७।९।१ देखि २०५८ मंसिर मसान्तसम्मको असाधारण बिदा स्वीकृत गरी गराई निजामती किताबखानामा अभिलेख राख्न पठाउने र बिदा स्वीकृती अस्वीकृती सम्बन्धी कार्य निजामती सेवा नियमावली, २०५० को नियम ६४(१) अनुसार समयमै गर्नू पर्नेमा सो गरेको नपाईएकोले यस्तो गल्ती पुनः दोहोरिन नदिने तर्फ सतर्कता अपनाउन भु तथा जलाधार संरक्षण विभागमा लेखी पठाइएको ।	२०६८।३।२१ को पत्रवाट निजलाई चेतावनी दिई असाधारण विदा स्विकृत गरिएको र मिति २०६८।३।३० को पत्रानुसार यस विषयमा सतर्कता अपनाइएको जानकारी प्राप्त ।
३३.	२०६७।१०।३	आ.व.२०६३।६४ मा मोरङ्ग जिल्ला दादरवरिया गा.वि.स. स्थित किसान स्कुल हुदै लोहन्दा खोलाको किनारको बाटो निर्माण गर्दा अनियमितता भएको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा उजुरीमा उल्लेख भएका विषयमा सार्वजनिक सुनुवाई गराइ सोको जानकारी आयोगमा उपलब्ध गराउन प्र.जि.अ. मोरङ्गलाई लेखी पठाइएको ।	गृह मन्त्रालयको मिति २०६८।३।२०को पत्रानुसार मिति २०६८।३।११ मा सार्वजनिक सुनुवाइ सम्पन्न भएको जानकारी प्राप्त ।
३४.	२०६६।३।२५	सुनसरी जिल्ला धरान न.पा.स्थित श्री पव्लीक उच्च मा.वि. धरानको विद्यालय भवन निर्माण गर्दा प्रचलित मापदण्ड पुरा नगरी बनाएको र विभिन्न राजनैतिक पार्टीलाई आर्थिक सहायता दिएको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा पब्लिक उच्च मा.वि. धरानको भवनहरू सुरक्षित छन छैनन र सो बाट मानविय क्षति हुन सक्ने अवस्था रहे नरहेको सम्वन्धमा सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालयमोरङ्ग बाट प्रतिवेदन दिई मानवीय क्षति हुने अवस्थामा ती भवनहरू रहेका भए सो लाई सुरक्षित हुने व्यवस्था मिलाउन जिल्ला शिक्षा कार्यालय सुनसरीलाई लेखी पठाइएको ।	शिक्षा मन्त्रालयको २०६७।१२।२३ को पत्रवाट विद्यालय भत्किई कुनै मानवीय क्षति हुने अवस्था नरहेको जानकारी प्राप्त ।
३५.	२०६१।५।७	पूर्वाञ्चल विश्व विद्यालयमा नियम विपरीत अस्थायी कर्मचारी भर्ना गरिएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा क) आगामी ६ महिना भित्र अस्थायी, करार वा ज्यालादारीमा रहेका सबै पदमा स्थायी तवरले पदपूर्तिको व्यवस्था मिलाउने २) सो अवधि भित्र स्थायी पदपूर्तिको व्यवस्था नमिलाए नियुक्ती भएका अस्थायी करार वा ज्यालादारी पदमा कार्यरत समपूर्ण कर्मचारीलाई उपलब्ध गराएको तलवभत्ता	शिक्षा मन्त्रालयको मिति २०६८।३।३ को पत्रवाट निर्देशन पालना भएको जानकारी प्राप्त ।

		नियुक्ति स्वीकृती गर्ने उपकूलपति तोरण बहादुर कार्कीबाट असूल उपर गर्न पूर्वाञ्चल विश्वविद्यालय सेवा आयोगमा लेखीपठाइएको ।	
३६.	२०६७।११।१६	भूमिसुधार तथा व्यवस्था मन्त्रालयका मन्त्री र सचिवले उपत्यका स्थित मालपोत र नापी कार्यालयहरूमा अनावश्यक रुपमा अधिकृत तथा सहायक कर्मचारीहरूलाई काजमा राखि अनियमित कार्य गरेको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा भूमिसुधार तथा व्यवस्था मन्त्रालय, भूमिसुधार तथा व्यवस्थापन विभाग र नापी विभागबाट उपत्यका भित्र काजमा राखिएका कर्मचारीहरूलाई ७ दिन भित्र काज फिर्ता गरी सोको जानकारी आयोगलाई दिन भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखी पठाइएको ।	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६७।११।२३ को पत्रवाट काज फिर्ता गरिएको जानकारी प्राप्त ।
३७.	२०६६।८।१५	मध्य मर्स्याङ्दी जल विद्युत परियोजनाको निर्माणका ठेकेदार DDC JV परामर्शदाता फिस्नर जे.भी. तथा विद्युत प्राधिकरणका कर्मचारीको मिलेमतोमा व्यापक अनियमितता हुने गरेको र ययार्थ खर्च भन्दा बढी माग दावी रहेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा १) नेपाल विद्युत प्राधिकरणको संचालक समितिको समयमा गठन हुन नसकेकोले समितिको समयमा बैठक बस्न नसकेको भन्ने कुराहरू अनुसन्धानको क्रममा देखिन आएको हुँदा संचालक समितिको अध्यक्ष सामान्यतः जलस्रोत मन्त्री रहने वा प्रधानमन्त्रीले तोकेको मन्त्रीले अध्यक्षता गर्न व्यवस्थाको सट्टा जलश्रोतको क्षेत्रमा काम गरी अनुभव प्राप्त गरेको विज्ञ एवं इमान्दार व्यक्तिलाई अध्यक्ष एवं सदस्यको रुपमा राख्ने व्यवस्था गर्न सके विकास निर्माणको कार्यमा राजनैतिक हस्तक्षेप नहुने र यसबाट अनावश्यक ढिलाई एवं अन्य विकृतिको निराकरण हुने हुँदा यस तर्फ आगामी दिनमा ध्यान पुऱ्याउन , २) मध्य मर्स्याङ्दी जलविद्युत परियोजना जस्ता Mega-Project निर्माणका लागि Consultant छानिदा आर्थिक र प्राविधिक दुवै प्रस्तावको मूल्याङ्कनबाट योग्य देखिएकोलाई छनौट गरिनु उपयुक्त हुने हुँदा जुनसुकै दातृ संस्था वा सरकारको सहायतामा परियोजना निर्माण हुने भएपनि अन्तरराष्ट्रिय मापदण्ड अनुसारको खरिद व्यवस्था भई परियोजना संचालन गर्नुपर्ने	उर्जा मन्त्रालयको मिति २०६७।१०।२६ को पत्रवाट सुझाव कार्यान्वयन भएको जानकारी प्राप्त ।

		तथा विशेषज्ञ खटाउँदा Pannel of Expert/consulting engineer) राष्ट्रिय योग्य जनशक्तिलाई समावेश गर्न व्यवस्था गर्न ३) यस प्रकारका परियोजनाहरूको निर्माण गर्नु पूर्व Detail design, Cost Estimate, Work Schedule र Site Supevision गरेमा पछि केही मात्रामा Design परिवर्तन भएपनि अस्वभाविक रुपमा Design परिवर्तन हुँदा लागतमा समेत असर पर्ने हुन्छ तसर्थ Detail Design, Cost Estimate, Work Schedule र Site Superision गरेपछि मात्र ठेक्का सम्झौता गर्न व्यवस्था मिलाउन , ४) मध्य मर्स्याङ्दी जलविद्युत परियोजनाको निर्माण सम्झौता FIDIC Base रहेको देखिन्छ । FIDIC Base Contract मा Engineer को निर्णय प्राय: अन्तिम हुने हुँदा नियात्काले जोखिमको भार उठाउनु पर्न र अर्को पक्षलाई फाइदा हुने हुँदा हाम्रो देशको परिप्रेक्ष्यलाई विचार गरी Fixed Price Contract (Turn-key) पद्धति अवलम्बन गर्नु नै उपयुक्त हुने हुँदा आगामी दिनहरूमा सम्झौताको स्वरुपमा परिवर्तन गर्ने तर्फ विचार गर्न नेपाल सरकारलाई लेखी पठाइएको ।	
३८.	२०६७।१०।१९	ईन्द्रावती खोलामा दहत्तर वहत्तरको टेण्डर गर्दा ठेकेदार र स्थानीय विकास अधिकारी समेतको मिलेमतोमा राजस्व छली क्रसर उद्योग संचालन गरेको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा देशभरका क्रसर उद्योगहरूलाई एस्काभेटर तथा वुलडोजर प्रयोग गर्न नपाउने व्यवस्था मिलाउन उद्योग मन्त्रालयलाई लेखी पठाइएको ।	उद्योग मन्त्रालयको मिति २०६८।२।३१को पत्रवाट निर्देशन कार्यान्वयन भएको जानकारी प्राप्त ।
३९.	२०६७।११।१	साविक कपन २ ख कि.नं.२४ को ०-१४-०-० रोपनि जगाको श्रेस्ता नक्कली वनाइ दर्ता गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा एउटै कित्ता जग्गालाई भिन्न भिन्न लगत राखि अलग अलग व्यक्तिले जग्गा दर्ता गरी पाउन निवेदन गर्दा विवादित जग्गामा हक वेहकको प्रश्न खडा भएको देखिएकोले कपन २(ख) कि.नं.२४ को ०-१५-०-० क्षेत्रफलको जग्गा दर्ता सम्बन्धमा प्रचलित कानून बमोजिम निर्णय गरी आयोगलाई जानकारी गराउन मालपोत कार्यालय चावहिललाई लेखी पठाइएको ।	मालपोत कार्यालय चावहिलको मिति २०६८।१।२६ को पत्रानुसार हक वेहक छुट्याउन अदालतमा पठाइएको जानकारी प्राप्त ।
४०.	२०६५।११।१९	त्रिचन्द्र क्याम्पस अन्तर्गत स्व.वि.यू.ले विभिन्न शीर्षकमा आ.व. ६५।६६मा प्राप्त रकम हिनामिना गरेको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा	त्रि.वि.वि.को मिति २०६८।३।२० को पत्रानुसार सार्वजनिक

		खर्च सम्बन्धी विषयलाई नियमावलिद्वारा व्यवस्थित गर्न त्रि.वि.वि.उपकुलपतिको कार्यालयमा लेखी पठाइएको ।	खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ लागु गर्न सबै क्याम्पसहरूमा परिपत्र गरिएको जानकारी प्राप्त ।	
४१.	२०६५।४।१९	यातायात व्यवस्था कार्यालय वाग्मती अंचल ललितपुरका कर्मचारीले घुस रिसवत लिई लाईसेन्स बनाई दिने गरेको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा सवारी चालक अनुमतीपत्रको परिक्षामा अनुतिर्णले तीन महिनामा दरखास्त दिन नपाउने , परिक्षा समितिले लिखित तथा ट्रायल परिक्षामा उत्तिर्ण व्यक्तिको उचित अध्ययन तथा Verification पछि मात्र अन्तिम निर्णय गर्नु पर्ने र सवारी चालक अनुमती पत्रको लागी दरखास्त दर्ता गर्नेहरूको नामावली लिखित परिक्षा हुनु पूर्व प्रकाशित गर्ने व्यवस्था गर्न श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।	श्रम तथा यातायात व्यवस्था मन्त्रालयको मिति २०६७।७।३०को पत्रबाट आयोगको निर्देशन पालना भएको जानकारी प्राप्त ।	
४२.	२०६३।११।२७	वन विज्ञान अध्ययन संस्थान पोखराका डिन अशोक कुमार मल्लिकले गाडी खरिद र विद्यार्थी भर्नामा अनियमितता गरेको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा उप-प्राध्यापक शैलेन्द्रनाथ अधिकारीलाई त्रि.वि.वि. कर्मचारी सेवा शर्त सम्बन्धि नियम २०५० बमोजिम सेवाबाट बर्खास्त गर्न त्रि.वि.वि. रजिष्ट्रारको कार्यालयमा लेखी पठाइएको ।	त्रि.वि.वि.रजिष्ट्रार कार्यालयको मिति २०६८।३।२३ को पत्रवाट निजलाई अवकास दिएको जानकारी प्राप्त ।	
४३.	२०६५।१०।५	देवघाट क्षेत्र विकास समितिका पूर्व कार्यकारी निर्देशकले नगद, जिन्सी र माइन्यूटवूक लगायत श्रेस्ताहरू नवुझाएकाले समितीको कार्यमा वाधा पुगेको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा क. समितिका पूर्व कार्यकारी निर्देशक श्रीधर शर्माले सोही समितिका पूर्व लेखापाल पुष्पराज पौडेललाई बुझाएका मुभी क्यामरा एक, मोवाईल सेट, १ तथा हाल कार्यरत लेखापाल किरण पौडेललाई वुझाएका समितिको माइन्यूटवूक- एक बैठकको आदेशबूक - एक, बाटो निर्माण सम्वन्धी फाईल- एक र कर्डलेस	संघीय मामिला, संविधान सभा, संसदिय व्यवस्था तथा संस्कृति मन्त्रालयको मिति २०६८।३।१५ को पत्रानुसार आयोगको निर्देशन कार्यान्वयन भएको जानकारी प्राप्त ।	

		टेलीफोन- एक अविलम्व कार्यालयमा दाखिला गराउन । ख.निज शर्माले बुझाउन वांकी अन्य कुनै कार्यालय सामानका हकमा निजलाई जानकारी गराई सामान नै दाखिला गर्न लगाउने र सामान दाखिला नगरेको खण्डमा सामानको परल मूल्य यकिन गरी उक्त रकम निज शर्माले कार्यालयबाट लिन वाँकी रकमबाट कट्टा गरी कार्यालयमा अभिलेख जनाउने साथै निज शर्माले फछ्यौंट गर्न वांकी देखिएको अन्य रकमका विषयमा शिध्र फछ्यौंट गर्ने व्यवस्था गर्न देवघाट क्षेत्र विकास समितिमा लेखी पठाइएको ।	
४४.	२०६६।७।२९	ऐन नियमको परिधि भन्दा बढी अवधिसम्मको लागि तल्लो मोदी खोला जलविद्युत आयोजनाको विद्युत उत्पादन सर्भेक्षण इजाजतपत्रको म्याद थपी दिएको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा ने.वि.प्रा.संग विद्युत खरिद सम्झौता, टेलरेस पानी उपभोग सम्झौता लगायत विद्युत ऐन २०४९ र विद्युत नियमावली २०५० ले व्यवस्था गरेका सम्पुर्ण शर्तहरू पूरा गरी ३० दिन भित्र मनाङ ट्रेडलिंक प्रा.लि.ले आवेदन गरेमा सो प्रर्वद्धकको नाममा विद्युत उत्पादनको अनुमतिपत्र जारी गर्ने प्रक्रिया शूरु गर्न र सो समय सिमाभित्र उक्त ऐन नियम बमोजिमको सम्पूर्ण शर्तहरू पूरा नगरेमा नेपाल सरकारले तल्लो मोदी खोला जलविद्युत आयोजना वोलकवोल प्रथाबाट गर्ने गराउन उर्जा मन्त्रालयलाई लेखी पठाइएको ।	उर्जा मन्त्रालयको मिति २०६७।५।२९ को पत्रानुसार निर्देशन पालना भएको जानकारी प्राप्त ।
४५.	२०६७।३।१८	यातायात व्यवस्था कार्यालय एकान्तकुना समेतको मिलेमतोमा पूर्ण क्षतिग्रस्त गाडी गैरकानूनी रुपमा दर्तागरी अनियमितता गरेको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा बा.४च ३८७१ को गाडी स्कयाप गरी १ महिना भित्र आयोगलाई जानकारी गराउन राष्ट्रिय विमा समितिमा लेखी पठाइएको ।	अर्थमन्त्रालयको मिति २०६८।३।२९ को पत्रानुसार उक्त गाडी स्क्राप गरिएको जानकारी प्राप्त ।
४६.	२०६७।३।१६	स्थानिय स्वायत्त शासन ऐन र नियमावली विपरित राजमार्गमा ढाट राखि कर उठाएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा का.म.न.पा. ले थानकोट क्षेत्रको राजमार्गमा लगाएको पटके सवारी कर कानून सम्मत नदेखिएकाले सो रोक्न का.म.न.पा.मा लेखी पठाइएको ।	का.म.न.पा.को मिति २०६७।९।२१ को पत्रवाट मिति २०६७।४।१ गते देखि लागु हुने गरी उक्त कर हटाइएको जानकारी प्राप्त ।
४७.	२०६७।५।१	साविक धापासि गा.वि.स. वडा नं.९ क कि नं. १८	भूमिसुधार तथा

		को सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गरी अनियमितता गरेको भन्ने सम्वन्धमा अनुसन्धान हुदासाविकको फिल्डबुकमा धापासि गाविस वडा नं.९ क कि नं. १८ को फिल्ड बुकको कैफियत महलमा गलत व्यहोरा पछि थप गरेको देखिएको र सो व्यहोरा गलत देखिंदा बदर गरि श्रेस्तामा जनाउन नापी कार्यालय चावहिललाई लेखी पठाइएको ।	व्यवस्था मन्त्रालयको मिति २०६७।७।२४को पत्रवाट उक्त जग्गा नेपाल सरकारको नाममा कायम भएको जानकारी प्राप्त ।

परिच्छेद - १३
कार्यान्वयन हुन बाँकी विभागीय वा अन्य कारबाहीको विवरण

भ्रष्टाचार तथा अनुचित कार्यको छानबिन तथा अनुसन्धानको क्रममा विभागीय कारबाही लगायत अन्य कारबाही गर्ने गरी आयोगबाट भएका निर्णयहरू कार्यान्वयनका लागि विभिन्न मन्त्रालय, विभाग र अन्तर्गत कार्यालय तथा निकायहरूलाई लेखिएकोमा केही निर्णयहरूको कार्यान्वयन अहिलेसम्म पनि हुन सकिरहेको देखिँदैन । अतः आ.ब. २०६७।०६८ सम्ममा विभिन्न कारणबाट कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरूको विवरण निम्न अनुसार रहेको छ ।

(क) अर्थ मन्त्रालय अन्तर्गत

१. कानून अधिकृत केदार मैनालीले कायमी धितोलाई कम मूल्यांकन गरी आफ्नै सालीलाई धितो सकार गर्न लगाई राष्ट्रिय वाणिज्य बैंक मैतिदेवीको धितो हिनामिना गरी अनुचित कार्य गरे भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६२।५।३० को निर्णय अनुसार ऋणी धर्मानन्द अवस्थीले लिएको रकम रु.१०,००,०००। असुल उपर गर्नका लागि राखेको धितोबाट असुल उपर हुन नसकेमा धर्मानन्द अवस्थीबाट र निजबाट पनि असुल उपर हुन नसकेमा कित्ता नं. १५ को ३-११-० क्षेत्रफल जग्गाको लिलाम स्वीकृत गर्ने व्यक्तिहरू उपर कानून बमोजिम मुद्दा दायर गरी असुल उपर गर्न राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. राष्ट्रिय वाणिज्य बैंकका उपत्यकास्थित विभिन्न शाखा कार्यालयहरूबाट जगरनाथ प्रसाद सोनार सम्बद्ध काठमाडौं टुकटुक र अनिता इलेक्ट्रिकल प्रा.लि.सप्लायर्स रही टेम्पोमा कर्जा लगानी गर्दा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।३।८ को निर्णय अनुसार बैंकले निर्धारण गरेको अवधि आषाढ मसान्तदेखि ३ महिनाभित्र कडाइका साथ बाँकी बक्यौता असुली गरी सो को जानकारी आयोगलाई दिन राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. राष्ट्रिय बीमा संस्थानका सबै कर्मचारीहरूले आ.व. २०५१।५२ देखि नियम विपरीत पुरस्कार रकम लिएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।४।१३ को निर्णय अनुसार राष्ट्रिय बीमा संस्थानका कर्मचारीहरूबाट रु. ८,३५,७४,७१३।५५ असुल उपर गर्न र प्रस्तुत सन्दर्भमा आवश्यक परे मन्त्रिपरिषद्को बैठक समेतमा पेश गरी निकासा भए बमोजिम आवश्यक कार्यान्वयन गरी प्रस्तुत विषयमा टुंगो लगाउन अर्थ मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. राष्ट्रिय वाणिज्य बैंक खाँदवारी शाखाले कमसल धितो लिई ऋण प्रवाह गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।९।२२ को निर्णय अनुसार खाँदवारी शाखाको कर्जा नं. ३८/४७, ३८/४८, ३८/४९, ३८/५०, ३८/५१,

३८/५२, ३८/५३, ३८/५४, ३८/५६, र ३८/५७ अन्तर्गतको ऋण ६ महिनाभित्र असुल उपर गर्न राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. विशालबजार कम्पनीले पसल कवल भाडामा दिँदा अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५। ११।२५ को निर्णय अनुसार आयोगबाट मिति २०६५।११।१५ मा विशेष अदालतमा भ्रष्टाचार मुद्दाको आरोपपत्र दर्ता गर्दा प्रतिवादी बनाइएका काठमाडौं महानगरपालिका वडा नं. २७ बस्ने रमेशमान श्रेष्ठले मिति २०६०।९।३ मा १६०० कित्ता शेयर रु. २२,४०,०००। मा खरिद गरेको देखिँदा के कुन श्रोतबाट सो शेयर खरिद गरेको हो, आयकर तिरेको छ छैन ? सो विषयमा छानबिन गर्न राजस्व अनुसन्धान विभागमा लेखी पठाइएकोमा हालसम्म छानबिन र कारबाही टुंगो लागेको जानकारी प्राप्त नभएको ।

६. नेपाल चिया विकास निगम लिमिटेडले खरिद बिक्री गर्दा करोडौं भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।४।३० को निर्णय अनुसार नेपाल चिया विकास निगमको नाममा रहेको जग्गाको क्षेत्रफल यकिन गरी जग्गा भाडासम्बन्धी सम्झौता बमोजिम जग्गाको अनुपातमा भाडा समायोजन गर्दै जान जग्गाको नापजाँचको कार्य तुरुन्त प्रारम्भ गर्न, शेयर खरिद बिक्री सम्झौतामा उल्लेख भए बमोजिम धुलाबारी स्थित निगमको परिसर र गोदाममा रहेको चियापत्ती लगायतका चल सम्पत्ति तुरुन्त लिलाम वा अन्य प्रक्रियाद्वारा बेचबिखन गरी सरकारी कोषमा रकम दाखिला गराउन, दोश्रो सम्झौता अनुरूपको प्रतिवेदन बुझाउनुपर्ने भनिएको रु. ४० लाख पनि बुझाएको नदेखिएकोले सो उपर मन्त्रालयले समयमा आवश्यक कारबाही चाल्न, नेपाल सरकारको सहमति बिना निगमको सम्पत्ति र बगानको जग्गा कुनै पनि प्रयोजनको लागि धितोमा राख्न नपाउने व्यवस्था गर्न अर्थ मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. राजस्व असुलीमा ढिलाई गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।८।५ को निर्णय अनुसार अल्का अस्पताल प्रा.ली ललितपुरबाट रु.३,०८,२७,७८३।९९ असुल उपर गर्न आन्तरीक राजस्व विभागमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. असलम टेक्सटायल ईण्डष्ट्रिज र हिमालयन बैक विरगंजको मिलोमतोमा रु.१३ लाख मुल्यांकन गरिएको कि.नं.४२७ र ४२८ को जग्गा धितो राखि रु. ५८,५१,०००/- र कर्जा प्रवाह गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।९।११ को निर्णय अनुसार ऋण असुली न्यायाधिकरणबाट फैसला भए अनुसारको सावाँ रु २२,८३,७२५।- र फैसला भएको मिति सम्मको व्याजसहित जम्मा रु.४२,८२,०५९।०८ असलम टेक्सटायल ईण्डष्ट्रिजका प्रोपाईटरहरु असलम आलम र नजीर आलम अन्सारीको जायजेथा र सो बाट नपुग भए उक्त इन्डष्ट्रिजका साझेदार तथा व्यक्तिगत जमानीबाट असुल उपर गर्न हिमालयन बैक लि.मा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

९. राजस्व अनुसन्धान विभाग अन्तर्गत रहेका कर्मचारीले व्यापारीलाई दुःख दिई पैसा असुल गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।१०।१२ को निर्णय अनुसार विराटनगर स्थित जर्दा फ्याक्ट्री लगायत १० वटा फर्महरुको बारेमा छानविन गरी कर असुल उपर गर्नुपर्ने देखिएमा कर असुल उपर गरी सोको जानकारी आयोगमा पठाउन राजस्व अनुसन्धान विभागलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ख) उद्योग मन्त्रालय अन्तर्गत

१. गैरकानूनी रूपमा वन पैदावारमा आधारित उद्योगहरू दर्ता गरी वन कार्यालय र घरेलु तथा साना उद्योग कार्यालय दाङका कर्मचारीले रकम भागबन्डा गरी खाए भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।६।२१ को निर्णय अनुसार वन क्षेत्रबाट वन पैदावारमा आधारित उद्योगहरू दर्ता गर्दा वातावरण संरक्षणसम्बन्धी नियमहरू पटक पटक संशोधन गर्न युक्तिसंगत नदेखिने हुँदा आगामी दिनमा नियमावलीमा यस विषयलाई समावेश गरी व्यवस्थित रूपमा लागू गर्ने तथा दाङ जिल्लाको देउखुरी क्षेत्रमा कानून विपरीत दर्ता भएका वन पैदावरमा आधारित १४ वटा उद्योगहरूको सम्बन्धमा आवश्यक व्यवस्था मिलाई आयोगमा जानकारी पठाउन उद्योग मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. विशालबजार कम्पनी लिमिटेडले पसल कवल भाडामा दिँदा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।११।२५ को निर्णय अनुसार विशालबजार कम्पनीको शुक्रपथस्थित भवनका ३४६ वटा पसल कवल बोलपत्र बिना आफू अनुकूलका व्यक्तिहरूलाई कम भाडादरमा बाँडफाँड गर्दै आएको र पसल कवल प्राप्त गरेका अधिकांशले अन्य व्यापारीहरूलाई बढी रकममा पुन बहालमा दिँदै आएबाट कम्पनीले प्राप्त गर्ने आम्दानी रकम व्यक्ति विशेषले प्राप्त गर्दै आएको हुँदा कम्पनीको प्रचलित विनियमावली २ महिनाभित्र सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुने गरी संशोधन गरी २०६६ श्रावण १ गतेदेखि अनिवार्य रूपमा बोलपत्र प्रक्रियाद्वारा पारदर्शी रूपमा भाडामा लगाउन विशालबजार कम्पनी लिमिटेड, शुक्रपथमा लेखी पठाइएको र सो को अनुगमन गर्न कम्पनी रजिष्ट्रारको कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. बेल्जियम नागरिक Kent B.Crane ले २०५०।५।१० मा नेपालमा वाइल्ड लाइफ डेभलपमेण्ट नामको संस्था दर्ता गराई (भीसाको प्रयोजनको लागि) अनियमित कार्य भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।१२।४ को निर्णय अनुसार शुरुमै रु.२४,३७,४०,०००।- लगानी गर्ने भनिए पनि एक करोडभन्दा केही बढी रकम उक्त कम्पनीले लगानी गरेको देखिएकोले शर्त अनुसार आगामी ६ महिनाभित्र पूरै रकम मात्र लगानी गरी उद्देश्य अनुरूप कार्य गर्न लगाउन उद्योग विभागका महानिर्देशकलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ग) ऊर्जा मन्त्रालय अन्तर्गत

१. चिलिमे जलविद्युत कम्पनीको शेयर बाँडफाँडमा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।७।१० को निर्णय अनुसार प्रचलित कानून बमोजिम सर्वसाधारणका लागि शेयर निष्कासनसम्बन्धी कार्य ३ महिनाभित्र गर्न गराउन चिलिमे जलविद्युत कम्पनी, धितोपत्र बोर्ड थापाथलीमा र उच्च दरमा विद्युत खरिद सम्झौता गरी नोक्सान व्यहोर्नुपरेको देखिएकोले नोक्सान नहुने गरी साविकको विद्युत खरिद सम्झौता (Power Purchase Agreement) मा पुनरावलोकन गरी सोको जानकारी आयोगलाई दिन सञ्चालक समिति, नेपाल विद्युत प्राधिकरणमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. माथिल्लो त्रिशूली-१, जलविद्युत आयोजनाको विद्युत उत्पादन सर्भेक्षण अनुमतिपत्र जारी गर्दा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।७।२९ को निर्णय अनुसार नेपाल वाटर एण्ड इनर्जी डेभलपमेण्ट कम्पनी लिमिटेडले पटक पटक पेश गरेको Work Schedule बमोजिम कार्य प्रगति नगरेको, कम्पनी रजिष्ट्रारको कार्यालयबाट जारी गरेको कम्पनी दर्ता प्रमाणपत्रमा उल्लेख भए बमोजिमको जारी पुर्जी नभई प्रवर्द्धक कम्पनी स्वयं सन्देहात्मक भएको र निजले नयाँ तिथि मिति राखी समय तन्काई खोला ओगटी राख्ने मात्र मनसाय देखिएको हुँदा नेपाल सरकारको मिति २०६५।४।२८ को सचिवस्तरको निर्णयानुसार मिति २०६५।३।२४ देखि मिति २०६७।३।२३ सम्म सो प्रा.लि.ले थप भएको त्रिशुली-१ जलविद्युत आयोजनाको विद्युत सर्वेक्षण अनुमति पत्र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२ ख बमोजिम रद्द गर्ने र सो परियोजना सञ्चालन गर्न इच्छुक प्रवर्द्धकसँग १ महिनाभित्र प्रस्ताव आह्वान गरी आयोगमा जानकारी गराउन ऊर्जा मन्त्रालयका सचिवलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. भोजपुर जिल्लाको सिक्देल खोला जलविद्युत पुनःनिर्माण आयोजनामा भ्रष्टाचार भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६/९/१२ को निर्णय अनुसार नेपाल विद्युत प्राधिकरणका निर्देशक गोविन्द शर्माले आर्थिक अनुशासनको बर्खिलाप गरेको देखिएकोले विनियमावली बमोजिम कारबाही गर्न, उक्त जलविद्युत पुनःनिर्माण आयोजनाका लागि नेपाल विद्युत प्राधिकरणबाट निकासा भएको रु. ५७,७०,०००।- ले अपुग भई जिल्ला विकास समिति भोजपुरबाट अनुदान रु.६ लाख, गा.वि.स.बाट अनुदान रु.२ लाख र उपभोक्ताहरूका तर्फबाट रु.३६,८९,३७८/- उठाई जम्मा रु.९४,५९,३७८/-उपभोक्ता समितिबाट खर्च गरेको भनी बयान र कागजबाट देखिन आएको हुँदा प्राधिकरणबाट निकासा भएको अतिरिक्त उल्लेखित लगानी भएको भनिएको अन्य रकम यकिन गरी खर्च भएको रकम को कसबाट दिनु तिर्नुपर्ने हो, आवश्यक व्यवस्था गरी सो आयोजनाको मर्मतसम्भार तथा सञ्चालनको सम्पूर्ण जिम्मा प्राधिकरणले लिई प्राधिकरणले पाउनुपर्ने लिजको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्ने व्यवस्था गर्न नेपाल विद्युत प्राधिकरणमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. नेपाल विद्युत प्राधिकरणको कर्मचारी सेवा विनियमावली विपरीत बढुवा गर्न (तह ७ मा) लागेकोले सूचना रद्द गरी पाऊँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।८।२९ को निर्णय अनुसार विगतमा स्नातक तहको शैक्षिक योग्यता भएकाहरूबाट खुला प्रतियोगिताबाट तह ६ को पदपूर्ति गर्ने प्रावधान भएकोमा हाल स्नातकोत्तर तहको शैक्षिक योग्यता भएकाहरूबाट तह ७ मा खुला प्रतियोगिताबाट पदपूर्ति गर्ने प्रावधान रहेको पाइएकोले तह ६ को लागि आवश्यक पर्ने प्रमाणपत्र तहको शैक्षिक योग्यता भएका कर्मचारी बढुवाद्वारा तह ६ सम्म मात्र जान पाउने र तह ७ वा सो भन्दा माथिल्लो पदमा बढुवा हुनका लागि न्यूनतम स्नातक तहको शैक्षिक योग्यता आवश्यक पर्ने गरी विद्यमान नेपाल विद्युत प्राधिकरण सेवा नियमावली २०६२ लाई संशोधन गर्ने र बढुवा सिफारिस समितिको मिति २०६५।५।१५ को निर्णयानुसार प्रकाशित तह ७ को बढुवासम्बन्धी सूचनालाई समेत संशोधित शैक्षिक योग्यता लागू गरी पुन बढुवाको सूचना प्रकाशित गर्न नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. नेपाल विद्युत प्राधिकरणमा रिक्त १ र २ तहको स्थायी पदपुर्तिका लागि अन्तर्वार्ता परीक्षामा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।५।२३ को निर्णय अनुसार नेपाल विद्युत प्राधिकरण तह १ र २ को उक्त भर्ना प्रक्रिया हस्तक्षेपमुक्त एवं स्वच्छ, निस्पक्ष तथा पारदर्शी तवरले कानून संगत प्रक्रियाबाट भएको भन्न नसकिदा तत्सम्बन्धी सम्पुर्ण प्रक्रिया वदर गर्न नेपाल विद्युत प्राधिकरण संचालक समितिलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. ऐन नियमको परिधि भन्दा बढी अवधिसम्मका लागि तल्लो मोदीखोला जलविद्युत आयोजनाको विद्युत उत्पादन सर्भेक्षण इजाजतपत्रको म्याद थपी दिएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।७।२९ को निर्णय अनुसार महानिर्देशक रञ्जन लाकौललाई विभागीय कारबाही गर्न र नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद सम्झौता, टेलरेस पानी उपभोग सम्झौता लगायत विद्युत ऐन २०४९ र विद्युत नियमावली २०५० ले व्यवस्था गरेका सम्पूर्ण शर्तहरू पूरा गरी ३० दिनभित्र मनाङ ट्रेड लिंक प्रा.लि.ले आवेदन गरेमा सो प्रवर्द्धकको नाममा विद्युत उत्पादनको अनुमतिपत्र जारी गर्ने प्रक्रिया शुरु गर्न र सो समय सीमाभित्र उक्त ऐन नियम बमोजिमका सम्पूर्ण शर्तहरू निजले पूरा नगरेमा नेपाल सरकारले तल्लो मोदी खोला जलविद्युत आयोजना बोलकबोल प्रथाबाट संचालन गर्न गराउन ऊर्जा मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. चमेलिया आयोजनाका कर्मचारीले काठमाडौमा बसी दुर्गम भत्ता खाएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।११।२७ को निर्णय अनुसार कम्तीमा २० कार्य दिन हाजिर भएपछि मात्र दार्चुलाको वलौचमा पाउने भत्ता दिने भनि नेपाल विद्युत प्राधिकरण संचालक समितिको ४९६ र ४८९ औ बैठकबाट भएको निर्णयको प्रतिकूल हुने गरी भत्ता दिएको भन्ने देखिदा त्यसरी दिइएको भत्ता यकिन गरी निजहरुबाट असुल उपर गर्ने र अब उप्रान्त संचालक समितिको निर्णय अनुसार मात्र गर्न चमेलिया जलविद्युत आयोजनाका आयोजना प्रमुखलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(घ) कानून तथा न्याय मन्त्रालय अन्तर्गत

सार्वजनिक पद धारण गरेको व्यक्ति राष्ट्रसेवक बाहेक अन्य व्यक्तिले नेपालको शैक्षिक संस्थाको नामबाट नक्कली शैक्षिक प्रमाणपत्रको प्रयोग वा कारोवार गरेको तथ्य सम्बन्धित शैक्षिक संस्थामा प्रमाणीकरण गर्ने क्रममा खुल्न जाने गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।३।१८ को निर्णय अनुसार कानून बमोजिम स्थापित विश्वविद्यालय र शिक्षण संस्थाहरूबाट जारी हुने शैक्षिक योग्यताका प्रमाणपत्र वा सोसँग सम्बन्धित कुनै पनि कागजातहरू किर्ते गरेको मुद्दालाई सरकारी मुद्दासम्बन्धी ऐन २०४९ को अनुसूची १ मा समावेश गर्ने प्रबन्ध मिलाउन कानून तथा न्याय मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ङ) गृह मन्त्रालय अन्तर्गत

१. मंगलचन्द्र संखुलिया (शर्मा) भन्ने भारतीय नागरिकले जिल्ला प्रशासन कार्यालय भद्रपुर झापाबाट नेपाली नागरिकता लिए भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।४।३० को निर्णय अनुसार यस विषयमा गृह मन्त्रालयबाटै आवश्यक कारबाही गरी आयोगलाई जानकारी दिन गृह मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. काठमाडौं महानगरपालिका वडा नं. ३ रानीबारीस्थित सामाखुसी किनारमा रहेको सार्वजनिक जग्गा आसपासमा रहेका जग्गाधनीहरूले अतिक्रमण गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१।४ को निर्णय अनुसार काठमाडौं महानगरपालिका वडा नं. ३ स्थित सिट नं. १०२-१८५-२२ को सार्वजनिक जग्गा र कित्ता नं. ८४, १६५, १५२, १५३, २५५, ५१, ५४, ५५, ७३, ४२, ४१, समेतले केही सार्वजनिक जग्गा अतिक्रमण गरेको हुँदा उल्लिखित कित्ता नं. जग्गाका धनीहरूले आफ्नो कित्तामा घुसाई अतिक्रमण गरेको हदसम्मको सार्वजनिक जग्गा सम्बन्धित प्राविधिकहरूद्वारा यकिन गरी गराई अतिक्रमित सार्वजनिक जग्गा सम्बन्धित कित्ता नं. बाट झिकी सार्वजनिकीकरण गरी सो को जानकारी ३ महिनाभित्र आयोगलाई दिन काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. काठमाडौं महानगरपालिका वडा नं. ३४ भीमसेनगोला कात्यायनी मन्दिर आसपासको १०, १२ रोपनी सार्वजनिक जग्गा व्यक्तिले प्रयोगमा ल्याएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।१।८ को निर्णय अनुसार आयोगको निर्णयमा उल्लिखित कित्ता नं. हरूले आफ्नो कित्तामा घुसाएको अतिक्रमण गरेको हदसम्मको सार्वजनिक जग्गा सम्बन्धित कित्ता नं.बाट झिकी प्राविधिकहरूद्वारा यकिन गरी गराई ३ महिनाभित्र आयोगलाई जानकारी दिन काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. महोत्तरी जिल्ला स्थित महेन्द्र आदर्श महिला माध्यमिक विद्यालयका प्रधानाध्यापक विश्वनाथलाल कर्णले आर्थिक एव प्रशासनिक भ्रष्टाचार गरेको भन्ने उजुरीका

सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।३।२३ को निर्णय अनुसार जिल्ला स्थित महेन्द्र आदर्श महिला माध्यमिक विद्यालयको आ व ०६२।६३ को लेखापरिक्षण प्रतिवेदनको अनुसुची १ मा उल्लेखीत रु.१,३७,८७३।- र अनुसुची २ मा रु.३१,६००।- मध्ये रु.३१,०००।- बेरुजु रकम तत्कालीन प्रधानाध्यापक विश्वनाथलाल कर्णबाट र आ.व.२०४४ देखि २०४९ सम्मको लेखापरिक्षण प्रतिवेदन अनुसार रु. १,०१,७३८।२४ बेरुजु रकम तल्कालीन लेखापाल विजय कुमार ठाकुरवाट असुल उपर गर्नुपर्ने भनी देखाईएको हुँदा निजहरुवाट असुल उपर गर्नु पर्ने भनी उल्लेख भएको रकम नियमित वा असुल उपर गर्न गराउन र मिथिला ईन्स्टिच्यूट अफ रिसर्चट्रेनिङ संस्थाले घर भाडा वापत विद्यालयलाई बुझाउनु पर्ने बाँकि रकम रु. ५७,०००।- का सम्वन्धमा ईन्स्टिच्यूटका तत्कालीन संचालकहरु विश्वनाथलाल कर्ण, उमा शर्मा, लेखापाल विजयकुमार ठाकुरकी श्रीमती निलमदेवी यादव तथा मदन मिश्र समेतवाट दामासाहीले असुल उपर गरी कर्मचारी तथा शिक्षकहरुको विगतमा बाँकि रहेको संचयकोष दाखिला गराई सोको जानकारी गराउन जिल्ला प्रशासन कार्यालय महोत्तरीलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. सागर सामुदायिक वन उपभोक्ता समितिका अध्यक्षले समितिको खातामा राष्ट्रिय बाणिज्य वैंक उदयपुरमा रहेको रकम कीर्ते गरी झिकी खाएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६८।१। १३ को निर्णय अनुसार अध्यक्ष टेक वहादुर अधिकारीबाट रु . १,२०,०००।- सचिव दीपक भट्टराईबाट रु.३,५५,०००।- असुल उपर गर्न जिल्ला प्रशासन कार्यालय उदयपुरमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(च) पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत

१. नेपाल वायुसेवा निगमले गर्ने गराउने कामका बारेमा भएको सहमति गर्ने बारेको उजुरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६०।१०।२६ को निर्णय अनुसार विभिन्न ४ बुँदाको कार्यान्वयन सम्बन्धमा कार्यनीति तयार गरी आयोगमा २०६०।११।१ सम्ममा महाप्रबन्धक नेपाल वायुसेवा निगमलाई पेश गर्न लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको टर्मिनल भवनमा रहेका पसलको बक्यौता भाडा असुल उपर गर्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६२/८/६ को निर्णय अनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको मिति २०६२/७/१४ को पत्रमा उल्लिखित प्रतिबद्धता ३ महिनाभित्र सम्पन्न गरी आयोगलाई जानकारी दिन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. त्रिभुवन विमानस्थल नागरिक उड्डयन कार्यालयको स्टोरमा रहेका सामानहरूमा भ्रष्टाचार भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६२।१०।९ को निर्णय अनुसार उल्लिखित त्रुटिहरूका सम्बन्धमा खरिद गरिएका र विभिन्न परियोजनाहरूबाट हस्तान्तरण गरिएका जिन्सी सामानहरूको नियमानुसार निरीक्षण गरी निरीक्षण प्रतिवेदन तयार पार्न र सो प्रतिवेदन तयार पार्दा

परियोजनाहरूबाट खरिद गरिएका सामानहरूको साविक र हालको लगत भिडाई सामान नपुग भए सामान बुझ्ने बुझाउने उत्तरदायी व्यक्ति समेत पहिचान गरी विवरण तयार गर्न, मासिने नासिने सामानहरू र खर्च नहुने सामानहरूको लगत लिई मिन्हा गरी मिन्हा नहुने सामानहरू को कसका जिम्मामा छन् पत्ता लगाई सामानहरूको सोधभर्ना गराउन, नभए कुन कर्मचारी उपर कानूनी कारबाही हुनुपर्ने हो विवरण पेश गर्न, कार्यालयका कर्मचारीहरूको कार्य विवरण लागू गरी उत्तरदायित्व र जिम्मेवारी तोक्न, कार्यालय प्रमुख त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौचरमा विभिन्न किसिमका व्यवस्थापन लगायत अन्य अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।९।१७ को निर्णय अनुसार विमानस्थलमा हाल सञ्चालनमा रहेका ट्याक्सीहरू धेरै पुराना एवं जीर्ण भएकाले यात्रुको सुविधालाई मध्यनजर राखी निजी क्षेत्र समेतसँग छलफल गरी सुविधासम्पन्न ट्याक्सी सञ्चालन गर्नका लागि नेपाल नागरिक उड्डयन प्राधिकरणलाई पहल गराउने, विमानस्थलमा Departure र Arrival का यात्रु एकै ठाउँमा आउने हालको अवस्था सुरक्षा र व्यवस्थापनका दृष्टिकोणबाट उपयुक्त नहुँदा सो अवस्थाको अन्त्य गरी बेग्लाबेग्लै गर्ने कामको थालनी गर्न, हाल विमानस्थलमा रहेको ट्रलीको अभाव र समस्या समाधान गर्न तत्कालै एक हजार थानसम्म ट्रलीको व्यवस्था गर्न अध्यागमन कार्यालय लगायतका उक्त विमानस्थल परिसरमा कार्यरत कर्मचारी र यात्रुहरूको पहिचान तथा सुरक्षाको दृष्टिकोणबाट सम्पूर्ण कर्मचारीहरूको Name Tag तथा युनिफर्मको व्यवस्था आवश्यक हुन्छ तर कतिपय कार्यालयमा तद्नुरूपको व्यवस्था नगरिएको र कतिपय कार्यालयहरूमा यसभन्दा अगाडि नै युनिफर्म तोकिसकेको भए पनि कर्मचारीहरूबाट तोकिए बमोजिमको युनिफर्म लगाएको नपाइएकोले यात्रु र कर्मचारीसमेत छुट्टयाउन कठिनाइ परी सुरक्षामा समेत असर पर्नसक्ने भएकोले Name Tag तथा युनिफर्मको व्यवस्था कडाइका साथ लागू गर्न, विमानस्थलमा रहेको फोहोरले सार्वजनिक स्वास्थ्य, सुविधा र सुन्दरतामा प्रतिकूल असर पर्ने हुँदा शौचालय लगायत विमानस्थल भवन तथा परिसरमा सरसफाइको समुचित व्यवस्था गर्न, VIP Lounge को सरसफाइमा ध्यान दिन, विभिन्न सरकारी तथा गैरसरकारी व्यक्ति एवं सर्वसाधारणहरूलाई विमानस्थल प्रवेशको लागि प्रयोग गरिएका पासहरू वितरण गर्दा सुरक्षा गर्ने निकाय र पास वितरण गर्ने निकाय फरकफरक रहेका कारण सुरक्षाको दृष्टिकोणबाट पासको दुरुपयोग भई सुरक्षा व्यवस्थामा असर पर्नसक्ने अवस्था देखिँदा विमानस्थल कार्यालयबाट वितरण गरिने हालको उक्त व्यवस्थालाई परिमार्जन गरी सुरक्षा निकायसमेतलाई पास वितरण प्रक्रियामा संलग्न गराउन, हाल व्यवस्था गरिएको खानेपानी अप्रयाप्त भएको देखिएको हुँदा सो को पर्याप्त र प्रभावकारी ढंगले व्यवस्था गर्न, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलभित्र जडान गरिएका एयरकण्डिसनर विगत डेढ वर्षदेखि मर्मत सम्भारको अभावमा सञ्चालनमा नरहेको भन्ने बुझिन आएकोले शीघ्र मर्मतसम्भार गरी सञ्चालनमा ल्याउन, ब्यागेज होल्ड एरियामा ढोकाहरूको लक बिग्रिएका कारण मानिसहरू रन-वेसम्म सजिलै पुग्न सक्ने र यसबाट अनपेक्षित समस्याको सृजना हुन सक्ने हुँदा तत्सम्बन्धमा आवश्यक मर्मतसम्भार गर्न, एप्रोनमा एयरलाइन्सका कर्मचारीहरूले ल्फोरेन्स ज्याकेट (टल्कने) लगाउनुपर्ने व्यवस्था पूर्णरूपमा पालना नभई कोही कोहीले मात्र लगाउने गरेकोले यसलाई अनिवार्य गर्न,

विमानस्थलमा कार्यरत लोडरहरूले बिना खल्तीको युनिफर्म लगाउनुपर्ने अन्तर्राष्ट्रिय मान्यतालाई त्रिभुवन विमानस्थलमा तुरुन्त लागू गर्ने, प्रस्थानतर्फ सुरक्षाका विभिन्न निकायहरूले स्क्रिनमा ड्युटी गर्ने तर आगमनतर्फ भन्सारले मात्र हेर्ने हुँदा विभिन्न प्रकारका विस्फोटक पदार्थ एवं लागू औषधहरू समेतको पहिचान गर्न नसक्ने भई राष्ट्रिय सुरक्षामा समेत गम्भीर समस्या आउन सक्ने हुँदा स्थितिको पहिचान गरी आवश्यकता अनुसार आगमनतर्फ समेत सुरक्षा निकायको उपस्थितिमा लगेज चेक गर्ने व्यवस्था लगायत सुरक्षाको पूर्ण प्रत्याभूतिका लागि आवश्यक प्रबन्ध गर्ने र प्रस्थानतर्फ समेत भन्सारलाई सहभागी गराउने, सम्भव भएसम्म सबै क्षेत्रमा सामान्य अंग्रेजी भाषा बोलचाल गर्न सक्ने कर्मचारीहरू खटाउन, सुरक्षामा खटिने प्रहरी कर्मचारीहरूको संख्याको आधारमा आवासको पर्याप्त व्यवस्था गर्ने, पास उपलब्ध गराउँदा चाहिने क्षेत्रको भन्दा बढी क्षेत्रको पास उपलब्ध गराउने कार्य नियन्त्रण गर्ने, अति विशिष्ट व्यक्तिहरूको सुरक्षाको संवेदनशीलता समेतलाई हृदयंगम गरी त्यस्ता व्यक्तिको आवागमनका समयमा विशिष्ट कक्षमा हुने अनधिकृत व्यक्तिहरूको अनावश्यक घुइँचोलाई नियन्त्रण गर्ने, विभिन्न स्थानमा निगरानीको लागि ३२ स्थानमा सि.सि.टि.भि. जडान गरिएकोमा हाल १३ वटामात्र सञ्चालनमा रहेको कारण सुरक्षा निगरानीमा कठिनाइ भएको पाइएकोले यथाशीघ्र सम्पूर्ण सि.सि.टि.भि.सञ्चालनमा ल्याउन र सुरक्षा निकायसँग समेत समन्वय गरी आवश्यक स्थानहरूमा थप सि.सि.टि.भि. जडान गर्ने, टर्मिनल भवनको बाहिर र भित्र रहेका विभिन्न पसल कवलहरूले आफूलाई तोकिएको स्थानभन्दा बढी ठाउँ ओगटी सामानहरू व्यवस्थित गर्न कडाइका साथ रोक लगाउन, घर वा जग्गाको बहालबाट प्राप्त हुने रकम नेपाल नागरिक उड्डयन प्राधिकरणका लागि आय आर्जनको महत्वपूर्ण स्रोत रहेको भए तापनि त्यस्तो भाडामा लगाउने प्रक्रियालाई कानूनसम्मत, स्वच्छ र पारदर्शी बनाई कार्यालयको आय आम्दानी अधिकतम वृद्धि गर्न आवश्यक देखिँदा यस दिशामा नेपाल नागरिक उड्डयन प्राधिकरणले समुचित ध्यान पुऱ्याउन, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलभित्र अवस्थित कार्यालयहरूबीच समन्वयको अभाव देखिँदा प्रभावकारी रूपमा समन्वय कायम गर्ने, विमानस्थलमा हाल विद्यमान रहेका समस्या, अव्यवस्था एवम् कमीकमजोरीहरूको निराकरणका लागि तत्कालीन, अल्पकालीन र दीर्घकालीन योजना तुरुन्त लागू गरी आयोगलाई जानकारी दिन, वैदेशिक रोजगारमा जाने व्यक्तिले टिकट लिँदाको अवस्थामा नै श्रम स्टिकर लगाए नलगाएको हेरी स्टिकर लगाएको अवस्थामा मात्र हवाई टिकट दिने व्यवस्था मिलाउनेतर्फ प्रक्रिया अघि बढाउन पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवलाई र विभिन्न सरकारी तथा गैरसरकारी व्यक्ति एवं सर्वसाधारणहरूलाई विमानस्थल प्रवेशका लागि प्रयोग गरिएका पासहरू वितरण गर्दा सुरक्षा गर्ने निकाय र पास वितरण गर्ने निकाय फरकफरक रहेका कारण सुरक्षाको दृष्टिकोणबाट पासको दुरुपयोग भई सुरक्षा व्यवस्थामा असर पर्नसक्ने अवस्था देखिँदा विमानस्थल कार्यालयबाट वितरण गरिने हालको उक्त व्यवस्थालाई परिमार्जन गरी सुरक्षा निकायसमेतलाई पास वितरण प्रक्रियामा संलग्न गराउन, सर्वसाधारणका लागि व्यवस्था गरिएको प्रस्थान, आगमन र विशिष्ट व्यक्तिहरूका लागि पार्किङस्थल एकै स्थानमा रहेकाले सुरक्षा कार्यान्वयनमा समेत असर पर्नसक्ने भएकाले अलग अलग व्यवस्था गर्ने, रन-वे वरिपरि रहेका सुरक्षा पोष्टहरूमा खटिने कर्मचारीहरूका लागि खानेपानी एवं शौचालयको व्यवस्था गर्ने, पास उपलब्ध गराउँदा चाहिने क्षेत्रको भन्दा बढी क्षेत्रको पास उपलब्ध गराउने कार्य नियन्त्रण गर्ने, TIA ले उपलब्ध गराएको सञ्चार सेवालाई आवश्यकता अनुसार वृद्धि

गर्न र विमानस्थलभित्रको अव्यवस्था एवम् कमीकमजोरीहरूको निराकरणको लागि तत्कालीन, अल्पकालीन र दीर्घकालीन योजना तुरुन्त लागू गरी आयोगलाई जानकारी दिन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय गौचर, काठमाडौंका प्रमुखलाई निर्देशन लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. कर्मचारी र एजेन्सी मिली विभिन्न प्रकारको जालसाजी फायल खडा गरी हानी नोक्सानी पुऱ्याएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।१।६ को निर्णय अनुसार हिमालयन ल्याण्ड ट्रावेल एजेन्सीबाट उठाउन बाँकी रकम र दुबईबाट फर्काएका यात्रुहरूको विषयमा छानबिन गरी रकम उठाउन तथा संलग्न कर्मचारीलाई सिफारिस अनुसार नसिहत दिन नेपाल वायुसेवा निगमलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. तारागाऊँ विकास समितिले कर्मचारी सेवा सर्त नियमावली विपरित कर्मचारीहरुको दरवन्दी कायम गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।११।१५ को निर्णय अनुसार स्वीकृत दरवन्दी भन्दा नबढने गरी कर्मचारीहरुको आन्तरिक एवं खुल्ला प्रतियोगिताद्वारा समितिको विनियममा व्यवस्था भए बमोजिम कर्मचारीहरु नियुक्ति प्रकृया अवलम्वन गर्न तारागाऊँ विकास समितिलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(छ) परराष्ट्र मन्त्रालय अन्तर्गत

१. अविलम्ब शुल्कको रूपमा रकम संकलन गरी दुरुपयोग गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।१२।१७ को निर्णय अनुसार पारदर्शिता, निष्पक्षता, तटस्थता र कूटनैतिक मर्यादा लगायत अन्य आवश्यकीय विषयमा केन्द्रित रही सबै राजदूतहरू तथा नियोगमा कार्यरत पदाधिकारीहरूका लागि आवश्यक आचारसंहिता तयार गरी लागू गर्न परराष्ट्र मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. रामनारायण मुखियाको सव बेपत्ता पारिएको हुँदा पासपोर्ट र नागरिकता दिलाई कारवाहि होस भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६८।२।१० को निर्णय अनुसार मलेशियामा बैदेशिक रोजगारको सिलसिलामा मृत्यु भएका रामनारायण मुखियाकी श्रीमती दुलारी देवीलाई श्रम तथा यातायात व्यवस्था मन्त्रालय र परराष्ट्र मन्त्रालयको समन्वयमा यथाशिघ्र क्षतिपुर्ति उपलब्ध गराई आयोगलाई जानकारी दिन परराष्ट्र मन्त्रालयलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ज) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत

१. मकालु वरुण राष्ट्रिय निकुन्ज संखुवासभाको मध्यवर्ती क्षेत्रको कार्ययोजना काल्पनिक रूपमा तयार गरी गैरसरकारी संस्थाबाट रकम लिई भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६२।१२।९ को निर्णय अनुसार कतिपय मन्त्रालय, विभाग तथा कार्यालयहरूले विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्था लगायत

अन्य अन्तर्राष्ट्रिय संस्थाहरूबाट आर्थिक सहयोग रकम स्वीकार गर्दा भैरहेको कानूनको परिपालन नगरी सोझै सहयोग रकम लिने र आफ्नै खातामा राखी आफूखुसी खर्च गर्ने गरेको अनुसन्धानबाट देखिएकाले यसरी सहयोग स्वीकार गर्दा कानूनी प्रक्रिया अवलम्बन गरी लिने परीपाटी बसाल्न मुख्य सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. विदेशी सहयोगमा सञ्चालित अधिकांश गैरसरकारी संस्थाहरूमा अनियमितता तथा भ्रष्टाचार भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६२।१०। १२ को निर्णयानुसार गैरसरकारी संस्थाहरूबाट सार्वजनिक सरोकारका विषयमा प्रभाव पर्ने गरी कार्य हुने गरेको पृष्ठभूमिमा तिनीहरूभित्र हुने अनुचित कार्य र भ्रष्टाचार नियन्त्रण गर्न सक्ने गरी कानूनी व्यवस्था मिलाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. पाल्पा जिल्लाको रामपुर गा.वि.स.का विभिन्न सार्वजनिक जग्गा अतिक्रमण गरी करिब १७०० घर टहरा निर्माण भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०५८।१२।१ र २०६७।९।२६ को निर्णयानुसार यस सम्बन्धमा आयोगबाट मिति २०५८।१२।१ मा भएको रकम लिइ वितरण गरिएको सार्वजनिक जग्गालाई सार्वजनिक नै कायम गर्ने , सार्वजनिक जग्गा उपलब्ध गराए वापत लिएको रकम निजहरुलाई फिर्ता गरी दिने, त्यसरी वितरण गरिएको सरकारी जग्गाको हकमा प्रचलित कानून अनुरुप नेपाल सरकारबाट उपयुक्त निर्णय गराइ सोही बमोजिम गर्ने । सरकारी जग्गा वितरण गरे वापत उठेको रकमका हकमा नेपाल सरकारले नै आवश्यक निर्णय लिने । अब उप्रान्त यस प्रकार जग्गा वितरण नगर्न नेपाल सरकारबाट आवश्यक निर्णय गरी स्थानीय निकायलाई सार्वजनिक र सरकारी जग्गा वितरण गर्ने कार्य तत्काल रोक्ने व्यवस्था गर्ने र सोको निर्णय कार्यान्वयन गर्न प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयलाई निर्देशन लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(झ) वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत

१. खोटाङ जिल्ला खार्मी गा.वि.स. मा पर्ने सामुदायिक वन अवैध रूपमा कटान गरी भ्रष्टाचार गरे भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६२/७/२४ को निर्णय अनुसार खिसापत्रे सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीबाट बराबरीका हिसाबले हिनामिना भएको रु. २,०९,२८०।- असुल उपर गर्न वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत शाही शुक्लाफाँट वन्यजन्तु आरक्ष क्षेत्रभित्र व्यवसाय सञ्चालन गरे बापत एक ठेकेदारसँग रु. ३,९९,०००। तीन किस्तामा बुझाउने गरी सम्झौता भएकोमा पहिलो किस्ता बुझाएको र दुई किस्ता बापतको रु. २,६६,०००।- र वार्षिक २० प्रतिशतले हुने जरिवाना समेत रु. ३,१९,०००। असुल हुनुपर्ने भन्ने महालेखा परीक्षकको विभागको वार्षिक प्रतिवेदन २०६१ अनुसार असुली नभएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६२/११/२२

को निर्णय अनुसार शाही शुक्लाफाँट आरक्ष अन्तर्गत पर्यटन व्यवसाय सञ्चालन गर्ने साइलेन्ट सफारी प्रा.लि. का प्रो. हिक्मतबहादुर विष्टबाट असुल उपर गर्नुपर्ने आ.व. २०५९/६० सम्मको जम्मा रु. ७,८०,०४१।८५ सरकारी बाँकी सरह असुल उपर गर्न केन्द्रीय तहसिल कार्यालयमा २०६२/१०/१९ मा शाही शुक्लाफाँट वन्यजन्तु आरक्षले लेखी पठाएकोमा केन्द्रीय तहसिल कार्यालयमा लगत कस्ने कार्य बाँकी रहेकोले उक्त प्रा.लि.बाट असुल उपर गर्नुपर्ने रकम प्रचलित कानून बमोजिम लगत कस्न लगाउने कार्य सम्पन्न गरी उक्त प्रा.लि. ले करारनामाको उल्लंघन गरेकोमा सम्झौता बमोजिम गर्नुपर्ने कार्यान्वयनसमेत ३ महिनाभित्र टुंगो लगाई आयोगमा जानकारी गराउन वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. तातोपानी नाकाबाट भन्सार कर्मचारीको मिलेमतोमा जडिबुटी तस्करी गरी राजस्व छलेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।२।२१ को निर्णय अनुसार रक्तचन्दन पक्रिएको/भेटिएको केसमा सबैलाई एकै प्रकारको कारबाही हुनुपर्दछ । रक्तचन्दन तस्करी गर्दा जुन जुन केसमा जो जो संलग्न छन् ती सबैलाई त्यहाँबाट कारबाही गरी आयोगलाई जानकारी दिन वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. बाँके जिल्लाको बैजापुरमा वन कार्यालयको कर्मचारी समेतको मिलिमतोमा करिब ४० करोड मूल्य बराबरका साल सिसौं खयर आदि रूखहरू काटी अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।३।११ को निर्णय अनुसार वन ऐन २०४९ र वन नियमावली २०५१ विपरीत गई संकलन भएको उल्लिखित वन पैदावरहरू प्रतिदिन सडीगली जाने विद्यमान अवस्था रहेकाले वन विभागको माग बमोजिम प्रचलित वन ऐन नियम बमोजिम लिलाम बिक्री वितरण गरी सोबाट प्राप्त रकम धरौटी खातामा राखी आयोगलाई जानकारी दिन महानिर्देशक वन विभागमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. वाणगंगा सिंचाइ आयोजना समेतमा अनधिकृत ठेक्कापट्टा गरी भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।९।६ को निर्णय अनुसार जगदिशपुर जलाशय सीमसार क्षेत्रको व्यवस्थापन र संरक्षण कार्य कुनै पनि निकायबाट भए गरेको नदेखिएकाले उक्त क्षेत्रको व्यवस्थापन र संरक्षण एवं प्रवर्द्धन कार्य गर्न वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. चितवन राष्ट्रिय निकुन्जका कर्मचारीहरूले एकसिङ्गे गैंडाको खाग बिक्री गरी भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।१२।२५ को निर्णय अनुसार कायम मुकायम संरक्षण अधिकृत (हाल सहायक वातावरण अधिकृत) कमलगंज कुँवर र सहायक संरक्षण अधिकृत अणनाथ बराल समेतलाई विभागीय कारबाही गर्न वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. बर्दिया राष्ट्रिय निकुन्ज क्षेत्रमा दर्ता नभई सामुदायिक स्वास्थ्य सेवा सञ्चालन गरी अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।१२।१८ को निर्णयानुसार निकुन्ज सामुदायिक स्वास्थ्य सेवा केन्द्रमा लेखासम्बन्धी कर्मचारीको व्यवस्था गर्न र निकुन्ज सामुदायिक स्वास्थ्य सेवा केन्द्र ठाकुरद्वारा बर्दियालाई कानून बमोजिम दर्ता गर्न राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. जिल्ला कपिलवस्तु धनकौलीस्थित सरस्वती सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीहरूले मनोमानी किसिमबाट रूख कटान गरी अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।२।२६ को निर्णय अनुसार बढी परिमाणमा संकलित सालको काठमध्ये सार्वजनिक विद्यालय मदरसालाई वितरित काठका सम्बन्धमा उक्त वन (सरस्वती सामुदायिक वन) उपभोक्ता समितिबाट आगामी वर्षमा संकलन सहमति माग भएका बखत उक्त परिमाण समायोजन गर्न लगाउन, घाटगद्दीमा मौज्दात रहेको १२९.३३ क्युबिक फिट काठ वन ऐन नियममा भएको व्यवस्था अनुसार जिल्ला वन कार्यालय कपिलवस्तुले जफत गरी कानून बमोजिम लिलामको व्यवस्था गर्न, जिल्ला वन कार्यालयबाट स्वीकृत संकलन सहमतिभन्दा बढी परिमाणमा संकलन गरी लिलाम कागजातको आधारमा लिलाम गरेको देखिएकोले १६२.२२ क्युबिक फिट काठ बराबरको राजस्व रकम उक्त सामुदायिक वन उपभोक्ता समितिबाट नेपाल सरकारको राजस्व खातामा दाखिला गर्न र हाल भैरहेको सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शनमा भएको व्यवस्थाको अतिरिक्त सामुदायिक वनको वन पैदावार संकलन तथा वितरण प्रणालीलाई प्रभावकारी, विश्वसनीय एवं पारदर्शी बनाई विद्यमान विसंगतिलाई हटाउन हाल राष्ट्रिय वनको हकमा लागू भैरहेको प्रकृतिको सामुदायिक वनको वन पैदावार संकलन वितरण निर्देशिका तयार गरी लागू गर्न वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

९. बारा जिल्लाको रतनपुरी रेञ्जपोष्ट अन्तर्गत वन क्षेत्रबाट खयरको काठ चोरी निकासी भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।५।९ को निर्णय अनुसार स्थानीय जनजागृति माध्यमिक विद्यालयको प्राङ्गणमा घाटगद्दी गरी राखिएको १७५ थान अर्थात ५.४५।४९ क्यु.फिट खयरको काठ जिल्ला वन कार्यालय बाराले जिम्मा लिई ३ महिनाभित्र व्यवस्थापन गरी आयोगलाई जानकारी गराउन र उक्त खयर चोरी निकासी भएको समयमा कार्यरत कर्मचारीउपर ३ महिनाभित्र विभागीय कारबाही गर्न सचिव वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१०. संखुवासभा जिल्लाका तत्कालीन जिल्ला विकास समितिका उपसभापति हेमराज घिमिरेले चिचिला वेतवारी सामुदायिक वनका रूखहरू कटान गरी बिक्री गरी सामुदायिक वन उपभोक्ता समूहको सम्पत्ति हानी नोक्सानी गरे बापत समितिले गरेको जरिवाना रु. १,८०,०००।- समितिलाई नबुझाएकोले भरिभराउ गर्ने भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।५।१ को निर्णय अनुसार सामुदायिक वन उपभोक्ता समितिले गरेको जरिवाना रकमलाई वन ऐन, २०४९ तथा वन नियमावली, २०५० बमोजिम आवश्यक कारबाही गरी ब्याज सहित असुल गर्न जिल्ला

वन कार्यालय संखुवासभामा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

११. राष्ट्रिय प्रकृति संरक्षण कोषमा करोडौंको आर्थिक हिनामिना भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।५।१७ को निर्णय अनुसार गैंडा वाइल्ड लाइफ क्याम्पबाट रु. ४९,९७,२४६।४५ असुल उपर गर्न वन तथा भ-ूसंरक्षण मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१२. जिल्ला सिन्धुपाल्चोक तारामराङ्ग गा.वि.स. समेतमा अनुमती भन्दा बढि रुख कटान गर्न छोड पुर्जी दिएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।९।१२ को निर्णय अनुसार लामिडाडा सामुदायिक वनमा संकलन अनुमति भन्दा वढि रुख कटान भएको तारामराङ्ग गा .वि.स.मा नम्वरी आवादी जग्गाको रुख वन कार्यालयको सहमति विना नै कटान गरेको सम्बन्धमा वन ऐन नियम अनुसार कारबाही गर्न जिल्ला वन कार्यालय सिन्धुपाल्चोकलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१३. जिल्ला वन कार्यालय बारा र हलेरीया साझेदारी वन व्यवस्थापन समितिको मिलेमतोमा राष्टिय वन क्षेत्रबाट रुख काटी तस्करी गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६८।३।१२ को निर्णय अनुसार प्रस्तुत विषय स्थानीय स्तरवाट समाधान हुन नसकेको हुँदा वन विभागबाटै छानविन गरि कटानीको कानूनी आधार समेत हेरी मुद्दा चलाउनु पर्ने अवस्था देखिएमा मुद्दा समेत चलाउने र सोको प्रतिवेदन १५ दिन भित्र आयोगमा पठाउन वन विभागका महानिर्देशकलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ञ) वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत

१. नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा हिनामिना गरी गैरकानूनी फाइदा लिने गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।४।१ को निर्णय अनुसार नेपाल सरकारले विशालबजार कम्पनीलाई दिएको जग्गा बापत मूल्यांकन भएको रु.३९ करोड ६० लाख बराबरको रकमलाई नेपाल सरकारको शेयरको रूपमा परिणत गर्न आवश्यक कारबाही गरी आयोगलाई जानकारी गराउन वाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. विशालबजार कम्पनी लिमिटेडले पसल कवल भाडामा दिँदा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।११।२५ को निर्णय अनुसार विशालबजार कम्पनीको शुक्रपथस्थित भवनको ३४६ वटा पसल कवल बोलपत्र बिना आफू अनुकूलका व्यक्तिहरूलाई कम भाडादरमा बाँडफाँड गर्दै आएको र पसल कवल प्राप्त गरेका अधिकांशले अन्य व्यापारीहरूलाई बढी रकममा पुनः बहालमा दिँदै आएबाट कम्पनीले प्राप्त गर्ने आम्दानी रकम व्यक्ति विशेषले प्राप्त गर्दै आएको हुँदा कम्पनीको प्रचलित विनियमावली २ महिनाभित्र सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुने गरी संशोधन गरी २०६६ श्रावण १ गतेदेखि

अनिवार्य रूपमा बोलपत्र प्रक्रियाद्वारा पारदर्शीरूपमा भाडामा लगाउन विशालबजार कम्पनी लिमिटेडमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. साल्ट ट्रेडिङ कर्पोरेसनका प्रबन्धक ब्रजेशकुमार झाले कालीमाटीस्थित तरकारी तथा फलफूल व्यापार केन्द्रको प्रबन्धक भै काम गर्दा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।११।२६ को निर्णय अनुसार कुनै कारोबार गर्दा गराउँदा प्रचलित नियम कानूनको अधीनमा रही नोक्सानी घटाई नाफा बढाउनेतर्फ आवश्यक नीति एवं संयन्त्र निर्माण गरी व्यवस्थित गर्नुपर्नेमा सो भएको नपाइएकोले त्यस्तो संयन्त्रको निर्माण नै नभै तरकारी केन्द्र खोली लगानी गरी बन्दसमेत गरेको देखिएको तथा कर्पोरेसनबाट गरिने उधारो कारोबारमा समेत कुनै निश्चित नीति बनाई अवलम्बन गरेको नदेखिएकोले अब सोही किसिमको काम गर्दा सो बारेमा यथेष्ट अध्ययन गरी आवश्यक संयन्त्र तथा नीतिको व्यवस्था मिलाई कार्य गर्न गराउन एवं हाल बन्द तरकारी तथा फलफूल आयात निर्यात तथा खरिद केन्द्रबाट गएका उधारो रकमहरूका सम्बन्धमा कडाइका साथ असुल उपर गराई आयोगलाई जानकारी दिन साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ट) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत

१. सडक विभाग अन्तर्गत डिभिजन सडक कार्यालय, दोलखा समेतले नियम विपरीत ल्याप्स, चेयर्स र वेस्ट बापतको रकम भुक्तानी गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६२।१२।१८ को निर्णयानुसार अनियमित रूपमा रकम भुक्तानी दिने कर्मचारी उपर विभागीय कारबाही गरी आयोगमा जानकारी पठाउन र डिभिजन सडक कार्यालय, जनकपुरबाट रु. १३,७६२।६६ र डिभिजन सडक कार्यालय, हेटौंडाबाट रु. १,११,२७७।०६ असुल उपर गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. सार्वजनिक बाटो जग्गा मिचेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।१।१० को निर्णय अनुसार विष्णुमती किनारबाट मापदण्डभन्दा कम सेट व्याक छोडी निर्माण गरिएका सबै घर संरचना प्रचलित कानूनको रीत पुऱ्याई भत्काई निर्धारित मापदण्ड कायम राखी ३ महिनाभित्र आयोगलाई जानकारी दिन काठमाडौं उपत्यका नगर विकास समितिमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. काठमाडौं जिल्ला गोंगबु वडा नं. ४ ख कित्ता नं. ५६५ को जग्गा बढी भएकोले बढी जग्गा सार्वजनिक गराई पाऊँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।५।५ को निर्णय अनुसार सडक डिभिजन कार्यालयले सडक मिचेको सन्दर्भमा कार्यान्वयन गर्न केवल पत्राचार मात्र गरेको साथै काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिले भत्काउने तथा जरिवाना गर्ने गरी गरेको मिति २०५७।८।९ को निर्णय हालसम्म केवल जरिवाना मात्र असुल गरेको र अनियमित रूपमा सडक मिची बनाएको निर्माण कार्य भत्काउनेतर्फ कार्यान्वयन गरेको नदेखिएको हुँदा उक्त निर्णय ३ महिनाभित्र कार्यान्वयन गर्न काठमाडौं उपत्यका

नगर विकास योजना तथा कार्यान्वयन समितिमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. प्राथमिक स्वास्थ्य केन्द्र भिमाद, तनहुँको भवन, डाक्टर क्वाटर तथा स्टाफ क्वाटरको निर्माण कार्यमा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।६।२२ को निर्णय अनुसार इन्जिनियर रविन्द्र बोहोराबाट रु. १,२९,३९९।९५ र ओभरसियर अनन्तराज पौडेलबाट रु. १,२९,३९९।९५ असुल उपर गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. ओखलढुंगा मालपोत कार्यालय भवन निर्माण गर्दा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।३।१५ को निर्णय अनुसार मालपोत कार्यालय भवनको निर्माणका क्रममा प्राविधिक तथा ठेकेदारबाट प्रर्याप्त ध्यान नपुऱ्याएको कारणबाट भवनको स्लावबाट वर्षातको पानी चुहीन गएकोमा उक्त चुवाहट नियन्त्रण गर्ने प्रयोजनका लागि जि.वि.स.को कार्यालय ओखलढुंगाबाट खर्च भएको रु.९८,५००।- ठेकेदार ववि कन्स्ट्रक्सन ओखलढुंगा ९ ले पाउने जुनसुकै रकमबाट असुल उपर गरी नेपाल सरकारको राजस्व खातामा दाखिला गर्न शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय ओखलढुंगामा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. भैरहवा-परासी भुमही सडक खण्डको निर्माण कार्यमा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।९।२० को निर्णय अनुसार भैरहवा-परासी भुमही सडक खण्डको पिच गर्ने क्रममा बाँकी रहेको निर्माण सामाग्रीहरु सफा नगरी सडकको साइडमा ढिस्को जस्तो पारी कतिपय ठाउँमा त्यसै छाडिएको, रोहिणि खोला पूल छेउमा करिव ४ मीटर सडक खोलाले वगाई भत्केकोमा गिट्टि राखिएको, पिच नभएको वाटोमा रहेको पुल र कल्भर्टको joint मा Bumping वढी पाइएको, देवकोटा चोकको आसपासको क्षेत्र भुमहीचोकको आसपासको क्षेत्र र रोहिणि पुल अगाडि देखिएका Fault हरु हाल उक्त सडक DLP अवधिभित्र रहेको देखिदा अविलम्व रुपमा सच्याइ सम्पूर्ण उक्त Fault हरुको निदान गरी गर्न लगाई सडकलाइ दूरुस्त वनाई सो को जानकारी आयोगलाई दिएरमात्र निर्माण कम्पनीलाई भुक्तानी दिइ सडक जिम्मा लिन सडक विभागमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ठ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत

१. सुकुलढोका केदारेश्वर महादेवस्थानको नाममा दर्ता भएको गुठीको जग्गा गुठी संस्थानका कर्मचारीहरूको मिलेमतोमा अनधिकृत व्यक्तिलाई गुठियार कायम गर्न खोजी भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६१/९/२ को निर्णयानुसार गुठी संस्थान ऐन, २०३३ को दफा ३९ बमोजिम जे जस्तो निर्णय गर्नुपर्ने हो गरी ३ महिनाभित्र आयोगलाई जानकारी दिन गुठी संस्थान केन्द्रीय कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. काठमाडौं, ललितपुर र भक्तपुर मालपोत कार्यालयमा रजिस्ट्रेसन पास गर्दा कम राजस्व दाखिला गरी राजस्व मस्यौट गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।४।१६ को निर्णय अनुसार कम राजस्व दाखिला गरी गराई जग्गा रजिष्ट्रेसन पास गर्ने, मस्यौट गर्ने कर्मचारीहरू विरुद्ध विभागीय कारबाही गरी आयोगलाई जानकारी गराउन र नियमानुसार लाग्ने राजस्व रकमभन्दा कम राजस्व असुल हुने गरी लिखत पारित भएका जग्गाको नियमानुसार नपुग राजस्व ३ महिनाभित्र असुल गरी रोक्का रहेका जग्गा फुकुवा गर्ने व्यवस्था मिलाउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. सकुम्बासी समस्या समाधान आयोग मोरङले बिक्री वितरण गरेको जग्गामा अनियमितता भयो भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।२७ को निर्णय अनुसार अनियमित रूपमा मालपोत ऐन २०३४ को प्रतिकूल हुने गरी दर्ता भएको सरकारी जग्गालाई दर्ता बदर गरी सरकारी जग्गा कायम गर्न मातहतको विभाग कार्यालयलाई निर्देशन दिनुपर्ने दायित्व भएको मन्त्रालयले सो नगरी सचिवस्तरबाट भएको रोक्का निर्णयलाई मिति २०५८।११।१५ मा मन्त्रीस्तरीय निर्णय गराई फुकुवा गरी सरकारी जग्गा संरक्षण गर्ने दायित्वबाट पन्छिएको देखिन आएको हुँदा मालपोत ऐन २०३४ को दफा २४ (२) लाई प्रभावकारी कार्यान्वयन गरी कानूनले तोकेको दायित्व पूरा गर्न र जालसाजीपूर्ण कार्यगरी झुट्ठा व्यहोरा पेश गरी गैरसुकुम्बासी गैरअव्यवस्थित बसोबासी र क्षेत्रीय कार्यालय विराटनगरले वितरण नगरेको जग्गालाई तत्कालीन बसोबास प्रशासकको दस्तखतसँग मिल्लोजुल्दो गरी जालसाजी श्रेस्ता पुर्जा पेश गरी अनधिकृत रूपमा जग्गा दर्ता गराएको हुन सक्ने देखिएकोले यस सम्बन्धमा सम्बन्धित मन्त्रालयले कुनै पदाधिकारी तोकी वा समिति गठन गरी यकिन गर्नुपर्ने हुँदा सुकुम्बासी समस्या समाधान आयोग कार्यनीति २०५६ (संशोधन सहितको) दफा ५ र सुकुम्बासी समस्या समाधान आयोग कार्यविधि २०५७ को दफा २१ अनुसार कारबाही गरी सो को जानकारी ६ महिनाभित्र आयोगलाई गराउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. काठमाडौं महानगरपालिका वडा नं.३२ धोबीखोला स्थित कित्ता नं. १४३ को २३ रोपनी जग्गा व्यक्तिहरूले अनियमित रूपमा दर्ता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।८।९ को निर्णय अनुसार उल्लिखित कित्ताहरूमध्ये कुन कुन कित्ता नेपाल सरकारको नाउँमा कायम भइसकेको छ ? सो को विवरण र नेपाल सरकारका नाउँमा कायम गर्न बाँकी रहेका कित्ताहरू उल्लिखित कानूनी व्यवस्था अनुसार नेपाल सरकारका नाममा कायम गर्नेतर्फ कार्यान्वयन गरी सो को जानकारी १ महिनाभित्र आयोगलाई गराउनका लागि मालपोत कार्यालय, डिल्लीबजारमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. पोखरा उपमहानगरपालिका वडा नं.८ पृथ्वीचोकस्थित कित्ता नं.१०४ को करिब ३२ रोपनी जग्गा तिब्बती शरणार्थी वाङ्गे लामाको नाममा दर्ता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।९।२८ को निर्णय अनुसार कित्ता

नं.११५९४ क्षेत्रफल ६-९-२-० जग्गाधनी भृकुटी सुपर मार्केट कम्प्लेक्स प्रा.लि., कित्ता नं. ११५९५क्षेत्रफल १७-९-०-०, जग्गाधनी भृकुटी सुपर मार्केट कम्प्लेक्स प्रा.लि र. कित्ता नं. ११५९६ क्षेत्रफल ७-१०-२-२ जग्गाधनी श्रीमती डेकु लामाका नाममा जग्गाको दर्ता मालपोत ऐन २०३४ को दफा ३२ (ख) र अन्य प्रचलित कानूनका आधारमा बदर गरी नेपाल सरकारको नाममा कायम गरी दुष्परिणाम सच्याउन महानिर्देशक भूमिसुधार तथा व्यवस्था विभागमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. जनकपुरमा पर्ने तोताडी मठरानी पारी मठका गुठीका जग्गालाई नापीको समयमा मठका पुजारी चर्तुरभुज उपाध्यायले रैतान नम्बरी दर्ता गराई अनियमितता गरे भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।१२।११ को निर्णय अनुसार तोताडी मठरानी पाटीका जग्गाको रैतान नम्बरीतर्फको लगत कट्टा गरी साविक बमोजिम दर्ता गरी आयोगमा जानकारी पठाइदिन गुठी संस्थान केन्द्रीय कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. काठमाडौं महानगरपालिका भीमसेन गोलाको कित्ता नं.१९७ को सार्वजनिक पर्ती जग्गा आफ्नो नाममा दर्ता गराउन लागेकोले आवश्यक कारबाही गरी पाऊँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।४।६ को निर्णय अनुसार काठमाडौं जिल्ला भीमसेनगोला वडा नं.१ ख.कित्ता नं.७३ को जग्गा हाल काठमाडौं महानगरपालिका वडा नं.१० सिट नं.१०२–११४७–०२ को हालको कित्ता नं. १७९, १८०, १६१, १६९, ३७१, १६३ को जग्गाभित्र व्यक्तिको जग्गामा घुसेको देखिँदा साविक ७३ नं. कित्ता हालको कित्तामा घुसेको जति क्षेत्रफलको जग्गा सम्बन्धित व्यक्तिहरू समेत बुझी कानूनको रीत पुऱ्याई नेपाल सरकारको नाममा कायम गर्न मालपोत कार्यालय डिल्लीबजारमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. साविक पाटन यनमुगल ६६।५६ नं. लगतमा त्रैलोकघर समेत ६ जनाको नाममा गुठी जनिएको टिकाथली गा.वि.स.वडा नं.१(ख) को कित्ता नं.१२ को क्षेत्रफल ६-४-०-० जग्गा कर्मचारीसँग मिलेमतो गरी फिल्डबुकमा केरी सच्चाई गुठी जग्गा रैकरमा दर्ता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।५।१५ को निर्णय अनुसार नापी अधिकृत भीमबहादुर कार्की, नापी निरीक्षक सत्यनारायण चौधरी, अमिन राजप्रबोध कुमार महासेठ र कार्यालय सहयोगी नातिबाबु सुवेदीलाई विभागीय कारबाही गर्न नापी विभागमा र ललितपुर जिल्ला टीकाथली गा.वि.स.१ (ख) कित्ता नं.१२ को क्षेत्रफल ६-४-०-० जग्गाको मिति २०६५।११।१२ मा बुद्धरत्न शाक्यको नाममा दर्ता हुने गरी मालपोत कार्यालय ललितपुरले गरेको निर्णय कानूनसम्मत नभएकोले उक्त जग्गालाई पूर्ववत निजी गुठी नै कायम गरी दर्तासम्बन्धी कारबाही निष्क्रिय गर्न मालपोत कार्यालय ललितपुरमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

९. बालाजुको सार्वजनिक जग्गा व्यक्ति विशेषले मिच्ने र हडप्ने कार्य गरी व्यक्तिको नाममा गराएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।८।४ को निर्णय अनुसार साविक बालाजु ४ कित्ता नं.४ क्षेत्रफल साविक ४-७-२-० को जग्गा पर्ती भएको देखिएको र पुनः नापी हुँदा उक्त जग्गाको साथमा

कतैकतै भोगको आधारमा आफ्नो नाममा गराएको भए पनि नक्सा सुधार गर्ने एवं रावल आयोगले रोक्का राखेको पाइएकोले उक्त जग्गा हाल सार्वजनिक बाटो चउर एवं कहींकतै व्यक्तिगत रूपमा प्रयोग गर्ने समेत गरेको पाइएको, उक्त साविक बालाजु ४ नं. कित्ता जग्गालाई हालको तथा नापीमा कुन कुन कित्तामा पर्दछ यकिन गरी जग्गा छुट्याई नेपाल सरकारका नाममा कायम गरी १ महिनाभित्र जग्गाधनीको पुर्जाको प्रतिलिपि सहित आयोगमा जानकारी गराउन मालपोत कार्यालय डिल्लीबजारमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१०. काठमाडौं जिल्ला बालुवा गा.वि.स.९ (ख) को जोताहा मोहीलाई खारेज गरी दर्तावालालाई मोही कायम गर्ने गरी निर्णय गरी गुठी संस्थानबाट भ्रष्टाचार भएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।७।२५ को निर्णय अनुसार मुलुकी ऐन अदालती बन्दोबस्तको ३५ नं.बमोजिम क्षेत्राधिकार बाहिर भई कायम रहन नसक्ने देखिएको काठमाडौं जिल्ला बालुवा गा.वि.स.वडा नं.९(ख) कित्ता नं.१७० र ऐ.गा.वि.स.वडा नं.९(३) कित्ता नं.११ का जग्गाहरू कित्ताकाट भै हाल भएका सम्पूर्ण कित्ता नं.का जग्गामा ३ महिनाभित्रमा साविकको जोताहा मोही काले दमाईको नाम कायम गरी सो को जानकारी आयोगलाई गराउन भूमिसूधार कार्यालय काठमाडौँमा र सोही अनुसार आआफ्नो श्रेस्ता सुधार गर्न गुठी संस्थान र मालपोत कार्यालय काठमाडौंमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

११. काठमाडौं जिल्ला साबिक बौद्ध गा.वि.स. वडा नं. ४ क कित्ता नं. ३२ को क्षेत्रफल २-१४-३ हाल नापीमा नगर वडा नं.६ सिट नं. १०२-१०६८-०८ कित्ता नं.६४ को क्षेत्रफल २-१४-३ भएको जग्गा अनियमित तरिकाले दर्ता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।७।९ को निर्णय अनुसार मालपोत कार्यालयबाट भएको हाल साविक नामसारी कानूनसम्मत नभएकोले उल्लिखित दुष्कृतिजन्य निर्णय सच्याई प्रस्तुत विवादको सक्कलै फाइल मोही तेरोमेरोको विवादको टुंगो लगाउन भूमिसुधार कार्यालयमा पठाउन प्रशासक, गुठी संस्थान केन्द्रीय कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१२. काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २९ बस्ने बत्तिनानी प्रधानले साविक काठमाडौं महानगरपालिका वडा नं. २९(क) मा आफ्नो नाममा जग्गाधनी प्रमाणपुर्जा कायम भएको कित्ता नं. १७७ र १७८ क्षेत्रफल ०-१०-० र १-१०-० नम्बरी जग्गा नयाँ नापीपछि मालपोत र नापी कार्यालयबाट हाल साविक गरी नदिएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६/९/१६ को निर्णय अनुसार नेपाल सरकारले कसैलाई भोगाधिकार दिएको भए व्यक्तिको जग्गामा अर्काको भोगाधिकार रहन नसक्ने हुँदा र भोगाधिकार फिर्ता गर्न सकिने नै हुँदा मालपोत ऐन तथा नियमको अधीनमा रही निवेदिकाको जग्गा हाल साविक गरी दिन, सेवाग्राहीको गर्न मिल्ने काम समयमै गरिदिने गर्न नमिल्ने वा अर्कै निकायले गर्नुपर्न भए सो को जानकारी गराउनुपर्नेमा मालपोत कार्यालय डिल्लीबजार र नापी शाखा डिल्लीबजारका तत्कालीन कार्यालय प्रमुखहरूले त्यस्तो गरेको देखिन नआएको हुँदा निजहरूलाई सख्त ध्यानाकर्षण गराउने र ३ महिनाभित्र हाल साविकको टुंगो लगाई आयोगलाई जानकारी गराउन मालपोत कार्यालय डिल्लीबजारमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१३. कास्की जिल्ला अर्धौढले पिपल देउमाडी ठूलाकोटमा अवस्थित भैरव गुठीको करिब ४९ रोपनी गुठी तैनाथी जग्गा सम्बन्धित गुठीको नाम जग्गाधनी महलमा कायम राखी गुठी तैनाथीमा दर्ता गर्नुपर्नेमा गुठियार मधुमाया योगीलाई मोही कायम गर्ने गरी गुठी संस्थानबाट निर्णय भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।८।२६ र २०६६।९।१३ को निर्णय अनुसार उप-प्रशासक दीपकबहादुर पाण्डेलाई विभागीय कारबाही गर्न भूमिसुधार तथा व्यवस्था विभागमा र गुठी संस्थान केन्द्रीय कार्यालयबाट निर्णय गर्दा गुठी संस्थानको हकहितलाई ध्यानमा नराखी कित्ता नं.२२२, १०३, १२३, १७१, १७२, १९२, १९३ र १९४ का जग्गाको मोही महलमा मधुमाया योगीको नाम श्रेस्ता र पुर्जामा कायम गर्ने गरी गरेको निर्णय सर्वोच्च अदालतको प्रतिपादित सिद्धान्त तथा गुठी संस्थान ऐन विपरीत देखिएकाले गुठी संस्थानको २०६६।२।१० को निर्णयमा मधुमाया योगीको नाम उल्लेखित जग्गाको श्रेस्ता र पुर्जाको मोही महलमा कायम गर्ने निर्णय प्रत्यक्ष त्रुटिपूर्ण हुँदा दुष्कृति सच्याउन र कानूनी सल्लाहकारद्वय सुश्री अंजिता खनाल र सोमराज तिम्सिनाको करार समाप्त गर्न सञ्चालक समिति गुठी संस्थानमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१४. काठमाडौं जिल्ला चपली भद्रकाली गा.वि.स.वडा नं.७ (ग) कित्ता नं.२७४, २७७, २८७ र २८८ समेतका जग्गाहरूको नामसारीसम्बन्धी निवेदन उपर कुनै कारबाही नै नगरी गोपाल थापाको नाममा एकतर्फी नामसारी गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।९।१६ को निर्णय अनुसार काठमाडौं जिल्ला चपली भद्रकाली गा.वि.स.वडा नं.७(ग) कित्ता नं.२७४, २७७, २८७ र २८८ समेतका जग्गाहरू मालपोत कार्यालय चाबहिलको साविक श्रेस्तामा दर्ता बाँकी जग्गा देखिएको, उल्लिखित दर्ता बाँकी जग्गालाई मालपोत कार्यालय चाबहिलबाट कृत्रिम नामसारी मिसिल नं.९३।०६५।१०।२६ को निर्णयले गोपाल थापाको नाममा श्रेस्ता कायम गरी प्रमाणित गरेको समेत देखिएकोले कृत्रिम नामसारी मिसिल नं. र मितिबाट गोपाल थापाको नाममा कायम भएको उल्लिखित जग्गाको श्रेस्ता कायम रहन नसक्ने भएकोले गोपाल थापाको नामको उल्लेखित श्रेस्ता बदर गरी साविक बमोजिमको दर्ता बाँकी श्रेस्तामा कायम राखी सो को जानकारी आयोगलाई गराउन र मालपोत कार्यालय चाबहिलको कृत्रिम मिसिल नं.र मितिबाट नामसारी भएका उपरोक्त कित्ता नं. २७४, २७७, २८७ र २८८ का जग्गाको नामसारी दर्ता गैरकानूनी देखिएकोले कानूनसम्मत तरिकाले दर्ता नभएसम्म रोक्का राख्न मालपोत कार्यालय चाबहिलमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१५. गुठी सस्थान केन्द्रीय कार्यालयका उपनिर्देशक दिपकबहादुर पाण्डेले गुठी संस्थानलाई हानी नोक्सानी पुऱ्याएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।२।२६ को निर्णय अनुसार उपप्रशासक दिपकबहादुर पाण्डेलाई विभागीय कारबाही गर्न गुठी संस्थान केन्द्रीय कार्यालयलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१६. नापी कार्यालय चावहिलका कार्यालय प्रमुख राम विनय कुमार सिंह समेतको मिलेमतोमा सार्वजनिक जग्गाको नक्शा सच्याइ अनियमित कार्य भएको भन्ने

उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।४।६ को निर्णय अनुसार सरकारी सार्वजनिक दर्ता भैसकेको जग्गालाई सरकारी कायम गर्नुका साथै गलत काम गर्ने कर्मचारीहरु उपर नापी विभागबाट कारवाही उठान भैसकेको देखिदा निजहरुलाई विभागीय कारवाही गरेको जानकारी आयोगमा पठाउन नापी विभागमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१७. भूमाफीया विरुद्ध कारवाही गर्ने भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।९।२६ को निर्णय अनुसार साविक कलंकी गा.वि.स.वडा नं. ८ (क) कित्ता नं.१७० को ०-१३-१-० रोपनी क्षेत्रफलको जग्गा सर्भे नापीको फिल्ड बुकमा जोताहा जग्गाधनी तथा किसानको व्यहोरा समेत खाली भै मालपोत कार्यालय कलंकीको दर्ता बाकी श्रेस्ताको मोठ पाना नं. २९७१ मा रहेकोमा उक्त श्रेस्तामा कुनै व्यहोरा उल्लेख नगरी मालपोत कार्यालय कलंकीको मोठ ठेली नं.५ को पाना नं.१२६२ मा धर्म महर्जनको नाममा मिति २०३६।१०।२९ को निर्णयबाट दर्ता भएको भन्ने कैफियत लेखि दर्ता भएको देखिएको र मालपोत कार्यालय डिल्लीवजार काठमाडौंबाट प्राप्त मिति २०६६।११।२६ र २०६७।८।७ को पत्र, राय किताव, तामेली दर्ता रजिष्टरको प्रतिलिपि एवं संकलित मिसिल संलग्न कागजात प्रमाणबाट उक्त कि.नं.१७० को जग्गा कानूनी प्रक्रिया पुरा गरी धर्म महर्जनको नाममा दर्ता गर्ने गरी मिति २०३६।१०।२९ मा निर्णय भएको नदेखिएको र दुषित कार्य गर्ने कर्मचारीको पहिचान समेत हुन नसकेकोले उक्त कि.नं.१७० को जग्गाको दर्ता सम्बन्धमा मोठ ठेली नं.५ को पाना नं.१२६२ मा लेखिएको मिति २०३६।१०।२९ को निर्णयले धर्म महर्जनको नाममा दर्ता भएको भन्ने कैफियत व्यहोरालाई वदर गरी श्रेस्ता पुर्जा वनाई नेपाल सरकारको नाममा दर्ता गरी आयोगमा जानकारी पठाउन मालपोत कार्यालय कलंकीलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१८. किर्ते विल भरपाई वनाई लाखौं खाएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।११।२२ को निर्णय अनुसार गुठी संचालन सहयोग समितिका अध्यक्ष मनोज कुमार शाहले गाडी मर्मत गराउन पेश्की लिएको रु४०,०००।- तुरुन्त फछ्यौंट गराउन र फछ्यौंटका लागि पेश हुने विल भरपाई यथार्थ कार्य भए अनुरुप हो होइन ? जाचबुझ गरी फछ्यौंट गर्न गुठी संस्थान केन्द्रीय कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१९. कीर्तिपुर न.पा.वडा नं. ६ सामलटोल बस्ने गुरुङ्गचा भन्ने वेखा बहादुर महर्जन जोताहा मोहीको रुपमा कायम रहेको का.जि.पालिफल गा.वि.स.वडा नं. ५ कित्ता नं.१०४ को जग्गा मालपोत कार्यालयका कर्मचारीको मिलेमतोमा गैर कानूनी रुपमा सिद्धि बहादुर महर्जन समेतको नाममा दर्ता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।१२।९ को निर्णय अनुसार नापी अधिकृत दुर्गा दास महर्जन हाल नापी कार्यालय पर्सालाई विभागीय कारवाही गर्न र छोरा वडा सचिव भई आमाको नाममा जग्गा दर्ता गर्ने सिफारिस गरी आफ्नो आमाको नाममा सवुत प्रमाण नपुग्ने उक्त विवादित जग्गा (पालिफल गा.वि.स ५स्थीत कि.नं.१०४) दर्ता गराएको देखिएकोले वदर गरी कानून बमोजिम दर्ता सम्बन्धी काम कारवाही गर्ने व्यवस्था मिलाउन भूमिसुधार तथा व्यवस्था मन्त्रालय लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२०. भक्तपुर जिल्ला सुडाल गा.वि.स वडा नं.४क कि.नं.२५१ र २५२ को सरकारी सार्वजनिक जग्गा भक्तपुर स्थित गुठी संस्थान शाखा कार्यालयबाट जंगम मठ गुठीको नाममा दर्ता गरी स्थानीय व्यक्तीको नाममा मोही कायम गरी हिनामिना गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।११।१३ को निर्णय अनुसार उपरोक्त भक्तपुर जिल्ला सुडाल गा.वि.स वडा नं.४क कि.नं.२५१ र २५२ क्षेत्रफल क्रमश २४-८-०-० र ४६-८-०-० रोपनी जग्गा २०२१ सालको नापीमा पर्ती भनि जनिएको सरकारी सार्वजनिक जग्गा जनिई हाल सम्म सरकारी सार्वजनिक भनी श्रेस्ता कायम भएको साथै सरकारी कार्यालयमा आधिकारीक निर्णयको मिसिल श्रेस्ता नभएको एवं परम्परा देखिनै कमाई व्यक्ति विशेषको जग्गा रहेको भन्ने पुष्टि हुन नआएको हुँदा उल्लेखित जग्गाहरु मालपोत ऐन २०३४ को दफा २४(२) बमोजिम नेपाल सरकारको नाममा कायम गर्न अविलम्ब निर्णय गरी सोको जानकारी आयोगलाई दिन मालपोत कार्यालय भक्तपुरलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२१. बालाजु गा.वि.स. वडा नं.९(ख) कि.नं.९० को १-१०-० रोपनी क्षेत्रफल को जग्गा अनियमित तरिकाले सम्बन्धित व्यक्तिको नाममा दर्ता सम्बन्धी कारवाही गरेकोले छानविन गरी पाउ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।१२।९ को निर्णय अनुसार यस सम्बन्धमा कानून वमोजिम गरी त्यसको जानकारी आयोग लाई दिन मालपोत कार्यालय डिल्लीवजार लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२२. पोखरा उप महानगरपालिका वडा नं.१ अन्तरगत पर्ने साविक कि.नं.१७६१ को केही सार्वजनिक जग्गाको बाटोलाई अनियमित तवरले व्यक्तिको नाममा दर्ता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।१२।१५ को निर्णय अनुसार पोखरा उप महानगर पालिका वडा नं.१ को साविक कि.नं.१७६१ को ६-१३-३ रोपनी क्षेत्रफलको साविक सार्वजनिक बाटो कायम भएको जग्गा मिति २०४४।९।१९ मा मालपोत कार्यालय कास्कीका तत्कालिन कार्यालय प्रमुख पुष्पराज उपाध्याय समेतको मिलेमतोमा पोखरा उप महा न.पा.वडा नं.१ बस्ने छविलाल चापागाईको नाममा ०-०-२.५ रोपनी जग्गालाई ०-०-१.५ रोपनी क्षेत्रफल बढाइ ०-१-० रोपनी जग्गा कायम गरी दर्ता गरेको देखिएकोले उक्त जग्गा साविक देखि सार्वजनिक बाटो कायम भई रहेको हुँदा आवश्यक प्रकृया पुरा गरी सरकारी सार्वजनिक कायमगरी सोको जानकारी आयोगलाई दिन मालपोत कार्यालय र नापी कार्यालय कास्कीलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२३. नरसिं गा.वि.स. ३ सुनसरी वस्ने रामानन्द महतोले र.नं.१४६०७ मालपोत कार्यालय सुनसरीबाट रजिष्ट्रेशन गरी शम्भुभक्त श्रेष्ठबाट खरिद गरेको जग्गाको क्षेत्रफल नमिलेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।६।४ को निर्णय अनुसार यसमा कि.नं.१६०७ को जग्गा रजिष्ट्रेशन पास गरी लिएकोमा सो रजिष्ट्रेशन गरी लिएको जग्गाको क्षेत्रफल नमिलेको भन्ने समेत विवाद देखिएकाले नापी कार्यालयबाट पहल गरी साविक जग्गा धनी र हाल खरिद कर्तालाई समेत झिकाई रजिष्ट्रेशन बमोजिमको जग्गाको क्षेत्रफल सम्बन्धि समस्या समाधान गर्न

नापी कार्यालय सुनसरीमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२४. नापी कार्यालय डिल्लीबजार काठमाडौका प्रमुख नापी अधिकृत नारायण चौधरी समेतले साविक नगर २८(ख) कि.नं.१८२ लाई कि.नं.१८३ कायम गरी हाल साविक गरी भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।१२।१३ को निर्णय अनुसार दोहोरो श्रेस्ता भएको कि.नं.१८२ का हकमा कानून बमोजिम दोहोरो श्रेस्ता मिलान गर्नुपर्ने हुँदा दोहोरो श्रेस्ता के कसरी तयार भयो ? दोहोरो श्रेस्ता तयार गर्ने क्रममा को को कर्मचारी संलग्न भएका थिए? दोहोरो श्रेस्ता तयारका क्रममा सरकारी कागजात किर्ते भएको छ छैन ? सो समेत यकिन गरी १ महिना भित्र दोहोरो श्रेस्ता मिलान गर्ने कार्य र सरकारी कागजात कीर्ते गर्ने कर्मचारीहरु उपर कानून बमोजिम कारवाही गर्न जिल्ला प्रहरी कार्यालय हनुमान ढोकामा लेखि पठाई कारवाहीको जानकारी आयोगमा पठाउन मालपोत कार्यालय डिल्लीवजारलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२५. भक्तपुर नगरपालिका वडा नं ११ कि.नं.१८७ क्षेत्रफल ०-१-०-१ रोपनी को गुठीको घरजग्गा व्यक्तिको नाममा दर्ता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६८।१।१६ को निर्णय अनुसार भविष्यसम्म पुजाआजा र धर्म परम्परालाई निरन्तरता कायम गर्न उक्त घरजग्गालाई गुठि नै कायम गर्नपर्न भएकाले गुठी संस्थान ऐन २०३३ को दफा २५(४) को आधारमा उक्त ऐनको दफा ३९(१) बमोजिम भक्तपुर नगरपालिका वडा नं ११ कि.नं १८७ क्षेत्रफल ०-१-०-१ रोपनीको घरजग्गा भद्रकाली गुठीको रोटी पकाउने घरको कायम गरी गुठीमा दर्ता गर्न गुठी संस्थान केन्द्रिय कार्यालयलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ड) महालेखा नियन्त्रक कार्यालय अन्तर्गत

१. जिल्ला विकास समिति दार्चुला अन्तर्गत DRILP आयोजनामा स्थानीय विकास अधिकारी दण्डपाणि बरालले भ्रष्टाचार/अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।११।१९ को निर्णय अनुसार सहलेखापाल केशवराज भट्टलाई विभागीय कारबाही गर्न महालेखा नियन्त्रकको कार्यालय दार्चुलामा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. प्राथमिक स्वास्थ्य केन्द्र भिमाद, तनहुँको भवन, डाक्टर क्वाटर तथा स्टाफ क्वाटरको निर्माण कार्यमा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।६।२२ को निर्णय अनुसार लेखापाल ज्ञानराज भट्टराईबाट रकम रु. १,९२,५५९।- असुल उपर गर्न महालेखा नियन्त्रकको कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ढ) महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत

१. नेपाल रेडक्रस सोसाइटीले रक्त सञ्चार केन्द्रका लागि किट्स केमिकल खरिद गर्दा भ्रष्टाचार भयो भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको

मिति २०६१।११।१४ र २०६२।५।१६ को निर्णय अनुसार टेण्डर स्वीकृत प्रक्रियामा भएको अनियमितताबाट नेपाल रेडक्रस सोसाइटीलाई नोक्सान पर्न गएको रु १९,१७,५००।- का सम्बन्धमा नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यसमितिको बैठकमा पेश गरी केन्द्रीय कार्य समितिबाट भएको जानकारी ३ महिनाभित्र आयोगमा पठाउन अध्यक्ष नेपाल रेडक्रस सोसाइटीमा र नेपाल रेडक्रस सोसाइटी र यस्तै राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका गैरसरकारी संघसंस्थालाई आर्थिक अनुशासनमा बाँधी नियमन गर्ने कुनै निकाय भए आयोगलाई जानकारी दिने, नभए शीघ्र कानूनी व्यवस्था गर्न मन्त्रिपरिषद्मा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. समाज कल्याण परिषद्मा विभिन्न अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।१।१० को निर्णय अनुसार नियममा स्पष्ट नभएको कार्यरत सेवाभन्दा अलग्गै सेवाको पदमा बढुवाको लागि उम्मेदवार बनाउने कार्य कानूनसम्मत नदेखिएकोले नियममा व्यवस्था गरेर मात्र कार्यान्वयन गर्न, कुनै पदका लागि निर्धारण गरिने न्यूनतम शैक्षिक योग्यता नियमावलीमा व्यवस्था गरी तोक्न, रिक्त पदमध्ये खुला वा बढुवाबाट के कति पद कति कति अवधिमा पूर्ति गर्ने भन्ने पारदर्शी रूपमा नियममा व्यवस्था गर्न, नगद सहायता रकम वितरण गर्दा स्पष्ट र पारदर्शीको आधार निर्माण गर्न, निष्पक्ष रूपमा वितरण गर्ने व्यवस्था मिलाउन, कोषका पदाधिकारीलाई उपलब्ध गराउने सुविधाको हकमा प्रचलित कानून बमोजिम पाउने भए मात्र कानूनले तोकेको सुविधा उपलब्ध गराउने अन्यथा त्यस्तो रकम उपलब्ध नगर्ने व्यवस्था गर्न र समाज कल्याण परिषद् कार्य सञ्चालन समितिको मिति २०६४।११।१० को निर्णय तथा मिति २०६४।११।१२ को सम्झौता अनुसार घरभाडामा ७५ प्रतिशतले छुट दिने गरी भएको सम्झौता रद्द गरी घरजग्गा भाडामा लगाउनुपर्दा विद्यमान सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुकूल हुने गरी व्यवस्था मिलाउन समाज कल्याण परिषद्मा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ण) युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत

१. नेपाल एमेच्योर एथलेटिक्स एसोसिएसन संघका तत्कालीन अध्यक्ष रुक्मशमशेर राणा समेतले संघको रकम दुरुपयोग गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।९।१४ को निर्णय अनुसार नेपाल एमेच्योर एथलेटिक्स एसोसिएसन (NAAA) को नियमानुसार लेखापरीक्षण गराई कानून बमोजिम छानबिन तथा कारबाही गरी आयोगमा जानकारी गराउन राष्ट्रिय खेलकुद परिषद्मा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. नेपाल क्रिकेट संघले पिच रोलर एवं क्रिकेट खेल सामग्री खरिद गर्दा लाखौं रुपैयाँ रकम घोटाला गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।१०।५ को निर्णय अनुसार (आयोगको पूर्व निर्देशन मिति २०६५।४।६ को निर्णय) प्रचलित खेलकुद विकास ऐनमा भएका प्रावधानसमेतका आधारमा प्रस्तुत उजुरीका सम्बन्धमा आवश्यक छानबिन तथा कारबाही गर्न राष्ट्रिय खेलकुद परिषद्मा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. राष्ट्रिय खेलकुद परिषद् अन्तर्गतको स्नुकर हाउस र चमेनागृह भाडामा दिने कार्यमा अनियमितता गरेको भन्ने भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।७।९ को निर्णय अनुसार काठमाडौं स्पोर्टस क्लबलाई परिषद्बाट मिति २०५८।७।३ मा सोधभर्ना सापटी फिर्ता गर्ने गरी रु. ७५ हजार निकासा भएकोमा उक्त रकम हालसम्म सोधभर्ना गरेको नदेखिएकोले राष्ट्रिय खेलकुद परिषद्को आर्थिक प्रशासनसम्बन्धी नियमावली २०६२ को परिच्छेद ८ नियम ७९ ले बेरुजु कायम भइसकेको अवस्थामा सोही नियमावलीको परिच्छेद ३ नियम २० ले फछ्यौंटसम्बन्धी व्यवस्था गरेकोले सोही अनुसार गरी ३ महिनाभित्र कारबाहीको जानकारी आयोगलाई दिन राष्ट्रिय खेलकुद परिषद्मा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. सानो गौचरणका सटरहरूको भाडा उठाई काठमाडौं जिल्ला खेलकुद विकास समितिका पदाधिकारीहरूले व्यक्तिगत प्रयोजनमा खर्च गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।९।८ को निर्णय अनुसार पारदर्शी रूपमा प्रतिस्पर्धाको आधारमा नयाँ सम्झौता गरी भाडा लगाउन र समितिको लेखापरीक्षण हुन बाँकी अवधिको शीघ्र लेखापरीक्षण गराउन र तत्कालीन कार्यालय प्रमुख सुधिर प्रसाद पोखरेलबाट रु. ३७,४००।- असुल उपर गर्न काठमाडौं जिल्ला खेलकुद विकास समिति सानो गौचरणमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. राष्ट्रिय खेलकुद परिषदले विद्यालय स्तरीय फुटबल प्रतियोगिता संचालन गर्न रु.१८ लाख पेश्की दिई पेश्की रकम हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।६।४ को निर्णय अनुसार नेपाल फुटवल संघलाई गएको रु.१८ लाख पेश्की लामो समय व्यतित भई सक्दा पनि फछ्यौंट नभएकाले यथाशिघ्र फछ्यौंट गरी/गराई आयोगलाई जानकारी दिन युवा तथा खेलकुद मन्त्रालयका सचिवलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(त) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत

१. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत ९०० जना सि.अ.हे.ब. मध्ये १५ जनालाई अनियमित तरिकाले पदस्थापन गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।९।२ को निर्णय अनुसार मन्त्रीस्तरीय निर्णय अनुसार व्यक्तिगत निवेदनका आधारमा गरिएको १४ सि.अ.हे.ब.को पदस्थापन कानूनसम्मत नदेखिएको र यसबाट सँगै स्तरवृद्धि भएका सि.अ.हे.ब.को पदस्थापन हुने हक कुण्ठित भएको हुँदा पदस्थापनसम्बन्धी मिति २०६५।४।७ को उक्त निर्णय बदर गरी सि.अ.हे.ब. लगायत पदस्थापन हुन बाँकी रहेका सबै कर्मचारीका लागि स्पष्ट आधार सहितको नीति नियम बनाई लागू गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. कोशी अञ्चल अस्पतालले पोषण वार्ड निर्माण गराउँदा आर्थिक ऐन विपरीत अनियमित कार्य भएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।४।१५ को निर्णय अनुसार अब उप्रान्त पेश्की निकासासम्बन्धी प्रावधानको

अनिवार्य पालन गर्न गराउन एवं बाँकी रकम एक महिनाभित्र पेश्की फछ्र्यौंट गर्न गराउन कोशी अञ्चल अस्पतालमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. भेरी अञ्चल अस्पताल विकास समितिले नेपालको अन्तरिम संविधानको भावना विपरीत पदहरू पूर्ति गरी अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।२।१४ को निर्णय अनुसार समितिले पदपूर्ति गर्न सूचना प्रकाशित गर्दा विज्ञापन समावेशी रूपमा ननिकालेको, खुला प्रतियोगिताबाट पदपूर्ति गर्ने सूचनामा परीक्षाको किसिम लिखित समेत हुनुपर्नेमा सो नभएको तथा वान्छनीय योग्यता राखेर पूर्ण प्रतिस्पर्धामा रोक लगाइएको जस्ता प्रक्रियागत त्रुटिहरू देखिएकाले उक्त विज्ञापन बदर गरी नेपालको अन्तरिम संविधान २०६३ को धारा १२६(६) अनुसार गर्न भेरी अञ्चल अस्पताल विकास समितिमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. स्वास्थ्यमन्त्री, राज्यमन्त्री तथा सचिव जस्ता जिम्मेवार पदाधिकारीहरूले प्रचलित स्वास्थ्य ऐन नियमावली विपरीत लामो समय कार्यालयमा अनुपस्थित कर्मचारीलाई हाजिर गराई वा अनियमितता गराएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।३।१५ को निर्णय अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा स्वास्थ्य सेवा विभाग सम्मिलित एउटा कार्यदल बनाई विभागीय सजायसम्बन्धी सिफारिस भई आएका फायलहरू असाधारण बिदा माग भई आएका फाइलहरूमा एउटा निश्चित अवधि तोकी छिनोफानो गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. जनकपुर अञ्चल अस्पतालको करोडौं मूल्य पर्ने महत्वपूर्ण जग्गा व्यापारी प्रयोजनका लागि नेपाल मेडिकल एसोसियन जनकपुर शाखालाई हस्तान्तरण गरी अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।६।२७ को निर्णय अनुसार समितिको निर्णय र शर्त विपरीत स्वामित्व हस्तान्तरण नभएको सरकारी जग्गामा भवन निर्माण गरी संस्थाको आम्दानीका लागि व्यापारिक प्रयोजनमा लगाइरहेको देखिँदा नेपाल सरकारलाई प्रत्यक्ष राजस्व हानी नोक्सानी भइरहेको देखियो, यसर्थ उद्देश्य विपरीत प्रयोग भइरहेको उक्त भवन नेपाल मेडिकल एसोसिएसन जनकपुर शाखालाई तत्काल आफ्नो अधीनमा लिन र अब उप्रान्त उक्त भवनमा रहेका सटरहरूको भाडा दर नियमानुसार कायम गरी भाडा आम्दानी कोषमा नियमित दाखिला गर्न जनकपुर अञ्चल अस्पताल विकास समितिमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. प्राथमिक स्वास्थ्य केन्द्र भिमाद, तनहुँको भवन, डाक्टर क्वाटर तथा स्टाफ क्वाटरको निर्माण कार्यमा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।६।२२ को निर्णय अनुसार डा. पिताम्बर सुवेदीबाट रु.१,९२,५५९।- असुल उपर गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. वीर अस्पतालको एक्सरे विभागमा प्रयोग हुने फिल्म पाताहरू हिनामिना गरी अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।१।२९ को निर्णय अनुसार डार्करुम असिस्टेन शतेन्द्र यादवलाई विभागीय कारबाही गर्न र निजबाट रु. १७,६७,८०१।३० असुल उपर गर्न चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान काठमाडौंमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. २०५९ सालमा जनकपुर अञ्चल अस्पतालको काउन्टरबाट रुपैया लिई फरार भएका मुखिया नारायण राउतलाई अनियमित तरिकाले पुनरवहाली गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।४।२१ को निर्णय अनुसार मुखिया नारायण राउतलाई विभागीय कारबाही गर्न जनकपुर अञ्चल अस्पतालमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(थ) स्थानीय विकास मन्त्रालय अन्तर्गत

१. काठमाडौं महानगरपालिकाले गरेका विकास निर्माण र खरिदमा भ्रष्टाचार भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६०।१०।२ को निर्णय अनुसार लेखापरीक्षणबाट कायम भएको बेरुजु फछ्यौंट गर्ने गराउने दायित्व निकासा दिने अधिकारीको भएको हुँदा २०६१ असार मसान्तभित्र फछ्यौंट गर्न काठमाडौं महानगरपालिकामा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. दोस्रो पर्यटन विकास आयोजना अन्तर्गत पोखरा वातावरण सुधार आयोजनामा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६१/७/१० को निर्णय अनुसार सो आयोजनामा संलग्न अनक कन्स्ट्रक्सनबाट रु. १५,२८,८००।- र सन्तोषी टि.एस.जि. जेभीबाट रु. १७,४२,००१।९२ असुल उपर गर्न पोखरा उपमहानगरपालिकामा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. इन्जिनियर सुरेशहर्ष बज्राचार्यले एकै समयमा अध्ययन र कार्यालयमा काम गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।५।५ को निर्णय अनुसार इन्जिनियर सुरेशहर्ष बज्राचार्यले कार्यालय समयमा अध्ययन गरेको अवधिमा निजले पाएको तलब भत्ता निजबाट असुल उपर गरी नगरपालिकामा जम्मा गर्न र निजले दिवा समयमा अध्ययन गरेको अवधि असाधारण बिदामा कायम गर्न काठमाडौं महानगरपालिकामा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. काठमाडौं महानगरपालिका वार्ड नं.८ का तत्कालीन अध्यक्ष हंशराज कर्माचार्यले नियम विपरीत दुई स्थानमा कार्यरत रही दोहोरो सुविधा लिएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।५।१३ को निर्णय अनुसार तत्कालीन वार्ड नं.८ का अध्यक्ष हंशराज कर्माचार्यले लिएको मोबाइल सेट खरिद पेश्की रु. १५,०००।-र परिवहन पेश्की रु. १५,०००।- समेत जम्मा रु. ३०,०००।- फछ्यौंट भएको नदेखिएकोले उक्त पेश्की रकम यथाशीघ्र फछ्यौंट गरी आयोगलाई जानकारी

दिन काठमाडौं महानगरपालिकामा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. काठमाडौँ महानगरपालिका वडा नं. ३ रानीवारीस्थित सामाखुसी किनारमा रहेको सार्वजनिक जग्गा आसपासमा रहेका जग्गाधनीहरूले अतिक्रमण गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१।४ को निर्णय अनुसार काठमाडौं महानगरपालिका वडा नं. ३ स्थित सिट नं. १०२-०९८५-२२ को सार्वजनिक जग्गा र कित्ता नं. ८४, १६५, १५२,, १५३, २५५, ५१, ५४, ५५, ७३, ४२, ४१, ले समेत केही सार्वजनिक जग्गा अतिक्रमण गरेको हुँदा उल्लिखित कित्ता नं. जग्गाधनीहरूले आफ्नो कित्तामा घुसाई अतिक्रमण गरेको हदसम्मको सार्वजनिक जग्गा सम्बन्धित प्राविधिकहरूद्वारा यकिन गरी गराई अतिक्रमित सार्वजनिक जग्गा सम्बन्धित कित्ता नं. बाट झिकी सार्वजनिकीकरण गरी ३ महिनाभित्र आयोगलाई जानकारी दिन काठमाडौं महानगरपालिकामा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. काठमाडौं महानगरपालिका वडा नं. ३४ भीमसेनगोला कात्यायनी मन्दिर आसपासको १०,१२ रोपनी सार्वजनिक जग्गा व्यक्तिले प्रयोगमा ल्याएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।१।८ को निर्णय अनुसार आयोगको निर्णयमा उल्लिखित कित्ता नं. हरूले आफ्नो कित्तामा घुसाएको अतिक्रमण गरेको हदसम्मको सार्वजनिक जग्गा सम्बन्धित कित्ता नं.बाट झिकी प्राविधिकहरूद्वारा यकिन गरी गराई अतिक्रमित सार्वजनिक जग्गा सम्बन्धित कित्ता नं.बाट झिकी सार्वजनिकीकरण गरी ३ महिनाभित्र आयोगलाई जानकारी दिन काठमाडौं महानगरपालिकामा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. धर्म महर्जन समेतले काठमाडौं महानगरपालिका वडा नं. १५, सार्वजनिक पर्ती जग्गामा अनियमित तरिकाले टहरा निर्माण गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।३।१६ को निर्णय अनुसार उजुरीमा उल्लिखित विपक्षीहरूले उक्त जग्गा आफूले परापूर्वकालदेखि भोगचलन गरी आएको र हाल मालपोत कार्यालय कलंकीमा हालसाबिकको प्रक्रियामा रहेको भन्ने निवेदनमा नै जनाएकाले सो हालसाबिक गर्ने प्रक्रियामा त्यस कार्यालयबाट सिफारिश भएको छ छैन ? साविकदेखिको भोगचलन प्रमाणित गर्ने कार्य भएको छ छैन ? आदि समेत कानूनी प्रमाणको आधारमा पर्ती जग्गा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६ (१) ञ (३) अनुसार कर्तव्य निर्वाह गर्न काठमाडौं महानगरपालिकामा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. उमादेवी श्रेष्ठ काठमाडौं महानगरपालिका १ ले सडक मिची घर निर्माण गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।३।१२ को निर्णय अनुसार मापदण्ड अनुसार नक्सा पास गर्ने र पारित नक्सा अनुसार निर्माण कार्य भए नभएको अनुगमन गरी मिचेर बनाएको भए कानून बमोजिम कार्यान्वयन गर्न काठमाडौं महानगरपालिकामा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

९. काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.२८ बांगेमुडास्थित धार्मिक महत्वको स्थानमण्डपको नामले प्रसिद्ध सार्वजनिक सतल भत्काई केशरीवदन समेतले काठमाडौं महानगरपालिकाबाट नक्सा पास गराई घर निर्माण गर्न लागेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।३।२८ को निर्णय अनुसार उक्त सम्पदाको संरक्षण गर्न काठमाडौं महानगरपालिकामा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१०. जिल्ला विकास समितिको कार्यालय सर्लाहीका तत्कालीन सभापति सूर्यनारायण यादव समेतले नियम विपरीत खर्च गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।०९।१३ को निर्णय अनुसार आ.व.२०६२/०६३ को लेखापरीक्षण प्रतिवेदनबाट चालू खर्चतर्फ इलाका सदस्य १० जनाले लिएको पेश्की रु.२४,०००/- स्थानीय निकाय (आ.प्र.) नियमावली २०५६ को परिच्छेद ८ को नियम ११५, ११६, ११७ र ११९ अनुसार अविलम्ब फछ्यौंट गरी ३ महिनाभित्र कारबाही गरी आयोगलाई जानकारी दिन जिल्ला विकास समितिको कार्यालय सर्लाहीमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

११. जिल्ला विकास समिति कैलालीले मटिया (खुटिया सडक निर्माणमा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।९।९ को निर्णय अनुसार आ.व. ०६३/६४ मा खुटिया (मटियानी ग्रामीण सडक (१० कि.मि.) को सुधार तथा निर्माण गर्न ३ वटा कन्ट्रयाक्ट प्याकेज अन्तर्गत ठेक्का भई अन्तिम भुक्तानी भएकोमा उक्त सडक क्षतिग्रस्त भएको हुँदा Slice-1 अन्तर्गत चे ३+५०० कि.मि.देखि चे. ५+०० कि.मि.सम्मका अधिकांश खण्ड र Slice-2 को चे ५+१२५ कि.मि. तथा चे ६+२०० कि.मि.मा केही खण्ड पुनः क्षतिग्रस्त भएको हुँदा उक्त क्षतिग्रस्त सडक खण्ड तोकिएको कार्यविधि अनुसार जिल्ला विकास समितिको प्राविधिक तथा सुपरीवेक्षणमा ठेकेदारबाट गराउन तथा सो को प्रतिवेदन पठाउन जिल्ला विकास समितिको कार्यालय कैलालीमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१२. महेन्द्र विक्रम शाहले नगर निर्वाचन २०६२ मा गैरकानूनी रूपमा रकम बुझी लिएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।९।१७ को निर्णय अनुसार महेन्द्र विक्रम शाह (शाही) बाट रु.२,२७,४००।- असुल उपर गर्न जिल्ला विकास समितिको कार्यालय काभ्रेपलाञ्चोकमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१३. २०६१ साल माघ १९ गते पछि राजनैतिक दलहरुद्वारा संचालित शान्तिपूर्ण आन्दोलन दवाउन जि.वि.स. मोरंगद्वारा अनियमित रुपमा खर्च गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।३।३१ को निर्णय अनुसार पेश्की लिई फछ्यौंट नगरेका तत्कालिन इलाका सदस्यहरु इलाका नं.१ सदस्य विजय कुमार तिवारीबाट रु. १,०००।-, इलाका नं.४ सदस्य गणेश कुमार भट्टराईबाट रु.१,०००।-, इलाका नं. ५ सदस्य खड्ग वन्जराबाट रु. ४,०००।-, इलाका नं. ६ सदस्य श्याम वहादुर कार्कीबाट रु.५४,०००।-, इलाका नं.१२ सदस्य जय प्रकाश गच्छदारबाट रु.४,०००।-, इलाका नं.१६ सदस्य हरिनारायण चौधरीबाट रु. ४,०००।- र इलाका नं. १७ सदस्य

जयनारायण माझीबाट रु.४,०००।- स्थानीय निकाय (आर्थिक पशासन सम्बन्धी) नियमावली २०५६ को नियम १०२ अनुसार कारवाही गरी सरकारी वाँकी सरह व्याज सहित पेश्की रकम असुल उपर गर्न जिल्ला विकास समिति मोरङ्गमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१४. उच्च स्तरीय छानविन आयोग २०६३ को प्रतिवेदनमा उल्लेख विरगंज उप महानगरपालिकाका तत्कालीन उप प्रमुखले स्वीकृत वजेट भन्दा बढि खर्च गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।४।१० को निर्णय अनुसार तत्कालिन उप-प्रमुख पुरुषोत्तमलाल झाबाट रु.६,८४,३७३।५० असुल उपर गर्न विरगंज उपमहानगरपालिका कार्यालय, पर्सामा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१५. उच्च स्तरीय जाँचबुझ आयोग २०६३ को प्रतिवेदनमा उल्लेख स्थानीय निकायमा भएको अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।९।११ को निर्णय अनुसार नगर निर्वाचन एवं जनपरिचालन लगायतका कार्य गर्न जि.वि.स.कास्कीले आ.व.०६२।६३ मा लिएको पेश्की रु.१,८०,०००। हाल सम्म कायम रहेकाले वेरुजु फछ्यौंटका साथै सम्परीक्षण गर्न वा असुल उपर जे जसो गर्नु पर्ने हो गरी सो सम्वन्धी वेरुजु फछ्यौंट गरी आयोगलाई जानकारी दिन जि.वि.स.कास्कीलाई लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१६. उच्च स्तरीय जाँचबुझ आयोग २०६३ को प्रतिवेदनमा उल्लेख स्थानीय निकायमा भएको अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।९।११ को निर्णय अनुसार जि.वि.स.लमजुङ्गले तत्कालीन श्री ५ को पश्चिमाञ्चल विकास क्षेत्र भ्रमण स्वागतद्वार एवं जनपरिचालन लगायतका कार्य गर्न आ.व.०६२।६३ मा लिएको पेश्की रु.१,४८,०००। लेखापरिक्षण वेरुजु भई सम्परीक्षण समेत नभएकाले सम्परीक्षण, असुल उपर जे जसो गर्नु पर्ने गरी वेरुजु फछ्यौंट गरी आयोगलाई जानकारी दिन जि.वि.स.लमजुङ्गलाई निर्देशन लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१७. ईन्द्रावती खोलाको दहत्तर वहत्तरको टेण्डर गर्दा ठेकेदार र स्थानीय विकास अधिकारी समेतको मिलेमतोमा राजस्व छली क्रसर उद्योग संचालन गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।१०।१९ को निर्णय अनुसार स्था.वि.अ.कृष्ण प्रसाद अर्यालबाट रु.९,६४९।- असुल उपर गर्न र दुवै आ.व.मा ठेकेदारलाई आयकर वुझाउन लगाउने प्रयास नै नगरी ठेक्का सम्झौता एवं कार्यादेश दिने कार्य भएको देखिदा तत्कालिन कार्यालय प्रमुख स्था.वि.अ.लाई सचेत गराउने र सम्वन्धित ठेकेदारबाट ३ महिना भित्र आयकर दाखिला गराउन जिल्ला विकास समितिको कार्यालय सिन्धुपाल्चोकमा र मुल्य अभिवृद्धि कर र आयकरको हकमा आन्तरीक राजस्व विभागले जि.वि.स.को ठेक्का सम्बन्धमा ठुला करदाता कार्यालय र सवै आन्तरीक राजस्व कार्यालयहरुलाई मिति २०६७।९।१२ मा गरेको परिपत्र अनुसार गर्ने गराउने व्यवस्था मिलाउने । जिल्ला विकाससमितिको कार्यालयले आफुले प्राप्त गरेको भुक्तानी विवरण अनिवार्य रुपमा सम्वन्धीत आन्तरीक राजस्व कार्यालयमा पठाउने र आन्तरीक राजस्व कार्यालयले कर ठेकेदारबाट असुल उपर गर्न र

वातावरण संरक्षण ऐन तथा नियमावली वमोजिम वातावरणीय प्रभाव मुल्याङ्कन गरेर मात्र संसदको प्राकृतिक श्रोत साधन समितिले समय समयमा दिएको निर्देशनको अधिनमा रही ढुंगा गिटी वालुवा आदि संकलनको ठेक्का बन्दोबस्त गर्ने व्यवस्था मिलाउनस्थानीय विकास मन्त्रालयलाई लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१८. सार्वजनिक जग्गा मिचि घर वनाएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।५।१५ र २०६७।९।११ को निर्णय अनुसार पोखरा उप महानगरपालिका वडा नं.१ साविक कि.नं.३४२ को आफ्नो जग्गा भित्र क्षेत्रफल र मापदण्ड भित्र घर नवनेको देखिदा प्रचलित ऐन कानुनको परिधि भित्र रही जो जे गर्नु पर्ने हो गरी आयोगलाई जानकारी गराउन निर्देशन र अमिन मदन भण्डारी पोखरा उप महानगरपालिकाको कार्यालयका अमिन मदन भण्डारीलाई आवश्यक कारवाही गर्न पोखरा उप महानगरपालिकामा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१९. कीर्तिपुर न.पा. वडा नं. ६ सामलटोल बस्ने गुरुङ्गचा भन्ने वेखा बहादुर महर्जन जोताहा मोहीको रुपमा कायम रहेको का.जि.पालिफल गा.वि.स. ५ कित्ता नं.१०४ को जग्गा मालपोत कार्यालयका कर्मचारीको मिलेमतोमा गैर कानूनी रुपमा सिद्धि बहादुर महर्जन समेतको नाममा दर्ता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।१२।९ को निर्णय अनुसार वडा सचिव लक्ष्मी बहादुर महर्जनलाई विभागीय कारवाही गर्न स्थानीय विकास मन्त्रालयमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२०. अवकास पछि पनि निरन्तर काम गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।११।२९ को निर्णय अनुसार जिल्ला विकास समिति पर्साका अवकास प्राप्त खरिदार गोविन्द प्रसाद कँडेल अवकास हुने समय व्यतित भईसक्दा पनि सेवारत रहेकाले सम्वन्धीत निकायबाट छानविन भएबाट मात्र अनिवार्य अवकास लिएको देखिएकाले जेजति वढी समय कार्यरत रहि सरकारी रकम लिए खाएको वा दुरुपयोग गरेको हो त्यति रकम निजबाट असुल उपर गरी जिल्ला विकास समितिको कोषमा दाखिला गरि गर्न लगाई आयोगलाई जानकारी दिन जिल्ला विकास समितीको कार्यालय पर्सामा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२१. जिल्ला विकास समितिको कार्यालय सर्लाहिका निमित्त स्थानिय विकास अधिकारी ई राजकुमार गोईतले अख्तियारी भन्दा बढी विविध शिर्षकमा खर्चगरी अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६८।३।२० को निर्णय अनुसार तत्कालिन निमित्त स्थानिय विकास अधिकारी ई. राजकुमार गोईत र लेखापाल राम विनय रायलाई विभागीय कारवाहि गर्न स्थानिय विकास मन्त्रालय र जिल्ला विकास समितिको कार्यालय सर्लाहिमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(द) सामान्य प्रशासन मन्त्रालय अन्तर्गत

घरेलु तथा साना उद्योग कार्यालय काभ्रेपलान्चोकबाट उद्योग दर्ता गर्दा अनियमित कार्य भएको भन्ने उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।३।२६ को निर्णय अनुसार कार्यालय प्रमुख कृष्णबहादुर कार्कीलाई विभागीय कारबाही गर्न सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ध) सुचना तथा संचार मन्त्रालय अन्तर्गत

नेपाल टेलिभिजन संस्थान संचालक समितिको निर्णयानुसार एड एभिन्यूजले संस्थानलाई भुक्तानी गर्न बाँकी रकम रु.७१ लाख भुक्तानी नगरी अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।८।९ को निर्णय अनुसार एड एभिन्यूज लि. वाट नेपाल टेलिभिजनलाई वुझाउनु पर्ने रकम एक महिना भित्र असुल गरी आयोगलाई जानकारी गराउन नेपाल टेलिभिजनलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(न) शिक्षा मन्त्रालय अन्तर्गत

१. त्रिभुवन विश्वविद्यालय अन्तर्गत महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगरका तत्कालीन क्याम्पस प्रमुख उपेन्द्रकुमार कोइरालाले विभिन्न अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०५९।११।२० को निर्णय अनुसार अनियमितता गर्ने उपर कारबाही गरी डा. सूर्यमणी अधिकारीको प्रतिवेदन लागू गर्न उपकुलपति, त्रिभुवन विश्वविद्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. विश्वभाषा क्याम्पस प्रशासन समेतबाट कार्यक्रम सञ्चालन र सामान खरिदमा भ्रष्टाचार भयो भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६१।९।९ को निर्णय अनुसार पेश्की दिएको रकम असुल उपर गरी जानकारी पठाउन त्रिभुवन विश्वविद्यालय रजिष्ट्रारको कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. सप्तरीस्थित राजेन्द्र देवकी निम्न माध्यमिक विद्यालयको आय श्रोत हिनामिना गरी गैरकानूनी तरिकाले खर्च गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।२ को निर्णय अनुसार विद्यालयका प्रधानाध्यापक मुरारी प्रसाद सिंहबाट भएको बेरुजु सम्बन्धमा एक महिनाभित्र टुंगो लगाई आयोगलाई जानकारी दिन जिल्ला शिक्षा कार्यालय सप्तरीमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. वन विज्ञान अध्ययन संस्थान पोखराका डिन अशोककुमार मल्लिकले गाडी खरिद र विद्यार्थी भर्नामा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।२७ को निर्णय अनुसार उपप्राध्यापक शैलेन्द्रनाथ अधिकारीलाई त्रिभुवन विश्वविद्यालय कर्मचारी सेवा शर्त सम्बन्धी नियम २०५०

बमोजिम सेवाबाट बर्खास्त गर्न र ओभर हेड खाताबाट पेश्की लिई फछ्यौंट हुन बाँकी जम्मा रु. ३,१०,२७१।८० मध्ये प्रा.डा. अभय कुमार दासबाट रु. ७,४८२।७०, प्राध्यापक देवनारायण ठाकुरबाट रु. ५,०००।-, सहायक प्राध्यापक अच्युतराज ज्ञवालीबाट रु. १०,४२१।३०, उपप्राध्यापक केशरप्रसाद काफ्लेबाट रु. २०,०००।-, सहायक प्राध्यापक देवेद्रप्रसाद लिगलबाट रु. ३०,०००।-, सहलेखापाल शम्भु राज ढुंगेलबाट रु. १२,०००।-, सहायक प्राध्यापक इश्वरेन्द्र प्रसाद इन्द्रबाट रु.३८,०००।-, सहायक प्राध्यापक अशोक कुमार मल्लिकबाट रु. १०,०००।-, लेखा अधिकृत दिनानाथ जमरकट्टेलबाट रु.९,२६७।७०, उपप्राध्यापक कृष्णमोहन श्रेष्ठबाट रु. ५,०००।-, उपप्राध्यापक श्याममोहन मिश्रबाट रु.३०,०००।-, सहायक प्राध्यापक सुकदेव चौधरीबाट १५,०००।-, कर्मचारी इकाई संघबाट रु.१९,५००।-, सहायक प्राध्यापक समसुहकबाट रु.३०,०००।-, सहायक प्राध्यापक मकबुल हुसेन खाँबाट रु.१०,०००।-, सहायक प्राध्यापक केदारनाथ पौडेलबाट रु.६००।-, उपप्राध्यापक गिरीराज त्रिपाठीबाट रु.१५,०००।-, डा. सफेदराज उद्दिनबाट रु.१२,५००।-, प्र.प्रेमकाजी गुरुङबाट रु.७,५००।-, मे.न्यायदेव खतिवडाबाट रु. १२,०००।-, उपप्राध्यापक राम प्रसाद शर्माबाट रु. १०,०००।-, स.स्टोर किपर देवनारायण यादवबाट रु. १,०००।-, र वन विज्ञान अध्ययन संस्थान कार्यालय खर्चको लागि प्रदान गरिएको जम्मा रु. ३,४०,०००।- मध्ये वन विज्ञान अध्ययन संस्थान सम्पर्क कार्यालयबाट रु.१,००,०००।-, वन विज्ञान अध्ययन संस्थान डिनको कार्यालयबाट रु. १,७०,०००।-, वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पसबाट रु. ७०,०००।- असुल उपर गर्न त्रिभुवन विश्वविद्यालय रजिष्ट्रारको कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. सदस्य सचिव अग्नीप्रसाद काफ्लेले CTEVT का मंगलदास कर्माचार्य, शम्भुप्रसाद भट्टराई, रामधारी यादवलाई परिषद्को नियमावली २०४९ अनुसार ५८ वर्ष पूरा भएका कर्मचारीलाई अवकाश दिनुपर्नेमा नदिई आर्थिक मिलेमतोमा भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।१२।२७ को निर्णय अनुसार समयमै विनियममा भएको संशोधनको जानकारी नगराउने र उमेर पुगेपछि अवकाश नदिने तत्कालीन सदस्य सचिव डा. अग्नि प्रसाद काफ्ले र आफ्नो अवकाश उमेर अवधिको सम्बन्धमा स्वयं जानकारी लिनुपर्ने कानूनी व्यवस्था र त्यस्तो जानकारी प्राप्त गर्न सक्ने अवस्था रहँदा रहँदै अवकाश पत्र नदिएको भन्ने गैरकानूनी आधार बनाई अवकाश हुने उमेर पुगेपछि पनि बढी अवधिमा लिएको तलब भत्ता लगायतका अन्य सुविधाहरू बापतको रकम परिषद्को नियम अनुसार असुल उपर गरी आयोगलाई जानकारी दिन प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्मा र आयोगले निर्णय गरिसकेको विषयलाई अवज्ञा गर्ने मनसायले मिति २०६५।४।१६ का दिन प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को १०० औँ बैठकबाट भएको निर्णय कानूनसम्मत मान्न नमिलेकाले यस सम्बन्धमा आयोगको पूर्व निर्णय बमोजिम १ महिनाभित्र बढी अवधिको तलब खाने कर्मचारीबाटै असुल उपर गर्न, सो हुन नसके निर्णय गर्ने पदाधिकारीबाट ३ महिनाभित्र दामासाहीले असुल उपर गर्न आयोगको मिति २०६५।९।३ को निर्णय अनुसार शिक्षा मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. टेलिफोन एक्चेन्ज बोर्ड, एयर कन्डिसन सेनिटरी मर्मत र भवन निर्माणमा समेत अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।२।१७ को निर्णय अनुसार संयोजक मुरारीनाथ शर्मा समेतको समितिले औल्याएका तथ्यहरू उपर कारबाही गरी आयोगलाई जानकारी दिन त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. रुकुम जिल्लाका निमित्त जिल्ला शिक्षा अधिकारी महेन्द्र कुमार बोहोराले दरबन्दीभन्दा बढी शिक्षक नियुक्ति गरी सरकारी रकम हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।४।२० को निर्णय अनुसार के कति दरबन्दीभन्दा बढी शिक्षक नियुक्ति गरिएको हो ? सो प्रतिवेदनबाट खुल्न नआएकोले कस कसको पालामा कति जना बढी शिक्षक नियुक्ति भएका हुन् सो यकिन गरी दरबन्दीभन्दा बढी शिक्षकलाई तलब भत्ता भुक्तानी दिने पदाधिकारी उपर कानून बमोजिम उक्त रकम असुल उपर गर्न र नियम विपरीत अध्ययन बिदा स्वीकृत गरेको देखिएकोले निमित्त जिल्ला शिक्षा अधिकारीलाई विभागीय कारबाही गर्न शिक्षा मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. त्रिचन्द्र क्याम्पस अन्तर्गत स्व.वि.यु.ले विभिन्न शीर्षकमा आ.ब. ०६५।६६ मा प्राप्त रकम हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।११।१९ को निर्णय अनुसार खर्चसम्बन्धी विषयलाई नियमावलीद्वारा व्यवस्थित गर्न र स्व.वि.यु.कोष विद्यार्थी कल्याणकारी कोष त्रिचन्द्र क्याम्पसबाट के कुन आ.व.मा के कुन पदाधिकारीको कार्यकालमा के कति रकम बढी खर्च भएको हो ? यकिन गरी बढी खर्च भएको रकम तत्तत् पदाधिकारीबाट असुल उपर गर्न त्रिभुवन विश्वविद्यालय उपकुलपतिको कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

९. जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका प्रबन्धक उद्धवप्रसाद गौतमले क्षेत्रीय कार्यालय नेपालगन्ज र अनुगमन कार्यालय जनकपुरमा रहँदा नक्कली कागजातहरू तयार गरी विभिन्न आर्थिक अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१२।४ को निर्णय अनुसार प्रबन्धक उद्धव प्रसाद गौतमबाट रु.१३,४६९।- असुल उपर गर्न जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१०. जिल्ला शिक्षा कार्यालय अछामका जिल्ला शिक्षा अधिकारी र लेखापालले आ.ब.०६१।६२ मा सबैको लागि शिक्षा कार्यक्रम सञ्चालन गर्दा भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।३।३१ को निर्णय अनुसार प्राविधिक सहायक चक्र बहादुर कुँवरबाट रु. ७८,७१९।४७ असुल उपर गर्न जिल्ला शिक्षा कार्यालय अछाम र जिल्ला शिक्षा अधिकारी झंकरबहादुर विष्टलाई विभागीय कारबाही गर्न शिक्षा विभागमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

११. पूर्वाञ्चल विश्वविद्यालयको २०६६।१।३१ मा बसेको विश्वविद्यालय सभाको बैठकले उक्त विश्वविद्यालयमा अस्थायी, करार सेवामा कार्यरत शिक्षकहरू र कर्मचारीहरूलाई

स्वतः स्थायी, स्थायी शिक्षकहरूलाई एकतह स्वतः बढुवा, स्थायी सेवा अवधि पाँच वर्ष पुगेका कर्मचारीहरूलाई स्वतः एक तह बढुवा र दस वर्ष सेवा अवधि पुगेकालाई स्वतः दुई तह बढुवा गर्ने सम्बन्धी प्रस्ताव जबर्जस्ती पारित गरी हाल सो कार्यान्वयन समेत गराएको र अनुचित लाभ लिई एकै रातमा होटलमा बसेर २६ वटा कलेजलाई सम्बन्धन प्रदान गरेको र विश्वविद्यालय केन्द्रीय कार्यालयका लागि नेपाल सरकारले गोठगाउँ मोरङमा प्रदान गरेको नवनिर्मित भवन प्रयोगमा नल्याएको भन्ने समेत उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।५।१५ को निर्णय अनुसार पूर्वाञ्चल विश्वविद्यालयको उक्त नवनिर्मित केन्द्रीय कार्यालय भवनमा सार्ने सम्बन्धी आयोगको मिति २०६५।२।२७ को निर्णय ६ महिनाभित्र कार्यान्वयन गर्न उपकुलपति पूर्वाञ्चल विश्वविद्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१२. मनोहर मा.वि.गोंगबु काठमाडौंको लेखापरीक्षण हुँदा औल्याइएको बेरुजु रकम विद्यालयका प्र.अ.इन्द्र नारायण मल्लिक र लेखापालबाट फछ्यौंट हुनुपर्नेमा नभएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।९।८ को निर्णय अनुसार मनोहर मा.वि.गोंगबुका तत्कालीन प्र.अ.इन्द्रनारायण मल्लिकले नियमानुसार प्राप्त गर्ने पेन्सन पट्टा तथा पेन्सन बापतको रकम रोक्का नराख्ने, प्राप्त लेखापरीक्षण प्रतिवेदन विश्वसनीय नदेखिएकोले सक्षम लेखापरीक्षक नियुक्त गरी पुनः लेखापरीक्षण गराई सो परीक्षणबाट देखिएको बेरुजु रकम प्रचलित कानून बमोजिम सम्बन्धित व्यक्तिहरूबाट असुल उपर गर्न जिल्ला शिक्षा कार्यालय काठमाडौंमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१३. जिल्ला रूपन्देही वोदयार गा.वि.स.८ मा सञ्चालित पशुपति प्रा.वि. ललितपुर पर्सा रूपन्देहीका प्रधानाध्यापक प्रताप नारायण चौधरीले अनियमित रूपमा शिक्षक नियुक्ति गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।१२।२० को निर्णय अनुसार प्रधानाध्यापक प्रताप नारायण चौधरीलाई विभागीय कारबाही गर्न र कानून विपरीत भएको नियुक्ति बदर गरी उक्त राहत कोटा अन्तर्गतको शिक्षक पदमा नियमानुसार विज्ञापन गरी प्रतिस्पर्धा गराई नियुक्ति गर्न जिल्ला शिक्षा कार्यालय रूपन्देहीमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१४. कृषि तथा पशु विज्ञान अध्ययन संस्थान रामपुर क्याम्पसले उप प्राध्यापक पद तह-४ अनावश्यक रुपमा दरवन्दि सृजना गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।३।३१ को निर्णय अनुसार रामपुर क्याम्पसको लागि आवश्यक नै नभएका पदहरु सृजना गरि अपारदर्शि एवं अनियमित तरिकावाट पदपूर्ति करार सेवामा गर्न लागेको भन्ने विषयका सम्वन्धमा रामपुर क्याम्पसका लागि उप प्राध्यापक पद तह ४ को दरवन्दि सृजना गर्नको आवश्यकता र औचित्य विश्लेषण गर्नका साथै उक्तानुसारका पदहरुको पदपुर्ति प्रक्रियामा पारदर्शिता र निश्पक्षता कायम भए नभएको समेतका विषयमा छानविन गरी कुनै अनियमितता वा कमजोरी देखिएमा आवश्यक कारवाही समेत गरि आयोगलाई जानकारी गराउन त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रारलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१५. कविराज राधिका थपलियालाई नेपाल सरकारको छात्रवृत्तिमा चीनमा अध्ययनरत रहेको अवधिमा लोक सेवा आयोगबाट वढुवा शिफारीस गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।६।४ को निर्णय अनुसार शिक्षा मन्त्रालयको मिति २०६५।१२।१५ को निर्णय अनुसार मनोनयन गरी पठाईएकोमा निजले विचैमा एम.डि.अध्ययन छाडि नेपाल सरकारको पुर्व स्वीकृति वेगर नेपाल फर्किएको पुष्टि हुन आएको र यसबाट प्रचलित छात्रवृत्ति ऐन २०२१ को दफा ४(घ) उल्लंघन भएको देखिदा यस्मा प्रचलित छात्रावृत्ति ऐन २०२१ अनुसार कारवाही गरी आयोगलाई जानकारी दिन शिक्षा मन्त्रालयलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१६. त्रिभुवन विश्वविद्यालय अन्तर्गत ललितकला क्याम्पसमा स्नाकोत्तर तहमा भर्ना भएका विद्यार्थीबाट उठाइएको शुल्क अनियमित रुपमा खर्च भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।१।२७ को निर्णय अनुसार त्रिभुवन विश्वविद्यालय रजिष्ट्रारको कार्यालयवाट गठीत छानविन समितिले पेश गरेको प्रतिवेदनले ललितकला क्याम्पसमा संचालित स्नाकोत्तर तहको कार्यक्रमहरुमा स्वीकृति प्राप्त भन्दा वढि संख्यामा विद्यार्थीहरु भर्ना गरेको, क्याम्पस प्रमुखको तोक आदेशमा खर्च गरीएको स्थानीय श्रोतबाट संचालन गर्ने भनीएको कार्यक्रममा विश्वविद्यालयको स्थायी दरवन्दीका शिक्षकहरु समेत उपयोग गरिएको, मालसामान खरिद गर्दा सार्वजनिक खरिद ऐन नियम तथा त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन सम्बन्धि प्रचलित नियमहरुको समेत उचित पालना नगरीएको, आम्दानी खर्चको श्रेस्ता व्यवस्थित नगरीएको एवं उक्त कार्यक्रम अन्तर्गतको आम्दानी खर्चलाई लेखापरीक्षणको दायरामा नल्याईएको भन्ने जस्ता कमी कमजोरी एवं अनियमितता औल्याइएको हुँदा उक्तानुसारका कमी कमजोरी एवं अनियमितताहरु उपर आवश्यक कारवाही गरी आयोगलाई जानकारी पठाउन त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रारलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१७. थापाथली क्याम्पसमा अरिक्तराज तुलाधरलाई दैनिक ज्यालादारीमा हेड असिष्टेन्ट पदमा नियुक्ति गरी कामकाज गराएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।९।२७ को निर्णय अनुसार प्रचलित त्रिभुवन विश्वविद्यालय शिक्षक कर्मचारी सेवा सम्बन्धी नियममा दैनिक ज्यालादारीमा कर्मचारी नियुक्ति गर्न सक्ने प्रावधान नदेखिएको हुँदा निज अरिक्तराज तुलाधरलाइ दैनिक ज्यालादारी हेड असिष्टेन्ट सेवाबाट तुरुन्त हटाउने, दैनिक ज्यालादारीमा नियुक्त अरिक्तराज तुलाधरलाई मिति २०६७।६।२० मा दशै खर्च वापत रु.९,३९५।- भुक्तानी दिएको भन्ने पारिश्रमिक भुक्तानी विवरणवाट देखिएको सन्दर्भमा दैनिक ज्यालादारीमा नियुक्त कर्मचारीलाई दशै खर्च भुक्तानी गर्न मिल्ने नदेखिएकोले उक्त रकम खर्च लेख्ने पदाधिकारीबाट असुल उपर गर्न थापाथली क्याम्पसका क्याम्पस प्रमुखलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१८. पूर्वाञ्चल विश्व विद्यालयवाट सम्वन्धन प्राप्त लिटिल बुद्ध कलेज अफ हेल्थ साईन्सले सम्झौता अनुसार छात्रवृत्ति प्रदान नगरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।११।२ को निर्णय अनुसार लिटिल बुद्ध कलेज अफ हेल्थ साईन्स चावहिल काठमाडौलाई ४ बर्षे व्याचलर अफ फार्मेसी विषयको कार्यक्रम संचालन

गर्नका लागि सम्वन्धन दिदा पालना गर्नु पर्ने शर्त अन्तर्गत बुँदा नं १६ मा पिछिडिएको वर्ग दलित,अल्पसंख्यक महिला तथा अपाङगहरुलाई कुनै पनि शैक्षिक कार्यक्रममा भर्ना भएको अवस्थामा न्यूनतम १ जना र वढिमा २० जनासम्मलाई निःशुल्क शिक्षाको व्यवस्था गर्नु पर्नेछ भन्ने सम्झौतामा उल्लेख भएको देखिएकोले उक्त शर्त सम्वन्धन प्राप्त गर्ने कलेजले पालना नगरेको भन्ने जानकारी हुन आएकोले सम्वन्धन दिदाका शर्त पालना गराउने दायित्व शर्त निर्धारण गर्ने निकायमा रहने हुँदा उक्त शर्त तत्काल अनिवार्य रुपमा पालना गराउन पूर्वाञ्चल विश्वविद्यालय विराटनगरका फ्याकल्टी अफ मेडिकल एण्ड एप्लाइड साइन्सका डिनलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१९. त्रिभुवन विश्वविद्यालय अन्तर्गत सरस्वती वहुमुखी क्याम्पसमा स्थायी सहप्राध्यापक पदमा कार्यरत कृष्ण प्रसाद न्यौपानेले माध्यामिक विद्यालयमा समेत पूर्णकालिन शिक्षक पदमा काम गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।१२।१४ को निर्णय अनुसार सह प्राध्यापक कृष्ण प्रसाद न्यौपानेलाई विभागीय कारवाही गर्न त्रिभूवन विश्वविद्यालय केन्द्रीय कार्यालय, कीर्तिपुरमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२०. त्रिचन्द्र क्याम्पसमा उप प्राध्यापक पदमा कार्यरत शसीधर खनालले विभिन्न अन्य निकायमा पूर्ण कालिन करार शिक्षक भई काम गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।१२।१४ को निर्णय अनुसार उप प्राध्यापक शशीधर खनाललाई विभागिय कारवाही गर्न त्रि.वि.केन्द्रीय कार्यालय किर्तीपुरमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२१. जिल्ला शिक्षा कार्यालय नवलपरासिबाट ठाडो तोक आदेशमा निम्न माध्यमिक विद्यालय तहको राहात कोटामा नियम विपरित खुल्ला प्रतिष्पर्धा नगरी शिक्षक नियुक्ती गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६८।१।१९ को निर्णय अनुसार जीवनज्योती उच्च मा.वि. कावासोति शिव मन्दिर-१ नवलपरासिमा राहत कोटामा नियुक्त लक्ष्मी आचार्यको नियुक्ति प्रकृया अध्ययन गर्दा शिक्षा नियमावली २०५९ (शंसोधन सहितको) नियम ९७ को उप नियम २ द्वारा व्यवस्थित प्रकृया अवलम्वन गरेको देखिन नआएको हुँदा सो नियुक्ती बदर गर्न जिल्ला शिक्षा कार्यालय नवलपरासिलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(प) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत

१. यातायात व्यवस्था कार्यालय बागमती ललितपुरका कर्मचारीले घूस रिसवत लिई लाइसेन्स बनाइदिने गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।४।१९ को निर्णय अनुसार शाखा प्रमुख अर्जुनराज पन्त, शाखा अधिकृत गोकुल खड्का (हाल मुद्रण विभाग), शाखा अधिकृत कृष्णबहादुर कटुवाल, मेकानिकल इन्जिनियर टेकराज बोहरा, नायब सुब्बा कमलराज गौतम, खरिदार बलराम पण्डित, टाइपिष्ट खरिदार रञ्जुसेन ठकुरीलाई विभागीय कारबाही गर्न यातायात व्यवस्था विभागमा र दैनिक झन्डै ६ लाख राजस्व आम्दानी गर्ने र लाइसेन्स वितरण गर्ने कार्यालयका रेकर्ड व्यवस्थित तथा सुरक्षित गर्न Computer Networking को कार्य यथाशीघ्र अवलम्बन गर्न, सवारी चालक अनुमतिपत्रको कार्डमा

Security Thread राखी सुरक्षित तवरले मुद्रित गर्न, पुरानो रेकर्डहरूलाई विशेष प्राथमिकता दिई रेकर्ड अद्यावधिक र Computerized गर्न, सवारी चालक अनुमतिपत्रको परीक्षामा अनुत्तीर्णले ३ महिनासम्म दरखास्त दिन नपाउने, परीक्षा समितिले लिखित तथा ट्रायल परीक्षामा उत्तीर्ण व्यक्तिको उचित अध्ययन तथा Verification पछि मात्र अन्तिम निर्णय गर्न, सवारी चालक अनुमतिपत्रका लागि दरखास्त दर्ता गर्नेहरूको नामावली लिखित परीक्षा हुनुपूर्व प्रकाशित गर्न श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. यातायात व्यवस्था कार्यालय बागमतीबाट सवारी चालक अनुमतिपत्र दिँदा लिइने परीक्षामा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।४।२६ को निर्णयानुसार परीक्षणस्थलको भौतिक स्थिति क्षमता तथा जनशक्तिलाई मध्यनजर गरी सम्बद्ध प्राविधिक समेतको राय लिई परीक्षा लिन सकिने दैनिक समय र संख्या किटान गरी प्रयोगात्मक परीक्षा सञ्चालन गराउने व्यवस्था मिलाउन, प्रयोगात्मक परीक्षा स्थलमा सिसिटिभी तथा मनिटरको व्यवस्था गरी नतिजा रेकर्ड गर्न र परीक्षण दृश्यसमेत अध्ययन गरी परीक्षा समितिबाट निर्णय गर्न, ट्रायल परीक्षामा वास्तविक दक्षता स्पष्ट मापन हुने गरी बहुपद्दति अवलम्बन गर्न रोड टेष्टको माध्यमबाट परीक्षण गर्ने व्यवस्था मिलाउन, अभिलेख व्यवस्थापनतर्फ आगामी पौष महिनासम्ममा सम्पूर्ण अभिलेखहरू कम्प्युटरमा राखी अद्यावधिक गर्ने गराउने व्यवस्था मिलाउन यातायात व्यवस्था विभागमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. रामनारायण मुखियाको सव बेपत्ता पारिएको हुँदा पासपोर्ट र नागरिकता दिलाई कारवाहि होस भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६८।२।१० को निर्णयानुसार मलेशियामा बैदेशिक रोजगारको सिलसिलामा मृत्यु भएका रामनारायण मुखियाकी श्रीमती दुलारी देवीलाई श्रम तथा यातायात व्यवस्था मन्त्रालय र परराष्ट्र मन्त्रालयको समन्वयमा यथाशिघ्र क्षतिपुर्ति उपलब्ध गराई आयोगलाई जानकारी दिन श्रम तथा यातायात व्यवस्था मन्त्रालय लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. रोजगारीको सिलसिलामा सडक दुर्घनामा परि मृत्यु भएकोमा सत्यतथ्य पत्ता लगाई आवश्यक पहल गरि दिनु हुने छ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६८।३।१३ को निर्णयानुसार गरामनी-९ झापाका सन्तोष घिमिरे (राहदानी नं ३८२४५२८) को बैदेशिक रोजगारीको सिलसिलामा दुर्घनामा परी मिति २०६७।७।१४ मा मृत्यु भएकोमा बैदेशिक रोजगार विभागवाट मन्त्रालयमा पत्राचार भएको विषयमा अविलम्व कारवाहि गरी कार्यान्वयनको जानकारी आयोगलाई दिन श्रम तथा यातायात व्यवस्था मन्त्रालय लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. नर्थपोल ओभरिजले नक्कली भिषा बनाई वहराईन पुऱ्याई फिर्ता हुँदा कम्पनिलाई बुझाएको रु.१ लाख ३५ हजारमा रु. ५० हजार फिर्ता गरि बाँकि रकमको बैक खातामा रकम नभएको चेक दिएको हुँदा कारवाहि गरीपाउँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६८।३।२० को निर्णयानुसार उजुरीको विषयमा

कानून बमोजीम तुरुन्त फरफारक गरी गराई सोको जानकारी आयोगलाई गराउन बैदेशिक रोजगार विभागलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(फ) सर्वोच्च अदालत अन्तर्गत

धादिङ जिल्ला पिडा गा.वि.स. वडा नं.८ का विभिन्न व्यक्तिको नाममा रहेको मोटरबाटो नजोडिएको जग्गालाई मोटरबाटो जोडिएको भनी सिफारिस गरिएको आधारमा उक्त जग्गा धितो राखी अभियुक्त छुटेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।९।८ को निर्णय अनुसार धादिङ जिल्ला अदालतका डिठ्ठा खड्गबहादुर श्रेष्ठलाई विभागीय कारबाही गर्न सर्वोच्च अदालतमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

परिच्छेद - १४
तामेली

आर्थिक वर्ष २०६७/०६८ मा आयोगमा पर्न आएका उजुरीहरूमा प्रारम्भिक छानबिन गर्ने क्रममा ऐनको हदम्याद नाघेका, आयोगको अधिकार वा कार्यक्षेत्रभित्र नपरेका, प्रथम दृष्टि (Prima Facie) मै तथ्ययुक्त नदेखिएका, अदालतमा मुद्दा परिरहेका, कुनै कारणले कारबाही गर्न सम्भव नभएका, अस्पष्ट, अधुरा, अपुरा प्रमाणहरू भएका, कुनै तथ्यगत आधार नभएका, व्यक्तिगत रिसइबी साँध्ने खालका, अत्यन्त सामान्य र मामुली विषयका सम्बन्धमा परेका उजुरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम १० बमोजिम आयोगबाट त्यस्ता उजुरीहरू तामेलीमा राख्न सक्ने प्रावधान अनुसार तामेलीमा राखिएका र आर्थिक वर्ष २०६७/०६८ मा विस्तृत अनुसन्धान भई आयोगबाट विभिन्न मितिमा तामेलीमा राख्ने निर्णय भएका उजुरीहरूको विवरण देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

१. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, रोल्पाको वैद्य पदमा कार्यरत चाहना शर्माले मिथिला आयुर्वेद कलेज तथा अनुसन्धान केन्द्र जनकपुरधाममा मिति २०६६।१।२९ मा भर्ना भई मिति २०६६।८।१ देखि मात्र नियमित पढाई सुरु गरेको व्यहोराको मिति २०६७।१।५ को उक्त कलेजको पत्रबाट जानकारी भएको देखिन्छ । निज चाहना शर्माको सम्बन्धमा निजले २०६६ पुस १ गते देखि ४ वर्षको लागि नेपाल स्वास्थ्य सेवा नियमावली, २०५४ को नियम ५४ को उपनियम ३(ख) बमोजिम असाधारण विदा स्वीकृत गराएको भन्ने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं.(७)९६२५ मिति २०६७।३।२२ को पत्रबाट उल्लेख भई आएकोले कानून बमोजिम विदा स्वीकृत गराई अध्ययन गरेको देखिंदा, आयोगको मिति २०६७।४।४ को निर्णयानुसार तामेलीमा राखिएको ।

२. आन्तरिक राजस्व विभागले आ.ब. २०६३।०६४ मा विभिन्न सूचनाहरु विभिन्न पत्रिकामा प्रकाशन, प्रसारण गर्न नियुक्त गरेको मल्टिनेशनल एड्भरटाइजर्सले विभागका कर्मचारीसंग मिलेमतो गरी प्रकाशित सूचनाको साइज भन्दा बढी साइजको विल बनाइ भुक्तानी लिने कार्यगरेको भनि परेको उजुरी निवेदन उपर विस्तृत अनुसन्धान हुँदा, आ.व.२०६३।०६४मा आन्तरिक राजस्व विभागको नामबाट प्रकाशित हुने सूचनाहरु प्रकाशन गर्न मल्टिनेशनल एड्भरटाइजर्सले जिम्मेवारी पाए मुताविक गोरखापत्र, अन्नपूर्ण पोष्ट लगायतका दैनिक पत्रिकाहरुमा उक्त विभागको सूचनाहरु सो एड्भरटाइजर्स मार्फत विभिन्न मितिमा प्रकाशन भइ कानून बमोजिमको कर कट्टी तथा विज्ञापन एजेन्सिले दिएको २५%, १५% र ७% छुट समेत कट्टा गरी मिति २०६४।३।१५ मा रु.५,११,८०२।- र मिति २०६४।३।१९ मा रु.१,४३,७६४।- गरी जम्मा रु.६,५५,५६६।- आन्तरिक राजस्व विभागबाट भुक्तानी लिएको देखिन्छ । गोरखापत्र सस्थानले तयार गरेको Rate Card को Terms and Condition को ११ नं. मा "The fraction of the centimeter will be treated as one full centimeter." भनि उल्लेख भएको र फाइलमा रहेका प्रकाशित सूचनाहरुको साइज हेर्दा विल नं. २१९,२८८ र ३५६ बाहेक अन्य विलहरु उल्लेखित प्रावधान अनुसार नै पेश गरेको पाइएकोले विल नं. २१९,२८८ र ३५६ बाट बढी भुक्तानी लिएको रु.२,३१२।२१ मल्टिनेशनल एड्भरटाइजर्सले राजस्व खातामा दाखिला गरिसकेको रसिद पेश गरेको देखिंदा, आयोगको मिति २०६७।४।१० को निर्णयानुसार तामेलीमा राखिएको ।

३. त्रिभुवन विश्वविद्यालय अन्तरगत भैरहवा बहुमुखी क्याम्पसमा उप-प्राध्यापक पदमा कार्यरत बद्रीनारायण गौतमले त्रिभुवन विश्वविद्यालयको पूर्व स्वीकृती बेगर नै लुम्बिनी बौद्ध विश्वविद्यालय, केन्द्रीय कार्यालयमा सह-प्राध्यापक (करार) पदमा समेत कामकाज गरेको भन्ने समेत व्यहोराको उजुरी उपरको अनुसन्धान प्रतिवेदन समेतका कागजातहरु आयोगको मिति २०६७।३।२० को बैठकमा पेश भई लुम्बिनी बौद्ध विश्वविद्यालयका रजिष्ट्रार खड्गमान श्रेष्ठ र भैरहवा बहुमुखी क्याम्पसका उप-प्राध्यापक बद्रीनारायण गौतमसंग स्पष्टिकरण माग गर्ने निर्णय भए अनुरुप निजहरुबाट पेश भएका स्पष्टिकरणहरु पेश भई छलफल हुँदा, लुम्बिनी बौद्ध विश्वविद्यालयका रजिष्ट्रार खड्गमान श्रेष्ठले पेश गरेको स्पष्टिकरणमा त्रिभुवन विश्वविद्यालय अन्तरगत भैरहवा बहुमुखी क्याम्पसका उप-प्राध्यापक बद्रीनारायण गौतमलाई ४ बर्षकोलागि लुम्बिनी बौद्ध विश्वविद्यालयमा बेतलवी काजमा पठाउन त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रारको कार्यालयमा अनुरोध गर्ने भन्ने लुम्बिनी बौद्ध विश्वविद्यालय कार्यकारी परिषद्को मिति २०६६।१।२ को निर्णय, सोही परिषद्को मिति २०६६।१।३१ को बैठकले रद्ध गरेको हुँदा कार्यान्वयन नगरेको, बद्रीनारायण गौतमलाई लुम्बिनी बौद्ध विश्वविद्यालयको सहप्राध्यापक (करार सेवा) पदमा नियुक्ति गर्ने कार्य आफ्नो स्वविवेकमा नभई तत्कालिन उपकुलपति र कार्यकारी परिषद्को निर्णयानुसार गरेको एवम् लुम्बिनी बौद्ध विश्वविद्यालयमा करार सेवामा रहेका कर्मचारीहरुले करार सेवामा गरी आएको सेवालाई उक्त विश्वविद्यालय सभाको मिति २०६७।३।१९ को बैठकले अनुमोदन गरिसकेको भन्ने समेत उल्लेख भएको देखियो । त्रिभुवन विश्वविद्यालय अन्तरगत भैरहवा बहुमुखी क्याम्पसका उप-प्राध्यापक बद्रीनारायण गौतमले पेश गरेको स्पष्टिकरणमा त्रिभुवन विश्वविद्यालयमा बिगतमा रहेको प्रचलन अनुसार लुम्बिनी बौद्ध विश्वविद्यालयमा दिवा समयमा कामकाज गर्ने स्वीकृतीकालागि भैरहवा बहुमुखी क्याम्पस मार्फत त्रि.वि.केन्द्रीय कार्यालयमा निवेदन पेश गरी लुम्बिनी बौद्ध विश्वविद्यालय, केन्द्रीय कार्यालय, भैरहवामा दिवा सत्रमा काम काज गरेको र उक्तानुसारको कार्यबाट निजको दरबन्दी रहेको भैरहवा बहुमुखी क्याम्पसको काममा कुनै बाधा नपुगेको भन्ने व्यहोराका साथै निजले लुम्बिनी बौद्ध विश्वविद्यालयको सहप्राध्यापक पदबाट दिएको राजिनामा २०६७।२।२५ देखि लागु हुने गरी स्वीकृत भैसकेको भन्ने समेत उल्लेख भएको देखियो । यसमा निज बद्रीनारायण गौतम लुम्बिनी बौद्ध विश्वविद्यालयको सेवाबाट मिति २०६७।२।२५ देखि हटिसकेको भन्ने देखिनुका साथै करार सेवामा रहेका कर्मचारीहरुले करार सेवामा गरी आएको सेवालाई उक्त विश्वविद्यालय सभाको मिति २०६७।३।१९ को बैठकले अनुमोदन गरिसकेको भन्ने समेत देखिएको हुँदा प्रस्तुत बिषयका सम्वन्धमा आयोगबाट थप केही गरिरहनु पर्ने नदेखिंदा आयोगको मिति २०६७।४।१३ को निर्णयानुसार तामेलीमा राखिएको ।

४. जिल्ला कृषि विकास कार्यालय दोलखाको कार्यालय भवनको छानो मर्मत सुधार कार्य आ.ब. २०६२/०६३ मा जिल्ला प्राविधिक कार्यालय धुलिखेलले गरेकोमा सोही कामलाई काल्पनिक इष्टिमेट गरी कामै नगरी रकम हिनामिना गर्ने तत्कालिन वरिष्ठ कृषि विकास अधिकृत र लेखापाललाई आवश्यक कारवाही गरी पाउँ भनि आयोगमा परेको उजुरीका सम्बन्धमा विस्तृत अनुसन्धान हुँदा, जिल्ला कृषि विकास कार्यालय दोलखाको कार्यालय भवनको मर्मत सुधार आ.व.२०६२/०६३ मा प्राविधिक कार्यालय काभ्रेले गरेकोमा सोही कामको काल्पनिक लगत इष्टिमेट गरी अरु कामै नगरी तत्कालिन वरिष्ठ कृषि विकास अधिकृत र लेखापालले रकम हिनामिना गरेको भन्ने बारेमा आयोगको निर्णय बमोजिम जिल्ला प्रशासन कार्यालयलाई छानविन गरि प्रतिवेदन पठाउन लगाएको र उक्त कार्यालयले जिल्ला

प्राविधिक कार्यालयलाई छानविन गर्नलगाई पठाएको प्रतिवेदनमा बेग्ला बेग्लै कार्यालयबाट छुट्टा छुट्टै काम भएको र उक्त उजुरी तथ्यमा आधारित नदेखिएको भनी उल्लेख भै आएकोले आयोगको मिति २०६७।५।३ को निर्णयानुसार तामेलीमा राखिएको ।

५. कैलाली जिल्लाका पत्रकार जगत प्रसाद जोशीको हत्या प्रकरण छानविनको लागि गठन भएको जांचबुझ आयोग,२०६५ का पदाधिकारी उमेश प्रसाद गौतम लगायतले अधिकारको दुरुपयोग गरी अनावश्यक रुपमा फजुल खर्चगरेको भन्ने समेतको उजुरी उपर विस्तृत अनुसन्धान हुँदा, कैलाली जिल्लाका पत्रकार जगत प्रसाद जोशीको हत्या प्रकरणको छानविन गर्न गठन भएको मितिले १५ दिनभित्र प्रतिवेदन बुझाउने गरी नेपाल सरकारको मिति २०६५।८।१८ को निर्णय बमोजिम गठित जांचबुझ आयोग, २०६५ ले मिति २०६५।९।७ देखि कार्य प्रारम्भ गरी १० महिना ८ दिन अर्थात मिति २०६६।७।१५ मा नेपाल सरकार समक्ष ३७९ पृष्ठको प्रतिवेदन बुझाएको देखिन्छ । जाँचबुझ आयोगको लागि रु.३०,९६,६०१।- निकासा भइ रु २९,४९,८२३।३२ खर्चभएको मध्ये पनि भत्ता शीर्षक र आयोगका पदाधिकारीहरुलाई सुविधाको रुपमा प्रदान गर्न इन्धन वापतको रकममा मात्रै जम्मा रु १७,२६,३४४।२३ खर्चभएको पाइएकोले आयोगको पटक पटकको म्याद थपका कारणले उक्त रकममा वृद्धि भएको देखिंदा खर्च वृद्धि हुनुमा आयोगको म्याद थप नै कारकको रुपमा रहेको पाइयो । यसर्थ भविष्यमा यस्ता खालका आयोग गठन गर्नु पूर्व घटनाको प्रकृति अनुरुप अवधि निर्धारण गर्न, आयोगमा रहने पदाधिकारीहरुको संख्या कम गर्न, सकभर स्थानीय व्यक्ति रहने गरी आयोगको गठन गर्न, मितव्ययी तवरले खर्च गर्ने परिपाटी समेत मिलाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ बमोजिम सुझाव लेखि पठाउने र उजुरी तामेलीमा राख्ने भन्ने आयोगको मिति २०६७।५।४ को निर्णयानुसार तामेलीमा राखिएको ।

६. दुर्गम क्षेत्र विकास समिति, अनुगमन कार्यालय नेपालगंजबाट विभिन्न प्रकृयाबाट विगतमा खरिद गरी भुक्तानी समेत भैसकेको केही लघु जल विद्युतीकरण योजना र झोलुङ्गे पुल योजनाका निर्माण सामग्रीहरु हालसम्म जिल्ला तथा योजनास्थलमा नपुगेको भन्ने समेत व्यहोराको उजुरी निवेदनका सम्वन्धमा विस्तृत अनुसन्धान गर्दा, यसमा वियानी खोला लघु विद्युतिकरण योजनाको लागि आवश्यक पर्ने इलेक्ट्रोमेकानिकल पार्टसको व्यवस्था जडान एवं ढुवानी कार्यको लागि मिति २०५७।३।१४ गते ७ (सात) दिने शिलवन्दी दरभाउ पत्र आव्हानको सूचना प्रकाशित गरेको पाइयो । सूचना बमोजिम पेश हुन आएका शिलवन्दी दरभाउ पत्रहरु मध्ये राधा स्ट्रक्चर एण्ड इन्जिनियरिङ्ग वर्क्स प्रा.लि.को रु.२१,८५,१३१।- (अक्षरेपी एक्काइस लाख पचासी हजार एक सय एकतीस रुपैया) मात्रको दरभाउ पत्र स्वीकृत भै सम्झौता भएको मितिबाट इलेक्ट्रोमेकानिकल पार्टसहरु ६ महिना भित्र तयार गरि सक्नु पर्ने गरी मिति २०५७।३।२६ मा ठेक्का सम्झौता भएको देखियो । सो ठेक्का सम्झौता अन्तर्गत मिति २०५७।३।२६ मा रु.४,३७,०२६।२० र मिति २०५७।१२।१६ मा रु.११,१६,४६९।८० समेत जम्मा रु १५,५३,४९६।- भुक्तानी भइसकेको पाइयो । प्रमुख अनुगमन अधिकृत वामदेव ज्ञवालीले समयाभावको कारण बजेट फ्रिज नहोस् भन्नाका लागि कम समयावधि दिएर दरभाउपत्रको सूचना प्रकाशित गरेको र तत्कालिन राजनीतिक असहज परिस्थितीको कारण योजनास्थलमा सामान पठाउन नसकिएको भनी आयोग समक्ष वयान गरेको पाइयो भने राधा स्ट्रक्चर एण्ड इन्जिनियरिङ्ग वर्क्स प्रा.लि. का प्रवन्ध निर्देशक चन्द्र खतिवडाले देशमा चलेको तत्कालिन द्वन्द्वको स्थितिले गर्दा सम्झौता बमोजिम काम गर्न कठिनाई भएको । परिस्थिति सुधदै गएपछि वियानीखोला लघु विद्युत्तिकरण योजनाको

जडान कार्य अन्तिम चरणमा पुगिसकेको भन्ने मिति २०६६।२।१८ मा वयान गरेको र मिति २०६६।४।१८ मा चन्द्र खतिवडाले ततिम्वा वयान गर्दा वियानी खोला लघु जलविद्युत योजनाको सम्पूर्ण जडान कार्य सम्पन्न भैसकेको छ भन्ने समेतको वयान व्यहोरा रहेको देखियो । दुर्गम क्षेत्र विकास समिति मुगुको मिति २०६६।८।२२ को पत्रबाट वियानी खोला विद्युतीकरण आयोजनाको निर्माण कार्य सम्पन्न भै बत्ती बालिएको र मर्मत सम्भारको अवधि बाँकी रहेको व्यहोराको पत्र समेत प्राप्त हुन आएको तथा उक्त आयोजना उपभोक्ता समितिलाई हस्तान्तरण गरिएको वारेको पत्रको फोटोकपि तथा जिल्ला विकास समितिको मिति २०६६।१२।२९ को प्राप्त पत्र अनुसार वियानी खोला विद्युतीकरण योजनाको सम्झौता अनुसार नै कार्य सम्पन्न भएको भन्ने खुल्न आएबाट, आयोगको मिति २०६७।५।४ को निर्णयानुसार तामेलीमा राखिएको ।

७. रक्तमाला सामुदायिक वन उपभोक्ता समिति फत्तेपुर सप्तरीका पूर्व अध्यक्ष नारायण प्रसाद आचार्यले लेखापरीक्षकले औल्याएको वेरुजु रकम नतिरी समितिको रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने समेत व्यहोराको उजूरीको सम्बन्धमा विस्तृत अनुसन्धान हुँदा, यस्मा लेखापरीक्षकले औल्याएको वेरुजु उपर छानबीन गरी असुल उपर गर्ने गराउने प्रयोजनार्थ रक्तमाला सामुदायिक वन उपभोक्ता समितिले गठन गरेको समितिले अनियमितलाई नियमित गराई निज अध्यक्ष नारायण प्रसाद आचार्यबाट रु.३२,६४१।८६ र सचिव ध्रुव ढुंगानाबाट रु.४२२१।- असूल उपर गराई सकेको र उक्त समितिले असुल उपर गराएको काम कारवाही र निर्णयलाई साधारण सभाको वैठकले अनुमोदन समेत गरी सकेको हुँदा निज नारायण प्रसाद आचार्य र ध्रुव ढुङ्गानाबाट असूल हुन पर्ने रकम बाँकी नरहेको भनि रक्तमाला नमूना सामुदायिक वन उपभोक्ता समूह फत्तेपुर सप्तरीको च.नं. २३० मिति २०६७।३।८ को पत्रबाट खुलाई पठाएको अवस्था हुँदा आयोगको मिति २०६७।६।३ को निर्णयानुसार तामेलीमा राखिएको ।

८. राणाशासन कालदेखिनै दरवारमा कमलको फूल लैजाने गरिएको सार्वजनिक पोखरीको रुपमा रहेको साविक भक्तपुर निलवाराही गा.वि.स.वडा नं. ६ को कित्ता नम्वर १ क्षे. फ. १५-९-०-० रोपनी जग्गा भूमाफिया र भ्रष्ट मालपोत कर्मचारीहरु मिलि जग्गा दलालहरुले मालपोत कार्यालय भक्तपुरबाट ७ कित्ताको पुर्जा निकाली हाल बैंक र वित्तिय संस्थाहरुमा धितोराखि १५ करोड ऋण निकाल्न लागेकाले यस्ता देशद्रोहिहरुलाई तुरुन्त कारबाही गरिपाँउ भन्ने व्यहोराको रुपलाल प्रजापती, ठिमि को उजुरीका सम्वन्धमा विस्तृत अनुसन्धान हुँदा, साविक भक्तपुर निलवाराहि वडा नं. ६ कि. नं. १ क्षेत्रफल १५-९-०-० को जग्गा कान्छि पोडेनीका नाममा दर्ता नामसारी भै श्रेस्ता प्रमाणित भएको सम्वन्धमा साविक लगत लगायतका प्रमाणबाट साविक निलवाराहि ६ वस्ने कान्छि पोडेनीको नै भएको र प्रतिवादिहरुको मागदावि अनुसारको सार्वजनिक कायम गरिपाँउ भन्ने माग दावि पुग्न सक्दैन भनि शुरु भक्तपुर जिल्ला अदालतको मिति २०३५।११।२३ को फैसला र सो फैसला उपर पुनरावेदन परि तत्कालिन बाग्मती अंचल अदालतबाट सुरु भक्तपुर जिल्ला अदालतको फैसला सदर गरी मिति २०३७।२।७ मा फैसला भएको, सो फैसला समेतको आधारबाट मालपोत कार्यालय भक्तपुरको मि.नं. ६६/०४१/०४२ मिति २०४२।३।३१ को निर्णयले सो जग्गा कान्छि पोडेनीका नाममा जग्गा दर्ता नामसारी भएकोमा उपरोक्त मालपोत कार्यालयको जग्गा दर्ता निर्णय वदर, भक्तपुर जिल्ला अदालतको मिति २०३५।११।२३ को फैसला वदर, तथा जालसाजि समेतको विषय वनाई वादी वोडे गा.वि.स., प्रतिवादी कान्छि पोडेनीका विरुद्ध भक्तपुर जिल्ला अदालतमा मुद्धा परि जिल्ला अदालत भक्तपुरको मिति २०५५।१।१० को फैसलाले वोडे गा.वि.स. का तर्फबाट मागदावि लिईएको उल्लेखित जग्गा सार्वजनिक गरिपाँउ भन्ने मागदावि पुग्न नसक्ने

भनि कान्छि पोडेनीकै हक कायम हुने ठहर गरेको तथा सो फैसलाउपर चित्त नबुझि वोडे गा.वि.स.का तर्फबाट सोही व्यहोराको पुनरावेदन लिई पुनरावेदन अदालत पाटन गएकोमा पुनरावेदन अदालत पाटनको मिति २०५७।२।३ को फैसला समेतले सुरु भक्तपुर जिल्ला अदालतको मिति २०५५।१।१० को निर्णय सदर गरेको देखिएबाट मालपोत कार्यालय भक्तपुरले साविक लगत समेत भिडाई, अदालति प्रकृया समेतबाट हक कायम गरि आएको अवस्थामा मि.नं. ६६/०४१/०४२ मिति २०४२।३।३१ को निर्णयले कान्छि पोडेनीका नाममा साविक निलवाराही ६ को कि.नं. १ क्षेत्रफल १५-९-०-० जग्गा कान्छि पोडेनीका नाममा दर्ता नामसारी गर्ने गरि भएको निर्णयलाई कानूनत: अन्यथा भन्न सकिने अवस्था नदेखिंदा आयोगको मिति २०६७।६।३ को निर्णयानुसार तामेलीमा राखिएको ।

९. जिल्ला सप्तरी गा.वि.स. मलेकपुर-५ स्थित श्री जनता माध्यमिक विद्यालय खुरहुरिया मलेकपुरका प्रधानाध्यापक असर्फीलाल यादवले अनुचित कार्य गरि ऐन कानूनको परवाह नगरी भ्रष्टाचार एवं अनियमितता गरेको भन्ने समेत व्यहोराको उजुरी निवेदन उपर विस्तृत अनुसन्धान हुँदा, श्री जनता माध्यमिक विद्यालय खुरहुरिया मलेकपुरका तत्कालिन प्रधानाध्यापक असर्फीलाल यादव उक्त विद्यालयमा कार्यरत रहँदाको अवधिको (आ.व. २०५८।०५९ देखि आ.व. २०६६।०६७ श्रावण देखि माघ २३ सम्मको) लेखापरीक्षण भईसकेको लेखापरीक्षण प्रतिवेदनको फोटोकपीबाट देखिएको छ । शिक्षक शैलेन्द्र कुमार चौधरीलाई विना रमानापत्र हाजिर गराए भन्ने सन्दर्भमा निजको रमानापत्रको फोटोकपी मिसिल संलग्न विद्यमान देखिन्छ । उजुरीका सम्वन्धमा केही गरीरहनु परेन भन्ने आयोगको मिति २०६७।६।३ को निर्णयानुसार तामेलीमा राखिएको ।

१०. काठमाडौं महानगरपालिका वडा नं. २९ सामाखुशीको नवसंगम मार्गमा आ.व. २०६५/०६६ मा संचालित सडक कालो पत्रे गर्ने कार्य र पर्खाल निर्माण कार्यमा रकम दुरुपयोग गरियो भनि आयोगमा दर्ता भएको उजुरीको सम्बन्धमा विस्तृत अनुसन्धान हुँदा, आ.व. २०६५/०६६ मा जनसहभागितामा आधारित कार्यक्रम अन्तर्गत का.म.न.पा. बाट ८० प्रतिशत र स्थानिय उपभोक्ताबाट २० प्रतिशत रकम लगानी भई ४१ लाख ८ हजार ९१४ रुपैया ८० पैसा लागत अनुमान रहेको उक्त योजना उपभोक्ता समितिबाट संचालन भई २०६६ असारमा कार्यसम्पन्न भएको देखियो । उक्त योजना संचालन गर्दा लागत अनुमानमा उल्लेख गरिएका कार्यका अतिरिक्त R.C.C. ढलान कार्य इस्टिमेट भन्दा बढी गरेको र पर्खाल निर्माण कार्यहरुसमेत सम्पन्न गरिएको देखियो । उक्त योजना संचालन गर्दा रकम अनियमितता गरियो भनि परेको उजुरी सत्यतामा आधारित भएको नदेखिएकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९ को उपदफा (१२) अनुसार आयोगको मिति २०६७।६।१२ को निर्णयानुसार तामेलीमा राखिएको ।

११. नेपाल टेलिकमले १ लाख GSM मोवाइल र ६ लाख लाइन CDMA विस्तार गर्ने क्रममा विना वोलपत्र ZTE Corporation, China लाई दिन लागेको, विस्तार गर्ने वहानामा GSM मोवाइल 3rd Phase को कम दरमा नदिइ 1st Phase बढी दरमा दिइ नेपाल टेलिकमलाई आर्थिक व्ययभार बढाएको भन्ने समेतको उजुरी उपर विस्तृत अनुसन्धान हुँदा, नेपाल टेलिकम र M/S ZTE Corporation, China बीच २९ जुन २००७ मा ३.५ मिलियन GSM मोवाइल लाइन बिस्तार कार्य ३ चरणमा सम्पन्न गर्ने गरी संभौता (वोलपत्रको माध्यमबाट) संपन्न भए अनुरुप पहिलो चरणको कार्यसम्पन्न भइसकेको दोस्रो चरणको कार्य अगाडी बढीसकेको र तेस्रो चरणको कार्य अगाडी बढाउने सिलसिलामा Negotiation भइ

सकेकोमा प्रविधिमा भएको विकासका कारणले संझौतामा लेखिएको V3 टाइपको BTS पुरानो प्रविधि भएको हुँदा सो को बदलामा SDR टाइपको BTS सोही कंपनिसंग खरिद गर्ने गरी निर्णय भएको देखिन्छ । यसरी Phase 3rd को लागि साविक संझौतामा (मुल्य US $73,90,356.71) उल्लेख भएको उपकरणको बदलामा नयां उपकरण लिदाँ US $ 81,64,331 पर्ने भए पनि साविक संझौताको भन्दा बढी हुन जाने रकम US $ 7,73,974.79 M/S ZTE Corporation, China बाट छुट दिएको भनि नेपाल दूर संचार लिमिटेड संचालक समितिको मिति २०६७।४।१५ मा निर्णय भएको निर्णयमा उल्लेख भएको देखिंदा नयां उपकरण लिने प्रयोजनले नेपाल टेलिकमलाई आर्थिक भार पुऱ्याएको भन्ने कुरामा सत्यता देखिन आएन । नेपाल दूर संचार लिमिटेड सस्थान संचालक समितिको मिति २०६७।४।१५ को निर्णयमा ग्राहकको बढ्दो माग, प्रतिस्पर्धी कंपनिबाट ग्राहकलाई उपलब्ध गराइराखेको Features तथा Facilities भन्दा बढी सेवाहरु ग्राहक समक्ष पुऱ्याउनु पर्ने अवस्था, सेवाको Quality मा वृद्धि, Phase 1 र Phase 2 मा जडान भएका BTS हरु रहेको थानमा ग्राहकको चाप बढ्दै गएको हुँदा BTS को Capacity थप गर्नपर्ने स्थिति, प्रतिस्पर्धी कंपनिले WIN System मा नयां नयां Features हरु थप गरी संचालन गरेको हुँदा हाल कै WIN System मा केही नयां Features हरु थपी कम समय र लागतमा ग्राहकहरुलाई नयां सेवाहरु जस्तै Data Traffic Monthly Package Feature, Data time duration monthly package feature, SMS monthly package feature, MMS monthly package feature, PPS minimum consumption दिनु उपयुक्त भएको कारणले Up-Gradation गर्न परेको भन्ने उल्लेख भएको देखिंदा यस सम्बन्धमा थप छानविन गर्नपर्ने देखिएन । ६ लाख लाइन IP Based 3G CDMA System विस्तार गर्ने सम्बन्धमा नेपाल टेलिकमबाट हालसम्म कुनै निर्णय भइसकेको नदेखिंदा यस सम्बन्धमा थप केही गरिरहनु परेन भन्ने आयोगको मिति २०६७।६।१३ को निर्णयानुसार तामेलीमा राखिएको ।

१२. प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् अन्तरगत प्राविधिक प्रशिक्षण प्रतिष्ठान, सानोठिमीका प्रशासनका निर्देशक शालिकराम ढकालले प्रतिष्ठानको आवासमा बसेर पनि आवास सुविधा बापतको रकम लिने गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्वन्धमा विस्तृत अनुसन्धान हुँदा यसमा प्राविधिक प्रशिक्षण प्रतिष्ठानका निर्देशक शालिकराम ढकाललाई उक्त प्रतिष्ठानको च.नं. ६९९ मिति २०५९।१।१६ को पत्रबाट प्रशासन विभाग प्रमुखको साथै प्रतिष्ठानको छात्रावास वार्डेनको समेत कार्यभार दिएको र छात्रावास वार्डेनको हैसियतमा छात्रावास क्वाटरमा बस्न अनुमति दिएको देखियो । प्राविधिक प्रशिक्षण प्रतिष्ठानको सन्दर्भमा नेपाल सरकार र स्वीस सरकार बीच भएको द्विपक्षीय संझौता बमोजिम प्रतिष्ठानमा कार्यरत कर्मचारीहरुलाई थप आर्थिक सुविधा (Staff Incentive) प्रदान गरी कामप्रति बढी जवाफदेही र संस्थामा लामो समय सम्म Retention गराउने हेतुले TITI Fund नामको एउटा कोष स्थापना गरिएको र उक्त कोषबाट प्रतिष्ठानमा कार्यरत संपूर्ण कर्मचारीहरुलाई मासिक रुपमा TITI Incentive Allowance उपलब्ध गराउँदै आएको, निज प्रशासन प्रमुख शालिकराम ढकाललाई छात्रावास वार्डेनको थप जिम्वेवारी बापत बार्डेन भत्ता नदिइ निजलाई प्रतिष्ठानको छात्रावासमा आवास सुविधा मात्र उपलब्ध गराइएको, निज शालिकराम ढकाल भन्दा पहिले छात्रावास वार्डेनको जिम्वेवारी प्राप्त गर्नु भएका प्रकाश भट्टराईलाई पनि छात्रावासमा आवास सुविधाका साथै TITI Incentive Allowance पनि उपलब्ध गराइएको भन्ने प्राविधक प्रशिक्षण प्रतिष्ठानबाट जानकारी प्राप्त हुन आएको देखियो । प्राविधिक प्रशिक्षण प्रतिष्ठानका निर्देशक शालिकराम ढकाललाई साविक देखी निजले सम्पादन गरि आएको प्रशासन विभाग प्रमुखको जिम्मेवारीको अलावा

प्रतिष्ठानको छात्रावासको वार्डेनको थप जिम्वेवारी दिइ उक्त थप जिम्वेवारी वापत वार्डेन भत्ता उपलब्ध नगराई प्रतिष्ठानको छात्रावासमा आवास सुविधा मात्र उपलब्ध गराएको भन्ने देखिएको र नेपाल सरकार र स्वीस सरकार बीच भएको द्विपक्षीय संझौता बमोजिम प्रतिष्ठानमा कार्यरत संपूर्ण कर्मचारीहरुलाई TITI Incentive Allowance उपलब्ध गराउने प्रावधान अनुरुप निज शालिकराम ढकाललाई पनि TITI Incentive Allowance उपलब्ध गराइएको देखिएको हुँदा आयोगको मिति २०६७।६।१५ को निर्णयानुसार तामेलीमा राखिएको ।

१३. त्रिभुवन विश्वविद्यालय, अमृत साईन्स क्याम्पसका बुक चेकर पदमा कार्यरत शरद महर्जनले मिति २०६५।४।१ देखि त्रिचन्द्र कलेजमा भर्ना भई (मिति २०६५।४।१ देखि २०६६ असार मसान्त सम्म) एक बर्षको अध्ययन बिदा स्वीकृत गराई अध्ययन नगरी बैदेशिक रोजगार विभागबाट Employment Permit Service (EPS) अन्तर्गत मिति २०६५।९।२१ गते कोरीयामा काम गर्न गएको र तलवी अध्ययन विदा लिएर दोहोरो पारिश्रमिक लिई भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा, निजले अध्ययन बिदाको लागि गरेको कबुलियतनामा अनुसार निजसंग असुल उपर गर्नु पर्ने बक्यौता केही बाँकी भए सो समेत असुल उपर गर्ने गरी निजले मिति २०६४।४।१ देखि लागुहुने गरी दिएको राजिनामा सोही मिति देखि लागु हुने गरी स्वीकृत गरिएको व्यहोरा अमृत साइन्स क्याम्पसको प.सं.अ.क्या.च.नं.२१८।०६७।०६८ मिति २०६७।६।१० को पत्रबाट लेखी आएको देखिँदा आयोगको मिति २०६७।६।१७ को निर्णयानुसार तामेलीमा राखिएको ।

१४. २०६६ श्रावण महिनाको मार्गदर्शन खबर पत्रिकामा प्रकाशित खबरलाई उजुरीको श्रोत मानी दर्ता भएको उ.द.नं. ६८ मिति २०६६।४।६ को सशस्त्र प्रहरी बलले आ.व. २०६५।०६६ को अन्त्यमा आएर विभिन्न भौतिक संरचनाहरुको निर्माण गर्ने बहानामा कागजमा मात्र भवन बनेको देखाई करोडौं रुपैया अनियमितता गरेको भन्ने समेत व्यहोराको उजूरीको सम्बन्धमा विस्तृत अनुसन्धान हुँदा, सशस्त्र प्रहरी बलले आ.व. २०६५।०६६ मा सशस्त्र प्रहरी बल प्रधान कार्यालय लगायत विभिन्न कार्यालय र गणहरुमा समेत गरी जम्मा १९ स्थानमा कुल रु.१३,१५,००,०००।- बराबरको निर्माण कार्यहरु गरेको अवस्था प्राप्त कागजातहरुबाट खुलेको छ । प्राप्त प्रमाण कागजातहरुमा आ.व. को अन्त्यतिर बोलपत्र आह्वान तथा निर्माण सम्झौताहरु भई करीव ३ महिनाको अवधिमा अधिकांश निर्माण कार्यहरु सम्पन्न भएको र केही स्थानहरुमा २०,२५ दिनको अन्तरालमै कार्य सम्पन्न भएको भनी खर्च लेख्ने कार्यहरु भएको देखिएको भएपनि अनुसन्धान प्रतिवेदन एवं प्राप्त स्थलगत विवरणहरु समेतबाट निर्माण कार्यहरु सम्पन्न भएको अवस्था देखिएको हुँदा प्रस्तुत उजुरीमा उल्लेख भए बमोजिम निर्माण कार्यहरु नै नगरी नगराई खर्च लेखी अनियमितता गरेको भन्ने उजुरी संकलित कागज प्रमाणहरुबाट प्रमाणित हुन सक्ने अवस्था देखिएन । सशस्त्र प्रहरी बलद्वारा भविष्यमा गरिने निर्माण कार्यहरुको सन्दर्भमा बोलपत्र समयमै आह्वान गरी गुणस्तरीय निर्माण कार्यहरु समयमै सम्पन्न गर्ने गराउने र आर्थिक वर्षको अन्त्यसम्ममा कार्य सम्पन्न हुन नसक्ने स्थिति देखिएमा कार्य प्रारम्भ नगरी नगराई आगामी आर्थिक वर्षमा निर्माणकार्यहरु गर्ने परिपाटी बसाल्न सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा लेखी पठाउने र तामेलीमा राख्ने भन्ने आयोगको मिति २०६७।६।१८ को निर्णयानुसार तामेलीमा राखिएको ।

१५. जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका प्रवन्ध संचालक बिरेन्द्र कुमार दास र उप-प्रवन्धक गिरीराज रजौरेले केन्द्रबाट निस्कने २०६६ सालको झुरा तथा रद्धी कागज र बिग्रेको फर्मा

लिलाम बिक्री अन्तरगतको स्वीकृत बोलपत्रदाता गायत्री ट्रेडर्ससंग मिलेमतो गरी बोलपत्र स्वीकृत भैसके पछि बोलपत्रको शर्त बिपरित बाहिरिया प्रेसहरुबाट पुस्तक छपाई गराउँदा निस्कने झुरा कागज तथा बिग्रेको फर्माहरु समेत स्वीकृत बोलपत्रदाता गायत्री ट्रेडर्सलाई उपलव्ध गराउने निर्णय गरी केन्द्रलाई हानी नोक्सानी र निजहरुलाई लाभ पुग्ने कार्य गरेको हुँदा छानबिन गरी कारबाही गरिपाउ भन्ने समेत व्यहोराको उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा, प्रस्तुत उजुरी सम्वन्धमा जनक शिक्षा सामग्री केन्द्रको पाठ्यपुस्तक छपाईबाट निस्कने झुरा तथा रद्दी कागज र बिग्रेको फर्मा कागज लिलाम बिक्रि सम्वन्धी बोलपत्र मुल्यांकन कमिटिले पेश गरेको प्रतिवेदन समेतको आधारमा संचालक समितिबाट समर्थन गराउने गरी भनि प्रवन्ध संचालक तहबाट मिति २०६६।१।२९ मा सबैभन्दा बढी रकम (मू.अ.कर सहित रु. १,०२,८३,०८७।०१) कबोल गर्ने गायत्री ट्रेडर्स, बाराको बोलपत्र स्वीकृत गरेकोमा मिति २०६६।४।३१ मा संचालक समितिबाट उक्त निर्णय समर्थन भए गरेको देखियो । सबैभन्दा बढी रकम कबोल गर्ने गायत्री ट्रेडर्स, बाराले कबोल रकम २ (दुई) किस्ताको सट्टा ४ (चार) किस्तामा बुझाउने सुविधा उपलव्ध गराएमा २५ प्रतिशतको २(दुई) प्रतिसत थप रकम बुझाउने शर्त पेश गरेकोमा मिति २०६६।१।२९ मा बोलपत्र स्वीकृत गर्दा निजको प्रस्ताव स्वीकार नगरी बोलपत्रका शर्त बमोजिम नै हुने गरी भनि बोलपत्र स्वीकृत गरेकोमा निज स्वीकृत बोलपत्रदाता गायत्री ट्रेडर्सले मिति २०६६।२।२८ मा दिएको निवेदनको आधारमा मिति २०६६।३।३ मा प्रवन्ध संचालक तहबाट निर्णय गरी कबोल रकम दुई किस्ताको सट्टा ४ (चार) किस्तामा बुझाउने गरी शर्त संशोधन गर्नुका साथै बाहिरिया प्रेशहरुबाट पुस्तक छपाई गर्दा निस्कने झुरा कागज समेत स्वीकृत बोलपत्रदाता गायत्री ट्रेडर्सलाई नै उपलव्ध गराउन केन्द्रले बाहिरिया प्रेसहरुलाई निर्देशन दिने शर्त थप गरी मिति २०६६।३।४ मा स्वीकृत बोलपत्रदाता र केन्द्रबीच कबुलियतनामा भएको देखियो । स्वीकृत बोलपत्रदाता गायत्री ट्रेडर्सले बोलपत्र फारम साथ पेश गरेको प्रस्ताव अनुरुप कबोल रकम २ किस्ताको सट्टा ४ किस्ता कायम गरेबापत कबोल रकमको २५ प्रतिसतको २ प्रतिसतले हुन आउने रकम रु. ५१,४१७।- अनुसन्धानको समयावधिमा नै केन्द्रको बैक खातामा दाखिला भै आम्दानी बाँधी सकेको भन्ने व्यहोरा केन्द्रको मिति २०६६।१२।२९ को पत्रसाथ संलग्न कागजातहरुबाट देखिन आयो । यसमा जनक शिक्षा सामग्री केन्द्रको २०६६ सालको झुरा कागज लिलाम बिक्री सम्वन्धी भए गरेको प्रकृयालाई उक्त केन्द्रको संचालक समितिको मिति २०६६।४।३१ को बैठकले समर्थन गर्नुका साथै आगामी बर्षहरुमा झुरा तथा रद्दी कागज लिलाम बिक्रि गर्दा प्रक्रृयागत रुपमा केही पक्षहरुमा सुधार गर्ने समेत निर्णय भएको देखिन आयो । प्रस्तुत सन्दर्भमा उक्त केन्द्रका सम्वन्धित पदाधिकारीहरुले अनुचित लाभ लिनुखानु गरेको भन्ने पुष्टि हुन नआएको एवम् जनक शिक्षा सामग्री केन्द्रलाई हानी नोक्सानी भएको समेत नदेखिएको हुँदा आयोगको मिति २०६७।६।२५ को निर्णयानुसार तामेलीमा राखिएको ।

१६. पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय पोखराले औषधी खरिद सम्वन्धी बोलपत्र खोल्दा गम्भीर त्रुटी गरेकाले छानविन गरी आवश्यक कारवाही गरी पाउँ भनि यस आयोगमा दर्ता भएको नि.दं.नं. २३७९ मिति २०६६।११।२५ तथा नि.द.नं २३९४ मिति २०६६।१२।१६ को उजूरीका सम्वन्धमा विस्तृत अनुसन्धान हुँदा, स्वीकार गरीएका टेण्डर मध्ये हिमसागर मेडिकल हल प्रा.लि. पोखराले पेश गरेको ठेक अंक कृष्णा इन्टरनेशनलको भन्दा कम भएको अर्थात् कृष्णा इन्टरनेशनलको रु. १,१८,०९,८४८।- र हिमसागर मेडिकल हल प्रा.लि. को रु. ९५,६२,०५०।- भएकोमा हिमसागर मेडिकल हल प्रा.लि. को दररेट कम भई बोलपत्र स्वीकृत भएको विषयलाई अन्यथा भन्न नमिल्ने र यही टेण्डर वदर हुन कृष्णा

इन्टरनेशनलकी प्रोपाइटर श्रीमती सपना अग्रवालले निषेधाज्ञा मिश्रित परमादेश जारी हुन दिएको निवेदनमा पुनरावेदन अदालत पोखराबाट नेपाल सरकारलाई हानी नोक्सानी पुग्ने आर्थिक अनियमितता सम्वन्धी कुनै काम भएको भन्न सकिने अवस्था नदेखिएको भनि उजुरी खारेज गर्ने निर्णय समेत भएकोले यसमा कुनै कारवाही गरीरहनु पर्ने नदेखिंदा आयोगको मिति २०६७६।२६ को निर्णयानुसार तामेलीमा राखिएको ।

१७. जिल्ला शिक्षा कार्यालय, पर्साका जिल्ला शिक्षा अधिकारी राम विनय सिंह समेतको मिलोमतोमा नक्कली विद्यालय स्थापना गरी रु. तीन लाख नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याई आर्थिक लाभ कमाएको भन्ने समेत व्यहोराको उजुरी निवेदन उपर अनुसन्धान हुँदा, जिल्ला शिक्षा कार्यालय पर्साले आयोगमा मिति २०६७।५।२० गते पठाएको विद्यार्थी तथा शिक्षकको विवरण अनुसार सिन्दुरियामाई प्रा.वि. लक्षुमनवा-१८ हालसम्म संचालन भई रहेको देखिएकोले नक्कली विद्यालय खडा गरेको भन्ने नदेखिंदा आयोगको मिति २०६७।७।१० को निर्णयानुसार तामेलीमा राखिएको ।

१८. मेरो दाजु राजु टुडु (सतार) को नाममा मोही कायम भएको झापा गरामनी गा.वि.स. वडा नं. ३, ४ को जग्गामा जग्गाधनीले खेती गर्न नदिएको र भू.सु.का. झापाबाट अनियमित तवरबाट मोही निस्कासन गर्ने कारवाही चलाएकोले मोही नामसारी गरी निस्सा दिलाई पाउँ भन्ने व्यहोराको ढेना टुडुको यस आयोगमा परेको दर्ता नं. १८४२/२०६५।११।८ को उजुरी निवेदनको सम्बन्धमा विस्तृत अनुसन्धान हुँदा, झापा गरामनगी गा.वि.स. वडा नं. ४ कि.नं. ५२, ६९१ ऐ. वडा नं. ३ कि.नं. ५६५ र ५६६ को जग्गाको मोही राजु सतार भएको र मोहीले खनजोत गर्न छाडेकोले मोही लगत कट्टा गरी पाउँ भनी जग्गा धनीको तर्फबाट भू.सु.का. झापामा निवेदन दर्ता हुँदा मोहीको हकदार ढेना टुडु समेतले आफ्नो हक असुरक्षित हुने देखी आयोगमा उजुरी निवेदन गरेको देखिएकोले मोहीका सम्बन्धमा निर्णय गर्ने अधिकार भूमि सम्बन्धी ऐन, २०२१ अनुसार भूमि सुधार अधिकारीलाई नै भएको हुँदा भूमि सम्वन्धी ऐन, २०२१ मा मोही र जग्गा धनीका सम्बन्धमा भएको व्यवस्था र मोहीका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट समय समयमा प्रतिपादित नजिर समेतको आधारमा कानून वमोजिम निर्णय गर्न भूमि सुधार कार्यालय झापालाई लेखी पठाई आयोगको मिति २०६७८।६ को निर्णयानुसार तामेलीमा राखिएको ।

१९. बाग्लुङ जिल्ला, भिमपोखरा बस्ने डिल्लीराज गौतमले श्री जनप्रिय नि.मा.वि., विद्यामन्दिर उ.मा.वि.,महेन्द्र बहुमुखी क्याम्पस र आफ्नै आंशिक लगानीमा संचालित फ्युचर ब्राइटर सेकेन्डरी बोर्डिङ स्कूल समेतका विभिन्न संस्थामा एउटै समयमा पूर्णकालिन सेवामा कार्यरत रही दोहोरो तलब सुविधा खाएको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज डिल्लीराज गौतमले विद्या मन्दिर उ.मा.वि.को माध्यमिक तह तृतीय श्रेणीको अस्थायी शिक्षक पदबाट मिति २०६५।८।१३ देखि लागु हुने गरी राजिनामा स्वीकृत गराईसकेको एवं जनप्रिय नि.मा.वि.को प्राथमिक तहको तृतीय श्रेणीको स्थायी शिक्षक पदबाट मिति २०६५।९।१४ देखि लागु हुने गरी दिएको राजिनामा मिति २०६७।५।१३ मा स्वीकृत भैसकेको भन्ने जिल्ला शिक्षा कार्यालय, बाग्लुङको मिति २०६७।५।१३ को पत्रबाट देखिएको हुँदा निज सरकारी विद्यालयको स्थायी/अस्थायी शिक्षक पदमा हाल वहाल रहेको भन्ने देखिन आएन । जिल्ला शिक्षा कार्यालय, बाग्लुङको मिति २०६७।३।३ को पत्रमा मा.वि.तहको शिक्षक पदमा अस्थायी नियुक्ति भएदेखि प्रा.वि.तहको शिक्षकको कुनै तलब सुविधा भुक्तानी नगरिएको भन्ने समेत उल्लेख भएको, त्यस्तै जिल्ला प्रशासन कार्यालय

बाग्लुङको मिति २०६७।१।१७ को पत्रबाट पनि दोहोरो तलब खाएको भन्ने खुल्न नआएकोले निज डिल्लीराज गौतमलाई सरकारी विद्यालयबाट दोहोरो तलब भुक्तानी भएको भन्ने देखिएन । निजले त्रिभुवन विश्वविद्यालय अन्तर्गतको महेन्द्र बहुमुखी क्याम्पस बाग्लुङमा २०६० सालदेखि कोर्ष कन्ट्रयाक्टमा र २०६४ सालदेखि शिक्षण सहायक (करार सेवा) पदमा रही प्राध्यापन गर्दैरहेको देखिनुका साथै विद्या मन्दिर उ.मा.वि.बाग्लुङमा विहानी समयमा निजी स्रोतको आंशिक शिक्षकको रुपमा समेत कामकाज गर्दै रहेको भन्ने देखियो । त्रिभुवन विश्वविद्यालय, शिक्षाध्यक्षको कार्यालय (अनुगमन समितिको कार्यालय) कीर्तिपुरको मिति २०६७।६।७ को पत्रबाट निज डिल्लीराज गौतमले विद्यामन्दिर उच्च मा.वि.मा बिहानी समयमा आंशिक शिक्षकको रुपमा काम गर्न महेन्द्र बहुमुखी क्याम्पस बाग्लुङ मार्फत अनुमति माग गरेको विषय कार्वाहीको प्रकृयामा रहेको भन्ने देखिन आयो । उल्लेखित तथ्यलाई दृष्टिगत गर्दा निज डिल्लीराज गौतमले एकै समयमा एकभन्दा बढी सरकारी निकायमा पूर्णकालिन शिक्षकको रुपमा कामकाज गरेको अवस्था विद्यमान रहेको नदेखिएको हुँदा आयोगको मिति २०६७।८।७ को निर्णयानुसार तामेलीमा राखिएको ।

२०. ए.डि.वि. परियोजना अन्तर्गत नुवाकोट जिल्लको बट्टारमा बसपार्क निर्माण गर्न भएको टेण्डर प्रकृयामा गौरी पार्वती निर्माण सेवाको टेण्डर परियोजनाका इन्जिनियर तथा कर्मचारीको मिलेमतोमा टेण्डरमा उल्लेखित दररेटमा सच्याई अनियमित तरिकाबाट भ्रष्टाचार गरेकोले कारवाही गरि पाउँ भन्ने समेत व्यहोराको यस आयोग समक्ष पर्न आएको उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा, एशियाली विकास बैंकको सहयोगमा विदुर नगरपालिकाले नुवाकोट जिल्लाको बट्टारमा बसपार्क निर्माणको लागि टेण्डर आव्हान गरी १६ वटा टेण्डर बिक्री भई १० वटा टेण्डर परेको र त्यसमा सबैभन्दा कम दररेट भएको गौरी पार्वती निर्माण सेवाको रु. १,०१,३२,४५८।५५ कवोल गरी ठेक्का प्राप्त गरेको देखिन्छ । यस आयोगबाट स्थलगत निरीक्षण गर्दा उक्त निर्माण सेवाले बसपार्क निर्माण गर्ने कार्य सम्पन्न गरीसकेको भन्ने प्रतिवेदनबाट समेत देखिएको हुँदा प्रक्रियागत रुपमा टेण्डर आव्हान गरी कार्य समेत सम्पन्न भईसकेको अवस्था देखिंदा आयोगको मिति २०६७।८।७ को निर्णयानुसार तामेलीमा राखिएको ।

२१. सुशासन नियमावली, २०६५ को नियम २२(३) को उल्लंघन गरी रेडियो प्रसार सेवा विकास समितिको (रेडियो नेपाल) तृतिय श्रेणीका कर्मचारी प्रमोद कुमार सिंहलाई सञ्चार मन्त्रीको सल्लाहाकारमा नियुक्ती गरेको हुंदा छानविन गरी कारवाही गरी पाउँ भन्ने उजुरी उपर प्रारम्भिक छानविन हुँदा, सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५ को नियम २२ मा सल्लाहकारको पदमा नियुक्ती गर्दा "कुनै सरकारी वा अर्ध-सरकारी क्षेत्रमा वहालवाला कर्मचारी नभएको" हुनुपर्ने उल्लेख भएकोमा नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०६६।३।७ को निर्णयानुसार मा. सूचना तथा सञ्चार मन्त्रीको प्रेस सल्लाहकारमा नियुक्ती भएका व्यक्ति प्रमोद कुमार सिंह रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) मा कार्यरत कर्मचारी रहेको देखिएकोले निजलाई प्रेस सल्लाहकारमा नियुक्ती गरेको कार्य सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५ को नियम २२ को उप नियम ३ विपरितको कार्य भएको हुँदा नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०६६।३।७ को निर्णय अनुसार नियुक्ति भएका प्रमोद कुमार सिंहको नियुक्ती बदर गर्न सूचना तथा सञ्चार मन्त्रालयलाई पत्र लेखी सो को जानकारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् सचिवालयलाई दिई तामेलीमा राख्ने भन्ने आयोगको मिति २०६७।८।९को निर्णयानुसार तामेलीमा राखिएको ।

२२. जिल्ला वन कार्यालय रसुवाका कर्मचारी समेतको मिलेमतोमा नक्कली छोडपुर्जी समेतका कागजात वनाई अनियमित तरिकाले प्रतिबन्धित जडिबुटी भारत निकासी गरी लाखौं राजस्व नोक्सान पुऱ्याएको भन्ने विषयको उजुरी उपर अनुसन्धान हुँदा, जिल्ला वन कार्यालय रसुवाबाट २०६४।१।१ देखि २०६४।८।२४ सम्म जम्मा तीन वटा मात्र छोडपुर्जी जारी भएको पाइएको तर सोही अवधिमा उक्त कार्यालयको नामबाट किर्ते छाप दस्तखत गरी सि.के. इण्टरप्राइजेजका प्रोप्राइटर रियाजुल हक मिकरानी, वालाजी सेल्सका प्रोप्राइटर टुन बहादुर कार्की र सुन्दरादेवी सप्लायर्सका प्रोप्राइटर रामशरण वोगटी समेतको मिलेमतोमा ४२ थान नक्कली छोडपुर्जी समेतका कागजात तयार गरी लाखौंको जडिवुटी अवैध सङ्कलन एवं भारत निकासी समेत गरेको देखियो । आयोगमा प्राप्त ४२ थान छोडपुर्जी समेतका कागजातहरु नक्कली रहेको कुरा केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशालाको परीक्षण प्रतिवेदनबाट पुष्टी हुन आएको तर उक्त अवैध कार्यमा सार्वजनिक पद धारण गरेका व्यक्तिहरुको संलग्नता देखिन आएन । सुन्दरादेवी सप्लायर्सका प्रो.रामशरण वोगटीले रियाजुल हक मिकरानीले सो कार्य गरेको हुन सक्छ भनी यस आयोग समक्ष वयान गरेकोले सि.के. इण्टरप्राइजेजका प्रोप्राइटर रियाजुल हक मिकरानी, वालाजी सेल्सका प्रोप्राइटर टुन बहादुर कार्की र सुन्दरादेवी सप्लायर्सका प्रोप्राइटर रामशरण वोगटी उपर सरकारी छाप दस्तखत कीर्ते अन्तरगत थप छानविन एवं कारवाही हुनु पर्ने देखिएकोले सो को लागि आयोगमा प्राप्त सक्कल फायल कागजातहरु समेत जिल्ला प्रहरी कार्यालय रसुवामा पठाई आयोगको मिति २०६७।८।१२ को निर्णयानुसार तामेलीमा राखिएको ।

२३. हिमालयन बैंक पर्सा, वीरगंजका कर्मचारी र असलम टेस्टायल इन्डष्ट्रिज, वीरगंजका प्रोपाइटरहरुको आपसी मिलोमतोबाट पर्सा जिल्ला नौतन गा.वि.स. को रु १३ लाख मुल्यांकन गरिएको कित्ता नं ४२७ र ४२८ को जग्गा धितो राखि रु. ५८ लाख ५१ हजार कर्जा प्रवाह गरेको भन्ने समेतको उजुरी उपर विस्तृत अनुसन्धान हुँदा, उजुरीकर्ता महमद तैयव अन्सारीले धितोको रुपमा राखिएको जग्गा लिलामी गर्दा जमानत दिने व्यक्तिको स्वीकृत लिएर मात्र लिलामी गर्न पर्नमा सो नगरेको भनि यस आयोगमा उजुरी गरेको । यसै विषयमा निजले जिल्ला अदालत पर्सामा दायर गरेको मुद्धामा उक्त अदालतले बैंकबाट भएको जग्गा लिलाम कानून अनुसार नै भएकोले वादी दावी पुग्न नसक्ने भनि फैसला भएको पाइएकोले निजको उजुरी उपर थप कारवाही गरिरहनु परेन । हिमालयन बैंक लिमिटेडबाट प्राप्त कागजातमा बैकले Trust Receipt, एक्सपोर्ट एल.सि., पार्टिको Fixed Asserts,Current Asserts, mortage, pledged साथै Overall business status तथा Personal Guarantees को आधारमा पनि कर्जा प्रवाह गर्नसक्ने व्यहोरा उल्लेख भएको र सो आधारमा महमद तैयव अन्सारीको नाममा रहेको पर्सा जिल्ला वीरगंजमा रहेको १३ लाख मुल्य पर्ने कित्ता नं ४२८ को जग्गा विगाहा ० -१- ७ र किता नं ४२७ को जग्गा विगाहा ०-५-१२, टेक्सटाइलको गोदाममा रहेको तयारी सामानहरुको मुल्य रु. ३१,९४,३२२।१३, Trust Receipt मा १९,५०,०००।-, एक्सपोर्ट एल.सि.मा यु.यस.डलर ३७,६००।- र असलम टेक्सटाइलको साझेदारहरुको व्यक्तिगत (प्रतिव्यक्ति) ग्यारेन्टी रु.४४,८२,०००।- समेत लाई मध्येनजर गरी असलम टेक्सटाइल इन्डष्ट्रिज, वीरगंजलाई अधिकतम रु. ५८,५१,०००।- मा नबढ्ने गरी कर्जा प्रवाह गर्ने निर्णय गरी पटक पटक प्रवाह भएको कर्जा मध्ये साँवा रु.२२,८३,७२५।- र ब्याज रु.८,४४,५१९।१८ गरी जम्मा रु.३१,२८,२४४।१८ असुल हुन नसकि सो रकम असूल गराउन हिमालयन बैक लि.ले ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गरी न्यायाधिकरणबाट साँवा रु.२२,८३,७२५।- र फैसला भएको मितिसम्मको ब्याजसहित जम्मा रु.४२,८२,०५९।०८ असलम टेक्सटाइल इन्डष्ट्रिजको जायजेथा, सो बाट

नपुग भए उक्त इन्डष्ट्रिजका साझेदार तथा व्यक्तिगत जमानी दिनेबाट भराइ पाउने ठहर्छ भनि मिति २०६६।७।२९ मा हिमालयन बैक लिमिटेडको पक्षमा फैसला भइसकेको देखिएकोले उक्त रकम असलम टेक्सटाइल इन्डष्ट्रिजका प्रोपाइटरहरु असलम आलम र नजिर आलम अंसारीको जायजेथाबाट असुल गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई जानकारी गराउन हिमालयन बैक लि. लाई पत्र लेखि सक्कल कागज सम्बन्धित निकायमा फिर्ता पठाइ आयोगको मिति २०६७।९।११ को निर्णयानुसार तामेलीमा राखिएको ।

२४. हेटौडा सिमेन्ट उद्योग लि.मा कार्यरत सि.केमिष्ट ऋषिराम खनालले दुईतिर हाजिर गरी नियम विपरित दोहोरो सुविधा लिएकोले छानविन गरी आवश्यक कार्वाही गरी पाउँ भन्ने समेत व्यहोराको आयोगमा प्राप्त उ.द.नं. २३४६ मिति २०६६।१२।१२ को उजुरी निवेदन उपर विस्तृत अनुसन्धान हुँदा, हेटौंडा सिमेन्ट उद्योग लि.मा कार्यरत सि.केमिष्ट ऋषिराम खनालले उद्योगले तोकिएको समय बाहेक अन्य समयमा आफ्नो अनुकुल समय मिलाई ज्ञानोदय वालवालिका वोर्डिङ सेकेन्डरी स्कूल हेटौडामा भोलिन्टीयरको रुपमा दैनिक एक पिरियड ऐच्छिक गणित विषयको कक्षा लिने गरेको, निजले उद्योगको काममा वाधा पुग्ने गरी पढाउने कार्य नगरेको र लिखित रुपमा कुनै सहमती गरी नियुक्ती भै दोहोरो हाजिरी गरी तलव पारिश्रमिक सुविधा लिई उद्योगलाई हानी नोक्सानी पुग्ने कार्य समेत निजबाट भए गरेको नदेखिएको तथा निजले उक्त पढाउने कार्य शैक्षिक सत्र २०६७ वैशाखबाट छाडी सकेको समेत देखिंदा आयोगको मिति २०६७।९।११ को निर्णयानुसार तामेलीमा राखिएको ।

२५. आयोगमा नि.द.नं. २०१५ मिति २०६६/१०/२४ गते परेको जिल्ला विकास समितिको कार्यालय बाराले स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) अन्तर्गत "जिल्ला सहजकर्ता छनौट गरिंदा अनियमितता भएको" भन्ने बिषयको उजूरी निवेदन उपर विस्तृत अनुसन्धान हुँदा, अनुसन्धानको क्रममा संकलन हुन आएका कागजात तथा सम्बन्धित व्यक्तिहरुले आयोग समक्ष दिएको वयान समेत अध्ययन गर्दा जिल्ला विकास समितिको कार्यालय बाराले स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) अन्तर्गत आ.व.२०६६।०६७ मा जिल्ला सहजकर्ता छनौट गर्दा उच्चतम अंक प्राप्त गर्ने अशोक कुमार कुशवाहले कुल ५१.१० अंक प्राप्त गरी अन्य प्रतिस्पर्धी भन्दा उच्चतम अंक प्राप्त गरेको देखिएको र पदपूर्ति समितिको मिति २०६६।१०।२१ को निर्णयले निज अशोक कुमार कुशवाहलाई नै जिल्ला सहज कर्तामा नियुक्तिको लागि सिफारिस गर्ने र दोस्रो स्थानमा रहेका राम नरेश यादव (प्राप्ताङ्क ४८.३५) लाई वैकल्पिक उम्मेदवारको रुपमा छनौट गर्ने भन्ने निर्णय भै मिति २०६६।१०।२२ गतेको अन्नपूर्ण पोष्टमा सोही व्यहोराको नतिजा प्रकाशनको सूचना समेत निकाली उच्चतम अंक प्राप्त गर्ने अशोक कुमार कुशवाहलाई जिल्ला सहजकर्तामा नियुक्ति दिएको देखिंदा पदपूर्ति समितिको उक्त निर्णयलाई अन्यथा भन्न मिल्ने अवस्था देखिएन । यस आयोगको मिति २०६७।४।५ को निर्णयले स्थगन गरिएको निज अशोक कुमार कुशवाहको नियुक्तिको स्थगन फुकुवा गरि निजको नियुक्तिलाई निरन्तरता दिनु पर्ने देखिएको साथै उक्त कार्यक्रमको लागि जिल्ला सहजकर्ता छनौट गर्दा आइन्दा लोकसेवा आयोगको परीक्षा पद्धति सम्बन्धी निर्देशिका अनुसार नै परीक्षा संचालन गरी उम्मेदवारको छनौट गर्न स्थानीय विकास मन्त्रालयलाई लेखी पठाई आयोगको मिति २०६७।९।११ को निर्णयानुसार तामेलीमा राखिएको ।

२६. आयोगमा परेको "नेपाल वायू सेवा निगमका पदाधिकारी तथा कर्मचारीहरुसंग सम्बन्धित नि.द.नं. २५०५ मिति २०६६।१।२७, दर्ता नं. २५८७ मिति २०६६।२।४, दर्ता नं.२५३८ मिति

२०६६।१।३१, दर्ता नं. २६१५ मिति २०६६।२।६, दर्ता नं. ९०९३ मिति २०६६।२।१७ र दर्ता नं.२७४७ मिति २०६६।२।२१ समेतको उजुरी" का सम्बन्धमा विस्तृत अनुसन्धान गर्दा, यसमा नेपाल वायुसेवा निगमले B-757 जहाजको C check गर्न Israel को EL-AL company सँग ठुलो धनरासी क्षती हुनेगरी Maintenance contract गरेको, जुन विगतमा Royal Brunai संग गरेको भन्दा चारगुणा बढि रहेको, B-757 को NDT (Non distractive test) को कामलाई US$ 9000/- तिरेको, जुन काम RBA बाट US$ 1050/- मा हुने गरेको, निगमकै कुनैपनि B-757 को License Holder ले गर्न सक्ने ४ दिनको B-757 को Refresher course लाई प्रति दिनको रु ३०,००,०००।- तिरी वा प्रति course को US$ 15000/- मा EL-AL Isrrael बाट Instructor झिकाई US$ 30000/- तिरेर दुईवटा courses गराएको, साथै निगमबाट अवकाश भएका राम शंकर वसी समेतलाई सित्तैमा तालिम दिएको, B-757 wet lease को लागि सबैभन्दा कम कवोल गर्ने (US$ 3690/- प्रति घण्टामा दिन सक्ने) North American Airline सँग Commission माग्दा नदिने भएपछि सस्तो भाडामा जहाज नै नलिने निर्णय गरेको, सुगतरत्न कंसाकार निगममा आउने वित्तिकै 9N-ABM / 9N-ABQ नामको Twinotter ५.२८ मिलियन डलरमा क्रमशः वेच्ने निर्णय गरेको, प्रकाश लोहनीबाट रु.१०,००,०००।- खाएर HKG Posting गरेको, Spain को Iberia नामक company मा B-757 र ५ वटा Module हरु Overhaul गर्न पठाउदा समयमै Engine फिर्ता आउन नसक्ने भई 9N-ACB भुमिस्थ (Grounded) भएको समेत, Bedek Company बाट OH भए आएको PT-6 Engine PCE 41798 QN ABO जहाज test flight गर्नु अगाडी नै फेल भए तापनि सो कम्पनीलाई Black list नगरेको, EL-AL ले B-757 को Type course गरेवापत ८० हजार डलर per class लिने भएको, जुन विगतमा भन्दा १० गुणा बढि भएको, आउदो B-757 9N-ACB को 15th C check को लागि Man power,Material आदिको cost estimate नहुदै जहाज नै Inspection गर्नु अगावै १५ लाख डलरको LC खोलेको, Dubai को Isha travel company लाई 3% Over bidding commission दिने भनि निर्णय गरेको, जवकि यस्तो कार्य हालसम्म नभएको र जसवापत निगमलाई वार्षिक ३ करोड ६० लाख घाटा हुन जाने, मलेसियास्थित Carnival travel लाइ General sales Agent ले पैसा खाईसकेकोले दिन लागेको, Kualalampur,Bangkok र Hongkong मा साह्रै महंगोमा Fuel हाल्ने गरेको, निगमका DMD गणेश ठाकुरले विगतमा १७०१ Transporter (High Loader) को ५० औं लाख पर्ने ईन्जिन खरिद गरि प्रयोग नगरिकन Hanger मा फालिदिएको, यस्तै Garrette Engine (पचासौं लाख भन्दा वढी पर्ने) खरिद गरि प्रयोगमा नल्याईकन कवाडी जस्तै फालेको, १००२ को Toilet Truck को Engine overhaul गरि लाखौं खर्च गरेको र प्रयोग नै नगरि फालेको, विश्वका विभिन्न एअरलाईन्सका Grd Equipment भन्दा Sophisticated high cost वाला Tow Barless tow tractor pax Bus (Air condition) Pax step आदि किनेर करोडौ कमिशन खाएको समेत, ७८० डलरपर्ने टायरलाई १४७५ डलर र ५७५ डलर पर्ने नोज टायरलाई १०१० डलरमा खरिद गरी आर्थिक अनियमितता गरेको, आफूसंग नभएको अधिकार प्रयोग गरी सुगतरत्न कंसाकारले भ्रमण आदेश स्वीकृत गरेको भन्ने व्यहोरा समेतका उजुरीहरु उपर अनुसन्धान हुँदा, प्राप्त हुन आएका प्रमाणका कागजात, सम्वन्धित व्यक्तिहरुले आयोग समक्ष गरि दिएको वयान एवं सम्वन्धित निकायको प्रतिक्रियाहरु र अनुसन्धानको सिलसिलामा संकलित अन्य कागजातहरु समेत अध्ययन गर्दा उजुरीमा त्रुटीपुर्ण भनि औंल्याइएका विषयवस्तुहरु उल्लेख गरिए झैं त्रुटी पूर्ण र वद्नियत साथ गरे गराई अनियमितता गरेको भन्ने पुष्टी हुन आएन । अतः पछि कही कतैबाट थप कुराहरु खुल्न आएमा कानून बमोजिम हुने नै हुँदा आयोगको मिति २०६७।९।११ को निर्णयानुसार उजुरी तामेलीमा राखिएको ।

२७. बैतडी जिल्ला अन्तर्गत जिल्ला जनस्वास्थ्य कार्यालय, जिल्ला आयुर्वेदिक अस्पताल मेलौली बैतडी र प्राथमिक स्वास्थ्य केन्द्र केशरपुरका भवनहरु निर्माण सम्बन्धी विषयमा आयोगमा परेको उजुरी माथि विस्तृत अनुसन्धान हुँदा, यस विषयमा शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय बैतडीबाट प्राप्त लगत इष्टिमेट, मेजरमेन्ट बुक र सोसंग सम्वन्धित कागजातहरु तथा महालेखा परीक्षकको बार्षिक प्रतिवेदन २०६१ र २०६२ समेत अध्ययन गर्दा अनियमितता भएको पुष्टि हुने बस्तुगत आधार प्रमाण नदेखिएकोले आयोगको मिति २०६७।९।११ को निर्णयानुसार तामेलीमा राखिएको ।

२८. निवेदक मदन बहादुर घिमिरेले काठमाडौं वस्ने वेवी राय यादवले वावु भारतीय नागरिक देखाई बंशजको आधारमा नागरिकता लिएको हुँदा वदर गरी पाउँ भनी दिएको उजूरी निवेदन उपर अनुसन्धान हुँदा, निज बेवी रायले काठमाडौं जिल्ला प्रशासन कार्यालयबाट लिएको नागरिकताको सम्बन्धमा निजको आमा नेपाली नागरिक भएको, "नागरिकता ऐन २००९ को दफा २(क) मा "जो नेपाल राज्यमा जन्मेको हो" दफा २(ख) "जसको आमा वावु मध्ये एक जना नेपाल राज्यमा जन्मेको हो" त्यस्तो व्यक्तिले नेपाली नागरिकता लिन पाउने कानूनी एवं संवैधानिक व्यवस्था भएको" र निजले लिएको नागरिकता समेत सोही प्रकृतिको देखिएको र यस सम्बन्धमा जिल्ला प्रशासन कार्यालयबाट मिति २०६३।२।२३ मा निज वेवी रायले मिति २०३४।२।२ मा लिएको नागरिकता कानून सम्मत नै भएको भनी निर्णय समेत गरिसकेको अवस्था पाइएकोले यस्मा थप केही गरिरहनु पर्ने अवस्था नभएको कारण आयोगको मिति २०६७।९।२६ को निर्णयानुसार तामेलीमा राखिएको ।

२९. जिल्ला विकास समितिको कार्यालय बाराका इन्जिनियर मेघु प्रसाद जयसवालले बारा जिल्ला अन्तर्गत बसतपुर गा.वि.स.को नहर चोकदेखी भारत सिमाना सम्म जोड्ने कच्ची सडक मर्मत कार्यमा सरकारी रकम हिनामिना गरी अनियमितता गरेको भन्ने उजुरीका सम्वन्धमा निजहरुसंग स्पष्टिकरण माग गरिएकोमा निजहरुले आयोग समक्ष पेश गरेको स्पष्टिकरणको जवाफ आयोगको बैठकमा पेश भै छलफल हुँदा, स्पष्टिकरणको जवाफ चित्त बुझ्दो नदेखिएकाले जिल्ला विकास समितिको कार्यालय बाराका इन्जिनियर मेघु प्रसाद जयसवाल र हाल जिल्ला प्राविधिक कार्यालय गौरमा कार्यरत सहायक इन्जिनियर शिवशंकर ठाकुर समेतले आफ्नो पदको प्रकृती अनुसारको पालना गर्नुपर्ने कर्तव्य पालना नगरेको कारणबाट जिल्ला विकास समितिलाई हानी पुऱ्याउने कार्य गरी गराई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (छ) द्वारा परिभाषित अनुचित कार्य गरेको देखिँदा उपरोक्त कार्यबाट राज्यलाई हानी पुग्न गएको रकम रु. १,३१,९८२।- निजहरुबाट असुल उपर गर्ने भन्ने निर्णय भए बमोजिम निजहरु ई.मेघु प्रसाद जयसवाल बाट रु.६५,९९१।- र सव इञ्जिनियर शिवशंकर ठाकुरबाट रु.६५,९९१।- गरी जम्मा रु.१,३१,९८२।- निजहरुबाट असुल उपर भई सकेको हुँदा यसमा थप केही गरिरहनु नपर्ने हुँदा आयोगको मिति २०६७।१०।१३ को निर्णयानुसार तामेलीमा राखिएको ।

३०. स्याङ्गजा जिल्ला पौवेगौडे गा.वि.स.मा विद्युत विस्तार कार्यगर्न गठित उपभोक्ता समितिले रकम अनियमितता तथा पेश्की फछ्यौट नगरेको भन्ने समेतको उजुरीका सम्बन्धमा विस्तृत अनुसन्धान हुँदा, सामुदायिक विद्युत उपभोक्ता समितिका अध्यक्ष शैलेन्द्र जंग कार्कीले गरेको उजुरीमा उल्लेखित अनियमितता पुष्टि हुन नसकेको तथा सामुदायिक विद्युत उपभोक्ता समितिबाट रु. २२,७००।- र गा.वि.स. को कार्यालयबाट रु.६२,०००।- पेश्की लिई उक्त

पेश्की रकम फछ्यौट समेत गरी सकेको जानकारी उक्त विद्युत उपभोक्ता समितिको मिति २०६७/९/८ र गा.वि.स. स्याङ्गजाको २०६७/९/८ को पत्रबाट जानकारी भएको देखियो । प्रस्तुत उजुरी उपर थप कारवाही गरी रहनु परेन आयोगको मिति २०६७।१०।१४ को निर्णयानुसार तामेलीमा राखिएको ।

३१. जिल्ला पशु सेवा कार्यालय कंचनपुरले आ.व. २०६४।०६५ को कार्यक्रम संचालन गर्दा विभिन्न अनियमितता कार्य गरि भ्रष्टाचार गरेकोले भ्रष्टाचार गर्ने व्यक्तिलाई कारवाही गरि पाउँ भनि आयोगमा परेको उजुरीको सम्वन्धमा विस्तृत अनुसन्धान हुँदा, जिल्ला पशु सेवा कार्यालय कंचनपुरले आ.व. २०६४।०६५ को कार्यक्रम संचालन गर्दा औषधी खरिद तथा वितरण समेतका विभिन्न २३ वटा कार्यमा अनियमित तरिकाले कार्य गरि भ्रष्टाचार गरेको भन्ने सम्वन्धमा जिल्ला पशु सेवा कार्यालय कंचनपुरबाट आयोगमा प्राप्त हुन आएको मिति २०६५।११।११ को प्रतिक्रियामा उक्त कार्यालयको आ.व. २०६४।०६५ को आर्थिक श्रेस्ता आन्तरिक र अन्तिम लेखापरीक्षण समेत भै सकेको र लेखापरीक्षणबाट कुनै अनियमितता भएको नदेखिएको तथा बेरुजु नभएको व्यहोरा अनुरोध भै आएको हुँदा आयोगको मिति २०६७।१०।१४ को निर्णयानुसार तामेलीमा राखिएको ।

३२. जिल्ला जन-स्वास्थ्य कार्यालय, कास्की अन्तर्गत हंसपुर उप-स्वास्थ्य चौकीमा कार्यरत अ.हे.व. बुद्धिसागर तिवारीले त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट स्नातकोत्तर तह स्वास्थ्य विषयको कार्यक्रममा नियमित विद्यार्थीको रुपमा अध्ययन गरी सोही अवधिमा हंसपुर उप-स्वास्थ्य चौकी, कास्कीमा हाजिर गरी तलव भत्ता समेत खाई एकै समयमा दोहोरो सुविधा लिएको भन्ने आयोगमा परेको उजूरी दर्ता नं. २२७४ मिति २०६६।१।१३ को उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा निज बुद्धिसागर तिवारीले शैक्षिक सत्र २०६१।०६२ मा त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा एम.एड. स्वास्थ्य विषयमा भर्ना भएको देखिन्छ । निजले अध्ययन गरेको पहिलो वर्षको परीक्षा तालिका अनुसार मिति २०६२।९।३ देखि परीक्षा शुरु भई मिति २०६२।९।२५ सम्म लिखित विषयहरुको परीक्षा संचालन भएको र उक्त अवधिभरी निजको आफू कार्यरत रहेको कार्यालयबाट प्राप्त निजको हाजिरी रेकर्ड विवरणमा घर बिदा जनाईएको देखिन्छ । यसैगरी निजको दोश्रो वर्षको परीक्षा मिति २०६३।९।९ मा शुरु भई मिति २०६३।१०।४ मा सम्पन्न भएको र उक्त अवधिभर निजको आफू कार्यरत रहेको कार्यालयको हाजिरी रेकर्ड विवरणमा घर बिदा जनाएको देखिन्छ । तसर्थ, यसमा निजले नियमित रुपमा क्याम्पसमा हाजिर भई अध्ययन नगरेको र परीक्षाको समयमा पूरा अवधि घर बिदा स्वीकृत भएको देखिएको र कोर्ष पूरा हुन हाजिर प्रतिशत हाल आवश्यक नपर्ने जानकारी त्रि.वि.वि.बाट प्राप्त भएको हुँदा आयोगको मिति २०६७।१०।१७ को निर्णयानुसार तामेलीमा राखिएको ।

३३. का.जि.का.म.न.पा. १० घर भई का.म.न.पा. १२ टेकु वस्ने अरुण कुमार रंजितकारले सरकारी सार्वजनिक जग्गा घुसाई जग्गा वढी कायम गरी ज.ध. प्रमाण पूर्जा लिएको हुँदा तत्कालिन मालपोत कार्यालयका प्रमुख समेतलाई कानून वमोजिम कारवाही गरि पाउँ भन्ने उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान गर्दा, अरुण कुमार रंजितकारले २०३०।१।२५ मा साविक नगर २ 'क' कि.नं. २३७ क्षे.फ. ०-११-२-० जग्गा उत्तर ढल, दक्षिण कालिकाको जग्गा पूर्व बाटो, पश्चिम ढल यति चार किल्ला भित्र खरिद गरेको र सो चारकिल्ला भित्रको जग्गा २ कित्ताका रुपमा नापी भै अरुण कुमार रंजितकारका नाममा २०४६।५।६ मा फिल्डवुकमा उल्लेख भएको देखिन्छ । मालपोत कार्यालय डिल्लीवजारबाट स्थलगत सर्जमिन मुचुल्का नापी कार्यालय

काठमाण्डौबाट कुलो बाटो २ वटा वडा २ क र १ ङ को मार्जिनमा भएकोले यकिन साथ पर्ति नै जग्गा घुसेको भन्न नसकिने भनी दिएको पत्र समेतका आधारमा २०५२।१०।२४ मा हाल साविक गर्ने निर्णय गरेको र उक्त निर्णय उपर सरकारी सार्वजनिक जग्गा व्यक्ति विशेषले गरेको दर्ता वदर गरि पाउँ भनी मिति २०६४।९।२ मा तारा प्रकाश पौडेलले मालपोत कार्यालय, काठमाडौंमा निवेदन दिएकोमा मालपोत कार्यालयबाट २०६५।९।२४ मा २०५२।१०२४ कै निर्णय सदर गरी उक्त उजुरी तामेलीमा राख्ने निर्णय गरेको देखिन्छ। यसैगरी हाल स्थलगत निरीक्षण गरी नापी कार्यालयबाट पेश गरेको प्रतिवेदनमा समेत उक्त कित्ता नं. हरु ७८ र १ मा वनेको घर भन्दा ४/५ फीट उत्तरमा खि: ढल रही पश्चिम हुँदै घर पर्खाल वाहिरबाट दक्षिण गएको देखिएको र नापीबाट पठाएको हाल र साविकको ट्रेस नक्सा आधार विन्दु फरक भएमा फरक पर्न सक्ने उल्लेख भएको हुँदा खि: ढल निज अरुण कुमारको घर कम्पाण्ड भन्दा ४/५ फिट वाहिर उत्तर नै देखिन आएको समेत आधारबाट आधार विन्दु, चारकिल्ला भित्र कै देखिएको र उक्त बाटो र जग्गाको स्वरुपले पनि निर्धारण गरेको अवस्थामा मालपोत कार्यालय, काठमाडौंको २०५२।१०।२४ को हाल साविकको निर्णय र २०६५।९।२४ मा साविकको निर्णय सदर गर्ने गरी भएको निर्णय अन्यथा भन्न नसकिने देखिएको तथा सो निर्णय उपर सरोकारवाला अदालत समक्ष जानुपर्नेमा सो तर्फ समेत गएको नदेखिएको हुँदा आयोगको मिति २०६७।१०।१९ को निर्णयानुसार तामेलीमा राखिएको ।

३४. यस आयोगमा दर्ता भएको नि.द.नं. ६४९ मिति २०६७।५।२४ गतेको "त्रियूगा नगरपालिका वडा नं २ गाइघाट स्थित त्रियूगा उच्च मा.वि.का संचालक समेतले भ्रष्टाचार गरेको भन्ने बिषयको उजुरी समेतका सम्बन्धमा" विस्तृत अनुसन्धान हुँदा, त्रियूगा उच्च मा.वि.उदयपुरले आफ्नो स्वामित्वमा रहेको गाइघाट ४(ख) कि.नं. २०७१ को ज.वि.६-०-०.२५ विद्यालयको भौतिक पूर्वाधार विकासको लागि बिक्री गर्नु पर्ने अवस्था श्रृजना भएको महसुस भएकाले विद्यालयको सम्पत्ति संरक्षण समिति, स्थानीय राजनैतिक दलका प्रतिनिधीहरु, अभिभावकहरु आदिको बैठकको निर्णय बमोजिम उक्त जग्गा बिक्री गर्नको लागि स्वीकृत माग गर्दा जिल्ला शिक्षा कार्यालय उदयपुर मार्फत शिक्षा तथा खेलकूद मन्त्रालयमा पत्राचार गरेकोमा उक्त मन्त्रालयको मिति २०६३।१२।२७ गतेको मा.मन्त्रीस्तरीय निर्णयबाट उक्त विद्यालयको नाममा रहेको कुल जग्गा मध्येबाट शिक्षा नियमावली, २०५९ को नियम १६० को उपनियम २(क) बमोजिम २५ प्रतिशतमा नबढ्ने गरी उक्त जग्गा बिक्री गरी उक्त रकम विद्यालयको भौतिक पूर्वाधारको विकासको लागि खर्च गर्ने अनुमति प्रदान गरेको देखियो । शिक्षा तथा खेलकूद मन्त्रालयको स्वीकृति पश्चात् उक्त जग्गा बोलकवोल प्रक्रियाबाट बिक्री गर्न २ पटक सम्म राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशन गर्दा समेत कुनै पनि दरखास्त प्राप्त हुन नआएकोले विद्यालय व्यवस्थापन समितिको निर्णयले जग्गा प्लटिङ्ग गरी टुक्रा टुक्रा पारी प्रत्येक प्लटको मूल्याँकन समेत गरी बिक्री गर्ने निर्णय भए बमोजिम विद्यालय व्यवस्थापन समितिको उक्त निर्णयलाई स्थानीय राजनैतिक दलका प्रतिनिधीहरु तथा अभिभावकहरुको भेलाले अनुमोदन गरेकोमा उक्त अनुमोदन समेतलाई विद्यालय सम्पत्ति संरक्षण समिति र जिल्ला स्थित आठ राजनैतिक दलका प्रतिनिधीहरुले उक्त निर्णयलाई स्वीकृति प्रदान गरेको देखिन आयो । प्लटिङ्ग गरिएका १०७ वटा प्लट जग्गाहरु बिक्री गर्ने प्रयोजनको लागि बिभिन्न संचार माध्यमबाट सूचना प्रकाशित भएपश्चात् जिल्ला प्रशासन कार्यालय समेतका प्रतिनिधीहरुको रोहबरमा प्रत्येक दिन डाँक बढाबढ गरी पहिलो चरणमा २९ वटा प्लटको क्षे.फ.१-४-०.७५ जग्गा बिक्रीबाट रु.७८,३७,२७९।५० दोस्रो चरणको ३५ वटा प्लटको क्षे.फ.१-८-१३ को बिक्रीबाट रु. ९९,०९,७९९।- प्राप्त हुन आएको देखिन्छ । पहिलो र दोस्रो चरणमा बिक्री भै बिक्री हुन

बाँकी अन्य ४१ वटा प्लटको क्षे.फ.१-१८-७.५ जग्गा बिक्रीको लागि पुरानो मूल्याँकनमा रु. १,५०,०००।- प्रति कठ्ठा थप गरी पुर्नमूल्याँकन गरी एकमुष्ट बिक्री गर्न न्यूनतम बिक्री मूल्य रु. २,०५,०००००।- कायम गरी टेण्डर आह्वान गरिएकोमा सो बमोजिम परेका टेण्डरहरु मध्ये अधिकतम रु. २,०६,०३,०००।- सकार गर्ने दोलखा जिल्ला निवासी डम्बर उप्रेतीलाई मिति २०६६।३।३ मा स्वीकृत गरे पश्चात् निज डम्बर उप्रेतीले नियमानुसार टेण्डर सकार गरी उक्त जग्गा अन्य व्यक्तिहरुलाई बिक्री बितरण गरी हक हस्तान्तरण गरि दिएको देखिएको साथै दोस्रो लटमा बैना गरी पास गर्न बाँकी १ प्लटको रु. ६,४६,२५०।- समेत गरी जम्मा रु.३,८९,९६,३२८।५० विद्यालयलाई प्राप्त हुन आएको उक्त रकम प्रथम चरणमा टेण्डर आह्वान गर्दा अंकित रकम रु.३,०१,११,१११।- भन्दा रु.८८,८५,२१७।५० ले बढी रकम प्राप्त हुन आएको देखिएको र उक्त जग्गा बिक्रीबाट प्राप्त रकम विद्यालयको तीन वटा भवन निर्माणमा प्रयोग गरेको देखिन आयो । उक्त जग्गा बिक्रीबाट प्राप्त रकम रु.३,८९,९६,३२८।५० मध्ये बिभिन्न प्रयोजनको लागि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बलदेव चौधरी र सदस्य तारा राई समेतले आ.व.२०६५।०६६, २०६६।०६७, र २०६७।०६८ समेतमा लिएको पेश्की रकम विभिन्न मितिहरुमा गरी जम्मा रु.४४,००,०००।- हाल फिर्ता/फछ्र्योट गरी सकेको देखिएकोले अव उप्रान्त कुनै पनि प्रकारका आर्थिक कारोवारहरु गर्दा सार्वजनिक खरिद ऐन नियमको पूर्णरुपमा पालना गर्ने गराउने भनी जिल्ला शिक्षा कार्यालय उदयपुर र त्रियूगा उच्च मा.वि.उदयपुरलाई लेखी पठाउने गरी आयोगको मिति २०६७।११।१ को निर्णयानुसार तामेलीमा राखिएको ।

३५. आयोगमा परेको नि.द.नं. १४०८ मिति २०६६।४।२७ को उजुरीमा ठेकेदार कालिका कन्स्ट्रक्सन प्रा.लि. ले खोड्पे वझाङ्ग चैनपुर सडक स्तरोन्नती गर्दा रुख काटेको र ढुंगा, गिट्टी वन पैदावार झिकी विक्री गरेको भनी वैतडी जिल्लाका वन अधिकृत कृष्णराज भट्ट समेतले घुस नदिनेलाई झुठा मुद्दा दायर गरेको र दिनेलाइ दायर नगरेको भन्ने सम्वन्धको उजुरी उपर अनुसन्धान हुँदा, वैतडी जिल्ला वन कार्यालयका वन अधिकृत कृष्णराज भट्ट, वन अधिकृत ध्रुव कुमार गिरी, सहायक गोपालदत्त जोशीले काल्पनिक उजुरी हाली स्थानीय जनता र ठेकेदारले रुख काटी गिटी ढुंगा वन पैदावार विक्री गरेको भनी निर्माण कम्पनीहरुलाई धम्क्याई तर्साइ घुस रिसवत नदिने ठेकेदार विरुद्ध झुट्टा मुद्दा लगाएको भन्ने प्राप्त उजुरी । वादी नेपाल सरकार प्रतिवादी जय पृथ्वी वहादुर सिं मार्ग अन्तर्गतको खोडपे श्री भावर निर्माणाधिन सडक निर्माणकर्ता कालिका कन्स्ट्रक्सन प्रा.लि. का कन्ट्याक्टर क्षेत्र वहादुर अर्याल समेत भएको "विना ईजाजत वन क्षेत्रबाट गिट्टी विक्री गऱ्यो" भन्ने मुद्दामा बैतडी जिल्ला अदालतबाट मिति २०६६।११।९ मा प्रतिवादीलाई सफाई दिने ठहरी फैसला भएको र मिति २०६७।५।१५ मा पुनरावेदन अदालत महेन्द्रनगरबाट सोही फैसला सदर भैसकेको भन्ने पुनरावेदन सरकारी वकील कार्यालयको मिति २०६७।१०।५ को पत्रबाट देखिएको हुँदा यस विषयमा अदालतबाट फैसला भैसकेको देखिएकोले आयोगको मिति २०६७।११।४ को निर्णयानुसार तामेलीमा राखिएको ।

३६. जुद्ध वारुणयन्त्र कार्यालय भक्तपुरका निमित्त कार्यालय प्रमुख हिरालाल डाँगीले दमकल मर्मतमा अनियमितता, सवारी साधनको दुरुपयोग, इन्धनको अनियमितता, नियम विपरित कर्मचारी भर्ना र युनिटी लाइफको एजेन्ट वनी ठगी गर्ने समेतको कार्य गरेको भन्ने विषयको उजुरी सन्दर्भमा अनुसन्धान हुँदा, जुद्ध वारुणयन्त्र कार्यालय भक्तपुरका निमित्त कार्यालय प्रमुख हिरालाल डाँगीले साविक देखि नै करारमा नियुक्त भई कार्यरत रहेका कर्मचारीलाई दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक भएकोले सार्वजनिक खरिद

नियमावली, २०६४ को नियम ९५ अनुसार पुनः करारमा नियुक्त गरेको देखिएकोले यसलाई अन्यथा भन्न मिलेन । चार वर्ष देखि विग्रिएर रहेको दमकल मर्मत टेण्डर प्रकृयाद्वारा नियमानुसार स्वीकृत भै मर्मत गर्ने संझौता भैसकेको अवस्थामा आर्थिक वर्ष समाप्त भै बजेट फ्रिज भई मर्मत कार्य रोकिन गएको देखिएकोले कार्यालय प्रमुखबाट आर्थिक अनियमितता भएको भन्न सकिने देखिएन । त्यसैगरी इन्धन वापतको बजेट नियमानुसार नै खर्च भएको पाइएकोले यसमा अनियमितता भएको र युनिटी लाइफको सदस्य भएको भन्ने समेत पुष्टी गर्ने आधार देखिएन । आयोगको मिति २०६७।११।८ को निर्णयानुसार तामेलीमा राखिएको ।

३७. वन तथा भू-संरक्षण मन्त्रालयका पदाधिकारीले "विदेश भ्रमण खर्च लेख्दा अनियमितता गरेको" भन्ने समेत बिषयको यस आयोगमा परेको उजुरी उपर अनुसन्धान हुँदा वन तथा भू-संरक्षण मन्त्रालयका मन्त्री तथा सचिव समेतको मिलेमतोमा प्रचलित निजामती सेवा ऐन विपरित मोटो रकम लिई २४ घ (१) अन्तर्गत बढुवा भएका रा.प.प्रथम र द्वितीय श्रेणीका कर्मचारीहरु डि.एफ.ओ.र क्षेत्रीय निर्देशकको दरन्बदीमा सरुवा गरेको भन्ने सम्बन्धमा निजामती सेवा ऐन को दफा २४ घ (१) अन्तर्गत बढुवा भएका रा.प.प्रथम र द्वितीय श्रेणीका कर्मचारीहरुलाई साधारण तर्फको स्थायी रा.प.प्रथम र द्वितीय श्रेणीको पदमा सरुवा नगरेको भनी खुलाई पठाएको देखियो । त्यसैगरी छानवीनका क्रममा जिल्लामा खटिने कर्मचारीहरुले पेश गरेको हरेक प्रतिवेदन वापत ४ हजार खर्च लेखी नियम विपरित भुक्तानी गरेको भन्ने सम्बन्धमा उक्त मन्त्रालयबाट बिभिन्न स्थानहरुमा अनुसन्धान र छानवीनको गर्नको लागि मन्त्रालयबाट कर्मचारी काज खटाइएकोमा निजहरुलाई नियमानुसारको दैनिक भ्रमण भत्ता उपलब्ध गराइएको छ । प्रतिवेदन तयार गरे वापत स्वीकृत नर्मस अनुसार खर्च लेखीने गरेको भनी खुलाई पठाएको देखिंदा सो सम्बन्धमा केही गरिरहनु पर्ने देखिएन । विदेश भ्रमण जाँदा सह सचिव र मन्त्रीका पि.ए.हरुको खर्च कार्यालयबाट व्यहोरिएको भन्ने सम्बन्धमा उक्त मन्त्रालयबाट प्राप्त जवाफ तथा प्रतिलिपी कागजातहरु समेत अध्ययन गर्दा मिति २०६६ भाद्र २६ गते वन तथा भू संरक्षण मन्त्रालयको तथा मातहत निकाय, विदेश भ्रमण, तालीम, गोष्ठी, सेमीनार आदिमा मनोनयन गर्न गठित समितिको बैठकबाट अक्टोवर १२ देखि २३ सम्म अर्जेन्टिनाको ब्यूनर्स आयर्समा हुने सम्मेलनमा भाग लिन निम्न पदाधिकारीहरुलाई मिति २०६६ आश्विन ३० मा प्रस्थान गरी मिति २०६६ कार्तिक ८ सम्म भ्रमणमा जानको लागि मनोनयन हुन पेश गर्दछौं । साथै मनोनयन भएका पदाधिकारीहरुको लागि आवश्यक भ्रमण खर्च दै.भ्र.भ.आदि सुविधाको लागि यस मन्त्रालयको सम्बन्धित महाशाखाबाट सम्बन्धित दातृ निकायसंग सम्पर्क गरी व्यवस्था गर्ने निर्णय हुन समेत सिफारिस गर्दछौं भन्ने निर्णय भएको तथा वन तथा भू संरक्षण मन्त्रालयमा मिति २०६६।५।२६ गते उठाइएको टिप्पणी र आदेश उक्त अन्तर्राष्ट्रिय सम्मेलनमा मनोनयन गरी पठाउन FAO को नेपाल मिसन जेनेभाको पत्र प्राप्त भएको हुँदा उक्त कार्यक्रममा विभागीय मन्त्रीको नेतृत्वमा वन प्राबिधिक एवं वन मन्त्रालयका पदाधिकारी सम्मिलित टोली मिति २०६६।६।३० गते प्रस्थान गरी समाप्ति पश्चात् मिति २०६६।७।८ सम्म काज खटाउने गरी मनोनयन भएको उक्त सम्मेलनमा भाग लिन जाने टोलीको लागि लाग्ने आवश्यक रजिष्ट्रेशन शुल्क भ्रमण भत्ता, दैनिक भत्ता, टोली नेता, भैपरी, लुगा भत्ता, आदि पछि निर्णय (नियमानुसार) गर्ने गरी मनोनयन समितिले सिफारिस गरी सम्बन्धित निकायमा जानकारी पठाई रजिष्ट्रेशन पश्चात् मात्र भिसा प्राप्त हुने र सो पत्रसाथ दिल्ली स्थित अर्जेन्टिनाको राजदुतावासमा भिसाको लागि पठाउनु पर्ने हुँदा नामावली मनोनयनको लागि प्रस्ताव गरेको देखिन्छ जुन भ्रमण खर्च नियमावली २०६४ को दफा १४ (१) मा उल्लेख भए

बमोजिमको "कुनै पदाधिकारी वा कर्मचारीलाई सरकारी कामको सिलसिलामा विदेश भ्रमणमा पठाइने भएमा निजले यस नियमावली बमोजिम पाउने दैनिक भत्ता, भ्रमण खर्च, पाकेट खर्च, नेता भत्ता तथा भैपरी आउने जस्ता कुन कुन सुविधा पाउने हो सो खुलाई भ्रमणमा खटाउनु अघि निर्णय गर्नुपर्नेछ" भन्ने व्यवस्था बमोजिमनै भएको एवं उक्त भ्रमणबाट तत्कालिन सह-सचिव राजेन्द्र प्रसाद ढुंगेललाई मात्र दैनिक भ्रमण भत्ता वापत रु.९१,४७५।- उपलब्ध गराएको भनी वन तथा भू-संरक्षण मन्त्रालयबाट लेखी आएको । उक्त रकम निजले ११ दिन भ्रमण भत्ता वापत दैनिक $१५०.०० का दरले लिएकोमा भ्रमण खर्च नियमावली, २०६४ को नियम १२ बमोजिम ७ दिन भन्दा बढी विदेश भ्रमण गर्दा आठौं दिन देखि पाउने दैनिक भ्रमण भत्ताको ७५ प्रतिशत रकम मात्र पाउने व्यवस्था भए अनुसार दिन ४ को २५ प्रतिशतले बढी रकम भुक्तानी लिएको हुँदा सो को हुन आउने जम्मा $१५०.०० को तत्कालिन दर ७४।६७ ले हुन आउने जम्मा ने.रु.११,२००।५० निज तत्कालिन सह-सचिव राजेन्द्र प्रसाद ढुंगेलले यस आयोग मार्फत राजश्व खातामा दाखिला गरिसकेको हुँदा आयोगको मिति २०६७।११।८ को निर्णयानुसार तामेलीमा राखिएको ।

३८. ६ नं. नापी गोश्वाराका प्रमुख वामदेव दिप समेतका कर्मचारी र यदुनाथ दाहाल समेतको मिलेमतोमा काठमाडौं जिल्ला गोठाटार गा.वि.स. वडा नं. ४ साविक कित्ता नं. ५५० हालको कि.नं. ५३५, ५३६ र ५३७ को क्षेत्रफल १-१४-०-० जग्गा नाप जाँच गर्दा कि.नं. ८४ र ८५ लगायतका क्षेत्रफल बढ्ने गरि निवेदकलाई मर्का परि बढि जग्गा बनाउने संग लेनदेन गरि भ्रष्टाचार जन्य कार्यगरेको भन्ने समेत व्यहोराको उजुरी उपर अनुसन्धान हुँदा, उपरोक्त जग्गा सम्बन्धी विवाद व्यक्ति व्यक्तिबीचको हुनुको साथै कर्मचारीको अनियमित एवं भ्रष्टाचार जन्य कार्य एकिन गर्न नसकिएको हुँदा आयोगको मिति २०६७।११।१३ को निर्णयानुसार तामेलीमा राखिएको ।

३९. पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य तालीम केन्द्र पोखराका लेखा अधिकृत एकनारायण शर्माले २०६६ साल फागुन महिनालाई ४५ दिनको बनाई भत्ता खाएकोले निज उपर कारवाही होस् भनि यस आयोगमा दर्ता भएको उजूरी दर्ता नं.५१३ मिति २०६७।४।४ को उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा, निज लेखा अधिकृत एकनारायण शर्मा मिति २०६६।११।१० देखि २०६६।११।१६ सम्म दिन ७ र मिति २०६६।१०।२४ देखी मिति २०६६।११।२९ सम्म दिन ६ समेत जम्मा दिन १३ काजमा खटिई गएको र मिति २०६६।१०।२८ मा नै कार्यालयमा हाजिर भएको तथा भत्ताका हकमा मिति २०६६।१।२८ र मिति २०६६।१०।२९ दुवै दिनको भुक्तानी लिएको देखिंदा निजले वढी भुक्तानी लिएको रु.५००।- (पाँच सय) आयोगको लेखा शाखामा मिति २०६७।११।८ मा दाखिला गरीसकेको देखिएकोले यसमा आयोगबाट केही गरिरहनु नपर्ने हुँदा आयोगको मिति २०६७।११।१५ को निर्णयानुसार तामेलीमा राखिएको ।

४०. जिल्ला स्वास्थ्य कार्यालय, रामेछापका तथ्याङ्क अधिकृत मनोज ताम्राकार समेतले स्टेशनरी खरिद, तालीम, गोष्ठी एवं सेमिनार संचालनमा अनियमितता गरेको भन्ने समेत व्यहोराको उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा, यसमा जिल्ला स्वास्थ्य कार्यालय, रामेछापका तथ्याङ्क अधिकृत मनोज ताम्राकारले संचालन गरेको तालीम, गोष्ठी, स्टेशनरी खरिद एवं सेमिनार आदिमा भएको खर्च अनियमित रुपमा भएको भन्न मिल्ने अवस्था नदेखिनुका साथै निजको नाममा पेश्की वाँकीरहेको समेत नदेखिएको तथा म.ले.प.को प्रतिवेदनमा समेत उक्त विषयका सम्बन्धमा कुनै कैफियत औंल्याइएको नदेखिंदा आयोगको मिति २०६७।११।१५ को निर्णयानुसार तामेलीमा राखिएको ।

४१. नेपाल सरकार (मन्त्रिस्तर) को निर्णयले अर्न्तदेशीय धर्मपुत्र, धर्मपुत्री दिने सम्बन्धी सवै प्रकृया रोक्का रहेको अवस्थामा धर्मपुत्र ग्रहण गर्न दिने सिफारिश भै निर्णय समेत भएको भन्ने व्यहोराको आयोगमा प्राप्त उजूरीका सम्बन्धमा छलफल हुँदा, नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र/धर्मपुत्री ग्रहण गर्न दिने शर्त तथा प्रकृया २०५७ वमोजिम बालक उमेशलाई धर्मपुत्रको रुपमा ब्रिटिश दम्पत्तिलाई प्रदान गर्न जिल्ला प्रशासन कार्यालय भक्तपुरको मिति २०६३।९।२८ को निर्णयले महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई सिफारिश गरिएकोमा मिति २०६४।९।१६ मा नेपाल सरकार (सचिव स्तर) बाट बालक उमेशलाई धर्मपुत्र दिने निर्णय भएको भन्ने देखियो । धर्मपुत्र दिन सिफारिस गरिएको बालक उमेश मन्त्रालयबाट निर्णय नहुँदैको अवस्थामा मिति २०६४।४।१८ मा मृत्यु भएको कारण बालक उमेशको सट्टा उक्त ब्रिटिश दम्पत्तिलाई अर्को वालक अभिषेकलाई धर्मपुत्रको रुपमा दिन जिल्ला प्रशासन कार्यालय, भक्तपुरले मिति २०६४।९।१६ मा महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयलाई सिफारिस गरेको देखियो । नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र/धर्मपुत्री दिने शर्त तथा प्रकृया २०६५ लागु भए पश्चात् उक्त शर्त तथा प्रकृयामा व्यवस्था भएको छानबिन, सिफारिश तथा अनुगमन समितिले मन्त्रालयबाट कारबाही हुन सिफारिश भै विभागीय मन्त्रीद्वारा उक्त बालक अभिषेकलाई धर्मपुत्र दिने निर्णय भएको देखियो । सिफारिस तथा उक्त निर्णय गर्दा निर्णय प्रकृयामा संलग्न जिल्ला प्रशासन कार्यालय, भक्तपुरका कर्मचारी तथा महिला बालबालिका समाज कल्याण मन्त्रालयका मन्त्री समेतका पदाधिकारीहरुले अनुचित कार्य वा भ्रष्टाचार गरेको भन्ने पुष्टि हुन सक्ने अवस्था नदेखिएको हुँदा आयोगको मिति २०६७।११।१५ को निर्णयानुसार तामेलीमा राखिएको ।

४२. प्रमुख जिल्ला अधिकारी ललितपुर समेतको संलग्नतामा बालक ओसारपसार गराएको भन्ने व्यहोराको उजुरी निवेदनका सम्वन्धमा अनुसन्धान हुँदा, झापा निवासी शंकरप्रसाद सिटौला र निजकी श्रीमती सुसन एलिजावेथ दम्पत्तिले नावालक मिङ्गमा शेर्पालाई २०६६ कार्तिक २३ गतेका दिन मालपोत कार्यालय, ललितपुरबाट धर्मपुत्रको लिखित रजिष्ट्रेशन पास गराई धर्मपुत्र राखेकोमा सोही साँझ केन्द्रीय बालकल्याण समितिका तर्फबाट मिङ्गमा शेर्पाका सम्वन्धमा अनुसन्धान गर्नुपर्छ भनि नाबालक मिङ्गमा शेर्पालाई र सुसन एलिजावेथलाई प्रहरीमा लगेकोमा सुसन एलिजावेथलाई भोलीपल्ट नै प्रहरीद्वारा छाडिदिई मिङ्गमा शेर्पालाई फिर्ता नदिइएको कारण धर्मबाबुले धर्मपुत्रको लिखत देखाई पटक पटक बच्चा उपलब्ध गराई पाउँन अनुरोध गरे अनुसार जिल्ला प्रशासन कार्यालय ललितपुरले मिति २०६६।९।१२ मा बच्चा बुझि लिएको कागज गराई शंकर सिटौलालाई जिम्मा दिएको देखियो । जिल्ला बालकल्याण समितिका अध्यक्षका हैसियतले प्रमुख जिल्ला अधिकारीले लिखतद्वारा धर्मपिता देखिएका व्यक्तिलाई कागज गराई जिम्मा दिएको कार्यलाई गैर कानूनी कार्य भन्न मिल्ने देखिएन । शंकर सिटौला दम्पत्तिले धर्मपुत्रको रुपमा जिम्मा लिनु अगावै तालवोटसेन्टर नामक संस्थाको संरक्षणमा रहेको अवस्थामा वेलायती नागरिक सुसन एलिजावेथद्वारा मिङ्गमा शेर्पालाई अनुचित यौन जन्य कार्यमा लगाउने गरेको भन्ने उजुरीका सम्वन्धमा अनुसन्धान गर्ने क्षेत्राधिकार यस आयोगको नदेखिएकोले आयोगको मिति २०६७।११।१६ को निर्णयानुसार तामेलीमा राखिएको ।

४३. सशस्त्र प्रहरी बलका सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक ठाकुरमोहन श्रेष्ठले स्वीकृति विना ग्रिनफोर्ड इन्टरनेशनल युनिभर्सिटीले आयोजना गरेको कार्यक्रममा भाग लिएको र उक्त

कार्यक्रममा मातहतका कलाकार प्रहरी कर्मचारीहरुलाई परिचालन गरी अनुचित कार्य गरेको भन्ने व्यहोराको उजूरीका साथ फोटोहरु र सि.डि. प्राप्त भएको । सशस्त्र प्रहरी बल प्रधान कार्यालयको मिति ०६७।८।२८ को पत्र र आरोपित सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक ठाकुर मोहन श्रेष्ठले गरेको वयान व्यहोरा समेतका आधार प्रमाणहरुबाट स.प्र.अ.म.नि. ठाकुर मोहन श्रेष्ठले विभागीय स्वीकृति नलिई मिति २०६७।६।११ मा ग्रिनफोर्ड इन्टरनेशनल युनिभर्सिटीले आयोजना गरेको Graduation Ceremony को कार्यक्रममा आतिथ्य स्वीकार गरी सो कार्यक्रममा आफ्नो मातहतका सशस्त्र प्रहरी बलको लोगोधारी कलाकार प्रहरी कर्मचारीहरुलाई विभागीय स्वीकृति विना आफूखुशी आफ्नो अनुकुलको कार्यक्रममा सहभागी गराएको अवस्था देखिन आई उक्त कार्य आरोपित ठाकुर मोहन श्रेष्ठले पदीय हैसियतले प्राप्त सुविधा एवं सहुलियतको दुरुपयोग गरी पदीय आचरण तथा कर्तव्य पालनासँग असम्बन्धित कार्यहरु गरेको अवस्था देखिन आयो । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को (छ), (ज) र (झ) विपरितको अनुचित कार्यहरु गरेको देखियो । विभागीय कारवाहीको हकमा हेर्दा यसै विषयमा आरोपित स.प्र.म.नि. ठाकुर मोहन श्रेष्ठलाई सशस्त्र प्रहरी बल प्रधान कार्यालयबाट २०६७।१०।१९ गते निजको अभिलेखमा जनिने गरी नसिहत दिने भन्ने निर्णय भई विभागीय सजाय गरेको जानकारी सशस्त्र प्रहरी वल प्रधान कार्यालयको मिति ०६७।११।५ को पत्रबाट खुली आएको हुँदा एउटै विषयमा दोहोरो विभागीय कारवाही गरी रहन परेन । यसै विषयमा पर्न आएको ३-गृह-२११, २०६७।०६८ को उजूरी फाईल समेत एकैसाथ राखी प्रस्तुत उजूरी आयोगको मिति २०६७।११।१९ को निर्णयानुसार तामेलीमा राखिएको ।

४४. जिल्ला विकास समितिको कार्यालय, सोलुखुम्वु अन्तर्गत फाप्लु-जन्तरधाम सडक खण्डमा ग्रामीण पूर्वाधार तथा जिवीकोपार्जन कार्यक्रम तर्फ (Decentralized Rural Infrastructure and Livelihood Project, DRILIP) बाट आ.व. २०६५।०६६ मा टेण्डर आह्वान भई पेश भएका टेण्डरहरु मध्ये कर्मचारी समेतको मिलेमतोमा बढी दरवालाको टेण्डर स्वीकृत भएको र स्वीकृत इष्टिमेट अनुसारको गुणस्तर बमोजिम काम नगराई कर्मचारीहरु समेतले फाईदा लिई लाखौं रुपैयाँ घूस खाएको भन्ने व्यहोराको उजूरी क्रमशः मिति २०६६।७।२३ र २०६७।४।२१ मा आयोगमा दर्ता भएकोमा उक्त उजुरी माथि विस्तृत अनुसन्धान हुँदा, ठे.नं. DRILIP/Solu/PJR/Works/PIW-1, 2 & 3, 2065/066 गरी तीन प्याकेजको Pavement Improvement Works का लागि जिल्ला विकास समिति सोलुखुम्वुबाट आह्वान भएको बोलपत्रको सूचना अनुसार दाखिला हुन आएका बोलपत्रहरु सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ को उपदफा ५, ७ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१ को उपनियम ४ अनुसार बोलपत्रको कागजातमा उल्लेखित आधार र तरिका अनुसार एवं एशियाली विकास बैंकको Bid Evaluation Procedure / Procurement Guidelines अनुसार बोलपत्र मूल्यांकन समितिबाट मूल्यांकन भई न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएका बोलपत्रदाताहरु (Lowest Evaluated Substantialy Responsive Bidders) को पक्षमा सार्वजनिक खरिद ऐनको दफा २७ (१) अनुसार स्वीकृत गरिएको तथा सार्वजनिक खरिद ऐनको दफा ६७ (१) (ख) अनुसार नेपाल सरकार र दातृपक्ष बीच भएको सम्झौता बमोजिम सो पक्षको खरिद निर्देशिका (Procurement Guidelines) अनुरुप खरिद गर्नु पर्दा सार्वजनिक खरिद ऐन बमोजिमको खरिद प्रक्रिया अपनाउन नपर्ने भन्ने व्यवस्था समेत भएको र निर्माण स्थलमा स्वीकृत स्पेशिफिकेशन बमोजिम नै निर्माण कार्य समेत भएको पाइएकोले आयोगको मिति २०६७।११।२० को निर्णयानुसार तामेलीमा राखिएको ।

४५. जनकपुर अञ्चल यातायात व्यवस्था कार्यालय जनकपुरका कर्मचारीबाट दररेट तोकी अनियमित तरिकाले सवारी चालक अनुमति पत्र दिने गरेको, कम्प्यूटर अपरेटरको नियुक्ति अनियमित भएको भन्ने समेत विषयको आयोगमा प्राप्त उजुरी उपर अनुसन्धान हुँदा, कम्प्यूटर अपरेटर मुकेश कुमार वर्मालाई विना प्रतिस्पर्धा ठाडो निवेदनको आधारमा करारमा नियुक्ति दिई पटक पटक करार अवधि थप समेत गर्दै आएको विषय उचित मान्न सकिएन यस विषयमा कानून बमोजिम आवश्यक व्यवस्था गर्न, गराउन यातायात व्यवस्था विभागमा लेखी पठाउने । कर्मचारीबाट अनियमित कार्य भए गरेको भन्ने कुरा प्राप्त अभिलेख प्रमाणबाट स्थापित गर्न सकिने स्पष्ट आधार नदेखिएकोले आयोगको मिति २०६७।११।२० को निर्णयानुसार तामेलीमा राखिएको ।

४६. २ नं. नापि गोश्वारा बाँके नेपालगंजका कर्मचारी र भूमाफियाहरु समेतको मिलोमतोमा नेपालगंज नगरपालिका साविक नगर ४ कि.नं. ५ हाल वडा नं. १६ सिट नं. ०३५-१४४९-०९ कि. नं. १३ को सार्वजनिक जग्गा मस्जिदका नाममा दर्ता गरेकोले कार्वाही गरिपाउँ भन्ने व्यहोराको उजुरी निवेदनको सम्बन्धमा विस्तृत अनुसन्धान हुँदा, बाँके जिल्ला नेपालगंज नगरपालिका साविक नगर ४ कि.नं. ५ हाल वडा नं. १६ सिट नं. ०३५-१४४९-०९ कि. नं. १३ क्षेत्रफल ०-१३-१२ को जग्गा साविक २०२५ सालको नापि नक्सामा भवन देखिएको तथा फिल्डवुकको जोताहाको महलमा मस्जिद उल्लेख भएको, २०४८ सालको पुनः नापिका वखत कायम रहेको फिल्डवुकमा समेत जग्गा धनी महलमा दारुल उलुम फैजल नवी जामा मस्जिद उल्लेख भै दर्ताहुन वांकि रहेको अवस्था देखिन्छ । साथै २०४७।११।५ मा मस्जिदका नाममा दर्ता सम्वन्धमा ७ दिने सार्वजनिक सूचना समेत प्रकाशन गरेको देखिन्छ । स्थलगत निरीक्षण हुँदा फिल्डमा मस्जिद कायम रहेको र नेपालगंज नगरपालिका उप प्रमुखले मिति २०५५।३।१९ मा उल्लेखित जग्गामा दारुल उलुम फैजल नवी जामा मस्जिद इदगाहका नाममा भवन वनाउन ईजाजत दिएको देखिन्छ । उक्त जग्गा मिति २०६३।५।२६ मा मस्जिदको नाममा दर्ता गर्ने गरि २ नं. नापी गोश्वाराबाट भएको निर्णय अन्यथा भन्न सकिने नदेखिंदा आयोगको मिति २०६७।११।२० को निर्णयानुसार तामेलीमा राखिएको ।

४७. जिल्ला स्वास्थ्य कार्यालय धादिङ्गमा कार्यरत प.हे.न.का छैठौं तहकी वनु कडेलले पूर्व स्वीकृति नलिई औषधी पसल संचालन गरेको, स्लाइन पानी लगायत अस्पतालको निशुल्क औषधी दुरुपयोग गरी आफ्नो पसलबाट विक्रि वितरण गरेको भन्ने समेत व्यहोराको उजुरी निवेदनका सम्बन्धमा विस्तृत अनुसन्धान हुँदा, जिल्ला प्रशासन कार्यालय धादिङ्गको मिति २०६७।७।७ को प्रतिवेदन पत्रबाट वनुमाया कडेलले संचालन गरेको न्यू भगवति मेडिकल पसलबाट अस्पताललाई प्राप्त निशुल्क औषधी भण्डारण एवं विक्रि वितरण भए गरेको देखिन आएन । निज वनुमाया कडेलले आधुनिक औषधि विक्रि वितरण व्यवसायीका लागी संचालित ओरिएन्टेशन कोर्स उत्तीर्ण भएको प्रमाण पत्र औषधी व्यवस्था विभागबाट प्राप्त गरेको तथा तोकिएको औषधी विक्रि वितरण गर्न पाउने गरी औषधी व्यवस्था विभागबाट निजले प्रमाण पत्र प्राप्त गरेको देखियो । मिति २०४८।९।१५ मा जनस्वास्थ्य शाखा धादिङ्गमा कार्यरत रहँदा निजले औषधी पसल खोल्ने व्यवसाय गर्न जिल्ला प्रशासन कार्यालय धादिङ्गबाट पूर्व स्वीकृति समेत प्राप्त गरेको देखिएको र सोही सेवा तथा व्यवसायको निरन्तरता रहे भएबाट निजले पूर्व स्वीकृति नलिएको भन्न मिल्ने अवस्था समेत नदेखिएकोले आयोगको मिति २०६७।१२।१ को निर्णयानुसार तामेलीमा राखिएको ।

४८. आयोगमा दर्ता भएको उजुरी दर्ता नं. २३२३ मिति २०६६।१२।१२ को मैले परापूर्वदेखि भोग गर्दै आएको निलवाराही गा.वि.स. वडा नं. ५ कि.नं. २४५ क्षे.फ. ०-५-२-० रोपनी जग्गा २०२१ सालको नापीमा म उपस्थित हुन नसकेकोले दर्ता वाँकी रहेकोमा गुठीका कर्मचारीले किर्ते मोही खडा गरी २०४५ सालमा उक्त जग्गालाई धिरभक्तेश्वर गुठीका नाउँमा दर्ता गरेकोले उक्त निर्णयमा संलग्न कर्मचारी उपर कारवाही गरी जग्गा मेरो नाममा दर्ता गराई पाउँ भन्ने विषयको वासुदेव चापागाईको निवेदनको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा, भक्तपुर जिल्ला निलवाराही गा.वि.स. वडा नं. ५ कित्ता नं. २४५ क्षे.फ. ०-५-२-० रोपनीको जग्गा २०२१ सालको नापीमा किसान जग्गाधनी र जोताहाको महल खाली भै नापनक्सा भएको । उक्त कि.नं. २४५ को जग्गा समेतलाई मेरो नाममा दर्ता गरिपाउँ भनी काठमाडौं गोठाटार गा.वि.स. वडा नं. ६ वस्ने वासुदेव चापागाईले २०४१।१२।२५ मा मालपोत कार्यालय भक्तपुरमा निवदेन गरेकोमा निवेदकले पेश गरेको सावीक लगत र हाल दावी गर्ने निवेदकको नाम नमिलेको भनी मालपोत कार्यालय भक्तपुरबाट २०४३।३।३१ मा वासुदेव चापागाईको निवेदनलाई तामेलीमा राख्ने निर्णय भएको । गुठी कार्यालय भक्तपुरको मिति २०४३।८।३ को पत्रको आधारमा उक्त कि.नं. २४५ को जग्गालाई ०४५।२।१८ मा धिरभक्तेश्वर गुठीको नाममा दर्ता गर्ने गरी मालपोत कार्यालय भक्तपुरबाट निर्णय भएकोमा मालपोत कार्यालयको निर्णयका सम्बन्धमा अन्यथा नदेखिएकोले आयोगको मिति २०६७।१२।३ को निर्णयानुसार तामेलीमा राखिएको ।

४९. नेपाल वायु सेवा निगमको मिति २०६६/७/२५ गतेको "काठमाडौं चौरजहारी उडानको लागी टिकट नदिई खाली उडान गरेकोले कारवाही गरी पाउँ" भन्ने बिषयको उजूरी निवेदन माथि विस्तृत अनुसन्धान हुँदा, प्रस्तुत विषयको उजुरी उपर यस आयोगबाट अनुसन्धानको क्रममा संकलन हुन आएका कागजात एवं सम्वन्धित कर्मचारीहरुले आयोग समक्ष गरेको वयान अनुसार जहाजमा १९ सिट जडान भएतापनि उडान हुने ठाउंको धावनमार्ग, दुरी, इन्धन मात्रा, मौसम Type of Aircraft को आधार जस्ता विविध प्राविधिक कारणले जडान गरिएको सिटअनुसारको यात्रु टिकट वितरण गर्ने गरिएको नदेखिएको एवं स्थलगत अध्ययनार्थ खटिएको आयोगको टोलीको प्रतिवेदन समेतले १५ सिट क्षमता रहेको भनी उल्लेख भै आएबाट उक्त जहाज १५ सिट क्षमता रहेको भन्ने अवस्था देखिन आयो । उडान हुने दिन भन्दा एक हप्ता अगाडिमात्र टिकट विक्री सुरु गरिने एवं मल्टीपल सेक्टर फ्लाइटमा प्रत्येक सेक्टरको लागि निगमको आन्तरिक वाणिज्य विभागले तोकेबमोजिम कोटा निर्धारण गरीएकोले उडान हुने दिन भन्दा सात दिन पूर्व यात्रुको लाइन अनुसार पहिले आउनेलाई क्रमश सिट उपलव्ध गराइने, सरकारी २ सिट उडानको एक दिन अघि दिनको ३ वजेसम्म, टुरीष्टको लागी छुट्टयाएको २ सिट र सभासदको लागी छुट्टयाएको १ सिट समेत एक दिन अगाडीसम्म सुरक्षित राखी सम्वन्धित पक्ष नआएमा मात्र सोही अनुसार सर्वसाधारणलाई उक्त सिट उपलव्ध गराउने गरेको अवस्था देखिएको । उक्त खाली सिटका लागी उडान हुने अघिल्लो दिन कोहि यात्रु टिकट खरिद गर्न आएको र एयरपोर्टमा चान्समा प्रतिरक्षारत यात्रुसमेत रहे भएको अवस्था पुष्टी हुन आएन । साथै आयोगबाट मिति २०६६।७।२५ गते काठमाडौं चौरजहारी उडान प्राइभेट एयरलाइन्सबाट भए नभएको सम्बन्धमा रुकुम विमानस्थलमा पत्राचार गर्दा सो दिन उक्त विमानस्थलमा कुनै प्राइभेट एयरलाइन्सको उडान नभएको भनी खुलाई पठाएको देखियो ।

यात्रु लिष्टमा SOD उल्लेख भएका श्रीमती रेग्मी एस.के. र मास्टर भुल जि. को सम्वन्धमा निजहरुको टिकटमा SOD उल्लेख नभई FOC उल्लेख भएको अवस्था देखिएको र नेपाल

वायु सेवा निगम ऐन, २०१९ को दफा २७(क) बमोजिम बनाइएको कर्मचारीहरुको सेवा शर्त सम्वन्धी विनियमावली, २०५८ को दफा १३९ मा व्यवस्था भए अनुरुप सुविधाको टिकट प्राप्त गरेकोमा काउण्टरमा तयार गरिने यात्रु लिष्टमा मात्र SOD उल्लेख गरेको अवस्था देखिएबाट टिकट प्राप्त गरेको अवस्था नियम विपरीत भएको अवस्था नदेखिई काउण्टरबाट तयार पारिएको यात्रु लिष्टमा लापरवाही ढंगबाट गैर जिम्मेवारी तवरले यात्रु लिष्ट तयार पारेको र उक्त यात्रु लिष्ट निगमको कर्मचारीले तयार पारेको नभई नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानका प्रशिक्षार्थी निगममा इन्टर्नीको रुपमा कार्यरत रमेश कुमार भामबाट गरिएको एवं सोको जानकारी समय मै सम्वन्धित शाखा अधिकारीलाई दिएको अवस्था नदेखिएको एवं सम्वन्धित शाखा अधिकारीले प्रशिक्षार्थीहरुबाट गराइएको कार्यहरुको अनुगमन समेत गरिएको अवस्था नदेखिएकोले इन्टर्नी प्रशिक्षार्थीको व्यवहार एवं कार्य जिम्मेवारी र निजहरुबाट लिइने कार्य प्रति निगमका कर्मचारीको भूमिका, सुविधामा दिइने टिकटहरुको सम्वन्धित शाखाबाट गरिने अनुगमन तथा जांच जस्ता कार्य एवं इन्टर्नी प्रशिक्षार्थीहरुबाट गराईएका कार्यहरुबाट गम्भीर समस्या सृजना हुन सक्ने अवस्थालाई वायु सेवा निगमको ध्यान नपुगेको अवस्था देखिएकोले सो तर्फ सम्वन्धित वायु सेवा निगमको ध्यानाकर्षण गराइ एवं मल्टिपल सेक्टरका फ्लाइटका उडान हुनु भन्दा एक हप्ता अगाडीमात्र टिकट वितरण गर्दा समय भित्र टिकट विक्री वितरण नभई कतिपय कारणले खाली उडान भर्नु पर्ने अवस्था र सोबाट वायु सेवा निगमलाई पर्न जाने हानी नोक्सानीलाई मध्य नजर राखेर आवश्यकता अनुसारको व्यवस्था मिलाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ (ख) अनुसार सम्वन्धित नेपाल वायु सेवा निगमलाई लेखी पठाई आयोगको मिति २०६७१२।३ को निर्णयानुसार तामेलीमा राखिएको ।

५०. स्पेसिफिकेशन अनुसार नभएको बाटर मिटर (Water Meter) र फिटिङ्गस सप्लाई गरे गराएकोले कारवाही गरि पाउँ भन्ने विषयको उजुरी उपर विस्तृत अनुसन्धान हुँदा, उजुरीमा उल्लेखित खाने पानी तथा ढल निकास विभाग, साना शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत संचालित विभिन्न नगर आयोजनाहरुमा खरिद भएका सामानहरुको सम्वन्धित निकायबाट परीक्षण गराई प्राप्त प्रमाणपत्रहरु अध्ययन गर्दा र आयोगबाट विभिन्न ४ वटा (बर्दघाट, कावासोती,सुनवल र कोहलपुर) आयोजनाहरुको निरीक्षण भ्रमण गर्दा ३ वटा आयोजनाहरुमा काम सन्तोषजनक नै रहेको पाइएको । कोहलपुरको सम्वन्धमा भने निर्माण भएको पानी प्रशोधन प्रणाली (फिल्टर) ले केही महिना पछि राम्ररी काम नगरेको पाइएकोमा निर्माण कार्य गर्ने ठेकेदारले हाल सो प्रशोधन प्रणालीको मर्मत संभार गरि राम्ररी काम गर्ने बनाएको र लाभान्वित हुने उपभोक्ता समेत सन्तुष्ट भई अब कुनै गुनासो नरहेको व्यहोरा स्थलगत निरीक्षणको क्रममा पनि देखिएकोले आयोगको मिति २०६७१२।७ को निर्णयानुसार तामेलीमा राखिएको ।

५१. आयोगमा दर्ता भएको जिल्ला तनहुँ खैरेनी गा.बि.स. वडा नं ६ बस्ने बर्ष ३२ को चीज कुमार श्रेष्ठ २०६४ साल देखि नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालयमा ड्राफ्टमेनको दर्जामा स्थायी भई कार्य गर्दै आएकोमा नेपाल विद्युत प्राधिकरणको जागिर राजीनामा नगरी २०६५ पौष देखि जिल्ला प्राविधिक कार्यालय लम्जुङ्गमा समेत हाजिर गरी दुबै कार्यालयबाट तलब भत्ता खाई पदीय दुरुपयोग गरेको भन्ने समेतको उजुरीको बिषयमा अनुसन्धान हुँदा जिल्ला प्राविधिक कार्यालय लम्जुङ्गको रा.प.अनं.प्रथम (प्रा) ईन्जिनियरिङ्ग सेवा, सिभिल समूह, जनरल उप-समूहको सव-ईन्जिनियर (आदिबासी/जनजाती) पदमा मिति २०६५।९।२२ गते

देखि स्थायी नियुक्ति भएका निज चिजकुमार श्रेष्ठले नेपाल विद्युत प्राधिकरणमा कार्यरत रहेको अवधिमा दोहोरो भुक्तानी लिएको रकम रु.५०,४४८।३८ पटक पटक गरी रु.५०,४४९।- यस आयोगमा धरौटी स्वरुप नगदै दाखिला गरी सकेको देखिएकाले धरौटी वापत जम्मा भएको उक्त रकमलाई सदर स्याहा गरी आयोगको मिति २०६७।१२।७ को निर्णयानुसार तामेलीमा राखिएको ।

५२. पर्सा जिल्लाको सुवर्णपुर गा.वि.स.स्थित ज्ञानवाटिका मा.वि.को प्र.अ.रामचन्द्र महतोले आ.व. २०६१।०६२ को आय व्ययको विवरण व्यवस्थापन समितिको उपस्थितिमा निजले विद्यार्थीहरुबाट विभिन्न शीर्षकमा उठाईएको रकम मध्ये रु.९७,९६८।- अनियमितता गरी भ्रष्टाचार गरेको रकम असूल उपर गराई सजाय समेत गरी पाउँ भन्ने समेत उजूरी निवेदन उपर अनुसन्धान हुँदा, पर्सा जिल्ला सुवर्णपुर गा.वि.स.स्थित ज्ञानवाटिका मा.वि.का प्र.अ.रामचन्द्र महतोले विद्यालयमा आ.व. २०६१।०६२ को विभिन्न शीर्षकमा उठाईएको रकम मध्ये रु.९७,९६८।- अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा विद्यालयको लेखापरीक्षण प्रतिवेदन र मिसिल संलग्न कागजातहरुबाट उक्त उजूरी निवेदन पुष्टि हुने आधार प्रमाण नदेखिएकोले आयोगको मिति २०६७।१२।९ को निर्णयानुसार तामेलीमा राखिएको ।

५३. पोखरा उपमहानगरपालिका वडा नं. १ अन्तर्गत पर्ने साविक कित्ता नं. १७६१ को ६-१३-३ (जग्गा रोपनी) क्षेत्रफल मध्ये केही सार्वजनिक बाटोको जग्गालाई विपक्षी समेतको मिलेमतोमा मालपोत कार्यालय कास्कीबाट व्यक्ति विशेषका नाममा ०-०-२ $^{१}/_{२}$ (जग्गा रोपनी) जग्गा लाई ०-१-० (जग्गा रोपनी) जग्गा अनियमित तवरले दर्ता गर्ने कार्य मिति २०४४।९।१९ मा भएको हुँदा कारवाही गरी पाऊँ भन्ने समेत व्यहोराको आयोग समक्ष पर्न आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, पोखरा उपमहानगरपालिका वडा नं. १ को साविक कि.नं. १७६१ को ६-१३-३ (जग्गा रोपनी) क्षेत्रफलको साविक सार्वजनिक बाटो कायम भएको जग्गा मिति २०४४।९।१९ मा मालपोत कार्यालय, कास्कीका तत्कालिन कार्यालय प्रमुख पुष्पराज उपाध्याय समेतको मिलेमतोमा पोखरा उप-महानगरपालिका वडा नं १ बस्ने छविलाल चापागाईका नाममा ०-०-२$^{१}/_{२}$ (जग्गा रोपनी) जग्गा लाई ०-०-१ $^{१}/_{२}$ क्षेत्र फल बढाई ०-१-० (जग्गा रोपनी) जग्गा कायम गरी दर्ता गरेको देखियो । उक्त जग्गा साविक देखि सार्वजनिक बाटो कायम भैरहेको हुँदा आवश्यक प्रकृया पुरा गरी सरकारी सार्वजनिक कायम गरी सोको जानकारी यस आयोगमा दिन मालपोत कार्यालय, कास्की र नापी कार्यालय, कास्कीलाई लेखी सोको जानकारीका साथै कार्यान्वयन गर्न सहयोग गर्न जिल्ला प्रशासन कार्यालय कास्की, एवं पोखरा उप-महानगरपालिका कार्यालयलाई समेत लेखी पठाउने र उपरोक्तानुसार अनुचित कार्य गर्ने तत्कालिन कार्यालय प्रमुख पुष्पराज उपाध्याय र ना.सु. जयन्द्रप्रसाद ढुङ्गेयाल हाल अवकास प्राप्त भैसकेको हुँदा निजहरुलाई कुनै कारवाही गरिरहनु परेन । आयोगको मिति २०६७।१२।१५ को निर्णयानुसार तामेलीमा राखिएको ।

५४. जनकपुर चुरोट कारखाना लिमिटेडले सन् २००७ मा सूर्ति खरिद गर्दा अनियमितता गरेको हुँदा छानविन गरी कारवाही गरीपाउं भन्ने समेतको उजुरी उपर विस्तृत अनुसन्धान हुँदा, विभिन्न वर्षहरुमा सूर्ति खरिद गर्दा कारखानाको आर्थिक प्रशासन नियमावली, २०६१ अनुसार बोलपत्र आह्वान गरी सबैभन्दा कम मुल्य पेश गर्ने कंपनिको बोलपत्र नै स्वीकृत गरी खरिद गरेको देखिएकोमा सन् २००५,२००६ र २००७ मा खरिद गरीएको २२०७ मे.टन

सूर्ति मध्ये ७२.२ मे.टन कारखानाको नमुना अनुसार नभएको कारण देखाइ अस्वीकृत गरीएको पाइयो । सूर्तिको अभाव र कारखानामा आर्थिक तरलताको कारणले नयां सूर्ति खरिद गरी चुरोट उत्पादनगर्न समस्या रहेको कारण जनाइ अस्वीकृत भएको सूर्ति मध्ये के, कति परीमाणको सूर्ति डि ग्रेडको रुपमा प्रयोग गर्नसकिन्छ भनि ज.चु.का.लि. संचालक समितिबाट ५ सदस्यीय पुनरावलोकन समिति गठन गरी सो समितिले दिएको प्रतिवेदन र सूर्ति प्राविधिकहरुले समेत सबै सूर्तिहरुको वेल्सलाई एक एक गरी केलाई अस्वीकृत भएको ७२.२ मे टन सूर्ति मध्ये ४३.६ मेट्रिक टन सूर्ति डिग्रेडको रुपमा कारखानाबाट उत्पादन हुने अन्य ब्राण्डको चुरोटमा प्रयोग गर्नसकिने भनि दिएको राय समेतका आधारमा ज.चु.का.लि. संचालक समितिको मिति २०६६।११।१५ को निर्णय अनुसार अस्वीकृत भएको सूर्ति मध्ये ४३.६ मेट्रिक टन सूर्ति डिग्रेडको रुपमा (खरिद मुल्य भन्दा १५ प्रतिशत देखि २० प्रतिशतसम्म मुल्य घटाएको) कारखानाबाट उत्पादन हुने अन्य ब्राण्डको चुरोटमा प्रयोग गरी सो सूर्तिबाट तयार भएको चुरोट विक्रि भइ ज.चु.का.लि.ले रु. २,९०,२६,७४१।५० समेत आम्दानी गरीसकेको पाइयो । अस्वीकृत भएको ७२.२ मे टन सूर्ति मध्ये ४३.६ मेट्रिक टन सूर्ति डिग्रेडको रुपमा प्रयोग गरि बाँकी रहन गएको सूर्ति १ महिना भित्र कारखानाको गोदामबाट उठाइ लैजान सम्बन्धित सप्लाएरहरुलाई मिति २०६७।१२।१६ मा पत्रचार गरेको समेत देखियो । सूर्ति खरिद गरे वापत हालसम्म M\S Primire Tobacoo Packres pvt ltd, Guntur, India लाई भारु ७० लाख र M\S Mittapalli Audinarayan Enterprise, Guntur, India लाई भारु १ करोड ५० लाख भुक्तानी दिन बांकी नै रहेको अवस्था ज.चु.का.ली. को मिति २०६७।२।५ पत्रमा उल्लेख भएको पाइयो । अत:स्वीकृत भएको सूर्ति मध्ये प्रयोग गरेको सूर्ति पनि डिग्रेडको रुपमा (खरिद गरेको मुल्य भन्दा कम मुल्यमा) स्वीकार गरी अन्य ब्राण्डको चुरोटमा प्रयोग गरेको पाइएकोले सुर्ति खरिद र प्रयोगमा मिलोमतो तथा अनियमितता भएको भनि परेको उजुरीमा कुनै सत्यता नदेखिंदा आयोगको मिति २०६७।१।४ को निर्णयानुसार तामेलीमा राखिएको ।

५५. जनकपुर चुरोट कारखाना लिमिटेडको कर्मचारी सेवा शर्त नियमावलीमा संशोधन गरी कारखानामा कार्यरत २४१ जना कर्मचारीहरुलाई ३० बर्षे सेवा अवधी लगाई अवकाश दिईएको तर सोही बखत बन्द भई पे-अफमा गई सकेको अवस्थामा रहेको बुटवल धागो कारखाना लिमिटेडका नायव महा-प्रवन्धक रामस्वार्थ यादबलाई उद्योग मन्त्रीको दवाबमा नियम बिपरित जनकपुर चुरोट कारखानाको नायब-महाप्रवन्धक पदमा सरुवा गरिएकोले त्यसरी नियम विपरित भएको सरुवा बदर गरी पाँउ भनी दर्ता भएको उजुरी निवेदन उपर विस्तृत अनुसन्धान हुँदा, बुटवल धागो कारखाना लिमिटेडमा कर्मचारीहरु कटौति गरी मिति २०६६ आश्विन १ गते देखि पे-अफमा लैजाने भनी निर्णय भए पश्चात् बुटबल धागो कारखानाका तत्कालिन नायब महा-प्रवन्धक रामस्वार्थ यादबले मिति २०६६।४।३२ मा मा. उद्योग मन्त्री समक्ष जनकपुर चुरोट कारखाना लिमिटेडमा नायव महा-प्रवन्धक पदमा सरुवा गरी पाउनका लागी दिएको निवेदनमा मा.उद्योग मन्त्रीबाट मन्त्रालयको सचिबका नाममा "प्रकृया मिलाई सरुवा गर्ने" भनी तोक आदेश भए बमोजिम आवश्यक कार्यार्थ सो निवेदन उद्योग मन्त्रालयबाट जनकपुर चुरोट कारखाना लिमिटेडमा पठाएको र जनकपुर चुरोट कारखाना लिमिटेड सञ्चालक समितिको मिति २०६६।५।१८ मा बसेको बैठकले निज रामस्वार्थ यादबलाई उक्त कारखानाको नायब महा-प्रवन्धक पदमा सरुवा गर्ने भनी निर्णय गरेको । नायब महा-प्रवन्धक निज रामस्वार्थ यादबले अन्तर संस्थान सरुवा सहमतीको लागी आफु कार्यरत बुटवल धागो कारखाना लिमिटेड समक्ष मिति २०६६।५।१ मा गरेको निवेदन उपर सञ्चालक समितिको मिति २०६६।५।२ को बैठकबाट सरुवा हुन सहमती

प्रदान गर्ने निर्णय गरेको र सरुवा गर्ने निर्णय भए पश्चात् निज राम स्वार्थ यादबलाई रमाना दिनका लागी मिति २०६६।५।२९ को निर्णयले बुटवल धागो कारखानाले सहमती माग गरी उद्योग मन्त्रालय समक्ष पठाएको पत्र उपर उक्त मन्त्रालयबाट, अन्तर संस्थान सरुवा हुन बुटवल धागो कारखाना लिमिटेडको सञ्चालक समितिले सहमती दिएको र जनकपुर चुरोट कारखाना लिमिटेडले सरुवा गरेको देखिंदा आयोगको मिति २०६७।१।४ को निर्णयानुसार तामेलीमा राखिएको ।

५६. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, अछामका प्रमुख डा. रामकामेश्वर ठाकुरले आफु सरुवा भै सकेपछि पनि समयमा रमाना नलिएको, सरकारी रकम पेश्की लिई फछ्यौंट नगरेको, सेवा करारको अधिकांश रकम पौषसम्ममा सिध्याएको, बिदामा बसेको अवधिको स्थानीय भत्ता र Non-practice भत्ता समेत भुक्तानी लिएको भन्ने यस आयोगमा परेको उजूरी दर्ता नं.२१४७ मिति २०६६।११।१२ को उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, अछामका प्रमुख डा. रामकामेश्वर ठाकुरले रमाना लिई सरुवा भएको कार्यालयमा हाजिर भइसकेको, आयुर्वेद विभागको मिति २०६५।८।२३ को पत्रबाट रिक्त कार्यालय सहयोगी पदमा करारमा नियुक्ति गर्न सहमति दिएको र सोही सहमतिका आधारमा ३ जना कार्यालय सहयोगीहरु करारमा नियुक्ति भएको देखिन्छ । यसैगरी निज डा. ठाकुर मिति २०६६।५।२२ देखि २०६६।८।१७ सम्म ८६ दिन जिल्ला बाहिर काजमा गएको र बिदामा बसेकोमा सो अवधिको पनि मासिक रु.७,५००।- का दरले स्थानीय भत्ता खर्च लेखि निजले रु.३०,०००। भुक्तानी लिएको देखिएकोमा स्थानीय भत्ता खर्च लेख्ने सम्बन्धी व्यवस्था अनुसार ३० दिनसम्म कार्यालयमा अनुपस्थित भएमा उक्त भत्ता पाउने तर सो भन्दा बढी दिन अनुपस्थित हुँदा स्थानीय भत्ता उपभोग गर्न नपाउने हुँदा विदा बसेको ८६ दिनमा ३० दिन कट्टा गरी ५६ दिनको स्थानीय भत्ता र सोही अवधिको चिकित्सक भत्ता रु.१५,१९७।- समेत भुक्तानी लिएको देखिएकोले स्थानीय भत्ता र चिकित्सक भक्ता समेतको बेरुजु म.ले.प.को प्रतिवेदनले औल्याइएको देखिन्छ । निज डा. ठाकुरले उक्त दुवै भत्ता (स्थानीय भत्ता वापतको रु.१३,८०८।- र चिकित्सकवापतको भत्ता रु.१५,१९७।- गरी जम्मा रु.२९,००५।- राजश्व खाता भौ.नं. १६८३०५१० मिति २०७६।११।२० राजश्व शिर्षक क-१-१-१३-३० (क-१-६बेरुजु) मा जम्मा गराई मिति २०६७।१२।२० मा सम्परीक्षण समेत भैसकेको देखिएकोले आयोगको मिति २०६७।१।१३ को निर्णयानुसार तामेलीमा राखिएको ।

५७. राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान स्थापनाका लागि काठमाडौं जिल्लाको मातातीर्थ गा.वि.स. क्षेत्रको करीव २०० रोपनी जग्गा अधिग्रहणको मूल्यांकन गरेकोमा भूमाफियासँगको मिलेमतोमा उक्त जग्गा रोक्का नराखी किनबेच गर्न दिएको भनी आयोगमा दर्ता हुन आएको उ.द.नं. ८५७ मिति २०६७।६।३ को उजूरीका सम्बन्धमा विस्तृत अनुसन्धान हुँदा, राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठानको लागि काठमाडौं मातातिर्थ गा.वि.स. वार्ड नं. ३(ग), २ (ग) र २(घ) को करीव २०० रोपनी जग्गा अधिग्रहण गरी लिने नेपाल सरकारको निर्णयानुसार सशस्त्र प्रहरी बल प्रधान कार्यालयले जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम कारवाही प्रकृया शुरु गरेको तथा मिति २०६५।१०।२६ गते मुआब्जा निर्धारण समितिको वैठकले सम्बन्धित जग्गा धनीहरुलाई वितरण गरिने मुआब्जा निर्धारण गरेको भएता पनि समयमा रकम निकासा नभएको कारणले भुक्तानी दिन नसकेको कारणबाट अधिग्रहण सम्बन्धी प्रारम्भिक कारवाही सम्पन्न भई सकेपछि पनि जग्गा किनबेचमा रोक नलगाउँदा जग्गा खरिद विक्री कार्य निरन्तर भइरहेको अवस्था देखियो । यसबाट केही जग्गा धनीहरुले जग्गा मुआब्जा निर्धारण समितिले निर्धारण गरेको रकम बुझ्दा आफूलाई मर्का

पर्ने स्थिति देखिएको भनी मध्यमाञ्चल क्षेत्रीय प्रशासक समक्ष निवेदन दिएकोमा क्षेत्रीय प्रशासकबाट उक्त जग्गाको पुनः मूल्यांकन हुन निर्णय आदेश भई तद्अनुरुप पुनः मूल्यांकन भएको र मुआब्जा निर्धारण समितिबाट २०६५।१०।२६ मा गरिए बमोजिम नै मिति २०६७।११।२५ मा मुआब्जा निर्धारण भएको देखिंदा नेपाल सरकारलाई थप आर्थिक व्ययभार पर्न गई सरकारी हानि नोक्सानी भएको अवस्था नदेखिएकोले उजूरीमा औंल्याइएका व्यहोराहरु पुष्टि हुन सक्ने अवस्था नहुँदा आयोगको मिति २०६७।१।१३ को निर्णयानुसार तामेलीमा राखिएको ।

५८. ग्यालेक्सी पब्लिक स्कुलकी प्रध्यानाध्यापिका गीता राणाले विद्यार्थी आशिष पौडेललाई १२ को प्रयोगात्मक परीक्षा दिनबाट जवर्जस्ती वञ्चित गरेको भन्ने विषयको उजुरी निवेदन आयोगको गो.द.नं. ४७७८ मिति २०६७।७।९ उपर विस्तृत अनुसन्धान हुँदा, उजुरीकर्तालाई वञ्चित गरिएको भनिएको प्रयोगात्मक परीक्षामा निजलाई पुनः सामेल हुन दिइ नतीजा प्रकाशित समेत भैसकेको र "कुनै विद्यार्थीले कक्षा ११ र १२ को सैद्धान्तिक विषयमा उत्तीर्ण गरीसकेको तर कुनै प्रयोगात्मक विषयमा अनुपस्थित भएको पाइएमा विद्यार्थीको निवेदन, सम्वन्धित विद्यालयको सिफारिस पत्र र विद्यार्थीका प्रमाणपत्रका आधारमा रु.१०००।- शुल्क लिई तत्कालै वाह्य परीक्षक खटाई परीक्षा लिई अंक कायम गरी प्रमाणपत्र उपलब्ध गराउने" भन्ने बन्दोवस्ती उच्च माध्यमिक शिक्षा परिषदबाट भएको हुँदा आयोगको मिति २०६७।१।१३ को निर्णयानुसार तामेलीमा राखिएको ।

५९. यस आयोगमा परेको मिति २०६३।१०।४ नि.द.नं. १४७७ को निवेदन उजुरी अनुसार भक्तपुर नगरपालिका वडा नं. ११ कि.नं. १८७ क्षेत्रफल रोपनी ०-१-०-१ को घर जग्गा श्री भद्रकाली गुठीको रोटी पकाउने घर गुठीमा दर्ता हुनु पर्नेमा कृष्ण प्रसादको छोरा गोकुल र राजेन्द्र दर्शनधारीले विष्णुलक्ष्मी मारिखु र विकुदेवी सुखमायालाई बिक्री गरी गुठी लोप गरे भन्ने विषयमा भक्तपुर नगरपालिका वडा नं. ११ का इन्द्र लिवी समेतले निवेदन उजुरी गरेको सम्बन्धमा भक्तपुर नगरपालिका वडा नं. ११ कि.नं. १८७ क्षेत्रफल रोपनी ०-१-०-१ को घर जग्गा मिति २०४१।२।१७ मा नाप जाँच भई स्ववासीमा दर्ता भएको गुठीको लगतमा गुठी नजनिएको भएता पनि उक्त घरमा प्रत्येक वर्षको चैत्र मसान्तमा श्री भद्रकाली गुठीको आगम पूजा गर्ने, रोटी पकाउने, लिङ्गो उठाउने र विस्केट जात्रा प्रारम्भ हुने गरेको विषयमा कुनै विवाद नभएको अवस्था हुँदा र भविष्यसम्म उक्त पूजा आजा एवं धर्म परम्परालाई निरन्तरता कायम गर्न उक्त घर जग्गालाई गुठी नै कायम गर्नु पर्ने भएकाले गुठी संस्थान ऐन, २०३३ को दफा २५(४) को आधारमा उक्त ऐनको दफा ३९(१) बमोजिम भक्तपुर नगरपालिका वडा नं. ११ कि.नं. १८७ क्षेत्रफल रोपनी ०-१-०-१ को घर जग्गा श्री भद्रकाली गुठीको रोटी पकाउने घरको रुपमा गुठीमा दर्ता गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२(ख) को आधारमा गुठी संस्थानलाई लेखि पठाउने । आयोगको मिति २०६७।१।१६ को निर्णयानुसार तामेलीमा राखिएको ।

६०. जिल्ला स्वास्थ्य कार्यालय कालिकोटका सि.अ.हे.व. भानुभक्त सञ्ज्यालले आफ्नो स्थायी ठेगाना कालिकोट जिल्ला भन्दा वाहिरको हो भनी झुठा विवरणको आधारमा स्थानीय भत्ता खाइरहेकोले छानविन गरी कारवाही होस् भन्ने व्यहोराको उजुरी निवेदन आयोगको उ.द.नं. ३९५ मिति २०६७।४।५ मा दर्ता भएकोमा उक्त उजुरीमाथि विस्तृत अनुसन्धान हुँदा, निज सि.अ.हे.व. भानुभक्त सञ्ज्याल मिति २०५९।१०।२६ मा परिवार सहित कालिकोट जिल्लाको नानिकोट गा.वि.स. वडा नं. ७ बाट दाङ जिल्लाको मानपुर गा.वि.स. वडा नं.५ मा वसाई

सरी गएको व्यहोरा नानीकोट गा.वि.स.को कार्यालय कालिकोट र मानपुर गा.वि.स.को कार्यालय दाङबाट आयोगमा लेखी आएको । सोही व्यहोरा निजामती किताबखानाबाट समेत लेखी आएको र निजले दाङ जिल्लामा वसाईं सराई गरेको मिति भन्दा पछाडीको मिति देखि मात्र स्थानीय भत्ता खाएको देखिंदा उजुरीमा उल्लेखित विषय पुष्टी हुने अवस्था नदेखिएकोले आयोगको मिति २०६७।१।१९ को निर्णयानुसार तामेलीमा राखिएको ।

६१. नेपाल विद्युत प्राधिकरण, सामुदायिक ग्रामिण विद्युतीकरण विभागको तार तथा पोलको खरिद सम्बन्धी आ.ब. २०६५।०६६ को टेण्डरको लागि प्राधिकरणको तत्कालिन महाप्रबन्धकबाट स्वीकृत गरेको दररेट वमोजिम ठेक्का व्यवस्था नगरेको भन्ने समेतको विषयको उजुरी उपर पेश गरेको अनुसन्धान प्रतिवेदन उपर छलफल हुँदा, उक्त विभागको टेण्डर नं. 065/066 - SHPRED- Pole Tub 01 को वोलपत्रमा सम्झौता भएको मितिले ६० दिन भित्र प्राधिकरणले तोकेको स्टोरमा सामान सप्लाई गर्नु पर्ने प्रावधान भएको र सार्वजनिक खरिद ऐनको दफा (५५) को (१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक पन्ध्र महिना भन्दा बढी अवधिको खरिद सम्झौतामा मूल्य समायोजन गर्न सकिने व्यवस्था भएको हुँदा प्रस्तुत वोलपत्रमा मूल्य समायोजनको व्यवस्था गर्न सकिने अवस्था देखिन आएन । साथै वोलपत्रमा Responsive प्रस्तावहरुमध्ये सवभन्दा कम अंक अर्थात लागत अनुमान भन्दा ३.९६ प्रतिशत कम अंक कवोल गर्ने Mainawati Steel Industries P. Ltd. को वोलपत्र स्वीकृत भएको देखिन आएको हुँदा सो वोलपत्र प्रक्रियामा अनियमितता भएको देखिन आएन । आयोगको मिति २०६८।१।१९ को निर्णयानुसार तामेलीमा राखिएको ।

६२. श्री कृष्ण मा.वि.वलाँच दार्चुलामा कार्यरत मा.वि. तृतीय शिक्षक जनक वहादुर तितराले विद्यालयमा कार्यरत रहेकै समयमा B.Ed (नियमित विद्यार्थीको रुपमा) अध्ययन गरी उत्तीर्ण गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा विस्तृत अनुसन्धान हुँदा, श्री कृष्ण मा.वि.वलाँचमा कार्यरत शिक्षक जनक वहादुर तितराले शैक्षिक सत्र २०५३।०५४ मा संचालित शिक्षा शास्त्रको स्नातक तह अध्ययनको लागि २०५३ सालमा काठमाण्डौ शिक्षा क्याम्पसमा नियमित विद्यार्थीको रुपमा भर्ना भै अध्ययन गरेको देखियो । तत् सम्बन्धमा निज तितराले अनुसन्धानको क्रममा वयान गर्दा विद्यालयको काम विशेषले कहिले कही काठमाण्डौमा गइ आफूले अध्ययन गरेको क्याम्पसमा फिस वुझाउने र फाराम भर्ने कार्य सम्म गरेको तर नियमित रुपमा क्याम्पसमा उपस्थित रहि अध्ययन गरेको होइन, परीक्षा समयमा विदा लिई वसेको छु भनी खुलाएको देखिन्छ । तत् सम्वन्धमा सम्बन्धित क्याम्पस वुझ्दा काठमाण्डौ शिक्षा क्याम्पसबाट त्यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुको दैनिक हाजिरी गर्ने व्यवस्था नभएको जानकारी मिति २०६६।१२।६ को पत्रबाट दिएको देखिन्छ । अनुसन्धानको क्रममा निज समावेश भएको परीक्षाको परीक्षा नियन्त्रण कार्यालय वल्खुबाट प्राप्त परीक्षा तालिका तथा सम्बन्धित विद्यालयको हाजिरी उतार हेर्दा परीक्षा अवधिभर निजले विदा लिएको देखिएबाट एकै समयमा दोहोर हाजिर भई अध्ययन गरेको भन्न सकिने अवस्था नरहेकोले आयोगको मिति २०६८।१।२० को निर्णयानुसार तामेलीमा राखिएको ।

६३. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र रोल्पामा कार्यरत कविराज गुञ्ज वहादुर डाँगीले विभागीय स्वीकृति नलिई एक वर्षे आयुर्वेद विषयको कोर्ष अध्ययन गरे भन्ने विषयको आयोगमा परेको उजूरी दर्ता नं.२२२५ मिति २०६५।१२।२७ उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, रोल्पामा कार्यरत कविराज गुञ्ज बहादुर डाँगीले नेपाल

संस्कृत विद्यापीठ, दाङबाट शैक्षिक सत्र २०६४।०६५ मा एक वर्षे आयुर्वेद कन्डेन्स कोर्ष अध्ययन गरेको । निजको वार्षिक लिखित परीक्षा मिति २०६५।६।३ देखि ०६५।६।१२ सम्म संचालन भएको र उक्त अवधिमा कार्यालयबाट प्राप्त हाजिरी अभिलेखमा निज डाँगीको २०६५।६।३ देखि ०६५।६।१२ सम्म घर विदा र भैपरी विदा स्वीकृत भएको देखिन्छ । यसैगरी निजको प्रयोगात्मक परीक्षा मिति २०६५।७।२४ देखि ०६५।७।२८ सम्म संचालन भएको र जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, रोल्पाको पत्रबाट कुनै आर्थिक दायित्व नव्यहोरिएको भन्ने उल्लेख भै आएको हुँदा आयोगको मिति २०६८।१।२५ को निर्णयानुसार तामेलीमा राखिएको ।

६४. आर्थिक वर्ष २०६६/०६७ मा नेपाल प्रहरीका लागि आवश्यक सुरक्षा तथा सुरक्षा प्रतिरक्षाका सामान Multi Gas-500, Rubber Bullet 2500, Long Range Gas Shell-5000, Short Range Gas Shell-500, Hand Smoke Grenade-500, Gas Grenade-500, Riot Control Gear-2000 / Bullet Proof Helmet-500 थान खरिद गर्न सूचिकृत कम्पनीहरुसंग पत्राचार गरी प्रहरी प्रधान कार्यालयले शिलवन्दी वोलपत्र आव्हान गरेकोमा Gulf Oil Corporation Limited India को लोकल एजेन्ट Dynasty Traders, Lazimpat-Kathmandu ले पेश गरेको वोलपत्र स्वीकृत गरेको र उक्त Traders ले वोलपत्रसाथ पेश गरेको Gulf Oil Corporation को पत्र नक्कली भएको हुँदा गुणस्तरहिन चाइनामा बनेको सामान कोरियामा बनेको भनी आपूर्ति गर्न लागेकाले कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको रुद्र भद्र ट्रेडर्स समेतको उजुरी तथा आ.व. २०६६।०६७ मा नेपाल प्रहरीको लागि आवश्यक Communication Hand Set आपूर्तिको लागि भएको वोलपत्रमा Codan Australia को Local Agent को रुपमा Grehound Electronic ले वोलपत्रसाथ पेश गरेको कागजात समेत नक्कली भएको हुँदा कारवाही गरी पाउँ भनी यस आयोग समक्ष पर्न आएको उजुरी समेतमा अनुसन्धान हुँदा, अनुसन्धानको क्रममा संकलित कागजात तथा सम्बन्धित व्यक्तिले गरेको वयान समेतका कागजात अध्ययन गरी हेर्दा Dynasty Traders ले नक्कली कागजात प्रस्तुत गरेको सम्बन्धमा यमिनी इन्टरप्राइजेज लगायत वोलपत्रमा सहभागी सबै फर्मले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४७ को प्रावधान बमोजिम वोलपत्र स्वीकृत गर्ने समितिको निर्णय उपर प्रहरी महानिरीक्षक समक्ष उजुरी गरेको र प्रहरी महानिरीक्षकबाट उक्त कागजातको आधिकारीकताका सम्बन्धमा Gulf Oil Corporation / Lotus International संग पत्राचार गर्दा Gulf Oil Corporation ले 1-29-2010 मा नेपाल प्रहरी समक्ष पत्राचार गर्दै Dynasty Traders आफ्नो Authorized Agent भएको र निजले पेश गरेका कागजात सही भनी उल्लेख गरी पत्राचार गरेको र Lotus International ले 1-28-2010 मा नेपाल प्रहरीलाई Lotus International विभिन्न किसिमका विस्फोटक पदार्थ, हेलमेट लगायत सुरक्षा तथा सुरक्षा प्रतिरक्षा सामान उत्पादन गर्ने वितरण गर्ने, डिजाइन गर्ने उल्लेख गर्दै Dynasty Traders ले वोलपत्रसाथ पेश गरेको कागजात Correct and genuine भनी पत्राचार गरेपश्चात् प्रहरी महानिरीक्षकबाट उक्त निवेदनहरुमा कारवाही हुँदा निवेदन अनुसारको माग दावी पुग्न नसक्ने गरी मिति २०६७।३।१५ मा निर्णय गरी उक्त निर्णयको जानकारी सम्बन्धी सबै उजुरीकर्तालाई उपलब्ध गराई सकिएको पाइयो । यस आयोगबाट उक्त वोलपत्र सम्बन्धी निर्णयसहित फाइल झिकाई अध्ययन गर्दा वोलपत्र सम्बन्धी प्रकृया सार्वजनिक खरिद ऐन तथा नियमावलीले व्यवस्था गरे अनुरुप रहेको पाइन्छ । Dynasty Traders र प्रहरी प्रधान कार्यालयको

Procurment Section बीच मिति २०६७।३।१६ मा भएको संझौताको दफा १.९ बमोजिम सम्बन्धित Company अर्थात Lotus International ले उत्पादन गरेका नेपाल प्रहरीलाई आपूर्ति गर्ने भनिएका वस्तु आयोगको प्रतिनिधि सहितको प्राविधिक टोलीबाट मिति March 18 देखि 21 March 2011 मा निरीक्षण गरी प्रत्यक्ष Demonstration हेरी आफ्नो अडर अनुसारको सामान भएको उल्लेख गर्दे 31 March 2011 मा Inspection Approval Certificate, Dynasty Traders लाई उपलब्ध गरई सकिएको देखिन्छ। Lotus International ले प्रहरी प्रधान कार्यालयलाई उपलब्ध गराएको Proforma Invoice को आधारमा नेपाल राष्ट्र बैंकबाट L/C जारी गरेको देखिन्छ। त्यस्तै परराष्ट्र मन्त्रालयले मिति 27 Jan 2010 मा भारतीय राजदूतावासलाई पत्र पठाउँदै Lotus International CoLtd. South Korea द्वारा उत्पादित उल्लेखित सामानहरु भित्र्याउन कोलकोटा देखि विरगंज भन्सार नाकासम्म आयात गर्न आवश्यक पर्ने Road Permit उपलब्ध गराउन अनुरोध गरेको र भारतीय राजदूतावासबाट कोलकोत्तास्थित Customs (port) लाई परराष्ट्र मन्त्रालयबाट अनुरोध भई आए अनुसारका कोलकोत्ता देखि रक्सौलसम्म जमिनबाट उल्लेखित सामान ल्याउन आवश्यक सहयोग गरी दिन 6-8-02-2011 मा नै लेखी पठाईसकेको देखिन्छ। उल्लेखित वोलपत्रमा उल्लेख भएका सामान मध्ये Bullet Proof Helmet सम्बन्धित कम्पनीबाट Shipment भई प्रहरी प्रधान कार्यालयमा प्राप्त भई आम्दानी बाधी सकिएको भनी प्रहरी प्रधान कार्यालयबाट लेखि आएको देखिन्छ।

Lotus International द्वारा निर्मित उक्त कम्पनीको Local Agent Dynasty Traders द्वारा आपूर्ति गरिने उल्लेखित सुरक्षा तथा सुरक्षा प्रतिरक्षाका सामान आयात गर्न सहयोग पुऱ्याई दिन परराष्ट्र मन्त्रालयको अनुरोधमा भारतीय राजदूतावासबाट समेत लेखिसकिएको र आपूर्ति गर्ने भनिएका सामान मध्ये Bullet Proof Helmet आपूर्ति भै सकेको र अन्य सामान प्राविधिक निरीक्षण पश्चात् आपूर्ति गर्न योग्य भनी प्रहरी प्रधान कार्यालयबाट Dynasty Traders लाई प्रमाणपत्र उपलब्ध गराई सकेको देखियो। सोही आधारमा L/C समेत खोली सकेको अवस्थामा Gulf Oil Corporation Ltd. को Local Agent को रुपमा Dynasty Traders ले पेश गरेको कागजात उजुरीमा उल्लेख भएबमोजिम नक्कली भई आपूर्ति गर्न लागेका सामान कमसल गुणस्तर र चाइनामा बनेको हुन सक्ने भन्ने उजुरी तथ्यसंगत नदेखिंदा पछि थप प्रमाण प्राप्त भएका बखत कानून बमोजिम गर्ने र Communation Hand Set आपूर्ति गर्ने सम्बन्धमा Codan Australia को Local Agent को रुपमा Grehoand Electronic ले वोलपत्र साथ पेश गरेको कागजात समेत नक्कली भनी परेको उजुरीका सम्बन्धमा प्रहरी प्रधान कार्यालयबाट Codan Australia संग पत्राचार गरी Grehoand Electronic निजको Local Agent हो-होइन भनी सोधनी गरिएकोमा Codan Limited को जानकारी तथा कम्पनीले प्रदान गरिएको अख्तियारीबाट नै वोलपत्र दर्ता गर्ने कार्य भएको भन्ने उल्लेख गरी पत्राचार गरेको र वोलपत्रको सम्झौता बमोजिम तोकिएका सामानहरु सम्बन्धित संस्थाबाट Shipment भई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आई पुगिसकेको भन्ने प्रहरी प्रधान कार्यालयको मिति २०६७।५।२९ को पत्रबाट लेखी आएको देखिंदा आयोगको मिति २०६८।१।२६ को निर्णयानुसार तामेलीमा राखिएको।

६५. मकवानपुर जिल्लाको फापरबारी रेञ्जपोष्ट अन्तर्गत विभिन्न सामुदायिक वनबाट अवैध रुपमा काठहरु कटान गरी ठेकेदार र सहायक वन अधिकृत मिली लाखौंको राजश्व भागवण्डा गरी खाई मासी हिनामिना गरेको भन्ने समेत व्यहोराको आयोगमा प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा, मिसिल संलग्न स्थलगत अध्ययन प्रतिवेदनबाट उजुरी व्यहोरा पुष्टी हुन नआएको, वन अधिकृत एवम् सहायक वन अधिकृतले आफूहरुले कानून बमोजिम काम गरेको । व्यक्तिगत स्वार्थ पूर्ति नभएका व्यक्तिहरुले हतोत्साही गर्नका लागि उजुरी गरेका हुन्, वन ऐन विपरित कार्य गर्नेलाई मुद्धा दायर गरिएको भनि अभियोग पत्रको प्रतिलिपि समेत उपलब्ध गराई बयान गरेका तथा वन सम्बन्धी न्यायिक छानविन आयोगले पनि उक्त क्षेत्रमा वन फडानी भएको भनी उल्लेख गरेको नपाइएको तथा उजुरी व्यहोरा तथ्ययुक्त देखिन नआएको आधारमा आयोगको मिति २०६८।१।२६ को निर्णयानुसार तामेलीमा राखिएको ।

६६. कैलाली जिल्ला टिकापुर नगरपालिकास्थित कर्णाली प्रस्तावित मा.वि.का विद्यालय व्यवस्थापन समितिका अध्यक्षले शिक्षा ऐन-नियम विपरित विद्यालयमा स्थायी शिक्षक प्रधानाध्यापक हुँदाहुँदै राहत कोटामा कार्यरत शिक्षकलाई प्रधानाध्यापक नियुक्त गरेकोले छानविन गरी कारवाही गरी पाउँ भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा, शिक्षा नियमावलीको छैठौं संशोधन, २०६७ ले कुनै विद्यालयमा एकभन्दा वढी तह भएमा माथिल्लो तहको बरिष्ठतम् शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नेछ भन्ने व्यवस्था गरेको सन्दर्भमा श्री कर्णाली प्रस्तावित मा.वि.टिकापुर, कैलालीमा शिक्षा ऐन, नियमावलीले तोकेको प्रधानाध्यापकको लागि आवश्यक सबै योग्यता पुगेको कुनैपनि शिक्षक नभएको उक्त बिद्यालयका तत्कालिन प्रधानाध्यापक गणेश बहादुर रावल प्राथमिक तहको शिक्षक भएको र निजको शैक्षिक योग्यता एस.एल.सी. मात्र भएको र बर्तमान प्रधानाध्यापक सम्झना अर्याल निम्न माध्यमिक तहको शिक्षक र निजको शैक्षिक योग्यता वि.एड. भएको देखिन्छ । जिल्ला शिक्षा कार्यालय कैलालीको मिति २०६७।६।५ को पत्र एवं जि.शि.का.कैलालीका जिल्ला शिक्षा अधिकारी हेमराज पुजाराले आफ्नो वयानमा निज शिक्षिकालाई अर्को व्यवस्था नभएसम्मको लागि नि.प्र.अ. भई काम काज गर्न अनुमति दिईएको भन्ने व्यहोरा उल्लेख गर्नुको साथै माध्यमिक तहको विद्यालयमा प्रा.वि.स्तरको शैक्षिक योग्यता भएको शिक्षक भन्दा मा.वि.तहको शैक्षिक योग्यता भएको व्यक्तिलाई प्र.अ.को जिम्मेवारी दिनु कानूनसम्मत एवं व्यवहारिक नै देखिंदा निज शिक्षिका सम्झना अर्याललाई निमित्त प्रधानाध्यापकमा नियुक्त गर्ने निर्णय शिक्षा नियमावली छैटौ संशोधनको व्यवस्था अनुरुप नै देखिएकाले आयोगको मिति २०६८।१।२७ को निर्णयानुसार तामेलीमा राखिएको ।

६७. वीरगञ्ज भंसार कार्यालयका प्रमुख तथा पेट्रोलियम डिलर्स एशोसियशनका पूर्व अध्यक्षको मिलेमतोमा ५ वटा ट्यांकरले भन्सार छलि गरेको भनी तरुण साप्ताहिकमा प्रकाशित समाचार उपर विस्तृत अनुसन्धान हुँदा, पेट्रोलियम डिलर्स एशोसियशनका पूर्व अध्यक्ष शिव प्रसाद घिमिरेले ना.४ख १५९० देखि १५९४ सम्मका २० किलो लिटर क्षमताका ५ वटा ट्यांकरको वडी (ट्यांकी) भारतमा वनाई भन्सार प्रज्ञापन पत्र घोषणा नगरी अवैध रुपमा भन्सार छली ल्याएकोमा भन्सार कार्यालयबाट उक्त ट्यांकरहरु पक्राउ गरी भन्सार ऐन, २०६४ को दफा ५७(९) बमोजिम हदैसम्म कारवाही गरी मिति २०६६।८।२८ को निर्णयानुसार रु.२६,२९,६८४।- असूल उपर समेत भईसकेको अवस्था देखिंदा आयोगको मिति २०६८।२।६ को निर्णयानुसार उजुरी तामेलीमा राखिएको ।

६८. यस आयोगमा परेको उजूरी दर्ता नं.१५७० मिति २०६६।८।२९ को कोशी अञ्चल अस्पताल विकास समितिका मेडिकल सुपरिन्टेण्डेण्ट डा. सि.पी. उपाध्याय समेतको मिलोमतोमा बव्लु राय नाम गरेको व्यक्तिसँग एकलाख रुपैया लिएर निज रायलाई ल्याव असिष्टेण्ट पदमा नियम विपरित करारमा नियुक्ति गरेको भन्ने विषयको उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा, कोशी अञ्चल अस्पताल विकास समितिले तत्कालिन समयमा समितिबाटै तलवभत्ता खर्च लेख्ने गरी विभिन्न १८ वटा पदहरु स्वीकृत दरबन्दीभन्दा बढी पदपूर्ति गरेको देखियो । पदपूर्ति पश्चात् स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट थप दरबन्दी स्वीकृत भएको र हाल दरबन्दी भन्दा बढी कर्मचारी कार्यरत नरहेको भनी मिति २०६८।१।२ को अस्पताल विकास समितिको पत्रबाट जानकारी आउनुका साथै अब उप्रान्त कुनै पनि पदमा दरबन्दीभन्दा बढी कर्मचारी नराखिने भन्ने अस्पताल तर्फबाट प्रतिबद्धता पनि व्यक्त भएको देखिंदा आयोगको मिति २०६८।२।८ को निर्णयानुसार तामेलीमा राखिएको ।

६९. आयोगमा परेको नि.द.नं. २१४० मिति २०६७।९।९ को उजुरीमा विजय स्मारक उच्च मा.वि. डिल्लीवजारका सहायक लेखापाल अशोक कुमार वोहराले आफ्नो जिम्मामा रहेको विद्यार्थीबाट उठेको रकम लामो समयदेखि वैंक दाखिला नगरी दुरुपयोग गरेको भन्ने सम्वन्धमा अनुसन्धान हुँदा निजबाट मिति २०६७।९।११ मा रु.४,००,०००।- (चार लाख) नगद धरौटी लिईएको । तारेखमा रहेकै अवस्थामा निजले विद्यालयलाई बुझाउनु पर्ने रकम यकिन गर्न लेखापरीक्षण गराउदा रु.४,८२,९२०।- वुझाउनु पर्ने देखिएकोले सो रकम मध्ये विद्यालयबाट निजलाई दिनुपर्ने तलव सुविधा वापत रु. २३,५२२।- कट्टा गरी वाँकी रहेको रकम मध्ये रु.५९,३९८।- मिति २०६७।१२।१० मा वैंक मार्फत र मिति २०६८।२।९ मा रु.४,००,०००।- नगदै वेरुजुको रकम विद्यालयमा बुझाई सकेकोले कुनै रकम लिन वाँकी नरहेको भनी भरपाई संलग्न राखी सो विद्यालयको मिति २०६८।२।९ को पत्रबाट लेखी आएको देखियो । विद्यालयको उक्त पत्रमा वेरुजु रकम विद्यालयमा बुझाई सकेको र विद्यालयले कुनै रकम लिन वाँकी नरहेको भनी आयोगलाई लेखीसकेको अवस्था देखिएकोले आयोगको मिति २०६८।२।९ को निर्णयानुसार तामेलीमा राखिएको ।

७०. जिल्ला बिकास समितिको कार्यालय, चितवनलाई आ.व. २०६५।०६६ को अन्ततिर निकाशा भएको बिभिन्न योजनाहरुको रकम ऐन नियम बिपरीत खर्च गरेको, कामै नगरी भुक्तानी दिएको लगायतका विषयमा अनियमितता गरेको भनि पर्न आएका उजुरी उपर विस्तृत अनुसन्धान हुँदा, जिल्ला बिकास समितिको कार्यालय चितवनले माग नै नगरेको योजनाको लागी अर्थ मंत्रालयले आ.व. २०६५।०६६ को अन्ततिर बिभिन्न योजनाहरुको लागी करोडौ रकम निकाशा दिएको कार्य तथा जिल्ला विकास समितिले पनि त्यसरी प्राप्त रकम हतार हतारमा फ्रिज नगराउने नियतले खर्च गराएको कार्यलाई राम्रो मान्न सकिएन । यस्तो कृयाकलाप पुनः नदोहरिने व्यवस्था गर्न सम्बन्धित निकायहरुलाई ध्यानाकर्षण गराउने । अब आयन्दा स्थानीय निकायलाई निर्धारित प्रकृया बिपरित थप कार्यक्रम तथा बजेट निकाशा नदिने व्यवस्था गर्न गराउन स्थानीय बिकाश मंत्रालय तथा अर्थ मंत्रालय लाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा २८ को उपदफा १(ख) अनुसार लेखि पठाउने । योजनाहरुको निर्माण कार्य सम्पन्न भएको भन्ने प्राविधिक प्रतिवेदन रहेकोले यसमा केहि गरि रहन नपर्ने हुँदा आयोगको मिति २०६८।२।१३ को निर्णयानुसार तामेलीमा राखिएको ।

७१. कोष तथा लेखा नियन्त्रक कार्यालय सर्लाहीका नि. प्रमुख कोष तथा लेखा नियन्त्रक मानदेव ठाकुरले आर्थिक ऐन नियम बिपरित आषाढ ३२ गते करोडौको निकाशा गर्दा अनियमितता गरे भन्ने बिषयमा पर्न आएका उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा, आर्थिक बर्षको अन्तमा निकाशा दिदा कमिशन लिएको भन्ने आधार प्रमाण नदेखिएकोले आरोप पुष्टी हुन सकेन अतः यसमा थप केहि गरीरहन नपर्ने हुँदा आयोगको मिति २०६८।२।१३ को निर्णयानुसार तामेलीमा राखिएको ।

७२. पोखरा उपमहानगरपालिका तत्कालिन कार्यकारी अधिकृत तिलक पौडेल र श्री कम्प्लेक्स प्रा.लि. पोखराका प्रवन्धक निर्देशक झलकलाल श्रेष्ठवीच पोखरा नगर क्षेत्रभित्र तरकारी तथा फलफूल वजारको उचित व्यवस्थापन गर्न गाउँ-नगर साझेदारी विकास कार्यक्रम अन्तर्गत मिति २०५७।६।३ मा ५ वर्षे समयावधि निर्धारण गरी सम्झौता भएको र पुनः २०६०।६।५ मा अर्को सम्झौता भई ५ वर्ष समयावधि थप भएकोमा सम्झौता वमोजिम निर्धारित समयावधिमा कार्य सम्पन्न नगरी झलकलाल श्रेष्ठले सरकारी रकम हिनामिना गरेको भन्ने भ्रष्टाचार मुद्दा सर्वोच्च अदालतमा विचाराधिन रहेको अवस्थामा सोही विषयमा यीनै पक्षहरु बीच मिति २०६७।५।३१ मा पुनः अर्को सम्झौता गरेको देखिएकोले सो सम्वन्धमा अनुसन्धान हुँदा, आयोगबाट भएको अनुसन्धानको सिलसिलामा प्रतिवादीले सफाई पाउने ठहरी मिति २०६७।१०।८ मा सम्मानित सर्वोच्च अदालतबाट भएको फैसलाको प्रतिलिपि प्रतिवादी झलकलाल श्रेष्ठले मिति २०६८।१।२ मा आयोग समक्ष बयानको सिलसिलामा पेश गरेको । उक्त फैसलाबाट अनुसन्धान भैरहेको विवाद टुंगिसकेको देखिँदा थप अनुसन्धान कारवाही अगाडि वढाउन आवश्यक नदेखिएकोले आयोगको मिति २०६८।३।१को निर्णयानुसार तामेलीमा राखिएको ।

७३. जिल्ला प्रशासन कार्यालय पर्साबाट आयोगमा प्राप्त हुन आएको "पर्सा जिल्ला बहुअर्वाभाठा गा.वि.स.मा तत्कालिन अध्यक्ष चन्द्र किशोर चौरसिया समेतले पोखरीको डिल ठेक्का लिई आफैले मर्मत संभार गर्नुपर्नेमा मर्मत र सरसफाई गर्न रु. १ लाख ५० हजार खर्च गरी नक्कली विल देखाएको" भन्ने बिषय उपर विस्तृत अनुसन्धान हुँदा, पर्सा जिल्ला बहुअर्वाभाठा गा.वि.स.वडा नं. ७ कि.नं.३५२ को ३-०-१५ क्षेत्रफल जग्गामा रहेको गा.वि.स.अन्तर्गत रहेको सार्वजनिक पोखरीको जलकुम्भी सफा गर्न र डिल मर्मत कार्यका लागि गा.वि.स.बाट रु. १,५०,०००।- निकासा भै उपभोक्ता समितिका अध्यक्ष बृजित राउत कुर्मीलाई बुझाएको देखिएता पनि उक्त कार्य सम्पन्न नभएका कारण प्रस्तुत बिषयमा उपभोक्ता समितिका अध्यक्ष निज बृजित राउत कुर्मी, तत्कालिन गा.वि.स.अध्यक्ष चन्द्र किशोर चौरसिया तथा तत्कालिन गा.वि.स.सचिव सुरेश प्रसाद चौरसिया समेतका बिरुद्ध जिल्ला प्रशासन कार्यालय पर्सामा उजूरी निवेदन परी उक्त कार्यालयबाट सो बिषयमा अनुसन्धान हुंदै सक्कलै फायल आयोगमा प्राप्त हुन आए पश्चात् अनुसन्धानको क्रममा उजूरीमा उल्लेखित उपभोक्ता समितिका अध्यक्ष निज बृजित राउत कुर्मी, तत्कालिन गा.वि.स.अध्यक्ष चन्द्र किशोर चौरसिया तथा तत्कालिन गा.वि.स.सचिव सुरेश प्रसाद चौरसियालाई उपस्थित हुन पटक पटक सूचित गर्दा समेत निजहरु सम्पर्क नआएका कारण आयोगबाट तत्कालिन गा.वि.स.सचिव सुरेश प्रसाद चौरसियालाई निलम्बनको लागि सम्बन्धित निकायमा पत्राचार गरी थप अनुसन्धान अगाडि बढाइएको । जिल्ला प्रशासन कार्यालय पर्साबाट प्राप्त हुन आएका कागजात, आयोगमा उपस्थित भै तत्कालिन गा.वि.स.अध्यक्ष चन्द्र किशोर चौरसिया तथा तत्कालिन गा.वि.स.सचिव सुरेश प्रसाद चौरसिया समेतले गरेको वयान तथा जिल्ला विकास समितिको कार्यालय पर्साबाट प्राप्त हुन

आएको कागजात समेत अध्ययन गर्दा उजूरीमा उल्लेखित कार्यका लागि गा.वि.स.बाट रु. १,५०,०००।- (एक लाख पचास हजार) निकासा भएतापनि सो सम्बन्धी काम पुरा भएको नदेखिएको र हाल आएर उक्त लागत रकम सम्बन्धितहरुबाट बहुअर्वाभाठा गा.वि.स.कार्यालयको नेपाल राष्ट्र बैंक बीरगंज स्थित खाता नं.ग-४-३४०७१२ मा मिति २०६८।१।२५ गतेका दिन जम्मा भएको भनी जिल्ला विकास समितिको कार्यालय पर्सा तथा बहुअर्वाभाठा गा.वि.स.को कार्यालयबाट समेत लिखित जानकारी प्राप्त हुन आएको देखिएतापनि उक्त कार्यमा जिम्मेवार रहेका निज तत्कालिन गा.वि.स.सचिव सुरेश प्रसाद चौरसियालाई एक पटकको लागि सचेत गराउँदै आयोगको मिति २०६८।३।३ को निर्णयानुसार तामेलीमा राखिएको ।

७४. यस आयोगमा परेको नि.द.नं. ८०१२ मिति २०६५।९।२८ मा जग्गा किर्ते व्यक्तिको नाममा जग्गा किनबेच गरे भन्ने सम्वन्धको उजुरी उपर विस्तृत अनुसन्धान हुँदा, काठमाडौं जिल्ला डांडापौवा गा.वि.स. वडा नं. ६ कि.नं. ३२० क्षेत्रफल रो . १-१२-०-० को जग्गा का.ई. असन वस्ने केशरत्नको छोरा धर्मरत्न तुलाधरको हुनुपर्नेमा का.ई. कमलाछी वस्ने ज्ञानरत्न तुलाधरको नाती गुणरत्न तुलाधरको छोरा धर्मरत्न तुलाधरको नाममा मालपोत कार्यालय, कलंकीले श्रेस्ता कायम गरेको सम्वन्धमा का.म.न.पा. वडा नं १६ धर्मस्थली वस्ने ज्ञानरत्न तुलाधरले आयोगमा २०६५।९।१८ मा निवेदन दिए पश्चात् काठमाडौं जिल्ला अदालतमा नालिस गरी मिति २०६५।१२।२६ मा मुद्दा फिर्ता लिएको अवस्था र उक्त कित्ता जग्गा कुनै सरकारी सार्वजनिक प्रकृतिको नभई व्यक्ति व्यक्ति बीचको विवाद भएको स्थिति समेत हुँदा, यस तर्फ केही गरिरहनु पर्ने अवस्था नभएकाले आयोगको मिति २०६८।३।५ को निर्णयानुसार तामेलीमा राखिएको ।

७५. भुठ्ठो विवरण पेश गरी थप कोष निकासा लिइ अनियमित खर्च गरेकोले कारबाही गर्न भनि कोष तथा लेखा नियन्त्रक कार्यालय,सुर्खेतले मिति २०५९।४।२०मा महालेखा नियन्त्रक कार्यालय,काठमाडौंलाई लेखि जिल्ला प्रशासन कार्यालय,सुर्खेतलाई वोधार्थ दिएको पत्रलाई उजूरीको रुपमा कायम गरि जिल्ला प्रशासन कार्यालय, सुर्खेतबाट क्षेत्रीय प्रशासन कार्यालय,सुर्खेत हुदै यस आयोगमा प्राप्त हुन आएको जिल्ला सिंचाई कार्यालय,सुर्खेतका तत्कालिन कार्यालय प्रमुख (डि.ई.) रामचन्द्र साह समेत विरुद्धको उजुरी उपर अनुसन्धान हुँदा, यसमा अनुसन्धान प्रतिवेदन समेतबाट जिल्ला सिंचाइ कार्यालय, सुर्खेतले आ.व. ०५८।५९ को ब.उ.शि.नं.४७।४।३१६ मा आ.व.को अन्त्य तिर कोष तथा लेखा नियन्त्रक कार्यालय, सुर्खेतसंग थप कोष निकासा को लागि पुष्ट्याईको रुपमा पेश गरेका विलहरु मध्ये केही विल भुक्तानी भैसकेको पनि पेश गरेको, यसरी निकासा लिएको रकमबाट HDP Pipe को भुक्तानी गरेको, Pipe खरिद गर्दा प्रतिस्पर्धा बेगर सोझै फ्याक्ट्रीबाट ल्याएको, त्यसरी सोझै खरिद गर्दा विभागीय स्वीकृती पनि नलिएको, कतिपयमा कार्यक्रम स्वीकृत वा संशोधन पनि नगरि खर्च गरेको भन्ने समेत ब्यहोराको उजुरी रहेको देखियो । आर्थिक वर्षको अन्त्यमा थप कोष निकासा लिन पुष्ट्याईको रुपमा पेश गरेको विवरणमा केहि फरक पर्न गएको । यसमा निकासा लिनेले मात्र होइन की निकासा दिनेले पनि के कामको लागि निकासा दिएको हो सो कुरा स्पष्ट रुपमा निकासा आदेशमा नखुलाई केवल थप कोष निकासा भन्ने मात्र उल्लेख गरेको अवस्था पाईएको । निकासा लिएको रकमबाट विलको दोहोरो भुक्तानी भएको भने पुष्टि नभएको अवस्थाले सरकारी रकम हानी नोक्सानी भएको देखिन आएन । यसरी निकासा लिएको रकमबाट HDP Pipe को भुक्तानी गरेको, Pipe खरिद गर्दा प्रतिस्पर्धा बेगर सोझै उत्पादक फ्याक्ट्रीको दर रेटमा (गत आ.व.मा वोलपत्रको

माध्यमबाट खरिद गरेको भन्दा पनि कम दररेटमा) खरिद गरेको पुष्टि भएको, थप कोष निकासा रकमबाट केही रकम कार्यक्रम संशोधन वा स्वीकृती वेगर पनि खर्च भएको ,खरिद भएको पाइप आ.व.को अन्त्यमा पनि केही मौज्दात रहेको (क्षेत्रीय प्रशासन कार्यालय,सुर्खेतबाट मौज्दात चेक गरेकोबाट पनि देखिएको),मौज्दातमा रहेको पाइपहरु पछिल्ला आ.व.हरुमा विभिन्न योजनाहरुमा प्रयोग गरेको भन्ने मध्यपश्चिमान्चल सिंचाई डिभिजन नं.३ ,सुर्खेतको मिति २०६७।६।७ को पत्र साथ पेश गरेको विवरणबाट खुलेको देखियो । यसैगरि यस वारेमा सिंचाई विभागको विभागीय छानवीन टोलीले ०५९।६।२४ मा दिएको छानवीन प्रतिवेदन उपर क्षेत्रीय प्रशासन कार्यालय,सुर्खेतबाट छानविन भैरहेको भनि हालसम्म कुनै कारवाही भएको देखिन आएन । यसर्थ तत्काल प्रचलित आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०५६ को नियम ३५ उपनियम (५) वमोजिम कार्यक्रम स्वीकृत गराउन पर्ने र उक्त नियमावलीको नियम २४ को उपनियम (५) अनुसार कार्यक्रम संशोधन गराउनु पर्नेमा, कार्यक्रम स्विकृत वा संशोधन नगराइ पाइप खरिद गरि रु.२३,५५,५३९।९४ खर्च गरेको । उक्त नियमावलीको नियम ५८को उपनियम (१) बमोजिम प्रतिस्पर्धा गराई पाइप खरिद गर्नु पर्नेमा सोझै उत्पादक कम्पनीको विक्रेतासंग रु.३२,०१,६९४।१० को पाइप खरिद गरेको । तत्काल प्रचलित कानून आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०५६ को नियम १५८ को उपनियम(१)मा व्यवस्था भएको कार्यालय प्रमुखको काम र कर्तव्य भित्र पर्ने देहायको खण्ड(च) बमोजिम को कार्य नगरेकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहायको खण्ड (ख) र (छ) अनुसार तत्कालका कार्यालय प्रमुख रामचन्द्र साहले अनुचित कार्य गरेको देखिएतापनि निज रामचन्द्र साह २०६३।११।१ देखि सेवाबाट अनिवार्य अबकाश पाइसकेको देखिएको हुँदा निजको सन्दर्भमा अन्य केही बोलि रहन पर्ने देखिएन । उक्त कार्यालयका तत्कालिन लेखापाल जब्बर अलि मियांले तत्काल प्रचलित आर्थिक प्रशासन सम्वन्धी नियमावली,२०५६ कोनियम ३५ को उपनियम (५) वमोजिम कार्यक्रम स्वीकृत गराई उक्त नियमावलीको नियम २४ को उपनियम (५) अनुसार कार्यक्रम संशोधन गराएपछि मात्र खर्च गर्न राय दिनु पर्नेमा, सो अनुरुप गरेको देखिएन । त्यस्तै उक्त नियमावलीको नियम ५८को उपनियम (१) बमोजिम प्रतिस्पर्धा गराई पाइप खरिद गर्नु पर्नेमा सो नगरी सोझै उत्पादक कम्पनिको विक्रेतासंग रु.३२,०१,६९४।१० को पाइप खरिद गर्न पटक पटक निज जब्बर अलि मियांले सिफारिस सहित पेश गरेको देखिन आयो । निजले उक्त नियमावलीको नियम ३५ को उपनियम (१४) ले प्रचलित कानून बमोजिमको प्रकृया नपुगेको आर्थिक कारोवारको भुक्तानी दिन वा भुक्तानीको निमित्त पेश गर्न वा भुक्तानीको निमित्त सिफारिस गर्न नमिल्ने राय दिनु पर्नेमा प्रतिस्पर्धा नगराई कानून विपरित सोझै उत्पादक कम्पनीको विक्रेतासंग खरिद गर्न कार्यालय प्रमुख समक्ष सिफारिस सहित पेश गरेको समेत देखिंदा निज जब्बर अलि मियाले उक्त नियमावलीको नियम १६२ को उपनियम (२) मा व्यवस्था भए अनुरुपको कर्तव्य पालना गरेको नपाईएबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय र (छ) बमोजिम अनुचित कार्य गरेको देखिएको हुँदा निज लेखापाल जब्बर अलि मिया उपर निजामती सेवा ऐन,२०४९ को दफा ६० को देहाय (घ) को कसुरमा सोही ऐन बमोजिम विभागीय कारबाही गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा १२ को उपदफा (१) बमोजिम अख्तियारवाला नेपाल सरकार, महालेखा नियन्त्रक कार्यालयलाई लेखि पठाएको ।

पाइप खरिदका लागि लागत अनुमान तयार गर्ने, खरिद भएको पाइप आम्दानी बाध्ने, पाइप नापजांच गर्ने, पाइप प्रयोग गर्न माग गर्ने समेतका कार्यमा सम्लग्न ओ.सि.लेखनाथ कोइराला, ओ.सि.काशी प्रसाद साह, ओ.सि.वरुण कुमार ठाकुर, ओ.सि.सत्येन्द्र कुमार मिश्र,

ओ.सि.विनोद कुमार झा, ईन्जिनियर प्रसुन मिश्र ईन्जिनियर श्यामकान्त चौधरी र सहलेखापाल डिल्लीप्रसाद उपाध्याय समेतका कर्मचारीहरुले अनुचित कार्य वा भ्रष्टाचारजन्य कार्य गरेको देखिन नआएको हुँदा निजहरुको हकमा केही गरि रहन पर्ने नदेखिएकोले आयोगको मिति २०६८।३।६ को निर्णयानुसार तामेलीमा राखिएको ।

७६. जनता निम्न माध्यमिक विद्यालय,खोजपुर, सप्तरीमा २०६६ सालमा ५ जना अस्थायी शिक्षक नियुक्ति गर्दा भ्रष्टाचार गरेको भन्ने समेत व्यहोराको उजुरी सम्वन्धमा विस्तृत अनुसन्धान हुँदा, उजुरीमा आरोपीत जनता निम्न माध्यमिक बिद्यालय, खोजपुर सप्तरीका बिद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामचन्द्र मण्डल, बिद्यालयका प्रधानाध्यापक राजेन्द्रप्रसाद साह, अस्थायी शिक्षक पदमा छनौट भै नियुक्ती प्राप्त गरेका शिक्षकहरु (राजु मण्डल,मंजु कुमारी साह, अजय कुमार साह, शान्ति कुमारी चौधरी, ओम प्रकाश ठाकुर) समेतको बयान र प्राप्त कागजहरुबाट उक्तानुसार शिक्षक नियुक्ती गर्दा विद्यालयका प्रधानाध्यापक समेतका पदाधिकारीले अनुचित आर्थिक लाभ लिनुखानु गरेको एवम् विद्यालयलाई हानी नोक्सानि पुऱ्याएको भन्ने पुष्टि हुनसक्ने अवस्था देखिएन । उक्त विद्यालयको शिक्षक पद १(एक) मा अस्थायी पदपूर्ति गर्ने क्रममा शिक्षक छनौट समितिले मिति २०६६।६।२६मा अन्तरवार्तामा प्रयोग गरेको अन्तरवार्ता फारामम शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम २२ मा व्यवस्था भए अनुरुपनै पूर्णांक २५लाई अंक बिभाजन गरी अन्तरवार्ता बापत १२ अंक कायम गरेको भएता पनि अन्तरवार्ताको अंक दिदा कुनै उम्मेदवारलाइ ७० प्रतिशत भन्दा बढी र ३५ प्रतिशत भन्दा कम दिनुपर्ने भएमा त्यस्तो नम्बर दिनुपर्ने स्पष्ट कारण खुलाउनु पर्ने भन्ने उक्त नियमले गरेको व्यवस्थाको पालना नगरि ७०.८३ प्रतिशत अंक दिदा अन्तरवार्ताकारले कुनै कारण उल्लेख गरेको देखिन आएन । उक्त विद्यालयकै अर्को ४ वटा शिक्षक पदमा अस्थायी पदपूर्ति गर्ने क्रममा शिक्षक छनौंट समितिले मिति २०६६।७।१०मा अन्तरवार्ता लिदा प्रयोग गरेको अन्तरवार्ता मूल्यांकन फाराममा पूर्णांक २५को अंक विभाजन गर्दा विषय वस्तु १०, प्रस्तुतिकरण ५, भाषा ५, सरसफाइ ५ गरेको र सो आधारमा अन्तरवार्ताको प्राप्तांकमा २५ मा ११ (४४ प्रतिशत) देखि १९ (७६ प्रतिशत) सम्म दिएको एवम् उक्तानुसार ७० प्रतिशत भन्दा बढी अंक दिदा अन्तरवार्ताकारले कुनै कारण समेत उल्लेख गरेको पनि देखिएन ।

यस सम्वन्धमा शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम २२ मा अन्तरवार्ताको लागि २५ पूर्णाङ्क मध्ये अनुभव वापत १०, शैक्षिक योग्यतावापत ३ र अन्तरवार्ता वापत १२ अंक हुने गरी अंक बिभाजन भएको एवम् कुनै उम्मेदवारलाइ ७० प्रतिशत भन्दा बढी र ३५ प्रतिशत भन्दा कम अंक दिनुपर्ने भएमा त्यस्तो अंक दिनुपर्ने स्पष्ट कारण खुलाउनुपर्ने व्यवस्था गरेको , उल्लेखित अवस्थालाई दृष्टिगत गर्दा जनता निम्न माध्यमिक विद्यालय, खोजपुर, सप्तरीमा २०६६ सालमा ५ जना अस्थायी शिक्षक नियुक्ति गर्दा अवलम्बन भए गरेको प्रकृया शिक्षक सेवा आयोग नियमावलीमा भएका व्यवस्थाहरु अनुरुप भएको नदेखिएको हुँदा उक्त बिद्यालयले शिक्षक पद अस्थायी तवरबाट पूर्ति गर्ने सिलसिलामा मिति २०६६।६।२६ र २०६६।७।१० मा लिएको लिखित परीक्षा तथा अन्तरवार्ता समेत रद्द गरि हाल प्रचलित कानून बमोजिम पदपूर्ति गर्ने व्यवस्था गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ ख बमोजिम जिल्ला शिक्षा कार्यालय,सप्तरीलाई लेखि पठाई आयोगको मिति २०६८।३।६ को निर्णयानुसार तामेलीमा राखिएको ।

७७. जिल्ला शिक्षा कार्यालय, रौतहटका शा.अ. सुरेशप्रसाद सिहले आफ्नो पद र जिम्मेवारीको दुरुपयोग गरि भ्रष्टाचार गरेकोले छानविन गरी पाउं भन्ने समेत व्यहोराको इमा सामुदायिक अध्ययन केन्द्र,चन्द्रनिगाहपुरको उजुरीका सम्बन्धमा विस्तृत अनुसन्धान हुँदा, यसमा अनुसन्धान अधिकृतको प्रतिवेदन समेतबाट जिल्ला शिक्षा कार्यालय, रौतहटका शा.अ. सुरेशप्रसाद सिहले निज निमित्त जिल्ला शिक्षा अधिकारी भएका बखत इमा सामुदायिक अध्ययन केन्द्र, चन्द्रनिगाहापुरको क्रमशः अध्यक्ष र सचिवका रुपमा रन्जन कुमार कर्ण र प्रेम शंकर मिश्रलाई प्रमाणित गरी उक्त केन्द्रको नाममा राष्ट्रिय वाणिज्य बैक, गौरमा रहेको च.हि.नं.२०५५ को खाताको खाता संचालक बदल्न र चेक बुक हराएको भनि झुठो विवरण पेश गरेको आधारमा चेक बुक दिन मिति २०६६।७।४ मा बैक संग पत्राचार गरि केन्द्रको रु.४२,०००।- (बयालीस हजार रुपैया मात्र) सोही दिन खाताबाट झिकी भ्रष्टाचार गरेको भन्ने सम्वन्धमा बुझ्दा जिल्ला शिक्षा कार्यालय, रौतहटबाट प्राप्त प्रतिक्रिया अनुसार उक्त सामुदायीक अध्ययन केन्द्रको पुनर्गठन गर्ने भनि मिति २०६६।३।३० मा भएको निर्णयमा उपस्थित देखाइएका सम्पुर्ण व्यक्तिहरु उक्त केन्द्रको विधान बमोजिम सदस्यता लिएको नपाइएकोले तत्कालिन निमित्त जिल्ला शिक्षा अधिकारी सुरेश प्रसाद सिंहले स्वीकृत दिंदा लापरवाही गरेको देखिनुको साथै केन्द्रको नाममा रहेको उक्त खाताबाट प्रयोजन बेगरनै रु.४२,०००।- (बयालिस हजार) बसविट्टी जिंगडिया गा.बि.स.का प्रेम शंकर मिश्रको नाममा झिकिएको देखिएकोले मिति २०६६।९।२ को पत्रबाट रन्जन कुमार कर्ण र प्रेम शंकर मिश्रको नामको खाता दस्तखत बन्द गरी केन्द्रको अध्यक्ष रमेश प्रसाद खरेल र सचिव उपेन्द्र प्रसाद साहको नामबाट साबिक बमोजिमकै बैक खाता संचालन को लागि सिफारिस दिइ बैक खाता सुचारु भएको देखिन आयो । अनुसन्धानको क्रममा राष्ट्रिय वाणिज्य बैक, शाखा कार्यालय, गौरको मिति २०६७७।१६ को पत्रबाट चल्ती खाता नं.२०५५ मा २०६७।५।२१ मा रु.४२,०००।- (बयालीस हजार रुपैयाँ) जम्मा भएको देखिएको र उक्त रकम आयोगबाट रोक्का राखिएको हुँदा रकम तर्फ केही गरि रहनु पर्ने देखिएन ।

जिल्ला शिक्षा कार्यालय रौतहटका निमित्त जिल्ला शिक्षा अधिकारी सुरेशप्रसाद सिंहले शिक्षा मंत्रालय, अनौपचारिक शिक्षा केन्द्र सानोठिमी,भक्तपुरले जारी गरेको सामुदायिक अध्ययन केन्द्र सञ्चालन एवं व्यवस्थापन निर्देशिका ,२०६२ को दफा ३३ मा भएको व्यवस्था विपरित हुने गरि उल्लेखित रन्जन कुमार कर्ण र प्रेम शंकर मिश्र नामका अनाधिकार व्यक्तीहरुबाट इमा सामुदायिक अध्ययन केन्द्रको खाता संचालन गर्न र नयां चेक बुक उपलब्ध गराउन बैकमा सिफारिस गरेबाट निजले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (ख) र (छ) बमोजिम अनुचित कार्य गरेको देखिएकोले निजामती सेवा ऐन,२०४९को दफा ६० को देहाय (घ) को कसुरमा सोही ऐन बमोजिम विभागीय कारबाही गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२को उपदफा (१) बमोजिम अख्तियारवाला शिक्षा मंत्रालयलाई लेखि पठाउने एवम् अनुसन्धानको क्रममा आयोगबाट रोक्का राखिएकोमा सामुदायिक अध्ययन केन्द्रको खाताको रु.४२,०००।- फुकुवा गरी आयोगको मिति २०६८।३।६ को निर्णयानुसार तामेलीमा राखिएको ।

७८. सत्यदेवी उ.मा.वि.जुविथा कालिकोटका नि.मा.वि. स्तरका शिक्षक शोभितलाल यादवलाई शिक्षा नियमावली, २०५९ को अनुसुचि-१७ बमोजिम सरुवा भै आउने श्री नि.मा.वि.भुल्के सिरहाको सहमति लिएर मात्र सम्बन्धित जिल्ला शिक्षा अधिकारीले सरुवा गर्नुपर्नेमा त्यस्तो सहमति नलिई टिप्पणी नउठाई ठाडो तोक आदेशद्वारा जिल्लान्तर सरुवा पदस्थापन गरी ऐ.जिल्लाको सु.ज.मा.वि.औरहीमा

काज खटाउने जिल्ला शिक्षा अधिकारी द्वारिका यादवको कार्य प्रचलित कानून विपरित भएकाले निजउपर प्रचलित कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत ब्यहोराको उजुरी उपर विस्तृत अनुसन्धान हुँदा, तत्कालिन जिल्ला शिक्षा अधिकारी द्वारिका प्रसाद यादवले गरेको वयान र अनुसन्धान अधिकृतको प्रतिवेदन अनुसार सत्यदेवी उ.मा.वि.जुविथा कालिकोटका नि.मा.वि. स्तरका शिक्षक शोभितलाल यादवलाई श्री नि.मा.वि.भुल्के, सिराहाको नि.मा.वि.शिक्षक पदमा तत्कालिन जिल्ला शिक्षा अधिकारी द्वारिका प्रसाद यादवको मिति २०६७।२।१८ को ठाडो आदेशमा सरुवा गरेको र सिरहा जिल्लाको सु.ज.मा.वि.औरहीमा काजमा राखेको देखियो । उक्त सरुवा शिक्षा ऐन, २०२८ को दफा १६ज. र शिक्षा नियमावली, २०५९ को नियम ९९ अन्तरगतको अनुसुची-१७ मा तोकिएको सरुवा निवेदनको ढाँचा फाराम अनुसार सरुवा भै जाने विद्यालय र सरुवा भै आउने विद्यालयको व्यवस्थापन समितिको सहमति आवश्यक पर्नेमा सरुवा भै आउने विद्यालयको व्यवस्थापन समितिको सहमति नभएको एवं एक जिल्लाबाट अर्को जिल्ला त्यसमा पनि क्षेत्र समेत फरक परेको अवस्थामा उक्त ऐनको दफा १६ज. अनुसार कारण समेत खुलाई शिक्षा विभागले शिक्षा मन्त्रालयको पूर्व स्वीकृती समेत लिएर मात्र सरुवा गर्न सक्ने व्यवस्था विपरित सिरहा जिल्लाका तत्कालिन जिल्ला शिक्षा अधिकारी द्वारिका प्रसाद यादवको ठाडो आदेशबाट सरुवा गरेको देखिंदा निज द्वारिका प्रसाद यादवले अनुचित कार्य गरेको भएतापनि हाल निज सेवा निवृत्त भईसकेकाले निज उपर अन्य केही गरिरहन परेन । यसमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख. को प्रावधान अनुसार सिरहा जिल्लाका तत्कालिन जिल्ला शिक्षा अधिकारी द्वारिका प्रसाद यादवले कालिकोट जिल्लाको सत्यदेवी उ.मा.वि.जुविथाबाट सिरहा जिल्ला अन्तर्गत श्री नि.मा.वि.भूल्केको दरबन्दीमा नि.मा.वि.शिक्षक शोभितलाल यादवको मिति २०६७।२।१८ मा सरुवा गर्ने र ऐ.जिल्लाको सु.ज.मा.वि.औरहीमा काजमा राख्ने गरी तोक आदेशद्वारा गरेको निर्णय कानूनत मिलेको नदेखिंदा शिक्षा मन्त्रालयलाई सो सरुवा तथा काज संवन्धी आदेश रद्द गर्न लेखी आयोगको मिति २०६८।३।६ को निर्णयानुसार तामेलीमा राखिएको ।

७९. सशस्त्र प्रहरी वल त्रियुगा गुल्म गाईघाट उदयपुरले राशनका निम्ति आह्वान गरेको बोलपत्रमा बढी रकम कवुल गर्ने बोलपत्र स्वीकृत गरेको भनी आयोगमा दर्ता हुन आएको उ.द.नं. २५६९ मिति २०६७।१०।५ को उजूरीका सम्बन्धमा विस्तृत अनुसन्धान हुँदा, सशस्त्र प्रहरी बल त्रियुगा गुल्म उदयपुरले आ.व. २०६७।६८ को लागि आह्वान गरेको रासन टेण्डरमा बोलपत्र पेश गर्ने बोलपत्रदाताहरु मध्ये अनुपम ट्रेडर्स जनकपुरले पेश गरेको बोलपत्रको कवूल अंक सबै भन्दा न्यून अर्थात प्रतिदिन प्रति व्यक्ति रु.१०२।५९ भएको देखिए पनि निजले टेण्डर डकुमेन्टको आधारमा बोलपत्रसाथ अनिवार्य रुपमा पेश गर्नु पर्ने राशन नमूनाहरु पेश नगरेको भनी बोलपत्र खोल्दाकै अवस्थामा उठाइएको मुचुल्कामा समेत खुलाएको र मूल्य सूचीको सि.नं. १३ मा टिपेक्स प्रयोग गरी दस्तखत नगरेको अवस्था औंल्याइएको पाइएको साथै बोलपत्र मूल्यांकन समितिले समेत मूल्यांकनको क्रममा उल्लेखित व्यहोराहरु औंल्याएको अवस्था देखियो । उक्त आधारमा न्यून कबोल गर्ने अनुपम ट्रेडर्स सारभूत रुपमा प्रभावग्राही नभएकोले अन्य पर्न आएका बोलपत्र मध्ये न्यून कबोल गर्ने डोकानिया सप्लायर्स जनकपुरको प्रति दिन प्रति व्यक्ति कबोल अंक रु.१२६।७० भएको बोलपत्रलाई स्वीकृत गरेको अवस्था पाइएको । उक्त अंक चालु आ.व. को स्वीकृत राशन

लागत अनुमान रु.१२९।२६ भन्दा रु.२५६।- घटी समेत भएको भनी मूल्यांकन समितिले निर्णय गरेको अवस्था देखिन्छ । प्रस्तुत विषयमा पर्न आएको उजूरी पुष्टि हुन सक्ने अवस्था पाइएन । आयोगको मिति २०६८।३।१६ को निर्णयानुसार तामेलीमा राखिएको ।

८०. क्षेत्रीय प्रशासन कार्यालय मध्यमाञ्चल विकास क्षेत्र हेटौडाका तत्कालिन क्षेत्रीय प्रशासक रुद्र कुमार श्रेष्ठले अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रत्यायोजित अधिकार र कार्यविधि भन्दा बाहिर गई काम गर्न बाध्य गराएको भन्ने समेत व्यहोराको उजूरीका सम्बन्धमा विस्तृत अनुसन्धान हुँदा, निजले अनुसन्धानको क्रममा विभिन्न व्यक्तिहरुसंग रकम माग गरेको भन्ने व्यहोरा सत्य नभएको भनी गृह मन्त्रालयको छानविन टोलीको प्रतिवेदनमा उल्लेख भई आएको । आयोगबाट क्षेत्रीय प्रशासन कार्यालयमा स्थलगत निरीक्षण गर्दाका क्रममा आयोगको काम गर्न तोकिएको अनुसन्धान अधिकृतलाई कार्य विवरण सहित कार्यभार सुम्पिएको पाइयो । अ.दु.अ.आयोगले क्षेत्रीय प्रशासन कार्यालयलाई दिएको कम्प्यूटर समेत क्षेत्रीय प्रशासन कार्यालयमा दाखिला गरिएको जानकारी समेत आयोगमा प्राप्त हुन आएकोले उजूरीमा उल्लेखित आरोपहरु पुष्टि हुन सक्ने अवस्था देखिएन । उजूरीहरु तत्कालिन क्षेत्रीय प्रशासक रुद्रकुमार श्रेष्ठको काम कारवाही र व्यवहार प्रति लक्षित रहेको र हाल निज सेवाबाट अवकास भइसकेको अवस्था समेतलाई विचार गर्दा यस उजूरीका सम्बन्धमा केही गरिरहनु पर्ने अवस्था नदेखिएकोले आयोगको मिति २०६८।३।१६ को निर्णयानुसार तामेलीमा राखिएको ।

८१. साउदी अरेवीयाका लागि नेपालका राजदूत हमिद अन्सारीले झापाका रमेश सुवेदी र रोल्पाका रेगबहादुर बुढाको साउदी अरेवीयामा सडक दुर्घटनामा मृत्यु भएपछि पाउनु पर्ने क्रमशः १,१ लाख रीयल आफूले खाइमासेको भन्ने विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचार मार्फत आयोगमा प्राप्त उजूरीका सम्बन्धमा विस्तृत अनुसन्धान हुँदा, यसमा साउदी अरवमा काम गर्ने झापाका मृतक रमेश सुवेदी र रोल्पाका मृतक रेगबहादुर बुढाका परिवारजनले पाउने क्षतिपूर्ति बापतको वीमा रकम तत्कालिन साउदी अरवकालागि नेपाली राजदूत हमिद अन्सारीले खाई मासेको कारण मृतकका हकवालाले नपाएको भन्ने मुख्य विषयमा अनुसन्धान गर्दा झापाका मृतक रमेश सुवेदीको हकवालाले पाउने क्षतिपूर्तिको विमा रकम परराष्ट्र मन्त्रालय मार्फत झापा जिल्ला प्रशासन कार्यालयले निज मृतकको हकदार कविता सुवेदीलाई बुझाई सकेको जानकारी प्राप्त भएको । साथै रोल्पाका मृतक रेगबहादुर बुढाको हकदारले पाउनु पर्ने क्षतिपूर्तिको विमा रकम साउदी रियाल १ लाख बराबरको नेपाली रुपैया निज राजदूतले अनुसन्धानकै क्रममा मृतकको हकवालाले पाउने गरी परराष्ट्र मन्त्रालयमा बुझाएको भन्ने भौचर सहितको जानकारी परराष्ट्र मन्त्रालय मार्फत आयोगमा प्राप्त भएको हुँदा र हाल निज हमिद अंसारी राजदूत पदमा बहाल नरहेको अवस्था हुँदा यसमा केही गरिरहनु पर्ने अवस्था नदेखिएकोले आयोगको मिति २०६८।३।१६ को निर्णयानुसार तामेलीमा राखिएको ।

८२. सागरनाथ वन विकास परियोजनाका सुपरभाइजर दिपक प्रसाद न्यौपाने र लेवर सुपरभाइजर भरत कुमार उदासले मूर्तिया वन व्यवस्थापन क्षेत्रबाट चार हजार क्यु.फिट खयर काठ र तीन हजार क्यु. फिट सिसौ काठ हेटौडा र विरगञ्ज लगी विक्री गरेको र जनताहरुबाट ठूलो परिमाणका विभिन्न वर्षहरुमा टाँगिया वाली समेत असुल उपर गरी भोगचलन एवं विक्री वितरण गरेको भन्ने व्यहोराको उजुरी मिति २०६७।३।२९ मा उजुरी द.नं. ३४५९ मा दर्ता भएकोमा सो उजुरीमाथि विस्तृत अनुसन्धान हुँदा, निजहरुले खयर र

सिसौ काठ हिनामिना गरेको भन्ने सम्बन्धमा सागरनाथ वन विकास परियोजनाबाट आयोगमा प्राप्त प्रतिकृयामा स्थानीय जनता, भद्रभलादमी, बुद्धिजीवी एवं कर्मचारीहरुबाट भएको लिखित सरजमिन मुचुल्काबाट गाउँलेहरुले व्यक्तिगत रिसइविले त्यस्तो आरोप लगाएको, निजहरुबाट त्यस्तो काम नभएको, निजहरु निर्दोष रहेको भनी लेखी आएको । निजहरु मूर्तिया क्षेत्रमा कार्यरत रहेको अवधिको काठको आम्दानी खर्चको रेकर्डबाट समेत त्यति ठूलो परिमाणको काठ आम्दानी भएको नपाइएको । बयानको क्रममा निजहरुले अतिक्रमण नियन्त्रण तथा चोरी कटानी नियन्त्रण गर्ने कामको सिलसिलामा कसैलाई मर्का पर्न गयो होला, सोही रिसले झुट्ठा आरोप लगाएको हुनसक्छ, हामी यो कार्यमा संलग्न छैनौ भनी लिखित वयानमा उल्लेख समेत गरिसकेकाले निजहरुले काठ अन्यत्र लगी विक्री वितरण गरेको प्रमाणित हुने अवस्था नदेखिएको हुँदा यस सम्बन्धमा केही गरी रहनु पर्ने देखिएन ।

सुपरभाइजर दिपक प्रसाद न्यौपानेले २०६२, २०६३, २०६४ र २०६५ सालका र लेवर सुपरभाईजर भरत कुमार उदासले २०६१, २०६२, २०६३ र २०६४ सालमा ठूलो परिमाणमा विभिन्न टाँगिया वालीहरु उठाई भोगचलन एवं विक्री वितरण गरेको भन्ने सम्बन्धमा सागरनाथ वन विकास परियोजनामा प्राप्त प्रतिकृयामा परियोजनाले कुनै पनि गाउँलेहरुसँग टाँगिया वाली वापत केही पनि उठाउने नगरेको, टाँगिया वाली लगाउनेले विरुवा संरक्षणको जिम्मेवारी लिने, फिल्डमा कार्यरत सुपरभाईजर वा कुनै कर्मचारीबाट टाँगिया वाली उठाउने कार्य कहिले पनि हुने नगरेको, निज दुवै जना सुपरभाईजरहरुले कहि कतै कसैबाट कुनै किसिमको वाली उठाउने नगरेको, दुवै जना निर्दोष रहेको, निजहरुमाथि गाउँलेहरुले व्यक्तिगत रिसइवीले गर्दा त्यस्तो किसिमको आरोप लगाएको पाइएको भनी आयोगमा स्थानीय जनताहरुबाट भएको सरजमिन मुचुल्का समेत प्राप्त भएको । सुपरभाईजर दिपक प्रसाद न्यौपाने २०६३ र २०६४ सालमा मूर्तिया क्षेत्रमा कार्यरत रहेको नदेखिएको, निज २०६२ सालमा आश्विन २० गते मूर्तियाबाट सरुवा भई अन्यत्र गएको । २०६५ साल माघ २ गते पछि मात्र मूर्तियामा सरुवा भई गएको हुँदा सामान्यतयाः वाली उठाउने समयमा निज तहाँ कार्यरत नरहेको । लेवर सुपरभाईजर भरत कुमार उदास २०६१, २०६२,, २०६३ सालमा मूर्तिया क्षेत्रमा कार्यरत नै नरहेको, निज २०६४ सालमा कार्तिक महिनामा सरुवा भई मूर्तियामा गएको भएपनि टाँगिया वाली उठाउने क्रियाकलापका संलग्न भएको भन्ने अवस्था कहि कतैबाट नदेखिएको । साथै वन अतिक्रमण, वन विनास तथा सामुदायिक वन सम्बन्धी उच्च स्तरीय जाँचवुझ आयोगको प्रतिवेदन, २०६७ मा समेत सागरनाथ वन विकास परियोजनाका कुनै पनि कर्मचारीहरुमाथि कारवाहीका लागि सिफारिस भएको नपाइएकोले आयोगको मिति २०६८।३।२४ को निर्णयानुसार तामेलीमा राखिएको ।

८३. आयोगमा परेको उजूरी दर्ता नं.१८३४ मिति २०६७।८।१२ को जिल्ला स्वास्थ्य कार्यालय, तनहुँका जनस्वास्थ्य निरीक्षक चन्द्रमणि अधिकारीले आ.व. २०६५।०६६ मा हात्तिपाईले रोग नियन्त्रण, राष्ट्रिय स्वास्थ्य शिक्षा कार्यक्रम र निःशुल्क औषधि कार्यक्रमहरु संचालन नै नगरी रकम हिनामिना गरेको भन्ने समेत विषयको उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा, जिल्ला स्वास्थ्य कार्यालय, तनहुँका जनस्वास्थ्य निरीक्षक चन्द्रमणि अधिकारीले आ.व २०६५।०६६ मा हात्तिपाईले कार्यक्रम, राष्ट्रिय स्वास्थ्य शिक्षा कार्यक्रम र निःशुल्क औषधि कार्यक्रमहरु संचालन नै नगरी रकम हिनामिना गरेको भन्ने उजुरीको अनुसन्धान गर्दा, उक्त आ.ब.मा उक्तानुसारको कार्यक्रमहरु संचालन भएको देखियो । हात्तिपाईले रोग निवारण कार्यक्रमको लागि जन स्वास्थ्य अधिकृत चन्द्रमणी अधिकारीले तालिम र कार्यक्रम खर्च भनी

रु.२२,१७,०००।- पेश्की लिई खर्च गरी फछ्र्यौट भएको देखियो । उजुरीमा उल्लेख गरे अनुसार जन स्वास्थ्य अधिकृत चन्द्रमणी अधिकारीले स्वास्थ्य कर्मीहरुलाई खाली भ्रमण आदेश, बील भरपाई आदिमा सही छाप गर्न लगाएको प्रमाण नभेटीएको र कार्यक्रमको रकमबाट जिल्ला स्तरीय प्रशिक्षक तालिम संचालन गर्ने, स्वास्थ्यकर्मीहरुको अभिमूखिकरण तालिम कार्यका लागि सम्बन्धित स्वास्थ्य संस्था प्रमुख मार्फत रकम खर्च गरी कार्यक्रम संचालन गरेको कार्य नियमानुसार नै भएको देखिएकोले आयोगको मिति २०६८।३।२४ को निर्णयानुसार तामेलीमा राखिएको ।

८४. सिन्धुली जिल्लाको खनिया खर्क कमारे भन्ज्यांग सडक स्तरोन्नतिको लागि आह्वान गरिएको बोलपत्रको मूल्यांकनमा अनियमितता भएको विषयमा आयोगमा छलफल हुँदा, बोलपत्र मूल्यांकन समितिले राष्ट्र बैंकको मूल्य अनुसूची समावेश गरी मूल्यांकन गरी एशियाली विकास बैंकमा पठाइएकोमा बोलपत्र पुस्तिका (Tender Documents) मा उक्त कुरा उल्लेख नगरिएको कारण मूल्य अनुसूची (Price Index) लगाउन नमिल्ने भएकाले सो मूल्य अनुसूची प्रयोग नगरी पुनः मूल्यांकन गरी पठाउनु भनी एशियाली विकास बैंकबाट सहमति प्राप्तभए बमोजिम पुनः मूल्यांकन गरी सिफारिश गरिएका बोलपत्रहरु नियमानुसार भएको देखिएकोले आयोगको मिति २०६८।३।२४ को निर्णयानुसार तामेलीमा राखिएको ।

८५. मुगु जिल्लाको सदरमुकाम गमगढी देखि ताल्चा विमानस्थलसम्मको बाटो निर्माण गर्दा ड्रिलिप आयोजनाका प्रमुख लगायतले इष्टिमेट अनुसार बाटो नबनाई अनियमितता गरेको भन्ने विषयमा विस्तृत अनुसन्धान हुँदा, उक्त सडक निर्माण गर्दा ठेक्का पट्टाबाट भएका कामहरु ए.डि.बि. को खरिद निर्देशिका अनुसार सूचना प्रकाशित, मूल्यांकन समितिबाट सिफारिश जिल्ला विकास समितिको कार्यालयबाट स्वीकृत भै ए.डि.बि. को सहमति पश्चात् बोलपत्र सम्झौता भई काम सम्पन्न भै सोही अनुसार भुक्तानी भएको । उपभोक्ता मार्फत गर्नु पर्ने सडक खण्डमा जग्गा उपलब्ध गराउने विषयमा विवाद भई सम्पूर्ण काम हुन नसकेको र सोको भुक्तानी पनि नभएको देखिंदा आयोगको मिति २०६८।३।२४ को निर्णयानुसार तामेलीमा राखिएको ।

८६. जिल्ला विकास समितिको कार्यालय, कालिकोटबाट विकेन्द्रित ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत आह्वान गरिएको बोलपत्रमा अनियमितता भएको विषयमा परेको उजुरी उपर अनुसन्धान हुँदा, नियमानुसार बोलपत्रको मूल्यांकन भएको देखिएको हुँदा आयोगको मिति २०६८।३।२४ को निर्णयानुसार तामेलीमा राखिएको ।

८७. आयोगमा मिति २०६६।८।१ मा डडेल्धुरा ३६ लाखको लागतमा निर्माण गरिएको कारगार सुरक्षा वाल निर्माण गरेको महिना दिन मै भत्केको भन्ने समेत उजुरीका सम्बन्धमा विस्तृत अनुसन्धान हुँदा, फायल कागजातबाट डडेल्धुरा कारागारको सुरक्षा वालको निर्माण कार्य आर.बी. कन्स्ट्रक्सनका प्रो. राम बहादुर बिष्टबाट भएकोमा निर्माण कार्य सम्पन्न नहुंदैको अवस्थामा उत्तर तर्फको ३६ मीटर लामो सुरक्षा वाल भत्केको बिषयमा अनुसन्धान भैरहेको अवस्थामा हाल उक्त भत्किएको सुरक्षा वालको पुनः निर्माण कार्य ठेक्का सम्झौता अनुसार तोकिएको मापदण्ड र प्राबिधिकको निर्देशन बमोजिम साविककै निर्माण व्यवसायीबाट सरकारलाई थप आर्थिक व्ययभार नपारी सम्पन्न गरी सकेको भनी सहरी विकाश तथा भवन निर्माण विभाग डिभिजन कार्यालय डोटीको मिति २०६८।२।२६ र मिति २०६८।३।१७ को पत्र र जिल्ला प्रशासन कार्यालय डडेल्धुराको मिति २०६८।२।२९ को पत्रबाट लेखी

आएको, साथै सि.डी.ई. सरिता मास्के र एकराज अधिकारी समेतले सोही व्यहोराको निवेदन दिएको अवस्था देखिंदा उक्त भत्किएको डडेल्धुरा कारागारको सुरक्षा वालको पुनः निर्माण कार्य सरकारलाई थप आर्थिक व्ययभार नपारी ठेक्का सम्झौता बमोजिम समयावधी थपी साविककै निर्माण व्यवसायीबाट सम्पन्न गरी सकेकोले आयोगको मिति २०६८।३।२८ को निर्णयानुसार तामेलीमा राखिएको ।

८८. जिल्ला विकास समितिको कार्यालय रोल्पाद्वारा दारबोट कृषि सडक र लिवाङ्ग रेउघा मोटरबाटो स्तरोन्नति गर्ने कामको लागि आव्हान गरिएको बोलपत्रमा बोलपत्र दर्ता गर्न अवरोध सृजना गरी बोलपत्र दर्ता गर्न नदिएको भनी लक्ष्मी निर्माण सेवा दाङले दिएको उजुरीमा ठेक्का सम्झौता भई कार्यसम्पन्न समेत भई सकेको र बोलपत्र दर्ता गर्न नपाएको भनी सम्बन्धित लक्ष्मी निर्माण सेवा दाङले जि.वि.स.को साथै जिल्ला प्रशासन कार्यालयमा कुनै जानकारी गराएको नदेखिएकोले आयोगको मिति २०६८।३।२९ को निर्णयानुसार तामेलीमा राखिएको ।

८९. जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडका प्रवन्धक निर्देशक वीरेन्द्र कुमार दाशले ४००० मे. टन कागज खरिदमा अनियमितता गरेका, ए.सि. खरिद, सुरक्षण मेशिन प्रमाणिकरण तथा वांके नेपालगंजमा निर्मित क्षेत्रीय मुद्रणालय भवन लगायतमा अनियमतिता गरेको भनि पर्न आएका उजुरी उपर विस्तृत अनुसन्धान हुँदा, जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडले कागज खरिद गरेको विषयमा यस आयोगमा विस्तृत अनुसन्धान भइरहेको । अन्य विषयका हकमा अनियमतता भएको देखिन नआएकोले आयोगको मिति २०६८।३।२९ को निर्णयानुसार तामेलीमा राखिएको ।

९०. झुट्ठा विवरण पेश गरी नेपाली नागरिकता प्रमाणपत्र लिने भारतीय नागरिकलाई कारवाही गरी नागरिकता वदर गरी पाउँ भन्ने समेत विषयको मिति २०६७।३।११ को उजुरीको संवन्धमा अनुसन्धान हुँदा, निवेदकले उजुरी साथ भारत पूर्वी चंपारण प्रखण्ड सुगौली पंजियरवा ग्राम प्रादेशिक निर्वाचन क्षेत्र नं. ४ को मतदाता सूची, विहार सरकार जिल्ला निवनधन कार्यालय मोतिहारीमा मोघनाथ मिश्रबाट ई.सं.२००७।६।२७ मा भएको जग्गा कारोवार सम्वन्धी कागजको प्रमाणित प्रतिलिपि पेश गरेको देखिन्छ । उजुरीको आधारमा भूमिसुधार कार्यालय वाराबाट झिकाइएको प्राप्त फायल संलग्न कागजात हेर्दा मिति २०४४।११।१७ मा भूमिसुधार कार्यालय वारामा द.नं. २७२५ मा विक्री वितरणमा जग्गा पाउँ भनी मोदनाथ झाले दर्ता गराएको निवेदनमा बद्री मिश्रको छोरा मोदनाथ मिश्र भनी उल्लेख गरेको पाइएको । मिति २०४७।१।१६ मा र.नं. १३३ को रसिद भूमिसुधार कार्यालय वारामा काट्दा समेत मोदनाथ झाको आफ्नो नाम मोदनाथ मिश्र भन्ने खुलेको, मिति २०४४।११।१ मा भएको सर्जमिन मुचुल्कामा बद्रीनाथ मिश्रको छोरा मोदनाथ मिश्र भन्ने उल्लेख भएको । भूमिसुधार कार्यालय वाराको मिति २०४५।३।३१ को टिप्पणी आदेश पाना २, सि.नं.५मा मोदनाथ मिश्र उल्लेख भै मोदनाथ झाले आफ्नो थर मिश्र खुलाई स्वीकार गरेको देखिन्छ । उल्लेखित आधार प्रमाणलाई दृष्टिगत गर्दा मिति २०४६।१२।२७ मा मोदनाथ झाले प्राप्त गरेको नागरिकताको प्रमाणपत्र झुट्ठा विवरणको आधारमा प्राप्त गरेको भन्ने उजुरी पुष्टी हुने अवस्था देखिन आएको आरोपितको नागरिकताको सम्वन्धमा परेको उजुरी उपर मिति २०६५।२।१ मा जिल्ला प्रशासन कार्यालय वाराबाट निर्णय हुँदा पछि थप प्रमाणबाट विपक्षीहरु गैरनागरिक भनी खुल्न आएको अवस्थामा सोही रुपमा कानून वमोजिम कारवाही गर्ने गरी तत्काललाई कारवाही फायल तामेलीमा राखेको अवस्था

देखिएको । उल्लेखित आधार प्रमाणहरु समेतलाई दृष्टिगत गरी यसमा जे जो थप बुझ्नु पर्ने हो बुझी पुन यस विषयमा कारवाही गर्नु भनी गृह मन्त्रालयमा जिल्ला प्रशासन कार्यालयबाट प्राप्त भएको सक्कलै फायल सहित उजुरी र सो साथ प्राप्त प्रमाण कागजको प्रतिलिपिहरु पठाइदिने र भूमिसुधार कार्यालयबाट प्राप्त भएको फायल भूमिसुधार कार्यालयमा फिर्ता पठाई आयोगको मिति २०६८।३।२९ को निर्णयानुसार तामेलीमा राखिएको ।

९१. जिल्ला वन कार्यालय डोटीका जिल्ला वन अधिकृत कृष्ण दत्त भट्टले विभिन्न गैरकानूनी, अनियमित र भ्रष्टाचार गरेको भन्ने समेतका उजूरीहरु उपर विस्तृत अनुसन्धान हुँदा, अकूत सम्पत्ति छानविन सम्बन्धमा आयोगको २०६७।६।१० को निर्णयानुसार विशेष अनुसन्धान कार्यदलबाट कारवाही भैरहेको र अन्य विषयहरु सम्बन्धमा क्षेत्रीय प्रशासन कार्यालय, दिपायलको स्थलगत अध्ययन प्रतिवेदन, संकलित कागजात तथा स्पष्टिकरणहरु, आरोपी जिल्ला वन अधिकृत एवं निजले दवाव दिएको भनिएका सहायक वन अधिकृत प्रेमीलाल प्रसादको बयान समेतबाट अनियमित कार्यहरु भए गरेको देखिन नआएको । नेपाल सरकारद्वारा २०६७।४।२८ मा गठित वन अतिक्रमण, वन विनास तथा सामुदायिक वन सम्बन्धी उच्चस्तरीय आयोग, २०६७ ले समेत जिल्ला वन कार्यालय डोटी सम्बन्धमा छानविन एवं प्रतिकूल राय दिएको नपाइएकोले आयोगको मिति २०६८।३।२९ को निर्णयानुसार तामेलीमा राखिएको ।

९२. लोकसेवा आयोगको वि.नं.१०८२-२०६५।०६६ को शाखा अधिकृत पदमा भौतिक योजना तथा निर्माण मन्त्रालयमा नियुक्ति पाएका रमेश पाण्डेयले डि.भी.स्वीकार गरी अमेरिका गएको र नेपाल कमर्स क्याम्पस मिनभवनमा M.B.S. कक्षाको दिवा समूहमा अध्ययन गरेको भन्ने झुट्ठा विवरण पेश गरेकोले निजको नियुक्ति बदर गरी वैकल्पिक उम्मेदवारलाई नियुक्ति दिलाई पाउँ भन्ने समेत व्यहोराको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान हुँदा, निजामती किताबखानाबाट गई अभिलेख भिढाउँदा पहिले लिएको उपदान रकम रु.३५,१४२।- राजश्व खातामा फिर्ता जम्मा गराई निजामती सेवा नियमावली, २०५० को नियम १२३ को १ (क) र (ख) अनुसार नोकरी जोडिएको देखिनाले निजको अध्ययन विदा पाउन आवश्यक नोकरी अवधि पूरा भइसकेको अवस्था देखियो । निज हाल नेपालमै यसै पदमा सेवारत रहको देखिएको र गयल कट्टी तथा चेतावनी सम्मको विभागीय कार्यवाही समेत भई सकेको अवस्था देखिएकालेले आयोगको मिति २०६८।३।३१ को निर्णयानुसार तामेलीमा राखिएको ।

९३. जिल्ला विकास समितिको कार्यालय जुम्ला अन्तरगत विकेन्द्रीत ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन सुधार कार्यक्रम अन्तरगत कडारी-ताम्लि-टोप्ला ग्रामीण सडक निर्माणको लागि आह्वान गरिएको बोलपत्र मूल्यांकनमा अनियमितता भयो भनी परेको उजुरी उपर अनुसन्धान हुँदा, मूल्यांकन भई ठेक्का लगाएको देखिएकोले आयोगको मिति २०६८।३।३१ को निर्णयानुसार तामेलीमा राखिएको ।

९४. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदनमा वैध आयस्रोत भन्दा बढी सम्पत्ति भएकोले छानबिन हुनुपर्ने भनिएका तथा आयोगलाई अन्य स्रोतबाट प्राप्त भएका जानकारी एवं उजूरीहरू समेतबाट गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक जीवनस्तर व्यतित गरिरहेका भनिएका देहायका व्यक्तिहरूको सम्पत्ति तथा त्यसको स्रोत सम्बन्धमा छानबिन गर्न आयोगबाट विभिन्न मितिमा विभिन्न अनुसन्धान अधिकृत नियुक्ति

गरी अनुसन्धान अधिकृतबाट प्राप्त अनुसन्धान प्रतिवेदन अनुसार, आम्दानीका वैध स्रोतबाट प्राप्त रकमको अनुपातमा देहायका व्यक्तिहरूले आर्जन गरेको चल अचल सम्पत्ति तथा अन्य खर्चहरू समेतको हिसाब गर्दा निजहरूको स्रोत खुलेको आयको तुलनामा व्यय कम भएको अनुसन्धानबाट खुल्न आएको र निजहरू(देहायका व्यक्तिहरू)को कुल सम्पत्ति स्वाभाविक नै देखिन आई अमिल्दो र अस्वाभाविक जीवनस्तरयापन गरेको देखिन/खुल्न नआएकोले पछि अन्य थप प्रमाण प्राप्त हुन आएमा सोही बखत पुनः अनुसन्धान लगायत कानून बमोजिमका कारबाहीहरू हुने नै हुँदा हाल भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम देहायका व्यक्तिहरूको अनुसन्धान कारबाहीको फायल तामेलीमा राखिएको छ ।

क्र. सं.	आयोगको निर्णय मिति	नाम, थर	साविक पद	साविक कार्यालय	कैफियत
१.	२०६७।४।२३	यादव प्रसाद ढुङ्गेल	तत्कालिन ओ.सी. (हाल इन्जिनियर)	सडक विभाग अन्तर्गत, जिल्ला सडक कार्यालय, तनहुँ,दमौली	आ.व. ०६६।६७ सम्म आय रु.३४,३२,५४७।- व्यय रु.१९,७०,५४३।- (व्यय मध्ये बैंक मौज्दात रु.१६,३२,५४३।- मात्र)।
२.	२०६७।५।३	भिमार्जुन कँडेल	इन्जिनियर	सडक विभाग	आय रु.९७,२३,९७८।- व्यय रु.३३,०५,९५७।- (व्यय मध्ये बैंक मौज्दात रु.९४,९२८।- मात्र)
३.	२०६७।५।१५	दिनानाथ ढकाल	तत्कालिन ना.सु. (हाल शा.अ.)	आन्तरिक राजश्व कार्यालय विराटनगर	आय रु. २८,३६,७५८। व्यय रु. १७,३३,२७३। (व्यय मध्ये बैंक मौज्दात रु.१,८३,२२३।- मात्र ।)
४.	२०६७।५।२०	दामोदर नेपाल	तत्कालिन असिष्टेन्ट केमिष्ट (रा. प.अन.प्रथम)	राष्ट्रिय औषधि प्रयोगशाला	आय रु. १२,८६,३३५।- व्यय रु. रु.५१,०००।- (व्यय मध्ये बैंक मौज्दात रु. ४३,०००।- मात्र)
५.	२०६७।५।२०	चक्र बहादुर श्रेष्ठ	ना.सु. पदमा कार्यरत	हुलाक सेवा विभाग	आय रु. ३५,९९,८६८।- व्यय रु. ३५,७८,६१७।- (व्यय मध्ये बैंक मौज्दात रु....X.....। नगद मौज्दात रु. ६०,०००।- मात्र)
६.	२०६७।५।२३	खगेश्वर ओझा	तत्कालिन ओ.सी. (हाल इन्जिनियर)	सडक विभाग	आय रु.४७,२२,४८०।९० व्यय रु.३८,८३,१७४।६३

					(व्यय मध्ये बैंक मौज्दात रु.६१,०००।- मात्र)
७.	२०६७।६।३	सत्यनारायण मण्डल	सर्वेक्षक	जिल्ला नापी कार्यालय, धनुषा	आय रु.५६,८७,५८४।- व्यय रु.४०,४६,४८६।- (व्यय मध्ये बैंक मौज्दात रु. २,४६८। मात्र)
८.	२०६७।६।३	शभ्मु प्रसाद कोइराला	शा.अ. (विशेष)	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	आय रु. १४,९१,७५०।- व्यय रु. १२,८५,०००।- (व्यय मध्ये बैंक मौज्दात रु.....X .....)
९.	२०६७।६।१२	विकासराज खनाल	प्रहरी नायव उपरीक्षक	जिल्ला प्रहरी कार्यालय बाग्लुङ्ग प्रहरी प्रधान कार्यालय	आय रु. ५७,३९,९२१। व्यय रु. ५३,३३,६९५। (व्यय मध्ये बैंक मौज्दात रु. १,५६,६९५। तथा २० तोला बराबरको सुनको गरगहना मात्र)
१०.	२०६७।६।१२	विनिता पाण्डे	राजपत्रांकित तृतिय श्रेणी (विशेष) सहायक वन अधिकृत	जिल्ला वन कार्यालय, भक्तपुर	आय रु.९१,१८,३१३।६५ व्यय रु.४७,१७,७४४।६८।- (व्यय मध्ये बैंक मौज्दात रु. ९५,०००।-मात्र)
११.	२०६७।६।१३	शोभाकर पौडेल	इन्जिनियर (विशेष)	सिंचाई विकास डिभिजन जुम्ला	आय रु. ४१,३४,४८१।- व्यय रु. ३५,०२,८८१।- (व्यय मध्ये बैंक मौज्दात रु. ३८,८३४।- मात्र)
१२.	२०६७।८।५	सोभितलाल यादव	इन्जिनियर (विशेष)	जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन नं. ३ बारा	आय रु. १८,२८,७४०।- व्यय रु. ७,०१,५००।- (व्यय मध्ये बैंक मौज्दात रु. ११,५००।- र नगद रु. ६५,०००।- मात्र)
१३.	२०६७।८।५	रामप्रसाद कोइराला	ना.सु.	गृह मन्त्रालय अन्तर्गतका	आय रु. ६९,९७,२८९।- व्यय रु.३२,८९,८८५।- (व्यय मध्ये बैंक मौज्दात रु.....X .....)

१४.	२०६७।८।१६	प्रभात कुमार ज्ञवाली	उपप्रशासक	गुठी संस्थान	आय रु. ३६,९५,६३५।- व्यय रु.२९,०७,८१४।- (व्यय मध्ये बैंक मौज्दात रु. २,४८,०८०।- मात्र)
१५.	२०६७।९।५	मनोजवरसिंह थापा	प्रहरी निरिक्षक	राष्ट्रिय सतर्कता केन्द्र	आय रु.१,१९,,५०,८७०।- व्यय रु. ३७,७६,०००।- (व्यय मध्ये बैंक मौज्दात रु. ४७,०००।- मात्र)
१६.	२०६७।९।१२	परशुराम वस्नेत	नायव सुव्वा पदमा कार्यरत (हाल अवकाश प्राप्त)	पूर्वाञ्चल सिंचाई विकास डिविजन नं. २ सुनसरी	आय रु.१,०७,१९,१४०।- व्यय रु. १,०६,४०,११३।- (व्यय मध्ये बैंक मौज्दात रु. ५०,५७३।- मात्र)
१७.	२०६७।९।१९	विष्णु प्रसाद श्रेष्ठ	ओभरसियर हाल इन्जिनियर	स्थानीय विकास मन्त्रालय अन्तर्गत हाल, भौतिक योजना मन्त्रालय अन्तर्गत	आय रु. २७,६९,८०३।- व्यय रु.१८,००,५००।- (व्यय मध्ये बैंक मौज्दात रु.....[X] ....)
१८.	२०६७।९।१९	कृष्ण प्रसाद शर्मा	प्रहरी निरिक्षक	नेपाल प्रहरी, प्रहरी प्रधान कार्यालय	आय रु.४०,८७,७६४।- व्यय रु. २२,७६,०००। (व्यय मध्ये बैंक मौज्दात रु.....[X] ....)
१९.	२०६७।९।२७	अर्जुनकुमार चौधरी	मेकानिकल ओभरसियर	यातायात व्यवस्था विभाग अन्तर्गत	आय रु. १०,४३,५७८।- व्यय रु. १०,३६,७६८।- (व्यय मध्ये बैंक मौज्दात रु. ८,३५,१६८।- मात्र)
२०.	२०६७।१०।६	अर्जुन यादव	इन्जिनियर	सडक विभाग अन्तरगत डिभिजन कार्यालय नेपालगंज	आय रु. ३२,७७,२२४।- व्यय रु. ६,०८,०००।- (व्यय मध्ये बैंक मौज्दात रु....[X] ....।)
२१.	२०६७।१०।६	युवराज राई	लेखापाल	धनकुटा नगरपालिका	आय रु. २४,६२,६१८।- व्यय रु. ९,९३,०००।- (व्यय मध्ये बैंक मौज्दात रु.....[X] .....)
२२.	२०६७।१०।११	गोपालप्रसाद खकुरेल	ओभरसियर	सडक विभाग र अन्तरगत	आय रु. ५८,३९,११६।- व्यय रु. ५७,४३,७८७।- (व्यय मध्ये बैंक

					मौज्दात रु. ३१,५२,२००।- मात्र)
२३.	२०६७।१०।११	विनोद प्रसाद पोखरेल	ना.सु.	मालपोत कार्यालय, झापा	आय रु. ४३,८०,६१६।- व्यय रु. ४१,४९,४८४। (व्यय मध्ये बैंक मौज्दात रु. १३,४७,४१७।- मात्र)
२४.	२०६७।१०।१३	मणिराज प्रधान	तत्कालिन शाखा अधिकृत (हाल अवकास प्राप्त)	मोरङ जिल्ला अदालत	आय रु. ७४,४३,९८१।- व्यय रु. ७२,७६,९४८।- (व्यय मध्ये बैंक मौज्दात रु. ३८,७८०।- मात्र)
२५.	२०६७।१०।१४	ध्रुवबहादुर चन्द	ओभरसियर (हाल इन्जीनियर)	सडक विभाग अन्तर्गत	आय रु. १६,४२,२६८।- व्यय रु. १०,६४,६३५। मध्ये बैंक मौज्दात रु. ११,६३५।- मात्र)
२६.	२०६७।१०।१४	शुभनारायण राय यादव	ना.सु.	जिल्ला विकास समितिको कार्यालय सर्लाही	आय रु. २०,५८,४५८। व्यय रु. १३,०६,८४७ (व्यय मध्ये बैंक मौज्दात रु. १७,६४५। मात्र ।)
२७.	२०६७।१०।१९	विष्णु प्रसाद पाण्डे	ना.सु. पदबाट अवकास प्राप्त	आन्तरिक राजस्व कार्यालय क्षेत्र.नं. ३ काठमाडौं	आय रु. ५३,६८,४८२।- व्यय रु. ४९,८२,५९२। (व्यय मध्ये बैंक मौज्दात रु. १६,४०,९९२।- मात्र)
२८.	२०६७।१०।२०	सुरेन्द्र भण्डारी	कुमारी बैंक लिमिटेडको तत्कालिन प्रमुख कार्यकारी अधिकृत	हाल सिद्धार्थ बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत	आय रु. १६,६३,१४,७२०। व्यय रु. ८,७६,३१,८३७ (व्यय मध्ये बैंक मौज्दात रु. १५,०८,९३७- मात्र) ।
२९.	२०६७।१०।२०	सान्टु श्रेष्ठ	संचालक	कुमारी बैंक लिमिटेड (तत्कालिन संचालक)	आय रु. ३,८६,१४,१४५। व्यय रु.रु.३,८४,९६,७८८।- (व्यय मध्ये बैंक मौज्दात रु. १२,८५,२३८।- मात्र ।)

३०.	२०६७।११।१	पुष्कर्राज आचार्य	ना.सु.	यातायात व्यवस्था कार्यालय, लुम्बिनी बुटवल, (हाल जिल्ला हुलाक कार्यालय दाङ)	आय रु. २८,५३,४७६। व्यय रु. २४,०७,२६१।७२ (व्यय मध्ये बैंक मौज्दात रु. ३१,७७५।७२।-र सुन खरिद १,९७,७२४। मात्र ।)
३१.	२०६७।११।१७	मनराज बस्ती	इन्जिनियर (विशेष)	जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय भरतपुर	आय रु. १७,१८,९४८।- व्यय रु. १५,८३,९८८।- (व्यय मध्ये बैंक मौज्दात रु. ५०,४५२।- मात्र)
३२.	२०६७।११।१७	शिवजी राज विष्ट	खरिदार	त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय	आय रु. १४,४५,०२३।- व्यय रु. १२,५२,०००।- (व्यय मध्ये बैंक मौज्दात रु. .....X .....।)
३३.	२०६७।१२।७	बाल मुकुन्द खनाल	लेखापाल	काठमाण्डौ उपत्यका नगर विकास योजना कार्यान्वयन समिति, ललितपुर	आय रु.१७,५२,५२६।७६ व्यय रु.१७,५२,५२६।७६ (व्यय मध्ये बैंक मौज्दात रु.११,८६,५२६।७६ मात्र)
३४.	२०६७।१२।१०	सुवास के.सी.	प्रहरी हवल्दार	सीमा प्रहरी चौकी मानेभन्ज्याङ दरवन्दी भइ मेची अन्चल प्रहरी कार्यालय भद्रपुरमा कार्यरत	आय रु. ७,९९,६७०।- व्यय रु. ७,०९,०००।- (व्यय मध्ये बैंक मौज्दात रु. १,००,०००।- मात्र)
३५.	२०६७।१२।१५	प्रमोद पोखरेल	मे.सु. (रा.प.अनं. प्रथम, प्रा.)	नारायणी यातायात व्यवस्था कार्यालय	आय रु.७०,२८,०७२।६४ व्यय रु.५६,२८,८८२।४५ (व्यय मध्ये बैंक मौज्दात रु. ४१,२००।- मात्र)
।३६.	२०६७।१२।१५	दीपक कुमार दास	प्र.जि. इन्जिनियर	जिल्ला प्राविधिक कार्यालय रौतहट	आय रु. १,२३,५८,६२९।- व्यय रु. ८०,९२,१४२। (व्यय मध्ये बैंक मौज्दात रु. ....X .....)
३७.	२०६७।१२।२४	मुरारी प्रसाद कोइराला	पूर्व नापी निरिक्षक	नापी विभाग अन्तरगत	आय रु.२,७३,७८,७३०।३५ व्यय

					रु.२,६८,८६,०५२।१५ (व्यय मध्ये बैंक मौज्दात रु ८,६५३।१० मात्र)
३८.	२०६७।१२।२४	सुवोध कुमार खनाल	शाखा अधिकृत	भू-सूचना तथा अभिलेख विभाग, काठमाडौं	आय रु. ,१८,०७,०५०।- व्यय रु. ९९,९३,०८२।- (व्यय मध्ये बैंक मौज्दात रु. २,७३,४३८।- मात्र)
३९.	२०६८।१।१४	दिनेशलाल श्रेष्ठ	उप अनुसन्धान निर्देशक	राष्ट्रिय अनुसन्धान विभाग	आय रु. १७,८७,०७९। व्यय रु.१४,०८,७००।- (व्यय मध्ये बैंक मौज्दात रु. ८०,७००।- मात्र)
४०.	२०६८।१।२६	केशवराज भट्ट	आयोजना निर्देशक	नेपाल विद्युत प्राधिकरण अन्तर्गत चमेलिया जल विद्युत आयोजना	आय रु.१,००,१८,९६७- व्यय रु. ८१,३८,६७५।- (व्यय मध्ये बैंक मौज्दात रु. २१,२०,८७६। सुन खरिद ४८०००। मात्र)
४१.	२०६८।१।३०	विष्णुबहादुर कार्की	तत्कालिन सहायक वन अधिकृत	जिल्ला वन कार्यालय, काठमाडौं	आय रु. १,३४,१३,७६०।- व्यय रु.१,२६,५०,०९९।- (व्यय मध्ये बैंक मौज्दात रु.....X .....)
४२.	२०६८।२।६	अमृत प्रसाद कायष्ठ	प्रमुख कर अधिकृत	आन्तरिक राजश्व कार्यालय, मकवानपुर	आय रु. ९०,९९,८९७- व्यय रु. ५४,९२,७४०। (व्यय मध्ये बैंक मौज्दात रु. ३,४६,७८०। सुन खरिद रु.२,२४,०००।- मात्र)
४३.	२०६८।२।६	बसन्त कुमार बोगटीले	सशस्त्र प्रहरी नायब उपरिक्षक	सशस्त्र प्रहरी प्रधान कार्यालय अन्तर्गत कार्यरत	आय रु. ५८,४६,५१९। व्यय रु. ३७,८५,८५३।७५ (व्यय मध्ये सुन खरिद रु .२,४०,०००।.- बैंक मौज्दात रु. १४,९०४।६२ मात्र)
४४.	२०६८।२।६	चोलराज पोखरेल	शाखाअधिकृत (रा.प.तृ.)	पूर्वाञ्चल क्षेत्रीय वन तालिम	आय रु. २८,६७,७३२। व्यय रु. २१,५३,००७।

				केन्द्र, विराटनगर	(व्यय मध्ये बैंक मौज्दात रु ४,४२,१०७। मात्र)
४५.	२०६८।३।३	जीत गोविन्द महर्जन	तत्कालिन ना.सु.	जिल्ला अदालत काभ्रेपलाञ्चोक	आय रु. १३,०६,६२२।-। व्यय रु. १४३७७१। (व्यय मध्ये बैंक मौज्दात रु.....X .....)
४६.	२०६८।३।३	मेघनाथ थपलियाले	ईन्जिनियर (तत्कालिन ओ.सी.)	सडकविभागअन्तरगत	आय रु.९९,२५,६८४।९९ व्यय रु.७८,९६,८६४।६४ (व्यय मध्ये बैंक मौज्दात रु. १,१७,७३३।६६ मात्र)
४७.	२०६८।३।२८	डा.डिल्लीराज अर्याल	निर्देशक पदमा कार्यरत	सामान्य प्रशासन मन्त्रालय अन्तर्गत	आय रु. ४३,७९,४५७।- व्यय रु. १६,०१,७४५। (व्यय मध्ये बैंक मौज्दात रु. १,५०,०००। मात्र)
४८.	२०६८।३।२८	विष्णु सुवेदी	तत्कालिन अमिन	नापी विभाग अन्तर्गत	आय रु.९३,०२,५८४।६६ व्यय रु. ६५,८६,७५०।१५ (व्यय मध्ये बैंक मौज्दात रु. २,७३,०९८।६५ मात्र ।)
४९.	२०६८।३।२८	कृष्णप्रसाद भट्ट	रेञ्जर	जिल्ला वन कार्यालय, पर्वत	आय रु. १८,६५,३४८। व्यय रु. ११,२१,७९३।- (व्यय मध्ये बैंक मौज्दात रु. १०,३९८। मात्र ।)

परिच्छेद – १५
आयोगका अन्य गतिविधि

क) अन्तर्राष्ट्रिय सभा सम्मेलन तथा अध्ययन भ्रमण :

१. सन् २०१० को अगस्ट २४ देखि २५ सम्म फिलिपिन्सको राजधानी मनिलामा संचालित ADB को Regional Technical Assistance (RETA) Programme अन्तरगत Asian Ombudsman Association Regional Conference मा आयोगका सचिव श्री भगवति कुमार काफ्लेको सहभागीता रहेको थियो ।

२. सन् २०१० को सेप्टेम्वर ११ देखि १७ सम्म चीनको वेइजिङमा संचालित Corruption Prevention Workshop among Developing Countries विषयक कार्यशालामा आयोगका सचिव श्री भगवति कुमार काफ्ले र सहन्यायाधिवक्ता श्री बलराम शर्माको सहभागीता रहेको थियो ।

३. सन् २०१० को सेप्टेम्वर २३ देखि २४ सम्म मलेसियाको राजधानी क्वालालम्पुरमा संचालित 15th Steering Group Meeting and Regional Seminar on the Criminalization on Bribery आयोगका सचिव श्री भगवति कुमार काफ्लेको नेतृत्वमा राष्ट्रिय सतर्कता केन्द्रका प्रमुख श्री ताना गौतम र सहसचिव श्री कृष्णप्रसाद ढुंगाना र प्र.ना.म.नि.श्री प्रतापसिंह थापाको सहभागीता रहेको थियो ।

४. सन् २०१० को नोभेम्वर १० देखि १३ सम्म थाईल्याण्डको राजधानी वैंककमा संचालित 14th International Anti-Corruption Conference र नोभेम्वर २-५, २०१० मा चीनको मकाउमा संचालित 4th International Association of Anti-Corruption Authorities Annual Conference and General Meeting मा आयोगका सचिव श्री भगवति कुमार काफ्लेको नेतृत्वमा सह सचिव श्री कृष्णप्रसाद ढुंगाना र प्र.ना.म.नि.श्री प्रतापसिंह थापाको सहभागीता रहेको थियो ।

५. सन् २०१० को डिसेम्वर ६ देखि ८ सम्म अमेरिकाको वाशिंटनमा संचालित Conference on Joining Forces to Combat Transnational Bribery विषयक कार्यक्रममा आयोगका सचिव श्री भगवति कुमार काफ्लेको सहभागीता रहेको थियो ।

(ख) आन्तरिक गतिविधिहरू :

(अ) अन्तरक्रिया र गोष्ठी :

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार तथा अनुचित कार्य सम्बन्धी उजुरीहरुमा अनुसन्धान गरी कारवाही गर्ने गराउने दण्डात्मक, निरोधात्मक कार्यका साथै प्रवर्द्धनात्मक कार्यलाई समेत उत्तिकै महत्व दिई विभिन्न क्षेत्र र जिल्लाहरुमा अन्तरक्रिया, गोष्ठी, तालिम तथा सामुदायिक शिक्षा जस्ता कार्यहरु संचालन गर्दै

आएको छ । यसै सन्दर्भमा आ.व.२०६७/०६८ मा निम्नानुसारका अन्तरक्रिया/गोष्ठी सम्पन्न भएका छन् :

१. मिति २०६७ माघ ८ गते दोलखा जिल्लामा आयोगकका सचिव श्री भगवति कुमार काफ्लेको नेतृत्वमा राष्ट्रिय सतर्कता केन्द्रका सचिव श्री ताना गौतम, वन तथा भू-संरक्षण मन्त्रालयका सचिव श्री युवराज भुषाल र सिंचाई मन्त्रालयका सचिव श्री उमाकान्त झा लगायत आयोगका शाखा अधिकृत श्री पुरुषोत्तम अधिकारी र ना.सु.श्री द्रोणप्रसाद खनालको संयुक्त टोलीले जिल्लाका सरकारी कार्यालयको अनुगमन गर्नुका साथै आयोगका सचिव श्री भगवति कुमार काफ्लेद्वारा भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग एवं स्थानीय निकायको भूमिका विषयमा प्रकाश पार्नु भएको थियो ।

उक्त कार्यक्रममा जिल्लाका सरकारी कार्यालयका कार्यालय प्रमुखहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, संघ संस्थाका प्रमुख एवं प्रतिनिधिहरु, नागरिक समाज, पत्रकार, उद्योग वाणिज्य संघ, कानून व्यवसायी, समाजसेवी, बुद्धिजीवी एवं सर्वसाधारणको सहभागीता रहेको थियो । कार्यक्रमको अध्यक्षता प्रमुख जिल्ला अधिकारी श्री गणेशप्रसाद भट्टराईले गर्नुभएको थियो ।

२. मिति २०६७ माघ ९ गते आयोगका सहसचिव श्री कृष्ण प्रसाद ढुंगानाको नेतृत्वमा उपसचिव श्री कृष्णहरि देवकोटा, लेखा अधिकृत श्री भीमप्रसाद त्रिताल समेतको संयुक्त टोलीले वर्दियाको गुलरियामा भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका विषयमा अन्तरक्रिया कार्यक्रम एवं सामुदायिक शिक्षाका साथै सहायकस्तरका कर्मचारीहरुका लागी भ्रष्टाचार नियन्त्रण र अनुसन्धान प्रकृया विषयक तालिम समेत सम्पन्न गरेको थियो ।

३. मिति २०६७ फागुन २० गते आयोगका सहन्यायाधिवक्ता श्री वलराम शर्मा सुवेदीको नेतृत्वमा शाखा अधिकृत श्री रामप्रसाद आचार्यको टोलीद्वारा जिल्लाका सरकारी कार्यालयका कार्यालय प्रमुखहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, संघ संस्थाका प्रमुख एवं प्रतिनिधिहरु, नागरिक समाज, पत्रकार, उद्योग वाणिज्य संघ, कानून व्यवसायी, समाजसेवी, वुद्धिजिवी एवं सर्वसाधारण समेतको व्यापक सहभागीतामा लमजुङ जिल्लामा भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम एवं सामुदायिक शिक्षाका साथै सहायकस्तरका कर्मचारीहरुका लागी भ्रष्टाचार नियन्त्रण र अनुसन्धान प्रकृया विषयक तालिम समेत सम्पन्न गरेको थियो ।

४. मिति २०६७ फागुन २३ गते आयोगका सहसचिव श्री ईश्वरीप्रसाद पौड्यालको नेतृत्वमा आयोगका शाखा अधिकृत श्री पुरुषोत्तम अधिकारी र विद्यालय निरीक्षक श्री हिरासिंह भण्डारीको संयुक्त टोलीले कास्की जिल्लाका सरकारी कार्यालयको अनुगमन गर्नुका साथै पोखरामा भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान अयोग एवं स्थानीय निकायको भूमिका विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । आयोगका सहसचिव श्री ईश्वरीप्रसाद पौड्यालले प्रस्तुत गर्नु भएको कार्यपत्र सहितको अन्तरक्रिया

कार्यक्रमको अध्यक्षता कास्की जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री शम्भुप्रसाद कोईरालाले गर्नु भएको थियो । कार्यक्रमको प्रमुख आतिथ्यता पश्चिमाञ्चल विकास क्षेत्रका क्षेत्रीय प्रशासक श्री अर्जुन भण्डारीले गर्नु भएको थियो ।

उक्त कार्यक्रममा क्षेत्र एवं जिल्लाका सरकारी कार्यालयका कार्यालय प्रमुखहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, संघ संस्थाका प्रमुख एवं प्रतिनिधिहरु, नागरिक समाज, पत्रकार, उद्योग वाणिज्य संघ, कानून व्यवसायी, समाजसेवी, बुद्धिजीवी एवं सर्वसाधारणको सहभागीता रहेको थियो ।

५. मिति २०६८ वैशाख २१ गते आयोगका उपसचिव श्री केशवप्रसाद धिमिरेको नेतृत्वमा उपसचिव श्री झलकराम अधिकारीको टोलीले धादिङ जिल्लाका सरकारी कार्यालयका कार्यालय प्रमुखहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, संघ संस्थाका प्रमुख एवं प्रतिनिधिहरु, नागरिक समाज, पत्रकार, उद्योग वाणिज्य संघ, कानून व्यवसायी, समाजसेवी, वुद्धिजिवी एवं सर्वसाधारण समेतको व्यापक सहभागीतामा धादिङ जिल्लामा भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग एवं स्थानीय निकायको क्रियासिलता विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको थियो । सोहि अवसरमा धादिङ जिल्लामा सामुदायिक शिक्षाका साथै सहायकस्तरका कर्मचारीहरुका लागी भ्रष्टाचार नियन्त्रण र अनुसन्धान प्रकृया विषयक तालिम समेत सम्पन्न भएको थियो ।

६. मिति २०६८ वैशाख २७ गते आयोगका सहन्यायाधिवक्ता श्री बलराम शर्मा सुवेदीको नेतृत्वमा शाखा अधिकृत श्री रामप्रसाद आचार्यको टोलीले नवलपरासी जिल्लाका सरकारी कार्यालयका कार्यालय प्रमुखहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, संघ संस्थाका प्रमुख एवं प्रतिनिधिहरु, नागरिक समाज, पत्रकार, उद्योग वाणिज्य संघ, कानून व्यवसायी, समाजसेवी, वुद्धिजिवी एवं सर्वसाधारण समेतको व्यापक सहभागीता जिल्लामा भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम एवं सामुदायिक शिक्षाका साथै सहायकस्तरका कर्मचारीहरुका लागी भ्रष्टाचार नियन्त्रण र अनुसन्धान प्रकृया विषयक तालिम समेत सम्पन्न गरेको थियो ।

७. मिति २०६८ असार ६ गते डडेल्धुरा जिल्लामा आयोगका उपसचिव श्री केशवप्रसाद घिमिरेको नेतृत्वमा खटिएको टोलीद्वारा जिल्लास्थित कार्यालयका कार्यालय प्रमुख, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, नागरिक समाज, बुद्धिजीवी, समाजसेवी, शिक्षक, विद्यार्थी, पत्रकार लगायत भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधिहरूको संयुक्त सहभागितामा भ्रष्टाचार नियन्त्रणमा साझा दायित्व विषयक अन्तरक्रिया एवं सामुदायिक शिक्षाका साथै सहायकस्तरका कर्मचारीहरुका लागी भ्रष्टाचार नियन्त्रण र अनुसन्धान प्रकृया विषयक तालिम समेत सम्पन्न गरेको थियो ।

८. मिति २०६८ असार ७ गते दैलेख जिल्लामा आयोगका सहसचिव श्री कृष्णप्रसाद ढुंगानाको नेतृत्वमा खटिएको टोलीद्वारा जिल्लास्थित कार्यालयका कार्यालय

प्रमुख, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, नागरिक समाज, बुद्धिजीवी, समाजसेवी, शिक्षक, विद्यार्थी, पत्रकार लगायत भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधिहरूको संयुक्त सहभागितामा भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग एवं स्थानीय निकायको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गर्नुका साथै सहायकस्तरका कर्मचारीहरूलाई भ्रष्टाचार र अनुचित कार्यसम्बन्धी अनुसन्धान एवं छानबिन प्रक्रिया सम्बन्धी तालिम एवं सामुदायिक शिक्षा कार्यक्रम सम्पन्न गरेको थियो ।

९. मिति २०६८ असार ८ गते रसुवा जिल्लामा आयोगका उपसचिव श्री कृष्णप्रसाद पौडेलको नेतृत्वमा खटिएको टोलीद्वारा जिल्लास्थित कार्यालयका प्रमुख, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, नागरिक समाज, वुद्धिजिवी, समाजसेवी, शिक्षक, विद्यार्थी, पत्रकार लगायत भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधिहरूको संयुक्त सहभागितामा भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग एवं स्थानीय निकायको भूमिका विषयक अन्तरक्रिया, सहायक स्तरका कर्मचारीहरुका लागी भ्रष्टाचार र अनुचित कार्यसम्बन्धी अनुसन्धान एवं छानबिन प्रक्रिया सम्बन्धी तालिम एवं सामुदायिक शिक्षा कार्यक्रम सम्पन्न गरेको थियो ।

१०. मिति २०६८ असार १५ गते चितवन जिल्लामा आयोगका सहन्यायाधिवक्ता श्री बलराम शर्मा सुवेदीको नेतृत्वमा खटिएको टोलीद्वारा जिल्लास्थित कार्यालय प्रमुख, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, नागरिक समाज, वुद्धिजिवी, समाजसेवी, शिक्षक, विद्यार्थी, पत्रकार लगायत भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधिहरूको संयुक्त सहभागितामा भ्रष्टाचार नियन्त्रणमा साझा दायित्व विषयक अन्तरक्रियाका साथै सामुदायिक शिक्षा कार्यक्रम सम्पन्न गरेको थियो ।

११. मिति २०६८ असार १७ गते काभ्रेपलाञ्चोक जिल्लामा आयोगका सहसचिव श्री ईश्वरीप्रसाद पौड्यालको नेतृत्वमा खटिएको टोलीद्वारा जिल्लास्थित कार्यालय प्रमुख, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, नागरिक समाज, बुद्धिजीवी, समाजसेवी, शिक्षक, विद्यार्थी, पत्रकार लगायत भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधिहरूको संयुक्त सहभागितामा भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग एवं स्थानीय निकायको भूमिका विषयक अन्तरक्रिया, सहायक स्तरका कर्मचारीहरुका लागी भ्रष्टाचार र अनुचित कार्यसम्बन्धी अनुसन्धान एवं छानबिन प्रक्रियासम्बन्धी तालिमका साथै सामुदायिक शिक्षा कार्यक्रम सम्पन्न गरियो ।

१२. मिति २०६८ असार १७ गते कपिलवस्तु जिल्लामा आयोगका सहन्यायाधिवक्ता श्री बलराम शर्मा सुवेदीको नेतृत्वमा खटिएको टोलीद्वारा जिल्लास्थित कार्यालय प्रमुख, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, नागरिक समाज, बुद्धिजीवी, समाजसेवी, शिक्षक, विद्यार्थी, पत्रकार लगायत भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधिहरूको संयुक्त सहभागितामा भ्रष्टाचार नियन्त्रण साझा दायित्व विषयक अन्तरक्रिया र सहायक स्तरका कर्मचारीहरुका लागी भ्रष्टाचार

र अनुचित कार्यसम्बन्धी अनुसन्धान एवं छानबिन प्रक्रिया सम्बन्धी तालिम सम्पन्न भएको थियो ।

१३. सम्माननीय राष्ट्रपति डा. रामवरण यादवको प्रमुख आतिथ्यतामा सम्माननीय प्रधानमन्त्री झलनाथ खनाल, सम्माननीय संविधान सभा अध्यक्ष सुवासचन्द्र नेम्वाङ तथा सम्माननीय प्रधान न्यायाधीश रामप्रसाद श्रेष्ठ लगायतका विशिष्ट व्यक्तित्वहरूको समुपस्थितिमा आयोगको सभाहलमा मिति २०६७ माघ २८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना दिवस विविध कार्यक्रमका साथ सम्पन्न भएको थियो । आयोगका सचिव भगवति श्री कुमार काफ्लेको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले आयोगद्वारा प्रकाशित स्मारिकाको विमोचन गर्नुका साथै आयोगका पूर्वआयुक्त श्री वेदप्रसाद सिवाकोटीलाई दोसल्ला ओढाई सम्मान गर्नुभएको थियो ।

सोही अवसरमा क्षेत्रीय प्रशासन कार्यालय र जिल्ला प्रशासन कार्यालयहरूमा समेत विविध कार्यक्रमका साथ अख्तियार स्थापना दिवस मनाईएको थियो ।

१४. मिति २०६७ फागुन २२ र २३ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोग र PAAN (Public Administration Association of Nepal) को सहकार्यमा पश्चिमाञ्चल विकास क्षेत्र अन्तरगतका विभिन्न जिल्लाका स्थानीय निकायको लेखा एवं जिन्सी शाखामा कार्यरत कर्मचारीहरु वीच पोखरामा ''सुशासनका सन्दर्भमा भ्रष्टाचार नियन्त्रण'' विषयक प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।

१५. मिति २०६८ असार २२ गते आयोगको सभाहलमा जनवादी गणतन्त्र चीनका Vice Minister of Supervision and Vice Director of the National Bureau of Corruption Prevention of China का Mr.Qu.Wanxiang को नेतृत्वमा आएको ६ सदस्यीय प्रतिनिधि मण्डलका वीच आयोगको गतिविधि वारे छलफल एवं अन्तरक्रिया सम्पन्न भएको थियो । सो अवसरमा भ्रष्टाचार नियन्त्रण गर्ने सबालमा दुवै राष्ट्रबीच सहकार्य गर्ने प्रतिबद्धता जनाइएको थियो ।

१६. मिति २०६८ असार २५ र २६ गते आयोग र मिर्मिरे मिडिया क्लबको सहकार्यमा निजी एवं सरकारी बैंक र वित्तिय संघ सस्थामा कार्यरत कर्मचारीहरुको सहभागीतामा ''वित्तिय अनुशासन र पारदर्शिता'' विषयक प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम काठमाण्डौमा सम्पन्न गरियो ।

आ. तालिमः

(१) अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नै साधन, स्रोत र क्षमताको परिधिभित्र रही आयोगमा सरुवा भई आउने अधिकृत एवं सहायकस्तरका कर्मचारीहरूलाई आयोगको कार्य प्रक्रियाको बारेमा जानकारी दिलाउने उद्देश्यले भ्रष्टाचार नियन्त्रणसम्बन्धी आधारभूत तालिम सञ्चालन गर्दै आएको छ । मिति

२०६१ साल चैत्र देखि आ.व.२०६७/०६८ को अन्त्यसम्ममा अधिकृतस्तरको १२ औं र सहायकस्तरको ८ औं तालिम सम्पन्न भएको छ ।

(२) आयोगमा कार्यरत अधिकृत एवं सहायकस्तरका कर्मचारीहरूलाई कम्प्युटरसम्बन्धी ज्ञान दिलाई क्षमता अभिवृद्धि गर्ने अभिप्रायले आयोगको जनशक्तिबाट आयोगकै तालिम कक्षमा आधारभूत कम्प्युटर तालिम समेत सञ्चालन हुँदै आएको छ । आ.व.२०६७/०६८ को अन्त्यसम्म नौ वटा आधारभूत तालिम सम्पन्न भएको छ ।

(३) अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले सामुदायिक शिक्षा कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गर्दै आएको छ । उक्त अभियानलाई सशक्त र दिगो बनाउने उद्देश्यका साथ आवश्यक जनशक्ति तयार गर्नको लागि आयोगमा कार्यरत २५ जना अधिकृतस्तरका कर्मचारीहरूलाई मिति २०६७ असार १२ गतेदेखि असार २३ गतेसम्म नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेल, ललितपुरमा प्रशिक्षक प्रशिक्षण (Training for Trainers) तालिम दिलाइएको थियो ।

इ. कार्यपत्र प्रस्तुति र छलफल :

भ्रष्टाचार र अनुचित कार्यका विरुद्ध अनुसन्धान तहकिकात गर्ने/गराउने संवैधानिक निकायको रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अहं भूमिका खेल्दै आएको छ । आयोगमा कार्यरत जनशक्ति विभिन्न सेवा/समूहका हुने र निजहरूले आयोगको कार्य प्रक्रिया अनुसार छिटोछरितो, वस्तुनिष्ठ र पारदर्शी ढंगले अनुसन्धान सम्पन्न गर्नुपर्ने हुँदा विभिन्न विषयको जानकारी लिनुपर्ने कुरालाई हृदयंगम गरी आयोगमा कार्यरत अनुसन्धान अधिकृतहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सम्बन्धित क्षेत्रका विशेषज्ञहरूबाट विविध विषयका कार्यपत्रहरू प्रस्तुत गर्ने र त्यसउपर छलफल गराउने गरिएको छ । यसै क्रममा आ.व.२०६७/०६८ मा विभिन्न विषयका जम्मा ७ वटा कार्यपत्रहरू प्रस्तुत भएको थियो ।

ई. सदाचार रेडियो कार्यक्रम :

भ्रष्टाचार विरुद्ध सचेतना जगाउने एवं आयोगका गतिविधिहरू आम जनसमुदाय समक्ष पुऱ्याउने उद्देश्यले आ.व. २०६१।०६२ देखि प्रत्येक हप्ता शनिबार साँझ ७:४५ बजेदेखि ८:०० बजे सम्म रेडियो नेपालबाट १५ मिनेट सदाचार रेडियो कार्यक्रम प्रसारण हुँदै आएको छ । आ.व. २०६४।०६५ देखि आयोगकै जनशक्तिबाट उक्त कार्यक्रमसञ्चालन हुँदै आएको छ । यस कार्यक्रममा आयोगको गतिविधि, समाचार लगायत भ्रष्टाचार विरुद्धका सन्देशहरू प्रस्तुत गर्ने गरिन्छ । सदाचार रेडियो कार्यक्रम स्थानीय स्तरमा प्रभावकारी ढंगले जनतामाझ सुन्न सकियोस् भन्ने हेतुले उक्त कार्यक्रम हरेक मंगलबार बिहान ८:३० बजेदेखि ८:४५ बजेसम्म नेपाल वाणी ९४.९ मेघाहर्ज इलाममार्फत नेपालका विभिन्न १४ वटा एफ्.एम्. रेडियोद्वारा एकैसाथ पुनः प्रसारण गर्ने समेत व्यवस्था मिलाइएको छ ।

उ. सामुदायिक शिक्षा कार्यक्रम :

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५(ख)२ मा भ्रष्टाचार नियन्त्रणको लागि आयोगले विभिन्न उपायहरू अवलम्बन गर्न सक्ने व्यवस्था भए बमोजिम आ.ब २०६४/०६५ देखि आयोगले भ्रष्टाचार विरुद्धको जनचेतनामूलक सामुदायिक शिक्षा कार्यक्रम सञ्चालन गर्दै आएको छ। यस कार्यक्रम अन्तर्गत आ.व.२०६७/०६८ को अन्त्यसम्म विभिन्न १६० वटा माध्यमिक, उच्च माध्यमिक विद्यालयहरू तथा क्याम्पसका विभिन्न तहमा अध्ययनरत २४,०७५ जना विद्यार्थी, शिक्षक र कर्मचारीका साथै विभिन्न संघसंस्था, नागरिक समाज र नेपाल सरकारका विभिन्न केन्द्रीयस्तरका ४० वटा निकायका ३,३१५ जना कर्मचारीहरूको सहभागितामा भ्रष्टाचार विरोधी सामुदायिक शिक्षा कार्यक्रम सम्पन्न गराईएको छ।

ऊ.खबर संकलन इकाई (Intelligence Unit) को व्यवस्था :

अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०६३, को परिच्छेद ३,१३ (क) अनुसार भ्रष्टाचार र अनुचित कार्यसम्बन्धी सूचना संकलन, विश्लेषण र परीक्षण गरी अनुसन्धान कार्यलाई भरपर्दो बनाउने उद्देश्यले आयोगका सचिवको प्रत्यक्ष निर्देशनमा प्रहरी महाशाखा प्रमुखको मातहतमा आयोगमा खबर संकलन इकाई (Intelligence Unit) क्रियाशील रहेको छ। उक्त इकाईले गोप्य खबर र सूचना संकलन गर्ने, गोप्य रूपमा निगरानी राख्ने, कार्यपद्धतिको अनुगमन/निरीक्षण गर्ने, भ्रष्टाचार र अनुचित कार्य लगायत आयोगसँग सम्बन्धित अन्य विभिन्न विषयको गोप्य सूचना संकलन गर्ने गरिएको छ।

परिच्छेद १६
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको त्रिवर्षीय रणनीति तथा कार्यक्रम (२०६७-२०६९)

१. पृष्ठभूमि :

भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने राज्यको दायित्व भएको हुँदा सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान तहकिकात गर्न गराउन र विशेष अदालतमा मुद्दा दायर गर्न सक्ने निकायको रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई नेपालको अन्तरिम संविधान, २०६३ ले व्यवस्था गरेको छ। नेपालको अन्तरिम संविधान, २०६३ अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ लगायत अन्य प्रचलित कानूनको दायराभित्र रही आयोगले आफूलाई सुम्पिएको जिम्मेवारीलाई कार्यविधि, निर्देशिका, मार्गदर्शनहरू र आचार संहिता समेत बनाई निष्पक्ष, निर्भिक र दृढताका सांथ निर्वाह गर्दै आएको छ। आयोगलाई आफ्नो जिम्मेवारी वहन गर्ने सिलसिलामा नेपाल सरकार लगायत अन्य क्षेत्रहरूबाट सहयोग पनि प्राप्त भइरहेको छ। विश्वव्यापी चुनौतीको रूपमा रहेको भ्रष्टाचार नियन्त्रण गर्ने कार्य आयोगको एक्लो प्रयासले मात्र सम्भव नहुने हुँदा यसमा बलियो राजनीतिक प्रतिबद्धता, सरकारी संयन्त्रहरू, निजी क्षेत्र र नागरिक समाजको सक्रिय सहभागिताको आवश्यकता पर्दछ। ऐन कानूनले निर्दिष्ट गरे अनुसारका काम कारबाहीहरूलाई अझ चुस्त दुरुस्त बनाउनका निम्ति आयोगले सर्वप्रथम २०५९ सालमा पाँच वर्षका लागि र २०६३ मा तीन वर्षका लागि भ्रष्टाचार नियन्त्रणसम्बन्धी रणनीति तथा कार्यक्रम तर्जुमा गरी सो रणनीति मुताविक काम गर्दै आएकोमा भ्रष्टाचार नियन्त्रणको कार्यलाई थप प्रभावकारी रूपमा सञ्चालन गर्न यो त्रिवर्षीय रणनीति तथा कार्यक्रम (२०६७-२०६९) तर्जुमा गरेको छ।

२. अद्यावधिक स्थितिको समीक्षा :

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार नियन्त्रण विरुद्धको रणनीति, २०५९ र त्रिवर्षीय रणनीति २०६३, तर्जुमा गरी कार्यान्वयनमा ल्याएपछि भ्रष्टाचार नियन्त्रणसम्बन्धी काम कारबाहीमा महत्वपूर्ण उपलब्धिहरू हासिल भएका छन्।

भ्रष्टाचारमुक्त राज्य संयन्त्रको माध्यमबाट कानूनी राज्यको अवधारणा मुताविक सुशासनलाई संस्थागत एवं सुदृढ गरी समृद्ध मुलुक निर्माणका लागि अनुशासित समाजको निर्माण गर्ने दीर्घकालीन सोच र अनुचित कार्य एवं भ्रष्टाचारको मात्रालाई उल्लेखनीय रूपमा घटाउन प्रयास गर्ने उद्देश्यले जारी गरिएको रणनीति अनुरूप आयोगले दण्डात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक कार्यलाई प्रभावकारी एवं नियमित रूपमा अगाडि बढाउँदै आएको छ।

आयोगको त्रिवर्षीय रणनीति आ.व.२०६४।०६५ सुरु भई आ.व.२०६६।०६७ को अन्त्यसम्म आइपुग्दा आयोगले आफ्नो आन्तरिक एवं बाह्य गतिविधि प्रतिको धारणा लगायत

भ्रष्टाचारको सूचकांकमा केही प्रगति हासिल गरेको छ। भ्रष्टाचार र अनुचित कार्यसम्बन्धी अनुसन्धान र अभियोजनलाई छिटो छरितो र तथ्यपरक बनाउने प्रयास गरिएको छ। भ्रष्टाचार र अनुचित कार्यसम्बन्धी सूचना संकलन र विश्लेषणलाई विश्वासिलो र भरपर्दो बनाउनुका साथै आयोगको निर्णय कार्यान्वयनलाई अझ बढी सशक्त र प्रभावकारी बनाउने सिलसिलामा राजनीतिक दलका प्रतिनिधिहरू, नेपाल सरकारका मुख्य सचिव एवं सचिवहरू, विभागीय प्रमुखहरू, सार्वजनिक संघसंस्थाका प्रमुखहरू र वित्तीय संघसंस्थाका प्रमुखहरू समेतको संयुक्त सहभागितामा सुशासन, सदाचारिता, अनुचित कार्य र भ्रष्टाचार नियन्त्रणका क्षेत्रमा व्यापक छलफल र अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिँदै आएको छ।

Focal Point बैठकलाई नियमित तुल्याई क्षेत्रगत समस्या र विषयलाई छिटोछरितो र विश्वसनीय बनाउने प्रयास भएको छ। उजुरी संकलनका लागि Online Complains को व्यवस्था भएको छ। यस अवधिमा सम्पत्ति सुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन,२०६४, सार्वजनिक खरिद ऐन, २०६३, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा सतर्कता केन्द्रको नियमावलीमा प्राविधिक परीक्षण विषयलाई समावेश गरी तर्जुमा गर्ने कार्यका साथै नयाँ संविधानमा आयोगको भावी संरचना र आवश्यकतासम्बन्धी मस्यौदा तयार गरी संविधान सभा संवैधानिक निकायको संरचना निर्धारण समितिमा पठाउने कार्य भएको छ। सार्वजनिक संस्थाहरूमा आचारसंहिताको निर्माण र सुशासन इकाईको गठन कार्यमा जोड दिइएको छ। गैरसरकारी संघ संस्थाहरूसँग भ्रष्टाचार विरुद्ध सहकार्य गरिदै आएको छ।

यस अवधिमा आयोगको पहलमा विभिन्न मन्त्रालय अन्तरगतका ४९ वटा विभागहरूको कार्यविधि (कार्य सञ्चालन निर्देशिका) तयार गराई सञ्चालनमा ल्याएको छ। त्यसैगरी विभिन्न विषयका आन्तरिक कार्य निर्देशिका र मार्ग निर्देशिकाको निर्माण गरी अनुसन्धानसम्बन्धी कार्यलाई प्रभावकारी तुल्याउने प्रयास भएको छ। भ्रष्टाचार नियन्त्रणको कार्य छिटोछरितो रूपमा सम्पन्न गर्न सकियोस् भन्ने उद्देश्यले क्षेत्रीय प्रशासकहरू, प्रमुख जिल्ला अधिकारीहरू र सरकारी वकिलहरूलाई आयोगले अधिकार प्रत्यायोजन समेत गरेको छ। त्यसैगरी १० वटा जिल्लाहरूमा भ्रष्टाचार नियन्त्रण सम्बन्धमा पाइलट कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। स्थानीय स्तरमा भ्रष्टाचार विरुद्धको अभियानलाई सशक्त बनाउने उद्देश्यले भ्रष्टाचार विरुद्धको समिति सम्बन्धी कार्यविधि, २०६३ लाई समसामयिक परिमार्जन गरी भ्रष्टाचार विरुद्धको समिति सम्बन्धी कार्यविधि, २०६६ को तर्जुमा गरी ७५ वटै जिल्लाहरूमा स्थानीय समन्वय समितिको गठन गरी स्थानीय स्तरबाट नै भ्रष्टाचार विरोधी अभियान सञ्चालन गरी भ्रष्टाचार नियन्त्रण गर्ने कार्य भइरहेको छ।

आयोगमा कार्यरत अधिकृत तथा सहायकस्तरका कर्मचारीहरू लगायत अन्य सरोकारवाला निकायका कर्मचारीहरूलाई अनुसन्धान र अभियोजन सम्बन्धमा अनुशिक्षण र तालिमको व्यवस्था गरी सीप विकास र दक्षता अभिवृद्धि गरिएको छ।

आयोगका गतिविधिलाई पारदर्शी बनाउने उद्देश्यले प्रेस भेटघाट, प्रेस विज्ञप्ति, बुलेटिन, ब्रोसियर, पम्प्लेट लगायत स्टिकरको प्रयोग र वितरणमा व्यापकता बनाइएको छ भने भ्रष्टाचार विरुद्धको जनचेतना अभिवृद्धि गर्ने खालका प्रचार प्रसार सामग्रीको उत्पादन र वितरण गर्ने कार्यहरूमा समेत जोड दिइँदै आएको छ। आयोगका कर्मचारी एवं पदाधिकारीहरूबाट समय समयमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सभा सम्मेलनहरूमा सहभागिता

जनाई भ्रष्टाचार नियन्त्रणको निम्ति चालिएका कदमहरूका बारेमा अनुभव आदान प्रदान गरिँदै आइएको छ ।

आयोगको मिति २०६६-९-२० को निर्णयानुसार नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२० को उपधारा (७) ले दिएको अधिकार प्रयोग गरी नेपालको अन्तरिम संविधान, २०६३ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेको तथा सो कसुरमा संलग्न अन्य व्यक्तिका सम्बन्धमा अनुसन्धान तहकिकात गर्न तथा मुद्दा चलाउन आयोगलाई प्राप्त अधिकार आयोगको पदाधिकारी नियुक्ति भई नआएसम्मका लागि आयोगका सचिवलाई सुम्पिई आयोगलाई निरन्तरता दिने काम भएको छ ।

अनुसन्धानसँग सम्बन्धित विभिन्न विषय एवं ऐनकानूनका बारेमा विशेषज्ञहरू झिकाई आयोगमा नै अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने गरिएको छ । सरकारी, गैरसरकारी, निजी क्षेत्र, उद्योगी, व्यापारी, समाजसेवी, नागरिक समाज, शिक्षक, विद्यार्थी लगायत अन्य सरोकारवालाहरूको संयुक्त सहभागितामा विभिन्न विकास क्षेत्र एवं जिल्लाहरूमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गतिविधि/भावी रणनीति एवं भ्रष्टाचार नियन्त्रणमा स्थानीय जनसहभागिता विषयक अन्तरक्रिया/गोष्ठीको आयोजना गरी व्यापक रूपमा भ्रष्टाचार नियन्त्रणसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिँदै आइएको छ ।

यस अवधिमा भ्रष्टाचार विरुद्ध व्यापक जनचेतना अभिवृद्धि गर्ने र यस अभियानलाई सशक्त र दिगो बनाउने उद्देश्यका साथ भ्रष्टाचार विरुद्धको जनचेतनामूलक सामुदायिक शिक्षा कार्यक्रमलाई अभियानको रूपमा अगाडि बढाएको छ । आ.व.२०६७०६८ को अन्त्यसम्म आइपुग्दा सरकारी, गैरसरकारी, विभिन्न संघसंस्था, नागरिक समाज, उद्योगी, व्यापारी, निजी क्षेत्र र विद्यालयसमेतका गरी जम्मा २७३९० जना यो शिक्षाबाट लाभान्वित भइसकेका छन् । आयोगको गतिविधिको बारेमा जानकारी गराउने उद्देश्यले प्रत्येक शनिबार बेलुकी ७:४५ बजेदेखि ८:०० बजेसम्म रेडियो नेपाल र मंगलबार बिहान ८:३० बजेदेखि ८:४५ बजेसम्म रेडियो नेपाल वाणी ९४.९ मेगाहर्ज इलाममार्फत विभिन्न १४ वटा एफ.एम.हरूबाट सदाचार रेडियो कार्यक्रम प्रसारण हुँदै आइरहेको छ । यसै परिप्रेक्ष्यमा आयोगको काम कारबाहीलाई बढी चुस्त र प्रभावकारी बनाउन यो तीनवर्षे रणनीति तर्जुमा गरिएको छ ।

३ दीर्घकालीन सोच

भ्रष्टाचारमुक्त राज्य संयन्त्रको माध्यमबाट कानूनी राज्यको अवधारणा मुताविक सुशासनलाई सुदृढ गरी समृद्ध मुलुक निर्माणका लागि अनुशासित समाजको स्थापना गर्न सहयोग पुऱ्याउने ।

४. उद्देश्य र लक्ष्य

(क) उद्देश्य :

तीन वर्षभित्र अनुचित कार्य र भ्रष्टाचारको मात्रा उल्लेखनीय रूपमा घटाउन प्रयास गर्ने ।

(ख) **लक्ष्य :**

१. भ्रष्टाचार नियन्त्रणको सिलसिलामा दण्डात्मक काम कारबाहीलाई समन्वयात्मक एवं सशक्त ढंगले अगाडि बढाई सुशासन कायम गर्न टेवा पुऱ्याउने ।
२. भ्रष्टाचार नियन्त्रणमा निरोधात्मक उपायहरूद्वारा प्रणालीगत सुधार गरी असल शासनलाई टेवा पुऱ्याउने ।
३. भ्रष्टाचार विरुद्ध प्रवर्द्धनात्मक र जनचेतना मुलुक कार्यक्रमको माध्यमबाट समाजमा सदाचार पद्धतिको निर्माण गरी सामाजिक अनुशासन कायम गर्न सहयोग पुऱ्याउने ।
४. आयोगलाई भ्रष्टाचार नियन्त्रणमा विशेषज्ञता प्राप्त निकायको रूपमा आयोगको संस्थागत सवलीकरण गर्ने ।

५. रणनीति

१. भ्रष्टाचार र अनुचित कार्यसम्बन्धी सूचना संकलन र विश्लेषण कार्यलाई अझ बढी भरपर्दो बनाउने ।
२. भ्रष्टाचार र अनुचित कार्यसम्बन्धी अनुसन्धान र अभियोजनलाई छिटोछरितो र तथ्यपरक बनाउने ।
३. भ्रष्टाचार र अनुचित कार्यका विरुद्ध अनुसन्धान, अभियोजन र कारबाही गर्ने कार्यलाई समन्वयात्मक, सशक्त र प्रभावकारी बनाउने ।
४. भ्रष्टाचार नियन्त्रणका लागि तर्जुमा गर्नुपर्ने र परिमार्जन गर्नुपर्ने कानूनहरूका विषयमा प्रमुख भूमिका निवार्ह गर्ने ।
५. स्थानीय स्तरमा भ्रष्टाचार विरुद्धको कारबाहीलाई अझ सशक्त बनाउने ।
६. अनियमितता र भ्रष्टाचारको दृष्टिकोणले जोखिम (Corruption Prone Zones) भनी पहिचान भएका क्षेत्रहरूलाई सदाचारको टापु (Island of Integrity) को रूपमा विकास गर्ने ।
७. विभागहरूको कार्यविधिको कार्यान्वयन र अनुगमन निरन्तर रूपमा गर्ने गराउने ।
८. सार्वजनिक, व्यावसायिक र संगठित क्षेत्रमा आचार संहिताको अनुगमन गर्ने गराउने ।
९. सार्वजनिक सेवा प्रवाहको लागि निर्धारित सूचकहरूको अनुगमन र मूल्यांकन गर्ने ।
१०. नागरिक समाज तथा गैरसरकारी संस्थाहरूको सहयोग र संलग्नतामा भ्रष्टाचार विरुद्ध शून्य शहनशीलता अभिवृद्धि गर्ने ।
११. भ्रष्टाचार र अनियमितता विरुद्ध सामुदायिक शिक्षा तथा जनचेतना अभिवृद्धि कार्यक्रमलाई अझ बढी प्रभावकारी बनाउने ।
१२. भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि कार्यक्रमको लागि प्रचार प्रसारलाई अझै सशक्त रूपमा विस्तार गर्दै लाने ।
१३. भ्रष्टाचार विरोधी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग सम्बन्ध र सम्पर्कको विकास र विस्तार गर्ने ।
१४. स्थानीय निकायहरू मार्फत भ्रष्टाचार विरुद्धको कार्यक्रमलाई घरदैलोसम्म पुऱ्याउने ।
१५. भ्रष्टाचार नियन्त्रण कार्यमा आयोगलाई बढीभन्दा बढी विशेषज्ञता र दक्षताप्राप्त निकायको रूपमा विकास गर्दै लग्ने ।

१६. आयोगको कार्य प्रकृति अनुरूपको कर्मचारीको दक्षताको विकास, तालिम र काम अनुकूल गर्ने वातावरण (Working Environment) को विकास गर्ने ।

१७. आयोगको कार्य उपलब्धिका आधारमा कर्मचारीहरूको कार्य सम्पादन मूल्यांकन र दण्ड पुरस्कार गर्ने पद्धतिलाई निरन्तरता दिने ।

१८. आयोगको केन्द्रीय र स्थानीय कार्यालयहरूका लागि आवश्यक भौतिक साधन र स्रोतको व्यवस्था गर्ने ।

१९. आयोगको सूचना व्यवस्थापन प्रणालीलाई अझ भरपर्दो र विश्वसनीय बनाउने ।

परिच्छेद – १७
भावी संविधानमा आयोगको संरचना र आवश्यकतासम्बन्धी मस्यौदा

भावी संविधानमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संरचना र आवश्यकता सम्बन्धमा आयोगको तर्फबाट "संविधान सभा संवैधानिक निकायको संरचना निर्धारण समिति" मा पठाइएको मस्यौदाः

राज्यका विभिन्न अंग/निकायमा कार्यरत पदाधिकारीबाट हुनसक्ने स्वेच्छाचारी, अनियमितता र वेमुनासिव कार्यका विरुद्ध नागरिकको हक हितको रक्षा गरी सुशासन कायम गर्नु राज्यको कर्तव्य हो । जनताको आकांक्षा र आवश्यकता अनुरूप राज्यका कार्य क्षेत्र जति बढ्दै जान्छ, त्यति सरकारी संयन्त्रमा कार्यरत पदाधिकारीद्वारा अख्तियारको दुरुपयोग गरी अनुचित कार्य तथा भ्रष्टाचार हुन सक्ने सम्भावनाका क्षेत्र पनि व्यापक हुन सक्छन् । यसैले सार्वजनिक सेवा प्रदान गर्ने कार्यमा संलग्न पदाधिकारी चाहे त्यो सरकारी सेवाको पदमा होस् वा निजी सेवामा कार्यरत पदाधिकारी होस्, निजलाई जनताप्रति उत्तरदायी बनाउन र उनीहरूका क्रियाकलाप जनताको हितमा लगाउन तथा असल शासनको सचेतकको रूपमा कार्य गर्ने संस्थाको राज्यलाई आवश्यकता पर्दछ ।

यसै सन्दर्भमा दोस्रो जनआन्दोलनको परिवर्तनबाट हासिल भएका उपलब्धिहरूलाई संस्थागत गर्ने उद्देश्यका लागि मुलुक अहिले संविधान सभाबाट नयाँ संविधानको तर्जुमा गर्ने चरणमा प्रवेश गरेको छ ।

यस पृष्ठभूमिमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका पनि समय सापेक्ष चुस्त र दुरुस्त हुन आवश्यक छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३८ ले संघीय शासन प्रणाली सहितको राज्यको अग्रगामी पुनर्संरचनाको प्रावधान राखेको सन्दर्भमा भावी संविधानमा खास गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संगठनात्मक स्वरूप, काम, कर्तव्य र अधिकार क्षेत्र, पदाधिकारीहरूको नियुक्ति, पुन नियुक्तिको प्रक्रिया, पदाधिकारीहरूको योग्यता, पदावधि, पद रिक्त हुने अवस्था जस्ता विषयमा आयोगले व्यापक छलफल, गोष्ठी, अन्तरक्रिया, सभा, सम्मेलन गरी प्राप्त राय सुझाव समेतका आधारमा आयोगका तर्फबाट निम्न अनुसारको मस्यौदा प्रस्तुत गरिएको छ ।

भाग -
अख्तियार दुरुपयोग अनुसन्धान आयोग

- **अख्तियार दुरुपयोग अनुसन्धान आयोगः** (१) नेपालमा एक अख्तियार दुरुपयोग अनुसन्धान आयोग रहनेछ जसमा प्रमुख आयुक्त र आवश्यक संख्यामा अन्य आयुक्तहरू रहनेछन् । प्रमुख आयुक्तले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अध्यक्ष भई काम गर्नेछ ।
  (२) अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आवश्यकता अनुसार देशका विभिन्न भागमा तोकिएको क्षेत्राधिकार प्रयोग गर्न पाउने गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय स्थापना गर्न सक्नेछ ।

(३) राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा प्रमुख आयुक्त र अन्य आयुक्तहरूको नियुक्ति गर्नेछ ।

(४) प्रमुख आयुक्त र अन्य आयुक्तहरूको पदावधि नियुक्तिको मितिले छ वर्षको हुनेछ ।

तर,

प्रमुख आयुक्त र आयुक्तलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।

(५) देहायका अवस्थामा प्रमुख आयुक्त वा आयुक्तको पद रिक्त भएको मानिनेछः-

(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,

(ख) उपधारा (४) बमोजिम निजको पदावधि पूरा भएमा,

(ग) महा अभियोग लागेमा वा

(३) निजको मृत्यु भएमा ।

(६) देहाय बमोजिमको योग्यता नभई कुनै व्यक्ति प्रमुख आयुक्त वा आयुक्तको पदमा नियुक्तिको लागि योग्य हुने छैन :-

(क) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनैतिक दलको सदस्य नरहेको,

(ग) कानून, प्रशासन, व्यवस्थापन, लेखा, राजस्व, इन्जिनियरिङ, विकास वा अनुसन्धानको क्षेत्रमा कम्तीमा बीस वर्ष काम गरी अनुभव र ख्याति प्राप्त गरेको,

(घ) पैंतालीस वर्ष उमेर पूरा भएको, र

(ङ) उच्च नैतिक चरित्र कायम भएको ।

(७) प्रमुख आयुक्त र आयुक्तको पारिश्रमिक र सेवाका अन्य शर्तहरू सर्वोच्च अदालतको न्यायाधीश सरह हुनेछ । प्रमुख आयुक्त र आयुक्त आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैनन् ।

(८) प्रमुख आयुक्त वा आयुक्त भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।

तर,

(क) प्रमुख आयुक्त र आयुक्तलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त र आयुक्तको पदमा पुनःनियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन ।

(ख) कुनै राजनैतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

- **अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम, कर्तव्य र अधिकारः** (१) कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानून बमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्नेछ ।

(२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस संविधान बमोजिम महाभियोग लाग्ने पदाधिकारी, न्यायाधीश र सैनिक ऐन बमोजिम सार्वजनिक पदधारण गरेको कुनै व्यक्तिले भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेको सम्बन्धमा मात्र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्नेछ ।

(३) प्रचलित कानुन बमोजिम दर्ता भएको अविच्छिन्न उत्तराधिकारवाला संगठित संस्था वा राजनीतिक संगठन वा व्यावसायिक तथा वर्गीय संगठन र त्यस्तो संस्था वा संगठनको कुनै

पदमा बहाल रहेको कुनै पदाधिकारी वा कर्मचारीले भ्रष्टाचार गरेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान तहकिकात गर्न वा गराउन सक्नेछ ।

(४) उपधारा (१) बमोजिम भएको अनुसन्धान र तहकिकातबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम अनुचित कार्य मानिने कुनै काम गरी अख्तियारको दुरुपयोग गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निजलाई सचेत गराउन वा अख्तियारवालाको अधिकार प्रयोग गरी विभागीय कारबाही वा कानूनमा व्यवस्था भए बमोजिम अन्य आवश्यक कारबाही गर्न सक्नेछ ।

(५) उपधारा (१), (२), (३) बमोजिम भएको अनुसन्धान र तहकिकातबाट कुनै व्यक्ति, संस्था वा संगठनले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ ।

(६) उपधारा (१), (२), (३) बमोजिम अनुसन्धान र तहकिकात गरिएका कुनै व्यक्ति, संस्था वा संगठनको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकार क्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आवश्यक कारबाहीको लागि सम्बन्धित अधिकारी वा निकाय समक्ष लेखी पठाउन सक्नेछ ।

(७) यस संविधानको अधीनमा रही अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि कानूनद्वारा व्यवस्था भए बमोजिम हुनेछ ।

(८) अनुसन्धान र तहकिकात गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये सबै वा कुनै काम, कर्तव्य र अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रमुख आयुक्त, आयुक्त वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्न पाउने गरी सुम्पन सक्नेछ ।

- **महासचिव र कर्मचारीसम्बन्धी व्यवस्थाः**- (१) प्रमुख आयुक्तको सामान्य निर्देशनमा रहने गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रशासनिक काम कारबाही सञ्चालन गर्नका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा एकजना नेपाल सरकारको मुख्य सचिव सरहको महासचिव रहनेछ । निजको नियुक्ति अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सिफारिसमा मन्त्रिपरिषदले गर्नेछ ।

  (२) महासचिवको अन्य काम, कर्तव्य र अधिकार तथा सेवाका शर्तहरू कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

  (३) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्य सञ्चालनका लागि छुट्टै सेवा रहने गरी कर्मचारीको व्यवस्था हुनेछ । त्यस्तो सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरू ऐनद्वारा निर्धारण गरिए बमोजिम हुनेछ ।

  तर, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आवश्यकता अनुसार नेपाल सरकारका अन्य जुनसुकै सेवा समूहका कर्मचारीहरूलाई काममा लगाउन सक्नेछ ।

- **वार्षिक प्रतिवेदनः** (१) यस संविधान बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले त्यस्तो प्रतिवेदन व्यवस्थापिका संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ ।

  (२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा वर्षभरि परेका उजुरी, अनुसन्धान तहकिकात गरी कानून बमोजिम अधिकार प्राप्त अदालतमा दायर गरेको र तामेलीमा राखेको मुद्दाको संख्या, अनुचित कार्य गरेकोमा सचेत गराएको वा विभागीय कारबाही वा अन्य कारबाही गरिएको संख्या,

भ्रष्टाचार निवारणका सम्बन्धमा भएको उपलब्धि तथा सो सम्बन्धमा भविष्यमा गर्नुपर्ने सुधारको विवरण उल्लेख गर्नुपर्नेछ ।

नोटः-

१. यस भागमा गरिएका व्यवस्थाबाट अर्को भाग वा धारामा पर्न सक्ने असर बारे विचार गरिनुपर्दछ । जस्तो सबै सार्वजनिक पदाधिकारीहरू भ्रष्टाचारका विषयमा आयोगको दायराभित्र आएपछि महाभियोग लगाउन सकिने संविधानको सम्बन्धित धारामा आवश्यक परिमार्जन गर्नुपर्ने हुनसक्छ ।

२. महालेखा परीक्षकको प्रतिवेदनमा असुल उपर गर्नुपर्ने गरी देखिएका बेरुजुसम्बन्धी विषय आवश्यक कारबाहीका लागि आयोगम पठाउनुपर्ने कुरा सो भागमा उल्लेख हुनुपर्ने हुन्छ ।

३. प्रमुख आयुक्त र आयुक्तहरू संवैधानिक पद भएकाले निजहरूको नियुक्ति गर्दा वंशज हुनुपर्ने वा अंगिकृत भए १० वर्ष बसोबास भएको हुनुपर्ने धारालाई पनि विर्सनु हुन्न । यदि संवैधानिक निकायका पदहरूका लागि अन्य योग्यता र समावेशितासम्बन्धी धारा कायम हुने भयो भने सोही अनुसार यस भागका व्यवस्थाहरूलाई मिलाउनुपर्ने हुनसक्छ ।

४. राजनैतिक दलहरूले लिने चन्दा र निर्वाचन खर्च सम्बन्धमा दिइने विवरण आयोगमा पनि पठाउनुपर्ने व्यवस्था भएमा सो कुरा दलसम्बन्धी भाग वा निर्वाचन आयोगको भागमा उल्लेख हुनुपर्ने हुनसक्छ ।

परिच्छेद - १८
उपसंहार

सरकारले आवश्यक ऐन, नियम, नीति, रणनीति, योजना, कार्ययोजना तथा कार्यक्रमहरु तजुमा गरी नागरिक समाज, न्यायपालिका, निजीक्षेत्र एवं अन्तर्राष्ट्रिय समुदायको सहयोगमा भ्रष्टाचार नियन्त्रण गर्ने कार्यलाई प्रभावकारीरुपमा लागू गर्नु पर्ने कुरामा कसैको दुईमत हुन सक्दैन। सुशासन, पारदर्शिता, जवाफदेहिता र सदाचारिता हरेक कानूनी राज्य र लोकतन्त्रका आधारस्तम्भ हुन। यी आधारस्तम्भ कमजोर भएमा र भ्रष्टाचार नियन्त्रणले देशमा प्राथमिकता पाउन नसकेमा सुशासन, आर्थिक विकास र कानूनी राज्यको चर्चा, परिचर्चा गफमा मात्र सीमित हुन गई अन्ततोगत्वा देश असफल राष्ट्र हुन सक्ने खतरालाई नजर अन्दाज गर्न सकिदैन। अहिलेको तरल राजनीति र व्यापक दण्डहिनताको अवस्थामा नेपालबाट भ्रष्टाचार नियन्त्रण गर्ने कार्य एकदमै चुनौतीपूर्ण रहेको छ। विधिको शासन, पारदर्शिता, जवाफदेहिता तथा सदाचारितालाई संगसंगै लान र मुलुकमा रहेको व्याप्त भ्रष्टाचारलाई न्यूनिकरण गर्न सकिएन भने आम जनसमुदायको लोकतन्त्रप्रतिको आस्था एवं विश्वास जोगाई राख्न पक्कै पनि सकिदैन। प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, स्वतन्त्र र सक्षम न्यायपालिका तथा कानूनी राज्यको अवधारणा मुताबिक लोकतान्त्रिक मूल्य र मान्यतालाई आत्मसात गरी भ्रष्टाचार नियन्त्रण गर्ने कार्यमा समाजका हरेक क्षेत्रबाट अपेक्षित सहयोग प्राप्त हुनुनै पर्दछ।

सरकार, निजी क्षेत्र र नागरिक समाज सबैको सहयोग तथा सहकार्य विना भ्रष्टाचार निवारण गर्ने कार्य ज्यादै कठिन छ। आवश्यक र ठोस ऐन, कानून, पर्याप्त साधन, श्रोत र राजनैतिक इच्छाशक्ति विना भ्रष्टाचार नियन्त्रण प्रायः असम्भव नै छ। सदाचार पद्धतिको विकासको साथै इमान्दार र अनुशासित कर्मचारीतन्त्र तथा प्रतिबद्ध राजनैतिक नेतृत्व भएमा मात्र भ्रष्टाचार नियन्त्रण गर्न सम्भव हुन्छ। यसका लागि सबै निकायले आ-आफ्नो ठाउँबाट लगनशिल र इमान्दारीका साथ नियमित कार्य गर्न सक्नु पर्दछ। विगतका वर्षहरुमा जस्तै यस वर्ष पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दण्डात्मक, निरोधात्मक एवं प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्दै भ्रष्टाचार नियन्त्रणका क्षेत्रमा आफ्नो कार्यलाई तदारुकताका साथ अगाडि बढाएको छ। भ्रष्टाचार गरेपछि दण्डदिने प्रवृत्ति भन्दा भ्रष्टाचार हुने अवस्था नै श्रृजना हुन नदिन आयोगले विभिन्न सरकारी तथा गैरसरकारी निकाय, बुद्धिजीवीवर्ग, पत्रकार, उद्योगी, व्यापारी, नागरिक समाज र अन्तर्राष्ट्रिय दाताहरु समेतको सहभागितामा गोष्ठी, अन्तरक्रिया, सामुदायिक शिक्षा, तालिम, सभा सम्मेलन, सदाचार रेडियो कार्यक्रम जस्ता निरोधात्मक, सुधारात्मक एवं प्रबर्द्धनात्मक कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ।

भ्रष्टाचारको विरुद्धमा व्यापक जनचेतना नफैल्याएसम्म भ्रष्टाचार नियन्त्रण प्रभावकारी नहुने कुरालाई दृष्टिगत गरी आयोगले सामुदायिक शिक्षा कार्यक्रमलाई केन्द्र देखि स्थानीयस्तरसम्म, विद्यालयदेखि विश्वविद्यालयसम्म सशक्त रुपले अगाडि बढाउँदै आइरहेको छ। भ्रष्टाचार विरुद्धको सन्देश आम जनतासम्म पुगोस् भन्ने हेतुले आयोगले ब्रोसियर, स्मारिका, न्यूज लेटर, पोष्टर, पम्पलेट, बुकलेट, स्टिकर आदिको प्रकाशन तथा वितरण गर्दै आएको छ। जो सुकैले पनि इमेल, इन्टरनेट तथा टोल फ्रि टेलिफोनको माध्यमबाट गोप्य रुपमा भ्रष्टाचार सम्बन्धी उजुरीहरु आयोगमा दर्ता गराउन सकुन र उजुरीको अवस्थाबारे जानकारी हाँसिल गर्न सकुन भन्ने अभिप्रायले आयोगको सूचना प्रणालीलाई प्रभावकारी बनाइएको छ। उपर्युक्त कार्य बाहेक आयोगले राष्ट्रिय/अन्तर्राष्ट्रिय

भ्रष्टाचार विरोधी संघसंस्थाहरुसंग सम्पर्क स्थापना तथा सहकार्य गर्ने कार्य गर्नुका साथै सूचना संकलन तथा प्रवाहको प्रभावकारी व्यवस्था समेत गर्दै आएको छ। आयोगले राजस्व वृद्धि, विकास आयोजनाहरुमा लाग्ने लागत, समय कटौती, सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता तथा गुणस्तरमा अभिवृद्धि जस्ता सुशासनका बिभिन्न आयामहरुमा विभिन्न सहयात्री र सहकर्मीहरुबाट प्राप्त सुझाव र सहयोगको अधिकतम सदुपयोग गर्दै आएको छ। भ्रष्टाचार र अनुचित कार्य सम्बन्धी गोप्य सूचना संकलन तथा सम्प्रेषण गर्नकालागि आयोगमा इन्टेलिजेन्स युनिट क्रियाशील छ। अख्तियार दुरुपयोगको अनुसन्धान र रोकथाम जस्तो कार्य प्रभावकारी बनाउन आयोगले वेभ साइटको नियमितरुपमा प्रयोग गर्दै आएको छ।

देशमा सुशासन कायम गरी भ्रष्टाचार घटाउने कार्यमा सघाउ पुऱ्याउने उद्देश्यले आयोगको आन्तरिक सुधार, कार्य पद्धतिमा सुधार, निर्णयको प्रभावकारी कार्यान्वयन, सुशासन ईकाई गठन, आचारसंहिता निर्माण र जनचेतना अभिबृद्धि लगायतका रणनीतिहरु प्रभावकारी ढंगले अबलम्बन गर्दै आएको छ। यस्ता कार्यहरु अन्य सरकारी तथा सार्वजनिक निकायहरुमा समेत प्रभावकारी रुपमा लागु गर्न निर्देशन दिई सो को अनुगमन समेत गर्ने गरेको छ। भ्रष्टाचार नियन्त्रणका लागि समष्टिगत समाधानको अवधारणा अनुसार दण्डात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक कार्यहरुलाई एकै साथ अगाडि वढाउने नीति अंगिकार गरी तयार पारिएको रणनीति (२०६४-२०६७) सफलतापूर्वक सम्पन्न भएको छ भने आगामी दिनमा भ्रष्टाचार नियन्त्रण सम्वन्धी कार्यहरुलाई थप प्रभावकारी रूपमा सञ्चालन गर्न यस आयोगको त्रिवर्षीय रणनीति (२०६७-२०७०) तर्जुमा गरी कार्यान्वयनमा ल्याइसकिएको छ।

मुलुक अहिले संविधान सभाबाट नयाँ संविधानको तर्जुमा गर्ने चरणमा रहेको छ। यस पृष्ठभूमिमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका पनि समय सापेक्ष हुने कुरालाई हृदयङ्गम गरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३८ ले संघीय शासन प्रणाली सहितको राज्यको अग्रगामी पुनर्संरचनाको प्रावधान राखेको सन्दर्भमा भावी संविधानमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संगठनात्मक स्वरूप, काम, कर्तव्य र अधिकार, पदाधिकारीहरूको नियुक्ति, पुनः नियुक्तिको प्रक्रिया, पदाधिकारीहरूको योग्यता, पदावधि, पद रिक्त हुने अवस्था जस्ता विषयमा आयोगले व्यापक छलफल, गोष्ठी, अन्तरक्रिया, सभा, सम्मेलन र रायसुझाव समेतका आधारमा आयोगका तर्फबाट तयार गरिएको मस्यौदा "संविधान सभा संवैधानिक निकायको संरचना निर्धारण समिति" मा प्रस्तुत गरिसकेको छ।

आयोगमा आर्थिक वर्ष २०६७/६८ मा विभिन्न माध्यमद्वारा जम्मा ६१४५ वटा उजुरीहरु परेका थिए। ती उजुरीहरु मध्ये ३९०४ वटा (६३.५३%) उजुरीहरु फछ्यौंट भएका छन्। बाँकी २२४१ वटा उजुरीहरु आर्थिक वर्ष २०६७/६८ मा जिम्मेवारी सारिएकोछ। यस आ.व.मा ६५ थान भ्रष्टाचार सम्बन्धी मुद्दाहरु विशेष अदालतमा दायर गर्ने निर्णय भए भने ६७ थान मुद्दाहरु दायर गरियो। विशेष अदालतबाट भएको फैसलामा आयोगलाई चित्त नबुझेका कारण ४३ वटा मुद्दाहरुमा पुनरावेदन गरिएकोछ। ५ वटा उजुरीहरुमा बिभागीय कारवाहीकालागि सम्बन्धित निकायमा पठाइयो भने ४ वटा उजुरीहरुमा सार्वजनिक पदाधिकारीहरुलाई सचेत गराउनकोलागि लेखी पठाइएको छ। सोही अवधिमा विभिन्न निकायहरुमा २४ वटा सुझावहरु पठाइयो, ५ वटा उजुरीहरुमा विभिन्न निकायहरुको ध्यानाकर्षण गराइयो र ३ वटा उजुरीहरुमा असूल उपरकालागि लेखिएको छ। आवश्यक कारवाही गर्न ६१३ वटा उजुरीहरु सम्बन्धित निकायहरुमा लेखी पठाइएका छन्। आयोगबाट अधिकार प्रत्यायोजन गरिएका पाँच विकास क्षेत्र स्थित क्षेत्रीय प्रशासन कार्यालयहरुमा भ्रष्टाचार तथा अनुचित कार्य सम्वन्धी १७२ उजुरी परेकोमा जम्मा ३९ उजुरी

फछ्र्यौट भई १३३ उजुरी फछ्र्यौट हुन बाँकी रहेको प्रतिवेदन प्राप्त हुन आएको छ । त्यस्तै ७५ जिल्ला प्रशासन कार्यालयहरुमा भ्रष्टाचार तथा अनुचित कार्य सम्वन्धी १४७३ उजुरी परेकोमा जम्मा ३८८ उजुरी फछ्र्यौट भई १०८५ उजुरी फछ्र्यौट हुन बाँकी रहेको अवस्था छ ।

संयुक्त राष्ट्रसंघको भ्रष्टाचार विरुद्धको महासन्धी अनुमोदन हुन ढिलाई हुँदा भ्रष्टाचार सम्बन्धी कानूनहरुको निर्माण तथा संसोधन गर्न नसकेको कारणबाट अन्तर्राष्ट्रियस्तरमा नेपाल व्यापक भ्रष्टाचारमुक्त मुलुकको रुपमा चित्रण भएको छ । ढिले भए पनि संयुक्त राष्ट्र संघको भ्रष्टाचार विरुद्धको महासन्धी संसदबाट मिति २०६७।११।१२ मा अनुमोदन भैसकेको छ । सो महासन्धीसंग मेल खाने गरी मौजूदा कानूनहरु संशोधन एवं परिमार्जन गर्नुका साथै सो महासन्धीको मर्म र भावना अनुरुप नयाँ कानूनहरु समेत निर्माण गर्नु जरुरी भइसकेको महशुस गरी नेपाल सरकारले महासन्धिसँग मेलखाने गरी नयाँ कानून निर्मा गर्न तथा मौजुदा कानून संशोधन एवं परिमार्जन गर्न नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा स्टेयरिङ्ग कमिटी गठन गरी कानून निर्माण कार्य प्रारम्भ गरेको छ ।। एकातिर अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सरोकारवाला निकायका कर्मचारीहरुको क्षमता र मनोबल बढाउनु आवश्यक छ भने अर्कातिर आयोगलाई साधन श्रोतयुक्त तुल्याउनु पनि त्यति नै अपरिहार्य भइसकेको छ । यसो भएमा आयोगको भ्रष्टाचारमुक्त राज्य संयन्त्रको माध्यमवाट समुन्नत तथा अनुशासित समाजको स्थापना गर्ने दीर्घकालिन सोंचलाई साकार पार्नको लागि आफ्ना र सरोकारवाला निकायका कर्मचारीहरुलाई भ्रष्टाचार नियन्त्रण सम्वन्धी तालीम, गोष्ठि, सेमिनार, अन्तरक्रिया जस्ता कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरी भ्रष्टाचार नियन्त्रणमा ठूलो योगदान पुऱ्याउन सक्ने कुरा निर्विवाद छ । भ्रष्टाचारीहरु कुनै पनि हालतमा उम्कन र छुट्न नपाउन भन्नाका लागि अत्याधुनिक अनुसन्धान प्रविधिको प्रयोग अपरिहार्य भइसकेको छ जसका लागि सरकार तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुको सहयोगको उत्तिकै जरुरी छ । उजुरीहरुको चाप तथा प्रभावकारी अनुसन्धानका लाग जिल्लास्तरमा आयोगका कार्यालयहरु स्थापना गर्न नितान्त जरुरी भएको छ ।

मौका नपाउँदासम्म इमान्दार बन्ने र मौका पाएपछि सदाचारितालाई स्खलन गर्ने प्रवृत्ति धेरै खतरनाक हुने हुँदा भ्रष्टाचार गर्ने जुनसुकै क्षेत्रमा संलग्न र जतिसुकै ठूलो ओहोदामा रहने किन नहुन् तिनीहरुलाई हदैसम्मको सजायँ दिलाउनका साथै हरेक व्यक्तिमा भ्रष्टाचारप्रति शून्य सहनशीलताको विकास गर्नु आज नितान्त आवश्यक भइसकेको छ । जसकोलागि व्यापक प्रतिवद्धता जनचेतना एवं जनसहभागिताको खाँचो छ । शासन संचालनमा नातावाद, कृपावाद आदिको अन्त्य गरी नैतिकता, इमान्दारिता, जवाफदेहिता, पारदर्शीता र सदाचारिताको अवलम्बन गर्ने परिपाटी कायम गर्न सकेमा मात्र भ्रष्टाचार नियन्त्रण हुने यथार्थतालाई कसैले इन्कार गर्न सक्दैन । भ्रष्टाचार नियन्त्रण गर्न र मुलुकमा सुशासन कायम गर्न लोकतन्त्र, मानव अधिकार, राजनैतिक स्थिरता, सक्षम कर्मचारीतन्त्र, खुला बजारमुखी अर्थतन्त्र, अर्थपूर्ण विकेन्द्रीकरण, स्थानीय निकायहरुको स्वायत्तता र कानूनी राज्य जस्ता सुशासनका विविध पक्षको समुचित विकासको आवश्यकता आजको टड्कारो चुनौती हो । भ्रष्टाचारीलाई सामाजिक वहिष्कार गर्ने वातावरणको श्रृजना नगरिएसम्म भ्रष्ट प्रवृत्तिको अन्त्य नहुने हुदाँ भ्रष्टाचार नियन्त्रणमा सबै तह र तप्काबाट उचित सहयोग र समन्वयको आयोगले अपेक्षा राखेको छ ।

अनुसूची – १

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संगठन तालीका



(क)

अनुसूची –२(१)

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं

मितिः २०६८/०३/३२

आयोगमा कार्यरत पदाधिकारी एवं कर्मचारीको संख्यात्मक विवरण :

सि.नं.	पदाधिकारी/स्तर	दरबन्दी	पुल दरबन्दी	फाजिल	काज निजामती/प्रहरी/बैंक/संस्थान	सुरक्षा	थुनुवा	करार	जम्मा
१	संबैधानिक पदाधिकारीज्यूहरु	-	-	-	-	-	-	-	-
२	अधिकृतस्तर	९२	४	१	११	-	-	-	१११
३	सहायक स्तर	४७	६	५	२४	१४+५	८	-	१०९
४	श्रेणी बिहिन ह.स.चा.	२३	१	-	२	-	-		२६
५	श्रेणी बिहिन कार्यालय सहयोगी	२७	-	-	१	-	-	-	२८
६	इन्टेरियर/डेकोरेटर	-	-	-	-	-	-	२	२
जम्मा		१८९	११	६	४१	१९	८	२	२७६

नोट :-

दरबन्दी तर्फ प्रहरी निरीक्षक १ जना यु.एन. काज, लेखा अधिकृत १ जना शान्ति कोष सचिवालय काज र कम्प्युटर अपरेटर १ संसद सचिवालय, सिंहदरबारमा काज तथा १ जना कम्प्युटर अपरेटर लामो विदामा रहनु भएकोलाई समेत यसैमा समावेश गरीएको छ ।

मौजुदा दरबन्दी र पदपूर्तिको विवरण

अनुसूची –२(२)

सि.नं.	सेवा, समूह	श्रेणी	दरबन्दी	पद पूर्ति	रिक्त	कैफियत
१	प्रशासन/सचिव	विशिष्ट	१	१	-	
	जम्मा		**१**	१	-	
२	प्रशासन/सह-सचिव	रा.प.प्रथम	२	१	१	
	न्याय/कानून/सह-सचिव	रा.प.प्रथम	२	२	-	
	न्याय/स.व./ सहन्यायाधिवक्ता	रा.प.प्रथम	५	५	-	
	प्रहरी नायब महानिरीक्षक	रा.प.प्रथमस्तर	१	१	-	
	जम्मा		**१०**	**९**	**१**	
३	प्रशासन/सा.प्र./उप-सचिव	रा.प.द्वितीय	८+४=१२	११	१	शा.अ.बाट ४ पद विशेष बढुवाबाट थप
	प्रशासन/लेखा/ उप-सचिव	रा.प.द्वितीय	३	३	-	
	न्याय/कानून/उप-सचिव	रा.प.द्वितीय	३	३	-	
	न्याय/स.व./उपन्यायाधिवक्ता	रा.प.द्वितीय	८	६	२	
	इन्जि/सिभिल/वि.एण्ड आ./सि.डि.ई.	रा.प.द्वितीय	१+१=२	१	१	१ पद विशेष बढुवाबाट थप
	इन्जि/सिभिल/इरिगेसन/सि.डि.ई.	रा.प.द्वितीय	१	१	-	
	इन्जि/सिभिल/जनरल/सि.डि.ई.	रा.प.द्वितीय	+१	+१	-	१ पद विशेष बढुवाबाट थप
	इन्जि/सिभिल/ स्यानेटरी/सि.डि.ई.	रा.प.द्वितीय	+१	+१	-	१ पद विशेष बढुवाबाट थप
	प्रहरी/जनपद/प्रहरी उपरीक्षक	रा.प.द्वितीयस्तर	१	१	-	
	प्रहरी/जनपद/प्र.ना.उ.	रा.प.द्वितीयस्तर	२	२	-	
	जम्मा		**२७+७=३४**	**३०**	**४**	
४	प्रशासन/सा.प्र./शाखा अधिकृत	रा.प.तृतीय	१४-४=१०+१६=२६	२६	-	४ पद विशेष वढुवाभई गएको १६ पद विशेष बढुवाबाट थप
	प्रशासन/लेखा/लेखा अधिकृत	रा.प.तृतीय	१+१=२	२	-	१ पद बढुवा भै आएको
	न्याय/कानून/शाखा अधिकृत	रा.प.तृतीय	४	३	१	
	न्याय/स.व./शाखा अधिकृत	रा.प.तृतीय	५	४	१	
	इन्जि/सिभिल/वि.एण्ड आ./इन्जिनियर	रा.प.तृतीय	३-१=२	२	-	१ पद विशेष बढुवा भै गएको
	इन्जि/सिभिल/जनरल/इन्जिनियर	रा.प.तृतीय	३-१=२+१=३	३	-	१ पद विशेष बढुवामा गएको र सोही पदमा विशेष बढुवाबाट आएको
	इन्जि/सिभिल/ स्यानिटरी/इन्जिनियर	रा.प.तृतीय	१=-१	-१	-	१ पद विशेष बढुवा भै गएको
	इन्जि/सिभिल/ इरिगेसन/इन्जिनियर	रा.प.तृतीय	१	१	-	
	इन्जि/सर्भे/नापी अधिकृत	रा.प.तृतीय	१	-	१	
	विविध/रेखा विशेषज्ञ	रा.प.तृतीय	१	-	१	
	विविध/कम्प्युटर अधिकृत	रा.प.तृतीय	+५	+५	-	विशेष बढुवाबाट थप
	शिक्षा/कला/छविकला	रा.प.तृतीय	+१	+१	-	विशेष बढुवाबाट थप
	नेपाल प्रहरी/जनपथ/ प्रहरी निरीक्षक	रा.प.तृतीयस्तर	५	५	-	
	जम्मा		**३९-७=३२+२४=५६**	**५२**	**४**	

अनुसूची –२(३)

सि.नं.	सेवा/समूह/उप-समूह	श्रेणी	दरबन्दी	पदपूर्ति	रिक्त	कैफियत
ना.सु. स्तर						
५	प्रशासन/सा.प्र./ना.सु.	रा.प.अनं. प्रथम	३७-१६=२१+३=२४	१८	६	१६ पद विशेष बढुवा भै गएको र ३ पद विशेष बढुवा भै आएको
	न्याय/कानून/ ना.सु.	रा.प.अनं. प्रथम	२	२	-	
	प्रशासन/लेखा/ लेखापाल	रा.प.अनं. प्रथम	१=१ -१ +१ =+१	+१	-	१ पद विशेष बढुवा भै गएको र १ पद विशेष बढुवा भै आएको
	स.इन्जि./सिभिल/जनरल	रा.प.अनं. प्रथम	१=-१	-	-	१ पद विशेष बढुवा भै गएको
	कम्प्यूटर अपरेटर	रा.प.अनं. प्रथम	११-५=६	५	१	५ पद विशेष बढुवा भै गएको
	प्रशासन/सा.प्र./टा.ना.सु.	रा.प.अनं.प्रथम	१	१	-	
	शिक्षा/पुस्तकालय विज्ञान/पुस्तकालय सहायक	रा.प.अनं.प्रथम	१	१	-	
	विविध/टेलिफोन अपरेटर	रा.प.अनं. प्रथम	+२	+२		२ पद विशेष बढुवा भै आएको
	क्यामेरामेन/शिक्षा/कला/छविकला	रा.प.अनं. प्रथम	१=-१	-	-	१ पद विशेष बढुवा भै गएको
	इन्जि/मे.ज./मे.सुपरभाइजर	रा.प.अनं. प्रथम	+१	+१	-	२ पद विशेष बढुवा भै आएको
	प्रहरी नायब निरीक्षक	रा.प.अनं. प्रथमस्तर	३	३	-	
	जम्मा		**५८-२४=३४+७=४१**	**३४**	**७**	
खरिदार स्तर						
६	प्रशासन/सा.प्र./खरिदार	रा.प.अनं.द्वितीय	५-३=२	२	-	३ पद विशेष बढुवा भै गएको
	प्रशासन/लेखा/ सह-लेखापाल	रा.प.अनं.द्वितीय	१=-१	-	-	१ पद विशेष बढुवा भै गएको
	विविध/टेलिफोन अपरेटर	रा.प.अनं.द्वितीय	२-२=०	-	-	२ पद विशेष बढुवा भै गएको
	इन्जि/जनरल/ मेकानिकल/अपरेटर	रा.प.अनं.द्वितीय	-१	-	-	
	नेपाल प्रहरी/जनपद/प्र.स.नि.	रा.प.अनं.द्वितीयस्तर	३	३	-	
	जम्मा		**१२-७=५**	**५**	**०**	
७	नेपाल प्रहरी/जनपद/प्र.ह.	रा.प.अनं.तृतीयस्तर	३	३	-	
	जम्मा		**३**	**३**	**०**	
८	नेपाल प्रहरी/जनपद/प्र.ज.	रा.प.अनं.चतुर्थस्तर	५	५	-	
	जम्मा		**५**	**५**	**०**	
९	इन्जि/मेका./जनरल/ ह.स.चा.	श्रेणी विहिन	२२	२२	-	१४ जना स्थायी ८ जना दरबन्दी करार
	इन्जि/मेका/निर्माण उपसंभार	श्रेणी विहिन	१	१	-	
	प्रशासन/सा.प्र./ कार्यालय सहयोगी	श्रेणी विहिन	२७	२७	-	१४ जना स्थायी १३ जना दरबन्दी करार
	जम्मा		**५०**	**५०**	**-**	

पुल दरबन्दी तर्फ

अनुसूची –२(४)

सि.नं.	सेवा/समूह/उप-समूह	श्रेणी	पदपूर्ति	रिक्त	कैफियत
अधिकृतस्तर पुल दरबन्दी संख्या - १०					
१	प्रशासन/सा०प्र०/उपसचिव	रा०प०द्वितीय	१	-	
	न्याय/कानून/शा०अ०	रा०प०तृतीय	१	-	
	न्याय/स.व./शा०अ०	रा.प.तृतीय	१	-	
	शिक्षा/प्रशासन/निरीक्षण/वि.नि.	रा.प.तृतीय	१		
	जम्मा		**४**	**६**	
सहायकस्तर पुल दरबन्दी संख्या - १०					
२	प्रशासन/सा.प्र./टा.ना.सु.	रा.प.अनं.प्रथम	३	-	
	विविध/कम्प्युटर अपरेटर	रा.प.अनं.प्रथम	१	-	
	प्रशासन/सा.प्र./ना०सु०	रा.प.अनं.प्रथम	१	-	
	प्रशासन/सा.प्र./टा.खरिदार	रा.प.अनं.द्वितीय	१	-	
	इन्जि/मेका/जनरल/ह.स.चा.	श्रेणी विहीन	१	-	
	जम्मा		**७**	**३**	

दरबन्दीतर्फ कुल जम्माः

	दरबन्दी	पूर्ति	रिक्त
अधिकृतस्तर	७७+२४ = १०१	९२	९
सहायकस्तर (रा.प.अनं.)	७८-२४ = ५४	४७	७
श्रेणी विहीन/ह.स.चा.	२३	२३	-
श्रेणी विहीन/का.स.	२७	२७	-
जम्मा	**२०५**	**१८९**	**१६**

पूलदरबन्दीतर्फ कुल

	दरबन्दी	पूर्ति	रिक्त
अधिकृतस्तर	१०	४	६
सहायकस्तर	१०	७	३
जम्मा	**२०**	**११**	**९**

	दरबन्दी	पूर्ति	रिक्त
कूल जम्मा (दरबन्दी र पुल दरबन्दी गरी) **२२५**	**२००**	**२५**	

नोटः- दरबन्दीबाट विशेष पदमा बढुवा भएकोले संकेत **+**थप र संकेत **-**घटाउ छ ।

अनुसूची–२(५)

आयोगमा फाजिल/काज/सेवा करारमा कार्यरत कर्मचारीहरुको संख्यात्मक विवरण

(क) फाजिल दरबन्दी तर्फ

सि.नं.	सेवा/समूह/उप-समूह/पद	श्रेणी	पदपूर्ति संख्या	कैफियत
१	प्रशासन/सा.प्र./शा.अ. (विशेषपद)	रा.प.तृतीय	१	
२	प्रशासन/सा.प्र./टा.ना.सु. (विशेषपद)	रा.प.अनं.प्रथम	१	
३	शिक्षा/मुद्रण/व्यवस्थापन/सि.मो.टा.अ. (१ विशेष पद)	रा.प.अनं.प्रथम	२	
४	शिक्षा/मुद्रण/व्यवस्थापन/सि.पु.रि.(विशेष पद)	रा.प.अनं.प्रथम	१	
५	इन्जि/सिभिल/स्यानेटरी/सि.प्लम्बर (विशेष पद)	रा.प.अनं.प्रथम	१	
	जम्मा		**६**	

(ख) अन्यत्र निकायबाट काजमा आउनु भएका अधिकृत एवं सहायकस्तरका कर्मचारीहरु

सि.नं.	सेवा/समूह/उप-समूह/पद	श्रेणी	पदपूर्ति संख्या	कैफियत
१	इन्जि/सिभिल/स्यानिटरी/सह-सचिव (प्रा.)	रा.प.प्रथम	१	
२	इन्जि/सर्भे/प्रमुख नापी अधिकृत	रा.प.द्वितीय	१	
३	इन्जि/सिभिल/जनरल/सिनियर डिभिजनल इन्जिनयर	रा.प.द्वितीय	१	
४	विशेष/रा.अ.वि./प्रमुख अनुसन्धान अधिकृत	रा.प.द्वितीयस्तर	१	
५	वैंकिङ्ग विशेषज्ञ /नेपाल राष्ट्र वैंक/उप निर्देशक	रा.प.द्वितीयस्तर	१	
६	नेपाल खानेपानी संस्थान/ कानुनतर्फ/ सहायक प्रबन्धक	रा.प.द्वितीयस्तर	१	
	नेपाल प्रहरी/जनपद/प्रहरी नायव उपरिक्षक	रा.प.द्वितीयस्तर	१	
७	प्रशासन/सामान्य प्रशासन/शाखा अधिकृत	रा.प.तृतीयस्तर	२	पद-२ विशेषपद
८	विशेष/राष्ट्रिय अनुसन्धान विभाग/अनुसन्धान अधिकृत	रा.प.तृतीयस्तर	१	
९	विशेष प्रहरी/प्रहरी निरीक्षक (राष्ट्रिय सतर्कता केन्द्र)	रा.प.तृतीयस्तर	२	
१०	नेपाल प्रहरी/जनपद/प्रहरी निरीक्षक	रा.प.तृतीयस्तर	२	
	जम्मा		**१४**	
१	प्रशासन/सा.प्र./टा.ना.सु.	रा.प.अनं.प्रथम	१	
२	प्रशासन/सा.प्र./ना.सु.	रा.प.अनं.प्रथम	१	पद-१ विशेषपद
३	इन्जि/सर्भे/सर्भेयर	रा.प.अनं.प्रथम	१	
४	नेपाल प्रहरी/जनपद/प्रहरी नायव निरीक्षक	रा.प.अनं.प्रथमस्तर	२	
	जम्मा		**५**	
१	प्रशासन/सा.प्र./खरिदार	रा.प.अनं.द्वितीय	२	
२	नेपाल प्रहरी/जनपद/प्रहरी सहायक निरिक्षक	रा.प.अनं. द्वितीयस्तर	५	
३	विशेष प्रहरी/प्र.स.नि. (राष्ट्रिय सतर्कता केन्द्र)	रा.प.अनं. द्वितीयस्तर	६	
४	नेपाल विद्युत प्राधिकरण/इलेक्ट्रिकल/फोरमेन	रा.प.अनं. द्वितीयस्तर	१	
	जम्मा		**१४**	
१	नेपाल प्रहरी/जनपद/प्रहरी हवलदार	रा.प.अनं.तृतीयस्तर	३	
	जम्मा		**३**	
१	नेपाल प्रहरी/जनपद/प्रहरी जवान	रा.प.अनं.चतुर्थस्तर	१	
२	नेपाल प्रहरी/अनाश्रित/प्रहरी जवान	रा.प.अनं.चतुर्थस्तर	१	
	जम्मा		**२**	

जम्मा सहायक स्तर - २७

सि.नं.	सेवा/समूह/उप-समूह/पद	श्रेणी	पदपूर्ति संख्या	कैफियत
१	इन्जि/मेका./जनरल/ह.स.चा.	श्रेणी विहीन	२	
२	प्रशासन/सामान्य प्रशासन/कार्यालय सहयोगी	श्रेणी विहीन	१	
	जम्मा		**३**	

काजतर्फ जम्मा कार्यरत कूलजम्मा - ४१

(ग) थुनुवातर्फ प्रहरी कार्यरत संख्या

सि.नं.	सेवा/समूह/उप-समूह/पद	श्रेणी	पदपूर्ति संख्या	कैफियत
	नेपाल प्रहरी/अनाश्रित शसस्त्र प्रहरी गुल्म/प्र.स.नि.	रा.प.अनं.द्वितीयस्तर	१	
	नेपाल प्रहरी/अनाश्रित शसस्त्र प्रहरी गुल्म/प्रहरी हवल्दार	रा.प.अनं.तृतीयस्तर	१	
	नेपाल प्रहरी/अनाश्रित शसस्त्र प्रहरी गुल्म/प्रहरी जवान	रा.प.अनं.चतुर्थस्तर	६	
	थुनुवातर्फ जम्मा कार्यरत संख्या		**८**	

(घ) आयोग सुरक्षा तर्फ कार्यरत प्रहरी संख्याः

सि.नं.	सेवा/समूह/उप-समूह/पद	श्रेणी	पदपूर्ति संख्या	कैफियत
	नेपाल प्रहरी/अनाश्रित/प्रहरी सहायक निरीक्षक	रा.प.अनं.द्वितीयस्तर	१	
	नेपाल प्रहरी/ अनाश्रित /प्रहरी हवल्दार	रा.प.अनं.तृतीयस्तर	१	
	नेपाल प्रहरी/ अनाश्रित /प्रहरी जवाल	रा.प.अनं.चतुर्थस्तर	३	
	जम्मा		**५**	

(ङ) आयोगको सुरक्षा तर्फ कार्यरत प्रहरी संख्याः

सि.नं.	सेवा/समूह/उप-समूह/पद	श्रेणी	पदपूर्ति संख्या	कैफियत
	नेपाल प्रहरी/पहरागण/प्रहरी नायव निरीक्षक	रा.प.अनं.प्रथमस्तर	१	
	नेपाल प्रहरी/पहरागण/प्रहरी सहायक निरीक्षक	रा.प.अनं.द्वितीयस्तर	१	
	नेपाल प्रहरी/पहरागण/प्रहरी हवल्दार	रा.प.अनं.तृतीयस्तर	१	
	नेपाल प्रहरी/पहरागण/प्रहरी जवान	रा.प.अनं.चतुर्थस्तर	१०	
	नेपाल प्रहरी/पहरागण/प्रहरी परिचर	रा.प.अनं.चतुर्थस्तर	१	
	जम्मा		**१४**	
	आयोगको सुरक्षा तर्फ (अनाश्रित(थुनुवा)/पहरागण(सुरक्षा)) जम्मा कार्यरत संख्या		**१९**	

(च) सेवा/करार तर्फ

सि.नं.	सेवा/समूह/उप-समूह/पद	श्रेणी	पदपूर्ति संख्या	कैफियत
	इन्टेरियर डेकोरेटर	रा.प.तृतीयस्तर	२	
	जम्मा		**२**	

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अनुसूची -३

टंगाल, काठमाडौं

आ.व. २०६७।६८ को बजेट व्यवस्था

वार्षिक विनियोजन (थप समेत)	बजेट	खर्च		बांकी			कैफियत
		निकाशा	खर्च	निकासा मध्ये	निकासा नगरीएको	दूबै	
चालु : व.शि.नं. १५।३।११० नेपाल सरकार	८५,१७०,०००।००	७६,८०७,००१।५२	७६,८०७,००१।५२	०	८,३६२,९९८।४८	८,३६२,९९८।४८	
ब.शि.नं. : १५।३।२०० नेपाल सरकार	१८,७७८,०००।००	१०,२०६,०८१।९२	१०,२०६,०८१।९२	० ०	८,५७१,९१८।०८	०।०० ८,५७१,९१८।०८	
अर्थ बजेट नेपाल सरकार	१,९९२,४२६।००	१,९९२,४२६।००	१,९९२,४२६।००	०	०।००	०।००	
जम्मा	१०५,९४०,४२६।००	८९,००५,५०९।४४	८९,००५,५०९।४४	०	१६,९३४,९१६।५६	१६,९३४,९१६।५६	
पूर्जागत: ब.शि.नं. १५।४।२०० नेपाल सरकार	२,१९४,०००।००	१,९४७,०००।००	१,९४७,०००।००	० ०	२४७,०००।००	०।०० २४७,०००।००	
जम्मा	२,१९४,०००।००	१,९४७,०००।००	१,९४७,०००।००	०।००	२४७,०००।००	२४७,०००।००	
कूल जम्मा	१०८,१३४,४२६।००	९०,९५२,५०९।४४	९०,९५२,५०९।४४		१७,१८१,९१६।५६	१७,१८१,९१६।५६	

आ.व. २०६७।६८ को राजश्व तर्फ आम्दानी

प्रशासनिक दस्तूर, न्यायिक दस्तुर दण्ड जरिवाना र जफत, प्रशासनिक दण्ड जरिवाना जफत, सरकारी सामान विक्रिको आय समेत गरी जम्मा रु. ११२२८३५०।४९ मात्र राजश्व आम्दानी भएको छ ।

आ.व. २०६७।६८ को धरौटी तर्फ

आ.व. २०६६।६७ को जिम्मेवारी सरेको	८,५८५,२८८।६३
२०६७ श्रावण देखि २०६८ आषाढ मसान्त सम्मको जम्मा धरौटी	४,९४६,६८२।७८
२०६७ श्रावण देखि २०६८ आषाढ मसान्त सम्मको फिर्ता जम्मा धरौटी	२,६७४,४९४।००
	१०,८५७,४७७।४१

अनुसूची - ४(१)

प्रारम्भिक अनुसन्धानबाट फछर्यौट भई तामेली भएको विवरण आ.ब. २०६७/०६८

सि.न.	महाशाखा/शाखा	मन्त्रालय/निकाय	जम्मा उजुरी संख्या	तामेली संख्या	बिस्तृमा गएको संख्या	अन्य कारवाही	बाँकी	कैफियत
१ नं. महाशाखा	१	भूमि सुधार तथा व्य. मन्त्रालय	७६४	३१८	९०	७२	२८४	
	२	उर्जा मन्त्रालय	१४४	८४	१२	७	४१	
	३	सिंचाई मन्त्रालय	६२	२७	९	३	२३	
	४	कानून तथा न्याय मन्त्रालय	२५	१०		११	४	
	५	लोक सेवा आयोग	१२	३		९	०	
	६	निर्वाचन आयोग	१				१	
	७	राष्ट्रिय मानव अधिकार आयोग	६	३		२	१	
	८	महालेखा परीक्षकको कार्यालय					०	
	जम्मा		१०१४	४४५	१११	१०४	३५४	
२ नं महाशाखा	१	स्थानीय विकास मन्त्रालय	८२१	२१०	८७	१३३	३९१	
	२	कृषि तथा सहकारी मन्त्रालय	१८८	५३	९	५५	७१	
	३	विज्ञान तथा प्रविधि मन्त्रालय	३	३			०	
	४	वातावरण मन्त्रालय	२५	१२	१	१	११	
	५	शान्ति तथा पुर्ननिर्माण मन्त्रालय	७	४	१	१	१	
	जम्मा		१०४४	२८२	९८	१९०	४७४	
३ नं. महाशाखा	१	गृह मन्त्रालय	३८०	१६४	२०	१३५	६१	
	२	वन तथा भूसंरक्षण मन्त्रालय	२८८	१२३	४४	७४	४७	
	३	भौतिक योजना तथा निर्माण मन्त्रालय	२६०	१२५	१५	४२	७८	
	४	परराष्ट्र मन्त्रालय	२२	१२	५		५	
	जम्मा		९५०	४२४	८४	२५१	१९१	

अनूसुची ४ (२)

सि.न.	महाशाखा/शाखा	मन्त्रालय/निकाय	जम्मा उजुरी संख्या	तामेली संख्या	बिस्तृमा गएको संख्या	अन्य कारवाही	बाँकी	कैफियत
४ नं. महाशाखा	१	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	४८२	२४९	३४	७९	१२०	
	२	उद्योग मन्त्रालय	१५४	६९	९	३७	३९	
	३	सामान्य प्रशासन मन्त्रालय	३१	१७	२	६	६	
	४	महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय	८८	१५	१४	४०	१९	
	५	बाणिज्य तथा आपूर्ति मन्त्रालय	१२१	६२	२	२०	३७	
	६	राष्ट्रपतिको कार्यालय	२	१			१	
	७	उपराष्ट्रपतिको कार्यालय					०	
	८	प्र.म.तथा म.प.को कार्यालय	२२	१५	१	२	४	
	जम्मा		९००	४२८	६२	१८४	२२६	
५ नं. महाशाखा	१	अर्थ मन्त्रालय	३३७	१३५	१८	६१	१२३	
	२	सूचना तथा संचार मन्त्रालय	१६५	१०७	११	२१	२६	
	३	श्रम तथा यातायात व्यवस्था मन्त्रालय	९३	५०	८	२२	१३	
	४	म.ले.नि.का.	१२	६	२		४	
	५	राष्ट्रिय योजना आयोग	७	६		१	०	
	जम्मा		६१४	३०४	३९	१०५	१६६	
६ नं. महाशाखा	१	शिक्षा मन्त्रालय	१०१६	२४५	८६	२५०	४३५	
	२	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	१२७	४८	८	१६	५५	
	३	संघीय मामीला संविधान सभा संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय	३५	१०	१	६	१८	
	४	युवा तथा खेलकूद मन्त्रालय	२४	३	२	१३	६	
	५	रक्षा मन्त्रालय	३३	६	२	२४	१	
	जम्मा		१२३५	३१२	९९	३०९	५१५	
प्रमाण पत्र शाखा	१	विभिन्न	३८८	६०	६	७	३१५	
	जम्मा						०	
	कूल जम्मा		६१४५	२२५५	४९९	११५०	२२४१	

अनुसूची – ५

आ.ब.२०५७/०५८ देखि २०६७/०६८ सम्म दायर भएका नक्कली प्रमाणपत्र सम्बन्धि मूद्दामा सो प्रमाणपत्रको प्रयोजन



(ङ)

अनुसूची – ६

(क)

आ.व. २०५७०५८ देखि २०६७०६८ मा नक्कली प्रमाणपत्र सम्बन्धी मूद्दाको फैसला विवरण



(ख)

आ.व. २०५७५८ देखि २०६७६८ सम्ममा शैक्षिक प्रमाणपत्र सम्बन्धी मूद्दाहरुमा सफल असफल अनूपात



(च)

अनुसूची - ७

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

क्षेत्रीय प्रशासन कार्यालयहरुबाट प्राप्त आ.ब. २०६७।०६८ को भ्रष्टाचार तथा अनुचित कार्यसम्बन्धी वार्षिक विवरण

सि. नं.	क्षेत्रीय कार्यालयहरुको नाम	जम्मा उजुरी संख्या							फछ्यौंट भएको उजुरी संख्या								फछ्यौंट हुन बाँकी उजुरी संख्या		जम्मा बाँकी उजुरी	कैफियत
		गत आ.व.को जिम्मेवारी		यस आ.व.मा परेका उजुरी		जम्मा उजुरी		जम्मा	कार्यालयबाट तामेली		आयोगमा पठाएको		अन्य निकायमा पठाएको		अदाल तमा मुद्दा दायर	जम्मा फछ्यौंट मुद्दा संख्या	भ्रष्टाचार	अनुचित		
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित						
१	पुर्वाञ्चल क्षे.का. धनकूटा	११	१	०	०	११	१	१२	३	१	०	०	०	०	०	४	८	०	८	
२	मध्यमाञ्चल क्षे.का. हेटौंडा	३४	१६	४४	१६	७८	३२	११०	२	०	११	३	१	०	०	१७	६४	२९	९३	
३	पश्चिमाञ्चल क्षे.का. पोखरा	२	४	६	५	८	९	१७	०	०	५	५	२	१	०	१३	१	३	४	
४	मध्यपश्चिमाञ्चल क्षे.का.सूखंत	५	११	७	७	१२	१८	३०	१	४	०	०	०	०	०	५	११	१४	२५	
५	सूदुरपश्चिमाञ्चल क्षे.का.दीपायल	३	०	०	०	३	०	३	०	०	०	०	०	०	०	०	३	०	३	
कुल जम्मा		५५	३२	५७	२८	११२	६०	१७२	६	५	१६	८	३	१	०	३९	८७	४६	१३३	

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अनूसुची ८ (२)

जिल्ला प्रशासन कार्यालयहरुबाट आ.ब. २०६७।०६८ को भ्रष्टाचार र अनुचित कार्य सम्बन्धि प्राप्त वार्षिक विवरण

सि.नं.	जिल्ला कार्यालयहरुको नाम	जम्मा उजुरी संख्या						जम्मा	फछ्यौंट भएको उजुरी संख्या								फछ्यौंट हुन बाँकी उजुरी संख्या		जम्मा बाँकी उजुरी	कैफियत
		गत आ.व.को जिम्मेवारी		यस आ.व.मा परेका उजुरी		जम्मा उजुरी			कार्यालयबाट तामेली		आयोगमा पठाएको		अन्य निकायमा		अदालतमा मुद्दा दायर	जम्मा फछ्यौंट मुद्दा संख्या	भ्रष्टाचार	अनुचित		
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित						
		१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९
१	ताप्लेजुङ	२	०	०	०	२	०	२	१	०	०	०	०	०	०	१	१	०	१	
२	पांचथर	६	०	०	०	६	०	६	०	०	०	०	०	०	०	०	६	०	६	
३	इलाम	५	०	१५	०	२०	०	२०	३	०	२	०	०	०	०	५	१५	०	१५	
४	झापा	०	०	६	९	६	९	१५	१	१	०	०	०	०	०	२	५	८	१३	
५	संखूवासभा	७	०	१७	०	२४	०	२४	९	०	१	०	५	०	०	१५	९	०	९	
६	तेह्रथुम	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	
७	भोजपुर	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	
८	धनकुटा	१	०	५	०	६	०	६	१	०	३	०	१	०	०	५	१	०	१	
९	सूनसरी	३०	११	७	६	३७	१७	५४	१	०	०	०	०	०	०	१	३६	१७	५३	
१०	मोरङ	२०	०	०	०	२०	०	२०	२	०	०	०	०	०	०	२	१८	०	१८	
११	सोलुखूम्बू	३	०	७	०	१०	०	१०	०	०	६	०	१	०	०	७	३	०	३	
१२	ओखलढुंगा	१	०	०	०	१	०	१	०	०	०	०	०	०	०	०	१	०	१	
१३	खोटाङ	५	२	३	१	८	३	११	५	२	०	०	३	०	०	१०	०	१	१	
१४	उदयपुर	५	०	२६	०	३१	०	३१	११	०	६	०	१	०	०	१८	१३	०	१३	
१५	सिराहा	०	०	२	१२	२	१२	१४	०	०	०	०	०	१२	०	१२	२	०	२	
१६	सप्तरी	६८	३०	४१	३४	१०९	६४	१७३	०	०	१७	०	०	१	०	१८	९२	६३	१५५	
१७	दोलखा	३२	०	६	०	३८	०	३८	०	०	५	०	२	०	०	७	३१	०	३१	
१८	रामेछाप	०	०	६	०	६	०	६	०	०	३	०	०	०	०	३	३	०	३	
१९	सिन्धुली	९	१	७	३	१६	४	२०	११	४	०	०	०	०	०	१५	५	०	५	
२०	सर्लाहि	४४	२	५	१	४९	३	५२	२	१	६	०	०	०	०	९	४१	२	४३	

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अनूसुची ८ (३)

जिल्ला प्रशासन कार्यालयहरुबाट आ.ब. २०६७।०६८ को भ्रष्टाचार र अनुचित कार्य सम्बन्धि प्राप्त वार्षिक विवरण

सि.नं.	जिल्ला कार्यालयहरुको नाम	जम्मा उजुरी संख्या						जम्मा	फछ्यौंट भएको उजुरी संख्या								फछ्यौंट हुन बाँकी उजुरी संख्या		जम्मा बाँकी उजुरी	कैफियत
		गत आ.व.को जिम्मेवारी		यस आ.व.मा परेका उजुरी		जम्मा उजुरी			कार्यालयबाट तामेली		आयोगमा पठाएको		अन्य निकायमा		अदालतमा मुद्दा दायर	जम्मा फछ्यौंट मुद्दा संख्या	भ्रष्टाचार	अनुचित		
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित						
		१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९
२१	महोत्तरी	०	१११	०	१०	०	१२१	**१२१**	०	२	०	२	०	२	०	६	०	११५	११५	
२२	धनुषा	६८	५	१९	१	८७	६	**९३**	०	०	२	०	२	०	०	४	८३	६	८९	
२३	मकवानपुर	०	०	१	०	१	०	**१**	०	०	०	०	०	०	०	०	१	०	१	
२४	चितवन	६	७	१	३	७	१०	**१७**	१	१	०	०	०	०	०	२	६	९	१५	
२५	बारा	१०९	२०	१४	७	१२३	२७	**१५०**	११	१०	७	०	५	२	०	३५	१००	१५	११५	
२६	पर्सा	८	०	२७	२	३५	२	**३७**	१	०	८	०	०	०	०	९	२६	२	२८	
२७	रौतहट	५	२	२९	७	३४	९	**४३**	०	१	०	१	०	१	०	३	३४	६	४०	
२८	रसुवा	६	१०	३	१	९	११	**२०**	०	०	२	०	०	०	०	२	७	११	१८	
२९	धादिङ	११	१४	१	०	१२	१४	**२६**	०	०	०	०	०	०	०	०	१२	१४	२६	
३०	नुवाकोट	१	२	५	४	६	६	**१२**	१	२	०	०	०	०	०	३	५	४	९	
३१	सिन्धूपाल्चोक	०	०	३	१	३	१	**४**	०	०	२	१	०	०	०	३	१	०	१	
३२	काभ्रेपलान्चोक	५	०	२	०	७	०	**७**	१	०	०	०	०	०	०	१	६	०	६	
३३	भक्तपुर	०	१२	०	९	०	२१	**२१**	०	१	०	०	०	०	०	१	०	२०	२०	
३४	ललितपुर	०	०	७	०	७	०	**७**	०	०	०	०	०	०	०	०	७	०	७	
३५	काठमाडौं	२	७	१०	४३	१२	५०	**६२**	१०	२९	०	०	०	०	०	३९	२	२१	२३	
३६	नवलपरासी	१	०	४	०	५	०	**५**	०	०	३	०	१	०	०	४	१	०	१	
३७	कपिलवस्तु	१	०	७	०	८	०	**८**	०	०	७	०	०	०	०	७	१	०	१	
३८	रुपन्देही	१९	८	१७	१२	३६	२०	**५६**	१	५	०	०	०	०	०	६	३५	१५	५०	
३९	पाल्पा	०	०	७	०	७	०	**७**	५	०	०	०	०	०	०	५	२	०	२	
४०	गुल्मी	१	०	०	०	१	०	**१**	०	०	०	०	०	०	०	०	१	०	१	

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अनूसुची ८ (४)

जिल्ला प्रशासन कार्यालयहरुबाट आ.ब. २०६७।०६८ को भ्रष्टाचार र अनुचित कार्य सम्बन्धि प्राप्त वार्षिक विवरण

सि.नं.	जिल्ला कार्यालयहरुको नाम	जम्मा उजुरी संख्या						जम्मा	फछ्र्यौट भएको उजुरी संख्या								फछ्र्यौट हुन बाँकी उजुरी संख्या		जम्मा बाँकी उजुरी	कैफियत
		गत आ.व.को जिम्मेवारी		यस आ.व.मा परेका उजुरी		जम्मा उजुरी			कार्यालयबाट तामेली		आयोगमा पठाएको		अन्य निकायमा		अदालतमा मुद्दा दायर	जम्मा फछ्र्यौट मुद्दा संख्या	भ्रष्टाचार	अनुचित		
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित						
		१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९
४१	अर्घाखांची	६	५	३	२	९	७	**१६**	१	१	०	०	०	०	०	२	८	६	१४	
४२	गोर्खा	०	०	०	२	०	२	**२**	०	०	०	०	०	०	०	०	०	२	२	
४३	लमजुङ	०	०	२	०	२	०	**२**	०	०	०	०	०	०	०	०	२	०	२	
४४	कास्की	४	१	३	०	७	१	**८**	४	१	०	०	०	०	०	५	३	०	३	
४५	तनहुं	०	०	१	०	१	०	**१**	०	०	१	०	०	०	०	१	०	०	०	
४६	स्याङ्जा	१	०	१	०	२	०	**२**	०	०	०	०	०	०	०	०	२	०	२	
४७	मनाङ	०	०	१	०	१	०	**१**	१	०	०	०	०	०	०	१	०	०	०	
४८	रुकूम	१	१	५	८	६	९	**१५**	२	४	०	०	२	३	०	११	२	२	४	
४९	रोल्पा	२	१	०	०	२	१	**३**	०	०	०	०	०	०	०	०	२	१	३	
५०	सल्यान	०	६	०	६	०	१२	**१२**	०	७	०	०	०	०	०	७	०	५	५	
५१	प्युठान	०	०	०	०	०	०	**०**	०	०	०	०	०	०	०	०	०	०	०	
५२	दाङ	२४	०	१	०	२५	०	**२५**	०	०	४	०	१	०	०	५	२०	०	२०	
५३	पर्वत	४	०	०	०	४	०	**४**	०	०	०	०	०	०	०	०	४	०	४	
५४	म्याग्दी	०	०	०	०	०	०	**०**	०	०	०	०	०	०	०	०	०	०	०	
५५	मुस्ताङ	०	०	०	०	०	०	**०**	०	०	०	०	०	०	०	०	०	०	०	
५६	बाग्लुङ	६	०	०	०	६	०	**६**	२	०	०	०	०	०	०	२	४	०	४	
५७	दैलेख	०	०	२	०	२	०	**२**	०	०	०	०	०	०	०	०	२	०	२	
५८	सुर्खेत	०	०	०	५	०	५	**५**	०	५	०	०	०	०	०	५	०	०	०	
५९	जाजरकोट	०	०	१०	०	१०	०	**१०**	१	०	२	०	०	०	०	१	७	०	७	
६०	बांके	११	१२	४	५	१५	१७	**३२**	०	०	०	०	९	११	०	२०	६	६	१२	

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अनूसुची ८ (५)

जिल्ला प्रशासन कार्यालयहरुबाट आ.ब. २०६७।०६८ को भ्रष्टाचार र अनुचित कार्य सम्बन्धि प्राप्त वार्षिक विवरण

सि.नं.	जिल्ला कार्यालयहरुको नाम	जम्मा उजुरी संख्या						जम्मा	फछ्यौंट भएको उजुरी संख्या								फछ्यौंट हुन बाँकी उजुरी संख्या		जम्मा बाँकी उजुरी	कैफियत
		गत आ.व.को जिम्मेवारी		यस आ.व.मा परेका उजुरी		जम्मा उजुरी			कार्यालयबाट तामेली		आयोगमा पठाएको		अन्य निकायमा		अदालतमा मुद्दा दायर	जम्मा फछ्यौंट मुद्दा संख्या	भ्रष्टाचार	अनुचित		
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित						
		१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९
६१	बर्दिया	३	४	३	१४	६	१८	**२४**	५	४	०	२	०	०	०	११	१	१२	१३	
६२	हुम्ला	०	१	०	०	०	१	**१**	०	०	०	०	०	०	०	०	०	१	१	
६३	जुम्ला	०	३	०	०	०	३	**३**	०	०	०	०	०	०	०	०	०	३	३	
६४	डोल्पा	१	१	४	०	५	१	**६**	२	०	०	०	०	०	०	२	३	१	४	
६५	मुगु	०	०	०	०	०	०	**०**	०	०	०	०	०	०	०	०	०	०	०	
६६	कालीकोट	०	०	१	०	१	०	**१**	०	०	१	०	०	०	०	१	०	०	०	
६७	बझाङ	२	०	१	०	३	०	**३**	०	०	१	०	१	०	०	२	१	०	१	
६८	बाजुरा	०	३	२	३	२	६	**८**	०	१	२	०	०	१	०	४	०	४	४	
६९	डोटी	०	०	३	३	३	३	**६**	३	३	०	०	०	०	०	६	०	०	०	
७०	अछाम	५	७	१२	९	१७	१६	**३३**	४	७	२	०	०	०	०	१३	११	९	२०	
७१	कैलाली	०	०	०	०	०	०	**०**	०	०	०	०	०	०	०	०	०	०	०	
७२	दार्चुला	०	३	१	४	१	७	**८**	०	०	०	२	१	०	०	३	०	५	५	
७३	बैतडी	१	३	१	१९	२	२२	**२४**	०	०	०	१	०	१८	०	१९	२	३	५	
७४	डडेलधुरा	१	१	०	०	१	१	**२**	०	१	०	०	१	०	०	२	२	०	२	
७५	कंचनपुर	१	१	२	३	३	४	**७**	०	१	२	२	०	०	०	५	१	१	२	
	जम्मा	५५४	२९७	३७३	२४९	९२७	५४६	**१४७३**	१०३	९४	९५	११	३६	५१	०	३८८	६९५	३९०	१०८५	

अनुसूची – ९

आ.ब. २०६७।०६८ मा परेका उजूरी र फछ्यौंटको विवरण



(भक)

अनुसूची – १०

आ.ब.२०६७/०६८ मा कूल उजूरी ६१४५ मध्ये फछ्र्यौट तथा चालू आ.ब.मा सरेको जिम्मेवारीको अनूपात



(ञ)

आ.ब. २०५८।०५९ देखि २०६७।०६८ सम्मको कुल उजूरी र फछ्यौंटको विवरण



(ट)

आ.ब. २०६७।०६८ मा मूद्दा जीत हारको स्थिति



(ठ)

आ.ब. २०६७।०६८ को अभियोजन र अन्य कारवाहीहरुको विवरण



आ.ब.२०६७।०६८ मा बिशेष अदालतमा दायर भएका मूद्दाहरुको किसिम



अनुसूची – १५

आ.ब. २०५८।०५९ देखि २०६७।०६८ सम्मको कारवाहीको तूलनात्मक विवरण



(ण)

अनुसूची – १६

आ.ब. २०५९।०६० देखि आ.व. २०६७।०६८ सम्मको बैठक र निर्णय संख्या



(त)

अनुसूची – १७

आ.ब. २०४८/०४९ देखि आ.व. २०६७/०६८ सम्ममा परेका उजूरी र फछ्यौंटको विवरण



(थ)